वर्गीय मुक्ति, लैंगिक समानता र सामाजिक न्यायका योद्धा

# भूमिगत महिला

प्रकाशक

**मोतीदेवी स्मृति केन्द्र**

काठमाडौँ

वर्गीय मुक्ति, लैंगिक समानता र सामाजिक न्यायका योद्धा

# भूमिगत महिला


**संयोजक** : विन्दा पाण्डे (पिएचडी)

**सदस्यहरू** : उषाकिरण तिम्सेना
पेम्बा लामा
ममता गिरी
रचना खड्का
विद्या भट्टराई
सम्झना पौडेल



**प्रकाशक** : मोतीदेवी स्मृति केन्द्र, काठमाडौँ

**शुद्धाशुद्धि** : कवीन्द्र शेखर रिमाल



**©सर्वाधिकार** : प्रकाशक



**मूल्य** : रु. ४००.००

**संस्करण** : प्रथम १००० प्रति

**प्रकाशन मिति** : **२०८२**

**ISBN** : **978-9937-1-9950-6**

**आवरण** : शेषराज गौतम

**साजसज्जा** : टच क्रिएसन प्रा. लि.

**मुद्रक** : भवानी प्रिन्टर्स, कामपा-६, काठमाडौं

# प्रकाशकीय

मोतीदेवी स्मृति केन्द्रले विगत लामो आठ वर्षदेखि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (मार्च ८) को सन्दर्भमा प्रेरणादायी महिलाहरू नामक पुस्तक सार्वजनिक गर्दै आएको छ। विविध क्षेत्रमा सफल र प्रेरणादायी सय भन्दा बढी महिलाहरूको जीवनी यस पुस्तकमार्फत सार्वजनिक गरिसकेको छ । साथै हरेक वर्ष विविध क्षेत्रमा कीर्तिमान राखेका आठ जना महिलालाई सम्मान गर्नुको साथै उनीहरूको वृत्तचित्रसमेत तयार गरी यस केन्द्रले सार्वजनिक गर्दै आएको छ। केन्द्रबाट तयार पारिएका यी सामग्रीहरूको अध्ययन गरी महत्त्वपूर्ण विचार र सुझावहरू हामीलाई प्राप्त भएको पनि छ। जसले हामीलाई थप हौसला दिनुका साथै सामग्रीलाई परिस्कृत र परिमार्जन गर्न सहयोग पुगेको छ। यसका लागि सबै सहयोगी साथीहरूप्रति हार्दिक धन्यवाद।

यस वर्ष मोतीदेवी स्मृति केन्द्रले निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य गर्दै देशमा जनताको बोल्ने, लेख्ने, सभा संगठन गर्ने लगायत राजनीतिक हकका साथै वर्गीय मुक्ति, लैङ्गिक समानता र सामाजिक न्याय स्थापना गरी देशमा लोकतान्त्रिक प्रणाली ल्याउन आफ्नो परिवार, बालबच्चा र पढाइ छोडी सम्भावित जेलनेल र यातना सहने आँट र साहसकासाथ त्याग र वलिदानको उच्च क्रान्तिकारी भावना बोकी आफ्नो अमूल्य जीवन देश र जनताको सेवामा समर्पित गरी भूमिगत जीवन बिताउनु हुने महिला योद्धाहरूको क्रान्तिकारी जीवनी समेटिएको "**भूमिगत महिला**" पुस्तक यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा मोतीदेवी स्मृति केन्द्र गर्व गर्दछ। उपलब्ध तथ्याङ्क अनुसार ४९ जना महिला कमरेडहरूले पार्टीको औपचारिक निर्णयअनुसार भूमिगत भएर काम गर्नुभएको थियो। यस पुस्तकमा २८ जनाको जीवन भोगाइ समेटिएको छ। जसमध्ये विन्दा पाण्डे-१६, सम्झना पौडेल-८, उषाकिरण तिम्सेना-२ अनि पेम्बा लामा र ममता गिरीले एक/एक जनाको जीवनी लेखनको संयोजन गर्नुभएको छ। उहाँहरू सबैलाई केन्द्रको तर्फबाट धन्यवाद दिन चाहन्छु।

हिजो त्याग र वलिदानको राजनीति थियो। आज खुल्ला बहुदलीय संसदीय राजनीतिमा छौं। देशको समग्र विकास, सुशासन र सामाजिक न्याय स्थापना गरी जनताको जीवनमा खुसी र सुख ल्याउने गहन जिम्मेवारी राजनैतिक दलहरूको काँधमा आएको छ। यसलाई इमानको राजनीतिले मात्र पूरा गर्न सक्छ भन्ने जनविश्वास छ। तर, यतिबेला पद र सुविधाको राजनीतिले दल र यसका नेता/कार्यकर्ताहरू

जनताप्रति जवाफदेही नदेखिएको आम गुनासो पनि छ। राजनीतिक दलहरूमा विचार कमजोर हुँदै जाँदा नैतिक आचरणमा विचलन आउन थालेको छ। आफ्नो स्वार्थ, पद र सुविधालाई केन्द्रमा राखेर सोच्ने गलत प्रवृत्ति हावी हुँदै गएकोमा जनमानसमा चिन्ता बढेको छ।

राजनीति जनताको सेवा र सुविधाको लागि हुनुपर्छ। हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा छौँ। देशमा तीन तहको सरकार (संघ, प्रदेश र स्थानीय) छ। संविधान सभामार्फत नेपालको नयाँ संविधान आएको छ। समाजवाद प्राप्ति दलहरूको साझा लक्ष्य बनेको छ। यो महत्त्वपूर्ण राजनीतिक उपलब्धि हासिल गरेका छौं। भूमिगत आन्दोलनले गरेको त्याग र वलिदानको मूल्य जोगाउन, संघीय लोकतान्त्रिक गणतन्त्रलाई समाजवादी लक्ष्य उन्मुख रूपमा अगाडि बढाउन परम्परागत र संकीर्ण राजनैतिक सोच त्याग्नुपर्छ। समय सापेक्ष नयाँ सोच, सामाजिक न्याय र समानतापूर्ण लोकतान्त्रिक सोचबाट देश र दलहरू चल्नुपर्दछ। त्यसको लागि इतिहासमा भएका त्याग र समर्पणको संरक्षण गर्नु पनि जरुरी छ। यस कामको लागि यस पुस्तकले एउटा इटा थप गर्नेछ भन्ने कुरामा केन्द्र विश्वस्त छ। यहाँहरू सबैको सहयोग, समन्वय र हातेमालो निरन्तर रहनेछ। अन्तमा, ११६औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको हार्दिक शुभकामना।

**अष्टलक्ष्मी शाक्य**
अध्यक्ष, मोतीदेवी स्मृति केन्द्र, काठमाडौँ।
२०८२ फागुन, २४

# प्रारम्भ

'**कोक्रो हल्लाउने हातले संसार हल्लाउन सक्छ**' भन्ने क्रुप्सकायाको भनाइ त्यस समयमा महिलाहरूलाई उत्साहित बनाएर आन्दोलनमा संलग्न गराउने सबैभन्दा बढी प्रयोग गरिने उद्धरण थियो । जसको सहायताले महिलाहरू आफूभित्र शक्ति, आँट र साहस भरिएको अनुभूति गर्दथे र अन्यायको अन्त्य र न्यायको पक्षमा संगठित हुन तयार हुन्थे । आन्दोलनको हरेक मैदानमा महिला अग्रपंक्तिमा भनिन्थ्यो । उनीहरू हौसिएर अगाडि लाग्थे । प्रहरीले लाठी हान्दा पनि पहिलो प्रहार आफ्नो टाउकोमा थाप्थे । त्यतिखेर पञ्चायतको अन्त्यसँगै महिला र पुरुषमा रहेको विभेद अन्त्यको पाठ पढाइन्थ्यो । त्यो सुन्दर दिनको अनुभूतिका साथ परिवारले गरेको गाली होस् वा सार्वजनिक ठाउँमा खेप्नु परेको हिंसा, सबैलाई पचाउँदै वर्गीय मुक्तिसँगै महिलाको पनि मुक्ति हुन्छ भन्ने विश्वासलाई मनभरि बोकेर महिलाहरू संघर्षका हरेक मोर्चामा सहयोद्धाका रुपमा सहभागी हुन थालेका थिए ।

हुन त, हाम्रो मुलुकमा राणाशासन विरुद्ध सामूहिक रुपमा नागरिक अभियानको नेतृत्वकर्ता योगमाया न्यौपाने हुनुहुन्थ्यो । तर, पञ्चायती निरङ्कुशता विरुद्धको आन्दोलनभरि उहाँ जस्तो क्रान्तिकारी महिलाको नाम सायदै कसैले लियो । यदाकदा रेवन्त कुमारी आचार्य, सीता शर्मा, दिव्या कोइरालाहरूको नाम सुनिन्थ्यो । तर, राममाया पोडे, पार्वती पासवान, नन्दा नेपाल, राधादेवी पौडेल, रुक्मिणी आचार्य जस्ता आधारभूत वर्गका श्रमिक महिलाको नाम कतै सुनिएन । बहुदल आएपछि अध्ययनको क्रममा उहाँहरूको नाम चर्चामा आयो । आफ्नै इतिहासको जग साधना प्रधान र सहाना प्रधान जस्ता महिलाका बारेमा समेत भूमिगत कालभरि खासै चर्चा भएन । २०४६ भदौमा नेकपा (माले)को चौथो महाधिवेशनपछि कमरेड मदनकुमार भण्डारी पार्टीको महासचिवमा निर्वाचित हुनुभयो र पार्टीले संयुक्त जनआन्दोलनको नीति पारित गऱ्यो । तब मात्र वाममोर्चाको नेतृत्वका लागि सहानाको व्यक्तित्व आवश्यक भयो र उहाँलाई उक्त मोर्चाको अध्यक्षको रुपमा उभ्याइयो । उहाँको बारेमा सकारात्मक चर्चा त्यहीँबाट शुरु भयो ।

हामी विद्यार्थी हुँदा धेरै प्रयोग हुने नाम थिए '**जेनी मार्क्स**' र '**नाजेज्दा क्रुप्सकाया**' । उहाँहरूको नाम मार्क्स र लेनिनलाई सफल बनाउन उहाँहरूले दिएको साथ र सहयोगको उदाहरणको रुपमा बढी प्रयोग गरिन्थ्यो । युवा महिलाहरूलाई

प्रोत्साहित गर्न **लिउ हुलान**को बारेमा चर्चा हुन्थ्यो, जसले चिनियाँ क्रान्तिका लागि आफ्नो जीवन आहुती गर्नु भएको थियो । तर, **रोजा लक्जेम्वर्ग** र **अलेक्जान्द्रा कोतोन्ताई** जस्ता महिला, जो वैचारिक रुपमा लेनिनहरूसँग बहस गर्नुहुन्थ्यो, को बारेमा कमै चर्चा हुन्थ्यो । कता कता आज सम्झदा लाग्छ, जसरी आफूसँग बहस गर्ने गार्गीलाई याज्ञवल्क्यले अब धेरै नबोल गार्गी भनेर चुप लगाएको प्रसङ्ग पूर्वीय दर्शनमा पाइन्छ, त्यसैगरी दुनियामा सर्वमान्य मानिएका वामपन्थी नेतासँग वैचारिक बहस गर्ने महिलाको बारेमा नेपाली वामपन्थी आन्दोलनले पनि चर्चा गर्न नचाहेको थियो वा जानकारी थिएन ? आज पनि यो प्रश्नको चित्त बुझ्दो जवाफ पाए जस्तो लाग्दैन ।

एउटा कुरा के चाहिँ सत्य हो भने पुरुष नेतृत्वले महिला नेतालाई कहिल्यै आफू सरह वा सहयोद्धाका रुपमा स्वीकार गरेको अनुभूत भएन । उनीहरूलाई सदा सहयोगीको रुपमा हेरियो, स्वीकार गरियो । प्रतिस्पर्धी हैन, अनुयायी बनोस् र बनिरहोस् भन्ने चाह्यो । जसको परिणाम आम रुपमा नै प्रश्न मात्र हैन, बहस पनि अप्रत्यक्ष रुपमा प्रतिबन्धित हुन थाल्यो । यो प्रवृत्तिले पुष्पलालको भनाइ "नेता हैन नीति प्रधान" का स्थानमा अव संगठन र आन्दोलनभन्दा नेता प्रधान भन्ने मान्यता स्थापित हुने संकेतहरू देखाउन थाल्यो । जुन समयमा नै सच्चिन सकेन भने अन्ततः फासिवादी विकल्पमा समाज पुग्न सक्छ । आज नेपाली राजनीतिले गरेको सङ्केत यही हो, जसलाई निर्मम रुपमा समीक्षाका साथ अगाडि बढ्नेबारे मूलधारका राजनीतिक दलहरूले सोच्न ढिला गरेमा यही सोच थप क्षतिको कारण बन्न सक्छ ।

आज स्मरण गर्नुपर्छ, यो मुलुकमा पञ्चायती निरङ्कुशताको अन्त्य र जनाधिकार प्राप्तिको पवित्र उद्देश्यका लागि भूमिगत आन्दोलनमा सयौं नेता/कार्यकर्ताले आफ्नो जवानी लगाएका छन् । त्यसमा दर्जनौं महिलाहरू पनि मन र मस्तिष्कमा अधिकार प्राप्त नेपाली जनता र महिलामुक्तिको सुन्दर सपना सँगालेर लामबद्ध भएका थिए । ती दिनमा समेत सँगै क्रान्तिमा होमिएका महिलालाई सहयोद्धा हैन, सहयोगी मात्र ठान्ने प्रवृत्ति देखियो । सँगै बाँच्ने र जनताको पक्षमा निरन्तर लाग्ने कसम खाएर बाँधिएका जोडी बहुदलीय व्यवस्था पुनस्थापनापछि एउटाले राजनीति र अर्कोले परिवार व्यवस्थापन गर्ने कुरा हुँदा अधिकांश महिलाको भागमा परिवार व्यवस्थापन र पुरुषको भागमा राजनीतिक निरन्तरता पर्नु यसको तथ्यगत प्रमाण हो । अनि हिजो भनिने 'त्याग र समपर्ण'को ठाउँ अब 'अवसर प्राप्ति'ले लिन थाल्यो । अनि महिलाहरूका बारेमा क्षमता, योग्यता र अनुभवको प्रश्नहरूसँगै

ती सबै महिलाको राजनीनिक निरन्तरतामाथि प्रश्नहरू उठ्न थाले । यो खास गरी कठिन घडीमा परिवार, समाज र राज्यबाट समेत हुने सबै किसिमको हिंसा र विभेदको पर्वाह नगरी परिवर्तनको पक्षमा लाग्ने महिलाको योगदानमाथि आफ्नै श्रम र पसिनाले निर्माण गरेको आन्दोलनका सहयोद्धाबाट हुनु सबैभन्दा पीडादायी पक्ष बन्यो ।

**तथ्याङ्कीय खोजी**

नेपालको राजनीतिक आन्दोलनमा नेकपा (माले) को एउटा विशेषता छ । यसको कुनै पनि सम्मेलन र बैठकहरू मुलुक बाहिर भएन । जनताको लागि समर्पित पार्टीले जस्तै कठिनाइमा पनि आफ्ना गतिविधि उनीहरूकै बीचमा गर्नुपर्दछ । यही सोचका साथ महाधिवेशन होस् वा राष्ट्रिय स्तरका भेला, बैठक र प्रशिक्षणहरू आम रुपमा श्रमजीवी वर्गको बस्तीहरूमा नै भएका थिए । इतिहासले भन्छ, यस्ता गतिविधि सबैभन्दा धेरै सर्वहारा, दलित र सिमान्तकृत समुदायका श्रमजीवी वर्गको विचमा भए ।

जीवनलाई हत्केलामा राखेर जन अधिकारको पुनः प्राप्तिको लागि सबै कुरा त्यागेर हिडेका र तीनै बस्तीहरूले जोगाएका भूमिगत नेता/कार्यकर्ताको व्यवस्थित तथ्याङ्कीय दस्तावेज थिएन । उनीहरूलाई आश्रय, सुरक्षा र सम्पर्कका सारथिका रुपमा काम गर्ने भुइँमान्छेको तथ्याङ्क हुने त कुरै भएन । २०७४ सालतिर एकपटक प्रदीप नेपालसँग कुरा हुने सन्दर्भमा सोधेको थिएँ- *'औपचारिक रुपमा भूमिगत भएर काम गर्ने कमरेडहरूको संख्या कति थियो र को को हुनुहुन्थ्यो ? कतै यसको दस्तावेज छ ?'* उहाँको सहज जवाफ थियो, संख्या करिब तीन सयको वरिपरि थियो होला । महिला पनि थुप्रै थिए । तर, व्यवस्थित रेकर्ड छैन । त्यसपछि मैले केही भूमिगत नेताहरूसँग याद भएका नामहरू टिप्न शुरु गरेँ । खास गरेर उपलब्ध भएका महिला कमरेडहरूलाई आफ्नो बारेमा लेख्न आग्रह गरेँ । तर, सायद यसको महत्त्व बुझाउन सकिन । काम भएन ।

पछिल्लो अवधि, खास गरी २०७८ सालमा नेकपाभित्र देखापरेको समस्याका समयमा नेताहरूमा यो पार्टी कसले बनायो (?) भन्ने बहस सुनेपछि म पार्टी बनाउने '**भुइँमान्छे**' को खोजीमा लागेँ । भूमिगत नेता/कार्यकर्ताका लागि ती दिनमा आम नागरिक खास गरी श्रमजीवी वर्ग र दलित बस्तीहरू सुरक्षित आश्रय थिए । मधेश त्यस बेला संगठन बिस्तारको केन्द्र थियो । ती दिनमा आश्रय, सुरक्षा र सम्पर्क

बिस्तारको काममा महिलाहरूको महत्त्वपूर्ण भूमिका रह्यो। समग्रमा भन्दा भूमिगत नेताको सुरक्षा र पार्टी संगठन निर्माणका सारथि तिनै भुइँमान्छे थिए। आन्दोलनको अग्रपंक्तिमा डटिरहे।

ती बस्तीहरूमा पुग्दा त्यहाँ आश्रय लिन र संगठन बनाउन पुगेका भूमिगत नेताहरूको नाम पनि सङ्कलन गर्न थालेँ। यस क्रममा २७५ भूमिगत नेता/कार्यकताको सूची तयार भयो। जसमध्ये ४९ जना महिला छन्। (*यसको सूची भुइँमान्छे दोस्रो संस्करणमा प्रकाशित छ*।) यसले मनमा एउटा प्रश्न जन्मायो, उहाँहरू रहदैमा विगतमा गरिएको योगदान र जीवनका भोगाइ लेखिएन भने इतिहासको महत्त्वपूर्ण पाटो हराउने छ।

त्यसपछि मोतीदेवी स्मृति केन्द्रमा यस बारेमा कुराकानी भयो। यो कामको प्रारम्भ भूमिगत महिलाहरूको दस्तावेजीकरणबाट गरौँ भन्ने निर्णय भयो। त्यसपछि काठमाडौमा उपलब्ध भूमिगत महिलाहरू बीच सामूहिक रुपमा कुरा सुन्ने काम २०८१ असार महिनाबाट शुरु गरियो। चार चरणमा गरिएको छलफलमा झण्डै ३० जनाभन्दा बढी कमरेडहरूको कुरा सुनियो। यस काममा नेकपा एमाले उपत्यका विशेष कमिटीको सहयोग रह्यो। भिडियो रेकर्डको काममा तुल्सीलाल स्मृति प्रतिष्ठानले सहयोगी हात बढायो। पूर्वका धेरै कमरेडहरू काठमाडौँ आउन सक्नु भएन। त्यसैले हाम्रो टोली झापा गएर २०८१ असोज ३ गते त्यहाँ उपलब्ध कमरेडहरूको कुरा सुनियो। भिडियोमा रेकर्ड गरियो।

सामूहिक रुपमा कुरा सुन्ने यो प्रक्रिया उहाँहरूलाई विगत सम्झन सहयोग गर्ने प्रयत्न थियो। सामूहिक भेटमा जे जस्ता कुराहरू सुनाउनुभयो, त्यसमा अझ थप गरेर लिखत वा टिपोट पठाउन सबै जनालाई आग्रह गरिएको थियो। जो कमरेडहरू सामूहिक रुपमा कुरा राख्न र सुन्न आउन सक्नु भएन, उहाँहरूलाई पनि लेखेर पठाउन अनुरोध गरियो। यो आग्रह अनुसार ज-जसले आफ्नो काम, अनुभव र अनुभूतिको सामग्री पठाउनुभयो, त्यसलाई आलेखको रुपमा सम्पादन गरेर यस प्रकाशनमा समावेश गरिएको छ।

**पुस्तकमा समेटिएका व्यक्तिहरू**

**लिला कट्टेल** २०२५ सालदेखि नै विद्यार्थी आन्दोलनमा सक्रिय हुनुभएको थियो। त्यतिखेर उहाँ झापाकै एउटा विद्यालयमा अध्यापन गर्नुहुन्थ्यो। २०२८ सालमा झापा आन्दोलनको शुरुवातसँगै विद्यालयबाट राजिनामा दिएर *भूमिगत* हुनुभयो।

त्यही क्रममा २०३० साउन २० गते गिरफ्तार लिला तीन वर्षपछि २०३३ असार २१ गते रिहा हुनुभयो र पुनः पार्टी काममा संलग्न हुनुभयो। २०३५ सालबाट खुल्ला भएर पुनः शिक्षण पेशामा लाग्नुभयो । २०४५ सालमा झापामै सडक दुर्घटनामा उहाँको मृत्यु भयो। उहाँको नाममा लिला स्मृति प्रतिष्ठान गठन गरिएको छ।

**गौरा प्रसाई** र **सिता खड्का** झापा आन्दोलन शुरु हुँदा विद्यालयमा पढ्दै गर्दा आन्दोलनमा जोडिनु भयो । उमेर सानै थियो, तर पनि प्रशासन उहाँहरूको पिछा लाग्न थाल्यो। त्यसपछि उहाँहरू भूमिगत हुनुभयो। केही समयपछि दुबैजना जेल पर्नुभयो।

**गौरा प्रसाई** २०३७ सालमा रिहा हुनुभयो। त्यसपछि उहाँ कहिले भूमिगत र कहिले अर्धभूमिगत रुपमा आन्दोलनमा निरन्तर लागिरहनु भयो। पछिल्लो चरणमा पेशामा संलग्न भएर राजनीतिक र पारिवारिक जीवनलाई निरन्तरता दिनुभयो । उहाँको राजनीतिक आस्था कहिल्यै डगमगाएन।

**सीता खड्का** डेढ वर्षमा रिहा हुनुभयो । रिहा भएपछि सीता खड्काको भूमिगत नेतासँगै विवाह भयो । त्यसपछि पनि उहाँले भूमिगत जीवनलाई नै निरन्तरता दिनुभयो।

**शोभा कुँवर** झापा आन्दोलनको समयदेखि नै राजनीतिक रुपमा क्रियाशील हुनुहुन्थ्यो। प्रायः सबै पुरुष नेता गिरफ्तार भएपछि पार्टी संगठनलाई निरन्तरता दिन उहाँले जिल्ला सचिवको रुपमा पनि काम गर्नुभयो। निगरानी बढ्दै जाँदा २०३२ देखि २०३९ सालसम्म भूमिगत हुनुभयो। स्वास्थ्यमा पनि समस्या र राजनीतिमा पनि गुटगत प्रवृत्तिको प्रवेशसँगै २०३९ सालपछि उहाँ खुला हुनुभयो र शिक्षण पेशामा लाग्नुभयो।

**शान्ता मानवी**ले एक दशकभन्दा लामो भूमिगत जीवन बिताउनु भयो। उहाँको ८ वर्षमा विवाह भएको थियो। ११ वर्षको हुँदा आमा र १३ वर्षको हुँदा श्रीमानको मृत्यु भएपछिको एक दशक धेरै हण्डर र ठक्कर भोग्नुभयो । जसको पीडा सहन गाह्रो भएपछि मुलुकनै छाडेर हिड्नुभयो। अन्ततः वनारसमा कमरेड पुष्पलालसँग सम्पर्क भएपछि बाँकी जीवन जनताको नाममा समर्पण गर्ने निर्णयसहित २०३२ सालमा नेपाल आएर २०४६ सालसम्म नै भूमिगत रुपमा क्रियाशील हुनुभयो । २०३७ सालमा पुनःस्थापित अनेमसंघको संयोजकका रुपमा नेतृत्व लिनुभयो । अनेमसंघले राष्ट्रिय आकार ग्रहण गरेपछि नेतृत्व हस्तान्तरण गर्नुभयो।

**अष्टलक्ष्मी शाक्य** काठमाडौँको सम्पन्न परिवारको छोरी, तर पनि जनताको लागि अर्थपूर्ण जीवन बाच्नुपर्छ भन्ने हुटहुटीले २०३६ मंसिरमा घर छाडेर भूमिगत हुनुभयो। पिस्करको थामी गाउँलाई पहिलो कर्मथलो बनाएर शुरु भएको उहाँको भूमिगत जीवन २०४६ सालसम्म नै निरन्तर रह्यो। साना नानीहरूलाई अरुको विश्वासमा छाडेर पनि राजनीतिमा निरन्तर लागिरहनु भयो। आज पदीय राजनीतिबाट बाहिर रहेर पनि राजनीतिक र सामाजिक रुपमा अष्टलक्ष्मी शाक्यको क्रियाशीलता जारी छ। राजनीतिलाई विचार र सिद्धान्त आधारित बनाउन सकियो भने पद बिना पनि निरन्तर सक्रिय र प्रेरणादायी रुपमा जीउन सकिन्छ भन्ने एक उदाहरण हो अष्टलक्ष्मी शाक्य।

**गोमा देवकोटा**को जीवनलाई संघर्षको पर्याय भन्दा अत्युक्ति हुँदैन। नेकपा (चौथो महाधिवेशन) कालमा नै  किसान र श्रमजीवीको पक्षमा लडेर क्रान्तिकारी छवि बनाउनु भएका गोमा देवकोटामाथि २०३७ सालमा बज्रपात आइलाग्यो। नेकपा (माले) सँग सहकार्यको प्रक्रिया अगाडि बढिरहेकै अवस्थामा उहाँको श्रीमान ऋषि देवकोटा (आजाद) को हत्या भयो। त्यसपछि पार्टीको आग्रहमा गोमा देवकोटा भूमिगत हुनुभयो। काठमाडौँ, बाँके, लुम्बिनी हुँदै अन्ततः गण्डकी धवलागिरी क्षेत्रमा लामो समय भूमिगत काम गर्नुभयो। चारजना साना नानीहरूलाई पार्टीले फरक फरक ठाउँमा व्यवस्थापन गरिदियो। बाबुको हत्यापछि आमाको काख छाडेर विविध अप्ठेराका बाबजुद उनीहरू बढ्दै र पढ्दै गए। कयौँ असहजताको बीच गोमा देवकोटा अविचलित रुपमा पार्टी काममा लागि नै रहनुभयो।

**सुशिला श्रेष्ठ**लाई आँट र साहसको पर्याय भन्दा पनि अन्यथा हुँदैन। २०३७ सालमा भूमिगत भएको केही समयपछि नै कार्यथलो ताप्लेजुङ जाँदै गर्दा शत्रुको घेरामा परी सँगैको कमरेड रत्न वान्तबाको हत्या भयो। त्यो अवस्थामा पनि रत्तिभर विचलित नभई धैर्यतापूर्वक जुक्ति लगाइयो भने जस्तै कठिन अवस्थामा पनि शत्रु पक्षलाई छक्याएर जनताको काममा लागिरहन सकिन्छ भन्ने उदाहरणीय नाम हो सुशिला श्रेष्ठ। विद्रोही स्वभाव भएको सुशिला श्रेष्ठ त्यसपछिका दिनमा कहिले भूमिगत र कहिले अर्धभूमिगत रुपमा जनताको बीचमा क्रियाशील रहनुभयो।

**राधा ज्ञवाली**को शिक्षादीक्षा प्रवासमै भयो। त्यही क्रममा राजनीतिक रुपमा समेत प्रशिक्षित भएर मुलुकभित्रै जनताको पक्षमा काम गर्नुपर्छ भन्ने चेतनासहित देश फर्किनुभयो। नेपाल आएपछि कहिले भूमिगत, कहिले अर्धभूमिगत, कहिले पूर्णकालीन र कहिले पेशामा रहेर अंशकालीन रुपमा पार्टी संगठनमा क्रियाशील

रहनुभयो । अनेमसंघ पुनर्गठनका समय सचिवको जिम्मेजारीमा रहनुभएका राधा ज्ञवालीको अनुभव र अनुभूतिको सँगालोमा विविधतायुक्त छ।

**उमा हमाल** विद्यालय पढ्दै गर्दा शिक्षकको असल कुरा र कामबाट प्रभावित हुँदै हुनुहुन्थ्यो । गाउँघरमा भएको विभेद र असमानताले आक्रान्त जनताको बीचमा बसेर शिक्षकहरूले गरेको परिवर्तनको कुरा सुन्ने क्रमसँगै जनताको मुक्तिका लागि काम गर्नुपर्छ भन्ने सोचमा पुग्नुभयो । पूर्णकालीन भएर काम गर्न पार्टीले गरेको आग्रहमा भूमिगत हुनुभयो ।

**छली कुमारी कुँवर** विद्यालय शिक्षक हुनुहुन्थ्यो । शिक्षण काम गर्ने क्रममा नै पार्टी सम्पर्क भयो । संगठन बिस्तारको अभियानमा लाग्ने क्रममा शिक्षण पेशाबाट राजिनामा दिएर भूमिगत हुनुभयो । महिला फाँटको कामको बिस्तारमा उहाँले लामो समय बिताउनु भयो । महिला क्षेत्रबाटै पार्टी काममा लाग्नुभयो ।

**टिका बस्नेत** लमजुङको एउटा बैंकमा काम गर्दै हुनुहुन्थ्यो । परिवार भूमिगत नेताको आश्रयस्थल थियो । पार्टीले राजिनामा दिएर भूमिगत हुनुपर्छ भन्ने आग्रह गऱ्यो । बैंकमा गर्दै गरेको काम छाडेर पार्टी निर्माणका लागि हिड्नुभयो । विवाहपछि पूर्वमा सरुवा भएर उतै काम गर्नुभयो । विवाहपछि बच्चाका कारण खुला भएर काम गर्न थाल्नुभयो ।

**टुका हमाल** विद्यार्थी संगठनमा क्रियाशील हुनुहुन्थ्यो । खुल्ला काम गर्ने सन्र्दभमा अप्ठेरो भएपछि पार्टी नेतृत्वको सल्लाहमा भूमिगत जाने अवस्था बन्यो । भूमिगत काम गर्दा अनेकौ अप्ठेरा आइलागे । ती सबैसँग जुझ्दै केही वर्षपछि खुला हुनुभयो र फरक ढंगले पार्टी काममा जोडिनु भयो ।

**देउकला राई** चित्रे गाउँको दुःखले स्पात बनेको व्यक्तित्व हो । पञ्चायती निरङ्कुशताको दमनको बाबजुद हतोत्साहित नभइकन पार्टी कामलाई निरन्तरता दिने आँट र अठोटका साथ भूमिगत रुपमा क्रियाशील हुनुभयो । जसको परिणाम इलाम जिल्लामा आज पनि गर्व गर्नसक्ने पार्टीको आधार बनेको छ ।

**पवित्रा निरौला** परिवारको जेठी छोरी मात्र हैन, भरोसा पनि हुनुहुन्थ्यो । विद्यार्थी राजनीति गर्दागर्दै अन्याय खप्न नसक्ने स्वभावले भूमिगत बनाइ दियो । इलाममा संगठन गर्ने क्रममा पञ्चायती दमनको पराकाष्ठा भोगेको चित्रे गाउँको दुःखको साथी बन्न पुग्नुभयो ।

**लोचना अधिकारी** विद्यालय पढ्दैदेखि आन्दोलनमा लाग्नुभयो । त्यही क्रममा देखापरेको जोखिम र पार्टीको आवश्यकताले उहाँ भूमिगत हुनुभयो । त्यही बीचमा उहाँको विवाह भयो । भूमिगत अवस्थामा नै जन्मिएको बच्चामा समस्या देखियो । डाक्टर देखाउँदा बच्चा गर्भमा हुँदा घाम देख्न नपाएको कारण देखाइयो । यो कुराले जीवनभर घोचिरहने नै भयो ।

**प्रभा कोइराला** राजनीतिक रुपमा सचेत परिवारमा हुनुहुन्थ्यो । पार्टी कामको आवश्यकताले भूमिगत हुनुभयो र २०४३ सालमा पार्टीकै निर्णयमा जनपक्षीय निर्वाचन लड्न खुला हुनुभयो । त्यसपछि पनि पार्टी काममा लागि नै रहनुभयो ।

**मीरा थामी** पिस्करको सामान्य किसान परिवारको छोरी, जो आफ्नो समुदायमाथि भएको अन्यायको विरुद्ध जुझ्दै गर्दा उहाँमाथि पनि शासकहरूको गिद्धे नजर पर्न थाल्यो । त्यसपछि २०३५ सालबाट उहाँ भूमिगत भएर समुदायमा अझ धेरै सक्रिय हुन थाल्नुभयो । त्यही बीचमा २०४० सालको पिस्कर घटनापछि त्यही ठाउँमा भूमिगत रहन गाह्रो भएपछि उहाँलाई दोलखा सरुवा गरियो । त्यहाँ पनि थामी समुदाय केन्द्रित भएर पार्टी काममा लागिरहनु भयो ।

**मेनका काफ्ले** परिवारकी एक्ली छोरी विद्यार्थी आन्दोलनमा लाग्दा लाग्दै समयले भूमिगत जाने अवस्था बनाइदियो । झापाका विभिन्न क्षेत्रमा छिपेर पार्टी कामलाई अगाडि बढाउनुभयो । लामो दुरीको क्रान्तिकारी यात्रीका रुपमा लागि रहनुभयो ।

**मेनका पोखरेल** शुरुमा उहाँ विद्यार्थी राजनीतिमा हुनुहुन्थ्यो । अन्यायका विरुद्ध आवाज उठाउँदा प्रशासनको निगरानी बढ्यो । पटक-पटक गिरफ्तार हुनुभयो । त्यो अवस्थाबाट जोगिन पनि पूर्णकालीन रुपमा जनताकै बीचमा काम गर्नु उचित ठानेर पार्टीले भूमिगत पठाउने निर्णय गऱ्यो । दाङलाई आधार बनाएर कमैया र कमलरीको जीवन बिताउँदै गरेका थारु समुदायमा चेतना जगाउने काममा उहाँको प्राथमिक क्षेत्र बन्यो ।

**राधा तिमल्सेना**को सम्पर्क भूमिगत विजया घिमिरेसँग थियो । विवाहपछि जन्मघरमा नै बसेर पढ्न पाइने आश देखाएर इच्छा विपरीत उहाँको विवाह भयो । तर, केही समयपछि वैवाहिक घर पठाउने भनिएपछि त्यसैबेला उहाँले घर छाड्ने निर्णय गर्नुभयो । वैवाहिक घर पुगेकै रात पार्टी नेताको सम्पर्कमा गएर आफ्ना गरगहना पार्टीलाई बुझाएर आफू भूमिगत हुनुभयो ।

**लिला कट्टेल** (**कार्की**) को सपना बैंकर हुने थियो। तर, परिस्थितिले जीवनको दिशा बदलिदियो। भूमिगत भएर काम गर्न पुग्नुभयो। भूमिगत अवस्थामा नै विवाह भयो। गर्भमा बच्चा आएपछि खुला भए पनि पार्टी काममा निरन्तर क्रियाशील रहनुभयो।

**विजया घिमिरे**को परिवार पूरै परिवार राजनीतिक थियो। एकै समयमा परिवारमा पाँच जना सदस्य प्रहरीको निगरानीमा थिए। विजयालाई त्यही परिस्थितिले भूमिगत बनायो। वैठक बसेकै ठाउँबाट गिरफ्तार हुनुभयो। रिहाइपछि पारिवारिक व्यवस्थापनसँगै सांगठनिक कामलाई निरन्तरता दिनुभयो।

**विष्णु खड्का** जागिर गर्दै राजनीतिक कर्मीलाई पनि सहयोग गर्दै हुनुहुन्थ्यो। तर परिस्थितिले धकेल्दै उहाँलाई भूमिगत हुन बाध्य बनायो। मधेशमा हुर्किएको मान्छे ताप्लेजुङमा पार्टी काम गर्न पुग्नुभयो। फरक भुगोलको जिम्मेवारीले अप्ठेरो मात्र हैन, त्यहाँको जीवनशैली पनि सिकायो।

**सावित्री बस्नेत**लाई परिस्थितिले धकेल्दै राजनीतिक संलग्नता मात्र हैन, भूमिगत भएर जनताकै बिचमा काम गर्ने ठाँउमा पुऱ्यायो। जसले जीवनमा आउने हरेक अप्ठेराको सामना गर्न पनि सिकायो। पार्टी काममा लाग्दा पाएको जीवन दर्शनले परिवारिक वज्रपातलाई पनि सहन सक्ने क्षमता दिलायो।

**सीता गिरी**को परिवार भरपर्दो आश्रयस्थल थियो। भूमिगत नेताहरूको नियमित आउ-जाउ हुने क्रममा सीता गिरीलाई पढ्न, लेख्न पनि सिकाउनु हुन्थ्यो यही क्रममा उहाँले क्रमशः राजनीतिक कुरा पनि बुझ्न थाल्नुभयो। त्यही क्रममा विद्यार्थी संगठन हुँदै पार्टीको भूमिगत राजनीतिमा संलग्न हुनुभयो।

**सिता बस्नेत** अन्यायको विरुद्ध जुझ्ने क्रममा भूमिगत हुनुभयो। झापाका जनता बीच संगठन निर्माणको काम गर्नुभयो। कामको सिलसिलामा गिरफ्तारी र यातना भोग्नुभयो। खुला व्यवस्था आएपछि जीवन निर्वाहको लागि आर्थिक उपार्जनकासाथै पार्टीको आवश्यकता अनुसार काममा लागि रहनुभयो।

**सुशिला अधिकारी** (मालता आचार्य) लाई लुम्बिनी-राप्ती क्षेत्रका श्रमजीवी वर्ग खास गरी थारु समुदायमाथिको दासताको अवस्था र सामाजिक न्यायको कुराले प्रभावित गर्दै थियो। त्यस क्षेत्रमा नेत्रलाल अभागीको प्रभावले पार्टी काम बिस्तार र विकास राम्रो थियो। अन्यायको विरुद्धमा बोलेकै कारण सात कक्षा पढ्दै गर्दा विद्यालय छाडेर भूमिगत हुनुभयो। दाङमा रहन गाह्रो भएपछि चितवन सरुवा हुनुभयो। त्यहीँ काम गर्दागर्दै विवाह भएपछि उहाँको भागमा पारिवारिक

व्यवस्थापन पर्‍यो । भूमिगत जीवन छाडेर परिवार र खुल्ला रुपमा पार्टी काममा निरन्तर लागिरहनु भयो ।

**सुशिला पौडेल** शोभा कुँवरको कामबाट प्रभावित भएर भूमिगत हुनुभएको केही समयपछि सिराहाको चमार बस्तीबाट गिरफ्तार हुनुभयो । पाँच वर्ष जेलमा रहदा परिवार र पार्टी दुबैसँगको सम्पर्क टुट्दा जेलमुक्त भएपछि त्यहाँ रहदा सहयोग गर्ने प्रहरीसँग विवाह गर्नुभयो । त्यसपछि पनि आफूले अवलम्बन गरेको विचारलाई निरन्तरता दिदै पाएको जिम्मेवारी निर्वाह गर्दै आउनु भएको छ ।

यसरी फरक फरक पृष्ठभूमि भएका चार दर्जन बढी महिलाहरू जीवनलाई हत्केलामा राखेर भूमिगत भए । परिवर्तनको हुटहुटीले जीवनको दिशा बदलिएका यी भूमिगत कर्मीहरू बीचको आत्मीयता सुन्दा अहिले पनि जो कसैलाई लोभ लाग्छ । भला बहुदल आएपछि राजनीतिले कसैलाई मूलधारमा र कसैलाई किनारामा उभिन बाध्य बनाइ दियो । व्यक्तिगत जीवनका सबै अवसर, आशा र आकाङ्क्षा त्यागेर भूमिगत आन्दोलनमा होमिएका यी सबै नेता/कार्यकर्ताको फरक भूगोल र पारिवारिक पृष्ठभूमि भए पनि श्रमजीवी वर्गको मुक्ति, लैङ्गिक समानता र सामाजिक न्यायसहितको सुन्दर समाज निर्माण गर्ने लक्ष्य र सपना साझा थियो । आजसम्म आइपुग्दा यो लक्ष्य र सपना कति प्राप्त भयो र कति अलमलमा पर्‍यो ? समीक्षाको पर्खाइमा छ । यो पुस्तक तयारीको सन्दर्भमा जति कमरेडहरूको विचमा अन्तरक्रिया गर्न सकियो, उहाँहरूको जीवन सुन्न र पढ्न पाइयो, पार्टी नेतृत्वसँग सबैको एउटै आग्रह छ, आधारभूत जनताको हितका पक्षमा हजारौँ भुईमान्छेको योगदान, सयौँ नेता/कार्यकर्ताको त्याग र दर्जनौँ शहीदको वलिदान खेर नजाओस् ।

### जसलाई यस पुस्तकमा समेट्न सकिएन

यस पुस्तकमा २८ जना भूमिगत नेताको जीवन समेटिएको छ । बाँकी १७ कमरेडहरू *(ईश्वरी आचार्य, कमला ज्ञवाली, जया घिमिरे, झुमा देवान, तिलमाया राई, दिपा गुरुङ, धर्मकला चुडाल, नन्दकली चापागाई, यमुना खरेल, यशोदा अधिकारी, राममाया राई, लक्ष्मी ज्ञवाली, सावित्री खतिवडा, सीता पाठक, सीता उप्रेती, सुमित्रा पाण्डे, सुलोचना मानन्धर)* लगायतको आलेख यस अंकमा उपलब्ध हुन सकेन । आगामी दिनमा उपलब्ध भएसम्म कुनै न कुनै रूपमा प्रकाशन गर्न सकिने छ । चारजना कमरेडहरू *(चुनु महत, लिला कट्टेल, निर्मला पोखरेल र जैमिला राई)* हामी बीच रहनु भएन । उहाँहरूको बारेमा पनि जानकार कमरेडहरूले सामग्री उपलब्ध गराइदिनु भएमा आगामी प्रकाशनमा समेट्न सकिनेछ ।

**अन्तमा**

आज मुलुकको जे अवस्था छ, यसले अरस्तुको एउटा भनाइको सम्झना गराउँदछ। अरस्तुले धेरै पहिला नै भनेका थिए, '*महिलाको उन्नति र अवनतिमाथि नै राष्ट्रको उन्नति निर्भर हुन्छ*।' राष्ट्रको इकाइ- समाज, समुदाय र राजनीतिक दलहरू पनि हुन् । नेपालका राजनीतिक दलहरू जुन समयमा महिला समानताको विषयलाई केन्द्रविन्दुमा राखेर अगाडि बढेका थिए, जस्तै कठिनाइमा पनि महिलाहरू पनि ती दलको विकास र बिस्तारमा मनैदेखि लागेका थिए। दलहरू जनताको बीचमा स्थापित थिए। जब महिलालाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार बदलियो, व्यक्तिगत रुपमा 'निकट र विकट'का आधारमा व्यवहार हुन थाल्यो, महिला-महिला बीचको एकता समेत कमजोर हुन पुग्यो । बिस्तारै पार्टीको सम्बन्ध आधारभूत नागरिक र श्रमजीवी जनताबाट टाढिन थाल्यो । राजनीतिक दलको बल र भविष्य आम नागरिकसँगको सम्बन्धमा निर्भर हुन्छ भन्ने कुरा नेतृत्वबाट छायाँ पर्न थालेसँगै पार्टीको सार्वजनिक छविमाथि आलोचना र टिप्पणी हुन थालेको हो । समयले यो वास्तविकतालाई अनुभूत गरेर मिहिन समीक्षाको माग गरेको छ। पार्टीले यो विषयलाई आत्मसात गर्न जरुरी छ।

आज महिलाहरूमा शिक्षाको मात्रा बढेको छ। सामाजिक क्रियाशीलता बढेको छ । चेतनाले त्यसलाई एक ठाउँमा बाँधेको दिन महिला आन्दोलन फेरि नयाँ उचाइमा उठ्नेछ । प्लेटोले भनेका थिए, *महिला र पुरुषमा शारीरिक बलको दृष्टिले केही अन्तर होला, तर योग्यताको दृष्टिमा उनीहरूमा कुनै अन्तर छैन*। अहिलेको समयमा महिलाहरू मेहतनका साथ क्षेत्रगत प्रतिस्पर्धामा उत्कृष्टताका लागि संघर्षरत छन्। हिंसा, विभेद र अवरोधका बाबजुद निरन्तर अगाडि बढिरहेका छन्। एउटा विन्दुमा पुगेपछि ती सबैलाई आत्मसम्मान, स्वपहिचान र स्वाभिमानको साझा विषयले एक ठाउँमा ल्याउनेछ। त्यसदिन पितृसत्ताको कस्तै बलियो खम्बा पनि उखेलिनु अनिवार्य छ । विगतदेखि वर्तमानमा जति पनि महिला र महिला समानताको पक्षमा क्रियाशील नेता, कार्यकर्ता, समर्थक, सहयोगी र अभियन्ताहरू परिवर्तनका पक्षमा लागिपरे, त्यसको परिणाम एक दिन अवश्य देखिनेछ। यस सन्दर्भमा माधव घिमिरेको कविताको एक टुक्रा सान्दर्भिक हुन्छ- '*ढुंगाको काप फोरेर पनि उम्रन्छ पिपल, सिर्जना शक्ति संसारमा कहिल्यै हुँदैन विफल*'। हो महिला शक्ति त्यही पिपलको विरुवा जस्ता हुन् र महिलावादी सोच पिपलको बीउ। जो कस्तै अप्ठेरोका बाबजुद अंकुराउँदैछ। र, यो एकदिन यसरी झांगिनेछ,

पितृसत्तात्मक सोच र व्यवहारले या त सच्चिएर रुपान्तरण हुनुपर्दछ वा यो प्रवृत्तिका बाहकहरूले सक्किनु पर्दछ ।

**धन्यवाद, जसले यो पुस्तक लेखनलाई सम्भव बनाए**

यो पुस्तक तयारीको क्रममा ती सबै भूमिगत महिला कमरेडहरूप्रति सलाम, जसले दशकौँ पछि पनि मोतिदेवी स्मृति केन्द्रको आग्रहलाई स्वीकार गर्दै आफ्ना भोगाइको अनुभव र अनुभूति उपलब्ध गराउनु भयो । यस काममा सहयोग पुऱ्याउनु हुने तुल्सीलाल स्मृति प्रतिष्ठानको अध्यक्ष गोपाल शाक्य, अन्तरक्रियाको भिडियो दस्तावेजको लागि सहयोग गर्ने बलराम थापाको टिम, काठमाडौँमा भएका अन्तरक्रिया व्यवस्थापनमा सहयोग गर्ने तत्कालीन नेकपा एमाले उपत्यका विशेष कमिटी, झापासम्मको यात्रामा साथ दिने सरोज दाहाल र टिममा संलग्न उषाकिरण तिम्सेना, पेम्बा लामा, ममता गिरी र सम्झना पौडेल, त्यहाँको व्यवस्थापनमा सहयोग गर्ने क. मेनका काफ्ले, क. पवित्रा निरौला र अनेमसंघ झापा जिल्ला समितिलाई हार्दिक धन्यवाद । उपलब्ध मस्यौदा र टिपोटलाई सम्पादन गरी आलेख तयार गर्नुहुने उषाकिरण तिम्सेना, पेम्बा लामा, ममता गिरी र सम्झना पौडेल, भाषाको शुद्धाशुद्धिमा सहयोग गर्नुहुने कवीन्द्र शेखर रिमाल, पुस्तकको साजसज्जा तयार गर्नुहुने टच क्रिएसन प्रा.लि.का शेषराज गौतम र प्रकाशन कार्यमा सहयोग गर्नुहुने पब्लिक प्रिन्टिङ्ग प्रेस परिवारलगायत सबैप्रति हार्दिक आभार ।

यस कामको महत्त्वलाई अनुभूत गरेर निर्णय गर्ने र हर समय आवश्यक सहजीकरण गर्नुहुने मोतीदेवी स्मृति केन्द्रको सिंगो परिवार, जसले मलाई यो महत्त्वपूर्ण पुस्तक सम्पादनको प्रमुख जिम्मेवारी दियो, त्यसका लागि केन्द्र परिवारप्रति हार्दिक नमन ।

स्मरणीय कुरा, काम गर्दा गल्तीहरू हुने गर्दछ । त्यसलाई स्वीकार गर्नु र सच्च्याएर अगाडि बढ्नुको विकल्प छैन । इतिहासको पाटोसँग जोडिएर गरिने लेखन कार्य अझ जोखिमपूर्ण हुने नै भयो । यसर्थ, यस पुस्तकमा समेटिएका आलेखहरूमा तथ्यगत कमजोरीहरू भेट्नु भएमा सही तथ्य उपलब्ध गराई दिनुहुन सम्पादन समूह र प्रकाशक संस्थाको तर्फबाट सबैप्रति हार्दिक आग्रहकासाथ निरन्तर सहयोग, समन्वय र सहकार्यको लागि सबैप्रति नमन ।

**विन्दा पाण्डे** (**पिएचडी**)
प्रमुख, सम्पादक समूह तथा सदस्य, मोतीदेवी स्मृति केन्द्र ।
२०८२ फागुन २४

# विषय सूची

प्रकाशकीय.................................................................... क

प्रारम्भ .................................................................... ग

१. विद्यालय छाडेर १६ वर्षमा भूमिगत : गौरा प्रसाई............................ १

२. झापा अन्दोलनका योद्धा : सीता खड्का........................................ ९

३. रेड गार्डदेखि भूमिगतसम्म : शोभा कुँवर.................................. १७

४. संघर्षले स्पात बनाएको नेतृत्व : शान्ता मानवी .............................. २०

५. निरन्तरता र क्रियाशीलताको अर्को नाम : अष्टलक्ष्मी शाक्य ...........२८

६. भूमिगतदेखि खुला राजनीतिसम्म : गोमा देवकोटा.........................४५

७. संघर्ष र सफलताको कथा : सुशिला श्रेष्ठ ....................................५४

८. संघर्षले भरिएकी : राधा ज्ञवाली ...............................................६७

९. असमानताले जगाएको चेतना : उमा हमाल................................ ७४

१०. भूमिगत जीवनका अनुभूतिहरू : छलीकुमारी कुँवर ...................... ८४

११. राजनीतिक जीवनका पानाहरू : टिका बस्नेत ...............................९५

१२. विद्यार्थी हुँदै भूमिगत राजनीतिमा : टुका हमाल...........................१०६

१३. दमन तापले रापिएको जीवन : देउकला राई ...............................११५

१४. चित्रे गाउँले दु:खले बाँकी पीडा बिर्साउँछ : पवित्रा निरौला ........... १२४

१५. जुत्ता बेचेर पार्टीलाई पैसा बुझाएँ : प्रभा कोइराला..................... १४१

१६. संघर्षले ब्युँझाएको जीवन : मीरा थामी.....................................१५२

१७. भूमिगत जीवनको अनुभव : मेनका काफ्ले ................................१६२

१८. ओहो जिन्दगी : मेनका पोखरेल ............................................... १७२

१९. धन र मन नै पार्टीमा समर्पित : राधा तिमल्सिना........................ १८०

२०. संघर्षशील जीवनका अनुभवहरू : लिला कट्टेल ........................... १८६

२१. स्विटर बुन्ने दिदीको संगतमा भूमिगत : लोचना अधिकारी.............१९९

२२. परिवारको माहोल राजनीतिक थियो : विजया घिमिरे................. २०९

२३. निस्वार्थ राजनीति : विष्णु खड्का ..........................................२१५
२४. हाम्रो योगदान खेर नजाओस् : सावित्री बस्नेत ........................... २२३
२५. अधिकार प्राप्तिका लागि होमिएको जीवन : सीता गिरी ............... २२९
२६. परिवर्तनका लागि भूमिगत भएँ : सीता बस्नेत ............................ २३९
२७. नेत्रलालको प्रभावमा कम्युनिष्ट भएँ : सुशिला अधिकारी ............. २४४
२८. सम्पर्क टुट्दा प्रहरीसँग विवाह : सुशिला पौडेल.......................... २४८

# विद्यालय छाडेर १६ वर्षमा भूमिगतः गौरा प्रसाई*



कमरेड गौरा प्रसाईको  जन्म २०१३ फाल्गुन २१ गते भएको हो । जतिबेला झापा आन्दोलन चर्किंदै थियो, विद्यार्थी आन्दोलन बिस्तारै संगठित हुँदै थियो, उहाँ कक्षा ६/७ तिर पढ्नुहुन्थ्यो । स्कूल पढाउने शिक्षकहरू जमिन्दारी प्रथा विरुद्ध थिए । भित्र-भित्रै संगठित थिए । पार्टी काममा पनि लागेका थिए । थोरै संगठित भएका, राजनीतिक चेतना भएका विद्यार्थीहरूलाई शिक्षकहरूले सघाउने गर्दथे । भूमिगत कालमा पार्टी नेताहरू भेटिनु मुस्किल थियो । तर जो भेटिन्थे तिनीहरू पूर्णरूपमा प्रतिबद्ध भएर लाग्थे । नेताहरूको आचरण, नैतिकताप्रति कुनै प्रश्न नै थिएन । थियो त केवल संसार बदल्ने सङ्कल्प, सपना र त्यो पूरा गर्ने अठोट । त्यो अठोट र विश्वासले तय भएको थियो कमरेड गौरा प्रसाईको साहसिक, क्रान्तिकारी, दारुण र टिठलाग्दो यात्रा ।

देशको परिस्थिति अत्यन्त जटिल थियो, जतिबेला कमरेड गौरा प्रसाई भूमिगत हुनुभयो । खुनी पञ्चायती व्यवस्थाको रजगज थियो । कसैका छोरी चेलीका अस्मिता, सामाजिक सुरक्षा वा सार्वभौमिकताको कुनै सवाल थिएन । जनताको अधिकारको सवाल नै थिएन, न्यूनतम मानव अधिकारको रक्षा भन्ने कुरा धेरै टाढाको विषय थियो । त्यसैबेला चिनियाँ सांस्कृतिक क्रान्तिको प्रभाव भारतीय कम्युनिष्ट पार्टीमा परेको थियो । फलस्वरुप भारतमा सशस्त्र आन्दोलन सुरु भयो, जुन नक्सलवाडी आन्दोलनको नामबाट परिचित थियो । त्यो आन्दोलनको झिल्कोले झापालाई पनि भेट्‌यो । फलस्वरुप गौरा कमरेड त्यो महासागरमा होमिनुभयो । आन्दोलनलाई आफ्नो जीवन बनाउनुभएको थियो । उमेर कच्चा थियो, सायद समझ पनि कच्चा नै थियो । परिवर्तनप्रतिको चाहना बाहेक अन्य कुराको कुनै चासो वा चाहना थिएन । महिलाहरूले स्वतन्त्रता पूर्वक हिडडुल गर्न पाउने, पढ्न पाउने, बोल्न पाउने ग्यारेन्टी आन्दोलनले गर्छ भन्ने कुरा उहाँलाई मन परेको थियो ।

---

** यो आलेखको संयोजक उषाकिरण तिम्सेनाले गर्नुभएको हो ।*

आफ्नै परिवारभित्र छोरा-छोरीमा विभेद थिएन । तर समाजमा भएको विभेदले उहाँलाई बिझाउँथ्यो । छोरीलाई पढायो भने नाक काटछन् भनिन्थ्यो । सामाजिक रूपमा छोरीहरूको कुनै महत्त्व छैन जस्तो गरिन्थ्यो, जुन कुराले गौरा कमरेडलाई विद्रोही बनाउन मद्दत गरेको थियो । गीता पढ्यो भने आइमाई बौलाउँछन् भन्ने समयमा गौराको बुबाले गीता पढाउनुहुन्थ्यो । रामायण, महाभारत, इन्द्रजाल लगायतका ग्रन्थहरू पढाउनुभएको थियो । मेरी छोरीलाई मेट्रिक पास गराउँछु भन्नुहुन्थ्यो । धेरै पढेर देवीहरू जस्तो बन्नुपर्छ भन्नुहुन्थ्यो । यस्ता खाले पारिवारिक पृष्ठभूमिले उहाँलाई सहयोग गऱ्यो ।

**भूमिगत जीवनको सुरुवात**

भूमिगत भएपछिको राजनीति सजिलो थिएन । राजनीतिक गुरु नेत्र घिमिरे हुनुहुन्थ्यो । दिनभरि विद्यालयमा पढाउँथे, साँझबिहान राजनीतिक किताब पढ्ने काम हुन्थ्यो । जसले कम्युनिष्ट आन्दोलन, मार्क्सवाद, लेनिनवाद बुझ्न सघायो । सामाजिक परिस्थिति कमजोर थियो । आमरूपमा मान्छेहरूको चेतना पनि कमजोर थियो । आन्दोलनमा मान्छेहरूको सहभागिता कम थियो । किनभने मान्छेहरू सचेत थिएनन् । सचेत हुने वातावरण पनि थिएन । शिक्षा र चेतना अन्तर सम्बन्धित विषय रहेछ र त शिक्षकहरू आन्दोलनमा संलग्न थिए । दिनभरि स्कूलमा पढाउने शिक्षकहरू रातभरि किसानहरूलाई संगठित गर्न गाउँ-गाउँ जान्थे ।

तिनै शिक्षकहरूबाट सिक्दै र गाउँले, किसान, महिला दिदी-बहिनीहरूलाई क्रान्ति, कम्युनिष्ट पार्टी, जमिन्दारहरू विरुद्ध सचेतना फैलाउने काम गर्दै हिड्दाको आनन्द शब्दमा वर्णन गर्न कहाँ सकिन्छ र ? काम पनि क्रान्तिका लागि, आराम पनि क्रान्तिका लागि गरिरहेको एउटा किशोरी उमेर सम्झिदा लाग्छ, स्वार्थ र मोह भरिएको भए, त्यस्तो आन्दोलनमा भाग लिन सकिने थिएन होला । सुस्ताउँदै विगत सम्झदा आफ्नै जीवन क्रान्तिकारी कथाकार जस्तो लाग्छ गौरा कमरेडलाई ।

वामपन्थी भनेपछि प्रशासन र प्रहरीको ज्यादती बढी नै थियो । देशद्रोहीलाई जस्तो व्यवहार गर्थे । अराष्ट्रिय तत्व भनिन्थ्यो । जमिनदारहरूकै कारण आन्दोलन अपरिहार्य भएको थियो । किसान, गाउँले सबैलाई पविर्तनको, क्रान्तिको कुरा गर्दै गाउँ-गाउँ हिड्दा एक दिन हामी जित्नेछौँ जस्तो लाग्थ्यो । अहिले फर्किएर हेर्दा लाग्छ, जित्न पर्ने र हराउन पर्ने संरचनाहरू त सधै हुने रहेछन् । जस विरुद्ध निरन्तर आन्दोलन भइरहनु पर्ने रहेछ ।

## जीवनका ओराली–उकालीहरू

अहिले भने जस्तो र सुने जस्तो सजिलो थिएन भूमिगत आन्दोलन। किसानका घरमा दिनभरि लुकेर बस्नुपर्थ्यो। कतै भकारीमा लुकेर बस्दा घुन-पुत्लाले टोकेर दुःख दिन्थे। जमाना अहिले जस्तो उदार पनि थिएन। कतिपय कमरेडहरूकै घरमा सेल्टर लिएर बस्दा उनका घरका महिलाहरूले शङ्का गर्थे। तर आन्दोलनमा हिडेका कमरेडहरूले राम्रो गरी कुरा नबताउँदा अपमानजनक गालीहरू सुन्नु पर्थ्यो। यस्ता कुराहरूले कहिलेकाहीँ निराश नलागेको भने होइन। दिक्क नभएको पनि होइन। तर भूमिगत हुनु बाघमा सवार हुनु जस्तो थियो। रातभरि प्रशिक्षण, भेला हुन्थ्यो। बेला बेला बैठक र छलफलहरू हुन्थ्यो। दिउँसो लुकेर बसेको समयमा जनताको मन कसरी जित्ने भन्ने हुन्थ्यो। घरभित्रका कामहरू सघाउने हुन्थ्यो। हामी अन्याय र अत्याचारको अन्त्य गर्न चाहन्छौँ भन्दा मात्र पनि जनताको साथ सहयोग हुन्थ्यो। आफूलाई खान पकाएर राखेको खाना आन्दोलनकारीहरूलाई खान दिएर भोकै हिडेका किसान दिदी बहिनीहरूको अझ पनि ताजा सम्झना गौरामा छ। कता-कतै पुजा लगाएका हुन्थ्यो। त्यतिबेला पूजा लगाउने आमा-बाहरूले चिताएको पुगोस्, आन्दोलन सफल होस् भनेर आशीष दिन्थे। जुन कुराले आन्दोलनमा लाग्न अझै हौसला र प्रेरणा मिल्थ्यो।

पढाइमा तगडा भएका कारण शिक्षकहरूले माया गर्थे। शिक्षकहरूले आन्दोलन र राजनीतिको कुरा गरेका कारण सुरु भएको आन्दोलन भूमिगत अवस्थासम्म पुगेको थियो। धेरै पटक प्रहरीको धरपकडबाट बाँचेर भागेको, कतिपय ठाउँमा जनताले अनेक बहाना गरेर, आफू कुटाइ खाएर बचाएको, कतै सिन्दूर र पोते लगाएर बचेर हिडेको सम्झना छ, जुनबेला सिन्दूर र पोते अविवाहित केटीले लगाउने कुरा स्वीकार्य थिएन। त्यो तमाम कुरा सम्झिदा गौरालाई आज पनि ती जनताको औधि माया लागेर आउँछ।

भूमिगत आन्दोलनमा लाग्नुभएको एकजना दिदी लिला कट्टेल हुनुहुन्थ्यो। उहाँ जमिनदार परिवारबाट विद्रोह गरेर आन्दोलनमा लाग्नुभएको थियो। खान बस्नको ठेगान थिएन, लगाउने गतिला कपडा थिएनन्। महिनावारीको समयमा गाह्रो हुन्थ्यो उहाँलाई। सारी लगाउनु हुन्थ्यो। एक दिन कमरेड सीपी मैनाली, लिला र गौरा सँगै सुत्नुभएको थियो, कठ्यांग्रिदो जाडो थियो, गौरालाई लिला दिदीले आफ्नो फरियाको सप्को फुकाएर ओढाइदिनु भयो। भोलिपल्ट बिहान उज्यालो नहुँदै लिला

दिदीले उक्त फरिया तान्नुभयो । त्यसमा महिनावारीका रगतका टाटाहरू लागेको थियो । कमरेडहरूले यस्ता दुःखहरू भुले होलान् कि सम्झन्छन् होला, लाग्छ उहाँलाई । लिला दिदी प्रतिबद्ध नेता हुनुहुन्थ्यो । आफू भन्दा कमजोर पृष्ठभूमिको केटोसँग बिहे भएको थियो । केही समय पछि सडक दुर्घटनामा परेर बित्नुभयो ।

**सुखानीमा कमरेडहरूको हत्या**

२०३० सालतिर आन्दोलन चर्केको थियो । तर आन्दोलनको गति कमजोर थियो । झापा आन्दोलन दबाएपछि सरकार झन् उग्र भएको थियो । २०२९ फाल्गुन २१ गते नेत्र घिमिरे, वीरेन राजबंशी, कृष्ण कुइकेल, रामनाथ दाहाल र नारायण श्रेष्ठलाई जेल सार्ने बहानामा हत्या गरिएको थियो । सबै सेल्टरहरू तहसनहस भएका थिए । त्यसै बेला कमरेड गौरालाई सन्चो थिएन । खुल्ला भएर उपचार गर्न सम्भव पनि थिएन । कमरेड सीपी पार्टी इन्चार्ज हुनुहुन्थ्यो, बैठकमा उहाँले भन्नुभयो, 'परिवारमा फर्किनुस् र उपचार गर्नुस् ।' तर कमरेड गौराले पार्टी निर्णय मान्न सक्ने स्थिति थिएन । तर, पार्टीले निर्णय गरेर उहाँलाई लिएर सीपी कमरेड पनि साथै आउनुभयो । तर घर बस्न सकिने अवस्था थिएन । बाबु-छोरीले त्यसै दिन घर छोडे । त्यसपछिको समय प्रहरी र प्रशासनसँग छल्दै उपचार गर्नका लागि भारत जानुभयो । तर समय उहाँको पक्षमा रहेन, उपचार गराउन गएको डाक्टरले समेत उहाँमाथि यौन हिंसाको प्रयत्न गरे । त्यो रणसंग्राममा लागेको मान्छे स्वयम् असुरक्षित महसुस गर्दै दिनहरू गुजार्नु पर्‍यो । त्यहाँबाट अनेक जुक्ति लगाउँदै पुनः पार्टी काममा जोडिनुभयो ।

**गिरफ्तारीपछिको असह्य यातना**

नेपाल छिरेको केही समय पछि पक्राउ पर्नुभयो । कष्टडी यात्रा एक किसिमको नरक यात्रा जस्तो थियो । प्रक्राउ पर्दा कमरेड सीपी लगायत अन्य नेताहरू पनि जेलमै भेटिनु भयो । कमरेड सीपीले गौरालाई भरोसा दिन नआत्तिन आग्रह गर्नुभयो । प्रहरीले मनपरी बोले, सीपी कमरेडको आँखामा बदलाको भाव देखिएका थिए । उहाँलाई डिएसपी कार्यालयमा राखिएको थियो । प्रहरीका भाषा, बिहान बेलुकाको खाना, प्रहरीका सोधपुछ र त्यस अवस्थामा दिन खोजिएको आश्वासनहरू झन्झट लाग्दो थियो । उहाँको सङ्कल्प, आस्था र विश्वास त्यति कमजोर थिएन । आश्वासनहरू अनौठा थिए । बा-आमालाई घर जग्गा, उहाँलाई पढ्न चाहेजति पढाउने आदि र इत्यादि । यस्ता आश्वासनहरूले उहाँलाई गलाउन सक्ने कुरा भएन । त्यसपछि

केरकार गरिरहेका प्रहरीहरू एकाएक कुटपिटमा उत्रिन्थे । कुटपिट कति भयो सीमा नै रहेन । कुटाइ खाँदा नाकबाट रगत आउने, बेहोस हुने अवस्था हुन्थ्यो । बिस्तारै यातनाका तरिकाहरू बदलिए । कुटपिटबाट अब औँलाका नङमा आल्पिनले घोच्न थाले । प्राणै जाला जस्तो हुने रहेछ । उनीहरूका चाहना भनेको आन्दोलनको सूचना हात पार्नु थियो । तर गौराको अठोट डगमगाएन ।

**राजकाज अपराधको मुद्दामा जेल चलान**

बन्दीगृहबाट बाहिर चिहाएर हेर्दा एक टुक्रा आकाश देखिन्थ्यो । कमरेड गौराकै भाषामा उहाँलाई त्यो आकाश साथी जस्तो लाग्थ्यो । अनेकौँ रोगहरूसँग लडिरहेको शरीर, प्रहरीको कुटाइ, यातना खपिसक्नु थिएन । एक दिन प्रहरीहरू आएर भने 'ए उठ ! अदालत हिड', विश्वास लागेन । तर त्यस दिन साँच्चै अदालत लगे । अदालतको अग्लो कुर्सीमा बसेका न्यायाधीशले प्रश्नहरू सोधे, कुन-कुन हत्याकाण्डसँग संलग्न हुनुहुन्छ ? जवाफ थियो 'कुनैमा छैन' । पुलिसले लिएको बयानमा म उमाकान्त राजबंसी काण्डमा संलग्न भनेर सही गराएका रहेछन् । कुटपिटबाट बेहोस हुँदा बनाएका होलान् भनेर जवाफ दिए । उहाँका शरीरका निलडाम र घाउले पनि त्यही बोल्थे । न्यायाधीशले एकछिन नियालेर हेरे र फैसला सुनाए, 'ल यसलाई राजकाज अपराधको मुद्दामा जेल चलान गर्नु ।'

जेलजीवन सजिलो थिएन, त्यहाँभित्रका ज्यादतीहरू खपिनसक्नु थिए । प्रहरीहरूले ढोकामा पिसाब फेरिदिन्थे । महिला बन्दीहरू सुतेका बखत मध्यरातमा प्रहरीहरू आएर ढोका खोल्न आग्रह गर्थे । मध्यरातमा ढोका खोल्ने कुरा हुन्थेन त्यसको पनि पछि बदला लिन्थे प्रहरीहरू । एकजना ज्यान केसकी महिलालाई जेलभित्रै वलत्कार गरेर मारेको हल्ला थियो ।

एक दिन बाआमा जेलमा भेट्न आउनुभयो । बुबाले मायालाग्दो गरी हेर्नुभयो । आमाको आँखामा ममता थिएन । उहाँलाई म जेल परेको मन परेको थिएन । सायद आमाको बुझाइ कमजोर थियो । मलाई गाउँन मन पर्थ्यो । म गाउँथे । स-साना छलफलहरू हुन्थे, त्यसैलाई जेल प्रशासनले राजनीति भन्थ्यो । त्यही कारण जेलभित्र पनि यातना दिइयो । एकदिन जेलमा भेट्न भाइ आएको थियो । बाहिर कम्युनिष्ट जति सबैलाई जेलभित्रै मार्छन् भन्ने हल्ला रहेछ । भाइलाई सम्झाए । तर उ मानेन । साँच्चै नामै किटेर गौरा प्रसाईलाई मार्छन् भन्ने हल्ला व्यापक रहेछ ।

## जेल सरुवा गरेर काठमाडौँ

२०३३ असार १२ गते बिहान एउटा प्रहरी आयो र बाहिर निस्की भन्यो । उसका कुरा सुन्ने बित्तिकै थुनुवा महिलाहरू रुन थाले । पुरुषहरू पट्टि पनि त्यस्तै वातावरण बन्यो । 'मान्छे मारेर क्रान्ति रोकिदैन, तपाईहरूसँग समयले साथ दियो भने भेटौँला' यति भनेर गौरा बाहिर निस्कनुभयो । प्रहरीले कमरेड सीपीलाई पनि समातेर ल्याएका रहेछन् । सीपी कमरेड र उहाँलाई कता लग्छन् भन्ने आशङ्का थियो । काठमाडौँ लग्ने रहेछन् भन्ने कुरा एयरपोर्टतिर लगेपछि मात्र उहाँहरूले थाहा पाएका थिए । जहाजमा हतकडी नखोली भित्र पस्न गाह्रो भएको थियो । सीपी कमरेडले प्रतिकार गरेपछि हतकडी खोलियो । काठमाडौँ ओर्लिने बित्तिकै प्रहरीको गाडीमा राखेर सिधै अञ्चलाधीश कार्यालय पु¥याइयो, त्यहाँ पनि झापा प्रहरी कार्यालयमा जस्तै सोधपुछ र सवाल-जवाफ भयो । नपढीकन पानाभरि लेखेको कागजमा सही गर्न भने । 'झापाली हुँ नपढीकन सही गर्दिन, राजबन्दीले जता पायो, त्यतै सही गर्छन् ?' भने । उहाँले उक्त कागजमा सही गर्नु भएन, सिधै महिला सदर जेल पुराइयो । जता लगे पनि स्त्रीजन्य छेडछाड, गालीगलौज हुन्थ्यो, त्यहाँ पनि भयो ।

'जेलभित्र राजनीति नगर्नु, अरुसँग नबोल्नु भनेको थियो । तर मेरो हिमचिम बढ्न थाल्यो । यो देखेर नाइकेले आँखा तर्न थालिन् । चौकिदार मुरमुरिन थाली र मलाई अर्को चिसो कोठामा राखिदिए । कोठाभित्र शौचालय थिएन । सरसफाइ थिएन । उडुस, उपियाँ, कीरा, हिड्थे । मच्छड, झिँगाको कुरा गरिसाध्य थिएन । जेलका सबै कैदीहरूले देख्नेगरी कुटाइ हुन्थ्यो । करेन्ट, सिस्नुपानी सबैको प्रयोग हुन्थ्यो । म कुटाइले बेहोस हुन्थेँ । जेलभित्र अस्मिता जोगाउन पटक-पटक लड्नु परेको थियो ।'

## पढाइको मागसहित जेलमा आन्दोलन

'बिस्तारै जेलभित्र आन्दोलन सुरु हुन थालेको थियो । हाम्रा केही मागहरू पूरा भए । मागमध्ये बन्दीहरूले पढ्न पाउने माग पनि थियो । पुरुष बन्दीहरूले पढेर जाँच दिने गरेका थिए । तर महिलाहरूको हकमा त्यस्तो व्यवस्था थिएन । एकजना मन्जु भन्ने ज्यान मुद्दा लागेको साथी हुनुहुन्थ्यो । हामीले आन्दोलन गरेर टेस्ट र एसएलसी दिने व्यवस्था जेल प्रशासनले मिलायो र हामीले पढ्न पायौँ । बाहिर हल्ला थियो, गौरा प्रसाईसँग डराएको राज्य भनेर । विद्यार्थी आन्दोलन चर्केको थियो । सधै जस्तो

२०३७ वैशाख २ गते राति खाना खाइसकेर ढल्केकी थिएँ । प्रहरीले बाहिर आउन आग्रह गरे । यो आदेश सरह थियो । म बाहिर आएँ । एउटा प्रहरीले 'बधाई, तपाँई छुट्ने हुनुभयो' भन्यो । मलाई एउटा कागजमा सही गर्न भन्यो । मैले पढेर सही गरेँ । प्रहरीले कीर्तिपुरमा आफन्तकोमा पुऱ्याइदियो । काठमाडौँमा मेरो जाने ठाउँ त्यहीँ थियो । जेलबाट छुटेपछि स्वास्थ्य राम्रो थिएन । काठमाडौँमा डा. भरत प्रधानले उपचारको व्यवस्था मिलाउनुभयो । निको भएपछि म झापा फर्किएँ । मलाई खुल्ला संसार नौलो र प्रिय लाग्यो ।'

## विवाह, परिवार र आन्दोलन

'पार्टीको निर्णय अनुसार म प्रवासमा काम गर्न जाने भएँ । जान मन त थिएन । तर पार्टीको निर्णय मान्छु भनेर प्रवास लागेँ । त्यता पनि मान्छेबाट जोगिन लड्नु पऱ्यो । यी सबै सम्झिएर नटुटेकी होइन, तर पार्टीले दिएको दायित्व सम्झिन्थेँ । अनि निराशालाई फ्याँकेर 'अब मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ' भन्दै गीत गाउँथे । दुई वर्ष प्रवासमा काम गरेपछि मेरो सरुवा फेरि बाँकेमा भयो । यसबीचमा सिनियर कमरेडहरूले विवाहको बारेमा कुरा गर्नुभएको थियो, जसबारे मैले ढिलोगरी जवाफ दिएँ । कमरेड सबिन (गोविन्द कोइराला) सँग पनि मैले आफ्नो विगत खुल्ला रूपमा बताएँ । गुण्डाहरूबाट अपहरित भएर म बेचिएको र पाएको दुःखबारे । यसलाई कमरेड सबिनले परिस्थितिको उपजको रूपमा लिनुभयो । बिहे गर्ने निधो गरियो । २०३९ साउन ३० गते भूमिगत रूपमा हाम्रो बिहे भयो । बिहे पछि अनेकौँ अप्ठ्यारो परिस्थितिको सामना गर्नु पऱ्यो । पछि छोरा-छोरी भइसकेपछि पनि दुबै जना राजनीतिक कार्यकर्ता भएको हिसाबले धेरै अभाव र कष्टहरू बेहोरियो । जीवन गुजाराको लागि स-साना उद्योग व्यवसाय गरियो । २०४६ सालको आन्दोलनमा कान्छी छोरी चार महिनाकी थिइन् । म छोरीलाई पिठ्युँमा बोकेरै आन्दोलनमा होमिएँ ।'

मालेकालीन आन्दोलन नेपालको परिवर्तनको आन्दोलनमा यस्तो एउटा पानी ढलो हो, जुन आन्दोलनले परिवर्तनको आन्दोलनमा निर्णायक /महत्त्वपूर्ण भूमिका खेल्यो । त्यही आन्दोलनको एउटा योद्धा हुनुहुन्थ्यो गौरा प्रसाई, आन्दोलनमा हामीले पढेको कुनै औपन्यासिक पात्रको जस्तो भूमिका निर्वाह गर्नुभएको एक जोदाहा क्रान्तिकारी योद्धा । जसले आन्दोलनका क्रममा आइपरेका अनेकौँ बाधा

र अड्चनहरू विरुद्ध डटेर लड्नुभयो र हर व्यवधानको समाधान खोज्नुभयो । आज झापा आन्दोलन पछि झण्डै पाँच दशक बितेका छन् । उक्त आन्दोलनमा कतिले वलिदानी गरे । कति पलायन भए । पलायन भएकाहरूको पनि योगदान थियो । जीवनभरि अनेकौँ चुनौती झेलेर हिडेको मान्छेको जीवनको मूल्याङ्कन के हो ? हिजोदेखि आजसम्म लडेका कमरेडहरू के गर्दैछन् ? झापा आन्दोलनमा लागेका योद्धाहरू के कस्तो अवस्थामा छन् ? न आन्दोलनको चासोको विषय भयो ? न राज्यको चासोको विषय नै ? आन्दोलनमा लागेकाहरूको हालत परिस्थिति त खराब छ भने सामान्य जनहरूको अवस्था कस्तो होला ? जन चासोका विषयहरू कसरी सम्बोधन होला ? एउटा आन्दोलनकारीको आँखाबाट आजको व्यवस्था कस्तो देखिन्छ भनेर सोच्दा, यतिसम्मको उपलब्धि भयो । अब मुलुकले यो बाटो समात्दै छ भनेर खुशी हुने परिस्थिति हुनु पर्थ्यो । तर आज त्यो बिरासत, आन्दोलन र नेताहरू माथि जस्ता खाले प्रश्नहरू उठेका छन्, ती प्रश्नहरू खासमा हामीले हिजोका शोषकहरूमाथि उठाए जस्तै प्रश्नहरू छन् ।

दुःख, वलिदान, हैरानी र ठूलो सामाजिक मूल्यमा प्राप्त गरिएको प्रजातन्त्र, गणतन्त्र हुने खानेकै पोल्टामा परेको देखेर कमरेड गौरा प्रसाईलाई दुःख लाग्छ । हिजो ती तमाम प्रश्नहरू गरेर, घर छोडेर राज्यलाई लल्कारेर हिडेको एउटा योद्धाको योग्यता के हुन्छ ? आफ्नै सहयोद्धा र सहकर्मीहरू राज्यको बागडोर सम्हालिरहेको बेला आलोचना कुन विचारलाई टेकेर गर्ने ? के भनेर गर्ने ? यस्ता कुराले उहाँलाई पिरोलिरहन्छ । तर प्रत्येक युगले आफ्नो हिसाब-किताब गर्छ भन्ने विश्वास छ कमरेड गौरालाई । यही विश्वासका साथ दिन, महिना र वर्षहरू बितिरहेका छन् ।

***

# झापा अन्दोलनका योद्धाः सीता खड्का*



देशमा युगान्तकारी परिवर्तन ल्याउन एक दुई जनाको सङ्घर्षले सम्भव हुँदैन । इतिहासका अनेकौँ कालखण्डमा देशका लागि कैयौँ वीर वीराङ्गनाहरूले त्याग, समर्पण र वलिदान दिएका हुन्छन् । जेल, नेल र यातना सहेका हन्छन् । सभ्य र सुसंस्कृत समाज निर्माणका लागि सङ्घर्षशील र अविरल राजनीतिक यात्रामा दृढ रूपमा अघि बढिरहेका हुन्छन् । आदर्शको मार्गमा हिडेर नेपाली धर्तीलाई आलोकित बनाउने सङ्कल्पसाथ अघि बढिरहेका हुन्छन् । देशमा आमूल परिवर्तनका लागि आत्मविश्वाससाथ सङ्घर्षको वलिवेदीमा आफूलाई होमिरहेका हुन्छन् । त्यही क्रान्तिकारी योद्धा मध्येकी एक हुन्, कमरेड सीता खड्का ।

कठिन परिस्थितिका बाबजुद अन्धकारमय सामन्ती युगलाई समाप्त बनाउँदै नेपाली जनताको मुहार फेर्न दृढ सङ्कल्प र अठोटकासाथ चौध वर्षको उमेरमा राजनीतिक यात्राको थालनी गर्नुभयो । जीवनको मोडमा अनेकौँ चुनौतीको सामना गर्दै अथक सङ्घर्षमय राजनीतिक यात्रामा निरन्तर क्रियाशील रहनु चानचुने कुरा होइन । जुन सीता खड्काको जीवनमा पाइन्छ ।

**बाल्यकालसँगै शुरु भएको कठीन राजनीतिक यात्रा**

आमा लक्ष्मुमाया खड्का र पिता भिमबहादुर खड्काकी माहिली छोरी सीता खड्काको २०१५ पौष १५ गते झापाको गरामनी, नाडियाबारी गाउँमा जन्म भएको थियो । धनी किसान परिवारकी सीता खड्काका दुई आमा थिए । उहाँ जेठी आमापट्टिको दुई दाजुभाइ र पाँच दिदी बहिनीमा माहिली हुनुहुन्छ । उहाँको बाल्यकालको हुर्काइ सामान्य नै रह्यो । दुर्गा माध्यमिक विद्यालय, जहाँ क. नेत्र घिमिरे पढाउनु हुन्थ्यो, उहाँले त्यही पढ्न थाल्नुभयो । विद्यालय शिक्षाका साथै क. नेत्रले साँझ बिहान बुबा र काकासँगै सीता खड्कालाई पनि बसाएर मार्क्सवादी ज्ञान दिनु हुन्थ्यो ।

---

** यो आलेखको संयोजन ममता गिरीले गर्नुभएको हो ।*

सीता खड्का क्रमशः मार्क्सवादी विचारबाट प्रभावित हुन थाल्नुभयो । अन्याय र अत्याचारविरुद्ध लड्नुपर्छ, सहेर बस्नु हुँदैन भन्ने चेतना बिस्तारै बाल मानसपटलले ग्रहण गर्दै गयो । त्यसपछि उहाँ बाल रेडगार्डमा सङ्गठित भएर काम गर्न थाल्नुभयो । त्यतिखेर बाल रेडगार्डको प्रमुख काम भनेको पार्टीका नेताहरूलाई र किसान आन्दोलनका अगुवाहरूलाई खाना र चिट्ठी आदान प्रदान गर्नु थियो । केटाकेटीहरूले यस्तो काम गर्लान् भनेर कसैको ध्यान जाँदैन थियो ।

क. सीताले २०२७ सालमा झापा जिल्लाको विद्यार्थी आन्दोलनमा पनि सङ्गठित भएर भूमिका निर्वाह गर्न थाल्नुभयो । जुझारु, क्रियाशील र कर्तव्यनिष्ठ भएर सङ्गठनले दिएका हरेक जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै आउनुभयो । कम्युनिस्टहरूको उर्वर भूमि, आधार किल्ला र सङ्घर्षशील स्थलमा हुर्कंदै गर्दा चौध वर्षकै उमेरमा राजनीतिमा भूमिगत हुन पर्‍यो । भूमिगत कालमा कैयौँ पटक जङ्गलमा कहिले एक्लै र कहिले गौरा प्रसाई र शोभा कुँवर लगायत कमरेडहरूसँगै रात बिताउनु, कैयौँ छाक भोकै बस्नु सामान्य दिनचर्या नै थियो । त्यतिखेर उहाँको एउटै लक्ष्य थियो, पञ्चायती तानाशाही व्यवस्थाको अन्त्य र सुन्दर नेपालको स्थापना ।

झापाका युवा युवतीहरू, किसान मजदुरहरू जनवादी गीत गाउँदै झापामा किसान आन्दोलन चर्काउँदै थियो, मजदुरहरू सङ्गठित हुँदै थिए । छिमेकी मुलुक चीनमा सांस्कृतिक क्रान्ति चर्कंदै थियो । भारतमा मुक्तिका लागि नक्सलवाडी आन्दोलन फैलदै थियो । नेपालमा विभिन्न ठाउँमा भएको किसान आन्दोलन एवं महेशपुर सुस्तामाथि भारतीय हस्तक्षेप जस्ता काण्डले धेरै युवा युवतीहरू मार्क्सवाद लेनिनवादमा आस्था राख्दै स्कूल कलेज छाडेर गाउँ पस्दै थिए । यसको प्रभाव क. सीता लगायतका धेरै युवा-महिलाहरूमा पनि पर्दै गयो ।

स्कूलमा सहिद कृष्ण कुइँकेल, सीता खड्का, गौरा प्रसाई, जीवन मगरको एउटा गोप्य रेडगार्ड सङ्गठन बन्यो । क. सीताले गाउँमा पनि सीता, गौरा र यसोदा काफ्ले लगायत केटीहरूको बाल रेडगार्ड सङ्गठन गठन गर्नुभयो । यसप्रकार सीता खड्का पहिलो पटक राजनीतिक रूपले सङ्गठित हुनुभयो । यो नै उहाँको कम्युनिष्ट आन्दोलनको प्रारम्भ विन्दु थियो ।

कम्युनिस्टहरूको गतिविधिमा सक्रियता बढ्दै गएपछि पञ्चायती व्यवस्थाका

ठेकेदारहरू आतङ्कित भएर दमन गर्न थाले । चारैतिर धरपकड सुरु भयो । क. सीता खड्काको ठूलोबाबा, काकाहरूलाई गिरफ्तार गरी जेलमा राखियो । सीता खड्काले भूमिगत रूपमा पार्टीका सबै कामहरू गर्न थाल्नुभयो । रातिराति नेता कमरेडहरू आएर निर्देशन दिनुहुन्थ्यो । गौरा र उहाँले खुला परिवेशमा काम गर्न नसक्ने अवस्था र पुलिसले बारम्बार खोजी गर्न थालेपछि उहाँ चौध वर्षकै कलिलो उमेरमा भूमिगत हुनुभयो । २०२८ सालमा झापाको किसान विद्रोहमा पनि उहाँ संलग्न हुनुभयो ।

## भूमिगत राजनीति गर्दाको अनुभव

२०२९ साल कात्तिक २९ गतेबाट तत्कालीन पञ्चायती व्यवस्थाविरुद्ध झापा जिल्लाको विद्रोही कम्युनिष्ट पार्टीमा सामेल भई भूमिगत रूपमा काम गर्न थाल्नुभयो । विगतलाई स्मरण गर्दै सीता भन्नुहुन्छ, 'एक दिन गाउँमा हामी भूमिगत बसेको कुराको जानकारी सुराकीले पुलिसलाई दिएपछि २०३० साउन २० गते हतियारधारी प्रहरीहरूले चारैतिरबाट घेरा हालिसकेका रहेछन् । नाडियाबारीका गाउँलेहरूले हामीलाई जोगाउन साहसिक प्रयत्न गरे । आखिर निहत्था जनताको केही चलेन । गोलीका पर्रा छुट्न थाल्यो । चन्द्र डाँगीको छातीमा गोली लाग्यो । कडा स्वरमा मुष्ठी उठाएर 'नेपाली क्रान्ति जिन्दावाद' भन्दै घुप्लुक्क जमिनमा ढल्नुभयो । एकै छिनमा रगतमा लतपतिएर मुर्छित बन्नुभयो ।' उक्त घटनामा क. सीता लगायत गिरफ्तार हुनुभयो । सबैलाई प्रहरी कार्यालयमा लगेर तुरुङ्ग (जेलमा निर्मम यातना दिन खुट्टा काठभित्र पसालेर हलचल गर्न नहुने गरी राखिने) मा राखियो । पछि, विभिन्न झुटा मुद्दा लगाएर सीता लगायत सबैलाई डेढ वर्षसम्म झापा चन्द्रगढी जेलको यातना गृहमा राखियो ।

भूमिगत कालमा नारद भारद्वाज र सीता खड्का अक्सर राति हिँड्दा कम्मरमा खुकुरी भिरेर हिँड्नु हुन्थ्यो । एकदिन पुलिसले उहाँहरूलाई समाएर पाता फर्काउँदै गर्दा नारद कमरेडको कम्मरको खुकुरी झुन्डियो । पुलिसको आँखा खुकुरीमा पर्न गयो । झन् आक्रोशित हुँदै बन्दुकको कुन्दाले हान्दै आँगनमा ल्याएर लडाए । त्यसपछि उहाँहरूको जिउमा खान तलासी गरियो । त्यसपछि सोध्न थाले- 'यी वामेहरूले हतियार कहाँ लुकाएका छन् ?' अति भएपछि सीताले पनि जवाफ दिनुभयो । 'हामीले हाम्रा हतियारहरू सबै नेपाल प्रहरी र सेनालाई राख्न दिएका

छौं, हामीलाई किन सोध्छौ ?' त्यसपछि प्रहरीहरू रिसले उहाँहरूमाथि अरिंगाल झैँ खनिए। बन्दुकको कुन्दाले नारद कमरेडलाई रगताम्मे हुनेगरी हिर्काए।

सीताको आमाले त्यसको प्रतिवाद गर्दा उहाँलाई नै गाली बेइज्जती गर्न थाले। यो पीडा आमाले हेर्न सक्नुभएन र पछ्यौराले मुख छोप्दै, रुँदै भित्र पस्नुभयो। गाउँमा भागदौड मच्चिन थाल्यो। प्रहरीले घरघरै चहार्दै गाउँलेलाई समात्न थाले। एउटा घरमा बन्दुक तेर्स्याउँदै भित्र पस्न लागेको देखेपछि बलबहादुर खड्का अचानक पुलिसमाथि जाइलाग्नुभयो र उनीहरूको एउटा बन्दुक खोस्नु भयो। स्थिति असामान्य बन्न थालेपछि प्रहरीले सिठ्ठी बजाउँदै गोली चलायो। केही गाउँलेलाई पनि गिरफ्तार गरियो।

भूमिगत कालमा नै एक पटक सीता बिरामी पर्नुभयो। उहाँलाई जचाउन एक जना कमरेडले सिलिगुडी लिएर जानुभयो। खासै ठूलो बिरामी रहेनछ। उपचार पछि कमरेडले सीतालाई सिलिगुडीको लाल सिपाही भएको गाउँमा पुऱ्याउनुभयो। त्यस अवधिमा उहाँले ती सिपाही साथीहरूबाट धेरै कुरा सिक्ने मौका पाउनुभयो। जनताको लागि लड्ने ती सिपाही साथीहरू धेरै असल र सहृदयी थिए। राष्ट्रिय मुक्ति मोर्चाको सपना बोक्ने भारतका ती छोरीहरू जनताका लागि लड्ने सिपाही मात्र थिएनन्, उनीहरू राजनीतिक कार्यकर्ता र कोही कुशल सुचीकार, दक्ष नर्स र बुनकर पनि थिए। उहाँले त्यहाँ बन्दुक चलाउन पनि सिक्नुभयो। केही दिनको बसाइले उहाँहरू बीच घनिष्ट सम्बन्ध बन्यो। उनीहरूले सीतालाई अझै बस्न अनुरोध गर्दै थिए। सीताले भन्नुभयो 'मुझे अपना वतन लौट जाने दिजिए, मुझे वहाँ जाकर देश के लिये बहुत कुछ करना है। अगर हम अपनी अपनी जगह से दुनिया के जालिमों के खिलाफ लड्ते रहेंगे तो हम अपनी लक्षको पूरा कर सकते हैं।' यसपछि उहाँहरूले एकार्कालाई अँगालो हाल्दै र हात मिलाउँदै बिदा भए। त्यतिखेर उहाँको भूमिगत नाम सावित्री थियो।

एक दिनको कुरा हो, उहाँ मकवानपुरको फाखेल भन्ने गाउँमा राति एक जना कमरेडको घरमा पुग्नुभयो। भित्र कोठामा पस्नुभयो र भोलिको योजनाबारे छलफल गर्न थाल्नुभयो। यता कमरेडकी श्रीमती यति राति को केटी लिएर श्रीमान् आए भनेर खुकुरी लिएर भऱ्याङमुनि आज यसलाई नछिनाई छोड्दिन भनेर कस्सिएर बस्नुभएछ। एकछिनपछि सीता बाहिर निस्कन खोज्दा अँध्यारोमा उहाँलाई

देख्नुभएछ। किन यहाँ बस्नुभयो भनेर सोध्दा अक्मकाउनु भएछ। सीताले उहाँको हातको खुकुरी देखेपछि उहाँको श्रीमान् र सीताले ती महिलालाई सबै वृत्तान्त सुनाएर उहाहरूको कामको बारेमा बुझाएपछि खुकुरी लुकाउनु भएछ। कमरेड सीता भन्नुहुन्छ, 'झन्डै त्यो दिन ज्यान गएको थियो, बालबाल बचियो।'

यस्ता कैयौं घटनाहरू सहँदै कठीन भूमिगत जीवन बिताउँदा पनि रत्तिभर निराश र हतोत्साही नभई अझ बढी जुझारु र ऊर्जाशील भएर पार्टी काममा निरन्तर खटिरहनुभयो। हिरासतको यातनाले सीता खड्कालाई अझ स्पातिलो बनायो। जेलमा उहाँलाई आत्मसमर्पण गराउन प्रयास गरियो तर प्रतिक्रियावादीहरूको अगाडि उहाँ रत्तिभर झुक्नुभएन। जेलबाट रिहा भएपछि पनि उहाँ पुनः पार्टी काममा भूमिगत भएर जुट्नुभएको थियो

आफूभित्र अङ्कुरीत कम्युनिस्ट विचार र विश्वासको बिरुवालाई पतझड हुन नदिन उहाँले कठोर सङ्घर्ष गर्नुपर्यो। पीडा कै पोखरीमा डुबुल्की मारेर भए पनि एक दिन अवश्य उज्यालो हुनेछ भन्ने आशा र विश्वासमा सम्पूर्ण जीवनलाई राजनीतिमा समर्पित गर्नुभयो। सङ्घर्षकै दौरान तथा उहाँको भूमिगत कालमा २०३२ सालमा नेकपा कोअर्डिनेशन केन्द्रका महासचिव क. चन्द्रप्रकाश मैनालीसँग विवाह भयो। विवाह पछि दुबैजना पार्टीमा पूर्णकालीन भएर लाग्नुभएको थियो। विवाहको भोलिपल्ट नै सीतालाई कामको जिम्मा दिएर जनकपुर खटाइएको थियो। क. सीपी उहाँलाई जनकपुर पुर्याउन जानुभएको थियो।

भूमिगत कालमा उहाँका दुई सन्तान जन्मिए। छोरी प्रभा मैनाली र छोरा सरोज मैनाली। त्यस्तो अप्ठ्यारो परिस्थितिमा बच्चा जन्माउन, हुर्काउन त्यति सहज थिएन। विभिन्न अप्ठ्यारालाई झेल्दै सानी छोरी प्रभालाई जन्मिएको चार महिनापछि चन्द्रगढी, देउनिया निवासी आश्रयदाता हरिमाया कुँवरको जिम्मा लगाएर पार्टी काममा हिँड्नुभयो। आफूले जन्माएको सानो नानीलाई चटक्क छोडेर हिड्नुपर्दा उहाँको मन कटक्क खायो। दुधे बालिकालाई छोडेर जाने उहाँको मन त थिएन, तर देश र जनताको लागि मैले त्याग गर्नुपर्छ भन्ने भावनाले उहाँको मनले जित्यो। पार्टीको फलामे अनुशासनलाई पालना गर्न पार्टीको जिम्मेवार कार्यकर्ताको दायित्वलाई पनि उहाँले महसुस गर्नुभयो। उहाँको माइती र घरपरिवारका पनि सबै सदस्य वामपन्थी राजनीतिमा होमिएकाले यो सम्भव भएको थियो।

## भूमिगत सीता खड्कासँग अष्टलक्ष्मीको भेट

एक दिनको कुरा हो, पार्टीको एक जना कमरेडले अष्टलक्ष्मी शाक्य र सुलोचना मानन्धरलाई भूमिगत जानुभएको एक जना महिला कमरेडलाई भेटाउने कुरा गर्नुभयो। अष्टलक्ष्मी र सुलोचनाको मनमा खुल्दुली मच्चियो - कस्तो होला भूमिगत मान्छे ? सुलोचना मानन्धरको घरमा भेट्ने कुराकानी भए अनुसार अष्टलक्ष्मी र सुलोचनालाई भेटाउन सीता खड्का कमरेडलाई लिएर कमरेड जानुभयो । उहाँहरूसँग भेटघाट र कुराकानी भयो।

कमरेड अष्टलक्ष्मी शाक्य भूमिगत गएसँगै कमला अमात्यको घरमा भूमिगत रूपमा रहनुभएको बेला कमरेड सीता भेट्न जानुभएको थियो। उहाँले कमरेड अष्टलाई 'राजनीति गर्नेले नाच्न, गाउँन पनि जान्नुपर्छ, जनतालाई गीतको माध्यमबाट सचेत गराउँदै लग्नुपर्छु' भन्नुभएको थियो। उक्त भेटमा 'बसाइँ हिँड्नेको ताँतीले बस्नेको मन रुवाउँछ, लाखौंको लागि उजाड छ यो देश, मु√ी भरलाई त स्वर्ग छ।' भन्ने बोलको गीत पनि सीता खड्काले सिकाउनु भएको थियो । त्यतिखेर उहाँको भूमिगत नाम निलम थियो।

## पार्टी सदस्यता र जिम्मेवारी

२०३१ सालमा सीता खड्काले पार्टी सदस्यता प्राप्त गर्नुभएको थियो। पार्टीको जिम्मेवारीलाई उहाँले अनुशासित भई पूरा गर्दै जानुभयो। २०३२ सालमा धनुषा जिल्ला कोअर्डिनेशन कमिटीमा रहेर काम गर्नुभयो । २०३४/०३५ सालतिर पार्टीले उपत्यका कोअर्डिनेशन कमिटीको जिम्मेवारी दियो। त्यतिखेर केही समय उहाँले भक्तपुर, ललितपुर र काठमाडौँ मात्र होइन सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र मकवानपुरमा पनि भूमिगत रूपमा काम गर्नुभयो । पार्टी कामकै सिलसिलामा २०३५/०३६ सालतिर रुपन्देही र नवलपरासीमा पार्टी जिल्ला सदस्य भई काम गर्नुभएको थियो।

२०४० सालमा पार्टीले उहाँलाई अखिल भारत नेपाली विद्यार्थी सङ्गठनको जिम्मेवारी दिएर भारत प्रवास पठायो । अध्ययनको कामलाई पनि उहाँले त्यहीँ निरन्तरता दिनुभयो। उहाँले भारतमा नेपाली विद्यार्थीलाई सङ्गठित गर्ने र नेपालको तत्कालीन राजनीतिक परिवेशको बारेमा बुझाउँदै राजनीतिक रूपले सचेत बनाउने काममा सक्रिय भूमिका खेल्नुभयो । प्रमाणपत्र तह (आई.ए.) सम्मको शिक्षा

भारतमा पूरा गर्नुभयो । नेपाल फर्किएपछि स्नातक तहको शिक्षा पूरा गर्नुभयो । बाल्यकालदेखि नै शिक्षा र राजनीतिलाई सँगसँगै सक्रियतापूर्वक अघि बढाउन सक्नु उहाँमा निहित विशिष्ट क्षमता थियो ।

उहाँ भारत प्रवासको जिम्मेवारीबाट फर्किएपछि अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ) मा आबद्ध भएर काम गर्न थाल्नुभयो । २०४९ सालमा नेकपा (एमाले)को पाचौँ महाधिवेशनमा सामेल हुनुभयो । पार्टीले दिएको हरेक जिम्मेवारीलाई सीता खड्काले इमान्दारीपूर्वक पूरा गर्दै आउनुभयो । २०५४ सालमा पार्टीमा विवाद उत्पन्न भई पार्टी विभाजन भयो । उहाँले नेकपा (माले) को राष्ट्रिय पार्षद, अनेमसङ्घ स्थायी समिति सदस्य रही मध्यमाञ्चल इन्चार्जका रूपमा काम गर्नुभयो । हाल नेकपा (माले) को स्थायी कमिटीको सदस्य भएर पार्टीमा क्रियाशील हुनुहुन्छ ।

यसबाहेक, अन्तर पार्टी महिला सञ्जालको संस्थापक सदस्यका रूपमा जिम्मेवारी सम्हाल्नु भयो । सङ्घर्षको मैदानबाट परिवर्तनको सपना बोकेर राजनीतिमा हामफाल्नु भएकी सीता खड्काको सपना पूर्णरूपले अझै साकार भइसकेको छैन । नेपाली जनताको समृद्ध जीवन र नेपाली महिलाहरूले पूर्ण समानता प्राप्त गर्न अझै सकेका छैनन् भन्ने उहाँको बुझाइ छ ।

## झापा विद्रोहदेखि सिंहदरबारसम्मको यात्रा

झापा विद्रोहदेखि सिंहदरबारसम्मको यात्रामा उहाँले जीवनका अनेकौँ उकाली, ओराली पार गर्दै राजनीतिक यात्रालाई निरन्तरता दिइरहनु भएको छ । २०६४ सालमा संविधान सभा सदस्यको रूपर्मा भूमिका खेल्नुभयो । २०७० सालमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रीका रूपमा जिम्मेवारी सम्हाल्नुभयो । लामो समयसम्म बन्न नसकेको बोक्सी सम्बन्धी कानुन, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी कानुन उहाँको कार्यकालको उपलब्धि हो । नेपालमा अपाङ्ग भत्ता कार्ड पाँच जिल्लामा मात्र वितरण गरिएको थियो । त्यसलाई उहाँको कार्यकालमा ७५ जिल्लामा लागू भयो । यसैगरी, बेचबिखनमा परेका महिलाहरूको पुनर्स्थापनाको लागि मंगला, साहना पुनर्स्थापना केन्द्र स्थापना गरी त्यसको कार्यान्वयन सम्बन्धी कानुन निर्माण लगायतका काम गर्नुभयो । उहाँ भन्नुहुन्छ, 'हाम्रो जस्तो पिछडिएको समाजमा महिलालाई राजनीतिमा स्थिापित हुन र निरन्तरता दिन एकदमै गाह्रो छ ।

हामीले लडेर गणतन्त्र त ल्यायौँ, तर समाजको पितृसत्तात्मक मानसिकतामा अझै पनि पूर्णरूपले परिवर्तन आइसकेको छैन। महिलाहरूलाई हेर्ने दृष्टिकोणमा अझै पनि सामन्तवादका अवशेषहरू बाँकी नै रहेको छ।'

विभेदमुक्त समाज निर्माणमा महिलाहरू अझ सशक्त र एकजुट भएर अघि बढ्नुपर्दछ। नीति निर्माण गर्ने र निर्णय गर्ने ठाउँमा महिलाहरूको अर्थपूर्ण सहभागिता हुनुपर्दछ। आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सम्पूर्ण क्षेत्रमा समान अधिकार पाउनुपर्दछ, तब मात्र उहाँले गरेको सङ्घर्ष र त्यागको सार्थकता हुनेमा उहाँ विश्वास गर्नुहुन्छ। कमरेड सीताले नेपालको राजनीतिक आन्दोलनमा गर्नुभएको त्याग, समर्पण तथा उहाँका जुझारु र सङ्घर्षशील जीवन यात्राले भोलिका पिँढीका लागि मात्र होइन वर्तमानमा पनि प्रेरणादायी भूमिका निर्वाह गरेको छ।

***

# रेड गार्डदेखि भूमिगतसम्म : शोभा कुँवर*



झापा चन्द्रगढी देउनियामा हाम्रो घर थियो । २०२९ मा दाजु भीम कुँवर झापा विद्रोहमा सक्रिय हुनुहुन्थ्यो । त्यसै समय सी.पी. कमरेडको बढी आउजाउ चिरन्जीवी दाहालको घरमा थियो । त्यही क्रममा हाम्रो पनि भेटघाट कुराकानी हुन थाल्यो । यही क्रममा दाजु, उहाँको साथीहरू र म लगायत रहेको रेड गार्ड स्क्वाड गठन गरियो । यसको मूल काम भनेको झापा आन्दोलनको पक्षमा पर्चा, पोष्टरिङ र पत्राचार गर्ने लगायतका थिए । गाउँका असल मान्छेहरूको बीचमा कुराकानी गर्ने, आन्दोलनको पक्षमा समर्थन र सहयोग जुटाउनुका साथै कहिलेकाहीँ विभिन्न ठाउँमा नक्कली बम राखेर प्रशासनलाई आतङ्कित पार्ने काम पनि गरिन्थ्यो ।

यही क्रममा चन्द्रगढीमा रहेको त्रिभुवनको शालिक तोड्ने जिम्मा पार्टीले हाम्रो स्क्वाडलाई दियो । २०२९ भदौ १२ गते राति खाना खाएर हाम्रो टोली उक्त कामको लागि गयो । बन्चरो, खुर्पा, खुकुरी लगायतका हतियार लिएर गएका थियौँ । हामीले चार दिशामा सुरक्षा र चौकिदारीको काम गर्‍यौँ । बलिया दाइहरूले डङडङ फुटाउने काम गर्नुभयो । सोच्यौँ मूर्ति चकनाचुर नै भएर फुट्यो । त्यसपछि हामी नारा लगाउँदै फर्कियौँ । भोलिपल्ट हेर्न जाँदा त शालिकको त श्रीपेच र नाक मात्र भाँचिएको रहेछ ।

## गिरफ्तारी र यातना

त्यस घटनाको झण्डै एक महिनापछि भीम दाइ गिरफ्तार हुनुभयो । त्यस सन्दर्भमा फेला पारेको कागजपत्रको आधारमा मलाई पनि गिरफ्तार गरी ६३ दिन कष्टडीमा राखियो । पुरुषहरूलाई अति नै यातना दिइन्थ्यो । मलाई त्यो दृश्य देखाउने र डरको आधारमा कुरा खोलाउने प्रयत्न गरियो । तर मबाट खासै कुरा नपाएपछि म रिहा भएँ । पुरुषहरूलाई जेल चलान गरियो । म छुटेर आएपछि फेरि पार्टी काममा नै लागेँ । बाहिर पार्टीका दस्ताबेजहरू लेख्ने, लुकाएर जेलभित्र पठाउने लगायतका काममा सक्रिय भएँ । पत्राचारको क्रममा पातको टपरी गाँस्दा बीचमा दस्तावेज हालेर

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो ।*

खिप्ने र त्यसैमा माथि खाना हालेर जेल पठाउने लगायतका उपाय अपनाइन्थ्यो। पहिलादेखि गर्ने अन्य काम त छँदै थियो।

## पटक पटक गिरफ्तारीपछि भूमिगत

परिवार सबै हाम्रो कामको समर्थक भएकोले घरमा भूमिगत कमरेडहरू आउने जाने क्रम थियो। २०३२ सालमा गौरा प्रसाई बिरामी भएर घरमा आराम गर्दै हुनुहुन्थ्यो। उहाँलाई भेट्न र अन्य कुराकानी पनि गर्नका लागि सीपी मैनाली, गोविन्द न्यौपाने, तारानिधि भुर्तेल लगायतका कमरेडहरू आउनुभएको थियो। प्रशासनले थाहा पाएछ। प्रहरी आएर सबैलाई गिरफ्तार गऱ्यो। म दोस्रो पटक गिरफ्तार भएँ। यस पटक आमा र सानी बहिनी बाहेक अन्य भाइ, बहिनी समेत गिरफ्तार भए। भाइ बहिनीलाई केही दिनमा छाडे पनि मलाई एक महिनापछि जेल चलान गरे। एक वर्ष जेल बसियो।

२०३३ सालमा जेलबाट छुटेपछि पनि भित्र भएका दाजु, सीपी कमरेड लगायतलाई सुरुङ खनेर निकाल्ने भनेर बाहिरबाट सुरुङ खन्न थालियो। त्यतिखेर ईश्वर कमरेड पनि झापा पुग्नुभएको थियो। हाम्रो काममा सहयोग गर्न उहाँले धनुषातिरका ५/६ जना सुरुङ खन्न सिपालु साथी पठाइ दिनुभयो। तर, उनीहरू केही दिनमा काम छाडेर फर्किए। हामीले काम जारी राख्यौँ। तर त्यही बीचमा बन्दीहरूलाई काठमाडौँ सरुवा गरिदिएपछि उक्त काम बीचैमा रोकियो।

२०३३ चैत्र १२ मा नख्खु जेल फोडेर कमरेडहरू निस्कनुभयो। म त्यतिखेरसम्म अर्ध भूमिगत भइसकेको थिएँ। झापा जिल्ला संगठन कमिटीको सचिवका रूपमा काम गर्ने सिलसिलामा पूर्वका अन्य जिल्लाहरूमा पनि आउजाउ बढ्दै थियो। नख्खु जेलब्रेक गरेर पूर्व पुगेका साथीहरूलाई विभिन्न ठाउँमा व्यवस्थापन गर्ने काम गर्दै थियौँ। त्यही समय मेरो पनि पुनः खोजी हुन थालेपछि म पूर्ण भूमिगत भएँ। २०३३ सालको अन्त्यदेखि २०३९ सालसम्म भूमिगत रूपमा नै काम गरे। यस बीचमा कोकेको गठनदेखि मालेको गठनसम्म झापाको प्रतिनिधिका रूपमा सहभागी भएको थिएँ। २०३७ वैशाखमा हेटौडामा भएको पहिलो राष्ट्रिय महिला कार्यकर्ता भेलामा सहभागी भएँ। यसमा महिला बीचको काम कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल भएको थियो। त्यही साल फागुन १७ गते पोखरामा भएको भेलामा सहभागी भएर अनेमसंघको तयारी समितिमा पूर्वाञ्चलको प्रतिनिधिका रूपमा रहेँ। यसपछि पूर्वका प्रायः सबै जिल्लामा कामको बिस्तारमा लागियो।

## विवाहपछि पढाइलाई निरन्तरता

२०३८ सालमा भूमिगत रूपमा नै विवाह भयो । मैले आफ्नो पढाइ अधुरै छाडेकोले यसलाई निरन्तरता दिने र कम्तीमा पनि एसएलसी परीक्षा दिने कुरामा अलि पहिलादेखि नै जोड दिदै आएको थिएँ। धेरै पहलपछि सिन्धुलीमा गोविन्द गजुरेल कमरेडकोमा बसेर अध्ययन गर्ने अनुमति मिल्यो। २०३९ सालमा एसएलसी परीक्षा दिएँ। २०४० मा श्रीमान श्रीमती दुबै काठमाडौं आयौं। मलाई दमको रोगले सताउन थालेको थियो। उपचार गर्नेतिर लागियो। त्यतिखेरसम्म पार्टीमा पनि केही समस्या देखापर्न थालिसकेको थियो। काठमाडौं आएपछि पार्टीको औपचारिक सम्पर्क टुटेको थियो। हामी दुबैजना अब बाँच्ने उपायका लागि काम गर्न थाल्यौं।

## शिक्षण पेशामा संलग्न

बहुदल आएपछि पुनः केही साथीहरूले काममा फर्कन आग्रह गर्नुभएको थियो। त्यतिबेलासम्म जीवनको गोरेटो फरक रूपमा मोडिसकेको थियो। हामी दुबै जना विद्यालयमा अध्यापन गराउने काममा थियौं। आफ्नो विचारको संरक्षण गर्दै संलग्न व्यवसायलाई नै निरन्तरता दिने विचार बन्यो। आजसम्म पनि त्यही गरिरहेका छौं।

आज समय र परिस्थिति धेरै बदलिएको छ। यो अवस्थामा जनतामा धेरै निराशा आएको अनुभूत हुन्छ। हिजो जीवन हत्केलामा राखेर काम गरेको र राजनीतिमा निरन्तरता दिएका साथीहरूको नेतृत्वबाट जनतामा आशा जगाउने काम हुनुपर्थ्यो। त्यस्तो भएझैं लाग्दैन। नेतृत्वप्रति कार्यकर्ता, समर्थक, शुभचिन्तक र जनताको सम्मान भएन भने राजनीति ठिक ढंगले अगाडि बढ्न सक्दैन। यस पक्षमा नेतृत्वले अलि उदाहरणीय हुन सके जनतामा बढ्दै गएको निराशा आशामा बदलिन्थ्यो कि भन्ने लाग्छ।

अहिले महिलाहरूको लागि अवसर धेरै सिर्जना भएका छन्। त्यसको सही सदुपयोग गर्न गुणस्तरीय शिक्षा, आम जनतामा सचेतना र महिला केन्द्रित नेतृत्व क्षमताको विकास र परिचालनमा जोड दिनुपर्ने देखिन्छ। क्षमता पहिचान गरी व्यक्तिको क्षमता अनुसार सही जिम्मेवारी दिन सकियो भने इच्छित नतिजा प्राप्त हुन सक्दछ। कामलाई अलि गाउँ केन्द्रित गर्न सक्दा संगठनको काम समस्याको जरामा पुग्न सक्छ भन्ने लादग्छ।

***



# संघर्षले स्पात बनाएको नेतृत्वः शान्ता मानवी*

शान्ता मानवीको जन्म २००३ सालमा अर्घाखाँचीको बाङ्ला-५ मा भएको हो। आमा विष्णुकुमारी उपाध्याय र बुबा पीताम्बर उपाध्यायको सन्तान शान्ताको आठ वर्षकै उमेरमा २०११ फागुनमा विवाह हुन्छ। त्यति बेला श्रीमान्‌को उमेर २१ वर्ष थियो। विवाहबारे उहाँ सम्झनुहुन्छ, 'म सानै थिएँ। विवाह के हो, थाहा थिएन। आफ्नै जन्ती आउँदा पनि म धुलेबाजी खेल्दै थिएँ।'

**आमा अनि श्रीमानको मृत्यु**

विवाहपछि केही समय माइती नै बस्ने त्यति बेलाको चलन थियो। शान्ता ११ वर्षकी छँदा आमाको मृत्यु भयो। त्यसपछि उहाँको दिन कहिले घर, कहिले माइती गरेर बित्छ। त्यस्तैमा दुई वर्षपछि श्रीमान् बिरामी परेको भन्दै शान्तालाई घर लगिन्छ। तर घर पुग्दा श्रीमान्‌को मृत्यु भइसकेको हुन्छ। १३ वर्षकी बालिकालाई वैवाहिक जीवनको अर्थ नजान्दै विधवाको जिन्दगी जिउने बाध्यता आइपर्छ। श्रीमान्‌को काजक्रिया सकेर उहाँ घरैमा बस्नुहुन्छ। सानै उमेरमा आमा अनि श्रीमान्‌समेत गुमाएपछि उहाँलाई 'विधवा बुहारी' भएर बाँच्न साह्रै गाह्रो पर्छ। मानसिक, शारीरिक, सांस्कृतिक, धार्मिक, पारिवारिक, आर्थिक सबै प्रताडना एकैपटक आइलाग्छन्। सामन्ती समाजमा बुहारीले भोग्नुपर्ने सबै पीडा शान्ताले भोग्नुभयो। समाज र परिवारले 'लोग्ने टोकुवा' भनेर हेला गर्न थाले।

पटकपटकको तिरस्कार सहन नसकेपछि उहाँ श्रीमान्‌को बरखी सकेर माइती फर्कनुहुन्छ। जन्मघरमा पनि आमाको निधनपछि खास सम्बन्ध छुटिसकेको रहेछ। नेपाली समाज, त्यसमा पनि उच्च जातीय भनिने आर्य समाजले छोरीलाई आफ्नो ठान्दैन। विवाहपछि गोत्र नै सरेको ठान्ने समाजमा छोरीको घरपरिवार राम्रो हुँदा मात्र माइती आफ्नो रहन्छ। दुःख पाउँदा जन्मघरको ढोका बन्द सरह नै हुन्छ। त्यसमा पनि आमा नभएको माइती सहज हुने कुरै भएन। दाजु पढ्ने सिलसिलामा भारतमा थिए।

** यो आलेखको संयोजन सम्झना पौडेलले गर्नुभएको हो।*

माइती आएको केही समयदेखि नै भाउजूसँग कुरा मिल्न छाड्यो। पण्डित पीताम्बर छोरीको बचाउमा कुनै शब्द बोल्न सक्दैनथे।

**दोस्रो विवाहको चर्चा**

शान्ता माइत बसेर पढ्न थालेपछि उहाँको दोस्रो विवाहको कुरा हुन थाल्यो। तर बुबा सहमत भएनन्। बरु घरतिरबाट अंश लिएर बस्ने कुरा भयो। उहाँ अंशका लागि श्रीमान्को घर जानुभयो। अंश पनि सहजै कहाँ पाउनु र ? अड्डा-अदालत धाउन पऱ्यो। त्यसबेला ३५ वर्ष नपुगी विधवाले अंश पाउँदैनथे। त्यसैले कानुनले अंशको अधिकार दिएन। अर्कोतिर एकल महिलाले अंश मागेको कुरा ससुरा र देवरहरूलाई सह्य भएन। उनीहरूले उहाँको चरित्रहत्या गरेर त्यहाँबाट भगाउने कुत्सित मनोभाव राखे। पैसा दिएर केटाहरूलाई उहाँको पछाडि लगाउने जस्ता नीच हर्कत गर्न थाले। शान्ता हार मानेर फेरि माइतै फर्किनुभयो।

**भाउजूले घर छाडिन्**

शान्ताको मन थियो- गाउँमै पढूँ र शिक्षक बनूँ। दाजुहरूको सल्लाहमा पढ्न पनि थाल्नुभयो तर उहाँको पढाइ समाजलाई पचेन। चरित्रमाथि प्रश्न उठ्न थालिहाल्यो। पढाइलाई निरन्तरता दिने वातावरण रहेन। दिनभरि घाँसदाउरा र मेलापात गर्दा पनि भाउजूको दुर्वचन कम नभएपछि उहाँको मन भाँचियो। त्यस्तैमा एक दिन भाउजू रिसाएर माइत गइन्। शान्ताले घर नछाडेसम्म घर नफर्कने खबर पठाइन्। यस्ता घटनाले शान्ताको जीवनप्रतिको आशा र भविष्यप्रतिको चाहना मर्दै थियो।

**मध्यरातमा घर छाड्दा**

भाउजूको व्यवहारले शान्ता घर छाड्न बाध्य हुनुभयो। आफूलाई हेप्ने सबैसँग बदला लिने भावना बोकी उहाँ २०२६ फागुन ३ गते राति १२ बजे घरबाट निस्कनुभयो। २३ वर्षीया युवतीसँग बिना लक्ष्य, बिना उद्देश्य र बिना गन्तव्य घरबाट निस्कँदा निराशाबाहेक केही थिएन।

एक मनले भन्यो- कालीगण्डकीमा हाम फालेर जीवन समाप्त पारिदेऊ। फेरि मनकै अर्को कुनामा रहेको साहसले भन्यो- मैले के गल्ती गरेको छु र मर्न पर्ने ? अन्याय गर्नेमाथि बदला लिन सक्नु पो जीवन हो। यही भावसहित शान्ताको पाइला अगाडि बढ्छ। घर छाड्दाको रात पाल्पा-अर्घेली दरबारको आडमा उहाँको बास हुन्छ।

अर्को दिन भैरहवास्थित बहिनी सीताको घर पुगे पनि मन अडिँदैन। शान्ताको साथमा थियो, आमाले दिएका केही गहना बेचेर आएको दुई-तीन सय रुपैयाँ। मनमा अठोट थियो- केही गर्न सक्ने भए भने फेरि यो देशमा फर्केर आउँला। अन्यथा जे पर्छ त्यही बेहोरूँला। यसरी अगाडि बढेको यात्रा लखनउ हुँदै दिल्लीस्थित फत्तेपुरी चोकमा एक नेपाली दिदीको घरमा पुगेर रोकिन्छ। त्यहाँ बस्दै गर्दा उहाँलाई ती दिदीको पेसा राम्रो लाग्दैन।

**रमा कलेजको काम र पढाइ**

शान्ताको पढ्ने चाहना मरेको थिएन। उहाँ काम खोज्ने र पढाइलाई निरन्तरता दिने योजनामा हुनुहुन्थ्यो। घरबेटीको छोरा पढ्ने बोर्डिङ स्कूलकी प्रिन्सिपल कहाँ घरेलु श्रमिकको काम मिल्यो। तर प्रिन्सिपलका श्रीमान् जँड्याहा रहेछन्। त्यस कारण त्यहाँ धेरै दिन टिक्ने अवस्था बनेन। त्यसपछि प्रिन्सिपलले नै वेस्ट पाटेल नगरस्थित रमा कलेजमा काम लगाइदिइन्। खानासहित महिनाको ३५ रुपैयाँ तलब आउने भयो। त्यस घरमा शान्तालाई माया गरेर मुन्नु, लल्ली लगायत नामले बोलाउँथे। उहाँले त्यही घरबाट पढ्न पनि सुरु गर्नुभयो। अंग्रेजी भाषा कमजोर थियो। अंग्रेजी सिकिन्छ भनेर त्यहाँबाट उहाँलाई क्रिस्चियनले चलाएको स्कूलमा काम गर्न पठाइयो। तर स्कूलको सट्टा राजासाहेब भन्नेको घरमा पो लगियो। उहाँलाई त्यहाँ बस्न मन थिएन। तर फर्किन पनि दिइएन। त्यसपछि रमा कलेजकी प्रिन्सिपलले नै कोटावली ठानामा उजुरी हालेर शान्तालाई पुनः कलेजमा लिएर आइन्। त्यही क्रममा रमा कलेजमा पियनको काम गर्ने अनि बिहान/बेलुका परिवारको काम गर्ने गरी पढाइ अगाडि बढ्न थाल्यो।

शान्ता खुसी नै हुनुहुन्थ्यो। तर, परीक्षाकै बेलामा बिरामी हुनुभयो। परीक्षा दिन छुट्यो। एक महिना सफुदरजंग अस्पतालमा बित्यो। त्यहाँबाट ठिक भएर आउँदा कलेजको जागिर छुटिसकेको थियो। अब पढाइ मात्र होइन, खाने-बस्ने कुराको समेत टुंगो भएन।

**दिल्लीबाट दाजुलाई चिठी**

जीवनमा केही गर्न नसके नेपाल नफर्कने प्रतिज्ञा गरेकी शान्ताले यिनै कुरा उल्लेख गरेर दिल्लीबाटै भद्रगोल जेलमा रहेका मितदाजु मोदनाथ प्रश्रितलाई एउटा मार्मिक

चिठी पठाउनुभयो । (त्यसको प्रत्युत्तरमा प्रश्रितले लेखेको चिठी पछि 'नारी बन्धन र मुक्ति' का नाममा प्रकाशित पनि भयो ।) त्यतिखेर शान्ता एउटा बंगालीको घरमा काम गरेर गुजारा चलाउँदै हुनुहुन्थ्यो । अब पढ्ने कुराको आस लगभग मरिसकेको थियो । त्यहाँ आफूलाई कोही खोज्दै आउला भन्ने उहाँको मनमस्तिष्कमै थिएन । तर, एकदिन मितदाजु प्रश्रित र भुवनेश्वर भण्डारी उहाँलाई खोज्दै दिल्ली पुग्नुभयो । शान्ता भन्नुहुन्छ, 'म बसेको वेस्ट पटेलनगर क्षेत्रमा कसैले आफूलाई खोज्दै गरेको थाहा पाएँ। दाजु आएको त कल्पनामै थिएन। कोही अरू नै नेपाली होला भन्ने लागेर सकेसम्म तर्कँदै थिएँ। तर दाजु प्रश्रितले मलाई भेटाइ छाडनुभयो। उहाँलाई एक्कासि देख्दा अक्क न बक्क भएँ।' प्रश्रितले उहाँलाई भन्नुभयो, 'ल हिँड, म तिमीलाई लिन आएको हुँ। म पनि जेलबाट छुटेर आएँ। अब मेरो बसाइ बनारसतिरै होला जस्तो छ। तिमी पनि उतै बसेर केही गर्दै पढौली।'

शान्ता अलमलमा पर्नुभयो। घर छाडेर हिँडेको अठार महिनाजति भइसकेको थियो। अन्ततः एकसरो कपडाको भरमा उहाँ त्यहीँबाट दाजुसँग बनारसतिर लाग्नुभयो । बनारसमा नेकपाका संस्थापक महासचिव पुष्पलालसँग उहाँको भेट भयो। पुष्पलाल सरल र सहज स्वभावका हुनुहुन्थ्यो । पुष्पलालसँगको भेट र संगतले शान्ताको जीवनलाई नयाँ मोड दियो । वामपन्थी विचारप्रति आकर्षण बढ्यो। यो आकर्षण सिद्धान्त बुझेर भन्दा पनि माइला दाइ अर्थात् पुष्पलालको व्यवहारका कारण थियो।

## फेरि जाग्यो बाँच्ने आकांक्षा

जेलबाट भर्खर राजकाज मुद्दामा छुटेका प्रश्रित पनि बनारसमै बस्नुहुने भयो । पुष्पलाल, गोविन्द ज्ञवाली, बलराम उपाध्याय लगायत चिनजानका दाइहरू पनि त्यहीँ हुनुहुन्थ्यो। त्यसैले बनारस पुगेपछि गर्ने काम, खानेबस्ने र पढ्ने व्यवस्था मिलाउन शान्तालाई गाह्रो भएन। पुष्पलालकोमा चार दिनजति बस्नुभयो। त्यतिकैमा दाजुले साथी विष्णु द्विवेदीमार्फत जनपद बालबालिका स्कूल, चेतगन्ज, वाराणसीमा काम खोजिदिनुभएछ। त्यो बेनियाबागको छेउमा थियो। त्यसपछि पार्टी कार्यालयनजिकै डेराको व्यवस्था गरियो। त्यत्तिकैमा पुष्पलालले एउटा गोदाम जस्तो कोठा देखाउँदै भन्नुभयो, 'डेरामा भाँडा छैनन् होला । यहाँ पढाइ सकेर घर फर्केका विद्यार्थीले छाडेका सामान छन्। तिमीलाई काम लाग्ने भए लैजाऊ।' शान्ताले त्यहाँबाट स्टोभ, बाल्टी, डेक्ची, थाल, कचौरा र गिलास लैजानुभयो। महिना मरेपछि ३० रुपैयाँ तलब

आउँथ्यो । भाडा तिरेर १७ रुपैयाँ बच्थ्यो । त्यसैले खाना-नाना सबै पुऱ्याउनुपर्थ्यो । सेकेन्ड ह्यान्ड कपडा सस्तोमा पाइन्थ्यो । उहाँ त्यसैले काम चलाउनुहुन्थ्यो ।

त्यही बीचमा क. बलराम उपाध्याय र राम पाण्डेको सहयोगमा शान्ताले यूपी बोर्डबाट म्याट्रिकको फाराम भर्नुभयो । किताब जोडजाड पारेर फेरि पढ्न थाल्नुभयो । दिल्लीमा मरेका आशा र सपना फेरि जागरूक भए । त्यही बीचमा उहाँ चलचित्र हलवालाका नातिनातिनालाई ट्युसन पढाउन थाल्नुभयो । त्यहाँबाट पनि मासिक ३० रुपैयाँ दिन्थे । उहाँ सम्झनुहुन्छ, 'आफू पनि परीक्षा दिन पढ्दै थिएँ । ट्युसन जाने पैसा र समय दुबै थिएन । सँगै कोठामा बस्ने साथी रमा अर्याल थिइन् । उनी मोहन चापागाईंकोमा ट्युसन पढेर आउँथिन् । त्यहाँ सिकेको मलाई पनि सिकाउँथिन् ।'

यसरी शान्ताको जीवनले फेरि पखेटा हाल्दै थियो । आर्थिक पक्ष जे भए पनि मनोविज्ञान मजबुत बन्दै गयो । त्यही क्रममा शान्ताको राजनीतिक यात्रा पनि सुरु भयो । उहाँ छात्रा परिषद्को अर्थसचिव छानिनुभयो । मार्क्सवादी अध्ययन मण्डलीको संस्थापक सदस्य बन्नुभयो । २०२८ सालमा स्थापित पाँच सदस्यीय क्रान्तिकारी महिला संघको संस्थापक अध्यक्ष चुनिनुभयो जसमा सचिव दौप्रदी श्रेष्ठ र सदस्यहरूमा शान्ति श्रेष्ठ, रमा अर्याल र शोभा पोखरेल हुनुहुन्थ्यो ।

पछि मदन भण्डारी, युद्धप्रसाद मिश्रहरूको सक्रियतामा प्रगतिशील अध्ययन मण्डल खुल्यो । वामपन्थी चेतना बढाउन त्यसले पनि सहयोग गऱ्यो । पुष्पलालहरूको राजनीतिक प्रशिक्षणले शान्तालाई यति ऊर्जावान् र गतिशील बनायो कि राजनीतिक गतिविधिमा लाग्दै जाँदा पढाइप्रतिको रुचि कम हुन थाल्यो । यूपी बोर्डबाट उच्च माध्यमिक तहको परीक्षा दिए पनि नतिजासम्म नहेरी राजनीतिक परिवर्तन गर्ने उद्देश्यले २०३२ सालमा उहाँ स्वदेश फर्कनुभयो । यद्यपि स्व-अध्ययनको परिधि फराकिलो पार्ने काम रोक्नुभएन ।

**समाज बदल्ने प्रण**

निरकुंश पञ्चायती व्यवस्थाको अन्त्य गरी नयाँ जनवादी व्यवस्था स्थापना गर्ने उद्देश्य बोकेर उत्साहसाथ नेपाल फर्कनुभएकी शान्ताको सम्पर्क भैरहवा, बर्मेली टोलमा बाबुराम अर्यालसँग भयो । तर अर्यालसँग क्रान्तिका लागि भूमिगत रूपमा काम गर्ने कुरा गर्दा 'तपाईं महिला मान्छे, भूमिगत काम गर्न कति सक्नुहोला र ? बरु कतै विद्यालयतिर पढाएर बाँकी समय सहयोग गर्ने कि ?' भन्दै निराश पारिदिनुभयो ।

दोधारकै बीच शान्ता कामको खोजीमा लाग्नुभयो । तर काम गर्न पनि नागरिकता चाहिने भयो । जिल्ला प्रशासन कार्यालयमा नागरिकता बनाउन जाँदा कि बाबु कि त श्रीमान् चाहिने कुरा उठाइयो । उहाँले दुबै नरहेको बताएपछि नागरिकता बनेन । त्यसपछि जागिरको कुरा छाडेर उहाँ गरिब किसानका बस्तीमा काम गर्न थाल्नुभयो ।

**मालेको सम्पर्कमा**

२०३३ चैतमा नक्खु जेल विद्रोह गरेर निस्किएका प्रदीप नेपालहरूसँग शान्ताको भेट भयो । नेपाल आएर दुई वर्ष जनताको माझ भूमिगत भएर काम गरेपछि उहाँले २०३४ सालमा तत्कालीन नेकपा कोअर्डिनेसन केन्द्र (कोके) को संगठित सदस्यता पाउनुभयो । २०३५ सालमा इलाका कमिटीको सदस्य, २०३६ जेठ ९ गतेबाट रूपन्देही जिल्ला कमिटी सदस्यको जिम्मेवारी दिइयो ।

**अनेमसंघको जिम्मेवारी**

२०३६ पुसमा रूपन्देहीमा भीमा थापा (तुलसा थापाकी आमा) को अध्यक्षतामा सम्पन्न भेलाले शान्ताको अध्यक्षतामा सात सदस्यीय महिला सम्पर्क समिति गठन गऱ्यो । समितिले रूपन्देही, नवलपरासी र कपिलवस्तुलाई प्रारम्भिक कार्यक्षेत्र बनाएको थियो । त्यसबीचमा सचिव चन्द्रकला शर्मा गिरफ्तार हुनुभयो । त्यसपछि सम्पर्क समितिले रफ्तारका साथ काम गर्न सकेन । वि.सं. २०३७ वैशाखमा पार्टीका महिलाहरूको प्रथम राष्ट्रिय भेला हेटौँडामा भयो । भेलामा नेपालका १४ अञ्चल र भारत प्रवासलाई कार्यक्षेत्र बनाएर छलफल गरियो । छलफलको निष्कर्षस्वरूप २०३७ फागुन १७ गते पोखरा, पुरन्चौरमा अखिल नेपाल महिला संघको पुनर्गठन भयो जसमा शान्तालाई संयोजकको जिम्मेवारी दिइयो ।

उक्त संघले महिलामाथि हुने सबै प्रकारका हिंसाको विरोधमा उत्रँदै ८ मार्चलाई महिला हिंसा विरुद्धको दिवसका रूपमा नेपालमा स्थापित गऱ्यो । अनेमसंघले ७१औँ श्रमिक महिला दिवसबाट उक्त दिवस मनाउन सुरु गऱ्यो । ७२औँ श्रमिक महिला दिवस मनाइरहँदा तत्कालीन निरङ्कुश सरकारबाट व्यापक धरपकड भयो । त्यो दमनले नेपाली महिलाहरूमा अधिकारका लागि लड्नुपर्छ भन्ने जागरण ल्याएको थियो । त्यसै गरी २०४६ सालमा अनेमसंघको प्रथम सम्मेलन कीर्तिपुरमा सम्पन्न भयो । अष्टलक्ष्मी शाक्यको अध्यक्षतामा १३ सदस्यीय केन्द्रीय कमिटी बन्यो । शान्ताले सदस्यको जिम्मेवारी लिनुभयो । २०४८ कात्तिक २८-३० गते ललितपुरमा सम्पन्न

अनेमसंघको दोस्रो सम्मेलनबाट उहाँ उपाध्यक्ष हुनुभयो । दुई कार्यकाल उपाध्यक्ष भएपछि भने अभिभावकत्वका लागि भनेर सदस्यका रूपमा मात्र रहन थाल्नुभयो । अनेमसंघबाट बिदा भएपछि शान्ता २०६४ जेठमा अखिल नेपाल किसान महासंघको उपाध्यक्ष निर्वाचित हुनुभयो ।

**पार्टीको केन्द्रीय नेतृत्वमा**

बहुदल आएपछि पार्टीमा काम गर्ने वातावरण सहज भयो । २०४९ सालमा पार्टीको पाँचौँ राष्ट्रिय महाधिवेशन सम्पन्न भयो, शान्ता वैकल्पिक केन्द्रीय सदस्य बन्नुभयो । २०५१ सालमा उहाँलाई धौलागिरिको अञ्चल इन्चार्ज बनाएर पठाइयो अर्थात् पार्टीमा पहिलो महिला अञ्चल इन्चार्ज बन्नुभयो । २०५४ सालमा सम्पन्न छैटौँ राष्ट्रिय महाधिवेशनमा भने उहाँलाई केन्द्रीय कमिटीमा लगिएन । तर, त्यसको केही समयमै पार्टी विभाजित भयो । त्यसपछि फेरि नेकपा एमालेको केन्द्रीय कमिटी बैठकले शान्तालाई केन्द्रीय सदस्यमा मनोनीत गऱ्यो । त्यस्तै जातीय उत्पीडित उत्थान मञ्चको इन्चार्जको जिम्मवारी दिइयो ।

२०५९ सालको सातौँ राष्ट्रिय महाधिवेशनबाट पुनः केन्द्रीय कमिटीमा निर्वाचित भएपछि पनि शान्तालाई पहिलाकै जिम्मेवारी दिइयो । पार्टीले जे जिम्मेवारी दियो, त्यसलाई इमान्दारीपूर्वक पूरा गर्नुभयो । २०६५ मा पहिलोपटक पार्टी बहुपदीय प्रणालीमा गयो । पार्टीभित्र समावेशिताको नीति लागू गरियो । तर यसपटकको निर्वाचनमा उहाँ पराजित हुनुभयो । त्यसपछि पार्टीमा सल्लाहकारका रूपमा रहनुभयो ।

**संसद्मा शान्ता**

२०५२ देखि ०५८ सालसम्म शान्ता राष्ट्रिय सभाको सदस्य हुनुभयो । उहाँले सोही सभाको सामाजिक न्याय समितिको सदस्य भएर जिम्मेवारी पूरा गर्नुभयो । २०७० सालको दोस्रो संविधान सभामा समानुपातिक कोटाबाट सभासद हुनुभयो । २०७२ असोज ३ गते संविधान जारी भएसँगै केपी शर्मा ओलीको नेतृत्वमा गठित सरकारमा उहाँलाई पशुपन्छी विकास मन्त्रीको जिम्मेवारी दिइयो ।

शान्ताका थुप्रै संस्मरण-लेख, रचना र निबन्ध प्रकाशित छन् । तीमध्ये केही लेख समावेश गरी 'मानवीका रचनाहरू' नामक पुस्तक बजारमा आएको छ ।

राजनीतिक आन्दोलन र अभियानका सिलसिलामा शान्ता चीन, नर्वे, बेल्जियम,

अस्ट्रेलिया, नेदरल्यान्ड, दुबई, हङकङ र भारतलगायत देश पुग्नुभएको छ। उहाँको कामको कदर गर्दै दलित महासंघले २०५८ सालमा प्रशंसापत्र प्रदान गरेको छ। त्यस्तै पारिजात सङ्घर्षशील नारी पुरस्कार २०६२, साहित्य सन्ध्याद्वारा ज्येष्ठ प्रतिभा सम्मान-२०६४, नेपाल युवा समाजद्वारा विशेष राष्ट्रिय नारी सम्मान-२०६४ सहितका थुप्रै पदक र सम्मान उहाँलाई प्रदान गरिएको छ।

शान्ता मानवीले महिलामुक्ति आन्दोलनका लागि जीवनको महत्त्वपूर्ण समय खर्चनुभएको छ र आज नेपाली महिलाले केही उन्मुक्ति पाएका पनि छन्।

***

# निरन्तरता र क्रियाशीलताको अर्को नाम : अष्टलक्ष्मी शाक्य*



वाम राजनीतिका सशक्त हस्ती अष्टलक्ष्मी शाक्य नेपालमा पहिलो महिला मुख्यमन्त्री हुनुहुन्छ । मुलुक संघीयतामा प्रवेश गरेपछि भएको आमनिर्वाचनमा नेकपा (एमाले) बाट प्रदेशसभा सांसदमा निर्वाचित हुनुभएका उहाँले बागमती प्रदेशको पहिलो महिला मुख्यमन्त्री बनेर इतिहास रच्नुभएको छ।

एमाले वृत्तमा भन्दा चर्चित नेतृ अष्टलक्ष्मी शाक्य चुनाव जीतेसँगै मुख्यमन्त्रीको दाबेदार हुनुहुन्थ्यो तर, पार्टीको आन्तरिक समीकरणका कारण सुरुमा उहाँले मुख्यमन्त्रीको जिम्मेवारी पाउनु भएन। 'राजनीतिमा धैर्यता आवश्यक हुन्छ, समयले न्याय गर्न सक्छ' भनेझैँ अन्ततः उहाँ २०७८ भदौबाट ४७ दिनका लागि मात्रै भएपनि नेपालको इतिहासमा पहिलो महिला मुख्यमन्त्रीका रूपमा अंकित हुनुभयो।

उहाँलाई राजनीतिक यात्राको लामो, निरन्तर र गतिशील यात्रीका रूपमा लिन सकिन्छ, जसले जीवनका जुनसुकै अप्ठेरा दिनमा पनि थकाइ मान्नु भएन । राजनीतिक रूपमा हरेक विवादित विषयमा खरो दृष्टिकोण राख्ने मध्येका एक नेताका रूपमा पनि उहाँ चिनिनुहुन्छ।

आफ्नो युवा अवस्था, जुनबेला संस्थापन पक्षको विपक्षमा राजनीतिक वातावरण थिएन वा राजनीतिक कुरा गर्ने अवस्था समेत थिएन, त्यतिबेला पनि अष्टलक्ष्मीको दिलदिमागमा भने राजनीतिको चेत पलाइसकेको थियो ।

आफ्ना आमाबुबा र आफन्तसँग दोहोरो कुरा गर्न समेत नपाइने त्यो समयमा भूमिगत राजनीतिक जीवन सुरु गर्नु धेरैका लागि कल्पना बाहिरको कुरा हुन्छ । एउटा चिठी लेखेर सदाका लागि आफ्नो जन्मघर, जन्मदिने आमाबाबु तथा दाजुभाइ, दिदीबहिनी लगायत परिवारका सबै सदस्य छाडेर हिँड्न सहज पक्कै हुँदैन। त्यसमा पनि त्यस समयको एउटा छोरीका लागि सामान्यतया यो कल्पना बाहिरको विषय थियो। तर, अष्टलक्ष्मीले त्यसलाई जीवनको पाटोको रूपमा चयन गर्नुभयो।

---

** यो आलेखको संयोजन सम्झना पौडेलले गर्नुभएको हो।*

आमा कुलमाया शाक्य र बुबा तीर्थबहादुर शाक्यको पाँचौं सन्तानका रूपमा वि.सं २०१० असोजमा अष्टलक्ष्मीको जन्म भएको थियो। उहाँका छ दिदीबहिनी र तीन दाजुभाइ हुनुहुन्थ्यो। आमा कुलमायाका अनुसार उहाँका दुई सन्तान सानैमा बिते।

अष्टलक्ष्मीको परिवारमा खान लगाउन दुःख थिएन। उहाँ परिवारको माया र सुख सुविधामा नै हुर्कनुभयो। घरमा गरगहना बनाउने कारखाना थियो। बुबाले नै कारखाना हेरचाह गर्नुहुन्थ्यो। कारखानामा काम गर्न दश जना कालिगढ घरमा नै राखिएका थिए।

## संस्कार-संस्कृति बचाउने तालिम घरमै

समाज र संस्कारले सिकाएको कुरा अष्टलक्ष्मीको घरमा पनि छोरीलाई सिकाउने तालिम सुरु भएको थियो। उहाँको घरमा विशेष गरी कुचो लगाउने, भात पकाउने, तरकारी काट्ने, पूजा समान राख्ने, पूजा गर्ने, लिपपोत गर्ने, खाना पस्केर दिने, भाँडा माझ्ने, लुगा धुने, व्रत बस्ने, गुठीको पूजाको तयारी गर्ने, घरको सरसामान रेखदेख गर्ने-गराउने आदि काम छोरीलाई सिकाइएको थियो। यस्ता काममा आमाले नै कडा प्रशिक्षकका रूपमा तालिम दिनुहुन्थ्यो।

## बुद्ध दर्शनले ममा सेवाको भावना जगायो

हामीले शाक्य परिवार भएकाले बुद्ध धर्मप्रति आस्था र विश्वास रहेको थियो। बेला बेला भिक्षुहरूलाई बोलाएर परित्राण गर्ने र भोजन गराउने काम हाम्रो घरमा भइ रहन्थ्यो। खास गरी आमा नै ती सबै काममा सक्रिय रहनुहुन्थ्यो। आमाकै योजनाले ती कामहरू हुन्थे। बुबाले समर्थन गर्नुहुन्थ्यो र खर्चको चाँजोपाँजो मिलाइ दिनु हुन्थ्यो।

## पढाइमा अष्टलक्ष्मी

भोछेंबाट इटुम्बहाल टाढा नभए पनि अष्टलक्ष्मी विद्यालयबाट घर र घरबाट विद्यालय जाँदा प्रायः दिदीहरूसँगै जानुहुन्थ्यो। जीवनका पुराना दिन सम्झँदै अष्टलक्ष्मी भन्नुहुन्छ, एकपटक म दिदीसँग विद्यालयबाट घर फर्किंदै थिएँ, बाटोमै अलमलिएर हराएछु। म रुँदै अत्तालिएर हिँडेको अहिले पनि अलिअलि सम्झना छ। एउटा मान्छेले मलाई फकाएर लग्यो। उसको पसलमा राख्यो। दिदीहरू आत्तिएर मलाई खोज्दै आउनुभयो। उहाँहरू त्यही पसलमा आएपछि खुसी हुनुभयो।’

छोराछोरी धेरै भएपनि उहाँका बुबाआमाले पढाउन हरदम कोसिस गर्नुभयो । उहाँले कक्षा ५ सम्म झोछेँको बालसेवा विद्यालयमै पढ्नुभयो । कक्षा ६ देखि वसन्तपुर प्याफलमा रहेको कान्ति ईश्वरी विद्यालयमा अध्ययन गरेर २०२७ सालमा एसएलसी दिनुभयो तर नतिजा राम्रो भएन ।

उहाँले २०२८ सालमा परीक्षा दिने तयारीका क्रममा परिवारले अंग्रेजी र गणित पढाउन छुट्टै शिक्षक राखिदिएका थिए । त्यसैले पनि यसपटक पास हुने आत्म विश्वास थियो र परिणाम पनि सुखद् आयो । छोरी पास भएपछि उहाँका आमाबुबा र दाजुहरू पनि दंग पर्नुभयो । परिवार सबै खुसी भए ।

त्यो बेला कलेजमा साइन्स, कमर्स, आर्टस् मात्र पढ्ने चलन थियो । दाजु तारा बहादुर शाक्यले उहाँलाई रत्नराज्य (आरआर) कलेजमा आर्टस् पढ्न भर्ना गरि दिए । तर, आमाले अब 'पढ्न पुग्यो, बिहे गर्दिने' भन्नुभयो । तर, दाजुले आमालाई सम्झाएर बहिनीलाई पढ्न लगाउनुभयो । साथी सुलोचना मानन्धर पनि उही कलेजमा भर्ना हुनुभएको थियो । नेपाल भाषा उहाँहरू दुबैको साझा विषय थियो ।

आफ्नै टोलका प्रतिसरा मानन्धर र राधा मास्के पनि त्यही कलेजमा बीए पढ्दै हुनुहुन्थ्यो । उहाँहरूले  नै अष्टलक्ष्मी र सुलोचनालाई अतिरिक्त क्रियाकलापमा भाग लिन सहयोग गर्नुहुन्थ्यो । अष्टलक्ष्मी, सुलोचना र जमुना स्थापितले क्याम्पस पढ्दा वरिष्ठ कवि र नाटककार श्रीकृष्ण 'अणु'ले लेखेको 'तिनाचा मुखिया' नाटकमा अभिनय समेत गर्नुभएको थियो ।

२०२८ सालमा एसएलसी जाँच दिएपछि नतिजा नआउँदै शाक्य बसन्तपुर स्थित नेपाल चीन पुस्तकालयमा चिनियाँ भाषा कक्षामा भर्ना हुनुभयो । उहाँ सँगसँगै उहाँको मिल्ने साथी सुलोचनाले पनि चिनियाँ भाषा सिक्न थाल्नुभयो । त्यहाँ उहाँले चिनियाँ सहित्यका पुस्तकहरू लगायत चिनियाँ क्रान्तिका पुस्तकहरू 'लि हुलान', ल्यू सुनको जीवनी पनि पढ्न थाल्नुभयो ।

**महेशमान श्रेष्ठसँगको भेट**

अष्टलक्ष्मी र सुलोचनाको चिनियाँ भाषा पढाउने गुरु महेशमान श्रेष्ठ हुनुहुन्थ्यो । उहाँले चिनियाँ भाषाका साथसाथै उहाँहरूलाई राजनीतिक चेतना पनि

दिने गर्नुभयो । क्षेत्रपाटी स्थित महेशमानको घरमा उहाँहरूको भेटघाट नियमित जस्तै हुँदै गयो। जुन भेटघाटले उहाँहरूको राजनीतिक ज्ञान र चेतना बढ्दै थियो।

भेटघाटबारे अष्टलक्ष्मी भन्नुहुन्छ, 'हामीले होसियारीपूर्वक काम गर्नुपर्छ। शत्रु धेरै छन् । थाहा दिनु हुँदैन । पुलिस प्रशासन हाम्रो होइन । जोगिएर काम गर्नुपर्छ । साथीहरू धेरै बनाउनुपर्छ । त्यसमा पनि आफ्नो विचार-भावना मिल्ने साथीहरू बनाउनुपर्छ। विचार मिल्ने साथी धेरै नबनाइकन क्रान्ति सफल हुँदैन भनेर उहाँले सिकाउनुहुन्थ्यो ।' उहाँ अगाडि भन्नुहुन्छ, 'महेश दाइले हामीलाई राजनीतिक कुरा सिकाउने मात्र होइन, हाम्रो स्वास्थ्य, खानपान आदिका बारेमा पनि चासो लिनुहुन्थ्यो। माया गर्नुहुन्थ्यो र पार्टीलाई आर्थिक रुपले पनि बलियो बनाउनुपर्छ भन्नुहुन्थ्यो।'

विद्यालयमा पढाउने अनि आफूले पाउने रकमबाट केही पार्टीलाई पनि बुझाउनुपर्छ भन्नुहुन्थ्यो। अष्टलक्ष्मीलाई बालसेवा विद्यालयमा पढाउने व्यवस्था मिलाई दिनुभयो। उहाँले असनको त्यौड विद्यालयमा केही महिना स्वंयसेवकका रूपमा पनि पढाउनुभयो। त्यतिखेर प्राथमिक विद्यालयका शिक्षकको पारिश्रमिक महिनामा १५० रुपैयाँ हुन्थ्यो। 'त्यसमा एक रुपैयाँ पनि नलिई पार्टीलाई बुझाउथेँ,' अष्टलक्ष्मी भन्नुहुन्छ।

तर उहाँलाई त्यतिबेलासम्म पार्टी के हो, पार्टीमा को-को छन् भन्ने कुरा केही थाहा थिएन। महेशमानले भाषा कक्षाका सुमन श्रेष्ठ, सुलोचना र अष्टलक्ष्मीको तीन जनाको कमिटी बनाई दिनुभएको थियो।

## बुर्जुवा शिक्षा छोड्न निर्देशन

महेशमानसँगको नियमित भेटघाटले अष्टलक्ष्मीहरू क्रान्तिमा जान लागेका योद्धाका रूपमा तयार हुँदै हुनुहुन्थ्यो । हामी टुंडिखेलमा दिन दिनै भेला भएर नियमित व्यायाम गर्थ्यौं, त्यस अलावा साइकल सिक्ने, पौडी खेल्न सिक्ने पनि गर्थ्यौं। अष्टलक्ष्मी भन्नुहुन्छ, 'शारीरिक र मानसिक रूपमा हामी कति तयार थियौं, थाहा भएन। तर, आत्मबल हाम्रो यसरी विकास भइरहेको थियो कि महेश दाइले 'बुर्जुवा शिक्षाले हामी क्रान्ति गर्न सक्दैनौं। क्रान्तिकारीले मार्क्सवादी शिक्षा अर्थात् क्रान्तिकारी शिक्षा पढ्नुपर्छ' भन्नुभयो। हामी एकछिन अल्मलियौं। के भन्नुभएको जस्तो भयो।'

अष्टलक्ष्मी भन्नुहुन्छ, 'मलाई त यो ठिक कुरा होइन भन्ने लागिरह्यो । तर, कसरी भन्ने ? फेरि घरमा कसरी कलेज जान्न भन्ने । कलेज नगए बिहे गर्ने कुरा आउँथ्यो । कलेज घरबाट बाहिर आउने माध्यम बनाएका थियौँ । महेश दाइसँग पनि कुरा प्रष्ट राख्यौँ । हामीले बुर्जुवा शिक्षा बहिष्कार गर्दै गयौँ ।'

महेश दास बिरामी भएपछि उपचारका लागि चीन जाने हुनुभयो । उहाँको नाकबाट रगत बगिरहेकाले बोल्न सक्ने अवस्था थिएन । अष्टलक्ष्मी भन्नुहुन्छ, 'उपचार गरी छिटो फर्किनुस् महेश दाइ भन्यौँ । तर, मन भरङ्ग हुने गरी उहाँले भन्नुभयो, 'छिटो फर्किन सकिन्न होला । परिवारका मान्छेले उतै डाक्टर पढेर मात्र फर्किनुपर्छ' भनेर दबाब दिइरहेका छन् ।'

अष्टलक्ष्मी थप्नुहुन्छ, 'हामीलाई बुर्जुवा शिक्षा बहिष्कार गर्नुपर्छ भन्ने तपाई चाहिँ त्यही शिक्षा लिने भन्नुहुन्छ ? हाम्रो भरङ्ग भएको मन जल्न थाल्यो । आगोले बलेको मान्छेजस्तो छटपटी भयो । तर, उहाँ चीन गएर डाक्टर पढ्न थाल्नुभयो । हामी अभिभावक विहीन जस्तै हुन पुग्यौँ ।' कलेजको पढाइ बिग्रेको भन्दा पनि पार्टी सम्पर्क टुटेकामा अष्टलक्ष्मीहरूमा चिन्ता बढ्यो ।

## अध्ययन समूह गठन

त्यसपछि उहाँहरू तीन जनाले साथीहरू भेला गर्नुभयो । 'हामी तीन जना मात्र थिएन । विचार मिल्ने ६० जना साथीहरू साथमा हुनुहुन्थ्यो ।' अष्टलक्ष्मी भन्नुहुन्छ, 'निराश भएर बस्नु हुँदैन । चुनौती सामना गरी अगाडि बढ्नुपर्छ भनेर सल्लाह गर्‍यौँ । 'मितेरी' नामको हस्तलिखित मासिक पत्रिका निकाल्न थाल्यौँ । पत्रिकाको लागि हामीले कविता, कथा, लेख, संस्मरण लेख्न थाल्यौँ । ससाना समूह बसेर अध्ययन र छलफल गर्ने गर्थ्यौं । यसले हाम्रो सोच र ज्ञानलाई फराकिलो बनायो । यी सबै काम गोप्य रुपले नै गर्थ्यौं ।'

## गाउँ जाने अभियान

गाउँमा गरिब किसानको बीचमा र शहरमा मजदुर श्रमजीवी जनतामा जानुपर्छ भनेर सिकेका थियौँ । त्यसैले अध्ययन समूहले गाउँ जाने निर्णय गर्‍यो । तर हामी सबै शहरमा जन्मेको हुर्केको हुनाले गाउँ कहाँ छ, कसरी गाउँ जाने, गाउँमा गएर के भन्ने थाहा थिएन । हामीले आँट गरी योजना बनाई अनेकौँ चुनौती सामना गर्दै गाउँ जाने अभियान सुरु गर्‍यौँ ।

'कोही मकवानपुर जिल्लाको फाखेल, चखेल, चित्लाङ, इचुङ्गु गाविसको आदेश्वर, कोही ललितपुरको लेले, कोही सिन्धुपाल्चोकको बाह्रबिसे र कोही पर्सा-बारातिर समेत लाग्यौँ,' उहाँ स्मरण गर्नुहुन्छ, 'गाउँमा दिनभर खेतबारीको काममा सहयोग गर्थ्यौं। धान रोप्ने, मकै गोड्ने, मकै भाँच्ने र डोकाको मल ओसार्ने काम गर्‍यौं। साँझ खाना खाइसकेपछि केटाकेटीलाई गीत सुनाउने र घरपरिवारसँग कुराकानी गर्थ्यौं। '

यसरी हामीले गाउँघरमा गतिविधि बढाउँदै लग्यौँ । गाउँमा किसान श्रमजीवी जनतालाई गोलबन्द नगरी क्रान्ति सम्भव छैन भन्ने कुरा हामीले प्रष्ट बुझ्यौँ । गाउँमा पनि समूह गठन भए। यही अभियानले जोस, जाँगर थपियो। दृढ सङ्कल्पका साथ विचलित नभई अगाडि बढिरहेँ। गाउँ जाने हाम्रो अभियान सफल हुँदै गयो।' विगतको गतिविधि संस्मरण गर्दै उहाँ भन्नुहुन्छ, 'मैले गाउँ जाने अभियानमा निरन्तर पाइला अगाडि बढाइरहँदा आमा, दाजुबाट धेरै पटक कुटाइ पनि खानुपर्‍यो।'

**शिक्षक संगठन निर्माणको अभियानमा**

वि.सं २०३५/३६ सालको संघर्षले देशको राजनीतिक अवस्थामा केही अनुकूलता थपिएको थियो । यद्यपि निरङ्कुश पञ्चायती व्यवस्थामा जनता चरम थिचोमिचोमा बाँच्न बाध्य भइरहेका थिए। त्यतिबेला उहाँ बालसेवा विद्यालयमा शिक्षक हुनुहुन्थ्यो। वि.सं २०३६ साल असोज ८-९ गते शिक्षकको पहिलो राष्ट्रिय भेला हेटौंडाको भुटनदेवी माविमा भएको थियो । ५४ जिल्लाबाट शिक्षकको प्रतिनिधित्व थियो। भेलामा चाहिने आवश्यक सामग्री समेत ट्रकको पछाडि लुकाएर पुलिस प्रशासनको आँखा छल्दै पूर्णशोभा चित्रकार, मिरा ध्वजु र अष्टलक्ष्मी ट्रकमा चढेर काठमाडौँबाट हेटौंडा पुग्नुभएको थियो । उहाँहरूसँगै हिरण्यलाल श्रेष्ठ पनि हुनुहुन्थ्यो।

त्यसबेला भुटनदेवी विद्यालयलाई चारैतिरबाट प्रहरीले घेरा हालेका थिए। बाहिर प्रहरीले माइकिङ गर्दै कुनै पनि बेला गोली चल्न सक्छ, बाहिर कोही पनि नआउनु भनेर आतंकित पार्दै थिए। प्रतिनिधिलाई बाटोबाटोमा रोक्ने काम भएको थियो।

संयोजक बद्रिप्रसाद खतिवडालाई गिरप्तार गरिएको थियो । यस्तो, आतंकित वातावरणमा प्रतिनिधि, त्यसमा पनि महिला प्रतिनिधिको मनोबल बढाउन जरूरी थियो। पूर्णशोभा चित्रकार, मीरा ध्वजु र अष्टलक्ष्मीले श्याम तमोटले लेख्नु भएको

'संघर्ष हो जीवन, जीवन संघर्ष हो' लगायतका जनवादी गीत गाउँर प्रतिनिधिको मनोबल बढाउनमा प्रयत्नरत हुनुहुन्थ्यो तर बिडम्बना भेलाबाट बनेको केन्द्रीय समितिमा एकजना पनि महिला प्रतिनिधि अटाउन सक्नुभएन।

## थाहै नदिएर विवाहको योजना

बिहान कलेज, दिउँसो विद्यालय र साँझ भाषा कक्षा जाने कुराले उहाँको दैनिकी निकै व्यस्त थियो । त्यो व्यस्त गतिविधिमा आमा र दाजुले निगरानी बढाउँदै लग्नुभएको थियो । पछि उहाँलाई थाहै नदिई घरमा विवाहको योजना मात्र बनेन सुपारी लिएर विवाहको दिन पनि मिलाइ सकिएको रहेछ।

नेवार संस्कारमा यो विवाहको अन्तिम तयारी थियो । उहाँले विवाह गर्न मान्नु भएन । अष्टलक्ष्मी भन्नुहुन्छ, 'विवाह त जसरी पनि तोड्नै थियो । त्यसैले मैले केटा पक्षको बहिनीलाई कुनै माध्यमले बोलाएर भने, 'म विवाह गर्दिनँ । तपाईंका दाजुलाई सुपारी फिर्ता लिन जानुस् भनेर भन्दिनु, भने ।' नभन्दै भोलिपल्ट सुपारी फिर्ता लिन आएका थिए।'

विवाह नहुने भएपछि अष्टलक्ष्मी भित्रभित्र खुसी हुनुभयो । तर, सुपारी फिर्ता भएपछि बुबाआमा र दाजुको रिस आगोमा परिणत भयो । उहाँमाथि कुटपिट सुरु भयो । त्यसपछि अष्टलक्ष्मीलाई आफ्नै घरमा बन्दीसरह बनाइयो । घरमा लामो समयसम्म बन्दी बनेपछि बाहिर निस्कने वातावरण बनाउन उहाँले आमासँग आत्मसमर्पण गरेको अभिनय गर्नुभयो। आमाको मन हो पत्याउनु भयो। वातावरण बिस्तारै खुकुलो भयो। घरको काम गर्न र नजिक बाहिरसम्म जान छुट हुन थाल्यो।

## दुई पन्नाको चिठीसँगै घर छोड्दा

२०३६ साल नेपाली राजनीतिक इतिहासमा जति महत्त्वपूर्ण र ऐतिहासिक छ, अष्टलक्ष्मीको व्यक्तिगत जीवनमा पनि त्यत्तिकै महत्त्वपूर्ण छ। २०३६ पुस ४ गते उहाँ आफू जन्मेको घर चटक्कै छाडेर हिँड्नुभयो । उक्त दिन भक्तपुरमा 'साथीको विवाह छ' भनेर निहुँ पार्नुभयो। विवाहमा जान परिवारबाट लुगा र गहना लिनुभयो। साथीको घरमा गएर लगाउँछु भनेर पोका पारेर राख्नुभयो।

चिट्ठीलाई सम्बोधन गरेर दुई पन्ना लामो चिट्ठी लेखेर बुबाको सिरानीमुनि राखिदिनु भनेर कान्छी बहिनी सुनीता शाक्यलाई दिनुभयो । आफू अब फर्किएर

घर नआउने कुरा कान्छी बहिनीलाई भनेर उहाँ हिँड्नु भएको थियो । बहिनी 'अब दिदी कहाँ जाने होला भोलि के कसो होला' भनेर चिन्ताले निकै रुनुभयो । अष्टलक्ष्मीले बहिनीलाई कुनै दिन भेटौँला भनेर ढाडस दिँदै बिदा हुनुभयो । त्यो दिन उहाँ रानीवनमा श्रमिक साथी शारदा लामाको घरमा गएर बस्नुभयो । त्यसपछि पार्टीका साथीहरूले उहाँलाई पाटनमा कमला अमात्य/सुशील अमात्यको घरमा लगेर राख्नुभयो ।

## पार्टीका जिम्मेवार नेतासँग पहिलो भेट

घर छाडेको पनि तीन चार दिन भइसकेको थियो । उहाँलाई घरको पीर पनि लागेको थियो । उहाँलाई खबर आयो कि 'पार्टीका नेता तपाईंलाई भेट्न आउँदै हुनुहुन्छ ।' महेश दाइले छोडेदेखि नै नेता कसैसँग भेट भएको थिएन । उहाँलाई भेट्न आउने साथी बाग्मती अञ्चलको पार्टी काम हेर्ने प्रमुख श्याम (अमृत बोहरा) भएको कुरा पछि मात्र थाहा भयो ।

## गहना पार्टीलाई बुझाइयो

उहाँले घर छोडेर आउँदा ल्याएका केही गरगहना, सुन र हिराका टप, सुनका चुरा, केही जोर औँठी, सुनको सिक्री र लकेट थिए । नेकपा (माले) का नेतासँग भेटघाट हुँदा पार्टीमा आर्थिक समस्या छ भन्ने कुरा पनि थाहा पाउनुभयो । त्यसपछि ती गहना पार्टीका लागि काम लाग्लान् भनेर श्याम (अमृत बोहरा) कमरेडमार्फत पार्टीलाई बुझाउनु भयो । उक्त गहना बेचेर आएको पैसा पार्टी काममा नै प्रयोग भयो ।

## पार्टीको झण्डासामु शपथ

अष्टलक्ष्मीले वि.सं २०२८ सालदेखि नेकपा (श्यामप्रसाद समूह) सँग सम्पर्कमा रहेर काम गरेपनि पार्टीको सदस्यता भने दिएको थिएन । २०३६ सालमा घर छोडेर पूर्णकालीन भएपछि श्यामले नेकपा (एमाले) पार्टीको झण्डासामु सदस्यको शपथ गराउनुभयो । त्यस कार्यक्रममा युवराज कार्की, माधव पौडेल (प्रभात) उपस्थित हुनुहुन्थ्यो ।

## पहिलो चाटि पिस्कर गाउँमा पुग्दा

त्यसपछि अष्टलक्ष्मी चाकाचुम्बा गाउँ हुँदै पिस्कर गाउँ जानुभयो । उहाँ प्रभातसँग मसिनी थामीको घरमा पुग्नुभएको थियो । 'पिस्करका कमरेडहरूसँगको पहिलो

भेटमा नै मेरो माया बस्यो । खोजीनीतिका कारण कसैको घरमा पनि ढुक्क भएर बस्न सक्ने अवस्था थिएन । त्यहाँ किसान आन्दोलन भएको थाहा थियो । त्यसैले हामी साह्रै सतर्क थियौं,' उहाँ स्मरण गर्नुहुन्छ । पार्टीको निर्णय अनुसार सिन्धुपाल्चोक पिस्करमा बसेर पार्टीको काम गर्ने कुरा भयो ।

पिस्कर अल्पसंख्यक थामी लगायत विविध जातजातीको बसोबास रहेको गाउँ थियो, थामी गाउँ । पिस्कर गाउँबारे उहाँको अनुभव छ, 'केही कुरुप जनविरोधी मानव पात्र, जसले जनताका ती पवित्र भावनालाई माथि उठ्न नसक्ने गरी थिचोमिचो गरिरहेका थिए । गाउँले जनतालाई कष्टकर जीवन बिताउन बाध्य पारेका थिए । उडुसले रगत चुसेजस्तै जनताका पसिना चुसिरहेका थिए । तिनले थामी जाति र अन्य गरिब परिवारमाथि सदियौंदेखि अपमान, हेला, शोषण, दमन र पीडा दिइरहेका थिए ।' उहाँका अनुसार किसानले खेतमा मरीमरी काम गर्दाको ज्यालासमेत पाउँदैनथे । पार्टीको काममा लाग्ने क्रममा संगठन निर्माण र सञ्चालन गर्ने काम विशेष गरी पिस्करबाटै सिकेको अष्टलक्ष्मीको अनुभव छ । त्यहाँ अमृत बोहराको नेतृत्वमा माधव पौडेल अष्टलक्ष्मी शाक्य र रसबहादुर कार्की रहेको नेकपा (एमाले) पार्टी जिल्ला कमिटी बनेको थियो ।

## राष्ट्रिय महिला भेला

त्यसपछि २०३७ साल वैशाख ४ र ५ गते पार्टीले महिलाहरूको प्रथम भेला हेटौंडाको हटिया स्थित बालकुमारी थापाको घरमा आयोजना गरेको थियो । पार्टीका तर्फबाट झलनाथ खनाल, माधवकुमार नेपाल, जीवराज आश्रित, मोदनाथ प्रश्रित, अमृत बोहरा, मुकुन्द न्यौपाने उपस्थित बैठकमा जनवादी क्रान्ति सम्पन्न गर्ने राजनैतिक नीतिका साथै महिलाका समस्या र समाधानका उपाय बारेमा छलफल भएको थियो । 'हामी सबैले महिला संघ जीवित बनाउनुपर्ने, अखिल नेपाल महिला संघ पुनर्गठन गर्नुपर्ने, त्यसले महिलाका बीचमा काम गर्न सजिलो हुने कुरा राखेका थियौं,' उहाँ भन्नुहुन्छ, भेलाबाट सर्वसम्मत रूपमा अखिल नेपाल महिला संघ पुनर्गठन गर्ने प्रस्ताव पारित भयो ।'

उहाँका अनुसार पार्टीले महिला क्षेत्रको कामलाई अगाडि बढाउन पहिलो भेला आयोजना गरेको थियो । त्यस भेलाले निर्णय गरेअनुसार २०३७ फागुन १६ र १७ गते पोखरामा भूमिगत रूपमा सो भेला आयोजना भएको थियो । भेलाबाट

शान्ता मानवीको अध्यक्षतामा सात सदस्यीय अखिल नेपाल महिला संघ केन्द्रीय तयारी समिति बन्यो । जसमा कोषाध्यक्ष समेतको काम गर्ने गरी उपाध्यक्षमा स्वस्ति बज्राचार्य, सचिवमा राधा ज्ञवाली र सदस्यहरूमा सञ्जिता गिरी, जया घिमिरे, शोभा मैनाली र कमला राई रहनुभएको थियो । यसरी प्रथम भेलाले अनेमसंघ पुनर्गठनमा सहयोग पुऱ्याएको थियो ।

**श्यामसँग विवाह**

पार्टीमा रहँदा उहाँ श्याम (अमृत बोहरा)को व्यवहारबाट प्रभावित हुन थाल्नुभयो । खास गरेर घरपरिवार छाडेर पहिलो पटक पिस्करमा बसेर काम गर्दा श्यामले नै उहाँलाई सहयोग गर्नुभयो । निकै आत्मिय र हार्दिक रह्यो । पछि श्यामले नै अष्टलक्ष्मीसँग विवाहबारे स्पष्ट कुरा राख्दै भन्नुभयो, 'हामी एक आपसमा धेरै माया गर्छौं । सहयोग पनि गर्छौं । त्यसैले जीवन साथीकै रूपमा काम गर्न पाए हुन्थ्यो । तपाईंको विचार के छ ?'

अष्टलक्ष्मीको मनभित्र पनि त्यही कुरा थियो । उक्त प्रस्तावलाई हुन्छ भनेपछि एक अर्कालाई जीवनसाथीका रूपमा स्वीकार गरिएको थियो । स्वीकार गरेर पनि प्रस्ताव पार्टीबाट अनुमोदन हुनु पर्दथ्यो । पछि पार्टीमा कुरा राख्दा त्यहाँबाट पनि स्वीकार भएपछि २०३७ माघ ५ गते काठमाडौं रविलक्ष्मी चित्रकारको घरमा उहाँहरूको विवाह भयो । पार्टीको झण्डामुनि बसेर जीवनभर देश जनता र क्रान्तिका लागि सँगै लाग्ने प्रण गरे ।

विवाहमा अमृत बोहरा, सीपी मैनाली, माधव नेपाल, झलनाथ खनाल, जीवराज आश्रित, युवराज कार्की, सीता खड्का, माधव पौडेल, ठोकप्रसाद शिवाकोटी, विष्णु चित्रकार लगायत नेता सहभागी थिए । विवाहमा रविलक्ष्मी चित्रकारको आमा बुबा पनि सहभागी हुनुहुन्थ्यो । जीवन अब नयाँ मोडमा प्रवेश गऱ्यो ।

उहाँ भन्नुहुन्छ, '२०३६ मा घर छाडेर पार्टीको काममा लागेपछि परिवारसँग मेरो कुनै सम्पर्क थिएन, श्याम (अमृत)को घरमा पनि जान सक्ने अवस्था थिएन । उहाँको घरमा कडा निगरानी थियो ।'

**छोरा विश्वास बोकेर टोखा गाउँमा**

पार्टीको काम गर्दागर्दै भूमिगत कालमै छोरी र छोरा जन्मिए । छोरी आस्था र

छोरा विश्वासलाई हुर्काउँदै पार्टीको काम गर्न कठिन भयो । छोरीछोराको हेरचाह गर्न सजिलो होस् भनेर पार्टीले उहाँलाई टोखा पठायो । 'दुई महिनाको छोरा विश्वासलाई च्यापेर कमरेड जमुनासँग टोखा पुगेँ,' उहाँ भन्नुहुन्छ, 'जमुना शिक्षक अनि पार्टीको कार्यकर्ता हुनुहुन्थ्यो । कलेजकी साथी पनि भएकाले मलाई गाह्रो भएन । मैले मास्टर्नीकी साथीका हैसियतमा गाउँलेबाट माया र सहयोग पाउन थालेँ ।'

'टोखामा हामीले संगठन बिस्तार गर्ने काममा देखापरेका समस्या र तिनका निकासबारे छलफल गर्‍यौँ,' उहाँ स्मरण गर्नुहुन्छ, 'यसरी हामीले अपनाएका सतर्कता, सावधानी र बसाइँ उठाइ तथा लवाइखवाइमा पुर्‍याएको विशेष ध्यानले त्यसबेलाको कठिन परिस्थितिको सामना गर्दै पार्टी कामलाई अगाडि बढाउन सहयोग पुगेको थियो ।'

समय बित्दै जाँदा उहाँलाई टोखामा बस्न कठिन भयो । 'मेरा विरुद्ध टिकाटिप्पणी हुन थाले । हामीले बनाएको बहाना समय बित्ने क्रममा झुटा जस्तै हुन थाल्यो । मेरा कारणले जमुनालाई पनि निकै अप्ठेरो पर्‍यो ।'

'मेरा श्रीमान चिनाउने स्थिति थिएन । त्यसैले ममाथि अनेकौँ शङ्का उपशङ्का उठ्न थाल्यो । ढाँटेको कुरा काटे पनि मिल्दैन भनेजस्तै भयो । ममाथि छाडा महिला हो कि भन्ने दृष्टिले हेर्न थाले । त्यसैले पार्टीले त्यहाँबाट अन्त पठाउने निर्णय गर्‍यो । त्यसपछि अष्टलक्ष्मीलाई काठमाडौँ उपत्यका कमिटीको सदस्यमा राखियो । काठमाडौँमा बसेर कामको जिम्मेवारी लिँदा बच्चा हुर्काउन सहज होला भन्ने भयो ।

उहाँ भन्नुहुन्छ छोरो विश्वासलाई लिएर कमरेड रवि चित्रकारका साथमा पाँगा पुग्यौं । पार्टीले धनमाया दिदी र जितबहादुर दाइकोमा बस्ने व्यवस्था मिलाएको थियो । उहाँको पनि छोराछोरी भएकाले केही सजिलो र सहयोग मिल्यो । पाँगाका पुराना पाका साथीहरूको सहयोग, महिला कमरेडहरूको माया पाउँदा आफूलाई निकै सहज भएको उहाँको अनुभव छ । धनमाया दिदी र जितबहादुर दाइका छोरोछोरीको सहयोगले छोरो विश्वासलाई हुर्काउन निकै सहयोग पुगेको थियो ।

बिस्तारै पार्टीका साथीहरूसँग सम्पर्क बढ्दै गयो भने पार्टीका कामले पनि पाँगामा तीव्रता लिदै थियो । बिस्तारै गाउँका मान्छेहरूले नयाँ मान्छे को हो भनेर चियोचर्चा गर्न थाले । अन्तमा धनमाया दिदीकोमा बस्नको लागि पनि निकै समस्या भयो ।

शुरुमा पद्मा मानन्धर, उत्तम मल्ल, चुन मल्ल, भक्तपुरमा सत्य नारायण फैजु वा विजय सुब्बा, झापा शनिश्चरे झुमादेवानको आमा बुबाको साथमा राखिएको थियो । यसरी धेरै ठाउँमा राख्नु पर्दा छोरी बिरामी पर्दै गइन् । डाक्टरको सल्ला अनुसार केही समय दुबै बच्चा साथमा राखेर काम गर्दा धेरै गाह्रो भयो ।

### छोरीछोराको व्यवस्थापन गर्न झापामा

छोरीलाई धेरै ठाउँमा राख्नु परेको हुनाले समस्या आइरहेको थियो । स्थायी व्यवस्थापन गर्न जरुरी थियो । त्यस्तै छोराको पनि व्यवस्थापन गर्न गाह्रो भइरहेको हुँदा पार्टीले मलाई छोराछोरीको व्यवस्थापन र पार्टी काम गर्न झापा पठाउने निर्णय गऱ्यो । २०४१ सालमा झापा पुगेँ । छोरीलाई धुलाबारीमा लता प्रसाई र विष्णु प्रसाईकोमा मिलाइएको थियो । छोरालाई गौरादहमा चन्द्रकुमारी श्रेष्ठ र छविलाल श्रेष्ठको घरमा व्यवस्था गरिएको थियो । छोरी र छोरालाई व्यवस्थापन गरेर म पार्टी काममा जुटेँ । बेला बेलामा छोराछोरीलाई भेट्न जान नसक्दा उनीहरूले आमाबाबु भनेर चिन्न छाडेका थिए । पार्टी काममा निरन्तरता दिन अन्तिममा छोरीछोरालाई पनि छोडियो ।' अष्टलक्ष्मी भन्नुहुन्छ ।

उहाँ भन्नुहुन्छ, 'हामी आमाबाबुलाई त्यसको पीडा त हुन्थ्यो नै । छोराछोरीमा पनि यसको मनोवैज्ञानिक असर लामै समय रहन गयो ।'

### पूर्णकालीन महिलाहरूको संख्या थपियो

झापामा मेरो पार्टीको जिम्मेवारी माई पश्चिम थियो । माई पश्चिम दमक गौरादह लखनपुर तोपगाछी देखि गौरीगञ्जसम्म पर्थ्यो । काठमाडौँमा भन्दा झापामा पार्टी काम गर्न केही सहज महसुस भयो । हुन त पञ्चायती निरङ्कुश शासकहरूको निगरानी र गतिविधि कुनै कम थिएन । तर पार्टीको काम व्यवस्थित र व्यापक पनि थियो । मेरो जिम्मेवारी अनेमसंघ मेचीको सबै जिल्ला हेर्नु पर्थ्यो । झापामा पार्टी काम सँगै अनेमसंघको काम पनि व्यापक हुँदै गयो । मेनुका काफले, पवित्रा निरौला, विष्णु खड्का कमरेडहरू क्रमशः झापा, इलाम र ताप्लेजुङमा पूर्णकालीन भई पार्टी काममा जुट्न थाल्नुभयो । यसले अनेमसंघ मात्र हैन पार्टी काम पनि व्यवस्थित हुँदै गयो । मेची अञ्चलमै महिलाहरूमा थप उत्साह थपियो ।

## पार्टीको चौथो महाधिवेशनमा सहभागी

अष्टलक्ष्मी शाक्य पार्टी कामको सिलसिलामा झापामा हुनुहुन्थ्यो । पार्टीका राष्ट्रियस्तरका भेला र महाधिवेशन गर्न कठिन थियो । त्यस्तो बेलामा पनि २०४६ भदौ ९-१४ गतेसम्म नेकपा (माले) को चौथो महाधिवेशन सिराहाको विष्णपुरकटट्रीमा भयो। यसबारे अष्टलक्ष्मी भन्नुहुन्छ, कमरेड बलबहादुर सुनुवारको घर थियो।' महाधिवेशनमा केन्द्रीय नेताहरूका साथै 'देशका विभिन्न जिल्लाबाट शत्रुको आँखा छल्दै प्रतिनिधि कमरेडहरू त्यहाँ आइपुग्नु भएको थियो । सबै प्रतिनिधिलाई स्वंयसेवकले रातिराति महाधिवेशन स्थल पुऱ्याउनु भएको थियो।'

तीनजना मात्र महिला प्रतिनिधि भएको उक्त महाधिवेशनमा उहाँले झापाको प्रतिनिधिका रूपमा भाग लिनुभयो। त्यही महाधिवेशनले संयुक्त जनआन्दोलनको कार्यदिशा पारित गरेको थियो। महाधिवेशनबाट केन्द्रीय नेतृत्व निर्माण भयो। तर, नेतृत्वमा कोही पनि महिला परेनन्।

## इलाम कस्टडीका ती दिन

हेटौँडा भेलापछि गठन गरिएको अखिल नेपाल महिला संघको कामलाई अझ व्यापक बनाउन पार्टीले अष्टलक्ष्मीलाई पनि २०३९ सालमा केन्द्रीय समितिमा राख्ने निर्णय गऱ्यो। देशमा निरकुंश पञ्चायती व्यवस्थाको दमन र थिचोमिचोका कारण पार्टीको काम गर्न मात्र होइन, अनेमसंघको काम गर्न पनि अति कठिन थियो। २०३७ सालमा शान्ता मानवीको अध्यक्षतामा पुनर्गठन भएको अनेमसंघमा २०४६ सालसम्म देशव्यापी बन्दै थियो । मेची अञ्चलका अनेमसंघको काम गर्ने जिम्मा केन्द्रीय सदस्यको नाताले अष्टलक्ष्मीको थियो । यही काम गर्ने सिलसिलामा इलामको महिला भेलाबाट फर्किने क्रममा गिरफ्तार भई २०४५ साल चैत्र ३१ गते चन्द्रकला दाहाल, सीता बस्नेत सहित अष्टलक्ष्मी पनि इलामको पुलिस कस्टडीमा पुग्नुभयो।

कष्टडीमा लाँदै गर्दा अष्टलक्ष्मी शाक्यसँग देवराज घिमिरेले श्यामलाई लेख्नुभएको पत्र साथमा थियो । त्यो पत्र उहाँले लुकाएर टुक्रा टुक्रा पार्दै चपाउँदै थुक्नुभयो, अलि अलि निल्नुभयो। उहाँले पत्र पुलिसको हातमा पर्न दिनु भएन। तर, भेलामा भएको नोटहरू भने साथमै रहेकोले पुलिसको हातमा परे । ३७ दिनसम्म मिना

श्रेष्ठ (अष्टलक्ष्मी) र सीता बस्नेतलाई चर्को यातना दिए। त्यही क्रममा परिवारको परिचय दिन ११ वर्ष पछि छोरीलाई भेट्न इलाम कष्टडीमा बुबा तीर्थबहादुर शाक्य पुग्नुभयो । त्यो बेला बुबा धेरै रुनुभयो । तर अष्टको मन भने कठोर भइसकेको थियो।

त्यही बीचमा २०४६ साल जेठ ३०-३१ गते काठमाडौंमा सम्पन्न अखिल नेपाल महिला संघको प्रथम सम्मेलनले उहाँलाई अध्यक्ष निर्वाचित गऱ्यो। तर, उक्त कुरा सम्मेलनबाट फर्किएका मेनका काफ्ले र पवित्रा निरौलाले तपाईंलाई अनेमसंघको केन्द्रीय अध्यक्ष बनायौँ भन्दै बधाई दिँदा मात्र थाहा पाउनुभयो। उहाँ भन्नुहुन्छ, ' पार्टीले थप जिम्मेवारी दिएको कुराले थप खुशी बनायो। पार्टीले ममाथि गरेको विश्वास पनि थियो।'

## २०४६ सालको जनआन्दोलनमा गिरफ्तार

अष्टलक्ष्मीले एक दशक लामो जीवनका सुनौला दिन भूमिगत अवस्था र जेलजीवनका रूपमा बिताउनु भयो । २०४६ सालको जनआन्दोलनको क्रममा झापामा गिरफ्तार हुनु भएपछि पञ्चायतको अन्त्य र बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि मात्र रिहा हुनुभयो।

'आन्दोलन सफल बनाउन नयाँ योजना बनाउनुपर्ने भएकाले हामीले झापा जिल्ला कमिटीको बैठक लखनपुरमा कमरेड निलकण्ठ निरौलाका घरमा आयोजना गऱ्यौं। कमरेड अमृत (अमर सिंह) ले केन्द्रीय कमिटीको बैठकको निर्णय लिएर काठमाडौँबाट आउनुपर्ने थियो। उहाँको पर्खाइमा हामी बैठक नबसिकन कुरिरहेका थियौँ। उहाँ भन्नुहुन्छ, 'राति १२-१ बजेतिर हामी बसेको घरमा चारैतिरबाट घेराउ गरियो। हामी सबैलाई भ्यानमा हालेर राति दमक थानामा लगियो। त्यहाँबाट झापा कष्टडीमा पुऱ्याइयो।'

अष्टलक्ष्मीसँगै इन्द्र बुढाथोकी (शीतल), नारायण सिंह राजवंशी (जाहित), बलराम गजुरेल (निर्गुण), देवेन्द्र दाहाल (विनोद), वेदराज रेग्मी (विपिन) लगायत पक्राउ पर्नु भएको थियो। उहाँ अगाडि भन्नुहुन्छ, 'झापा कष्टडीमा प्रहरीले हामीलाई चिन्न गाह्रो परेन। मलाई छुट्टै कोठामा लगे। अरु सबैलाई छुट्टै ठाउँमा राखेर यातना दिन थाले। कमरेडहरूलाई दिएको यातना मैले नदेखे पनि तथानाम गाली गर्दै निर्मम

ढंगले कुटेको सुनिरहेँ । निरङ्कुश पञ्चायती व्यवस्था अन्त्य गर्न र गणतन्त्र ल्याउन आन्दोलनमा लागेको प्रष्ट बयान दिएँ । मलाई कसैसँग पनि भेट गर्न दिइएन । दिनभर प्रहरीको साथमा एक्लै राख्थे । राति महिला प्रहरीको साथमा सुताउँथे ।'

१२ दिन झापा कष्टडीमा बसेपछि २०४६ सालको जनआन्दोलनको सफलता पछि उहाँहरू पनि रिहा हुनुभयो । बहुदल आएसँगै वहाँहरू पार्टीको निर्देशनमा काठमाडौँ फर्किनु भयो र उहाँको पारिवारिक खुसी फर्कियो । पहिलोपल्ट श्रीमान-श्रीमती र छोराछोरी परिवारका रूपमा बस्ने अवस्था बन्यो । '२०३६ सालमा छाडेर हिँडेको बाबुआमा, दाजुभाइ र दिदीबहिनीसमेतलाई विगतको कुरा बिर्सदै फेरि एकै परिवार मिलेर बस्नुपर्छ, भन्ने कुराको सहजीकरण गर्नुभयो । उहाँ हिँडेको बाटो सार्थक भएकोमा सबै खुसी भए, अष्टलक्ष्मी भन्नुहुन्छ ।

बहुदल आएपछि नेकपा (माले) र नेकपा माक्सवादी पार्टी एकीकरण भयो । नेकपा (एमाले) बन्यो । २०४८ कार्तिक २८-३० गते अनेमसंघको दोस्रो राष्ट्रिय सम्मेलन भयो । यहि क्रममा सहाना प्रधान अध्यक्ष र अष्टलक्ष्मी शाक्य महासचिव हुनुभयो । संगठन खुल्ला भएको थियो । तर महिला विरुद्ध हिंसामा कमी आएको थिएन । ठमेलस्थित अर्थ लजमा सात वर्षकी बालिकामाथि जबरजस्ती करणीको घटनापछि महिला विरुद्ध हिंसाको विषयमा संगठित रूपमा काम गर्ने महिलाहरू बीच छलफल गर्न अनेमसंघको कार्यालयमा बोलाइएको छलफलपछि साझा संयन्त्रको रूपमा महिला सुरक्षा दबाब समूहको गठन गरियो । जसको अध्यक्षमा सहाना प्रधान रहनुभएको थियो । २०५३ सालमा भएको तेस्रो राष्ट्रिय सम्मेलनपछि अष्टलक्ष्मीले अनेमसंघबाट बिदा लिएर पार्टीको काममा केन्द्रित रहनुभयो । लामो समयसम्म उहाँले सम्पर्क मञ्चको नेतृत्व गर्नुभयो । करिब चार दशकको राजनीतिक यात्रामा पार्टीका तर्फबाट उहाँले केन्द्रीय सम्पर्क विभाग हुँदै केन्द्रीय सम्पर्क समन्वय कमिटी, केन्द्रीय कानुन विभाग, बागमती प्रदेश कमिटी संयोजक लगायतको जिम्मेवारी निर्वाह गर्नुभयो । पार्टीभित्र महिला विभागको माग हुँदै आएको थियो । सातौँ राष्ट्रिय महाधिवेशनपछि २०६० सालमा पहिलो पटक पार्टीमा केन्द्रीय महिला विभाग गठन भयो । सहानाको संयोजकत्वमा अष्टलक्ष्मी शाक्य लगायत सदस्य रहेको महिला विभागको प्रस्तावमा २०६२ भदौमा भएको पार्टी केन्द्रीय कमिटीको बैठकबाट आमाको नामका नागरिकता, सम्पत्तिमा छोरीको समान हक, पार्टीसहित राज्यका सबै निकायमा एकतिहाइ महिला सहभागिता लगायत आठ वुदे प्रस्ताव

पारित गरेको थियो । आठौँ महाधिवेशनपछि भने पार्टीभित्र महिला विभाग बनाउने काम भएन ।

**संसदमा सहभागिता**

२०४८ सालमा संसदको चुनाव भयो । अमृत बोहरा सिन्धुपाल्चोकबाट प्रतिनिधि-सभा सदस्यतामा निर्वाचित हुनुभयो । अष्टलक्ष्मीलाई पार्टीले राष्ट्रियसभामा पठायो । तर, गोला तान्दा दुई वर्ष अवधिको गोला पर्‍यो । उहाँ २०५६ सालमा काठमाडौँ क्षेत्र नम्बर ६ बाट निर्वाचित हुनुभयो । अष्टलक्ष्मीले केही समय उद्योग मन्त्रालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभयो । त्यसबेला उहाँको नेतृत्वमा नयाँ औद्योगिक नीति बनेको थियो । उहाँकै पालामा उद्यमी महिलाहरूलाई सम्मान गर्ने परम्पार सुरु गर्नुभएको थियो ।

२०६४ सालमा संविधान सभाको निर्वाचनमा काठमाडौँबाट उम्मेद्वार भए पनि उहाँलाई समयले साथ दिएन । पराजित हुनुभयो । २०७० सालमा समानुपातिकतर्फबाट सभासद बन्नुभयो । एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री हुँदाको समयमा पार्टीले मन्त्री बन्न गरेको आग्रह अस्वीकार गर्दै नयाँ साथीलाई अवसर दिन भन्नुभयो । परिणाम स्वरुप शान्ता मानवीले पशुपंक्षी विकास मन्त्री बन्ने अवसर पाउनुभयो । पहिलो पटक संसदमा संसदीय सुनुवाइ विशेष समिति बनाउने कुरा भयो । त्यसमा भरतमोहन अधिकारी पार्टीका पुरानो, जानकार व्यक्तिलाई बनाउने कुरा भयो । तर, भरतमोहनले सोही समितिमा सदस्य रहेको र अरु कुनै पनि समितिमा महिला सभापति नभएकोले अष्टलक्ष्मी शाक्यलाई बनाउने प्रस्ताव गर्नुभएको आधारमा संसदीय सुनुवाई विशेष समितिको पहिलो महिला सभापति बन्नुभयो । पार्टी र संसदको कामको सिलसिलामा नै उहाँले डेनमार्क, लण्डन, चीन, भारत, बंगलादेश, श्रीलंका, जापान, बर्मा, स्विट्जरल्याण्डको भ्रमण गर्नुभएको छ । यस्ता भ्रमणबाट त्यहाँको संस्कार विधि विधानबारे सकारात्मक जानकारी प्राप्त भएको उहाँको बुझाइ छ ।

**पहिलो महिला मुख्यमन्त्री**

२०७४ सालमा भएको चुनावपछि लगत्तै देशभरका मुख्यमन्त्री छान्ने समय आयो । बागमती प्रदेशको मुख्यमन्त्री हुने बारेमा शाक्यको खुबै चर्चा भयो । उहाँले आफ्नो दाबेदारी प्रस्तुत पनि गर्नुभयो । पार्टीभित्रको समीकरणका कारण त्यतिबेला दलको

नेता बन्नबाट नै उहाँलाई हराइयो । फलस्वरुप उहाँ मुख्यमन्त्री बन्न पाउनुभएन । भनिन्छ, राजनीति सम्भावनाको चक्रमा घुम्ने खेल हो । समय घुम्दै आउने क्रममा २०७८ भदौ २ गते उहाँ नेपालको पहिलो महिला मुख्यमन्त्रीमा नियुक्त हुनुभयो । त्यसबेला उहाँले बागमती प्रदेश निरक्षर उन्मूलन प्रदेश घोषणा गर्नुभएको थियो । यद्यपि त्यो राजनीतिक उथलपुथलले र आफ्नै पार्टीभित्रको विभाजनका कारण उक्त सरकार जम्मा ४७ दिन मात्र टिक्यो । जीवनको महत्त्वपूर्ण समय लगाएर बनाएको पार्टीको मूल प्रवाह छाडेर फुटकोपछि लाग्नुभन्दा सरकार छाड्ने निर्णय शाक्यका लागि स्वीकार भयो । मुख्यमन्त्रीबाट राजीनामा दिनुभयो ।

**दोस्रोपटक पार्टी उपाध्यक्ष**

२०४९ साल नेकपा एमालेको पाँचौं महाधिवेशनबाट केन्द्रीय सदस्यका रूपमा काम गर्न थाल्नुभएको अष्टलक्ष्मी २०७१ सालमा सम्पन्न नवौं महाधिवेशनबाट उपाध्यक्षमा निर्वाचित हुनुभएको थियो । मुलुक संघियतामा गएपछि उहाँले पार्टीको तर्फबाट बागमती प्रदेशको संयोजकका रूपमा भूमिका निर्वाह गर्दै आउनुभएको थियो । २०७८ मंसिर १०-१४ मा चितवनमा सम्पन्न नेकपा एमालेको १० औं महाधिवेशनबाट उहाँ दोस्रो पटक उपाध्यक्षमा निर्वाचित हुनुभयो । उहाँ पूर्णकालीन राजनीतिमा लागेको चार दशकभन्दा बढी भएको छ । अहिले पनि उहाँको सम्पूर्ण समय राजनीतिमा नै बित्दै आएको छ । मुलुकमा राजनीतिक रूपान्तरण भए पनि आर्थिक, सामाजिक, साँस्कृतिक रूपान्तरण पनि राजनीतिक अभियानकै तर्फबाट अगुवाइ गर्नुपर्छ भन्ने उहाँको भनाइ छ । राजनीति आफैँमा कठिन काम हो । त्यसमा पनि महिलाका लागि झनै कठिन छ । तर, यो कठिन काममा महिलाको पर्याप्त सहभागिता बिना समाजको समृद्धि सम्भव छैन । त्यसैले समाजका लागि पनि महिला राजनीतिमा आउन आवश्यक ठान्ने शाक्य राजनीतिभित्र कठिनाइकाबीच अवसर पनि त्यतिकै रहेको बताउँनु हुन्छ । काठमाडौंमा सम्पन्न ११औं महाधिवेशनबाट उहाँले हस्तान्तरण र पुस्तान्तरण विषय उठाउँदै पार्टीको जिम्मेवारीबाट बिदा लिनुभयो । लामो राजनीतिक यात्रामा अष्टलक्ष्मी सफल र प्रेरणादायी राजनीतिक व्यक्तित्व बन्नुभयो ।

***

# भूमिगतदेखि खुला राजनीतिसम्म : गोमा देवकोटा*



भनिन्छ जीवन आफैंमा संघर्ष हो । हरेक कार्यमा सफल भएकाहरू संघर्षबाटै खारिएर आएका हुन्छन् । राजनीति त झन् संघर्षको पर्याय नै हो । यस्तै संघर्ष झेल्दै राजनीतिमा आफ्नो छुट्टै उचाइ र पहिचान बनाउन सफल व्यक्तित्वको नाम हो गोमा देवकोटा ।

नेकपा (एमाले)को सांसद एवं अखिल नेपाल महिला संघकी निवर्तमान अध्यक्ष गोमाको जीवनका उतारचढावलाई केलाउने जमर्को हो यो लेखन । २००८ जेठ ७ गते सिन्धुलीको तत्कालीन बितिजोर, बगैँचा गाविसमा आमा भक्तकुमारी कार्की र बुबा जयबहादुर कार्कीको पहिलो सन्तानका रूपमा उहाँको जन्म भएको हो । उहाँको बाल्य अवस्था सुखद नै रह्यो । छोरालाई स्कूल र छोरीलाई घाँस दाउरामा पठाउने त्यो समयमा पनि उहाँले पढ्ने अवसर पाउनुभयो ।

गोमालाई पढाउन फुपूको ठूलो साथ रह्यो । फुपू पञ्चायत समर्थक हुनुहुन्थ्यो । अर्कातर्फ उहाँलाई सोही गाउँकी तारादेवी थापाको पनि सहयोग रह्यो । जो बालविधवा हुनुहुन्थ्यो । तारादेवीमा छोरा-छोरी समान हुनुपर्छ भन्ने सोच थियो ।

२०१५-१६ सालको कुरा हो । गोमा बाख्रा चराउन जंगल जानुभएको थियो । बरको ठूलो रूख थियो, त्यसैको छहारीमा सबै पढिरहेका थिए । उहाँ स्मरण गर्नुहुन्छ, 'म डिलमा बसेर हेरिरहेकी थिएँ, त्यो कुरा फुपूले थाहा पाउनु भएछ । अनि फुपूले ' तँ पनि पढ्छेस्?' भनेर सोध्नुभयो । मैले पढ्छु भनेँ ।' त्यसबेला बरको पात टिपेर बनाइएको मसी हुन्थ्यो । अँगार पिँधेर, सिमीको पात निचोरेर पनि मसी बनाइन्थ्यो । 'घरमा पनि ठूलो बुबाका छोराहरूले पढाउनुहुन्थ्यो । क, ख, ग घरमै सिकेँ,' उहाँ भन्नुहुन्छ, 'चार कक्षामा पढ्दा वासुदेव श्रेष्ठ, जो वामपन्थी नेता हुनुहुन्थ्यो, घरमा आइरहनुहुन्थ्यो ।'

---

** यो आलेखको संयोजन सम्झना पौडेलले गर्नुभएको हो ।*

वासु सरले ३-४ पाना लेखेर छोडेका केही हरफ उहाँ अझै सम्झनुहुन्छ । गोमा भन्नुहुन्छ, 'वासु श्रेष्ठले त्यो पानामा छोरी मान्छे यस्तो हुनुपर्छ । गहना लगाउनु हुँदैन । मेकअप गर्नुहुँदैन । चुरा लगाउनु हुँदैन । गरिबलाई माया गर्नुपर्छ भनेर लेख्नुभएको थियो । त्यो लेखाइले पनि मलाई प्रभावित पार्‍यो ।' त्यसैको प्रभावमा उहाँ घरबाटै धान, मकै चोरेर गरिबलाई दिन थाल्नुभयो । वासुदेव गाउँमा आउँदा गोमाकै आँगनमा गुन्द्री ओछ्याएर पढाउन सुरु गर्नुभएको थियो । उहाँ वामपन्थी विचार प्रचार-प्रसारकै लागि सिन्धुली आउनुभएको थियो ।

## प्रगतिशील विवाह

तत्कालीन अवस्थामा छोरीलाई स्कूल पढाउनु आश्चर्य नै थियो । गोमाले सात कक्षासम्म पढ्नुभयो । त्यसपछि उहाँको विवाहको कुरा चल्यो । तत्कालीन खुर्कोट गाविसका ऋषि देवकोटासँग गोमाको १६ वर्षको उमेरमा २०२४ फागुन २९ गते मागी विवाह भयो । 'मेरो विवाहको माध्यम नै फुपू हुनुहुन्थ्यो । मैले त आफ्नो विवाह हुँदैछ भनेपछि मात्र थाहा पाएँ,' उहाँले भन्नुभयो ।

ऋषि काठमाडौँबाट कलेज पढेर गाउँ फर्किनुभएको थियो । गाउँमा गोमाकी फुपूसँग भेट भएछ । 'यतिको टाठो केटोले मेरी भदैनी विवाह गरिदिए हुन्थ्यो भन्ने फुपूलाई लागेछ । त्यति बेला नै हाम्रो प्रगतिशील विवाह भएको हो,' उहाँले भन्नुभयो ।

गोमा थप्नुहुन्छ, 'लुगाफाटा केही थिएन । लाहुरेका श्रीमतीका पुराना साडी, जुत्ता लगाएर विवाह गरेँ । उहाँ त्यति बेला खुर्कोटको स्कूलमा पढाउँदै हुनुहुन्थ्यो । पुरानो जुत्ता बाटोमा जाँदै गर्दा च्यातियो । म खाली खुट्टाले हिँडेर श्रीमान्‌को घर पुगेकी थिएँ ।'

## विवाहपछिका दिन

ऋषि कम्युनिस्ट आन्दोलनमा सक्रिय हुनुहुन्छ भन्नेचाहिँ गोमालाई पहिल्यै थाहा थियो । विवाहपछि पनि पढाइ अगाडि बढाउन पाइएला भन्ने उहाँले कल्पनासम्म गर्नुभएको थिएन । ऋषि खुर्कोटकै जनजागृति निमाविका प्रधानाध्यापक हुनुहुन्थ्यो । उहाँले श्रीमतीलाई स्कूल पढ्न पठाउनुभयो ।

'विवाहपछि ८ कक्षा भर्ना भएर पढ्न सुरु गरेँ । घरको काम गर्दै, घाँस काट्दै ८ कक्षा पनि पास गरेँ । त्यति बेला म दोस्रो भएकी थिएँ । यसरी पढ्दै गर्दा ९ कक्षा पनि पास

भएँ । १० कक्षा खुर्कोटमा खुलेन । त्यसपछि म सिन्धुली कमलामाई हाइस्कूलमा पढ्न आएँ,' उहाँले भन्नुभयो ।

१० कक्षा पढ्दै गर्दा उहाँले सन्तान जन्माउनुभयो । १० कक्षा पनि पास हुनुभयो । 'तर, एसएलसी पास गर्न सकिनँ । श्रीमानलाई पनि धरपकड हुन थाल्यो । पक्राउ गरेर कहिले सिन्धुली, कहिले रामेछाप लग्थ्यो । त्यसपछि मेरो पढाइ बिग्रियो । पछि हामी भिमान गयौँ । त्यहाँ आइसकेपछि जनजागृति स्कूलमा श्रीमानले फेरि पढाउन सुरु गर्नुभयो । हामीले त्यहीँ थोरै जग्गा पनि किनेका थियौं,' उहाँले भन्नुभयो ।

फुर्सदमा गोमाले 'कटहरे खाडी', 'गंगालालको चिता, ताथेक्युको जीवनी' जस्ता धेरै किताब पढ्ने अवसर पाउनुभएको थियो । जसले उहाँमा कम्युनिस्ट पार्टीप्रतिको चासो बढायो ।

## प्रवास बसाइँ

गोमा र उहाँका श्रीमान पार्टी कामकै सिलसिलामा भारत प्रवास पनि बस्नुभयो । गोमाले भारतबाटै एसएलसी दिने सोंच पनि बनाउनु भएको थियो तर पाउनुभएन । गोमा भन्नुहुन्छ, 'हामी गोरखपुर बस्यौँ । त्यहाँ सम्पर्क कार्यालय थियो । म त्यहीँ बच्चा लिएर बसेँ । प्रवासमा पनि उहाँको जिम्मा पार्टीको कामका लागि कहिले कलकत्ता, कहिले कतै पुग्नुपर्ने थियो । प्रवासमा केही समयको बसाइँ पछि हामी नेपाल फर्कियौँ ।'

नेपाल फर्किसकेपछि उहाँहरूलाई पार्टीले सिन्धुलीको एउटा घरमा बस्ने व्यवस्था गरिदिएको थियो । गोमा भन्नुहुन्छ,'प्रवासबाट छोरी आएकी छे भनेर बुबाआमाले थाहा पाउनुभएछ । बहिनीलाई लिन पठाउनुभयो । म माइत गएर बसेँ ।' ऋषि पनि बेलाबेला ससुराली गइरहनुहुन्थ्यो । जब ऋषि ससुराली पुग्नुहुन्थ्यो, गाउँका मान्छे डराउँथे । किनकी उहाँ ससुराली गाउँका साहूकारले बनाएका धेरै ऋणीको तमसुक र कागजपत्र च्यातिदिनुहुन्थ्यो । गोमाका माइतीले पनि गाउँका गरिबलाई ऋण दिएका थिए । रसिद च्यातिदिएपछि ऋषिसँग ससुराली पनि रिसाए ।

## पढाउन छोडेर भूमिगत

पञ्चायतविरोधी आन्दोलन चर्किंदै जान थालेपछि ऋषिमाथि प्रहरी प्रशासनको निगरानी पनि बढ्न थाल्यो । विद्यार्थीकालदेखि नै क्रान्तिकारी आन्दोलनमा

लागेकाले प्रशासनको नजर उहाँमाथि निरन्तर परेको थियो । प्रशासनले उहाँलाई पटक-पटक गिरफ्तार गर्दै छाडेको थियो । त्यसकारण पनि उहाँ प्रधानाध्यापक पद छोडेर भूमिगत हुन बाध्य हुनुभयो । २०३१ सालमा उहाँलाई प्रहरीले पक्राउ गऱ्यो । त्यो बेला ऋषि जलेश्वरमा ९ महिना जेल बस्नुभयो ।

गोमा स्मरण गर्नुहुन्छ, 'म अलि बिरामी थिएँ । त्यही भएर पनि उहाँलाई ठोसे मेक्चन हाइस्कूलमा गएर पढाउनुस् भने । उहाँ त्यहाँ जानुभयो ।' सिन्धुलीबाट ऋषि पुनः पक्राउमा पर्नुभयो । तर, गाउँले साथीहरूले उहाँलाई बाटोबाटै खोसेर ल्याए । त्यसपछि फेरि भूमिगत हुनुभयो । त्यही विचमा ऋषि फेरि २०३७ फागुन १२ गते पक्राउ पर्नुभएको थियो । त्यसअघि २०३०-३१ सालमै सरकारले उहाँहरूको जग्गा कब्जा गरिसकेको थियो । त्यति बेलासम्म चार सन्तान जन्मिसकेका थिए । ठूलो छोरालाई भिमानमा छाडेर बाँकी तीन सन्तानलाई लिई गोमा माइत बस्नुभएको थियो । ऋषि नेकपा (चौम) सँग सम्बन्धित हुनुहुन्थ्यो । पछिल्लो समय जेलबाट निस्किएपछि नेकपा (माले) सँग मिलेर काम गर्ने कुरा चल्दै थियो । तर, त्यो काम पूरा हुनै पाएन ।

**श्रीमानको हत्या**

माइतमा बसिरहेकै बेला श्रीमान ऋषि 'आजाद'को हत्या भएको खबर आइपुग्यो । यो सुनेर गोमा विक्षिप्त अवस्थामा भिमान आइपुग्नुभयो । उहाँ भन्नुहुन्छ, '२०३७ मा श्रीमानलाई मारेको थाहा पाएँ । तैपनि थाहा नभए जसरी हिँडेँ । सबैले मलाई नै हेर्थे । श्रीमानको हत्या गर्दा सरकारी पक्षले खसी काटेर भोज भतेर गरेको थियो । उनीहरूलाई रमाइलो थियो । अब कम्युनिस्ट नै सिध्यायौँ भन्ने लागेको थियो ।'

ऋषिसँगै गाउँका दुर्गा सुवेदी र स्थानीय दलबहादुर मगरको पनि हत्या भएको थियो । ऋषि २०२८ सालमै हलिया आन्दोलनदेखि 'भकारी फोड' आन्दोलनसम्म लाग्नुभएको थियो । 'सामन्तको भकारी फोडेर जनतालाई धान, मकै बाँडिदिने गर्नुहुन्थ्यो । त्यतिबेलै अञ्चालाधीश र सीडीओहरू ऋषि विरुद्ध लागेका थिए । अञ्चालाधीशले त जग्गा-जमिन अनि अञ्चल कार्यालयमै जागिर पनि दिन्छु भनेका थिए । तर ऋषिले अस्वीकार गर्नुभएको थियो । अनि उहाँलाई पक्राउ गर्ने, थुन्ने र दुःख दिने गर्न थालियो,' गोमा सम्झनुहुन्छ ।

### सर्वोच्चमा मुद्दा

ऋषिको हत्यापछि नेकपा (माले) पार्टीको साथीहरूको सल्लाहमा गोमाले सर्वोच्च अदालतमा मुद्दा दायर गर्नुभयो । त्यति बेला उहाँले काठमाडौँमा सानु मिश्रको घरमा बसेर मुद्दा दायर गर्नुभएको थियो । त्यो मुद्दामा ६८ जना वकिलले बहस गरेको गोमा सम्झिनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'पार्टीले काठमाडौँ बोलाएर मुद्दा हाल्न लगायो । पक्रिएको हो भने हाजिर गराऊ, मारेको हो भने लास देखाऊ भनेर मुद्दा हालेँ । उनीहरूले 'ऋषि आजाद'लाई पक्राउ गरेको तर बाटोमा लैजाँदै गर्दा भाग्न खोजेकोले कम्मरमुनि गोली हान्न खोज्दा अचानक माथि लागेर मरेको भन्ने बयान दिएका रहेछन् ।'

### आजादको मृत्युपछि

पञ्चायतविरोधी आन्दोलन झन् चर्कँदै थियो । आफ्ना चार सन्तान पार्टीलाई जिम्मा लगाउँदै गोमा आन्दोलनमा हिँड्नुभयो । काठमाडौँ आइसकेपछि गोमाको पहिलो राजनीतिक सम्पर्क नै जीवराज आश्रितसँग भएको थियो । संगठनमा रहेर काम गर्न उहाँलाई पार्टीले बाँके-बर्दिया पठायो ।

उहाँले चार सन्तानलाई स्याङ्जा, पर्वत, कास्की र रूपन्देहीमा छोड्नुभएको थियो । बच्चालाई कम्युनिस्ट पार्टीका कार्यकर्तादेखि समर्थकको घरमा छोडिएको थियो । पार्टीबाट फुर्सद मिलाएर बच्चा भेट्न जाँदा 'आफ्नो बच्चा अरूको घरमा डोको बोकेर घाँस काट्दै गरेको देख्दा' मन कटक्क भएको गोमा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'छोराछोरीसँग भेट्न कहाँ-कहाँ जाने ? कोही पोखरा, कोही रूपन्देही । एकै ठाउँमा राख्दा कतै नराम्रो हुन सक्छ कि भन्ने डर थियो । पार्टीले जहाँ ठिक भन्यो, त्यहीँ पठाइयो ।' छोराछोरी भेट्न बिस्कुट लिएर जाँदा पनि पार्टीको अनुमति चाहिन्थ्यो । उहाँका छोरा सरोज पर्वतमा बस्नुहुन्थ्यो, पछि स्याङ्जा आउनुभयो । कास्कीकोटमा चार कक्षासम्म पढ्नुभयो ।

### छोरालाई डेढ वर्षपछि भेट्न जाँदा

'छोरा सरोजलाई पर्वतमा पार्टी समर्थकको घरमा राखिएको थियो । डेढ वर्षपछि भेट्न पुगेँ । तर त्यहाँ जाँदा छोराको अवस्था दयनीय थियो,' गोमाले स्मरण गर्नुभयो । उहाँका अनुसार छोरा सरोज घाँस काट्ने,

बालबच्चाले खाएको भाँडा माझ्ने गर्नुहुँदो रहेछ । 'गाईबस्तुलाई कुँडो दिएर आलु लिन आइज भन्दा रहेछन् । ऊ भिरको बाटोमा दौड्दै आलु लिन पुग्दो रहेछ । उसलाई भेटेँ । छोराको अवस्था देखेर मन विक्षिप्त भयो,' गोमाले भन्नुभयो, 'भोलिपल्ट पोखरामा अञ्चलस्तरीय बैठक थियो, हिँड्ने बेला सरोजले बाटो छेक्यो । पाँच रुपैयाँ दिएर म पोखरा आएँ । बाटोभरि आँसु थामिएन ।'

## कठिन यात्रा

राजनीतिमा गोमाको यात्रा निकै कठिन रह्यो । श्रीमानलाई गोली हानेर मारियो तर पनि उहाँ डगमगाउनु भएन । अर्कातिर चार छोराछोरीको पालनपोषण । 'पार्टी कामका सिलसिलामा केही ठाउँमा पुरुषसँग मात्र कुरा गर्नुपर्ने हुन्थ्यो । त्यसबेला उहाँहरूका श्रीमतीले शङ्का गर्नुहुन्थ्यो । एकजनालाई त मैले सम्झाएँ पनि । सम्झाउने क्रममा तपाईंले पनि अनेमसंघको सदस्यता लिनुपर्‍यो भनेपछि उहाँ हाम्रै अभियानमा जोडिन पुग्नुभयो ।' गोमा थप्नुहुन्छ, 'समाजलाई म सामान्य महिला हो भन्ने देखाउनकै लागि मैले रातो टीका लगाएर हिँडेँ । भूमिगत कालमा चुरा, रातै कपडा लगाएर हिँडेँ । महिलासँग कुरा गर्दा मेरा श्रीमान् बाहिर हुनुहुन्छ भन्थेँ ।'

## स्वीटर बुन्ने दिदी

पार्टीको निर्णयमा गोमा कास्कीको बेगनास गाउँका सूर्य अधिकारीको घरमा लामो समय बस्नुभयो । त्यहाँबाट पर्वत जानुभयो । त्यहाँ उहाँले अनेमसंघका तर्फबाट काम गर्नुभयो । उहाँले कालिकास्थानका मानबहादुर जीसीको परिवारलाई माइती बनाउनु भएको थियो । गोमा भन्नुहुन्छ, 'त्यहाँ बेलाबेलामा पार्टीको काम गर्ने र एक-दुई दिन स्विटर पनि बुन्ने गर्थें । त्यसैले मलाई त्यहाँ स्विटर बुन्ने दिदी भनेर चिन्थे । पार्टीमा भने विभा र गौरी नाम राखिएको थियो । कालिकास्थान, लेखनाथ, रूपाकोट, हंसपुरमा त्यतिखेर विद्यार्थी, बुद्धिजीवी सारा क्षेत्रमा एक्लैले काम गर्नुपर्थ्यो । पार्टीको निर्णय अनुसार अनेमसंघको गोरखा, लमजुङ र स्याङ्जा संगठन पनि हेरेँ ।' २०३८ सालमा भूमिगत हुँदा उहाँ अनेमसंघ कास्की जिल्ला अध्यक्ष हुनुभएको थियो ।

## फिल्म हेर्न जाँदा

भूमिगत कालमै बैठकका लागि गोमा पोखरा आउनुभएको थियो । उहाँ भन्नहुन्छ,

'हामी तुलसी थापा, दीपा गुरुङ, टुका हमाल म चारजना भएर फिल्म हेर्न गएका थियौँ। त्यसबेला 'अन्धा कानुन' भन्ने हिन्दी फिल्म चलेको थियो। तुलसी थापाले राम्रो छ, जाउँ भन्नुभयो। चिनेका अरू मान्छे पनि गएका रहेछन्। उनीहरूका कारण पार्टीले थाहा पायो। हामीलाई आत्मालोचना गर्न लगाइयो।'

## २०४५ सालपछि

२०४५ सालमा पार्टीले उहाँलाई धौलागिरी खटायो। २०४६ सालको आन्दोलनमा उहाँ पर्वतमा हुनुहुन्थ्यो। पर्वत, म्याग्दी, मुस्ताङसम्म हेरिरहनुभएको थियो। गोमा भन्नुहुन्छ, 'शिव पौडेल, देवबहादुर पौडेल र म तीन जना रहेको कमिटीबाट निर्णय गरेर उहाँहरू दुई जना २०४६ भदौमा पार्टीको चौथो राष्ट्रिय महाधिवेशनमा भाग लिन सिराहा जानुभयो। मैले भने पाँचौँ राष्ट्रिय महाधिवेशनबाट मात्र भाग लिने मौका पाएँ।'

त्यसपछि उहाँले २५ वर्षसम्म पार्टीको सल्लाहकार भएर काम गर्नुभयो। 'जनकपुरमा सातौँ महाधिवेशनमा त्यहाँका साथीहरूले उत्साहित बनाए। महिला पनि उठ्नुपर्छ भन्ने भयो, प्यानल थिएन। जनकपुर अञ्चलका तर्फबाट पार्टीको सहमति बिना उम्मेदवारी दिएँ। रामचन्द्र झाको प्रतिस्पर्धी भएर उठेकी थिएँ। पराजित भएँ। जितेपछि झालाई बधाई दिएँ,' उहाँले भन्नुभयो। २०५४ पछि गोमा राष्ट्रिय सभा सदस्य हुनुभयो। २०७२ सालमा अनेमसंघकी तत्कालीन अध्यक्ष विद्यादेवी भण्डारी राष्ट्रपति भएपछि उहाँले अनेमसंघको अध्यक्ष भएर काम गर्नुभएको थियो।

## मदन भण्डारीसँगको भेट

२०४१ सालमा पोखरामा भूमिगत भएर काम गर्दा गोमाको भेट मदन भण्डारीसँग भएको थियो। उहाँसँग पार्टी र परिवारका बारेमा कुराकानी भएको गोमा बताउनुहुन्छ। त्यतिखेर लोचना अधिकारी र उहाँ बसेर मदन भण्डारीलाई प्रश्न पनि राख्नुभएको थियो। गोमा भन्नुहुन्छ, 'उहाँमा महिलालाई हेर्ने दृष्टिकोण राम्रो थियो। बहुदल आएपछि उहाँ मेरो घर सिन्धुली आउनुभएको थियो। त्यतिखेर मैले नै खाना बनाएर खुवाएकी थिएँ।'

बहुदल आइसकेपछि छोराछोरी जोसिला र सरोज सिन्धुलीमा गोमासँगै बसेर

पढ्नुभएको थियो । त्यतिखेर जोसिला र सरोजलाई इन्सेकको सहयोगमा बोर्डिङ स्कूल पढाइदिन्छु भनिएको थियो । 'तर, अरू सहिद परिवारका ३/४ जना बच्चा थिए । दुर्गा सुवेदी र रजनको छोराछोरीले बोर्डिङमा पढ्न पाऊन् भनेर आफ्ना छोराछोरीलाई सामुदायिक स्कूलमै पढाएँ,' उहाँ भन्नुहुन्छ ।

गोमा, दुर्गा र रजनकासहित ६ छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउन इन्सेकले सहयोग गरेको थियो । 'ठूली छोरी कल्पना राजेन्द्र पौडेलको घर जोरपाटीमा बसेर पढिन् । सरोज र जोसिलाले बुबाले पढाएको जनजागृति विद्यालयबाटै एसएलसी दिए । जेठो छोरा सुवासले काठमाडौंबाट एसएलसी गरेपछि आफ्नै कमाईमा पढाइलाई अगाडि बढाए ।

## भूमिगत र खुला राजनीति

पहिले भूमिगत र अहिले खुला राजनीतिमा आउँदा धेरै फरक पाएको गोमा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'पहिले भूमिगत हुँदा छोराछोरीसँग बस्न पाइएन । घर पनि थिएन । पार्टीमा काम गर्दा पार्टीको साथ सहयोग थियो । नेता-कार्यकर्तालाई सम्मानका साथ राख्ने चलन थियो । अहिले खुला भइसकेपछि केही राम्रो त भयो । तर, हिजोको काममा गौरव लाग्थ्यो । नेतासँग माया, ममता थियो । अहिले राजनीतिमा विकृति छन् । नेता-कार्यकर्तालाई जनताले कति सम्मान गर्थे, तर आज त्यस्तो छैन ।'

उहाँका दुई छोरी हाल अमेरिकामा छन्, छोरा नेपालमै । उहाँ भन्नुहुन्छ, 'म भूमिगत भएपछि उनीहरू अर्काका छोराछोरीको जुठोपुरो खाएर हुर्किए । पार्टीले के गर्‍यो भनेर अहिले मलाई सोध्छन्, पार्टीप्रति उनीहरूका केही असन्तुष्टि छन् ।'

गोमा थप्नुहुन्छ, 'म २०७४ सालमा सांसद बने । पहिला राष्ट्रिय सभामा हुँदा योजना दिइएको थियो । क्षेत्र विकास बजेट थियो । गाउँमा योजना दिन पाउँदा अलि सजिलो हुन्थ्यो । पछि प्रतिनिधि सभामा त्यस्तो केही नहुँदा विकास निर्माणको काममा केही गर्न सकिएन ।'

पहिला सांसद भएर जिल्लामा धेरै काम गरेको गोमा बताउनुहुन्छ । तर नीति निर्माणमा पुगेका मान्छेले जसरी योजना बनाउनुपर्थ्यो, त्यो हुन नसकेको उहाँको अनुभूति छ । उहाँ भन्नुहुन्छ, 'सरकारले जे दिएको छ । त्यसैमा भर पर्‍यौं । महिला

आन्दोलनमा समानताका लागि लागेका छौँ । महिला मुक्तिका लागि संगठनमा लागेका हौँ । जति उद्देश्य छ, त्यो लक्ष्य हासिल गर्न सकेका छैनौँ । समानताका कुरा गरेका छौँ । तर, कानुनमा तोकिएको एकतिहाइ सहभागिता समेत पुऱ्याउन सकेका छैनौँ ।'

उहाँ थप्नुहुन्छ, 'पार्टीमा महिला सदस्यता वृद्धि गर्नुपर्छ भनेका छौँ । बीचबीचमा अप्ठ्यारा छन् । नेतृत्वमा बसेका पुरुषमा महिलालाई हेर्ने दृष्टिकोण सफा छैन । नेतृत्वमा लैजानुपर्छ भन्ने छैन । देश विकासका लागि नेतृत्वमा महिला हुनुपर्छ भन्ने फराकिलो दृष्टिकोण बन्नुपर्छ । समृद्ध नेपालको लक्ष्य प्राप्तिका लागि महिलाप्रतिको व्यवहार पनि समान हुनुपर्छ ।'

***



# संघर्ष र सफलताको कथा : सुशिला श्रेष्ठ*

नेपालको सुदूरपूर्वी विकट पहाडी जिल्ला ताप्लेजुङको फुङलिङ बजार निवासी आमा बाल कुमारी श्रेष्ठ र बुबा चन्द्र बहादुर श्रेष्ठको साइँली छोरीको रूपमा २०१३ मंसिर १५ गते मेरो जन्म मध्यम वर्गीय किसान परिवार थियो । म गर्भमा हुँदा बुबालाई क्षयरोग लागेको थियो । यसलाई त्यस बेला डरलाग्दो सरुवा रोगको रूपमा लिइने हुँदा पानी पधेरो जादा समेत हाम्रो परिवारलई छिछि दुरदुर गरिन्थ्यो । बिरामी बुबालाई ज्योतिषि र धामीझाँक्री देखाउँदा "छोरा जन्मिए औषधि गर्न अस्पताल जानु पर्दैन । छोरी जन्मिए छोरीको अनुहार नहेरी उपचार गर्न जानु" भनेकोले सुत्केरी बेथा लागेपछि आमा बारीमा गएर सुत्केरी हुनुभयो । छोरी जन्मिएपछि अनुहार नदेखाई तीन दिनमा न्वारन गरेर बुबा काका रविन्द्र श्रेष्ठको साथमा उपचारार्थ सिक्किम जानु भयो । उपचारपछि बुबाले आमालाई चिठ्ठी पठाउँदै छोरी जन्मेकोले तिमीले उपचार गर्न पठाएर म बाँचे भन्नुभएको थियो । त्यसपछि आमाले मलाई माया गर्न थाल्नुभएको हो भनेर मेरो जन्मसँग जोडिएको यो कथा आमाले मलाई पछि सुनाउनु हुन्थ्यो ।

## शिक्षा र चेतनाको शुरुवात

हाम्रो पालामा घरायसी काम सकेर मात्र विद्यालय जानु पर्थ्यो । त्यतिबेला आम रूपमा छोरीले घरको सबै काम गर्नुपर्ने तर, खेल्न, पढ्न नपाउने चलन थियो । तर हाम्रो परिवारमा त्यस्तो नभएकोले माध्यमिक शिक्षाका लागि ठूलो लडाई लड्न परेन । पैतृक सम्पत्तिमा हक भएकोले छोराले अंश बेचेर भए पनि पढ्छु भन्ने सक्थे, जुन छोरीलाई थिएन । गाउँमा अधिकांश परिवारले छोरालाई मात्र पढाउने चलन थियो । तर, हाम्रो परिवारमा भएको १० जना सदस्यमा सबै सारक्षर थियौँ ।

बुबाले सबै दाजुभाइका छोराछोरीलाई पनि पढ्न प्रेरित गर्नुहुन्थ्यो । २०२१ सालमा दिदी दुर्गा र दाइ काजी एसएलसी दिन धरान आउनुभयो । छोरीको अंशमा अधिकार

** यो आलेखको संयोजन सम्झना पौडेलले गर्नु भएको हो ।*

नभएको हुँदा सात दिनसम्म खाना नखाई भोक हडताल गरेर बस्दा पनि दिदीले उच्च शिक्षा पढ्न पाउनु भएन। दाजुले "मेरो अंश बेचेर उच्च शिक्षा अध्ययन गर्छु" भन्दा एसएलसी पास गरेपछि काठमाडौँ आएर पढ्न पाउनुभयो। यो विभेद भएको कुराले मेरो मनमा ठूलो प्रश्न उब्जियो। घरको काम गर्दै २०२९ सालमा मैले पनि एसएलसी दिएँ।

बुबा घरबाट विद्यालय पठाउन तयार हुनुभयो। तर, अन्य जिल्लामा पठाएर उच्च शिक्षा पढाउन तयार हुनु भएन। विद्रोही स्वभाव भएकोले "विद्रोहको सुरुवात आफैँबाट वा परिवारबाट हुनुपर्छ" भन्ने मान्यता राख्थेँ। यसैकारण चित्त नबुझेको कुरा ठाउँको ठाउँमा नै आमाबुबा वा अरु व्यक्तिसँग पनि सवाल जवाफ गरिहाल्थेँ। यही स्वभावको कारण मलाई पढ्न र सामाजिक गतिविधिमा सहभागी हुन आमाबुबा, समाज, परम्परा केहीले पनि बाधा गरेन। आफ्नै गाउँको भानु हाइस्कूलमा पढ्न सुरु गरेँ। विद्यालयको खेलकुदलगायत अतिरिक्त क्रियाकलापमा पनि म भाग लिन्थेँ र धेरै कार्यक्रममा विजयी पनि हुन्थेँ।

**जागरणयुक्त शैक्षिक भ्रमण**

त्यतिबेला स्कूलबाट कक्षा ९ का विद्यार्थीलाई शैक्षिक भ्रमण लाने र स्कूलको वार्षिक उत्सव कार्यक्रमको नेतृत्व समाल्न दिने चलन थियो। २०२८ सालमा कक्षा ९ मा पढ्दै गर्दा कक्षामा केटीहरू चार जना मात्र थियौँ। एक महिना जिल्ला बाहिर शैक्षिक भ्रमणमा जान परिवारले अनुमति दिँदैनथ्यो। मेरो दाजु भानु स्कूलको शिक्षक हुनु भएकोले शैक्षिक भ्रमणमा जान अनुमति मागेँ। "केटी साथीहरू शैक्षिक भ्रमणमा जाने भए भने मात्र जानु" भन्ने सर्त सहितको स्वीकृति मिल्यो।

शैक्षिक भ्रमणमा जान केटी साथीको खोजी गर्दा देवकुमारी गुरुङ र लक्ष्मी अधिकारी दुई जना साथीहरू तयार भएकाले शैक्षिक भ्रमणमा जान परिवारबाट अनुमति पाएँ। त्यसले ममा आँट बढ्यो। त्यो शैक्षिक भ्रमणको नेतृत्व भानु मा.वि.को प्रधानाध्यापक नन्दकुमार प्रसाई आफैले गर्नुभएको थियो। हामी केटीहरू पनि जाने भएपछि महिला शिक्षक पनि माग गर्‍यौँ। सरस्वती सुब्बा मिसलाई स्कूल प्रशासनले अनुमति दियो। तेह्रथुमको आठराईबाट शुरु गरेको एक महिनाको भ्रमणमा तेह्रथुमको सदरमुकाम हुँदै धनकुटा, भोजपुर र संखुवासभासम्म पुग्यौँ। त्यतिबेला शैक्षिक भ्रमणको टोलीसँग स्कूलको वार्षिक उत्सवमा देखाएको सांस्कृतिक कार्यक्रममा 'बाँच्ने रहर' नाटक

र केही प्रगतिशील नृत्यहरू समेत ठाउँ ठाउँमा प्रस्तुत गरेका थियौँ । त्यो नाटकले "अन्याय, अत्याचार गर्नु हुन्न, कसैले गरे सहेर बस्नुहुन्न, विद्रोह गर्नु पर्छ" भन्ने सन्देश बोकेको थियो । "अन्याय गर्ने पापी हो । अन्याय सहने महापापी हो" भन्ने मेरो बुझाइ बन्दै थियो ।

शैक्षिक भ्रमणका समयमा नन्दकुमार प्रसाई सरको प्रशिक्षणबाट समाजलाई हेर्ने र बुझ्ने दृष्टिकोणमा प्रगतिशील सोंचले म प्रभावित थिएँ । शैक्षिक भ्रमणमा भोजपुरमा मंजुल दाई, रामेश दाई र रायन दाईको जनपक्षिय, प्रगतिशील विचारका साथै अत्याचारको विरुद्ध लड्नु पर्छ भन्ने खालका गीतहरूले हामीलाई अझै उत्साहित बनाएको थियो । रातभरि उक्त गीतहरू सारेर बाटो भरी गाउँदै हिड्यौं । हामी जुन जिल्लामा जान्थ्यौं, त्यहाँ हाम्रो चियोचर्चा गर्न जासुसहरू अघिपछि लाग्थे । हाम्रो भ्रमण टोलीलाई भोजपुर जिल्लाबाट साँझ पर्ने बेलामा निष्कासन समेत गरियो । त्यो रात भोजपुरको सुन्तलेमा बिजोगले रात बिताएको अहिले पनि सम्झना आइरहन्छ । मलाई पञ्चायती प्रशासन र दमन देखेर त्यसको विरुद्ध लाग्ने आक्रोश उत्पन्न भएको थियो ।

शैक्षिक भ्रमणबाट ताप्लेजुङ फर्कने बित्तिकै झापामा भएको संघर्षको प्रभाव पर्न थालेको थियो । पञ्चायती प्रशासनले ताप्लेजुङ भानु स्कूलका शिक्षकहरू माथि दमन शुरु गऱ्यो । दाइ काजी श्रेष्ठ भानु स्कूलको शिक्षक हुनुहुन्थ्यो । उहाँलाई पनि पक्रिएर हिमाली भेग घुन्सामा निर्वासित गऱ्यो भने प्रअ नन्दकुमार प्रसाईलाई जिल्ला निस्कासन गऱ्यो । त्यसबेला झापामा किसान आन्दोलन भइरहेको हुनाले नै ताप्लेजुङमा पनि दमन गरेको रहेछ । शिक्षकहरू माथि दमन र धरपकड भएपछि विद्यालयमा पढाई हुन सकेन । विद्यार्थीहरू आन्दोलनमा उत्रिए । "हाम्रो पढाइ चालु गर, शिक्षकहरूलाई रिहाइ गर" भन्दै म पनि आन्दोलनमा लागेँ । त्यतिबेला ताप्लेजुङमा रहेका पाँचवटा हाई स्कूलमा हड्ताल भयो । त्यो आन्दोलनमा म पनि सक्रिय सहभागी भएँ । आफ्नो दाइलाई छुटाउन आन्दोलनमा लागेकोले आमाबुबाबाट त्यति रोकावट भएन । पछि शिक्षकको रिहाई भयो । पठन पाठन फेरि शुरु भयो । तर शिक्षकहरू नभएको र आन्दोलनमा नै दिन बितेकोले २०२९ सालको एसएलसी परीक्षामा सफल हुन सकिन ।

२०३० सालमा हामी असफल भएका विद्यार्थीले पुरक नभएर नियमित परीक्षा दिन विद्यालयका प्रधानाध्यापकसँग माग राख्यौं । तर यहाँले "तिमीहरू फेलेहरूलाई

नियमित परीक्षामा सहभागी गराएर मेरो विद्यालयको नतिजा बिगार्नु छैन" भनेर अनुमति नमिलेपछि हाम्रो विद्रोही स्वभाव अनुसार काजी दाइको सहयोगमा थेचम्बु माविको प्रध्यानाध्यापक हरि नेपालमार्फत एसएलसीको नियमित फारम भर्‍यौं । परीक्षा सकिएपछि भानु माविमा स्वयंसेवक भएर पढाउन थालैं । युनिसेफले दिएको महिला शिक्षकको तालिमको अवसर मैले पनि प्राप्त गरैं । त्यसै तालिम अन्तर्गत २०३१ सालमा १० महिने कोर्स पढ्न धनकुटा क्याम्पसमा आइएड पढ्न आएँ । दुई सेमेस्टरको तालिम प्राप्त भएपछि ताप्लेजुङ बजारको पाथीभरा प्राविमा पढाएँ । २०३३ सालमा आइएड पूरा गर्न बाँकी दुई सेमेस्टरको लागि काठमाडौं आएँ । काठमाडौंको ताहाचल शिक्षा क्याम्पसमा विज्ञान विषय लिएर आइएड पूरा गरैं । २०३४ सालमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा विज्ञान विषय लिएर बिएडमा भर्ना भएँ ।

**बुर्जुवा शिक्षा बहिष्कार : भूमिगत जीवनको थालनी**

म ताप्लेजुङको भानु माविमा पढ्दै गर्दा नै स्वतन्त्र विद्यार्थी युनियनको कोषाध्यक्ष भएको थिएँ । २०२८/०२९ सालमा झापामा भएको किसान आन्दोलन सशक्त भइरहेको थियो । म झापा आन्दोलनबाट प्रभावित भएँ । ताप्लेजुङमा नै शिक्षक हरि नेपालमार्फत कोअर्डिनेस केन्द्रसँग सम्पर्क भएको थियो । उहाँबाटै को-अर्डिनेशनको मुखपत्र "वर्ग संघर्ष" प्राप्त गरेको थिएँ । म काठमाडौं आउँदा दाजुले "मेरो साथीहरूसँग झापा आन्दोलनको पक्षमा कुरा नगर्नु । उनीहरू झापा आन्दोलनको पक्षमा छैनन्" भन्नुभएको थियो । ताप्लेजुङबाट काठमाडौं पढ्न आउनुभएका टंक कार्की, भरत श्रेष्ठ, माधव श्रेष्ठ लगायतका साथीहरूसँग भेटघाट हुन्थ्यो । टंक र भरतसँगै बस्नु हुन्थ्यो । उनीहरूसँग पनि मेरो राजनीतिक कुरा हुँदैन थियो । झापा आन्दोलनको नेता चन्द्र प्रकाश (सीपी) मैनालीहरू नख्खु जेल तोडेर बाहिर निस्किएका थिए । त्यसैले काठमाडौंमा चियोचर्चो बढी भइरहेकोले एक अर्कासँग खुलेर कुरा गर्ने अवस्था थिएन । एक शनिबार म उहाँहरूको कोठामा गएको थिएँ । त्यहाँ एक जना मानिस आएर एउटा किताब दिए । त्यो किताब को-अर्डिनेशन केन्द्रको मुखपत्र "वर्ग संघर्ष" थियो । त्यो कोठा को-के को सम्पर्क थलो भएको कुरा उक्त घटनाबाट मैले अनुमान लगाएँ । कसैले थाहा नपाउने गरी त्यहाँबाट मैले किताब लगैं । अध्ययन गरिसकेर अर्को हप्तामा जहिँको तहीँ लगेर राखि दिएँ । उक्त किताब दिने व्यक्ति अमर (अशोककुमार राई) हुनुहुँदो रहेछ । त्यसपछि मसँग यिनै साथीहरूमार्फत पार्टी सम्पर्क भयो । नियमित छलफल र बैठकमा सहभागी बनैं ।

पछि निकै कठिनाइका साथ २०३३ सालमा झापा आन्दोलन समर्थक तथा कोअर्डिनेशन केन्द्रसँग अशोक राईमार्फत सर्म्पक हुन सक्यो। त्यसबेला काठमाडौँमा झापा संघर्ष पक्षधरहरू कमै थिए। वामपन्थी विचार लिने मानिसहरूको बीचमा झापा आन्दोलनको पक्षमा कुराकानी गर्न कठिन थियो। मेरो बसाई कीर्तिपुर ईश्वरीकन्या छात्रावासमा थियो। २०३४ सालमा पहिलो पटक रवि चित्रकार, नारायणी राना र मसहित तीनजनाको क्रान्तिकारी महिला संघ गठन गरी काम गर्न थाल्यौँ। त्यसपछि समाज परिवर्तनका लागि राजनीतिमा लाग्नुपर्ने रहेछ भन्ने महसुस गरेर छात्रावास र क्याम्पस छाडेर पार्टीको भूमिगत बैठक जाने प्रकृयाले तीव्रता पाउन थाल्यो।

मैले एउटै कोठामा बस्ने विद्यालयदेखिको साथी भद्रमाया सुब्बा र देवकुमारी गुरुङसँग छलिएर हिड्नु पर्ने भयो। त्यो चुनौती समाधान गर्न भाउजू चन्द्रप्रभा श्रेष्ठसँग अर्को ब्लकमा बस्ने निर्णय गरेँ। भाउजूसँग कक्षा पनि नमिल्ने र परिवारको पनि नयाँ सदस्य भएकोले ढाँटेर हिड्न सजिलो थियो। म बुर्जुवा शिक्षा बहिष्कार गरी जनताको विश्वविद्यालय गई जनताबाट सिक्ने र सिकाउने कामका लागि म भूमिगत जान तयार भइरहेको थिएँ। २०३५ पौष ११ गते नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को स्थापना भयो। छरिएर रहेका साना ठूला वामपन्थी समूहहरूलाई एकीकृत गर्ने कामको शुरुवात भयो। पार्टी निर्माण भइसकेपछि काठमाडौँमा पौषमा नै मैले पार्टी सदस्यता प्राप्त गरे। मैले आफूसँग भएको लुगाफाटो, गरगहना र बैंकमा बचत गरेको पैसा चेक काटेर कमरेड अमृत बोहरामार्फत पार्टीलाई बुझाएँ। आफ्नो जीवनलाई देश र जनताका लागि समर्पित गर्न २०३५ फागुन १ गतेदेखि "बुर्जुवा शिक्षा" बहिष्कार गरी म भूमिगत भएँ।

## रत्नकुमार बान्तवाको हत्या

मलाई काठमाडौँबाट राजनीतिक गतिविधि गर्न पार्टीले ताप्लेजुङ नै केन्द्रित गरेर पठाएको थियो। कमरेड अगम बान्तावासँग २०३५ चैत्र १७ गते झापाबाट इलाम पुगेँ। २०३५ पौष ११ गते पार्टी स्थापना भएको सुखद समाचार पर्चामार्फत फागुन २१ गते शहीद दिवस मनाउँदै जनतालाई जानकारी दिन देशव्यापी पर्चा छरिएको थियो। एकै दिन देशव्यापी पर्चा छरिएपछि आतंकित २२ गतेदेखि दमन शुरु गरे। त्यो दमनबाट झापा र इलाम पनि प्रभावित भयो।

म उक्त दमनको बीचमै इलाम पुगेको थिएँ। त्यहाँ महेश (रत्न कुमार बान्तवा) लगायत

साथीहरूले त्यति भूमिगत शैली नअपनाउनु भएकोमा मैले टिप्पणी पनि गरेको थिएँ। रत्न कुमार बान्तवा हो भनेर शंकाकै भरमा जंगलबाट कोठेबारी बार्न घोचा बोकेर आउँदै गरेको नीमा शेर्पाको चैत्र २४ गते साँझ जंगलकै मुखमा हत्या गरिसकेको थियो। जनताको कामलाई महत्त्व दिने रत्नकुमार बान्तवा फागुन २६ गते देउमाई किनारको खेतमा बर्खे धान रोप्न जानुभयो। मैले पनि जाने इच्छा गरेकी थिएँ। तर मेरो त्यहाँको मानिसहरूसँग रुपरंग नमिल्नाले मलाई जान अनुमति दिनु भएन।

ताप्लेजुङ जाने क्रममा इलामको इभाङबाट २०३५ चैत्र २७ गते बिहान मिरमिरे उज्यालोमा बाटो लाग्यौँ। देउमाई खोला झर्ने जंगलको मुखैको ओरालोमा पुलिस र दलालहरूसँग जम्काभेट भयो। क.रत्नकुमार बान्तवा, म र क.कल्पना (राममाया राई) तीन जना लहरै हिँडिरहेका थियौँ। मेरो अगाडिबाट एउटा दलालले क.रत्नकुमारलाई बुढी औँलाको संकेतले देखायो। मैले क.रत्नलाई पछाडिबाट कोट्याएर संकेत गरेँ। उहाँले हिड्ने ईसारा गर्नुभयो। हामीले पाईला मात्र के सारेका थियौँ। तुरुन्तै हामीलाई घेरा हालियो। एउटा पुलिसले रत्नकुमारको हात पछाडिबाट समायो। क.रत्न कुमारले हात खुस्काउन बल गर्नुभयो। मैले हात खुस्काउन सहयोग गर्नुपर्छ भन्ने ठानेँ। हात समाउने पुलिसलाई मैले लाठीले हिर्काएँ। मलाई पनि लठ्ठीले टाउकोमा हिर्काए। क.रत्नको हात खुस्कियो। उहाँ उफ्रिएर अलिक तल पुग्नुभयो। अन्धाधुन्ध पटटट गोली चल्यो। एउटा गोली क.रत्नलाई लाग्यो। अर्को मलाई हानेको गोली रत्नको हात समाउने पुलिसलाई लाग्यो। दोहरो लाठि चार्ज भयो। लाठीको प्रहारले मेरो टाउकोमा चोट लाग्यो। म भुइँमा ढलि सकेको थिएँ। क.रत्न गोलीको प्रहारले रन्थनिएर बाटोतिर आएर लड्नु भएको थियो।

उनीहरूले मैले ओढेको ओड्ने तानेर डोली बनाएर गोली लागेको पुलिसलाई बोकाएर अस्पताल पठाए। म होसमा आउँदा मेरो हात बाँधिएको थियो। बन्दुक र संगिनको घेराभित्र म एक टक लगाएर क.रत्नको भुइँमा छटपटिट रहेको शरीर हेरिरहेको थिएँ। बेलाबेलामा मुठ्ठी कसेको हात उठिरहेको थियो। मुख चलिरहेको थियो। म उहाँका आवाज सुन्न सक्छु कि भनेर ध्यान दिएर सुन्ने प्रयत्न गरिरहे। "अब नेपाली क्रान्तिको जिम्मा तपाईहरूको हो" भनिरहनु भएको आभाश आइरहेको थियो। निकैबेर पछि क.रत्नको शरीर छटपटाउन छाड्यो। दुर्भाग्यवश हामीलाई नेपाली क्रान्तिको जिम्मा दिएर सधैंको लागि बिदा हुनुभयो। मैले "तपाईको सपना साकार पार्छौं" भन्ने संकल्प गर्दै शीर झुकाएर श्रद्धान्जली अर्पण गरेँ।

त्यही गडबडी बीचमा क.कल्पना पुलिसको घेराउ तोडी जनताको बीचमा जान सफल हुनुभयो । हाम्रा झोलाहरू पुलिसको कब्जामा परिसकेका थिए । क.रत्नको झोलाबाट चिठ्ठीहरू निकालेर मलाई केरकार गर्न शुरु गरे । मैले केही नबोलेपछि "मंगलबारे चौकीमा पुगेर सिस्नुपानी लगाएपछि सबै कुरा बक्छेस्" भने । म कसरी उनीहरूको फन्दाबाट उम्कने भन्ने परिस्थिति हेर्दै थिएँ ।

## गोली र आगोबाट जोगिदै

मेरै आँखा अगाडि नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी)को केन्द्रीय कमिटी सदस्य क.रत्नकुमार बान्तवा मारिनु भएको थियो । क.रत्नको लास खोस्न आउन सक्छन् भन्ने डरले धेरै बेर सतर्क पोजिसनमा बसे । त्यस्तो सम्भावना नदेखेपछि मलाई बाँधेको हातसँगै रत्नकुमारको लासको पछि पछि ओरालो झारे । देउमाई खोला तरेपछि मंगलबारे गाउँ पञ्चायतको वडाध्यक्षको घरमा खाना खाने व्यवस्था गरेका रहेछन् । रत्नको शवलाई डाँडाको वरपिपल चौतारामा राखे । मलाई वडाध्यक्षको घरमा लगे । "शत्रुहरू सकृय भएको बेला, निस्कृय हुनु । शत्रु निस्कृय भएको बेला आफू सकृय हुनु" भन्ने कुरालाई कार्यान्वयन गर्ने सोंचाई बनाएँ । पुलिसहरू बन्दुक राखेर खाना खाने तरखरमा भएको बेला म उम्कन सक्छु भन्ने लाग्यो । म उठेर हिडेँ । दिशापिसाब गर्ने निहुँमा पुलिसको घेरा तोड्न सफल भएँ । म फरार भएपछि गोली चल्यो । गोलीलाई छल्दै जंगलमा ओरालो दौडिएँ । दौडिदा खुट्टा काँपेपछि मंगलबारेको जंगलको खोल्साभित्र ढुंगाको कापमा सुरक्षित हुन सकेँ ।

गोली चलाएपछि पुलिस सुकेको सालका पातहरू बजाउँदै डाँडैडाँडा मलाई खोज्न आए । जुन डाँडातिरबाट आवाज आउँछ । त्यतैतिरको भित्तामा टाँसिएर बस्थेँ । केही समयको खोजीबाट मलाई भेटाउन नसकेपछि पुलिसले जंगलमा आगो लगाए । आगो बलेको चटट्ट गरेको आवाज आयो । खोल्सामा ढुंगाको कापमा लुकेर बसिरहेको ठाउँबाट सतर्कतापूर्वक डाँडामा निस्किएँ । आफूतिर धुँवासहितको आगोको लप्का आइरहेको देखेँ । जंगलमा उकालो चढ्दा आगोले चाँडै भेटने र गाउँका मानिसहरूले देख्ने संभावना भएकोले देउमाई खोलातिरै झरेँ । खोलाको बगरमा मानिसहरू आगो लगाउँदै हिडिरहेका थिए । दुई ठाउँको आगो जोडिन आँटेको ठाउँ फेला पारेँ । खोलामा झरेर ढुंगाको कापमा दिनभरि लुकेर बसेँ । दिनभर खोला वा जंगलमा लुकेर बसेँ । रात परेपछि सेल्टरको खोजिमा भौतारिएँ । हामी इलामको इभाङ गाउँको अन्तिम घरबाट बाटो लागेका थियौं । सोही ठाउँको घरमा मेरो पुग्ने प्रयास थियो ।

मेरो लागि इलाम र इभाङको भूमि नयाँ थियो। मलाई कसैको पनि वास्तविक नाम र गाउँको जानकारी थिएन।

चैत्र २७ गते रात परेपछि लुकेको ठाउँबाट निस्केर रातभरि हिडेँ। बिहान उज्यालो बेलामा एउटा गाउँमा पुगेँ। म कहाँ पुगेँ ? केही अत्तोपत्तो भएन। पहिलो दिनको बिहान उज्यालो हुन अघि एउटा फुसको छाना भएको घरमा ढोका ढक्ढकाउँदै म 'मंगलबारे हिँडेको बाटो भुलेँ। तिर्खा लाग्यो। पानी पिउन दिनुस्' न भनेर माग गरेँ। तर भित्रबाट आफू भागेको भनेर नचिनाउँदा पनि "तँ त्यही दिउँसो मंगलबारेबाट भागेको केटी होस्। यहाँबाट जान्छस् भने गइहाल, हैन भने पल्लो घरमा पुलिस बसेको छ। पुलिस बोलाइदिन्छु" भनेर एक महिलाले भनिन्। मैले उहाँबाट यो गाउँको नाम 'तोभाङ भन्ने बुझेँ। आफू जानु पर्ने गाउँ 'ईभाङको बारेमा सोधे। उनले 'पल्लो डाँडा' भएको बताइन। सुरक्षित हुन जंगलतिरै लागेँ। तीन दिन तीन रात पछिको प्रयत्नले २०३५ चैत्र ३० गते बिहान हामी निस्केको क.ज्योतिको त्यो घर पत्ता लगाउन सफल भएँ। ज्योति कमरेड दूध दुहुन गोठतिर जाँदै गर्दा मैले उहाँलाई बोलाएँ। उहाँले झटपट मलाई आफ्नो लुंगी र भेष्ट दिएर लुगा फेर्न भन्नुभयो। त्यो घर सिआडिको निगरानीमा थियो। त्यसैले बेलुका लिन आउने र संकेत गरेपछि मात्र लुकेको ठाउँबाट बाहिर निस्कने समझदारीसाथ म पुनः जंगलमा नै गएर बसेँ। तर पनि, सम्पर्कमा आइपुगेकाले म ढुक्क थिएँ।

म उम्केको छु भन्ने जानकारी पाएर मेरो खोजीमा हिड्नु भएका कमरेडहरूलाई खबर भयो। मलाई बेलुका ८/९ बजे ज्योति कमरेड जंगलमा लिन आउनु भयो। स्थानीय कमरेडहरूले मलाई अर्को सेल्टरमा लानुभयो। चैत्र ३१ गते दिउँसो मेरो कमजोर स्वास्थ्य र शरीरभरि चोट भएकाले किसान साथीहरूले मह, काँचो तोरीको तेल, अण्डा, खुवाउने र टाउकोको घाउ तातो पानीले सफा गरेर राडी पोलेर नौनी घिउमा मोलेर घरेलु औषधि बनाएर लगाई दिनुभयो। बेलुका कुखुरा काटेर राई संस्कारको घरेलु ओखति कुखुराको भुत्ला डढाएर बनेको खरानी राखेको कुखुराको सुप तीते खान दिनुभयो। कति दिनपछिको खाना र तातो ओछ्यान भेटाएकोले मस्त निदाएछु।

## एक फायरिङको चमत्कार

२०३६ वैसाख १ गते बिहान उज्यालो हुँदै थियो। "पुलिस" भनेको आवाजले झसंग भएर ब्युउझिएँ। घरको एकजना महिला साथी बिहान पख पिसाब फेर्न बाहिर

जाँदा पुलिस देखेपछि हामीलाई खबर गर्नुभयो । हामी काँधमा झोला र हातमा जुत्ता बोकेर भऱ्याङ झर्न ठिक पऱ्यौं । सेल्टरदाता कमरेडले "को आएको रहेछ म टारेर पठाउँछु भन्दै भुई तला झर्नुभयो । हामी पनि उहाँको पछिपछि झर्यौं । तर सेल्टरदाता कमरेडले हामीलाई माथि चढ्ने संकेत गर्नुभयो । हामी फेरि उक्लियौं । तर ती सेल्टरदाता कमरेडलाई घरको खाबामा बाँधेर पिट्न थाले । हामी पहिलो तलाबाट बुइगलमा चढ्यौं । हामीलाई खोज्न आएको पुलिसलाई भऱ्याङमा उक्लदै गरेको बेला भालाले प्रहार गऱ्यौं । "मान्छे छ" भन्दै पुलिस चिच्याउँदै झऱ्यो । मेरो लागि संकलन गरेको खानेकुरा खाँदै माझ तलामा पुलिसहरू बसेका थिए । हामीले भरुवा बन्दुकमा बारुद हालेर फायर गऱ्यौं । पुलिसको तिघ्रामा लाग्यो । "माऱ्यो बजियाहरूले" भन्दै खाम्म्राङखुम्म्रङ तलाबाट झऱ्यो । घर वरिपरि घेरा हालेर बसेको पुलिसहरूले माथिल्लो बारीको कान्लाबाट पटटट.... फायरिङ गरे । हामी बुइगलको ढुंगाको गाह्रोले छल्ने गरी सुतेर सुरक्षित भएर बस्यौं । केही समयपछि पुलिसहरू घेराउ छोडेर घाईते पुलिसलाई हेर्न आगनतिर गए । त्यही मौकामा हामी जस्केलोको ढोका खोलेर जंगलतिर लाग्यौं ।

पुलिस प्रशासनले मेरो खोजी कार्यमा तीव्रता ल्याएको थियो । इलामको अन्य जंगलहरूमा आगो लगाउने, खोल्साखोल्सी र भीरहरूबाट ढुंगा लडाउने आदि काम गरिरहेका थिए । महिना दिनसम्म पार्टीले तोकेर पठाएको कार्यथलो जाने प्रयत्न गरियो । दिनभरि लुकेर बस्ने र रातभरि सम्पर्कमा भौतारिने काम गरिरह्यौं । त्यहाँबाट आफ्नो कार्यथलो जाने वा त्यहाँ बसेर पार्टी काम गर्ने दुबै अवस्था थिएन । पार्टी केन्द्रसँग सम्पर्क गरी पुनः निर्देशन प्राप्त गर्न र इलामको तुफानी संघर्षको बारेमा जानकारी गराउन क.अगम बान्तवासँग २०३६ वैशाखको अन्त्यमा माई खोलाको किनारैकिनार झापा झऱ्यौं ।

## टाउकोको मूल्य तोकियो

झापाको लादियामा कमरेड अगम बान्तवाले कमरेड सरिता (शोभा कुँवर)लाई भेट गराएर इलाम फर्कनुभयो । कमरेड रत्नको हत्या भएपछि इलामको कामको जिम्मेवारी अगमको काँधमा थियो । मलाई सरिताले कमरेड विनोदसँग भेट गराउनु भयो । उहाँहरूले चारपाने, दुधे, ढुकुरपानी बास बसाउँदै मोरङको इटहराको कमरेड सागर (मदन भण्डारी)को घरमा लानुभयो । मलाई पार्टी सम्पर्क गराएर भोलिपल्ट कमरेड

सरिता र विनोद आफ्नो कार्यथलोमा फर्कनुभयो। म त्यहीँ बसेँ। त्यहाँ काठमाडौँबाट कमरेड श्याम(अमृत बोहरा) र कमरेड अमर (अशोक कुमार राई) आउनुभयो। उहाँहरू बीच सल्लाह भएपछि मैले मोरङ जिल्लामा नै बसेर काम गर्ने निर्देशन प्राप्त गरेँ। मेरो एउटा पासपोर्ट साइजको फोटो इलामबाट पुलिसहरूको हातमा परेको थियो। उनीहरूले उक्त फोटो धेरै बनाएर पूर्वाञ्चल भरि छ्याप्छ्याप्ती पारेका थिए। इलाममा पक्राउ परेका साथीहरूले मेरो नाम "शान्ति नेवार श्रेष्ठ" बताएका रहेछन्। इलाममा त्यही नामबाट पुलिस प्रशासनले मुद्दा चलाएर खोजी कार्य व्यापक बनाएका थिए। पुलिस प्रशासनले मेरो लास वा सास ल्याएर बुझाउनेलाई आर्थिक पुरस्कार दिने घोषणा गरेको सुनियो।

२०३६ जेष्ठदेखि नेकपा (माले) मोरङको पूर्वीउत्तर इलाका कमिटीको सचिव भएर काम गर्न थालेँ। क.कमल (देवी वराल) र क.शेखर (प्रेम भण्डारी) दुई जना इलाका कमिटीको सदस्य हुनुहुन्थ्यो। मदन भण्डारीको घर मूल सेल्टर थियो। त्यो इलाका नेकपा (माले) स्थापना भएको ऐतिहासिक क्षेत्र थियो।

किसानहरूले नगदेबाली सनपाट लगाउँथे। तर, त्यसको मूल्य अत्यन्त न्यून (प्रति किलो रु.१) बनाइएकाले किसानहरूले बजारमा बिक्री गर्न लगेको सनपाट गौरादह, उर्लाबारी, सुगाहाट लगायतको बजारमा नै आगो लगाएर विरोध जनाए। दशैंको नजिक थियो। किसानको घरमा खानेकुरा थिएन। हामीले मोरङ अमरदहको साझाको कार्यालय तोडी त्यहाँ भएको खाद्यान्न र अन्य वस्तु कब्जा गरेर किसानहरूलाई बाड्ने योजना बनायौँ। किसानहरूले सामान कब्जा गरे र बक्राहा खोलाको धारमा लगेर वितरण गरे। दशैं मानि सक्दा नसक्दै दमन शुरु भयो। उक्त दमनलाई चिर्दै पार्टी संगठन निर्माण र बिस्तारमा तीव्रता दियौँ।

## सरुवा र भूमिगत विवाह

त्यसबेला हामी भूमिगत नेता तथा कार्यकर्ता कसैको पनि विवाह भएको थिएन। पार्टीभित्र विवाह गरी सामाजिक जीवन व्यतित गर्नुपर्छ भन्ने चर्चा चल्न शुरु भएको थियो। सँगैसँगै काम गर्दा प्रेम सम्बन्धको बारेमा छलफल हुन थालेको थियो। अशोक राई र मेरो प्रेम सम्बन्धलाई हामीले पार्टीमा जानकारी गरायौँ। यसलाई वैवाहिक सम्बन्धमा बदल्ने योजनासहित २०३७ असार १७ गतेबाट मेरो पार्टी कामको सरुवा भोजपुरमा भयो।

श्रावण १ र २ गते ताप्लेजुङ सिकैंचामा जिल्ला महिला भेलामा प्रशिक्षकको रूपमा गएको थिएँ। आमाको सहमति बेगर विवाह नगर्ने प्रतिबद्धता जनाएको थिएँ। उक्त बचन पूरा गर्न २०३७ श्रावण ३ गते घर पुगेर आमालाई जानकारी गराएँ। आमाले "तिम्रो धेरै खोजी भइरहेको र तिमी लुकिछिपि हिड्नु पर्ने भएकोले विवाह गरेपछि धेरै समस्या आउँछ। त्यसैले विवाह नगर" भन्नुभएको थियो। आमालाई सम्झाएर म कार्य क्षेत्र भोजपुरतिर लागेँ। २०३७ भाद्रदेखि भोजपुर जिल्ला कमिटीको सदस्यको रूपमा काम गर्न थालेँ। २०३८ श्रावण ३१ गते भोजपुर जिल्ला पार्टी कमिटिको अयोजनामा छिनामखुस्थित लक्ष्मी प्रसाद र उर्मिला राईको घरमा हाम्रो विवाह भयो। त्यसपछि पनि म भोजपुरमै जिल्ला सचिवको रूपमा कार्यरत रहेँ।

**बच्चा हुर्काउँदै पार्टी काम**

थोरै आश्रय थलोमा मात्र हाम्रो विवाहको बारेमा जानकारी थियो। विवाहका केही समयपछि गर्भवती भएँ। त्यसपछि के खान मन लाग्ने, के खान मन नलाग्ने अवस्था बन्यो। किसानको घरको बुइगलमा आश्रय लिइरहँदा तल भान्सामा खाना पकाउँदाको बासनाले पनि वाकवाकी शुरु हुन्थ्यो। बान्ता आउन थाल्थ्यो। मेरो स्वास्थ्य निकै कमजोर भएको थियो। स्वास्थ्य परीक्षणको लागि विराटनगर आएँ। स्वास्थ्य कमजोर भएकोले २०३९ जेष्ठदेखि सुत्केरी बिदा लिएँ। अस्पतालको सहयोगमा मात्र सुत्केरी हुनुपर्ने डाक्टरको सुझाव अनुसार ललितपुरस्थित शान्तभवनमा २०३९ असार ७ गते पहिलो सन्तान उज्जल जन्मियो। अस्पतालबाट निस्किएपछि काठमाडौँमा उत्तरा कोइराला र सानु मिश्रको घरमा एक महिना आराम गरेर म विराटनगर फर्किएँ। त्यसपछि म उदयपुरको बसाहामा मिना राईको घरमा अर्धभूमिगत भएर बच्चा हुर्काउँदै काम थालेँ।

२०४० असार १७ गते सर्लाहीमा भएको बैठकबाट मलाई अनेमसंघको केन्द्रीय समितिमा मनोनित गर्दै पूर्वाञ्चलको जिम्मेवारी दिइयो। यहीँबाट पार्टी कामलाई निरन्तरता दिएँ। छोरालाई मीना दिदीसँग छोडेर २०४० पौष १६ गतेबाट फेरि राजनीतिक काम गर्न भोजपुर गएँ। दुध खाँदै गरेको छोरालाई दुध छुटाएर रुवाउँदै र रुँदै महिलाहरू राजनीतिमा लाग्नु सहज थिएन। तर देश, जनता र पार्टीलाई ध्यान दिएर जस्तो सुकै चुनौती सामना गर्ने मानसिकता बोकेर महिलाहरू हिडेका थिएँ। बच्चा छाडेर पार्टी काममा जाँदा केन्द्रित हुन कठिन भयो। छ महिनापछि छोरालाई

भेट्दा मलाई बिर्सिसकेको रहेछ । त्यसपछि छोरासँग अलिक छिटोछिटो भेट्ने वातावरणका लागि २०४१ मंसिर २२ गते भोजपुरबाट उदयपुर सरुवा भएँ। पौष ९ गतेबाट त्यहीँको जिल्ला पार्टी सचिव भएर काम गरेँ।

२०४१ माघमा अशोकजीको घर खोटाङ गएँ । घरमा छोराबुहारीको रूपमा आफन्तहरूको भेला गरेर सासुससुराले औपचारिक मान्यता दिनुभयो। म पुन गर्भवती भएँ। २०४२ असोज ८ गते विराटनगरको कोशी अस्पतालमा अर्को छोरा जन्मियो। दुईवटा बच्चाहरू सहित उदयपुरको पार्टी सचिव र महिला संघको पूर्वाञ्चल इन्चार्जको काम गर्न सजिलो थिएन। बालबच्चाको लालनपालन, आर्थिक उपार्जनमा सम्लग्न हुँदा अझ धेरै व्यस्त हुनुपर्ने अवस्था बन्यो। तर परिवारको पूर्ण सहयोग भएकोले बच्चा हुर्काउँदै राजनीतिलाई निरन्तरता दिन सम्भव भयो।

२०४६ जेठ ३०-३१ गते कीर्तिपुरमा भएको अखिल नेपाल महिला संघको प्रथम राष्ट्रिय सम्मेलनमा उपाध्यक्ष बनेँ। त्यसबेला अष्टलक्ष्मी शाक्य इलाममा पक्राउ परेर पुलिसको कष्टडीमा भएकोले प्रतिनिधि हुन नसके पनि उहाँलाई अध्यक्ष बनायौं। कमरेड पूर्णशोभा चित्रकार महासचिव हुनुभयो।

२०४६ भदौ ९-१४ मा सिराहा सर्रेअम्बासमा राईरइनी खोलाको किनारमा भएको नेपाल कम्युनिष्ट पार्टी (माले)को चौथो महाधिवेशनमा प्रतिनिधि थिएँ । उक्त महाधिवेशनले संयुक्त जनआन्दोलनको नीति लिदै महासचिवमा मदन भण्डारीलाई निर्वाचित गरेको थियो। उक्त नीति अनुरुप सहाना प्रधानको संयोजकत्वमा संयुक्त वाममोर्चा बन्यो। वाममोर्चा र नेपाली कांग्रेसको संयुक्त आह्वानमा २०४६ फागुन ७ गतेबाट शुरु भएको जन आन्दोलनले बहुदलीय व्यवस्था पुनस्थापना गऱ्यो। म उदयपुरको वाममोर्चामा रहेर जनआन्दोलनमा सकृय सहभागी भएँ।

## खुला परिवेशमा हामी

२०४७ चैतमा नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच एकता भएर नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) गठन भयो। नेकपा (एमाले) गठनपछि महिला संघको काम नै मेरो पार्टी काम बन्यो। २०४८ कार्तिकमा पुल्चोक भुपुसैनिक हलमा भएको अनेमसंघको दोस्रो राष्ट्रिय सम्मेलनले अध्यक्ष सहाना प्रधान, उपाध्यक्ष सुशिला श्रेष्ठ र महासचिवमा अष्टलक्ष्मी शाक्यलाई निर्वाचित गऱ्यो। अब उदयपुरबाट मेरो बसाई काठमाडौं हुन थाल्यो। काठमाडौं आएपछि बुर्जुवा शिक्षा

बहिष्कार भनेर छोडेको पढाइलाई अगाडि बढाउने सोचसहित काठमाडौँ शिक्षा क्याम्पसमा भर्ना भएर पढ्न थालें र २०५० सालमा बिएड उतिर्ण गरेँ।

पञ्चायती व्यवस्था विरुद्ध भूमिगत भएर राजनीतिक काम गरे बापत राज्यले ५० हजार सहित सम्मान गरेको थियो। त्यही पैसालाई बीउ पुँजीको रूपमा प्रयोग गरी स्वप्न बाटिका स्कूलको स्थापना गरेर संस्थापक प्रिन्सिपल भएँ। समयसँगै कक्षा थप्दै जाँदा एसभि कलेज पनि सञ्चालन गर्न थाल्यौँ। त्यसै शिक्षालयलाई जिउने आधार बनाएर आफ्नो राजनीतिक अभियानमा पनि लागि रहेँ। २०५८ सालमा पाटन क्याम्पसबाट एमए उत्तीर्ण गरेँ। शिक्षा क्षेत्रमा सक्रिय रहेकोले एमालेको शिक्षा विभागमा रहेर पनि काम गरेँ।

महाकाली सन्धिको विषयलाई लिएर पार्टी विभाजन भयो। म विभाजित नेकपा (माले) पार्टीको केन्द्रीय सदस्य र अखिल नेपाल महिला संघको महासचिव भएँ। महिला अधिकारको क्षेत्रमा "महिला सुरक्षा दबाब समूह" र "बियोण्ड बेइजिङ समिति"बाट अभियानमा लागिरहेँ।

**महिला नेतृत्वको चुनौती र अवसरहरू**

महिलाका लागि राजनीति अहिले पनि सहज छैन। परिवार, समाज र पार्टीभित्र महिला मैत्री वातावरण छैन। राजनीतिमा दिनुपर्ने समय र कामको कुनै सीमा नहुने हुँदा महिलालाई राजनीतिमा टिकिरहन गाह्रो छ। राजनीतिमा संलग्न महिलालाई हतोत्साहन गर्न परे चरित्रमाथि प्रश्न गर्ने, पितृसत्तात्मक सोच व्याप्त हुँदा महिलाको नेतृत्व स्वीकार्न धेरै गाह्रो छ। तर, जस्तासुकै चुनौतीको सामना गर्दै राजनीतिमा सामेल नभई महिला मुक्ति र प्रगति सम्भव छैन। राजनीति नै सबै कुराको मियो हो। यसैले सबै कुराको निर्णय गर्छ। तसर्थ समाजको उन्नति र परिवर्तनका लागि पनि राजनीतिक गतिविधि र जिम्मेवारीमा महिलाको सहभागिता अनिवार्य छ। अपेक्षित परिणामका लागि असल, इमान्दार र योग्य महिलाहरू धेरै भन्दा धेरै राजनीतिमा आउन र आपसमा सहयोगको वातावरण बनाएर अगाडि बढ्न जरुरी छ।

***

# संघर्षले भरिएकी : राधा ज्ञवाली*



महिला आन्दोलनदेखि भूमिगत जीवनसम्म व्यहोरेकी राधा ज्ञवालीको जन्म २०१० साल फागुन १८ गते गुल्मीको बलेटक्सारमा बुबा रेवतीराम ज्ञवाली र आमा खगीश्वरा ज्ञवालीको छैटौं सन्तानको रूपमा भएको हो । राधाका बुबा दोस्रो विश्व युद्धताका बर्मा हुँदै भारतको आसाम राज्यको राजधानी सिलाङ पुग्नुभएको थियो । जहाँ गोरखा सैनिक उनीहरूको परिवार र दार्जिलिङ तथा नेपालबाट गएका नेपालीहरूको ठूलो संख्या थियो । नेपाली भाषासाहित्य संस्कृति र शिक्षामा विशेष योगदान पुऱ्याउने नेपालीहरूको कमी थिएन । सिलाङ नेपाल बाहिर अर्को नेपाल जस्तो देखिन्थ्यो । वि.सं. १९९२ सालदेखि नै उहाँका बुबा त्यहाँ जागिरे हुनुहुन्थ्यो । भारतको सिलाङमा रहँदा उहाँको संगत बंगाली समुदायका परिवारहरूसँग भयो । पछि नेपालबाट सिंगो परिवारसहित बसाइसराई गरी मुग्लानियो ।

उहाँले आफ्नो बाल्यकालमै आफ्नो बुबा (वि.सं. २०२०) गुमाउनुभयो । बाल्यकालमा आफ्नो बुबाको मृत्युको पीडासँगै अत्यन्त कष्टकर र संघर्षशील जीवन भारतको सिलाङमा बिताउनुभएकी राधाले त्यहाँ शैक्षिक सामाजिक र राजनीतिक जीवन बिताउनुभयो । उहाँले आफ्नो अध्ययनलाई फराकिलो बनाउँदै राजनीतिक शास्त्रमा स्नातकोत्तर तह उपाधि हासिल गर्नुभयो । राजनीतिमा प्रवेश गर्दै गर्दा राधा ज्ञवाली समानता र समतामूलक समाज निर्माणमा संघर्षशील राजनीतिज्ञमा आफूलाई परिचित गराउन चाहनुहुन्थ्यो ।

## राजनीतिक जीवनयात्रा

कक्षा सातमा (वि.स.२०२३) पढ्दै गर्दा अखिल सिलाङ नेपाली विद्यार्थी युनियनको स्थापना भयो । शामशन कार्की(अध्यक्ष), दुर्गा अधिकारी (उपाध्यक्ष) (बुटवल), जंगबहादुर थापा (महासचिव), पिताम्बर पोखरेल (हाल काठमाडौं), राधा ज्ञवाली, हरि कुमार प्रधान लगायत सदस्य भएको कमिटी गठन भयो । गोरखा

** यो आलेखको संयोजन सम्झना पौडेलले गर्नुभएको हो ।*

हाइस्कूलबाट राधा ज्ञवाली र हरिकुमार प्रधानलाई राखी कमिटी गठन भएको रहेछ। यस्तो विद्यार्थी संगठनमा आबद्ध हुने राधाको कुनै रूचि थिएन।

राधाको साहित्य र संस्कृतिमा रुचि थियो । उहाँलाई संगठित भएको कमिटीको सदस्यमा गुरु जंगबहादुर थापाको सिफारिस रहेछ । उहाँको घर नेपालबाट सिक्किम र सिलाङमा साहित्यिक सांस्कृतिक र सांगीतिक गतिविधिका लागि जाने नेपालीहरूको जमघट स्थल थियो। यसरी विद्यार्थी संगठन साहित्य संस्कृति हुँदै वि.सं. २०२६ सालबाट नेपाल कम्युनिष्ट पार्टी पुष्पलालद्वारा नेतृत्व गरिएको संगठनमा आबद्ध हुन पुग्नुभयो। क.एकदेव ज्ञवालीको विशेष प्रेरणामा उहाँ पार्टीमा आबद्ध हुनुभयो। वि.सं.२०२७ सालमा हरिराम शर्माको नेतृत्वमा नेपाली प्रवासी संघको स्थापना भयो।

भारत प्रवासमा प्रवासी नेपालीहरूलाई साँस्कृतिक कार्यक्रममार्फत एकताको कडीमा जोड्ने नेपाली भाषा साहित्यको अभिवृद्धि गर्ने र राष्ट्रियताको भावना अभिवृद्धि गर्ने काम भयो। स्वदेशमा भएको सामन्ती व्यवस्थाले ठूलो संख्यामा नेपाली नागरिकहरूलाई आफ्नो जीविकोपार्जनका लागि प्रवासिनुको पीडालाई कसरी निराकरण गर्ने भन्ने कुरा साथै नेपालीहरूको आदर र सम्मान अभिवृद्धि गर्ने कुरामा हामी नेपाली सचेत र संगठित बन्नुपर्छ भन्ने कुराले थप प्रेरणा दियो।

वि.सं.२०२७ साल पूर्वोत्तर भारत स्तरीय सिलाङमा साँस्कृतिक मोर्चा गठन भएको थियो। उहाँहरूले सिलाङमा मार्क्सवादको कक्षा सञ्चालन गर्ने, साँस्कृतिक कार्यक्रमको आयोजना गरी नेपालको परिस्थितिलाई जानकारी गराउने, प्रवासी नेपालीहरूलाई वामपन्थी विचारधारासँग आबद्ध गर्ने, नेकपाको आन्तरिक रूपमा प्रचार-प्रसार गराउने र प्रवासमा रहेका नेपालीहरूको समस्याहरूको समाधान जस्ता कामहरू गर्ने गर्नुहुन्थ्यो । वि.सं. २०२८ सालमा राधाको अध्यक्षतामा लिला क्षेत्री, गंगा जोशी, विष्णु कुमारी सुनार, आशा राईलगायत साथीहरू सम्मिलित क्रान्तिकारी महिला संगठनको स्थापना गरियो । नेकपा केन्द्रबाट विशेष जिम्मा लिएर खटिनु भएका क. टंक पोखरेल (गुल्मी), क.ईश्वरी खनाल (अर्घाखाँची) सिलाङ जानुभयो । प्रवासी नेपाली विद्यार्थी आन्दोलनलाई तीव्रताका साथ गति दिने काम भयो।

पुष्पलाल समूहको नेकपाको बिस्तारित बैठक २०३२ सालमा भारतको वनारसमा भएको थियो। त्यहाँ राधा ज्ञवालीसहित ५ जनाको सहभागिता भयो। क. मदन भण्डारीसहित नेपालबाट जाने सबै नेता प्रतिनिधिहरूसँग भेटघाट गर्नुभयो। त्यति नै बेला ज्ञवालीको कविता पौडेल र शान्ता मानवीसँग पनि भेट भएको थियो।

क.गोपाल शाक्य २०३३ मा नख्खु जेल ब्रेकपछि सिलाङ आउनुभएको थियो। पुष्पलालले नेतृत्व गर्नुभएको नेकपा परित्याग गरी सिंगो कमिटी २०३४ पुस २४ गते सी.पी. मैनालीको नेतृत्वमा रहेको कोर्डिनेसन कमिटीमा आबद्ध हुन पुग्यो। यसरी स्वअध्ययन विद्यार्थी साहित्य सांस्कृतिक मोर्चा पार्टी हुँदै प्रवासी नेपालीका बीचमा सहकार्य गर्दै २०३४ सालमा गृह जिल्ला गुल्मी फिर्ता हुनुभयो। नेपाल आइसकेपछि सिद्धिनाथ ज्ञवालीको नेतृत्वमा गुल्मी जिल्लामा रही कोर्डिनेसन कमिटीमा आबद्ध हुनुभयो। ज्ञवाली भन्नुहुन्छ, ‘नेपालको एकतन्त्रात्मक शासन प्रणालीले गर्दा देश छाडेर प्रवासमा बस्ने प्रवासी नेपालीको पीडा मैले गहिरो आत्मसाथ गरेकी छु। निरङ्कुश राजतन्त्रात्मक शासन प्रणाली समाप्त गर्न २०३४ सालदेखि आफ्नै भूमिको राजनीतिमा होमिएँ।’ ज्ञवालीले अनेकौं पटक जेल नेल यातना खप्दै राजनीतिक संघर्षका क्रममा कष्टसाध्य जीवन बिताउनुभयो। उहाँले २०३६ सालबाट जनकपुर, धनुषा, सिराहा, सप्तरी, कास्कीमा भूमिगत जीवन बिताउनुभएको थियो। २०३७ सालमा भूमिगत हुँदा नै वैवाहिक जीवनमा बाँधिएका २०३८ सालमा मातृत्वको जिम्मेवारीका कारण खुल्ला हुनुभयो।

खुल्ला भएपछि रुपन्देही कार्यक्षेत्र बनाई उहाँले शिक्षक आन्दोलन, महिला आन्दोलनको नेतृत्व गर्नुभयो। भैरहवामा पार्टीको नगर कमिटी सचिव, रुपन्देही जिल्ला कमिटीको सदस्यका रूपमा कार्यालय सचिव रही काम गर्नुभयो। पार्टी एकीकरण पश्चात २०४८ सालमा रूपन्देही जिल्लाको क्षेत्र नै. ४ बाट पहिलो संसदीय निर्वाचनमा पराजित हुनुभयो। शिक्षक आन्दोलन, मानव अधिकार संरक्षण मञ्चको केन्द्रीय सदस्य (२०४३-२०५२) महिला आन्दोलन तथा अन्य अधिकारका आन्दोनहरूमा उहाँको अग्रणी भूमिका रह्यो। राधाले नेकपा एमालेको जनकपुर अञ्चल सचिवको भूमिका समेत निर्वाह गर्नुभयो।

पार्टी विभाजनपछि २०५४ सालमा नेकपा मालेको केन्द्रीय सदस्य, एकीकरण पश्चात २०५९ सालमा सातौं राष्ट्रिय महाधिवेशनमा पराजित हुनुभयो। २०६०

सालमा नेकपा एमाले पार्टीले केन्द्रीय महिला विभाग गठन गरी क. सहाना प्रधानको इन्चार्जमा क. राधा ज्ञवाली सचिवका रूपमा काम गर्दैगर्दा उहाँ केन्द्रीय कमिटीमा मनोनीत हुनुभयो । त्यसपछि विभागको सचिवको जिम्मेवारी विन्दा पाण्डेलाई दिइयो । राधाले खेलकुद क्षेत्रको इन्चार्जका रूपमा कार्य सम्पादन गर्नुभयो ।

नेकपा एमालेको ८औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटी सदस्यका रूपमा विदेश विभाग सदस्यको रूपमा काम गर्नुभयो । नवौँ महाधिवेशनबाट पोलिटब्यूरो सदस्यमा निर्वाचित भएपछि अनेमसंघ इन्चार्ज, उद्योग वाणिज्य तथा आपूर्ति विभाग इन्चार्ज, उपभोक्ताहित संरक्षण तथा सुशासन विभागको इन्चार्ज भई कार्य सम्पन्न गर्नुभयो । उहाँ २०६४ सालमा पहिलो संविधान सभामा समानुपातिक सांसद र छोटो समयको लागि ऊर्जा तथा जलस्रोत मन्त्री हुनुभयो । दोस्रो संविधान सभाताका ऊर्जा तथा जलस्रोत मन्त्री रहनु भएको राधा २०७४ सालमा प्रतिनिधि सभाको सदस्य तथा कृषि, वन, भूमि तथा सहकारी तथा प्राकृतिक स्रोत समितिको सदस्य हुनुभयो । विभिन्न कालखण्डमा पत्रपत्रिका पुस्तक प्रकाशनहरूको सम्पादन गर्नुभएको थियो ।

## महिला आन्दोलनमा सहभागिता र नेतृत्व

नेकपा (माले) ले २०३७ सालमा हेटौंडामा भूमिगत महिला भेला गरेको थियो । उक्त भेलाको एक सहभागी राधा भन्नुहुन्छ, 'हामीले अखिल नेपाल महिला संघको पुनर्स्थापना गर्नुपर्छ भन्ने कुरा उठायौँ । जसका कारण २०३७ फागुन १७ गते कास्की जिल्लामा महिला आन्दोलनको नीति, आगामी कार्यक्रम, नारा, विधान तयार गरी, कमरेड माधव नेपालको प्रमुख आतिथ्यता तथा शान्ता मानवीको संयोजकत्वमा ७ सदस्यीय प्रथम सम्मेलन आयोजक कमिटी गठन भयो । यसको सचिवमा म नै रहेँ ।'

अनेमसंघलाई आवश्यक राजनीतिक सैद्धान्तिक दस्तावेजहरूको लेखन तथा सङ्कलनमा राधा ज्ञवालीको भूमिका थियो । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च) विषयक घोषणाको प्रकाशन ७१ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस एक परिचय नामक पुस्तिका प्रकाशन कमरेड गोपीरवण उपाध्यायको सहयोगमा नौतनहवा प्रेसबाट छपाइ गरिएको थियो ।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च) लाई श्रमिक महिलाहरूको बीचमा २०३८ फागुन २५ गते अनेमसंघले प्रथम पटक 'पञ्चायती व्यवस्था मुर्दावाद' भन्ने नारासहित राष्ट्रव्यापी रूपमा मनाएको थियो ।

महिलामुक्ति आन्दोलनका विभिन्न कार्यक्रममार्फत राज्यमा महिलाको हकहित र अधिकार प्राप्ति र पञ्चायती व्यवस्थाको अन्त्य गर्ने, महिला जागरणका कार्यक्रमहरू गर्ने, लेख रचनाहरू प्रकाशित गर्ने कार्यमा उहाँ लाग्नुभएको थियो । 'महिला मुक्ति' नामको पत्रिका निकाल्न थालियो । उहाँ २०५४ सालमा पार्टी विभाजन हुँदा नेकपा (माले) सम्बद्ध अखिल नेपाल महिला संघको अध्यक्ष बन्नुभयो । महाकाली सन्धि र लिम्पियाधुरा, लिपुलेख, कालापानी लगायत नेपाली भूमिको भारतीय अतिक्रमणका विरूद्धमा गरिएको पूर्णागिरी मार्चको नेतृत्व गर्नुभयो । पार्टी एकीकरणपछि पुनःअनेमसंघको केन्द्रीय उपाध्यक्ष र वरिष्ठ उपाध्यक्ष हुँदै अनेमसंघबाट बिदा हुनुभयो । उहाँ अन्तर पार्टी महिला सञ्जालको अध्यक्ष हुनुभएको थियो । यस्तै महिला अध्ययन केन्द्र तथा अनुसन्धान समितिको पनि अध्यक्ष हुनुहुन्थ्यो ।

**वैदेशिक यात्रा**

राधा संयुक्त राष्ट्रसंघको साधारणसभादेखि राष्ट्रिय योजना आयोग अन्तर्गतको राष्ट्रिय विकास परिषदको सदस्य रही संयुक्त राष्ट्र अमेरिका, युरोप र दक्षिण एसियाका विभिन्न राष्ट्रहरूमा नेपालको प्रतिनिधित्व गर्नुभएको छ । एक छोरीकी आमा ज्ञवालीको समाजसेवामा रुचि छ । उहाँ महिला सुरक्षा दबाब समूहसँग आबद्ध हुनुहुन्थ्यो । समाजमा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई राज्यको सबै तहमा प्रतिनिधित्व गराउने तथा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गराउने मुद्दाहरू विशेष महत्त्वका साथ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा उठाउने उहाँको अठोट छ ।

**कम्युनिष्ट पार्टी र यसका विचारप्रति गर्व**

बाल्यकालको सामाजिक परिवेश, घर छरछिमेक प्रवासी हुनुको पीडा र छोरी भएकै कारण बालविवाह र स्कूल छाड्नुपर्ने अवस्थाले त्रसित बनाइरहेको बेला विद्यार्थी आन्दोलनमा सहभागिताले त्यो बेला आँट र हिम्मत जगायो ।

नेपाली साहित्य र संस्कृतिप्रतिको लगावले चेतना भर्दै गयो । नेकपाको दिशा निर्देशले एक कर्मठ योद्धा बन्न अभिप्रेरित गऱ्यो । कक्षा ८ मा पढ्दै गर्दा जड्याह दाइले दिएको मानसिक पीडा सहन नसकी आत्महत्या गर्न उद्दत भएकी राधालाई संघर्षशील जीवन बाँच्न अभिप्रेरित गऱ्यो । मार्क्सवाद लेनिनवाद नै आजको विश्वमा वैज्ञानिक उच्चतम दर्शन हो । यसकै आलोकमा ठूला परिवर्तन भएका छन् ।

सही कम्युनिस्ट पार्टीमा आबद्ध भएर आफूलाई देश समाज परिवर्तनमा अघि बढ्दा गौरवान्वित बनाएको उहाँ महसुस गर्नुहुन्छ । जेल, नेल, अपमान, हेला, होचो, यातना, आफ्नै भनिनेले दिएको पीडा समाजले दिएको तिरस्कार सबैको सामना गर्दै सतिसाल जस्तै ठिङ्ग उभिन सक्ने व्यक्तित्व नेकपाले बनाएको हो । सांसद, मन्त्री बन्ने अवसर र मुलुक निर्माणमा जुट्न यही पार्टीले अवसर जुटायो । यसर्थ, राष्ट्रियताको संरक्षण सम्बर्द्धन, श्रमिक जनताको हकहित संरक्षण, सामाजिक न्याय स्थापना र सबै नागरिकको जीवन समृद्ध, उन्नत राष्ट्र निर्माण गर्न नेकपाको अनिवार्य तथा अपरिहार्यता छ ।

## आगामी राजनीतिक यात्रा र उद्देश्य

राजनीतिक यात्राका क्रममा पञ्चायती व्यवस्थाविरूद्धको कठिन संघर्षदेखि पुनर्स्थापना र गणतन्त्रको स्थापनासम्म निरन्तर पार्टीको जिम्मेवारी बहन गर्दै उहाँ अहिले पनि पार्टीको काममा निरन्तर क्रियाशील हुनुहुन्छ । महिला मुक्ति आन्दोलन र संघर्षका विषय उठान र त्यसलाई कार्यान्वयनसम्म ल्याउन उहाँको अनुभव अहिलेको पुस्तालाई निकै आवश्यक छ । नेपाली वामपन्थी आन्दोलनको अग्रज भएको कारण अझै पनि उहाँका केही योजना तथा विचारका कार्यक्रमहरू कार्यक्रमको तहसम्म पुग्न सकेका छैनन् । तसर्थ, नेकपा जस्तो सशक्त पार्टीको महत्त्वपूर्ण भूमिकामा रहेर लामो संघर्षको यात्रामार्फत आर्जन गरेको ज्ञान र अनुभवलाई राज्य शक्तिमार्फत न्यायपूर्ण समाज र महिला आन्दोलनको उपलब्धिलाई संस्थागत गर्नु आगामी दिनको राजनीतिक यात्राको उद्देश्य रहेको उहाँ बताउनुहुन्छ ।

## पुरुषवादको अन्त्य

राधा नेपाली महिला अधिकार तथा मुक्ति आन्दोलनको अग्रणी महिला भएको र आन्दोलन, समाज रूपान्तरणका विषयमा गहन रूपमा बुझेको अनुभवी महिला

हुनुहुन्छ । तसर्थ, पुरूषवादी सत्ताको अन्त्यको विषय सजिलै र छिट्टै हुँदैन लामो संघर्ष पश्चात मात्र समाजमा समानता र समताको धारणा फैलिने हुनाले लैंगिक समानताको अवधारणा स्पष्ट रूपले राजनीतिले सम्बोधन गर्नुपर्दछ ।

आज पनि पार्टीमा शब्द, भाषण, लेखन लैंगिक समानताका हुन्छन् । देखावटी रूपमा वैचारिक सैद्धान्तिक रूपमा यो समानताको कुरा उठाउने महिला नेताहरूलाई बाटोबाट पन्छाउने अनेक बहाना खोजिरहेका हुन्छन् । वर्गीय लैंगिक सवाल सम्बोधन गर्ने नेतृत्व निर्माण नगरी पितृसत्ता पार्टीबाट पनि अन्त्य हुँदैन । यसर्थ, निर्मम भएर सैद्धान्तिक रूपमा पुरूषवादको अन्त्य गर्न र लैंगिक समानताको आधारशिला निर्माण गर्ने पार्टी बनाउनु अपरिहार्य छ ।

***

# असमानताले जगाएको चेतनाः उमा हमाल*



बालविवाह, अनमेल विवाह, साटो विवाह, अन्धविश्वास, कुरीति, कुसंस्कार, हत्या, वलत्कार अशिक्षा आदिले महिलाको जीवन अन्धकारमय थियो । शिक्षामा अति भेदभाव थियो । सम्पत्तिमा कुनै अधिकार थिएन । कसैको दया, माया निगाहामा बाँच्न पर्थ्यो । यो त महिलाको स्थिति भयो । तर सिङ्गो आम जनताले पनि शोषित भएर बाँच्नु परेको थियो । सिङ्गो राष्ट्रको यस्तो समस्या भएको स्थितिमा मभित्र राजनीतिक चेतनावृद्धि हुँदै थियो ।

त्यतिबेला निरङ्कुश पञ्चायती व्यवस्था विरुद्ध जनतालाई जागृत, सङ्गठित र आन्दोलित गर्न देशमा विभिन्न कम्युनिष्ट पार्टीहरू क्रियाशील थिए । काँग्रेस पुँजीपतिहरूको पार्टी र कम्युनिष्ट सर्वहारावर्ग दुःखी, गरिब, पीडित र महिलालाई वास्तविक रूपमा मुक्ति दिलाउने पार्टी भनी चिनाइएको थियो । त्यसैले वर्गीय शोषणको अन्त्यको लागि ८/१० वर्षको उमेरदेखि मेरो बाल मस्तिष्कले कम्युनिष्टलाई रोजेको थियो । मेरो स्वर्गीय दाजु किरण लम्साल (साँइलो हजुर बुबाको छोरा) नेकपा पुष्पलाल समूहमा आबद्ध हुनुहुन्थ्यो । उहाँकै सम्पर्कबाट राजनीतिमा चासो बढ्दै गएको थियो । त्यतिबेला स्याङ्जा जिल्लामा महेन्द्रमान व्यथित, रामबहादुर भण्डारी चर्चित नेता थिए । उहाँहरूले आयोजना गरेको कार्यक्रमहरूमा दाजु किरणमार्फत् थाहा पाएर सहभागी हुन्थेँ । जन्मस्थान चिन्नेवास ज्याग्दी खोला स्याङ्जामा पुष्पलाल समूहकै प्रभाव थियो ।

**तत्कालीन नेकपा (माले) सँगको सम्पर्क**

२०३७ सालमा एसएलसी पास गरेपछि म पढेको श्री जनप्रिय माध्यमिक विद्यालय चिन्नेवासमा अध्यापन शुरु गरेँ । त्यसै विद्यालयका शिक्षक रामबहादुर थापा नेकपा (माले) स्याङ्जा जिल्ला संगठन समितिका सदस्य हुनुहुँदो रहेछ । उहाँसँग सम्पर्क भयो । म पुष्पलाल समूहको सम्पर्कमा थिएँ, तर मलाई त्यस पार्टीका नेता

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो ।*

कार्यकर्ताको व्यवहार मन पर्दैनथ्यो। त्यस पार्टीको जनता बीच जाने र जनतालाई सचेत र सङ्गठित गर्ने कार्य पटक्कै मनपर्दो थिएन। त्यतिबेला विकास भएको पार्टी नेकपा (माले) स्याङ्जा जिल्लामा पार्टी बिस्तारको काम तीव्र गतिमा चलाइरहेको थियो। क. रामबहादुर थापासँग सम्पर्क भएपछि मैले नेकपा (माले) का दस्तावेजहरू अध्ययन गर्न थालेँ। परिवर्तनको निम्ति एउटा सशक्त पार्टीको सम्पर्क पाउँदा म खुसी भएँ। क. रामबहादुर थापाले नै मलाई गाउँ पार्टी दलमा सङ्गठित गर्नुभयो। म औपचारिक रूपमा पार्टी प्रवेश गरेर सङ्गठित भएँ। जनताको मुक्तिका साथै महिला मुक्तिको लागि लड्ने पार्टी नेकपा (माले) नै हो भन्ने लाग्यो। त्यसपछि यति धेरै विश्वासकासाथ इमान्दार र समर्पित भएर लागेँ कि अहिले सम्झदा पनि राजनीति त नशा नै रहेछ जस्तो लाग्छ। मैलेपछि थाहा पाएँ, मलाई हाइस्कूलमा पढाउनु भएका गुरु क. त्रिलोचन ढकाल पनि नेकपा (माले) को नेतृत्व गर्दै पार्टी बिस्तारमा लाग्नु भएको रहेछ। काम गर्ने क्रममा उहाँसँग पछि भेट भयो। त्यस घटनाले झन् उत्साह र जाँगर थपियो। नेकपा (माले) को नीति र कार्यक्रम राम्रो नभएको भए उहाँ जस्ता मानिस माध्यमिक तहको शिक्षकको सम्मानीत जागिर छाडेर किन भूमिगत कार्यकर्ता भएर हिड्नु हुन्थ्यो र भन्ने सोचको विकास भयो।

## राधा ज्ञवालीसँगको भेट

क. रामबहादुर थापाले मसहित उषा नेपाल, उषा थापा लागयतसँग राधा ज्ञवालीसँग भेट गराउनुभयो उहाँले हामीलाई अखिल नेपाल महिला संघको बारे बताउनुभयो। विधान दिनुभयो। त्यसपछि त म अझै धेरै उत्साहित भएँ। अझै धेरै ऊर्जा थपियो। राधा कमरेड त्यतिबेला गर्भवती हुनुहुन्थ्यो। त्यस्तो अवस्थामा पनि पार्टीको काममा डाँडाकाँडा, उकालीओराली, रातविरात नभनी खटेको देख्दा म उहाँसँग धेरै प्रभावित भएँ। उहाँसँग भेट नभएको भए सायद मलाई भूमिगत भएर हिड्न आँट आउने थिएन होला। उहाँसँगको भेट र कुराकानीले मलाई भूमिगत जाने हिम्मत दियो। त्यो भेट मेरो लागि अविस्मरणीय रहन पुग्यो।

## पार्टी सदस्यता र सपथ

कमला परियार, डी.बी. कार्की र मैले एकै दिन पार्टी सदस्यको सपथ क. त्रिलोचन ढकालबाट लियौँ। गाउँ सक्रिय दलमा सङ्गठित भएको एक वर्षपछि मात्र मैले पार्टी सदस्यता पाएको थिएँ। त्यतिबेला पार्टी सदस्यता पाउन सैद्धान्तिक अध्ययन र

व्यावहारिक जनकार्य गर्नुपर्थ्यो । जनतामा जाने, सचेत बनाउने र सङ्गठित गर्ने काम गर्नुपर्थ्यो । आफ्ना परिवारलाई राजनीतिक रूपमा सचेत बनाउनुपर्थ्यो । त्यसो हुँदा आफूलाई राजनीति गर्न सजिलो हुन्थ्यो । बुबालाई म राजनीतिमा संलग्न भएको कुरा थाहा थियो । उहाँ भन्नुहुन्थ्यो, राजनीति गर्न सजिलो छैन । धेरै जोखिम उठाउनुपर्छ । दुःख कष्ट खप्नुपर्छ । बुबालाई काँग्रेसको राजनीतिको प्रभाव थियो । उहाँमा भारतीय राजनीतिको पनि प्रभाव थियो । बीपी कोइरालाको उदाहरण दिनुहुन्थ्यो । भारतका राजनीतिज्ञ सुभाषचन्द्र बोसको उदाहरण दिनुहुन्थ्यो । म बुबासँग छलफल गर्दिनथेँ, सुन्थेँ मात्र । जे होस्, म राजनीतिमा लागेकी छे भन्ने कुरा मात्र बुबाले थाहा पाए हुन्थ्यो भन्ने लागेको थियो । किन कि परिवारलाई थाहा नदिई अझै छोरी मान्छेलाई राजनीति गर्न सजिलो थिएन । परिवारबाट सहयोग होस् भन्ने म चाहन्थेँ । त्यसैले परिवारमा मेरो राजनीतिक संलग्नताको बिस्तारै जानकारी गराएको थिएँ ।

**भूमिगत जाँदाको त्यो क्षण**

२०३८ सालमा स्याङ्जा जिल्लामा नेकपा (माले) को जनवर्गीय सङ्गठन अनेमसंघको जिल्लास्तरको समिति बनाउँदा म त्यसको सचिव भएँ । अध्यक्ष कमला परियार (बहाकोट), सचिव उमा हमाल (चिन्नेवास) सदस्य अरु दुई जना गङ्गा खनाल (थुमपोखरा) र मन्जु (मिर्मी) हामी चारजनाको बीचमा संघ बन्यो । अर्को बैठकमा सीता अधिकारी (वालिङ) लाई थपियो । यसरी सङ्गठनको जिम्मेवारी बहन गर्ने क्रममा जिल्लाभरि नै अनेमसंघको सङ्गठन बिस्तार गर्न लाग्यौँ । विद्यालय शिक्षक भएकोले बिदा पाउन गाह्रो हुन्थ्यो । तै पनि समय मिलाएर सङ्गठन बिस्तारमा सक्रिय रूपले लागिरहन्थेँ । पछि अध्यापन गर्दै पार्टी काम गर्न सम्भव भएन । त्यसैले अब अध्यापन कार्य छाडेर मलाई पूर्णकालीन रूपमा पार्टी काम गर्न आग्रह गरियो । मेरो विचार अध्यापन गर्दै आफ्नै ठाउँ नजिकको क्षेत्रमा पार्टी कामको बिस्तार गर्ने थियो । तर राष्ट्रिय राजनीतिक आवश्यकताले पूर्णकालिक भूमिगत कार्यकर्ता हुनुपर्ने स्थिति रह्यो ।

जब म भूमिगत जान मानसिक रूपले तयार भएँ, घरमा कुरा राख्ने विचार गरेँ । बुबा जागिरे, आमा किसान, तीन दाजुभाइ, म र बहिनी घरका सातजनाको परिवार थियौँ । मैले परिवारलाई राजनीतिक रूपले सचेत बनाएकी थिएँ । त्यसैले हाम्रो घर पार्टीको सेल्टर पनि थियो । ठूलो दाजु भए पनि घरको व्यवहार मैले नै गर्थें । गाउँ

समाज आफन्त सबैले मलाई राम्रो मान्थे । कम्युनिष्ट विचार र भावनाले मलाई व्यावहारिक र नैतिक रूपले समाजमा विश्वासिलो र आँटिलो बनाएको थियो । यो परिवेशमा मैले घरमा भूमिगत जाने कुरा राखेँ । पार्टीले भूमिगत जाने आग्रह गरेपछि निर्णयका लागि १०/१५ दिनको समय दिएको थियो । त्यस बीचमा शिक्षकबाट राजिनामा दिएँ । भोलि हिड्नु छ भनेपछि आजको रात धेरै बेरसम्म मैले परिवारसँग कुराकानी गरेँ । धेरै सम्झाइ बुझाइ गरेपछि दाजु र आमाले स्वीकृति दिनुभयो । सबै आ-आफ्नो बिछ्यौनामा गयौँ । आमा र मेरो बिछ्यौना नजिकै थियो । आधा रात भएको थियो होला, आमालाई म हिड्ने कुराले निद्रा नलागेर सुँक्क सुँक्क गरी रोएको सुनेँ । म झसङ्ग भएर उठेर बत्ती बाल्दा आमा रोइरहनु भएको थियो । अनायास मेरो पनि मुटुमा गाँठो पर्यो । तर धेरै कुरा सोचेर आमालाई सम्झाएँ । 'कहिल्लै घर नआउने होइन, समय समयमा आउँछु । मेरा साथीहरू पनि आउनुहुन्छ भनेँ । सम्झाउने क्रममा मैले भनेछु, हजुर जस्तै धेरै आमाहरू हुनुहुन्छ, सबैलाई हसाउने, नयाँ समाज बनाउने क्रान्ति गर्न हिड्ने हो, किन रुनुहुन्छ ?' भनेर मैले धेरै सम्झाएँ । पछि उहाँले सोच्नु भएछ, 'मेरो मात्र धेरै माया रहेछ । उनीहरूलाई माया गर्ने, धेरै आमाहरू रहेछन्, मैले त म मात्रै एउटी आमा हुँ भन्ने सम्झेकी रहेछु । उनीहरूले त एउटी आमाको माया धेरै ठाउँका आमालाई बाँडि सकेका रहेछन्' भनी चित्त बुझाउनु भएको कुरा पछि भेटमा आमाले मलाई सुनाउनु भएको थियो । अनि दुबै आमा छोरी सुत्यौँ । आज, धेरै वर्ष बित्यो त्यो रातभरि मेरी आमा सुँक्क सुँक्क गरी रोएको मलाई अझै याद आउँछ । मेरी आमालाई रुवाउँदै म त्यसरी उज्यालो दिन ल्याउन भनी हिडेकी थिएँ । जागिरमा राजिनामा दिएर भूमिगत भएँ ।

## अखिल नेपाल महिला संघ र मेरो जिम्मेवारी

२०३९ फागुनमा अनेमसंघ पश्चिम उत्तर क्षेत्रीय समिति, गण्डकी धवलगिरी गठन भयो । म त्यसको अध्यक्ष भएँ । त्यसपछि त मेरो अझै जिम्मेवारी बढ्यो । २०४१ सालमा अनेमसंघ केन्द्रीय सदस्य भएँ । समय क्रममा गण्डकी र धवलागिरिबाट हामी आठ जना भूमिगत महिला कार्यकर्ता थियौँ । पर्वतबाट छलीकुमारी कुँवर, गोमा देवकोटा, स्याङ्जाबाट म आफै र कमला परियार, कास्कीबाट लोचना अधिकारी, प्रभा अधिकारी, सीता गिरी, लमजुङबाट टुका हमाल । हामीमध्ये सबैभन्दा कान्छो उमेरको सीता गिरी हुनुहुन्थ्यो । राजाको एक तन्त्रीय निरङ्कुश पञ्चायती व्यवस्थाको

विरुद्ध जनतालाई सचेत सङ्गठित र आन्दोलित गर्न आफ्ना सबै व्यक्तिगत इच्छा र चाहनालाई त्यागेर हिंडेका त्यसबेलाका क्रान्तिकारीहरूलाई सम्झन्छु। ती दिन अहिले सम्झदा पनि गर्व लाग्छ।

**पर्वतमा पार्टी काम**

२०४० कार्तिकमा अध्यापन कार्य छाडेर ने.क.पा (मा.ले.) को पूर्णकालीन भूमिगत कार्यकर्ता भई पार्टीको काम गर्न तयार भएँ। तब पार्टीले मलाई पर्वत जिल्ला पठाउने निर्णय गर्यो। आदरणीय कमरेड बोलानाथ पौडेल उपाध्यायले मलाई स्याङ्जा नाउडाँडा गुमानसिं थापाकोमा लिन आउनुभयो। बिहान सबेरै उठेर बाटो लाग्यौं। बोलानाथ कमरेड त्यस्तै ५०/५५ वर्षको हुनुहुन्थ्यो। बाटोभरि कुरा गर्नुभयो। उहाँको आँटिलो जोशिलो र पार्टीप्रति समर्पण देखेर सारै प्रभावित भएँ। पाको उमेरका मानिस यसरी लाग्नु भएको छ भने हामी त युवा (२०/२१ वर्ष) छौं भन्ने ठानेर म झनै उत्साहित भएँ।

सर्व प्रथम त जिल्ला सङ्गठन कमिटी गठन गरियो। पर्वत जिल्लाकै क. देवबहादुर पौडेल, संखुवासभा घर भएको क. गोपाल काफ्ले र स्याङ्जा जिल्लाबाट गएको मसहित हामी तीनजना पूर्णकालीन सदस्य रहेको पर्वत जिल्ला सङ्गठन समिति बन्यो। जिल्लालाई तीनवटा इलाकामा विभाजन गरी आ-आफ्नो इलाकामा जनतालाई सचेत सङ्गठित गर्ने काम गर्‍यौं। पछि उत्तरी भेग तालेकोटबाट शिक्षक भीमबहादुर बीसी र दक्षिण भोगसिङ्बाट क. यामबहादुर विकलाई जिल्ला सङ्गठन समितिमा थप गरियो। मेरो मध्य इलाका थियो। मेरो प्रमुख सेल्टरहरू कार्कीनेटामा क. बोलानाथ पौडेल उपाध्याय, शङ्कर पोखरीमा टिकाराम, चितिपानीमा क. मोतीप्रसाद पौडेल, वितलवमा क. गणेशप्रसाद पौडेल, कुस्मामा क. तोयनाथ चालिसे, देवीस्थान-फलेवासमा क. छलीकुमारी कुँवर र ठुली पोखरीमा तारा मेडमको घर थियो। त्यस बाहेकका अरु धेरै सेल्टर लामो समय भएकाले मैले बिर्सें हुँला। त्यसको लागि क्षमा चाहदै हामीले भन्नै पर्दछ, तपाई आश्रयदाताहरूको त्याग र योगदानलाई नेपालको कम्युनिष्ट इतिहासमा उच्च मूल्याङ्कन हुनुपर्दछ।

तत्कालीन निरङ्कुश पञ्चायती व्यवस्थाको एकछत्र राज भएको बेला सत्तासीनहरूले कम्युनिष्टहरूलाई राजद्रोही, देशद्रोही ठान्दथ्यो। शङ्का लागि पक्राउ परेमा उनीमाथि झुटा तथा राजकाज मुद्दा लगाई जेल हालिन्थ्यो। बाटो हिड्दा, जनताको घरमा

बस्दा, भेला बैठक गर्दा अति सतर्कता अपनाउनु पर्थ्यो । जनताले दिएको ढिंडो, आँटो, रोटी, मकै, खोले, फाँडो, भात जे दिन्छन् मिठो नमिठो त्यही खाएर पार्टीको काम गर्नु पर्दथ्यो । बाहिर होटल, पसलमा बसेर कहिल्यै खाँदैनथ्यौँ । जनताको घरमा बस्दा कोही कसैले देख्यो र सोधिहाल्यो भने दिने जवाफको लागि पहिल्यै एउटा नाता गाँसेका हुन्थ्यौँ । यसरी विरोधी प्रतिक्रियावादीसँग लुकिछिपी जनतालाई राजनीतिक सचेत र सङ्गठित गर्न आफ्नो घर परिवार, इष्टमित्र, नोकरी, व्यवसाय सबै त्यागेर अप्ठेरो, थकाई, अनिदो, बिसन्चो केही नभनी परिवर्तनको लागि ज्यान समर्पण गरेर हिडेका थियौँ । यसरी भित्र भित्रै जनता जगाउने काम गरेकोले नै २०४६ सालमा निरङ्कुश राजतन्त्रात्मक पञ्चायती व्यवस्थाको अन्त्य गरेर बहुदलीय व्यवस्था स्थापना गर्न सम्भव भयो । उकुस मुकुसमा रहेका जनताले खुल्ला रूपमा आफ्ना विचार राख्न, सभा, सङ्गठन गर्न र बनाउन, विरोधका आवाज खुलस्त राख्न पाउने आफ्ना हक अधिकार प्राप्त गरे ।

## पार्टी कार्यकर्ताको विकास

त्यतिबेला पार्टी कामको बिस्तार तीव्रगतिमा गर्न आवश्यक थियो । यसको लागि भूमिगत कार्यकर्ता तयार गर्नु पनि पार्टीको त्यतिबेलाको छलफलको एउटा एजेण्डा नै हुन्थ्यो । त्यसैले मैले पनि आफ्नो इलाकाबाट एकजना पेशेवर महिला कर्याकर्ताको विकास गराउने लक्ष्य लिएर काम गरेँ । पर्वत जिल्ला चितिपानीको सक्रिय कार्यकर्ता क. मोतीप्रसाद पौडेलसँग सम्पर्क भएपछि उहाँले आफ्नो स्कूलमा कार्यरत शिक्षिका क. छलीकुमारी कुँवरसँग भेटघाट गराउनु भयो । त्यसपछि उहाँको पारिवारिक स्थिति, अध्ययन, अध्यापन, पार्टी काममा रुचि लगायत सबै कुराको जानकारी लिएपछि देशको स्थिति र आवश्यकता बताउँदै महिलाको अवस्था परिवर्तनमा के गर्न सकिन्छ भन्ने बारेमा कुराकानी गरेँ । पछि पनि पटक पटक भेटघाट भयो । उहाँको व्यवहार बोलीचाली पढेलेखेको महिला धेरै बुझ्न सक्नु हुन्छ जस्तो लागेपछि भूमिगत जान सहमत गराउन मैले धेरै कोसिस गरेँ । एकपटक भनेको ठाउँमा आउन नसक्नु भएपछि राजनीतिक दर्शन, जनताका समस्या, समस्याका कारणहरू, महिला मुक्ति, हाम्रो देशको राज्य व्यवस्था लगायतका विषय समावेश गरेर तीन/चार पेज लामो चिठी लेखेँ । चिट्ठीको भाषाले उहाँको मन छोएछ । त्यसपछि भेट्न आउनुभयो । मैले सोचें चिट्ठीले राम्रो प्रभाव पारेछ । त्यसपछि पटक पटक भेट गरी राजनीतिक शिक्षा दिने, पुस्तकहरू अध्ययन गर्न दिने, सङ्गठित गर्ने

काम गरियो । पछि उहाँको घर गएर बुबा, आमासँग पनि कुराकानी गरेँ । छलीको आमा बुबाले मलाई यति धेरै विश्वास गर्नु हुन्थ्यो कि मैले भनेपछि जहाँ पनि पठाउनु हुन्थ्यो । हुने विरुवाको चिल्लो पात भने जस्तै छली पनि पार्टी काममा अग्रसर हुनुभयो । अन्तमा शिक्षण पेशाबाट राजीनामा दिएर, आफ्नो व्यक्तिगत स्वार्थलाई त्यागेर जनताको सुदिन ल्याउन भूमिगत कार्यकर्ता हुनुभयो। त्यो समयमा छोरी बुहारीले घर छाडेर राजनीतिक काममा हिंड्नु ठूलो सङ्घर्ष थियो। जनताको कामको लागि पार्टी कार्यकर्ता विकास गर्न त्यसबेला देशैभरि यसरी नै मेहनत गरिन्थ्यो। हाम्रो लगनशीलता, दृढता, अठोट, इमान्दारिता र राजनीतिक नैतिकता सदा देश र जनताको हितमा समर्पित हुन्थ्यो।

## कामको दौरानमा एउटा अविस्मरणीय घटना

हामी महिला कार्यकर्ता बाटो घाटो हिंड्दा कस्तो समस्या पर्थ्यो र त्यसलाई कसरी समाधान गरिन्थ्यो भन्ने बारेमा एउटा स्मरणीय घटना उल्लेख गरौँ। पर्वत जिल्लामा भूमिगत काम गर्ने क्रममा एक दिन बिहानै कुस्मा बजारका सेल्टरदाता तोयनाथ चालिसे कमरेडको घरबाट हिडेँ । पौषको महिना, जाडो थियो । चितिपानी शङ्कर पोखरी आउनु पर्ने थियो । मोदी तरेर फलेवास लाग्ने बाटोको एउटा चौतारोमा एकछिन घाम ताप्न भनेर एक छेउमा बसेँ । तीन/चारजना मानिस आएर त्यही चौताराको अर्को छेउमा बसे। सकेसम्म मसँग कसैले केही नसोधुन्, नबोलून् भन्ने लाग्दै थियो । एकजना पाको मानिसले नानीको घर कता ? कहाँ जान हिडेकी ? भनेर सोधि हाले। मैले बलेवा वाग्लुङ जिल्ला फलेवासदेखि नजिकै हो घर। अहिले शङ्कर पोखरीतिर जान लागेको भने। फेरि सोधे, बलेवा कसकी छोरी ? मावली हजुर बुबाको नाम के हो ? हाम्रो घर त्यहीँ नै हो। लौ अब मलाई सङ्कट पर्यो। मेरो मावली घर बलेवा थियो। उहाँले भन्नुभयो तिम्रो घर त्यहाँ होइन, तिमी त नातिनी होला भन्दै मेरो आमाको नाम लिएर उनैको छोरी हौ जस्तो लाग्छ ? भने। टाढा घर बताउँदा धेरै कुरा सोध्छन्। त्यसैले नजिकै घर भनि दिउँ भनेर मैले ढाँट्न खोजेको थिएँ। फेरि भूमिगत भएर हिडेको, वास्तविक ठेगाना भन्ने कुरा पनि भएन। उहाँहरू त मेरो मावलीको नजिक छिमेकीहरू हुनु हुँदोरहेछ। बुटवलतिर जान हिड्नु भएको रहेछ। मैले ढाँटेको कुरा तुरुन्तै सच्याएँ। म केटी मान्छे, एक्लै हिडेको देखेर जसले पनि कहाँ घर ? कता हिडेको ? के कामले ? भनेर सोध्ने भएकोले टाढा घर बताउँदा समस्या हुन्छ भनेर नजिक भनेकी हुँ। हजुरहरू त मामा नै पर्नु भएछ।

ढाँट्यो भनेर नसोच्नु होला है, भनेर कुरा मिलाएँ। उहाँले पनि हो छोरी मान्छे काम परेर एक्लै दुक्लै हिड्दा टाढा भन्नु भन्दा नजिक बताउँदा यहीँको मान्छे रहेछ भन्ने पर्छ। नानीको विचार ठिक हो भनी उहाँहरूले पनि मेरो कुरालाई सदर गरिदिनु भयो। यसरी नचिनेको ठाउँमा छोरी मान्छे एक्लै दुक्लै हिंडेको हिजोको दिनमा पार्टी काम गर्दा कति अप्ठ्यारो थियो। तै पनि हरेक अप्ठ्यारासँग जुध्दै पार्टी काम गरिन्थ्यो।

**विवाह र पार्टी काम**

आजभन्दा ३२/३५ वर्ष अगाडि छोरीको १२/१३ वर्षमै विवाह गर्ने चलन थियो। छोरी ठूली भइ सकिन्, कता दिने ? कस्तालाई दिने ? परिवारमा चर्चा हुन्थ्यो। मेरो विवाहको बारेमा पनि दिनहुँ कुरा आउँथ्यो। म विवाह गर्दिन भन्थेँ। पछि पार्टीका साथीहरू आउँदा पनि घरबाट विवाहको लागि दबाब हुन थाल्यो। त्यसपछि मैले पनि सोचेँ अब विवाह नगरी बस्न दिनैनन्। अनि मेरो गुरु साथै पार्टीको नेता त्रिलोचन ढकालले स्याङ्जा पार्टी जिल्ला सदस्य क. धर्मदत्त देवकोटासँग मेरो विवाहको प्रस्ताव ल्याउनुभयो। गुरुले असल मान्छे नै मेरो लागि ल्याउनु भएको छ भन्ने ठानेर स्वीकृति दिएँ। परिवारको सहमति र उपस्थितिमा क. त्रिलोचन ढकालको अभिभावकत्वमा विवाह भयो।

विवाहपछि मेरो पार्टी जिम्मेवारी पर्वत जिल्लाबाट स्याङ्जा जिल्लामा सारियो। म स्याङ्जा जिल्ला सदस्यको रूपमा आफ्नो जिम्मेवारी अनुसार पार्टी काम गर्दै थिएँ। म गर्भवती भएँ। त्यतिबेला क. केशवलाल पार्टी जिल्ला सङ्गठन कमिटीको सचिव हुनुहुन्थ्यो। गर्भवती भएको तीन महिनामा मैले बिदा लिने विचार गरी जिल्ला संगठन कमिटीमा कुरा राखेँ। तर बिदा मिलेन। आठ महिनासम्म बिदा नपाउँदा पौष्टिक खाना र आरामको अभाव अनि रातिरातिको पार्टी कामले अनिन्द्रा जस्ता अनियमितताको कारण बच्चा बढेन। आठ महिनाको गर्भ लिएर बिदामा गएँ र दुई हप्ता आराम गरेँ। सासुआमा बिरामी हुनुहुन्थ्यो। उहाँलाई उपचार गर्न पोखरा गएको थिएँ। त्यसैबेला पोखरा क्षेत्रीय अस्पतालमा बच्चा जन्मियो। तर, बच्चा सानो हाड र छाला मात्र थियो। त्यस्तो बच्चा जिउँदै कसरी जन्मियो होला जस्तो लाग्यो। २८ दिनमा बच्चा बित्यो। त्यो क्षण असाध्यै नराम्रो लाग्यो।

पछि पोखरा आउँदा एउटा बच्चा क्रान्तिको लागि शहीद भयो मानौँ भन्दै जीवराज आश्रीतले सम्झाउनु भयो। तर, आमाको मन हो, सहजै मान्न कहाँ सकिन्छ। आज

पनि त्यो अवस्थाको याद आउँछ । सम्झदा दुःख लाग्छ । क्रान्तिका नाममा ती दिनमा कसैले आमाबाबु गुमाए । कसैले जीवन साथी र कसैले सन्तान । जसका सन्तान बाँचे, तिनले पनि बालापन गुमाएका छन् । कतिले आश्रय दिएकै आधारमा प्रशासनिक यातना र दुःख भोगेका छन् । त्यसैले आजको दिनमा जनताले प्राप्त गरेको हक अधिकार र स्वतन्त्रता प्राप्तिका लागि विगतमा धेरै नेता/कार्यकर्ताको त्यो योगदान र समर्पण मिसिएको छ । कम्तीमा आजको पुस्ताले यो कुरा सम्झनु पर्दछ भन्ने लाग्छ ।

## फेरि जोडिएको शिक्षण पेशा

त्यसपछि पार्टीकै निर्णयमा तनहुँको राजपुर निमावि, भुसुनापुरमा अध्यापन गर्न गएँ । साँझ बिहान त्यहीँ पार्टी काम पनि गर्दै थिएँ । त्यो स्थानीय दलालहरूलाई थाहा भयो । विद्यालयमा एउटा कम्युनिष्ट शिक्षिका आएको छ रे भन्दै हटाउने माग गर्न जिल्ला शिक्षा कार्यालय जाँदा रहेछन् । तर, राजनीतिक मुद्दा लगाउन कुनै प्रमाण थिएनन् । त्यसपछि अस्थायी शिक्षक भन्दै २०४६ जेठ ७ गते अवकास दिए । त्यसपछि खुल्ला रूपमा नै काम गर्दै थिएँ । २०४६ को आन्दोलनको तयारी हुँदै थियो । फागुन ७ गते आन्दोलन शुरु भयो । १४ गते नाउडाँडामा कालो झण्डा देखाउने कार्यक्रम थियो । त्यसमा प्रहरी हस्तक्षेप हुँदा बहिनी शोभा हमालसहित गिरफ्तार भएँ । हामीलाई स्याङ्जा जिल्ला कारागारमा लग्यो । भू.पू प्रधानपञ्च खेमनारायण ढकालले 'मेरो भान्जीहरू हो, यिनीहरूको जिम्मा मेरो भयो' भनेपछि १८ दिनपछि रिहा गरिदिए ।

रिहाइपछि फेरि पनि सबै वर्ग पेशा र तहका जनतासँगै आन्दोलनमा सहभागी भइयो । २०४६ सालको आन्दोलनबाट मुलुकमा संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्था स्थापित भयो । आन्दोलनको सफलतापछि २०४७ वैशाखमा नागरिक समाज (जनताले) ले पञ्चायत क्षेत्रबाट आन्दोलनमा सक्रिय रूपमा लागेका, अपाङ्ग भएका, जेल परेकालाई सम्मान कार्यक्रम राखेका थिए । त्यस कार्यक्रममा मैले वाममोर्चा र नेपाली कंग्रेसको संयुक्त आन्दोलन कसरी सम्भव भयो भन्नेबारे दुई घण्टा भाषण गरेछु । त्यो साथीहरूले भनेपछि मात्र त्यति लामो समय लिएको याद भयो । त्यस कार्यक्रममा त्यही क्षेत्रका काँग्रेसका नेता रुद्रमान गुरुङ पनि बोल्नुभयो । यसरी जनतालाई जागृत, सङ्गठित र आन्दोलित गर्न आफूले

सिक्ने र सिकाउने कार्य गर्दै हिड्दा 'जिते संसार, मरे एउटा ज्यान नै हो' भन्ने भावना थियो, त्यतिबेलासम्म।

हिजोको दिनमा जे गरियो, त्यो राम्रै गरियो। परिस्थिति अनुसार चलियो। मिठा नमिठा, राम्रा नराम्रा, सजिला अप्ठ्यारा शिक्षा, अनुभव जिन्दगीमा पाइयो। के छ र संसारमा मरिलानु ? धेरै कुराले अनुभवी बनायो। सरल विचारले उच्च बनाएको छ। त्यसैले खुसी छु, सुखी छु। बितेका समयप्रति गुनासो हैन गर्व छ। त्यो समय र सहयोगी सबैप्रति धन्यवाद। अहिले भने हामीले सोचे जस्तो, खोजे जस्तो बाटोमा समय अगाडि बढेको छैन। पार्टी सत्तामा पुग्दा समेत हिजो कोरेका लक्ष्य र जनताको भविष्यका बारेमा गरिएका कुरा भुलिएको हो कि भन्ने कुराले अत्याउँछ। तर, अझै पनि पार्टीले गल्ती सच्याउने छ भन्ने विश्वास छ। आउने त्यस्तो समयलाई स्वागत छ।

***



# भूमिगत जीवनका अनुभूतिहरू: छली कुमारी कुँवर*

२०४० वैशाख १२ गते पर्वत जिल्ला फलेवास, खानिगाउँ चितिपानी गाउँको ध्रुवनमुना प्राथमिक विद्यालयमा प्राथमिक तहको स्थायी शिक्षक पदमा नियुक्ति लिएँ । त्यसपछि क्रमशः प्रगतिशील साहित्यकासाथै महिला मुक्ति आन्दोलनको इतिहास सम्बन्धी पुस्तकहरू पढ्ने मौका प्राप्त भयो । यी किताबहरू उपलब्ध गराउने काम सोही विद्यालयका प्रधान अध्यापक मोतिप्रसाद पौडेलले गर्नुहुन्थ्यो । उहाँ त्यस क्षेत्रको पार्टीको जिम्मेवार कार्यकर्ता हुनुहुँदो रहेछ । विद्यालयका शिक्षक विद्यार्थी एवं आफू रहेको चितिपानी गाउँका जनतालाई नेकपा (माले)का पक्षमा प्रभावित गर्नुहुँदो रहेछ ।

**मार्क्सवादी दर्शनबाट प्रभावित**

म भर्खरै एसएलसी परीक्षा पास गरेर काम शुरु गर्न पाएकीले मेहनतकासाथ नयाँ कुरा सिक्न र पढ्नमा ब्यस्त हुन थालेँ । शिक्षक डिल्लीप्रसाद पौडेलले पनि यस काममा सहयोग गर्नुहुन्थ्यो । छिटो प्रगति गर्न सक्ने मेरो १८ वर्षको युवा मस्तिष्क कलेज गएर उच्च शिक्षा हासिल गर्नुपर्ने जीवनको महत्त्वपूर्ण दिनहरूलाई राजनीतिक विचारका किताबहरूले झन् झन् आकर्षण गर्न थाल्यो । ‘नारी बन्धन र मुक्ति’, ‘देवासुर संग्राम’, म्याक्सिम गोर्कीको ‘आमा’ उपन्यास, चिनियाँ ‘युवाहरूको गीत’ लगायत समाज परिवर्तनका पक्षमा त्याग वलिदानले भरिएका साहित्यले उत्प्रेरित हुन थालेँ । कार्लमार्क्स, एंगेल्स, लेनिन, स्टालिन र माओत्सेतुङका दार्शनिक ग्रन्थहरूले भौतिकवादी दर्शनमा आधारित कम्युनिष्ट पार्टीमा लाग्नु, पुरानो समाजलाई नयाँ ढंगले विकास गर्न प्रतिक्रियावादी सामन्ती राज्यसत्ताको अन्त्यको लागि काम गर्न हिड्नु राम्रै होला भनेर विश्वास मानी विभिन्न कार्यक्रममा भाग लिन र सहयोग गर्न थालेँ ।

** यो आलेख संयोजन विन्दा पाण्डेले गर्नुभएको हो ।*

पार्टीका काम लुकेर रातारात गर्नुपर्ने, घरपरिवार, छिमेक, संगीसाथी कसैलाई आफूले गरेका काम र जाने ठाउँ भन्न नमिल्ने, त्यतिबेलाको समाजमा छोरी मानिस यस्ता काममा लाग्नु डर लाग्ने र अनौठो कुरा हुने थियो । कम्युनिष्ट पार्टीले जनताका व्यक्तिगत स्वतन्त्रता सबै खोसी दिन्छ भन्ने कुरा सुनिन्थ्यो । अझै कम्युनिष्ट भन्नेहरूले कम्युनिष्ट पार्टीका संस्थापक नेता क. पुष्पलाललाई नै गद्दार पुष्पलाल भनेर गाली गरेको सुन्दा शङ्का र अन्योल पनि हुन्थ्यो । यस्तै कुराले ढुक्कका साथ पार्टीमा लाग्न द्विविधा भइरहेको बेलामा मोति सरले नेकपा (माले)को भूमिगत कार्यकर्ता उमा हमाल (कान्ति) सँग भेटाउनु भयो । यो भेटले मलाई पार्टीको काममा ढुक्कले लाग्न प्रेरणा मिल्यो ।

## जनवादी गीतले भावुक बनायो

पहिलो पटक चकमन्न अँध्यारो रातमा उमेरले १४/१६ वर्षका महिला विद्यार्थीहरू डिलकुमारी सापकोटा, जमुना पौडेल, अम्बिका पौडेल, कुन्ता पौडेल लगायतका साथमा अखिल नेपाल महिला संघको स्थापना दिवस मनाउन २०४० फागुन १७ गते थापाठाना गाउँ पञ्चायतका उपल्लो खुमगाउँमा क. जोगबहादुर रानाको घरमा भेला भएका थियौँ । उक्त भेलामा उमा हमाल र गोपाल काफ्लेको भनाइले सबैलाई आकर्षित गरेको थियो । गोपाल काफ्लेले 'आमा, दिदी, बहिनी हो, कति बस्छौ रोएर ..., यो समाजको दासी भएर ..., सुखको सधैं प्यासी बनेर ..., भन्ने बोलको गीतहरू आफै गितार बजाउँदै गाउँदा र क. उमाले तपाईकी प्यारी छोरीले, क्रान्तिको लागि काम गर्छु आमा नरुनु होला है ...,' भन्ने गीत गाउँदा सबै भाबुक बनेका थिए । सो ठाउँमा पुऱ्याउने र फर्काउने काम टिकाराम पौडेल र मोति पौडेलले गर्नुभएको थियो । यसपछि झन् बाक्लो भेटघाट हुन थाल्यो । मलाई नयाँ साथी बनाउन र अनेमसंघको सदस्यता वितरण गर्न भनेपछि मेरो भित्री मनमा डर लागेकोले मेरा कोही साथी छैनन् भनी जवाफ दिएँ । काम लगाउने कमरेडहरूले साथी पनि छैनन् ? भनी हाँस्नुभयो । वास्तवमा यस्ता कुरा अरुलाई भन्ने र बुझाउने सीप मसँग थिएन ।

## अनेमसंघ हुदै पार्टी संगठनमा

केही महिनापछि मैले पढाउने चितिपानीकै स्कूल नजिकै गुरुप्रसाद उपाध्यायको घरमा अनेमसंघको जिल्ला भेला रहेछ । त्यस ठाउँमा मलाई पनि बोलाइयो । घरको दोस्रो तलाभरि केही पुरुष र धेरै महिलाहरू थिए । भित्ताभरि कलात्मक ढंगले

लेखेका कोटेसनहरू, महिलाको हातमा हत्कडी चुडाल्न थालेको चिन्ह अङ्कीत रातो कपडाको झण्डा टाँसिएको थियो । त्यो ठाउँमा अनेमसंघको जिल्ला तयारी समिति गठन गर्ने उद्देश्यले भेला राखिएको रहेछ । भेला सकिएपछि क. कान्तिको साथमा म, पुष्पा पौडेल, टिकामाया गुरुङसहित चार जना अँध्यारोमै वनको बाटो उकालो लाग्यौं र कुँडापानीस्थित टिकाराम पौडेल सरको घरमा पुग्यौं । भोलिपल्ट बिहानैदेखि हामी बीच बैठक शुरु भयो । क. कान्ति अध्यक्ष, म सचिव, पुष्पा र टिका सदस्य भएर पहिलो पटक अखिल नेपाल महिला संघ जिल्ला तयारी समिति पर्वतको स्थापना भयो । हामीलाई पार्टीभित्र चिन्ने भूमिगत नामहरू राखियो र मेरो नाम ज्योति भयो । यसरी २०४० चैत्र १२ गते ऐतिहासिक रुपले स्थापना भएको संगठनको हामी संस्थापक सदस्य बन्यौं । औपचारिक रूपमा मेरो पार्टी जीवन शुरु भयो । काम सकेर त्यस दिन हामी आ-आफ्नो बाटो लाग्यौं । यसपछि नियमित बैठक बसेर योजना अनुसार महिलाहरूको बीचमा काम गर्न थालियो । २०४१ सालको ७२औं अन्तरराष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च) अम्बोटको चउरमा खुलारूपमा मनायौं । संख्यामा थोरै भए पनि यो दिवस क्रान्तिकारी तरिकाले मनाउन सफल भयौं । कार्यक्रममा चितिपानी र थुमीका महिलाहरूको सहभागिता थियो ।

मैले कामको शुरुवात मेरो जन्मस्थल फलेवास क्षेत्रको देवीस्थान, खानिगाउँ र मुडीकुवामा अनेमसंघको बारे बताउने र सदस्यता वितरणबाट थालें । २०४१ जेठमा पार्टीको गाउँ पार्टी सक्रिय दलमा संगठित भएपछि पार्टी कामको जिम्मा पनि थपियो । शिक्षक, विद्यार्थी, किसान सबैको बीचमा पार्टीको कामलाई पुऱ्याउने, लेबी र सहयोग रकम उठाउने, भूमिगत कार्यकर्ता बस्ने सेल्टरमा आवश्यक पर्ने खाने, बस्ने, सुरक्षा गर्ने, पत्राचार गर्ने र ठूला कार्यक्रम हुँदा कहिलेकाहीँ घरबाट केही खाद्यान्न लिएर जाने पकाउने, खाने व्यवस्था मिलाउने आदि काम गरिन्थ्यो । कामको क्षेत्र बिस्तार हुँदै गयो । क. उमाले केही समयपछि जिल्ला छोड्नुभयो । क. टिकामाया र क. पुष्पा दुबै विद्यालयमा पढ्दै गरेका विद्यार्थी भएकोले अनेरास्ववियूको काममा पनि लाग्नुपर्ने र उमेरले पनि म भन्दा साना भएकोले कामको बढी जिम्मेवारीमा मैले खट्नु पऱ्यो । अब मलाई पर्वत जिल्लाका कार्कीनेटा, ठूलीपोखरी, बितलप, सिल्मी, राम्जा राँपु राम्जा ठाँटी, राम्जा तिलाहार, चित्रे, पाँग, देउपुर, बाजुङ, भुक हुँदै उत्तरमा ताङ्ले मोहरिया, मल्लाज, लेखफाँट, शालिजा, तारेगाउँ, दक्षिणमा पाखापानी, बिहादीसम्म पुगेर अनेमसंघ र नेकपा (माले) को

प्रचार गर्ने, महिलाहरू बीच टोल र गाउँस्तरका कमिटी बनाउने, सदस्यता वृद्धि गर्ने, लेबी सङ्कलन गर्ने र नियमित कामको रिपोर्ट र लेबी बुझाउने कामको जिम्मेवारी आयो। जिल्लामा खुला भएर पनि भूमिगत रुपले धेरै समय खटेर आवश्यक परेको ठाउँमा पुग्ने महिला कार्यकर्ता म एक्लै थिएँ।

### तलबको १० प्रतिशत पार्टी लेवी

२०४२ सालको बमकाण्डले जिल्लामा प्रहरी प्रशासनको दमन, धरपकड, खानतलासी बढ्यो। पार्टी संगठनका गतिविधि सञ्चालन गर्न कठीन हुन थाल्यो। प्रतिकूल परिस्थितिलाई अनुकूल बनाएर क्रान्तिको लागि पार्टीको कामलाई अगाडि बढाउन लाग्नु नै आफ्नो जिम्मेवारी र मेरो दैनिकी भएको थियो। शिक्षक भएर स्कूलमा गर्ने काम क्रमशः घट्न लाग्यो। बेतलबी बिदा लिएर संगठनको लागि हिड्ने र पार्टीको पूर्ण सदस्यता प्राप्त गरेपछि त्यो समयमा पाउने मासिक तलब रु ४४० को १० प्रतिशत लेबी बुझाउने, बाँकी तलब पार्टीका काममा हिड्दा खर्च गर्ने हुँदा घरमा दिने रकम पनि थोरै हुन थाल्यो। विद्यालयमा अर्को प्रधानाध्यापक आउनुभयो। अब मैले लिने बिदा र हिडाइप्रति निगरानी हुन थाल्यो। तर पनि मेरो हिड्ने क्रम रोकिएन। उता घरपरिवारमा छोरी मान्छे घर छोडेर धेरैजसो हिड्ने, जाने ठाउँ र गर्ने काम परिवारमा थाहा नहुने, घरको काममा सघाउने समय घट्दै जाने, जागिर खाएर तलब पनि परिवारले भनेझैं दिन नसक्ने कुराले पारिवारिक सम्बन्धमा अप्ठ्यारो आउन थालेको थियो। यता पार्टी र संगठनको काम झनै बढ्दै थियो। भूमिगत कार्यकर्तालाई घरमा लैजानु पर्ने र खान बस्नको प्रबन्ध सहित सरकारका व्यक्तिहरूले नदेख्ने गरी उहाँहरूलाई लुकाउने जस्ता जिम्मा थपिदै थिए। त्यो समयमा सामान्य जनताले यो काम गर्नु जीवन जोखिममा राख्नु थियो। मनमा डर लागे पनि मेरा आमा बाबुले यी सबै काममा सहयोग नै गर्नुभयो।

२०४३ सालमा अखिल नेपाल महिला संघको पश्चिमोत्तर क्षेत्रीय तयारी समिति (गण्डकी-धवलागीरी)मा मलाई संगठित गरियो। यस समितिमा धवलागीरी अंचलको तर्फबाट म एक्लै थिएँ। यही कारण मेरो कार्यक्षेत्र अब धौलागिरी अञ्चल भयो। यसपछि म कहिलेकाहीँ बाग्लुङ जान थालेँ। क. गोविन्द अधिकारीको सहयोगमा क. भिमा र क. कृष्णमायाको पहलमा महिलाहरूको भेला गरियो। बाग्लुङ बजारमा भिमा र कृष्णा सहितका महिलाहरू राखेर अनेमसंघको गठन भयो।

केही समयपछि म सिंगामा क. टोपबहादुर खड्काको गाउँमा पुगेँ । त्यो घरमा म केही दिन बसेँ र अनेमसंघको समिति गठन गरेर मात्र फर्किएँ ।

२०४३ सालमा राष्ट्रिय पञ्चायतको चुनाब हुने भयो । यो चुनाबलाई उपयोग गर्ने कार्यनीति अनुसार पर्वत जिल्लामा कृष्णप्रसाद भट्टराईलाई जनपक्षीय उम्मेदवार बनाइयो । उहाँको माछा चिन्हमा मत खसाल्न प्रचारको अगुवाई गर्नुपऱ्यो । हरिहर पोखरेल, हरिहर थापा, जगदिश कुँवर, जगत कुँवर लगायत केही विद्यार्थी साथीहरूले खुलेर प्रचारमा सघाए । यतिबेला विकास गौचनको भोटमा असर पर्नेगरी भट्टराईको पक्षमा बोल्नु, विरोधमा उभिनु कठिन काम थियो । हाम्रो पार्टीलाई समर्थन गर्ने गुरुहरू पनि खुलेर हाम्रो पक्षमा बोल्नुभएको थिएन । त्यतिबेला फलेबासी जनता विकास गौचनको पक्षमा एकताबद्ध थिए । एक दिन मेरो बाबाको नजिकको साथी कमलप्रसाद भुसालले मलाई आफ्नो घरको माथिल्लो तलामा राखेर चुनाबको विषयलाई लिएर पहिला संझाउनु भयो, नमानेपछि थर्काउनु भयो । नजिकै एकजना हिमलाल भुसाल बुबा बसेर सुनिरहनु भएको थियो । तर केही बोल्नु भएन । मैले त्यतिबेला जे जति जानेकी थिएँ, विरोध गर्न त्यही गरेँ, एक्लै कोठामा हकार्दा र उहाँले भनेको नमान्दा नराम्रो केही हुने हो कि भनेर मनमा डर लागेको थियो । तथापि, आफ्नो बुबा जस्तो अभिभावक बनेर संझाउने पनि गर्नु भएकाले म आत्तिइन । लामै छलफल पछि निस्केर आफ्नो घरतिर लागेकी थिएँ । हिमलाल बुबा मलाई भेट्न पछिपछि आउनुभयो र भन्नुभयो 'छोरी तिमीलाई नराम्रो लाग्यो कि' मैले निर्भीकतासाथ जवाफ दिएँ, म मेरो बाटो हिड्छु, जे गर्न मन लागेको छ, गर्नोस् भनेर आफ्नो बाटो लागेँ । कामको दौरानमा यस्ता थुप्रै घटना भए । सकेको प्रचार गऱ्यौँ । चुनाबमा हाम्रो पक्षमा जम्मा २४ मत प्राप्त भएछ । यस्तो नतिजा पनि हाम्रो र पार्टीको लागि तत्कालीन समयमा उपलब्धि भएको मान्नु पर्दथ्यो ।

अब फेरि पार्टी र अनेमसंघको काममा लाग्न थालियो । २०४४ सालको अन्तर र्राष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च) विद्यार्थी बहिनी कृष्ण श्रेष्ठको सक्रियतामा क्याम्पस नजिकै खुल्ला ढंगले मनायौँ । मेरो काम नै प्रचार र संगठन निर्माणका साथमा समर्थकहरूको क्षमताको विकास गराउने, अगुवा व्यक्तिहरू छनोट गरी जिम्मेवारी दिने, नयाँ ठाउँमा संपर्क बिस्तार गर्ने, संगठित सदस्यहरूबाट लेबी र चन्दा उठाई माथिल्लो नेतृत्वलाई बुझाउने, भूमिगत बैठक र भेला प्रशिक्षणमा भाग लिने हुन थालेको थियो । यो अवस्थामा आएपछि मात्र मलाई क. किरण गुरुङमार्फत्

पार्टी सदस्य बनाइएको थियो। पूर्ण पार्टी सदस्य बन्न तोकिएका मापदण्ड र समय पूरा गर्नु पर्दथ्यो। त्यतिबेला पार्टीको सदस्य हुनु भनेको कठीन र गौरवको विषय थियो। २०४३ पौष १४ गते बल्ल म पूर्ण पार्टी सदस्य बनेँ। क. किरण गुरुङसँग देश, जनता, क्रान्ति र पार्टीको लागि जीवन समेत वलिदान गर्न तयार छु भनेर शपथ लिएँ। यसको एक वर्ष पछि २०४४ पौष ४ गते क. किरणले क. मोति, क. डिल्ली पौडेल र मलाई राखेर शाखा कमिटी गठन गर्नुभयो।

**जनताको विश्वविद्यालय भन्दै भूमिगत**

जति काम गऱ्यो त्यति जिम्मेवारी थपिने क्रम थियो। बुर्जुवा डिग्री बहिष्कारको नारालाई अनुसरण गरी घरपाइकको क्याम्पसमा पनि उच्च शिक्षा पढिएन। जनताको विश्वविद्यालय जाने र क्रान्तिको काम गर्ने भूमिगत कमरेडहरूको प्रशिक्षणले जागिर छोडेर भूमिगत पेशेवर महिला कार्यकर्ता बनायो। २०४० सालदेखि निरन्तर अर्ध भूमिगत काममा चार वर्ष बितेपछि पर्वत जिल्ला र सिंगो धवलागिरी अंचलले पहिलो र एकमात्र भूमिगत पेशेवर महिला कार्यकर्ता पायो। यसरी २०४५ जेठमा अर्धवार्षिक परीक्षाका कपी जाँचेर रजिष्टर्डमा विद्यार्थीको प्राप्ताङ्क चढाई विद्यालय प्रशासनलाई जानकारी नै नदिई घरपरिवारमा एकतर्फी जान्छु भनी घर छोडेँ।

भूमिगत भएपछि केही महिना पर्वतमै काम गरेँ। २०४५ साउनमा पार्टीको मध्य इलाका कमिटीको सदस्य बनाइयो। यसको भौगोलिक कार्यक्षेत्र उत्तरमा मोदीखोलादेखि दक्षिणमा चिर्दीखोलासम्म थियो। यस कमिटीमा सचिव क. मोति र सदस्य क. अनिरुद्र गौतम र मसहित तीनजना थियौँ। दुबै जना पुरुष कमरेडहरू खुला भएर भूमिगत काम गर्ने पेशामा नै हुनुहुन्थ्यो। जिल्ला कमिटीको तर्फबाट क. किरणले निर्देशन र प्रशिक्षत दिने गर्नुहुन्थ्यो। भूमिगत नेतामध्ये क. किरणसँग निरन्तर तीन वर्ष काम गरेँ। मेरो जीवनको लागि दीर्घकालीन प्रभाव र असर पर्ने मेरा निजी निणर्यहरू जस्तै पेशा छाडेर भूमिगत जाने, भूमिगत कार्यकर्तासँग विवाह गर्ने सबै उहाँकै सल्लाहमा भएका थिए।

अब झन् लुकेर हिड्डुल गर्नु पर्दा सेल्टर चिन्न पनि कठिन हुन्थ्यो। कुनैकुनै घरमा बास नदिदा रातारात हिडेर अर्को सेल्टरमा पुग्नुपर्ने, कहिले हिड्दा हिड्दै बिरामी भएर जंगलको बीचमा झोलाको सिरानी राखी आराम लिनुपर्ने हुन्थ्यो। पर्वतमा सुरक्षाका दृष्टिले २०४५ मंसिरमा स्याङ्जा जिल्लामा अनेमसंघको काम गर्ने गरी

सरुवा गरियो । पर्वतमा गोमा देवकोटा आइपुग्नु भएको थियो । स्याङ्जाको उमा हमाल र दीपालाई अरु नै जिल्लामा पठाइएको थियो । मलाई पनि जहाँ जानु परे पनि सामान्य नै लाग्दथ्यो । स्याङ्जामा अनेमसंघको मेरो अध्यक्षतामा पुनर्गठन भयो । जसमा पद्मा अर्याल, नरकुमारी गुरुङ, सीमा क्षत्री लगायतका साथीहरू हुनुहुन्थ्यो ।

मेरो कार्यक्षेत्रमा सेल्टरहरू संतोषजनक नै थिए । टोल र गाउँ स्तरमा क्षेत्रहरू अनुसार क्रान्तिकारी बुद्धिजीवी संघ, अनेकिसघं, युवा लिग, अनेमसंघ लगायत सबैलाई नेतृत्व गर्ने गाउँ पार्टी सक्रिय दल बनाइन्थ्यो । पार्टीको पूर्ण सदस्य बीचमा शाखा कमिटी बनाइन्थ्यो । थोरैमात्र पार्टीका सदस्य हुने हुनाले पार्टीका कमिटीहरू तीन जनाको पनि हुने गर्दथ्यो । तर मैले पार्टीको काममा धेरै ध्यान पर्दैन थियो । अनेमसंघको काममा भने जिल्लाभर जानु पर्दथ्यो । सामान्य ग्रामिण महिलाका भेषमा सानो झोला बोकेर लुकाउनु पर्ने कागज शरीरभित्र नै लुकाई खतरा लाग्ने ठाउँका बाटाहरू पार गरिन्थ्यो । यसरी पार्टी निर्माणको काम लगातार पाँच वर्षसम्म गर्दा पनि गिरफ्तारीमा पर्नु परेन ।

## पार्टी निर्णयमा विवाह

भूमिगत कार्यकर्ताको व्यक्तिगत जीवनको योजना पार्टी कै निर्देशन अनुसार हुन्थ्यो । जात, धर्म, वर्ग, संस्कार, परम्परागत, शैक्षिक योग्यता आदि कुराहरू प्रमुख बन्दैन थिए । भूमिगत कार्यकर्ताहरू बीच नै विवाह गर्दा सहज हुने कुरा पार्टी नेतृत्वले पहिला नै जानकारी गराएको थियो । २०४४ माघ/फागुन तिर शारदाप्रसाद सुवेदी (विनय, संजय) सँग कुराकानी गर्दा सहमति भएमा विवाह गर्ने गरी हामी दुबैलाई भेट्ने समय मिलाइयो । शुरुमा कस्तो व्यक्ति हुन् भनेर मलाई डर लागेको थियो । पशुपति सुवेदीले शारदा कमरेड भएको ठाउँमा पुऱ्याउनु भएको थियो । भेटेपछि मेरो डर घटेको थियो । तर पनि बीचमा पुनः भेटेर कुराकानी भएपछि मात्र हामी विवाह गर्ने निर्णयमा पुगेका थियौँ । क. किरणमार्फत् हाम्रो विवाहको प्रस्ताव माथिल्लो कमिटीमा पठाएका थियौँ । यसरी क. जीवराज आश्रीतको प्रमुख आतिथ्यमा १६ जना कमरेडहरूको उपस्थितिमा पोखराको पाखाका दामोदर रेग्मीको घरमा २०४६ जेठ २६ गते भूमिगत ढंगले विवाह भयो । यो विवाहमा मेरो तर्फबाट भाइ जगत र शारदाजीको तर्फबाट बहिनी लक्ष्मी मात्र सहभागी हुनुहुन्थ्यो । विवाहको भोलिपल्ट

बिहानै शारदाजी विवाहका अवसरमा प्राप्त उपहारका सामानहरू झोलामा बोकेर पार्टीमा बुझाउन हिड्नुभयो । हामी दुई तीन दिन पोखराको नदिपुरको सँगै बसाइ पछि आ-आफ्नो कार्यक्षेत्रको जिम्मेवारी सम्हाल्न हिड्यौं । कहिलेकाहीँ समय मिलाएर जनताको घरमा भेटघाट गरेर फेरि पार्टी काममै फर्किन्थ्यौं ।

**जनआन्दोलनमा सहभागिता**

२०४६ फागुनमा शुरु भएको समयमा म स्याङ्जा जिल्लामै कार्यरत थिएँ । हरेक दिनको खुल्ला मोर्चामा लड्न जाने जनशक्तिका राँकेजुलुस, कालो झण्डा, पोष्टरहरू, पुत्ला, हस्त लिखित पर्चाहरू तयार गरी आन्दोलनलाई प्रभावकारी बनाउन निरन्तर लागिन्थ्यो । यो आन्दोलनकै बीचमा लक्ष्मीपति पौडेल म भएकै क्षेत्रमा आउनुभएको थियो । हामी दुई जना मिलेर यस क्षेत्रमा आन्दोलनको नेतृत्व गरेका थियौं । पुरुषोत्तम पौडेल, उमेशचन्द्र थापा, थानेश्वर के.सी., ध्रुव अधिकारी, काशी तिवारी, रामबहादुर थापा, ऋषिराम ढकाल, केशव पौडेल, कृष्ण पौडेल, जीवन पौडेल लगायतका थ्रुपै कमरेडहरूले पार्टीलाई सेल्टर दिने लगायत सबै किसिमको सहयोग पुऱ्याउनु भएको थियो । ध्रुव अधिकारीको घरपरिवार र रामबहादुर थापाको परिवारले आफ्नै चेलीलाई जस्तै मायालु व्यवहार गर्नुहुन्थ्यो ।

यसरी गाउँगाउँमा समेत आन्दोलन बिस्तार हुँदै थियो । उमेश थापा, ध्रुब अधिकारी, पद्मा अर्यालहरू गिरफ्तार भएपछि परिवारलाई सम्झाउन पनि पुगेकी थिएँ । अन्ततः आन्दोलन सफल भयो । पञ्चमूलस्थित ऋषिराम ढकालको घरमा बसेर रेडियोमा समाचार सुनिरहेको बेला २०४६ चैत्र २६ गते राति ११ बजे बहुदलीय व्यवस्थाको घोषणा भयो । २७ गतेबाट शुरु भएका विजयसभा र खुशीयाली साटासाट कार्यक्रममा नै २०४७ वैशाख महिना बित्यो ।

धेरै कार्यकर्ता र जनताले गरेको माया र आतिथ्यताले भूमिगत हिडेका कार्यकर्तालाई क्रान्तिको काममा टिकिरहन मद्दत मिलेको थियो । यस्ता खालका थुप्रै योगदान गर्ने घरपरिवारहरूले आफू र आफ्नो परिवारलाई पार्टी काममा लगाउँदै घरलाई सेल्टर बनाउनु भएको थियो । शत्रुका सामु पार्टीलाई क्षति हुनेगरी कुनै गोपनीयता भंग नगर्ने शपथ खाएर काममा जुट्ने हामी सबै कार्यकर्ताहरू पार्टी नेतृत्वको लागि आधार स्तम्भ थियौं । यो त्याग र समर्पणको अभिलेख राख्दा सबैप्रति न्याय हुन्छ ।

बहुदलीय व्यवस्था प्राप्त भइसकेपछि सबै राजनीतिक पार्टीले खुल्ला काम गर्न शुरु गरे । यसपछि म पनि स्याङ्जा जिल्ला पार्टीको जिल्ला संगठन कमिटी सदस्य भएँ । कष्टकर भूमिगत दिनबाट खुला भएर काम गर्न पाउँदा एक खालको खुशी थियो । तथापि फेरिएको परिस्थितिमा नयाँ समस्या आए । म रहेको यो जिल्लाको पश्चिम क्षेत्रमा हाम्रो पार्टी र कांग्रेसका युवाहरू बीच हानाहान र अपरहणसम्मको घटनाले तनाबग्रस्त बनायो । सुरक्षाबलको घेरामा दुई पार्टीका प्रतिनिधि बीच लामो वार्तापछि लिखित सम्झौता गरी उक्त तनाब समाधान गरियो ।

यो इलाकाको सम्पर्क केन्द्र गल्याङ बजार थियो । क्षेत्रको सबै गाउँ घुमेर सकेपछि बचेको समयको बसाइ देवी लामा र उमेश लामाको डेरामा हुन्थ्यो । उहाँहरूले त्यतिबेला पार्टीलाई हर-तरहको सहयोग गर्नुहुन्थ्यो । आफूले काम गरेको यस ठाउँका जनताहरूको जति नै माया भए पनि पार्टीकै आदेशमा आफ्नै जन्मथलो पर्वत जिल्ला गएँ । आ-आफ्नो स्थायी ठेगानामा आम निर्वाचनमा उम्मेदवारीको सम्भावना भएकालाई पठाउने गर्दा त्यहाँ काम गरिरहेका कार्यकर्ताको भावना, जनताको बीचमा गरेको काम, लोकप्रियता र उनीहरूको राजनीतिक भविष्यप्रति पार्टीको नेतृत्वले न्याय गरेन भन्ने लाग्छ । त्यतिबेला अहिले जस्तो पार्टीमा जे जसरी पनि परिस्थितिलाई आफ्नो अनुकूल बनाउन लाग्ने संस्कार बसेको थिएन । नेताहरूले ठिकै गरेका होलान् भनी निर्णयलाई शिरोधार्य गरिन्थ्यो । स्याङ्जा जिल्ला पार्टीले औपचारिक रुपले बिदाइसम्म नगर्दा भने दुःख लागेको थियो । २०४७ कार्तिकबाट पर्वत जिल्ला संगठन कमिटीमा संगठित भएर काम गर्न थालेँ । २०४० देखि २०४५ सालसम्म गाउँगाउँ गएर काम गरेकोले सबै चिने जानेका नेता र कार्यकर्ता हुनुहुन्थ्यो । मलाई नदेखे पनि मेरो नाम सुनेका आफन्त, सँगै पढेका साथीहरू सबैजसो हाम्रो पार्टीमा लागेर सहयोग गरेको कुरा सुन्दा म हर्षबिभोर भएँ !

## महिला उम्मेदवार बनाइएन

२०४६ जेठमा विवाहपछि तुरुन्तै अनेमसंघको राष्ट्रिय परिषदको सदस्यमा मलाई छनोट गरी बैठकमा बोलाइयो । म अनेमसंघको प्रथम राष्ट्रिय सम्मेलनमा सहभागी भइसकेकी र गण्डकी र धवलागिरी पश्चिमोत्तर क्षेत्रीय कमिटीको जिम्मेवारी सम्हालिरहेकी थिएँ । यस कमिटीको अध्यक्ष उमा हमाल हुनुहुन्थ्यो । २०४६ सालको बहुदलीय व्यवस्थाको घोषणा हुने समयसम्म यही कमिटीमार्फत् महिला

आन्दोलनको दुई अञ्चलको नेतृत्व भइरहेको थियो । आम निर्वाचनको तयारी हुँदै थियो । सूर्य चिन्हका झण्डा र पार्टीका झण्डा फहराउँदै र्‍याली र सभाहरू उत्साहजनक थिए । २०४३ सालमा नगण्य मत ल्याएको हाम्रो पार्टीको पक्षमा यस पटक राम्रो उभार थियो । तर पनि थोरै मतले पराजय भयो । जनताको मत हाम्रो पक्षमा राम्रैसँग आएको थियो ।

यस क्षेत्रमा नै क्रियाशील रहेका सात जना महिला भूमिगत रूपमा पार्टी निर्माणमा लागेका थिए । तर, बहुदलीय व्यवस्था अन्तरगत २०४८ को आम निर्वाचनमा दश वटा जिल्लामा एकजना पनि भूमिगत महिला उम्मेदवार बनाइएन । समानताका जतिसुकै कुरा गरे पनि पार्टीपंक्ति पितृसत्तात्मक सोचबाट मुक्त थिएन भन्ने यो पनि एउटा उदाहरण थियो । त्यस घटनाले मनमा चिसो हुन थालेको थियो । तर पनि निर्वाचनमा जिम्मेवारीपूर्वक लागियो ।

**श्रीमानलाई पार्टीको जिम्मेवारी**

विवाह भएर दुई वर्ष बितेको थियो । उमेरले पनि अब बच्चा जन्माउन ढिलो गर्नु हुँदैन भन्ने थियो । त्यसैले अब पारिवारिक जीवनको बारेमा पार्टी कमिटीमा कुरा राखेँ । केन्द्रीय संगठन विभाग प्रमुख क. जीवराज आश्रीतसँग काठमाडौँ केन्द्रीय कार्यालय बागबजार आएर सल्लाह माग्यौँ । तर, आफ्नै तरिकाले चल्नुपर्ने सुझाबले मेरो मन र मस्तिष्कलाई झिरले रोपे जस्तो भयो । पढाइ, जागिर र परिवार सबै त्यागेर सर्वस्व नै पार्टी हो भनेर सबैभन्दा महत्त्वपूर्ण समय क्रान्तिको काममा बिताएका कार्यकर्ताप्रतिको त्यो व्यवहारले मलाई धोखा र विश्वासघात भएको महसुस भयो । पर्वत जिल्ला पार्टीको प्रथम अधिवेसन सकिएपछि कमिटीबाट बिदा भएर पोखरा आउने र आफ्नो पारिवारिक जीवनमा फर्कने कुराले मनमा नियास्रियो । भविष्यको कुनै योजना बिना म आफ्नो बाटो लागेँ ।

यसरी २०४८ सालको माघदेखि मेरो सक्रिय राजनीतिक जीवन समाप्त भयो । श्रीमानलाई पार्टीको काम गर्न छोडी दिएर म पार्टी र अनेमसंघ दुबै जिम्मेवारीबाट बिदा लिएँ । घरपरिवार, बालबच्चा, जागिर, उच्च शिक्षा लगायतमा समय बित्न थाले । आठ वर्षसम्म दिनरात काम गर्दा सिकेका अनुभवहरू मन र मस्तिष्कमा बन्द गरेर राखियो । पार्टी सदस्यता जोगाउनका लागि स्थानीय स्तरमा सहयोगी भूमिका रह्यो ।

भूमिगत कमरेडहरू उमा हमाल, दीपा, गोमा देवकोटा, अष्टलक्ष्मी शाक्य, गोपाल काफ्ले, चक्र पराजुली, किरण गुरुङ, केशवलाल श्रेष्ठ, केशव पौडेल, प्रेमनारायण पौडेल, मलाई चार वर्षसम्म पूर्णकालीन रूपमा पार्टी कामको लागि निरन्तर उत्प्रेरित गरिरहने मोतिप्रसाद पौडेल लगायत सबैको प्रेरणाले त्यतिबेला काममा खटिरहन ऊर्जा मिलेको थियो । त्यतिबेला पार्टी निर्माणमा योगदान गर्ने हामी सबै जनता, कार्यकर्ता र नेताहरूको त्याग र समर्पणले देशलाई निरङ्कुश राजतन्त्रको पञ्जाबाट मुक्त गरिएकोमा मलाई आज पनि गर्व लागेको छ ।

यो संस्मरण हाल दिमागले जे जस्तो सम्झना रह्यो, त्यसैको सँगालो हो । कसैसँग जोडिएर आउने विषयलाई छुटाएको भएमा क्षमा गरिदिनुहोला ! ढिलै भएपनि पछि परेर हराइएका व्यक्तिहरूको घटनालाई सार्वजानिक गरी इतिहासलाई उजागर गराउने प्रकाशक मोतीदेवी स्मृति केन्द्रप्रति हार्दिक शुभेच्छा सहित धन्यवाद ।

***

# राजनीतिक जीवनका पानाहरु: टिका बस्नेत*



जतिबेला म राजनीतिमा होमिएको थिएँ, त्यतिबेला समाजमा नेपाल कम्युनिष्ट पार्टी-माले (हालको एमाले) को प्रभाव बिस्तार हुँदै थियो । भूमिगत रूपमा रहेर पनि जनसंगठनमार्फत् नेकपा माले पार्टीले पञ्चायती शासकहरूको बर्बर दमन विरुद्ध शोषित उत्पीडित जनताको पक्षमा निडरताका साथ आवाज उठाउँथ्यो । पार्टीका नेता, कार्यकर्ताहरूको सादगी जीवन र बोल्ने शैलीले म र म जस्ता धेरै युवाहरूलाई निकै प्रभावित बनाएको थियो । अन्य विकसित मुलुक जस्तै हाम्रो देशको पनि अग्रगामी विकास र जनताको अवस्थामा परिर्वतन हुने कुराले रोमान्चित बनाउँथ्यो । हामीले गरेको संघर्षबाट परिर्वतन ल्याउन सकिन्छ भन्ने कुराले २१ वर्षको उमेरमा म बैंकको जागिर छोडेर २०३९ चैत महिनामा भूमिगत भएँ । मध्यम वर्गीय किसान पारिवारमा एकजना भाइ, तीन दिदीबहिनी र बुबा आमासहित ६ जनाको परिवारमा एउटा जागिरे छोरी घर छोडेर राजनीतिमा जाँदा राजनीतिक चेतना राम्रोसँग उठि नसकेको परिवारमा प्रभाव पर्ने कुरा स्वाभाविकै थियो । त्यसैले जागिर र घर छोडेर राजनीति गर्नु हुँदैन भनेर अभिभावकले धेरै पटक सम्झाउन प्रयत्न गर्नुभयो । भूमिगत भएर पार्टीको काम गर्ने मेरो तीव्र चाहनाको अगाडि उहाँहरूको केही जोर चलेन र म भूमिगत हिडेँ । त्यसपछि भने परिवारबाट सहयोग नै प्राप्त भयो । हाम्रो परिवार पनि पार्टीलाई सहयोग गर्दै आएको सेल्टर भएकोले परिवारलाई कुरा बुझाउन खासै गाह्रो भएन ।

### म भूमिगत भएँ

भूमिगत हुँदा पहिलो पटक सम्पर्क व्यक्तिका रूपमा टुका हमालसँग भेट भयो । उहाँ यस अघि नै भूमिगत भइसक्नु भएको रहेछ । उहाँबाट मैले धेरै कुरा सिक्ने अवसर पाएँ । टुका हमालसँग भेट हुँदा उहाँको भूमिगत नाम आरती रहेछ । उहाँले

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो ।*

मलाई महिलाहरूको हक अधिकार प्राप्तिका लागि हामी आफै अगाडि बढ्नु पर्छ। हाम्रो संघर्षले एक दिन मुलुकको कायापलट हुनेछ। यो कम्युनिष्ट पार्टीले मात्रै गर्न सक्छ भनेर मलाई प्रशिक्षित गर्नुहुन्थ्यो। उहाँका कुराबाट म निकै प्रभावित भएकी थिएँ। आफ्नै उमेर समूहकी आरतीका कुरा बडो उत्सुकताका साथ सुन्ने गर्दथें। टुका हमाल हाम्रो घरमा आश्रय लिएर बस्ने दाइहरू बुद्धिराज पाठक, झलक शर्मा, प्रचण्ड थापाहरूसँगको सम्पर्कमा पहिलादेखि नै हुनुहुँदो रहेछ। उहाँहरूले पनि मलाई बेला बेलामा चीनमा कम्युनिष्ट पार्टीले गरेको विकास र चिनियाँ महिलाहरू, पुरुष सँगसँगै अगाडि बढेका विषयमा बताउनु हुन्थ्यो। मलाई यो विषयमा गरेको कुरा सुन्न र बुझ्न धेरै मन लाग्थ्यो। त्यतिबेला हाम्रो मुलुकमा महिला र पुरुषको बीचमा धेरै खालका विभेद थिए। शिक्षा, स्वास्थ्य, अंश, लगायत सामाजिक रूपमा महिला विरुद्ध विभेदित व्यवहार थियो। ती भेदभावपूर्ण व्यवहारको अन्त्य र महिला अधिकारका कुराले मलाई निकै प्रभावित पारेको थियो। म राजनीतिमा बढी उत्सुक र सक्रिय भएको देखेर मलाई पार्टीले भूमिगत जाने कुरामा प्रेरित गरेको थियो। २०३६ सालमा मेरो राजनीतिक जीवनमा पहिलो पटक विद्यार्थी फाँटबाट सम्पर्क गर्ने व्यक्ति केशरबहादुर खत्री हुनुहुन्थ्यो। त्यतिबेला तत्कालीन पञ्चायती व्यवस्था विरुद्ध खुव नारा जुलुस गरी आम सभामा सहभागी भइन्थ्यो।

म भूमिगत जाँदै गर्दा मलाई कमरेड माओको श्रीमती याङकाई हुई, ली हू लानको जीवनीले प्रेरणा मिलेको थियो। उहाँहरूको जीवनीबारे लेखिएका पुस्तकहरूको अध्ययनले मलाई राजनीतिमा लाग्न दृढ विश्वासी बनाएको थियो। शोषित पीडित महिलाको पक्षमा आवाज उठाउनुपर्छ भन्ने कुरामा सचेत गरायो। म भूमिगत जानुभन्दा अगाडि पार्टीको इलाका कमिटीमा संगठित थिएँ। त्यसमा विद्यार्थी क्षेत्रबाट शिव अधिकारी, इजन बराल, अनेमसंघबाट म अनेकिसंघबाट मोहन बोहरा सहितको पार्टीको इलाका कमिटी बनेको थियो। त्यही बीचमा लमजुङ जिल्ला कमिटिले भूमिगत पठाउने निर्णय गऱ्यो। पार्टीको निर्णयलाई शिरोपर गर्दै मैले बैंकको जागिरबाट राजिनामा गरैं। पार्टीको काम गर्दा हामीलाई त्यतिबेला कुनै पनि कुराको खाँचो हुँदैनथ्यो। जनताको घरदैलोमा जनता कै सारथी बनेर, दुःख सुखका साथी बनेर पार्टी काम गर्दथ्यौँ। यसै बीच २०३९ सालको अन्त्यतिर मलाई र पृथ्वी सुब्बा गुरुङलाई पार्टी जिल्ला कमिटीमा मनोनीत गरियो। त्यस कमिटीको सचिव केशवलाल श्रेष्ठ (रोसन) र उप-सचिव टुका हमाल (आरती) लगायत

महेन्द्रलाल श्रेष्ठ, देवी कार्की, पृथ्वी सुब्बा गुरुङ, टीकादेवी बस्नेत र मोहन बोहरा थियौँ । केशवलाल व्यावहारिक कार्यशैली भएको नेता हुनुहुन्थ्यो ।

केशवलाल कमरेडले पार्टी काममा सँगै हिड्दा पनि राजनीतिका कुराहरू सिकाउनु हुन्थ्यो । सेल्टरमा बस्दा धेरै सुत्नु हुँदैन । पार्टीका दस्तावेज अध्ययन गर्नुपर्छ भन्दै पढ्ने वातावरण मिलाउने गर्नु हुन्थ्यो । काममा हिड्दा हाम्रो खानपान, बसाइ लगायत कुराको बारेमा सोधखोज गर्ने गर्नुहुन्थ्यो । एक किसिमले भन्नुपर्दा उहाँले अभिभावकीय भूमिका निर्वाह गर्नु हुन्थ्यो । हामीले पार्टीको काम गर्दा कैयौँ पटक भोकभोकै पनि बस्नु परेको थियो । त्यसपछि सेल्टरमा खानेकुरा सकिएको समयमा मैले घरबाटै चामल तरकारी लगायत लैजाने गरेँ । जिल्ला कमिटीमा भएका हामी सात जना एउटै परिवारका सदस्य जस्ता थियौँ । हामीहरू टन्न खाना खान पाउँदा होस् या भोकै पर्दा, पार्टी काममा थाकेको अनुभूत गर्दैन थियौँ । त्यो बेलाका हामी युवाले जोस जाँगरसहित गरेको पार्टी कामको प्रभाव आज नेकपा एमालेले लिएको उचाईमा पनि प्रतिबिम्बित भएको छ भन्ने अनुभूतिले गर्व लाग्छ ।

हाम्रो जिल्ला हेड क्वाटर लमजुङको भोटे ओडारको सिख्व भन्ने ठाउँमा थियो । त्यहाँ एकजना वृद्धा आमा बस्नुहुन्थ्यो । उहाँले हामी गएको बेलामा खाने, बस्ने सबै कुराको रेखदेख गर्नुहुन्थ्यो । उहाँलाई पछि पार्टीको आमा भनेर पार्टी जिल्ला कमिटीले घोषणा गरेको थियो । त्यतिखेर बिरलै पाइने सुरक्षित सेल्टरमध्ये लमजुङको भोटे ओडारमा आमाको घर, भोटे ओडारको कुसुण्डेमा विमला सापकोटाको घर, खत्रीनी भाउजूको घरहरू पर्दथे । उहाँहरू आर्थिक रूपमा कमजोर हुनुहुन्थ्यो । तर, पार्टीप्रतिको माया अदम्य थियो । अफसोस अहिले उहाँहरूको मृत्यु भइसकेको छ । कुन्छामा शिव अधिकारी, भोटे ओडारका चित्रबहादुर कार्की, बेशी शहरका महेन्द्रलाल श्रेष्ठ, सारिङका मोहन बोहरा, कमला राना, गिलुङका पृथ्वी सुब्बा गुरुङ, चितीमा फूलबहादुर थापा, मन्जाङका देवी घिमिरे, बाइस जाँगरका नानीमाया थापा, तनहुँ तार्कुघाटमा वैकुण्ठ गुरुङ, तनहुँ तुरतुरेका गुरुङ भाइ लगायतको घर हाम्रो बस्ने सेल्टरहरू थिए ।

कहिलेकाहीँ कतिपय सेल्टरमा बस्न पुग्दा चामल, दाल लिएर गएपछि पकाएर खान दिनुहुन्थ्यो । कतिपय सेल्टरमा ओड्ने कपडा नभएर झ्याल ढोका थुनेर मुढाको आगो बालेर सुत्नु पर्दथ्यो । यसरी गरिबी र अभावका बीच पनि जनताको साथ

पाएका थियौँ । जाडो गर्मी, घाम पानी केही नभनी खुशीले पार्टीको काम गरिन्थ्यो । पार्टीको जिल्ला कमिटीको बैठक परिस्थिति हेरेर चित्री स्वाउतको शान्ता पन्तको घर, भोटे ओडारको आमाको घर र गिलुङको कोलासोथार गाउँमा बस्ने गर्दथ्यो । एक दिनको कुरा हो पार्टी जिल्ला कमिटीको बैठक गिलुङको कोलोसोथारमा बस्ने भयो । हामी सात जना बेशीसहरबाट बिहानै हिंडेको बेलुका गिलुङमा पुग्दा झमक्क साँझ परेको थियो । हामीले टर्च लाइट बाल्न मिल्दैन थियो । त्यतिनै बेला बाटोमा छहरा खसेको खाल्टो परेको रहेछ । त्यो खाल्टोमा डि.बी. कमरेड खस्नुभयो । हामीसँग कुनै उपाय थिएन । अँध्यारो रात थियो । हिउँदको महिना भएर छाँगो खस्ने ठाउँमा पानी थिएन । छामछाम छुमछुम गरेर खाल्टोबाट डि.बी. कमरेड माथि आउन सफल हुनुभयो । यदि वर्षा याम भएको भए थाहा थिएन के घटना घट्ने थियो । सायद हामीले डि.बी. कमरेडलाई गुमाउनु पर्थ्यो कि ! पञ्चायती शासकहरूको क्रूर दमन, दिउँसो पार्टी कामका लागि हिड्दा पक्राउ पर्ने डर, राति राति हिड्दा कहिले जंगली जनावरबाट आक्रमणको डर, कहिले यस्तै खाले दुर्घटनाको शिकार हुनुपर्थ्यो । भूमिगत कालका यस्ता नबिर्सिने घटनाहरू थुप्रै मेरो मानसपटलमा छन्, जुन मैले अहिले शब्दमा उतार्न सम्भव छैन ।

**पिस्करकाण्डले जगाएको जागरण**

२०४० सालको कुरा हो । पिस्कर हत्या काण्डको देशव्यापी विरोध थियो । लमजुङको सुन्दर बजारको कृषि विज्ञान क्याम्पसमा आन्दोलन हाँक्ने विद्यार्थी नेता कोही भएनन् । पहिला एकजना अर्जुन कार्की थिए । त्यतिखेर अर्जुन पनि रामपुर क्याम्पसमा गइसकेका थिए । पार्टी जिल्ला कमिटीले विद्यार्थी फाँटको काम गर्ने जिम्मा मलाई दियो । म बेसीसहरमा जन्मेर हुर्केर त्यहीँको वाणिज्य बैंकमा काम गरिसकेको र सबैसँग चिनजान र सम्पर्क भएकोले विद्यार्थी फाँटमा पार्टीको कामलाई अगाडि बढाउन सक्ने विश्वास गरेको थियो । त्यसैले मलाई कृषि विज्ञान क्याम्पसमा भर्ना हुन पनि निर्देशन दियो । सोही अनुसार म क्याम्पस भर्ना भएँ र विद्यार्थी फाँटमा पार्टी राजनीतिलाई अगाडि बढाउन थालेँ । उक्त क्याम्पसमा देवी घिमिरे सर अध्यापन गर्नुहुन्थ्यो । मलाई उहाँसँग सम्पर्क गरेर कार्य गर्नु भन्ने निर्देशन थियो । सोही अनुसार मैले बेला बेलामा सरसँग सल्लाह लिएर काम गर्थें । तर दुःखको कुरा देवी बितिसक्नु भयो । पिस्कर हत्याकाण्ड विरोधी आन्दोलनलाई हाम्रो क्याम्पस र विद्यालयमा कसरी उठाउने भनेर देवी सर लगायत केही साथीहरू

बसेर छलफल भयो । उक्त आन्दोलनको नेतृत्व मैले गर्नुपर्ने थियो । लमजुङमा भएका सबै विद्यालय र क्याम्पसमा प्रचार प्रसारका साथै आन्दोलन गर्ने काम भयो। त्यस आन्दोलनमा कृष्णभद्र अधिकारी, राम भण्डारी, कल्याणी त्रिपाठी, सुशिला सापकोटा लगायत साथीहरूको सक्रिय भूमिका थियो। कल्याणी त्रिपाठी र सुशिला सापकोटालाई राजनीतिक रूपमा परिपक्व बनाउने काम पनि मैले नै गरेको थिएँ। यसरी भूमिगत भएपछि पनि केही समय पार्टीकै सल्लाहमा खुल्ला भएर विद्यार्थी फाँटमा काम गरेँ।

यस अघि २०३९ सालमा अनेमसंघको अञ्चल स्तरीय भेला कास्की जिल्लाको बेगनासमा भएको थियो। तत्कालीन अवस्थामा गण्डकीको इन्चार्ज पार्टीबाट क. वामदेव गौतम (ग्रीस) हुनुहुन्थ्यो। लमजुङ, कास्की, पर्वत, स्याङ्जा जिल्लाहरूबाट प्रतिनिधित्व भएको त्यस भेलामा क. उमा हमाल (कान्ति) संयोजक र क. दिपा सचिवमा चयन हुनुभयो । त्यस भेलामा कास्की जिल्लामा कार्यरत क. गोमा देवकोटासँग मेरो पहिलो भेट भएको थियो । त्यतिबेला जुठो खायो भने माया बढ्छ भन्ने भनाइ थियो । हामीले सँगै एउटै थालमा खाना खाएको म कहिल्यै बिर्सन्न। केही समय पछि क. वामदेव (ग्रिस) को सरुवा भएर क. जीवराज आश्रीत गण्डकी अञ्चलको संगठक भएर आउनुभयो। क. जीवराज मिलनसार, विवेकी, कुशल संगठक हुनुहुन्थ्यो । जिम्मेवारीको बाँडफाँड गरी, जिल्ला कमिटीका कमरेडहरूको कार्यक्षेत्र तोकिएको थियो। त्यसमा मेरो जिम्मेवारी लमजुङको भोटे ओडार, तार्कुघाट हुँदै तनहुँको बाइसजाँगर देखि तुरतुरेसम्म मेरो कार्य क्षेत्र तोकिए यो भौगोलिक रुपले विकट पहाडी जिल्ला लमजुङ भएकोले एउटा सेल्टरबाट अर्को सेल्टरमा पुग्न ४/५ घण्टासम्म पनि लाग्थ्यो। म त कतिपय ठाउँमा रातबिरात हिंड्दा निदाउँदै हिंड्ने रहेछु। यसरी हामीले पार्टीको काम गर्दा कहिलेकाहीँ सेल्टर बस्ने घरमा खाना खाइ सकेको हुन्थ्यो। त्यसो हुँदा कुनै कुनै सेल्टरमा मायाले मकै भटमास भुटेर दिनुहुन्थ्यो। त्यो खुसी नै लाग्थ्यो। धानको भात कम खान पाइन्थ्यो। मकैको भात, कोदोको ढिंडो खान पाइन्थ्यो । मलाई चाहिँ कोदोको ढिंडो भन्दा मकैको भात मनपर्थ्यो। यसरी मैले २०३६ सालमा विद्यार्थी राजनीति गरेँ। २०३९ सालसम्म जागिर गर्दै साँझ बिहान अर्धभूमिगत रूपमा पार्टी काममा संलग्न भएँ। २०३९ को अन्त्यदेखि लमजुङमा र २०४२ को अन्त्यबाट २०४४ सम्म इलाममा भूमिगत भएर पार्टी काम गरेँ।

## वैवाहिक जीवनमा प्रवेश

यसरी म पार्टीको काम गरिरहँदा मलाई घर परिवारबाट बिहे गर्नुपर्छ भन्ने दबाब आउन थाल्यो । त्यही कुरा मैले पार्टीमा राखें । २०३९ सालको अन्त्यतिर मेरो र क. देवराज घिमिरे (भुवन) भेट गरायो । लमजुङको भोटे ओडारको सिख्रमा हामी दुई जनाको भेट भयो । हामी दुबै एक आपसमा बिहे गर्ने कुरामा सहमत भयौं । तर मेरो बुबा आमाले एकपटक केटा हेर्ने कुरा राख्नुभयो । २०४० सालको अन्त्यतिर देवराजजी मेरो बुबा आमालाई भेट्न जानु भएछ । त्यहींबाट फर्किने क्रममा रामपुर क्याम्पसमा हाम्रो दोस्रो भेट भयो ।

त्यसको वर्ष दिनपछि क. देवराज घिमिरे (भुवन) र मेरो विवाहको टुङ्गो भयो । तत्कालीन अवस्थामा क. झलनाथ पार्टीको महासचिव हुनुहुन्थ्यो । कसरी कहाँबाट विवाह गर्ने भनेर हामी क. झलनाथ खनाललाई भेटन काठमाडौं गयौं । त्यहीं सल्लाह गरे अनुसार विवाह झापामा गर्ने निधो भयो । मैले यो कुरा लमजुङमा गएर पार्टीमा सुनाएँ । लमजुङका कमरेडहरूले विवाह लमजुङमै गर्ने भनेर प्रस्ताव राख्नु पर्थ्यो भन्नुभयो । यसरी हामी सानादेखि ठूलासम्म व्यक्तिगतदेखि सार्वजनिकसम्मका सबै कुराहरू पार्टीको मातहत मै गर्दथ्यौं । कुनै समस्याको हल गर्न पनि सजिलो हुने गर्दथ्यो । २०४२ जेठको १८ गते म र क. टुकाभद्र हमाल (रेखा) दुई जना बिहेको लागि झापातिर हिड्यौं । जेठ १९ गते चारआलिमा बिहान ८/९ बजे तिर पुग्यौं । हामीलाई सम्पर्क गर्ने त्यतिबेलाका विद्यार्थी नेता क. रमेश भट्टराई हुनुहुन्थ्यो । रमेश र विदुर सिवाकोटीसँग भेट भएपछि चारआलीमा कपडा पसलसमेत भएको विदुर सिवाकोटी कमरेडको घरमा गयौं । मैले त्यहीं नै पानी चलाउने कल (टेवुल) र इनार पहिलो पटक देखेको थिएँ । पहाडमा जन्मे हुर्केको भएर मलाई तराईको जनजीवन र रहनसहन खासै थाहा थिएन । तराईमा बसोबास गर्नेहरूको भेषभूषा पनि पहिलो पटक देख्न पाएँ । झापामा राजबंशी समुदायका महिलाहरूले पेटानी बाँधेको देखें । यसरी पूर्व र पश्चिमको रहन सहन, लवाई खवाई बोली चालीमा धेरै भिन्नता भएको पाएँ ।

## कार्यक्षेत्र परिवर्तन भयो

२०४२ साल जेठ २२ गते चारआलीबाट कमरेड हरि कट्टेल (सविनको) नेतृत्वमा इलामतिर लागियो । बेलुका पाँच बजेतिर इलाम पशुपति नगरमा पुग्यौं । सेल्टरमा

कमरेड अमृत बोहरा र कमरेड अष्टलक्ष्मी शाक्य (टीका) लगायत कमरेडहरू हुनुहुन्थ्यो। सबैसँग भेटघाट भयो। पार्टीको भूमिगत कार्यकर्ता भएपछि आफ्नो नाम, थर र बसाईलाई समेत गोप्य राख्नु पर्दथ्यो। 'तपाई कुन जिल्ला, कुन ठाउँको भनेर सोध्न हुँदैनथ्यो।' २०४२ जेठ २२ गते बेलुका पशुपति नगरमा पार्टीको झण्डामुनि बसेर कसम खाएर हाम्रो विवाह सम्पन्न भयो। यो मेरो जीवनको अविस्मरणीय क्षण थियो। त्यसपछि मलाई लमजुङमा फेरि विवाह समारोह गर्न पार्टीबाट निर्देशन भयो। हामी दोस्रो पटक विवाह समारोह गर्न घरबाट म, बुबा, आमा र मंगला बहिनी अनि पार्टीबाट जिल्ला कमिटीका सबै कमरेडहरू चितिको स्ताउत भन्ने ठाउँमा जाँदै गर्दा पृथ्वी सुब्बा गुरुङलाई गिरफ्तार गर्यो। पृथ्वी सुब्बा गुरुङलाई दुई वर्ष जति जेलमा राख्यो। उहाँ जेलबाटै जनपक्षीय उम्मेद्वार भएर २०४३ को राष्ट्रिय पञ्चायत सदस्यमा उम्मेदवार हुनुभयो।

हाम्रो विवाह पश्चात् मलाई लमजुङमा बस्न केही असहज महसुस भयो। २०४२ को अन्त्यतिर पार्टीले मेरो सरुवा इलाममा गर्‍यो। त्यति बेला इलाम जिल्ला कमिटीको सचिवमा कमरेड देवराज घिमिरे (भुवन) हुनुहुन्थ्यो। पार्टीले सायद बुझेरै होला हामी नवदम्पतिको कार्य क्षेत्र एउटै जिल्लामा पारेको थियो। मेरो कार्य क्षेत्र इलामको क्याबुङ मंगलबारे, धुसेनी, इभाङ, सुक्रे आदि तोकिएको थियो। मैले त्यतिबेला पूर्वमा, राजनीतिको चेतना माथि उठेको पाएँ। त्यहाँ सेल्टरहरूमा पनि बस्न, खान सहज थियो। केही ठाउँहरूमा भने म महिला भएको र त्यस क्षेत्रमा पहिला कोही पनि महिला कार्यकर्ता नपुगेको हुँदा संकीर्ण प्रवृत्तिको सामना गर्नुपर्यो। म जाँदा एकजना महिला साथीले उहाँको श्रीमानसँग धेरै शङ्का गरेको पाएँ। यद्यपि, मैले थुप्रै कमरेडहरूसँग काम गरेर पार्टी कामलाई अगाडि बढाइ सकेको थिएँ। बाँकी ठाउँहरूमा मैले मेरो घरकी छोरी बहिनी जस्तै माया पाएँ। उहाँहरूको म प्रतिको व्यवहार र मायाले मलाई काममा प्रेरणा र ऊर्जा थपिन्थ्यो। मलाई इलाममा बसुन्जेल कहिल्यै असहज र असुरक्षित महसुस भएन। एक दिनको कुरा हो, हरि कमरेड र म बेलुकाको नौ बजे क्याबुङबाट जितपुर जाँन हिड्यौं। जितपुरको नजिकै पुग्दा सिमसिम पानी परेको थियो। हामी दुबैको हातमा टर्चलाइट थियो। म अगाडि थिएँ। हरि क. पछाडि हुनुहुन्थ्यो। त्यतिखेर करिब रातको बाह्र बजेको थियो। एउटा भैंसीको पाडो जत्रो जनावर अगाडि आयो। मैले टर्च बालेर हेरें। त्यसले अलि तलतिर झरेर हामीतिर हेरिरह्यो। हामीले ढुंगा खोज्यौं। तर

ढुंगा नभेटे पछि अगाडि बढ्यौँ । पछि बुझ्दा त चितुवा पो रहेछ । डरले हाम्रो त होसहवास नै उड्यो । हामीलाई आक्रमण गरेको भए, के हुन्थ्यो होला । हारगुहार गर्नका लागि वरिपरि बस्ती पनि थिएन । भए पनि हल्ला गर्न प्रहरीको डर हुन्थ्यो । यो पनि मेरो जीवनमा बिर्सि नसक्ने घटना थियो । म इलाम जिल्लामा २०४२ को अन्त्य देखि २०४४ को वैशाखसम्म बसेर काम गरेँ । एकजना हरि अधिकारी भन्ने साथी हुनुहुन्थ्यो । मेरो कार्यक्षेत्र भन्दा उहाँको कार्यक्षेत्रमा काम गर्न अलि कठिन थियो । मेरो कार्यक्षेत्रमा दुध, दही, मोही प्रशस्त मात्रामा खान पाइन्थ्यो । बेला बेलामा मासु खान पाइन्थ्यो । म हरि कमरेडलाई पनि एक दुई दिन मेरो कर्यक्षेत्रमा राखेर मिठो खुवाएर पठाउँथेँ ।

## खुल्ला राजनीतिमा फर्किएँ

पार्टीको काममा क्रियाशील रहेकै बेला गर्भवती भएँ । मेरो बच्चा जन्मने समय भएपछि पार्टीको निर्णय अनुसार २०४४ को वैशाखमा म झापाको घर फर्किएँ । त्यसपछि म खुला भएर सकेको राजनीति गर्न थालेँ । २०४४ को असार २६ गते विराटनगरमा पहिलो बच्चा जन्मियो । त्यतिबेला गुरु बराल, जीवन घिमिरे, राजेन्द्र गौतम लगायत धेरै कमरेडहरूको सहयोग रह्यो । छोरालाई साथीहरूको घरमा छोड्दै कहिले पिठ्युँमा बोक्दै पार्टी कामलाई निरन्तरता दिएँ । सानो बच्चालाई छोडेर जानु पर्दा निकै पीडा हुने गर्दथ्यो । खुल्ला राजनीतिमा प्रवेश गरेपछि पार्टी तथा अनेमसंघको कामलाई अगाडि बढाउने सिलसिलामा मधेशी समुदाय, तराईबासी, राजबंशी, सतार, बंगाली लगायत विभिन्न जातजातिको बसोबास भएको झापाका धेरै ठाउँहरूमा पुगेँ । भद्रपुर नगरपालिकामा राजनीतिक रुपले सचेत सेल्टर थियो । परिवारमा आमा कृष्ण कुमारी भण्डारी कमरेडहरू शेखर, यादव, माधव र दुर्गा, कञ्चन, भावना हुनुहुन्थ्यो । हामीलाई उक्त सेल्टरमा बस्न सहज हुने गर्दथ्यो । आमा भन्सारमा काम गर्नुहुन्थ्यो । उहाँहरूको पत्रिका पसल पनि थियो । भावना पत्रपत्रिका सेन्टर बिर्तामोडमा खास गरी त्यहाँ पार्टीको सम्पर्क स्थान जस्तै थियो । चिठ्ठीपत्रहरू ओसारपसार गर्ने गरिन्थ्यो । आमाको राजनीतिक चेतनाको स्तर देखेर हामी सबै दंग पर्दथ्यौँ । उहाँले रसियन पुस्तकहरू पढ्ने गर्नुहुन्थ्यो । कार्लमार्क्स, एंगेल्स र माओका जीवनीहरू पढ्ने गर्नुहुन्थ्यो र हामीलाई आमाले भ्रष्टाचारको सन्दर्भ जोडेर उपदेश दिदै भन्नुहुन्थ्यो "नानी कहिल्यै पनि आफू तल पर्ने गरी काम नगर्नु, हामी जहिले पनि शिर उँचो पारेर गर्वका साथ बाँच्नु पर्छ ।"

## कामलाई निरन्तरता

अनेमसंघ झापाको पहिलो अध्यक्ष सीता सिलवाल बस्नेत हुनुभयो। उहाँले विश्राम लिएपछि २०४६ सालमा दोस्रो सम्मेलनबाट सात सदस्यीय अनमेसंघ जिल्ला कमिटी झापाको अध्यक्षको जिम्मेवारी सम्हालेँ। २०४५ सालतिर हाम्रो क्षेत्र विष्णु खड्का, चन्द्र पोखेल र तीरबहादुर कमरेडको कार्यक्षेत्र थियो। क. पवित्रा पाठक र मैले नौ वटा पालिका हेर्नुपर्ने थियो। म त्यति खेर कटरडांगी प्रा.वि. मा शिक्षण पेशा गर्थें। हामी पवित्रा पाठक र म रातभरि पार्टी काममा लाग्थ्यौँ। बिहान भएपछि उहाँ चन्द्रगढी मा.वि.मा कक्षा आठमा पढ्न जानु हुन्थ्यो। म कटरडांगी प्रा.वि.मा पढाउन जान्थेँ। २०४६ सालमा देशव्यापी आन्दोलन चर्कँदै गर्दा हामीले ८ मार्चको कार्यक्रमलाई प्रभावकारी रूपमा मनाउने निर्णय गर्‍यौँ। मार्च ८ को कार्यक्रमबाट म लगायत ३२ जना महिलाहरू गिरफ्तारीमा पर्‍यौँ। त्यसमध्ये विशेश्वरा दाहाल, जीवन घिमिरे, अन्जु वर्देवा, बबिता उप्रेती, दिव्यसीरा मैनाली, तारा काफ्ले, कमला श्रेष्ठ, गीता गजुरेल र म लगायत १० जनालाई जेल चलान गर्‍यो। अरु कमरेडहरूको नाम मेरो स्मरण शक्तिले सम्झन नसकेकोमा क्षमा चाहन्छु। जनआन्दोलन सफल भएपछि हामी जेल मुक्त भयौँ।

२०४८ सालमा अनमेसंघ झापाको ११ सदस्यीय दोस्रो सम्मेलन आयोजक समिति गठन भयो। उक्त आयोजक समितिको अध्यक्ष शारदा सापकोटा, सचिव म भएँ। क. मेनुका काफ्ले केन्द्रीय सदस्य हुनुहुन्थ्यो। फेरि २०५२ सालमा सम्पन्न तेस्रो सम्मेलनबाट अध्यक्ष विष्णु खड्का, सचिवमा म आफै रहेको २१ सदस्य जिल्ला कमिटी गठन भयो। २०५३ सालमा सम्पन्न चौथो सम्मेलनबाट अध्यक्ष मेनुका काफ्ले र म नै सचिव रहेको २१ सदस्यीय कमिटी बन्यो।

यसरी म झापामा २०४३ देखि २०५३ सालसम्म जिल्लाको अध्यक्ष र सचिवको भूमिकामा रहेर काम गरेँ। २०४७ सालमा नेकपा (एमाले) जिल्ला कमिटीको सदस्य भएर काम गर्दै गर्दा २०५४ सालमा पार्टीको अनारमनी गाउँ कमिटीको सचिवको जिम्मेवारी लिएँ। २०५४ सालको स्थानीय निर्वाचनमा मलाई अनारमनी गाउँ पालिकाको उपाध्यक्षमा उठ्न झापा जिल्ला कमिटीले निर्णय गरेपछि विद्यालयमा राजिनामा दिएर म चुनाबको प्रचार प्रसारमा लागेँ। तर, त्यस पालिकाका लोकबन्धु कन्दङवाले उठ्न धेरै जिद्दी गरेपछि मैले त्यो जिम्मेवारी फेरि पार्टीसँग सल्लाह

गरेर छोडी दिएँ। राजिनामा स्वीकृत भइसकेको थिएन। म पुनः विद्यालय पढाउन फर्किएँ।

यसरी पार्टीले जे भन्छ त्यही गरेर इमान्दार सिपाहीको रूपमा काम गरियो। मलाई के लाग्छ भने आज हाम्रो पार्टी र संगठनको विकास र बिस्तार भएर यो अवस्थामा आउनु र हामी महिलाहरूले प्राप्त गरेको जे जति अधिकार छ, त्यो सबै एक दुई जना नेताको योगदान र भूमिकाले मात्र सम्भव भएको होइन। भूमिगत कालमा पार्टी र कार्यकर्तालाई जोगाउन सेल्टरदाताहरूको महत्त्वपूर्ण योगदान छ। उहाँहरूले हामीलाई आफ्नै परिवारका सदस्य झैं गरेर राखेकाले हामीले पार्टीलाई यो अवस्थामा पुऱ्याएका छौं। हाम्रा सेल्टरदाताहरूले पार्टी र कार्यकर्तालाई तात्कालीन अवस्थामा प्रहरीबाट नजोगाएको भए हामी सायद यो स्थानमा आउन सक्थ्यौं होला। त्यसकारण म मेरो कार्यक्षेत्रका तमाम सेल्टरदातालाई सम्झन चाहन्छु। नमन गर्न चाहान्छु। हाम्रो राजनीतिक क्रान्ति सफल हुनुमा अहिलेको मात्रै परिस्थितिले होइन विगत देखिकै इतिहास जोडिएको छ।

विगतमा नालापानीको युद्धमा महिलाहरूले बच्चा पिठ्यूँमा च्यापेर अंग्रेज सेनासँग युद्ध गरेको इतिहास साक्षी छ। विधवा विवाहलाई मान्यता दिनुपर्छ भनेर २६ वटा माग सहित जुद्ध शम्सेर समक्ष जाने आँट गर्ने समाज सुधारक क्रान्तिकारी महिला योगमाया न्यौपाने जस्ता महिलाहरूको वलिदानबाट प्राप्त भएको हो। त्यसैगरी पुरुष सरह मतदानमा महिलाको अधिकार हुनुपर्छ भनेर कामाक्षादेवी, साधना प्रधान, मंगलादेवी सहाना प्रधान लगायत हाम्रो अग्रज महिलाहरूको अथक संघर्षको योगदान छ। २०३५/२०३६ को विद्यार्थी आन्दोलन, २०४६ को प्रजातन्त्र प्राप्तिको आन्दोलनमा महिलाको भूमिकालाई मध्यनजर गर्दै २०५४ सालको स्थानीय निर्वाचनमा महिलालाई हरेक वडामा एकजना सदस्य आरक्षणको व्यवस्था भएको थियो। त्यसै गरी २०६२/०६३ को जनआन्दोलनपछि तत्कालीन सांसद विद्यादेवी भण्डारीले राख्नुभएको चार बुँदे जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव सदनबाट पास भयो। जसले राज्यका प्रत्येक संरचनामा महिलाको एकतिहाइ सहभागिता गरायो।

**सम्झनामा आश्रयदाता**

२०२८ साल देखि २०४६ सालसम्म भूमिगत जाने कमरेडहरू, उहाँहरूलाई सुरक्षित राख्ने आश्रयदाता र अन्य कार्यकर्ता र सहयोगीको भूमिकाले आज पार्टी र संगठन

नेपालको पहिलो पार्टी बनेको कुरा हामीले भुल्नु हुँदैन । उहाँहरू हाम्रो प्रेरणाको स्रोत, आँट र भरोसाको केन्द्र हुनुहुन्थ्यो भन्ने कुरा पार्टीका नेता कार्यकर्ताले सम्झनामा राख्न सक्नुपर्दछ। २०७४ मा भएको नेकपा एमाले र माओवादी केन्द्रको समीकरण पश्चात् मलाई नेकपा (एमाले) को केन्द्रीय सदस्यको जिम्मेवारी प्राप्त भएको थियो। एमालेको विधान महाधिवेशनबाट फर्कदा कोरोना र डेंगुको शिकार हुन पुगेँ। त्यसै कारण म दशौँ महाधिवेशनमा उपस्थित हुन सकिन। जसले गर्दा पुनः केन्द्रमा आउन सकिन। त्यसपछि नेकपा (एमाले) कोशी प्रदेश आयोजक कमिटिमा म रहेँ । म अनमेसंघ केन्द्रमा रहेकै अवस्थामा २०७९ मा भएको अनमेसंघको राष्ट्रिय सम्मेलनबाट पुनः केन्द्रीय सदस्य र स्थायी समिति साथै झापाको जिल्ला इन्चार्जको भूमिका निर्वाह गरिरहेकी छु।

हाम्रो राजनीतिक भूमिका बनाइ दिएको आधार क्षेत्रमा अहिलेको पुस्तालाई काम गर्न सहज भएको छ। हामीले विगतमा एकदलीय पञ्चायती शासक विरुद्ध गरेको संर्घषको परिणाम आज मुलुकमा लोकतान्त्रिक गणतन्त्र प्राप्त भएको छ। वाक् तथा अभिव्यक्ति स्वतन्त्रता प्राप्त छ। यो सबै हाम्रै पुस्ताका नेता कार्यकर्ताहरूको त्याग तपस्या, वलिदानको उपज हो । प्राप्त उपलब्धिको संरक्षण उपभोग गर्न अबको पुस्ता अघि लाग्नुपर्छ। इतिहास बिर्सिएर अग्रजलाई गालीगलौज गरेर होइन अग्रजहरूलाई सम्मान गर्दै, सरसल्लाहबाट युवापुस्ता अगाडि बढेमा मात्रै राजनीति सफल हुन सक्छ।

***

# विद्यार्थी हुँदै भूमिगत राजनीतिमाः टुका हमाल*



२०१९ भदौ २२ गते लमजुङको दोर्दी गाउँपालिका-३ (तत्कालीन श्रीमज्याङ गाविस-६) मा जन्मिनु भएकी टुका हमाल बुबा वीरबहादुर हमाल र आमा विष्णु कुमारीको पाँचौँ सन्तान हुनुहुन्छ । सामान्य परिवारमा जन्मिनु भएकी टुकाको बाल्यकाल त्यति सुखमय त हुन पाएन, तर पढ्ने अवसर भने पाउनुभयो । टुकाका तीन दिदीहरू चितवनमा बस्नुहुन्थ्यो । उहाँभन्दा कान्छा दुई भाइ हुनुहुन्थ्यो । सानो भाइलाई झुलुङ्गोमा हल्लाई हेरचाह गर्ने उहाँको काम थियो, तर टुकाको इच्छा भने पढ्न जाने थियो । त्यसकारण उहाँ लुकिलुकी भएपनि स्कूल जाने गर्नुहुन्थ्यो । स्कूल गएपछि बाबुआमाको गाली खाइने डरले उहाँ डराइडराइ घर फर्किनुहुन्थ्यो । टुका भन्नुहन्छ, 'बाल्यकालमा धेरै नै पढ्ने इच्छा थियो । माटो ल्याएर छेस्काले कोरेरै भए पनि लेख्ने काम गरेँ । मैले लेखेको देखेर आमालाई माया लागेछ । तिमीलाई हामी बिहान पढाउँछौँ । दिउँसो तिमीले भाइ हेर्नुपर्छ भन्नुभयो ।'

टुका थप्नुहुन्छ, 'अब भने मेरो पढ्ने इच्छा पूरा हुने भयो भन्ने लाग्यो । बिहान आमाले पिर्कामा माटो राखेर 'क' 'ख' 'ग' सिकाउनु हुन्थ्यो । एक, दुई महिना ट्यूसन पनि पढेँ । बीचमा बाह्रखरी पढेर किताबको अक्षर चिन्न सक्ने, जोड घटाउ गर्न सक्ने भएँ । त्यसपछि शिक्षकले अब स्कूल जानुपर्छ भन्नुभयो । घर नजिकैको काल्नामा अढेस लागेर लुकिलुकी भए पनि स्कूल जान थालेँ ।'

स्कूलमा टुकाकै सानो बुबाले पढाउनुहुन्थ्यो । दुई-तीन दिन स्कूल गइसकेपछि उहाँ शिशु कक्षामा भर्ना हुनुभयो । स्कूलमा सानो बुबाले उहाँको पढाइ लेखाइ हेर्नुभयो । त्यसपछि शिशु कक्षाबाट एक कक्षामा राखिदिनुभयो । त्यहाँ पनि उहाँ पढ्न सबैभन्दा तेज हुनुहुन्थ्यो । उहाँलाई एकैचोटि तीन कक्षामा राखियो । तीन कक्षामा उहाँ प्रथम हुनुभयो ।

प्रथम भएर चार कक्षामा गएपछि कोर्स पनि उहाँलाई गाह्रो लाग्न थाल्यो । तर, पनि

** यो आलेखको संयोजन सम्झना पौडेलले गर्नुभएको हो ।*

उहाँले हिम्मत हार्नु भएन । उहाँ कस्सिएर पढ्न थाल्नुभयो । छोरी पढ्न थालेको देखेपछि उहाँका बुबालाई पनि छोरी पढ्न इच्छुक रहिछ भन्ने लाग्यो र थप कक्षा पढाउने सोच बनाउनु भयो । त्यसपछि पाँच कक्षासम्म उहाँले गाउँकै लक्ष्मी निम्न माध्यमिक विद्यालयमा पढ्नुभयो ।

सात कक्षा पास गरेपछि त्यहाँ थप पढाइ हुँदैनथ्यो । उहाँ पढ्नको लागि चितवन जानुभयो । त्यसपछिको पढाइ उहाँको चितवनमै भयो । उहाँ गितानगरको अरुणोदय माध्यमिक विद्यालयमा पढ्नुहुन्थ्यो । त्यहीँबाट उहाँले २०३७ सालमा एसएलसी दिनुभयो । एसएलसीपछि उहाँ पार्टी राजनीतिमा सकृय हुनुभयो ।

## उच्च शिक्षाको यात्रा

एसएलसीपछि उहाँ क्याम्पस पढ्न थाल्नुभयो । क्याम्पसमा पढ्दा पनि उहाँ राजनीतिमा सक्रिय हुनुभयो । चितवनमा भएको अनेरास्ववियु पाँचौंको प्रथम सम्मेलनबाट टुका जिल्ला सचिवमा निर्वाचित हुनुभयो । टुका भन्नुहुन्छ, 'त्यतिबेला अध्यक्ष देवी ज्ञवाली हुनुहुथ्यो, म सचिव । पार्टीले विद्यार्थीलाई अर्ध-खुला भएर काम गर्नुपर्छ भनेर अह्राउँथ्यो । हामी सोही अनुसार नै काम गर्थ्यौं ।'

टुका तत्कालीन समयमा पार्टीमा बसेर काम गर्न सहज नभएको बताउनुहुन्छ । उहाँ थप्नुहुन्छ, 'त्यतिबेला कार्यकर्ताको अभाव थियो । भर्खरै माले पार्टी बनेको थियो । पार्टीले प्रेसर गऱ्यो । हामीले अर्ध-खुला भएर काम गऱ्यौं । काम गर्दा अलि बढी एक्सपोज भइसकेपछि तत्कालीन पञ्चायती प्रशासनले हामीमाथि निकै नै दमन गर्न थाल्यो ।' अनेरास्ववियुले २०३७ चैत १४ गते देशव्यापी आन्दोलन गऱ्यो । काँकडभित्ता जाने दुईवटा बस बिहान १ बजे नारायणगढबाट छुट्थे । ती बसलाई भेट्न अनेरास्ववियुको टोली रातिको १२ बजे त्यहाँ पुगेर बस रोक्ने काम गरियो । त्यो थाहा पाएपछि प्रशासनको आँखा पऱ्यो । टुका थप्नुहुन्छ, 'त्यो बेला बस रोक्न जाने देवी ज्ञवाली र म थियौँ । यसको नेतृत्व गर्ने यिनीहरू हुन् भनेर प्रशासनले झन् दमन गर्न थाल्यो ।'

## भूमिगत जीवन

चितवनमा प्रशासनले धेरै नै धरपकट गर्न थालेपछि उहाँलाई पार्टीले भूमिगत हुन आग्रह गऱ्यो । पार्टीले पहाडि जिल्लामा गएर काम गर्दा सुरक्षित हुने सुझाव दियो ।

त्यसपछि उहाँ २०३८ सालमा भूमिगत हुनुभयो । भूमिगत भएर लमजुङ जानुभयो । लमजुङलाई नै कार्यक्षेत्र बनाएर काम गर्न थाल्नुभयो । लमजुङमा इलाका कमिटीमा रहेर उहाँले काम गर्नुभयो । इलाका कमिटीमा उहाँ सचिव हुनुहुन्थ्यो । त्यसपछि पार्टीले उहाँको आवश्यकता महसुस गऱ्यो । उहाँ जिल्ला कमिटीमा जानुभयो । पार्टी उपसचिव भएर काम गर्नुभयो । सो बेला सचिवमा केशवलाल श्रेष्ठ हुनुहुन्थ्यो । टुकाले निरन्तर उपसचिव भएर पार्टीमा काम गर्नुभयो । २०३८ फागुनमा लमजुङ जिल्लाको अनेरास्ववियुको दोस्रो जिल्ला सम्मेलन भयो । त्यसमा पनि उहाँ जिल्ला सचिव भएर काम गर्नुभयो ।

**प्रहरीलाई कब्जामा लिँदा**

भूमिगत अवस्थामा पार्टीले दुई कार्यकर्तालाई लमजुङ बाहिर पठाएको थियो । टुका लगायतका साथी लिन जानुपर्ने भयो । सोही क्रममा पार्टीका जिल्ला सचिव केशवलाल श्रेष्ठलाई प्रहरीले लमजुङ तनहुँको सीमाना पाउँदी नजिकैबाट गिरफ्तार गऱ्यो । केशवलालका सबै डकुमेन्ट टुकाकै झोलामा थिए । टुका भन्नुहुन्छ, 'मैले त्यो झोलालाई डम्पिङ गर्ने व्यवस्था तत्कालै गरेँ । किनकि झोला प्रहरीले फेला पाऱ्यो भने झन् समस्या पर्न सक्थ्यो । सदरमुकाम बेसीशहर जान चार पाँच घण्टा लाग्थ्यो ।

त्यसपछि उहाँले चार-पाँच जनाको एक्सन टिम बनाउने योजना बनाउनुभयो । एकजना भूतपूर्व सैनिक साथी पनि हुनुहुन्थ्यो । उहाँलाई बढी आइडिया थियो । हामीले पनि पार्टीमा तालिम लिएका थियौँ । हामीलाई पार्टीले आत्मरक्षाको तालिम दिएको थियो । जस्तो निशाना लगाउन र तेक्वान्दो सिकाएको थियो । किनकि निरकुंश तानाशाहीको बेला कति बेला आक्रमण हुन्छ थाहै हुँदैनथ्यो । त्यतिबेला हामीसँग घरेलु हतियार थियो । त्यसपछि हामी त्यही घरेलु हतियार लिएरबीच बाटोबाटै उनीहरूलाई उछिन्यौँ । उदीपुरको दलाल चिप्लेटीबाट उनीहरूलाई हामीले उछिन्यौँ । जंगल भएको ठाउँमा गएर बस्यौँ । प्रहरीसँग भरुवा बन्दुक मात्रै थियो ।'

टुका थप्नुहुन्छ, 'प्रहरीको घरेलु हतियार हामीले कब्जामा लियौँ । केशवलाललाई छोड्छौ भने छोड, नत्र हामी तिमीहरूसँग भिड्न तयार छौँ भन्यौँ । उनीहरू तीन जना मात्र थिए । हामी पाँच जना थियौँ । त्यसपछि उनीहरूले केशवलाई छोडे । हामीले मुद्दा लाग्ला भनेर उनीहरूका हतियार फिर्ता दियौँ । हामी राताराता कास्की पुगेर

बस्यौं ।' त्यसपछि पनि टुकाले भूमिगत हुँदै जिल्ला कमिटीको उपसचिवमा रहेर तीन/चार वर्षसम्म काम गर्नुभयो । २०४३ सालमा जनपक्षीय उम्मेद्वारको रूपमा पार्टीले पृथ्वीसुब्बा गुरुङलाई राष्ट्रिय पञ्चायतको निर्वाचनमा उठायो । तर उहाँ पराजित हुनुभयो । त्यसपछि स्थानीय तहमा केहीले भने जित्नुभयो । यसरी जित्नेमा तत्कालीन पार्टी सदस्य गुमानसिंह अर्याल लगायत हुनुहुन्थ्यो । टुका भन्नुहुन्छ, 'हामीले पार्टीको प्रभावलाई क्रमशः बढाउँदै लग्यौं । लमजुङ जिल्ला कांग्रेसको वर्चस्व भएको जिल्ला भएपनि २०६४ साल र २०७० को निर्वाचनमा एमालेले एक सिट विजय हासिल गऱ्यो ।

**बुबाको प्रेरणा**

टुकाको बुबा गाउँमा समाजसेवी हुनुहुन्थ्यो । कसैलाई केही अप्ठ्यारो पर्दा गाउँलेले सम्झने टुकाका बुबा वीरबहादुर नै हुनुहुन्थ्यो । उहाँ सामाजिक क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो । जसबाट टुकाले पनि सामाजिक काम गर्न सिक्नुभयो । साथीका बुबा नरबहादुर खाँणले पनि राजनीतिमा लाग्न प्रेरणा दिनुभएको टुका बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'नरबहादुर खाँणकी छोरी उषा खाँण पनि हामीसँगै स्कूल पढ्थ्यौं । उषाका बुबाले मलाई बोलाउन पठाउनुहुन्थ्यो । कम्युनिष्ट पार्टीमा लाग्नुपर्छ भनेर प्रेरणा दिनुहुन्थ्यो । मलाई चिनियाँ क्रान्तिका पुस्तक पढ्न दिनुहुन्थ्यो । जसले गर्दा मलाई समाजसेवामा लाग्न क्रान्ति जरुरी रहेछ भन्ने भाव आयो ।' टुका थप्नुहुन्छ, '५० रुपैयाँको तमसुक भन्ने पुस्तककै आधारमा हामीले ठाउँठाउँमा नाटक पनि देखायौं । झिसमिसे एकांकी पनि देखायौं । विद्यार्थी आन्दोलनमा भित्ते लेखन गर्ने, भाषण गर्ने, ठाउँठाउँमा हामीले कार्यक्रम गर्थ्यौं । जसले आम मानिसहरूलाई पार्टीमा लाग्न प्रोत्साहित गर्थ्यो ।

भूमिगत कालमा धेरै नै संघर्ष भोग्नुपरेको टुका बताउनुहुन्छ । कयौं पटक भोकभोकै हिँड्नु पऱ्यो, चिया खान पनि पैसा हुँदैनथ्यो । उहाँ भन्नुहुन्छ, '२०३९/४० सालको घटना हो । बेसीशहर गैरी भन्ने ठाउँमा एउटा सानो चिया पसल थियो । चिया खान मन लाग्यो । २५ पैसाको एक कप चिया पाइन्थ्यो । तर मसँग पाँच पैसा मात्र थियो । पाँच पैसाले के गर्ने ? चिया पसलमा धेरै मान्छे आए, गए । मलाई चिया खान मन लाग्यो । मैले तातो पानी दिन सक्नुहुन्छ भनेर मागेँ । पसलेले तातोपानी दिए । पाँच पैसा छ मसँग । चिया र चिनी दिन सक्नुहुन्छ भने । त्यसपछि उहाँलाई दया लागेछ ।

चियाको पैसा पर्दैन । चिया खानुहोस् भन्नुभयो र चिया दिनुभयो ।' टुका थप्नुहुन्छ, 'पार्टीले हामीलाई खर्च गर्ने भनेर पैसा दिँदैनथ्यो । हिँड्ने बेलामा सेल्टरका साथीले खाजा खर्च भनेर आफ्नै खल्तीबाट दश/बीस रुपैयाँ दिनुहुन्थ्यो । केही लेबी उठेका हुन्थे । पार्टीका सदस्य आठ दस जना मात्रै थियौँ ।

**खोलाले बगाउँदा**

भूमिगतकालमा तनहुँ तुरतुरेको फाउँदी खोलाले आफूलाई बगाएको घटना टुका सम्झनुहुन्छ । टुका भन्नुहुन्छ, 'पोखराबाट आउँदै थियौँ । डुम्रेबाट हिँडेर आउनुपर्थ्यो । बेसीशहर आइपुग्न ४२ किलोमिटरको बाटो । जब डुम्रेबाट आठ दस किलो मिटरको बीचमा फाउँदी खोला छ । पानी परेको थियो । खोलाभन्दा ३० मिटर तल मर्स्याङ्दी नदी । धेरै ठूलो पानी परेकाले धेरै भरिया पनि रोकिएर बसेका थिए । म छाता ओडेर बसेकी थिएँ । मैले ती भरियालाई तारिदेऊ भन्न सकिन । एकजना भरिया तरेको ठाउँभन्दा उपल्लो पट्टिबाट तर्न खोजेँ, तर मलाई बगायो । छाँगाबाट खसाल्यो । एकजना भरिया आफ्नो भारी छोडेर मलाई समाउन आइपुगे । उनले मलाई बचाए । खोलाले बगाउँदा मैले पानी खाएको थिएँ । मेरो होस् नै उडेको थियो ।' टुका थप्नुहुन्छ, 'खल्तीमा दुई सय रुपैयाँ थियो । मैले मेरो जीवन बचाइदिनुभयो भनेर उनैलाई दिएँ । उनी नभएको भए म आज बाँच्ने थिइन । त्यो स्थितिबाट म बाँचेँ । अहिले नाफाको जिन्दगी हो, जस्तो लाग्छ । त्यहाँबाट आएर साँझ सेल्टरदाताको घरमा बसेँ । एक दुई दिन त्यहाँ बसेर आराम गरेपछि काममा लागेँ ।'

**शिक्षकले छेक्दा**

भूमिगत हुँदा एकपटक बीच जंगलमा शिक्षकले छेकेको घटना उहाँ सम्झनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'एकजना शिक्षक बाटो छेक्न आइपुगे । बीच जंगल थियो । डरले अत्तालिएँ । एउटा ढुंगा भेटेँ । अलि माथि गएर ढुंगाले हानेर म भागेँ । दिमागले काम गर्न छोड्यो । तल गइसकेपछि एकजना वृद्ध बुबासँग भेट भयो । आत्तिएको देखेपछि सबै कुरा सोध्नुभयो । उहाँसँगै परसम्म गएँ । खोला तरिसकेपछि चिया खान दिनुभयो । यहीँ बस्नुस् भन्नुभयो । एक दुई दिन त्यहीँ बसेँ । तर, बाटो छेक्ने शिक्षकको नाम उहाँले पत्ता लगाउन सक्नु भएन । 'पार्टीले खोजी गर्दा ती शिक्षक लामो समय स्कूल गएनछन् । स्कूलबाट पनि सरुवा मागेका रहेछन् । कहाँ पुगे थाहा

भएन,' उहाँले भन्नुभयो। भूमिगत हुँदा यस्ता धेरै घटना घटेको टुका बताउनुहुन्छ। टुका भन्नुहुन्छ, 'त्यतिबेला कार्यकर्ताहरूमा पैसाको अभाव थियो। तर पनि उच्च मनोवलका साथ काम गरियो खटियो संघर्ष गरियो।'

**विवाह गर्न दबाब**

टुकालाई राजनीतिमा लाग्न बुबाको साथ सहयोग थियो। आमा भने छोरी बाहिर निस्कन हुँदैन भन्नुहुन्थ्यो। बुबाको साथले नै उहाँलाई राजनीतिमा लाग्ने मनोबल बढेको थियो। उहाँलाई आमाले पार्टी छोड्न दबाब दिने गरेको बताउनुहुन्छ। आमाले साथीलाई समेत सम्झाउन पठाउनुहुन्थ्यो। तर, पनि उहाँलाई सही ठाउँमा समाज परिवर्तनका लागि लागेकी छु भन्ने थियो। पछिल्लो दिनमा भने बुबाआमा दुबैले सहयोग गरेको टुका बताउनुहुन्छ।

भूमिगत भएर लमजुङ आएपछि छोरीलाई बिहे गर्नुपर्छ भन्ने टुकाका आमाबुबालाई पनि थियो। एकपल्ट पार्टीकै काममा गाउँमा जाँदा घरबाट फर्कन नदिने योजना बनेको टुका बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ,'म पार्टीका काममा धेरै अगाडि बढिसकेँ। अब मलाई नरोक्नुस् भनेँ। त्यसपछि परिवारले नमान्ने स्थिति रह्यो। छोरी भइसकेपछि तैले पनि हामीले भनेको मान्नुपर्छ। हामीले भनेको जस्तो गर्नुपर्छ भन्ने कुरा भयो। बुबाआमाले विवाह गर्ने भनेर केटा पनि खोज्नु भएको रहेछ। मैले विवाह गर्ने भए म मेरै कम्युनिष्ट पार्टीको केटासँग गर्छु। हैन भने मलाई पढ्न दिनुस् भनेँ। त्यसपछि घरपरिवारले पढ्न मञ्जुरी दिए। म फेरि कलेज पढ्न थाले। म पारिवारिक दबाबले गर्दा नजर बन्द जस्तै भएकी थिएँ। कलेज गएपछि पनि पार्टी बुझ्न आएको थियो। पार्टीलाई सबै कुरा बताएँ। त्यसपछि पार्टीको काममा पनि संलग्न भएँ।' टुकाले २०४६ साउनबाट भरतपुरस्थित वीरेन्द्र क्याम्पसमा पढ्न थाल्नुभयो। २०४६ फागुनमा आन्दोलन सुरु भयो। त्यहीँबाट उहाँले आन्दोलन पनि सुरु गर्नुभयो। वीरेन्द्र क्याम्पसबाटै उहाँको बीएसम्मको पढाइ पूरा भयो। त्यसपछि उहाँ फेरि राजनीतिमा नै होमिनुभयो। केही समय काठमाडौँ आएर बस्नुभयो। काठमाडौँ रहँदा लमजुङ-काठमाडौँ सम्पर्क मञ्चको सचिव भएर काम गर्नुभयो। त्यो बेला अध्यक्ष गोविन्द तिवारी हुनुहुन्थ्यो। पार्टीले लमजुङमा तपाईंको खाँचो खड्कियो भन्यो। गण्डकी अञ्चलले निर्णय गरेपछि उहाँ पुनः लमजुङ फर्किनुभयो। लमजुङमा पार्टीको जिल्ला कमिटी, अञ्चल कमिटी हुँदै २०६५ सालमा आठौँ

महाधिवेशनमा केन्द्रीय समितिमा निर्वाचित हुनुभयो । गण्डकीको सह-इन्चार्ज भएर काम गर्नुभयो । टुका भन्नुहुन्छ, 'त्यतिबेला हामीले पार्टीको काम राम्रोसँग गर्‍यौँ खटियौँ । पार्टीलाई गण्डकीमा धेरै ठाउँमा जिताउन हामीले पहल गर्‍यौँ ।

नवौँ महाधिवेशनमा गुटगत गतिविधिका कारण दुई भोटले टुका केन्द्रीय समितिमा पराजित हुनुपर्‍यो ।' त्यसपछि पनि पार्टीले उहाँलाई सल्लाहकार परिषद्को सदस्य बनायो । उहाँ दशौँ र एघारौँ महाधिवेसनबाट केन्द्रीय कमिटी सदस्यमा निर्वाचित हुनुभयो ।

आफ्नो कार्यक्षेत्र लमजुङलाई नै बनाएर काम गर्ने क्रममा टुका २०७० सालमा समानुपातिकबाट संविधान सभा सदस्य हुनुभयो । उहाँ थप्नुहुन्छ, 'त्यतिबेला टिम राम्रो थियो । लमजुङमा हामीले राम्रा काम पनि गरेका थियौँ । विकास निर्माणका काम पनि गरेका छौँ ।' वि.सं २०५४ सालमै जिविसको सदस्य भएर उहाँले काम गर्नुभयो । २०५९ सम्म लमजुङ क्षेत्र नं. १ मा (हाल प्रदेश 'क') मा सडक थिएन । त्यतिबेला ट्र्याक खोल्न उहाँ तार्कुघाट सेरा छोटेखोला उपभोक्ता समितिमा सर्वसम्मत अध्यक्ष हुनुभयो ।

## होसियारी अपनाउँथे

उहाँलाई प्रहरीले धेरै नै खोज्थ्यो । तर पनि गिरफ्तार गर्न सकेन । उहाँ थप्नुहुन्छ, 'म अलि चलाखी अपनाउँथेँ । गिरफ्तारीमा पर्दा सजाय खाइन्छ भनेर पार्टीले सचेत गराएको थियो । गिरफ्तार भइसकेपछि पार्टीबाट कारबाही हुने थियो । कारबाहीबाट जोगिन पनि म होसियारी अपनाउँथेँ ।' उहाँ भन्नुहुन्छ, '२०३८ सालमा अनेरास्ववियुको छैटौँ राष्ट्रिय सम्मेलन हुँदा काठमाडौँमा दुई रात हिरासतमा राखेर छोडिदियो । निरङ्कुशता विरुद्धको आन्दोलनमा पुल्चोकमा दुई रात राख्यो । म होसियारी अपनाउँथे । कारबाही कुनै हुन नपरोस् भन्ने गर्थें र त्यसै अनुरुप सचेत थिएँ ।'

## अनेमसंघमा काम गर्दा

टुकाले अनेमसंघमा लामो समय काम गर्नुभयो । २०३८ सालबाट २०४५ सम्म अनेमसंघ लमजुङको अध्यक्ष हुनुभयो । त्यसपछि बीचमा पढ्न जानुभयो । पढाइ सकेर फर्किएर आउँदा पनि उहाँ फेरि अध्यक्ष हुनुभयो । यसरी उहाँले लमजुङमा

अनेमसंघको अध्यक्ष पदमा रही पन्ध्र/सोह्र वर्षसम्म काम गर्नुभयो। काठमाडौंमा भएको पाँचौं राष्ट्रिय सम्मेलन २०६० मा उहाँ केन्द्रीय कमिटी सदस्य हुनुभयो। २०६७ मा पोखरामा भएको छैटौं राष्ट्रिय सम्मेलनमा उहाँले व्यवस्थापकीयको मुख्य जिम्मेवारी पाउनुभएको थियो। सो सम्मेलनबाट उहाँ केन्द्रीय उपाध्यक्ष हुनुभयो। त्यसपछि उहाँ गण्डकी प्रदेशको इन्चार्जका रूपमा सातौं राष्ट्रिय सम्मेलन आयोजक कमिटीमा रहनुभयो। त्यसपछि उहाँ अखिल नेपाल महिला सघ (अनेमसंघ) को केन्द्रीय अध्यक्ष हुनुभयो।

## बिरामी आमालाई भेट्न जान नपाउँदा

टुका हमालले आमाको निधन हुनुपूर्व मुखसम्म हेर्न पाउनु भएन। उहाँ भन्नुहुन्छ, '२०६५ सालमा आमाको निधन भयो। पार्टीको केन्द्रीय कमिटीको सदस्य थिएँ। जिल्ला अधिवेशन गर्नुपर्ने थियो। तनहुँको अधिवेशन सकेपछि गोरखा जिल्लाको अधिवेशन सुरु भएको थियो। आमा बिरामी भएर चितवन सीएमसी हस्पिटलमा भर्ना गरिएको थियो। आमालाई भेट्न जान पार्टीसँग सल्लाह पनि गरेँ। तर, पार्टीको यस्तो स्थिति छ। तपाईं आमा भेट्न जान पाउनुहुँदैन भन्ने कुरा भयो। व्यक्तिगत स्वार्थलाई बाहिर राखेर पार्टीलाई घाटा हुन्छ भने जान्न भन्ने मलाई लाग्यो। गोरखा जिल्लाको अधिवेशनको उद्घाटन सत्र सकियो। बेलुका भाइले फोन गरेको थियो। भोलिपल्ट बिहान आमालाई भेट्न जाने सोंच बनाएकी थिएँ। तर मेरो सोंच आमालाई भेट्न जाने योजना सफल हुन सकेन। म भेट्न जानु अगावै भाइले आमा बितिसक्नु भएको दुखद् खबर फोनमार्फत जानकारी गराए। यसरी अन्तिम समयमा आमाको मुख समेत हेर्न नपाउँदा आज पनि पछुतो लागिरहन्छ।'

## पार्टीमा पुरुषवादी चिन्तन

टुका पार्टीमा अझैं पनि पुरुषवादी चिन्तन हावी रहेको बताउनुहुन्छ। उहाँ थप्नुहुन्छ, 'पितृसत्तात्मक समाज छ। अहिले पनि घरपरिवारले महिलालाई 'राजनीतिमा नजाओस्' भन्ने चाहन्छन्। समाजमा पुरुषवादी चिन्तनलाई हटाएर महिला अगाडि बढ्न सक्नुपर्छ। महिलालाई नेतृत्वबाट निर्णायक ठाउँमा जान दिनुपर्छ भन्ने भावनाको अहिले पनि कमी नै छ।' आजसम्म पनि अविवाहित नै रहनुभएकी टुका विवाह गर्दा राजनीतिबाटै टाढा हुनुपर्ने होकि भनेर आफू विवाह बन्धनमा नबाँधिएको बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, 'वैवाहिक जिन्दगीमा रहँदा परिवारमा बाँधिन्छु। आन्दोलनबाट टाढा हुन्छु भन्ने सोचले बरू अविवाहित नै रहेर राजनीतिक आन्दोलनमा लाग्छु भन्ने सोच आयो र त्यसै अनुरुप अविवाहित बसियो। 'हिजो राजनीतिमा लाग्दा निरकुंश तानशाही व्यवस्था रहेको र त्यस्तो अवस्थामा आफूहरूले राजनीति सुरु गरेको टुका बताउनुहुन्छ। उहाँ थप्नुहुन्छ, 'नेपालको शासन व्यवस्था यति छिट्टै परिवर्तन होला भन्ने लागेको थिएन। वर्तमान परिप्रेक्ष्यमा भन्ने हो भने नेपाली जनताको चेतनास्तर अगाडि बढेको छ। देशमा लोकतन्त्र, गणतन्त्र आयो। हामी संविधान बनाउन सफल भयौँ।'

उहाँ थप्नुहुन्छ, 'पुरुष र महिला बराबरी हो। समाजमा महिलालाई अगाडि नबढाई परिवर्तन सम्भव छैन।' महिला र पुरुष एक ढिक्का भएर अगाडि बढ्नुपर्दछ। समृद्ध समाज निर्माणको लागि राजनीतिमा महिला र पुरुषको समान अस्तित्व स्वामित्वसहितको अधिकार हुन आवश्यक छ।

***

# दमनको तापले रापिएको जीवन : देउकला राई*



इलामको रक्सेचित्रे, साबिक साब्जुङ गाउँपञ्चायत वडा नम्बर ७ (हाल देउमाई नगरपालिका-२) मा आमा पद्‌मश्वरी राई र बुबा जंगवीर राईको छोरी देउकला राई, पञ्चायत कालरात्रीमा पूर्वको क्षितिजबाट उदाएको सूर्य हुनुहुन्छ। परिवर्तनको यात्रामा असह्य यातना भोग्नु भएको देउकला राई, आफ्ना शहीद दाजुहरू (रत्न कुमार बान्तवा र बम बान्तवा)को बारेमा धेरै कुरा गर्न रुचाउनु हुन्छ। विशेष गरी शहीद बम बान्तवाको प्रेरणाबाट राजनीतिमा लाग्नुभएकी उहाँले तत्कालीन पञ्चायत शासकको कठोर यातना भोग्नुभयो। न्यायमूलक समाज स्थापना गर्ने आन्दोलनमा होमिनु भएको देउकला राईले लामो भूमिगत जीवन नौ महिनाको कठोर जेलजीवन भोग्नुभयो। तर पनि उहाँ अविचलित रहनुभयो। अहिले इलाममा सामान्य जीवन व्यतित गर्दै आउनुभएको देउकला राई कम्युनिष्टको शासन देख्न पाएकोमा खुशी हुनुहुन्छ। नेपालको समाज परिवर्तनको आन्दोलनमा महत्त्वपूर्ण योगदान गर्नुभएको क्रान्तिकारी योद्धा, जो आन्दोलनको क्रममा आफन्त र आफ्ना दाजु र आमालाई गुमाउँदा पनि एकरत्ती विचलित हुनुभएन।

**राजनीतिको शुरुआत**

म शहीद बम बान्तवाको आफ्नै काखको चेली हुँ र शहीद रत्न बान्तवाको काकाको छोरी। २०२९/३० सालतिर राजनीतिक शिक्षा प्राप्त गर्दैगर्दा मलाई थाहा थिएन, म राजनीति सिक्दैछु भनेर। मलाई दाजुहरूले सामान्य कामहरूबाट राजनीतिक रूपमा सचेत बनाउँदै हुनुहुन्थ्यो। २०३३/३४ साल देखि भने मैले सचेत रूपमा काम गर्न थालेँ।

उहाँले अप्ठेरो मान्दै भन्नुभयो, म पढ्न चाहिँ नपढेको मान्छे हो। बोल्ने अभ्यास पनि त्यति छैन। त्यो बेला रत्न दाजु (शहीद रत्नकुमार बान्तवा) र हाम्रो घरमा मात्र सेल्टर थियो। टाढाटाढाबाट कमरेडहरू आइरहनुहुन्थ्यो। ताप्लेजुङको हरि नेपाल,

---

** यो आलेखको संयोजन पेम्वा लामाले गर्नुभएको हो।*

नाम्सालिङको लोक बहादुर लिम्बु, धनकुमार थुलुङ, भोजबहादुर राई कमरेडहरू आउनुहुथ्यो । उहाँहरूलाई बचाएर राख्ने ठूलै जिम्मेवारी मलाई दिनुभएको थियो । हाम्रो सानोसानो झुपडी भएको घर भएपनि तल्ला माथि लुकाएर राख्ने गर्थ्यौं । रत्न दाजुको आर्थिक अवस्था नाजुकै थियो । उहाँहरूकहाँ कमरेडहरू आउनु हुँदा मलाई सानो चिट्ठी पठाइदिनु हुन्थ्यो । मैले चामलहरू पुऱ्याइदिने गर्थें । २०३५ सालमा ठूलो आन्दोलन भयो । सोही वर्ष माघमा जिल्ला सम्मेलन पनि भएको थियो ।

कमरेडहरूलाई सुरक्षित आन्दोलन हुनु पहिला नै २०३४ सालतिर नै सुरुङ खनिएको थियो । सुरुङमा बैठक बस्दा चिसो लाग्छ भनेर गुन्द्री, पिराहरू बुन्ने जिम्मा मलाई दिनुभएको थियो । मिटिङ बस्नका लागि बनाएको सुरुङमा ५/६ जना बस्न सकिन्थ्यो । सुरुङभित्र मिटिङ बस्नका लागि मैले दुई दिनमा मकैको पत्ताको गुन्द्री बुनेको थिएँ । अलि पछाडि देवराज घिमिरेहरू पनि आउन थाल्नुभयो । उहाँलाई लुकाउने, बचाएर राख्ने जिम्मा पनि मेरै थियो ।

## मैले अक्षर लेख्न सिके

म निरक्षर मान्छे हो । बम बान्तवा दाजुले एउटा पन्नामा लेखेर दिनुहुन्थ्यो र म जंगल जाँदा त्यो फिजाएर हेर्दै 'क' कस्तो छ, 'ख' कस्तो छ भनेर सिन्काले भुईमा कोरेरै मैले पढ्न लेख्न सिकैं । एक हप्तापछि दाजु आउनुहुन्थ्यो । तिमीले जान्यौ भनेर सोध्नुहुन्थ्यो । मैले लेख्न त जान्दछु, भन्न आउँदैन भन्थे । भन्न पनि सिकाउनु हुन्थ्यो । गीत गाउँ जस्तो (लय हालेर) क, ख, ग, घ, ङ (अङ) भन्थे । पानी भर्न गयो, दाउरामा गयो, त्यसो गर्दै मैले क, ख, अ, आ एउटै पाराले पढ्न सिकैं । आकार इकार सबै मेरो दाजुले सिकाउनुभयो । यसरी म सामान्य नेपाली अक्षर पढ्न र लेख्न जान्दछु अहिले ।

## रत्न दाजु मारिए

२०३५ चैत २७ गते इभानको गजुरमुखी भन्ने ठाउँमा रत्न दाजुलाई मारियो । त्यतिबेला म पनि पाँचथरबाट घुमेर त्यहाँ पुगेको थिएँ । बिहान ८ बजेतिर त्यहाँ पुगेको थिएँ । उहाँलाई ५ बजेतिरै मारी सकेको रहेछ । म त्यहाँ एकजना दाजुसँग पुगेको थिएँ । मलाई त्यहाँ नआउन भनियो । तपाईहरू यहाँ नआउनुस् । यहाँ पुलिस र सेनाहरू कुदेको कुदेइ छन् । तपाईहरूलाई पनि मार्छ, नआउनुस् भनेपछि हामीलाई एकछिन के गर्ने भन्ने भयो । मर्न पनि हामी तयार थियौं । त्यतिसारो हिम्मत थियो हामीमा । त्यसैले, हामी एकछिन बस्ने भन्यौँ । पाँचथरबाट एकदिन एकरात हिंडेर

त्यहाँ पुगिएको थियो । मरे पनि मरुँला भनेर बस्दा, साइनोले मेरो भदा पर्ने अगम बान्तवाहरूले यहाँ बस्नु हुँदैन । गस्ती घुमेको घुम्यै छ। हामी भागी हाल्नुपर्छ भन्नुभयो। हामी त्यहाँबाट जंगल पस्यौँ ।

जंगलमा हिंड्दै गर्दा फेवा खोलामा पुग्यौँ । चैतको दिनमा खानेकुरा केही छैन । असारेको सानोसानो पत्ता हुन्छ, भुइँमा झरेको असारेको पत्ताले त्यो खोलाको पानी उघाउँदै खाँदै एक हप्ता जति हामी डुल्यौँ। घरीघरी अगम भाइले गाउँमा पसेर भुटेको मकै ल्याउँथे र खान्थ्यौँ। हैन भने पानी खायो बस्यो, जंगल जंगल लुकेर।

**सुशिला श्रेष्ठ उम्किनुभयो**

रत्न दाजुलाई मार्दा सुशिला श्रेष्ठ र राममाया बहिनीलाई पनि पक्रन खोजेछ । राममाया बहिनी चाहिँ भाग्न सफल हुनुभएछ। सुशिला श्रेष्ठलाई पक्रेर शहीद रत्न बान्तवाको लाससँगै लगेको पछि उपाय लगाएर फुत्कनु भएछ। रत्न दाजुलाई मारेको ३/४ दिन पछि सुशिला श्रेष्ठ सम्पर्कमा आउनुभयो। म पनि त्यही ठाउँमा थिएँ। उहाँ सम्पर्कमा आउनु भएपछि प्रकाश राईको घरमा हामी सबैजनाको भेटघाट भयो। त्यहाँ बम देवान, मोहन राई, अशोक राई लगायत हामी भएर राति रत्न दाजुको शोकसभा गऱ्यौ । उहाँहरू राति नै फर्किनु भयो।

**सेनाको घेराबन्दी**

हामी त्यही ठाउँमा बसेका थियौ। त्यहाँ अगम भाइ, सुशिला श्रेष्ठ, म र त्यस परिवारका सदस्यहरू थियौ। बिहान हामी बाहिर निस्कँदा कोही पनि थिएन। तर केही समयपछि त्यो घरको बहिनी बाहिर निस्कँदा घर घेरा हाली सकेको रहेछ। त्यसपछि के गर्ने के गर्ने भयो। त्यो घरको बहिनीलाई वनतिर लगेर पाता फर्काएर राखेछ। त्यसैगरी जय प्रकाश राईलाई पनि पाता फर्काएर राखेछ।

दुईजना पुलिस तलामाथि आएर ढुकिरहेको थियो । त्यहाँको भाइले भरुवा बन्दुक चलाए । पुलिसलाई छिर्काछिर्कीले लाग्यो होला । उनीहरू त्यहाँबाट भागे । फेरि उनीहरू पेस्तोल लिएर माथिल्लो तलामै आए। हामी अन्नको भकारी पछाडि लुकेर बसेका थियौँ । उनीहरू सिंढीबाट चढ्दै गर्दा हामीले भाला प्रहार गऱ्यौँ । त्यसपछि पुलिसहरू अत्तालिएर झरे। उनीहरू बाहिर निस्केपछि सुरक्षाको थप शक्ति बोलाएछ। त्यतिनै बेला एकजना लडाकु बहिनी भाग्नु भएछ। उहाँ विगतलाई सम्झदै भन्नुहुन्छ, यतिबेलासम्म बाँच्नु रहेछ । त्यसपछि कोही उनलाई खोज्न गएछ । कोही चाहिँ

बाँधेको जयप्रकाश राईलाई पर्खेर बसेछ। अनि घर खाली भएको हामीले थाहा पायौँ र भाग्न सफल भयौँ। त्यसबेला सुशिला श्रेष्ठ, अगम बान्तवा र म तीन जना थियौँ। बाहिर निस्केर त्यहाँ नजिक एउटा ओडार थियो, हामी त्यहीं बस्यौँ।

**म पक्राउ परेँ**

एकहप्ता जति बसेपछि शुसिला, अगम र म तीनैजना त्यो ठाउँ छोडेर हिड्यौँ। अब झापा जानुपर्छ भनेर जाँदै थियौँ। महमाई खोला भन्ने ठाउँ पुगेपछि अगम भाइले एउटा घर देखाउँदै तपाई त्यो घरमा गएर बस्दै गर्नु, हामी एक हप्ता पछि तपाईलाई लिन आउँछौं भन्नुभयो। त्यो हाम्रो आफ्नै मान्छेका घर हो। त्यहाँ तपाई सुरक्षित बस्दै गर्नु भनेर मलाई एक्लै पठाउनुभयो। त्यहाँ पुग्दा त रत्न दाजुलाई मारेपछि शुसिला र राममायालाई गाउँभरि छ्यापछ्याप्ती पुलिसले ढाकिराखेको रहेछ। म गएको ठाउँ हाम्रो आफ्नै मान्छेको घर भए पनि उहाँहरू राजनीतिक रुपले शिक्षित हुनुहुन्न थियो। त्यसले गर्दा उहाँहरूले मलाई लुकाएर राख्न सक्नुभएन। चार/पाँच दिन बसेपछि सिआइडीहरूले उहाँहरूलाई अप्ठेरो पार्न थालेछ। को हो तिम्रो आफ्नो मान्छे, पठाइ हाल। यहाँ नराख खतरा छ भनेछ। अनि उहाँहरूले मलाई त्यहाँ बस्न दिनुभएन। तिमी जहाँ जान्छौ जाउ। हामीलाई एकदम अप्ठ्यारो पाऱ्यो सेना पुलिसले। हामीलाई पनि पक्डिने भएको छ भन्नुभएपछि म आफ्नै सुरमा निस्कैँ। झापा भनेको कता हो? जानेको थिएन। अनि खोलैखोला जाँदै थिएँ, महमाई पार गरेकै थिइन होला, त्यहीँ बास बसे। एकजना कमला दाहाल भन्ने हाम्रै मान्छे हुनुहुन्थ्यो। मलाई सोध्नुभयो, कहाँ बस्ने हो भनेर। मैले पाँचथर भने। नाम सोध्दा, जल्ले सोध पनि साइँली भन्थैं। अनि परदेशीको रूपमा मलाई त्यहाँ राख्नुभयो। त्यो गाउँमा पनि गस्ती रहेछ। मलाई राति १२ बजे गस्तीले पक्ड्यो। पक्डेपछि मलाई वडा अध्यक्षकहाँ लग्यो। मेरो पासमा पार्टीको चिट्ठी पनि थियो र माओत्से तुङको कोटेशन भन्ने किताब पनि थियो। तर त्यो चाहिँ उनीहरूले भेटेनन्। म पटुका बाँध्थैं, मैले ती सामग्रीहरू पटुकामा लुकाएको थिएँ। राति सबै मेरो चेकजाँच गर्दा पनि उनीहरूले त्यो भेटेनन्। त्यो मैले लुकाउन सफल भएँ।

मैले पनि शुसिलाले जस्तै दिसा गर्न जान्छु भने। दिसा गर्न जाँदा पनि पुलिसहरूले हेरिरहँदो रहेछ। एकजना महिलाले दिसा पिसाब गरेकोमा पुरुष मान्छेले हेर्दा कसरी दिसा पिसाब गर्नु भनेर गाली गरेपछि अलि परतिर गयो। उनीहरू रुखको अडेसा लगाएर उता फर्क्यो। त्यही बेलामा दिसा गर्ने निहुँले धेरै समय लगाएर माटो खोतलेर

किताब लुकाएँ । चिट्ठी चाहिँ टोकेर धुजाधुजा पारेर फ्याकें । पछि गोरु जोत्दा किताब फेला पऱ्यो रे । अनि शंका पनि गरेछ । त्यसपछि मलाई वडा अध्यक्ष कहाँ नै लग्यो । भोलिपल्ट मलाई इलाम लग्यो ।

**जेल जीवन**

मलाई इलाम पुऱ्याएपछि, कस्टडीमा मेरो बुबालाई पनि पक्डेर ल्याइसकेको रहेछ । अगम बान्तवाको बुबा, र रत्न दाजुको बुबा (काका)लाई पनि ल्याइसकेको रहेछ । म त्यहाँ साइँली भएरै पुगेको छु । सबैजनालाई सोध्यो, यो मान्छे को भनेर । चिन्छौं त भन्नै पऱ्यो । आफ्नो छोरी, भतिजी, बहिनीलाई त चिन्दिन कसरी भन्ने ? अनि के हो उसको नाम भन्दा देउकला राई भने पछि पुलिसहरूले जिब्रो काढे । **तिम्रो त टाउकै मात्र ल्याउनु भनेको थियो, तर तिमी बाँच्यौ** भनेर दिनैपिच्छे भन्थ्यो ।

मेरो यातनाका दिन शुरु भयो । यातना दिन कस्टडीबाट निकालेर अफिसमा लगेर बयान गरायो, कुट्यो । कहिले कुन त कहिले कुन अफिसमा लगेर यातना दिइरह्यो । म के कुरामा परिपक्व थिएँ भने, आफू एकजना मरेर, सयौंजनालाई बचाउनुपर्छ भन्ने शिक्षा पाएको थिएँ दाजुहरूबाट । त्यस शिक्षाले गर्दाखेरी आखिरी म त परि त सकेको छु । रत्न दाजु र बम दाजुलाई मारिसकेका थिए । मर्नुपरे पनि मर्ने गोपनीयता चाहिँ नखोल्ने भन्ने मेरो अठोट थियो । जति पनि यातना, जति जे गरे पनि गोपनीयता खोलिन । रत्न दाजुलाई चैत २७ गते मारेका थिए । १५ दिनपछि २०३६ वैसाख १० गते मलाई पक्डेको थियो ।

बुबा पनि जेलमा, म पनि जेलमा मेरो दुईवटा भाइहरू (काइँलो देउप्रसाद राई र डम्बर राई)को विलाप भयो । धरपकड भएपछि बालकैमा उनीहरू इण्डिया भासिएछ । आमालाई कुटेर हातहरू भाँचेर, मारेर फ्याँकि राखेछ ।

पुलिसहरू र गाउँको फटाहाहरू भएर घरमा आमालाई आगो फुक्न पनि नदिने, आगो फुक्दा तेरो बामे चोर छोराछोरीलाई भात पकाइदिने भनेर आगो फुक्दैछस् भनेर पानी खनाइदिन्थे अरे । हाम्रो घरमा मकैहरू कुटेर राखेका थियौं, दिनैपिच्छे आउँदै उधाउँदै लान्थ्ये अरे । सुँगुरहरू लगेर खान्थे । बडाबाउको छोराको घरको राँगा, एकदिन पुच्छर, अर्को दिन कान काटेर पोली खाएछन् । तेस्रो/चौथो दिनतिर राँगो काटेर खाएछन् । ओथार बसेको कुखुरा, चल्ला निस्कनु आँटेको अण्डा पनि खाएछन् । परेवाहरू पनि खाएछन् । हाम्रो राई जातिको माङ (पितृ) पूजा गर्न राखेको पुरानो

चाँदीको पैसा लगायत सबै सोरसार पारेर लगेका रहेछन् । बस्तुलाई बाँध्न बाटेर राखेको डोरीहरू, घरमा चलाउने सामान केही राखेनछ।

**मेरो बम दाजुलाई मार्‍यो**

२०३६ वैशाख २८ गते बम दाजुलाई साकेजुङमा मार्‍यो । दाजुलाई मारेर त्यहाँ ल्याएर पटाङ्गिनीमा लडाएर राखेछन् । अनि खसी काटेर उनीहरू खुसीयाली मानेर खसीको मासु र भात ल्याउने-दिने गरे । पुलिसहरूले लास ल्याएर खासखुस गरेको मैले थाहा पाइहालेँ मेरो दाजु भनेर । हामी राई जातिले त खसीको मासु खाँदैनौ पनि । खाँदैनौ भन्यो, जबरजस्ती खान लगाउँथे । तिमी त हाम्रो चेली जस्तो लागेर, बहिनी जस्तो लागेर पो दिएको त । खाउ भनेर खुवाउन खोज्थे । मेरो दाजुको मासु खुवाको सरह हो भन्ने सम्झेँ । मैले कसै गरे पनि खाइन । उनीहरूले २/३ दिनसम्म खसी काट्दै भोज गरे ।

साकेजुङ, भोजबहादुरको घरमा बिहान ५ बजे बम दाजुलाई पक्डेर लगेपछि बुढी औँलामा डोरीले बाँधेर उँधोमुन्टो गरेर मकैको ठाँक्रामा झुण्डाएर, पिङ खेलेको जस्तो गरेर पुलिसले कोर्रा र बुटले हान्दै बेलुकी ४ बजेसम्म कुटेछ । त्यही घरको भाइ र बम दाजुलाई पक्रेकोमा बम दाजुलाई चाहिँ मार्नुपर्छ भन्ने निर्णय गरेछ । अघि जहाँ पक्डेको थियो, फेरि त्यही घरमा ल्याएछ । अब यिनीहरूदले मलाई मार्दैछन् भन्ने सोचेर उहाँले उकालोमा आउँदै गर्दा "**नेपालको गरिब, किसान, भूमिहीन जनता जिन्दावाद, नेकपा माले (तत्कालीन माले) जिन्दावाद, पञ्चायती शासक मूर्दावाद**" भन्ने नारा लाउनुभएछ । मेरो बम दाजुलाई जहाँ पक्रेको त्यही घरको नजिकै लगेर दुई गोली हानेर मारेछन् ।

**आमाहरू : जेल र बाहिरी दुनिया जोड्ने कडी**

मलाई कस्टडीमा तीन महिना राख्यो । नौ महिना जेलमा राख्यो । हामी जेलमा हुँदै हरि नेपाल र चन्द्र पुरीलाई पनि मार्‍यो । उहाँहरूलाई मारेको एउटा चिट्ठी मलाई आएको थियो । पञ्चायती काल भएपनि चिट्ठी आदान प्रदान गर्ने एउटा माध्यम थियो आमाहरू । अरूबाट त संभव नै नहुने । आमाहरूले केही खानेकुरा ल्याइ दिनुहुन्थ्यो । म त्यतिबेला खैनी खान्थें । हिरनछाप भन्ने खैनीको सानोसानो प्याकेट हुन्थ्यो । त्यो खोलेर त्यसभित्र चिट्ठी हालेर ३/४ प्याकेट नै ल्याइदिनुहुन्थ्यो खानेकुरासँग । जेलमा हाम्रो परिवारका बुबा, काका, दाजु र म, चारजना भएपछि

खाना म पकाउँथे । हाम्रो त खाना खाइसक्दैनथ्यौँ । अनि त्यो भात आमाहरूलाई दियो। त्यही भातभित्र सानो डल्ला पारेर, आफूले भन्नुपर्ने कुरा राखेर पठायो। यसरी हाम्रो भित्र बाहिर सञ्चार हुन्थ्यो।

**जेलबाट रिहा**

२०३७ वैशाख १/२ गते राजबन्दी रिहा गऱ्यो । हामी चाहिँ इलामबाट ३ गते छुट्यौँ । ताप्लेजुङको एकजना मेदिनी कोइराला भन्ने शिक्षक हुनुहुन्थ्यो, उहाँलाई इलाम ल्याएर पछि चन्द्रगढी लगेको थियो । उहाँ र झलनाथ खनालहरू २ गते छुट्नुभयो । उहाँहरू ३ गते इलाम आइपुग्नुभयो । इलामबाट छुट्ने र चन्द्रगढीबाट छुट्ने हामी सबैलाई इलाम क्याम्पसको विद्यार्थीहरूले स्वागत गरेको थियो।

त्यसपछि हामी आ-आफ्नो घर गयौँ । तर बाबु, काका र दाजु त छुट्नु भएको थिएन। हाम्रो गाउँमा रत्न दाजुहरूको एउटा गोरु लडेर मरेको थियो। त्यो चाहिँ यो बामेहरूले काटेर खाएको भनेर आक्षेप लगाएको थियो । दलालहरू मिलेर लडेर मरेको गोरुको टाउको, पुच्छर, खुट्टाहरू काटेर जिल्लामा पुऱ्याएको थियो पहिला नै। त्यस मुद्दामा पनि मुछिएको कारण उहाँहरू छुट्नु भएन। राजकाज मुद्दामा पर्ने मात्र छुट्यौँ। काका, दाजुहरूले १८ महिना जेल भोग्नुभयो। १८ महिना पछि उहाँहरू पनि छुटेर आउनुभयो।

म जेलबाट छुटेर आउँदा लत्ताकपडाहरू केही थिएन। पाँचवटा घरको अवस्था एउटै थियो । मेरो (बम) परिवार, रत्न दाजुको परिवार, अगमको परिवार, मूल घरको (धनदलको परिवार) र पुष्पलाल दाजुको परिवारसहित पाँचवटा परिवारको चाहिँ उठिबासै गरेको थियो । पाँचवटा परिवारलाई उठिबास गराउँदा कम्यूनिष्ट नै साफ हुन्छ भन्ने सोचको थिए होला। तर कम्यूनिष्ट त साफ भएन। अहिले त कम्युनिष्टको सरकार पो बन्यो । यसमा म खुसी छु। यो सबै उहिलेको कुराहरू सम्झेर ल्याउँदा कताकता मुटु दुख्छ।

**भूमिगत जीवन**

जेलबाट छुटेपछि मलाई बेनामे चिट्ठीहरू आउन थाल्यो । जहाँबाट आइस् त्यहीँ जालास् भन्ने धम्की भरिएको चिट्ठी आउने। यस्तो चिट्ठीहरू आइरहेको छ भनेर मैले कमरेडहरूलाई सुनाउँथे । त्यसपछि उहाँहरूले अब यहाँ बस्नु हुँदैन, भूमिगत जानुपर्छ भन्नुभयो। अनि म भूमिगत गएँ। एक वर्ष भूमिगत काम गरें। नाम्सालिङ

स्वयङ, श्रीअन्तुको छेउछाउको गाउँ, आइतबारे, जितपुर तिर, नोआमी भन्नेतिर जान्थ्यौं । त्यतातिर कार्यक्रमहरू हुन्थ्यो । २०३७ सालतिर होला, प्रदीप नेपालले पार्टीको जिल्ला अधिवेशन नाम्सालिङमा गर्नुभएको थियो । कार्यक्रम गरेको ठाउँ राममायाको घर जस्तो लाग्छ । त्यतिखेर उहाँको श्रीमान भाग्यमान भन्थ्यो । २/३ दिनको कार्यक्रम भयो । त्यसपछि आ-आफ्नो कार्यक्षेत्र फर्क्यौं ।

जनताको घरमा भूमिगत बस्दा आफू सुरक्षित भएको महसुस हुन्थ्यो । "मलाई केही सचेत घरहरू मै राख्नु हुन्थ्यो होला । उहाँहरूले राम्रै गर्नु हुन्थ्यो, सुरक्षित नै राख्नुहुन्थ्यो ।"

## तारिख धाउँदाका दिनहरू

एक वर्ष भूमिगत बसेपछि बुबा-आमाले अब घर आउ भन्नुभयो । म घर आएँ । घरमा आएर काम गर्दै थिएँ, फेरी मलाई पुलिसले पक्रेर लग्यो । जयप्रकाशको घरमा गोली काण्ड, भाला काण्ड चलेको आरोपमा लगाएको रहेछ । मैले होइन भने । उनीहरूले मेरो थुन्ने प्रमाण पुऱ्याउन सकेन । मैले १० महिना तारिख धाएँ । त्यसपछि म तीनसय धरौटीमा छुटें । हाम्रोमा ६ कोरी (१२० रुपैयाँ)मा अहिले एक लाख जति पर्ने भैंसी थियो । बुबाले त्यो बेच्नुभयो । तीनसय रुपैयाँ निकाल्नु चाहिँ धेरै गाह्रो थियो । इलाममा अदालतमा एकजना लाहुरे भिनाज्यू भेटभयो । उहाँलाई मैले आफ्नो समस्या राखें । धरौटी राख्न नसके मलाई जेल लैजान्छ रे । मलाई तीनसय पैसा दिनुस् । उहाँले तत्कालै दिनुभयो । यो २०३८ सालको कुरा हो । त्यो पैसा धरौटी राखेर म निस्कें । पछाडि मेरै जित भयो । त्यसपछि धरौटी पनि फिर्ता भयो ।

## परिवार र संगठन

२०४२ सालसम्म म अनेमसंघको कमिटीमा रहेर काम गर्दै थिएँ । त्यही बीचमा बिहे भयो । २०४३ सालमा नानी भयो । नानी भएको साल श्रीमान धेरै बिरामी हुनुभयो । अस्पताल नजिक नभएकोले डोको काटेर बोकेर उपचार गर्नुपर्ने भयो । यसले गर्दा कमिटीमा रहेर काम गर्न नसक्ने भएँ । एक्लै भएँ । ठण्डा ठाउँमा स्याहार पुगेन होला, नानी पनि रोगी भयो । तर कमिटीमा नरहे पनि सहयोग गर्ने, आउने जाने कमरेडहरूलाई जोगाउने काम गरिनै रहें । २०४६ सालभन्दा अगाडि लुकाएरै राख्नुपर्थ्यो ।

जेलमा रहँदा खेरी खुट्टामा कुटेको, सिस्नो पानी लगाएको कारणले होला अहिले

पनि खुट्टाको समस्या छ । त्यसैले म कमिटीमा रहेर काम गर्न सकिन । तर मेरो श्रीमान र म, हामी दुईजना पार्टी सदस्य छौँ । श्रीमान काजी राई, अहिले पनि नगर कमिटीमा हुनुहुन्छ। भोट हाल्ने बेला सघाउने काम जारी नै छ।

**इतिहासको खोजी**

चर/पाँच वर्ष अगाडि मेरो छोरा सुमन राईले मेरो इतिहास सुनेपछि मामाको इतिहास खोज्न जान्छु भन्यो । त्यहाँ जाँदा थाहा भयो । बम दाजुले पनि एक्लैले साकेजुङको भोजबहादुर राईको घर, जहाँ मारिनुभयो, घरभित्रबाट बाँसघारीको फेदमा पुग्नेगरी त्यहाँ पनि सुरुङ खन्नुभएको रहेछ। रत्न दाजुको घरमा हामी सबैको सहयोगमा सुरुङ खनेका थियौँ ।

कुराकानी सक्दै गर्दा देउकला लाईले भन्नुभयो, जे होस, एउटा कुरा भन्छु, एकदिन मरेर गई हालिन्छ। मैले कसरी सिकेर आएँ भन्ने कुरा कमरेडहरूको सामु अलिकति भन्न पाएँ। त्यसपछि उहाँले यी पंक्तिहरू गाउँर सुनाउनुभयो :

*“हरेक काममा आदेशको पालना गर्दछौँ ।*
*जनताबाट सियो र धागोसम्म नि लिंदैनौँ ।”*

***

# चित्रे गाउँको दुःखले बाँकी पीडा बिर्साउँछः पवित्रा निरौला*



२०२० माघ १० गते आमा खड्गमाया निरौला र बुबा छबिलाल निरौलाको जेठी छोरीका रूपमा मेरो जन्म झापामा भएको थियो । बुबाका तीन श्रीमतीबाट १२ जना सन्तानमा पाँच छोरी र सात छोरा थिए। जसमध्ये आमाका  तीन छोरी र एक छोरामा म जेठी थिएँ। आमासँग हामी चार चार सन्तान झापाको दमक नगरपालिका बाघखोरमा बस्थ्यौँ। बुबा र कान्छी आमा भारतको आसाममा बस्नुहुन्थ्यो। आर्थिक स्थिति सामान्य खान लाउन पुग्ने थियो। बाबाआमा निरक्षर हुनुहुन्थ्यो। राजनीतिमा खासै चासो नभएको सामान्य कृषि कर्म गरेर बस्ने परिवारमा म नै राजनीतिक रूपमा अगुवा थिएँ।

२०३९ सालमा एसएलसी पास भएँ । राजनीतिक रस बसिसकेको थियो । तर भूमिगत हुन सजिलो थिएन। शुरुमा आमाले धेरै अवरोध गर्नुभयो। घरबाट बाहिर निस्कने बेलामा गाली गर्ने, घरमा कमरेडहरू आएको पनि राम्रो नमान्ने, आफ्नो काम गरिरहने, खाना बनाए पनि खान नदिने गर्नुहुन्थ्यो । त्यसबेला म घरको सबै काम भ्याएर भाइ बहिनीको सहयोग लिएर पार्टी काम गर्थें। पछि-पछि आमालाई सम्झाउने, बुझाउने काम हामी आफैले गर्‍यौँ । त्यसपछि आमा पनि सहयोग गर्न थाल्नुभयो। आमा घरेलु हिंसाबाट पीडित हुनुहुन्थ्यो। समाजले पनि एक्ली महिला भनेर दुःख दिन खोज्थ्यो। कम्युनिष्टहरूले महिलालाई पनि इज्जत र सम्मान दिन्छन् भन्ने बुझाएपछि आमाले बल्ल कमरेडहरूलाई माया गर्न थाल्नुभयो र हाम्रो घर सेल्टरको रूपमा प्रयोग गर्न पाइयो। सबै खाले दुःख गरेर भूमिगत कमरेडहरूलाई लुकाएर राख्न थाल्नुभयो।

**आन्दोलनमा संलग्नता**

२०३५/०३६ सालको विद्यार्थी आन्दोलनबाट प्रभावित भएर म आन्दोलनमा संलग्न भएँ। २०३७ सालको झापाको पाटाको भाउ बढाउने मागसहित गरिएको आन्दोलन

---

** यो आलेखको संयोजन उषाकिरण तिम्सेनाले गर्नुभएको हो।*

अविस्मरणीय छ। पाटाका भारीका-भारी चोकमा ल्याएर जलाउँदै दमक प्रहरी थाना घेरेर नारा लगाउँदै हामीले आन्दोलन गरेका थियौँ। वर्षभरिको कमाइ पाटा बेचेर दशैँ तिहार, चाडपर्व मनाउनुपर्ने, नयाँ नाना र मिठो खाना लगायत अन्य व्यवहार टार्नुपर्ने किसानको सपना चकानाचुर भएका थिए। पाटा किसानहरू ज्यानको बाजी लगाएर आन्दोलनमा सहभागी थिए। हामी उहाँहरूलाई साथ दिन गएका थियौँ। मैले त्यही आन्दोलनबाट पहिलो पटक अश्रुग्यासको अनुभव गरेँ। पुलिसको खेदाइमा परेँ। सबै साथीहरूलाई हामी गिरफ्तार भयौँ भन्ने परेको रहेछ। तर म उम्किएँ। त्यस दिनको कुदाई सम्झदा आज पनि खुट्टा दुखेको भान हुन्छ।

**आन्दोलनमा लागिरहने प्रेरणा**

आन्दोलनमा सहभागी हुन अनेरास्ववियूको नियमित बैठक छलफलबाट नै प्रेरित भएँ। विद्यार्थीका समस्या, हक, अधिकार स्थापित गर्न गरिएका माग र आन्दोलनबाट प्रभावित भई आन्दोलनमा निरन्तर लागिरहेँ। पछिल्ला दिनहरूमा नेपाल कम्युनिष्ट पार्टी (माले)को भेला, प्रशिक्षण, बैठक, अध्ययन र न्यायप्रेमी जनताले उठाएका माग र आन्दोलनको सफलताका कथाले आन्दोलनमा लागिरहन प्रेरित गऱ्यो। राजनीतिक जीवनको सुरुवातमा स्थानीय विद्यार्थी नेताहरू शिव नेपाल, पुण्य सुवेदी, रमेश पौडेल, राजकुमार पोखरेल, इन्द्र बुढाथोकी आदिको प्रभाव थियो। पार्टी सम्पर्क हुन थालेपछि पार्टीका नेता कमरेडहरूबाट उत्प्रेरणा पाए। क. प्रदिप नेपाल (दिनेश), क. डिल्ली मैनाली (विनोद), क. शोभा कुँवर (सरिता), क. चित्र निरौला (अशेष), सीता पाठक (उषा), क. अमृत बोहोरा (अमर सिंह), क. अष्टलक्ष्मी शाक्य (टिका) हरूको प्रेरणा राजनीतिक निरन्तरताका लागि उत्प्रेरणा भए।

समाजमा धनी र गरिब बीचको खाडल ठूलो थियो। निम्न वर्गका मानिसहरू ठूलो मारमा थिए। किसानहरूले उत्पादित वस्तुको उचित मूल्य पाउँदैन थिए। प्रविधियुक्त उन्नत खेती प्रणालीको अभाव थियो। पितृसत्ता बलियो थियो। बहुविवाह, अनमेल विवाह, बालविवाह, जबर्जस्ती विवाह पनि समाजका मुख्य समस्या थिए। महिला-पुरुष बीच शिक्षा, सम्पत्ति, ज्याला मजदुरी लगायतमा विभेदको खाडल अझ गहिरो थियो। विशेषतः सामाजिक, राजनीतिक आर्थिक, शैक्षिक र जातीय विभेद गहिरो थियो।

## क्रान्तिप्रतिको विश्वास र अपेक्षा

भूमिगत जाँदै गर्दा क्रान्तिप्रतिको पूर्ण विश्वास थियो। नेपालमा जनवादी क्रान्ति पूरा गर्दै समाजवाद र साम्यवादसम्मको यात्रा आफ्नै पालामा नभए पनि भावि पुस्ताले पुरा गर्नेछन् भन्ने दह्रो विश्वासका साथ हामी भूमिगत भयौं। शत्रुको घेरामा परेर आफू मारिन पनि सक्छौं भन्ने कुरामा हामी मानसिक रूपमा तयार थियौं। जनतालाई राजनीतिक रूपमा सचेत गर्दै नोकरशाही तथा दलाल पुँजीपति वर्गको शोषणबाट मुक्त गर्दै समतामूलक समाज निर्माण गर्ने लक्ष्यका साथ हामी अगाडि बढेका हौं।

## भूमिगत जानुका मुख्य कारण

२०३५ सालमा १५ वर्षको उमेरमा पार्टी सम्पर्क पाएको थिएँ। म मार्क्सवादी अध्ययन दलमा संगठीत भएँ। त्यसपछि निरन्तर पार्टी काममा लागें। २०४२ फाल्गुण २९ गते जेलबाट छुटें। प्रहरी, प्रशासनको निगरानी थियो। प्रहरीले पिछा गऱ्यो भने हाम्रा सेल्टरहरू खुल्ने र नेता कमरेडहरू गिरफ्तार पर्ने भएकाले पार्टीले सतर्कता अपनाउँदै मलाई पूर्णरूपमा भूमिगत हुन प्रस्ताव राख्यो। मैले पार्टीको प्रस्तावलाई सहर्ष स्वीकार गरें। २०४२ चैत्रबाट भूमिगत भएर जनताको माझमा काम गर्न थालें। जनताले हामीलाई आफ्नै सन्तान भन्दा पनि धेरै माया गरेर संरक्षण गर्नुहुन्थ्यो। म पार्टी काममा व्यस्त हुन थालें। २०४३ सालमा मेरै अध्यक्षतामा सचिवमा क. लीला कट्टेल र सदस्यहरू क. विष्णु खड्का, क. सीता सिलवाल र क. धर्मकला चुडाल रहेको अखिल नेपाल महिला संघ झापा जिल्ला समिति गठन भयो।

२०४४ सालको माघ महिनामा झापा जिल्लाको महारानी झोडास्थित छबिलाल श्रेष्ठको घरमा अनेमसंघको प्रथम झापा जिल्ला सम्मेलनले म अध्यक्ष र सचिवमा क. विष्णु खड्का अनि सदस्यमा क. लिला कट्टेल (कार्की), क. मेनुका काफ्ले, क. सीता बस्नेत क. जीवन घिमिरे र क. विशेश्वरा दाहाल रहेको सात सदस्यीय जिल्ला समिति गठन गऱ्यो। पार्टीको तर्फबाट क. अमृत बोहरा र क.अष्टलक्ष्मी शाक्यको उपस्थिति थियो।

भूमिगत जानु पहिला पार्टीको इलाका कमिटी सदस्य थिएँ। मेरो पार्टी कामको जिम्मेवारीमा कन्काई माइ पश्चिम, दक्षिण इलाका थियो। इलाका कमिटी सचिवमा पहिले क. अर्जुन राई (विकास) र पछि क. शिव बराल (विरोध) हुनुहुन्थ्यो। अखिल नेपाल महिला संघको जिम्मेवारी सिङ्गो झापा जिल्ला नै थियो।

## चित्रे गाउँको पीडा

मैले कहिल्यै नभुल्ने गाउँको नाम हो, चित्रे। पञ्चायतकालमा चित्रे गाउँमा राज्यले गरेको दमनको तुलनामा चर्चा कम भएको छ भन्ने लाग्छ। यो गाउँले ६ महिना लामो कर्फ्यू भोगेको थियो। इलाम जिल्लाको चर्मता गाउँपालिका वडा नं. ७ मा पर्ने चित्रे गाउँमा धेरै राई जातिको बसोबास थियो। धेरै क्रान्तिकारीहरूले पञ्चायती दमन, अत्याचार र पीडा भोगेको यस चित्रे गाउँका पाका बाहरूका ढाडले समेत पुलिसका बुट र डण्डा खेपेको छ। कर्फ्यूको समयमा एक घरबाट अर्को घर जान नपाउने, कोहीसँग बोल्न नपाउने, कडा निगरानीमा पिल्सिएको थियो। त्यस गाउँका बासिन्दालाई निरङ्कुश पञ्चायती शासकले कल्पनै गर्न नसकिने यातना दिएका थिए। कति व्यक्त, कति अव्यक्त यातना थिए। व्यक्त यातनाहरू पीडा सबैले सुने र बुझे। अव्यक्त यातनाको सीमा थिएन। गाउँमा कोही पुरुष थिएनन्। महिला र बालबालिका कैयौँ दिनसम्म भोकभोकै परेका थिए। आमाहरूले आफ्ना साना बच्चा भोकै राखेर बस्नुपरेको थियो। बच्चालाई फकाउने कुनै उपाय थिएन। श्रीमानलाई मारिइसके वा जिउँदै छन् ? कतिखेर प्रहरीहरू आएर तहल्का मच्चाउने हो ? त्यही अन्यौलतामा बाँचेको थियो गाउँ। पुलिसको कुटाइले थिलथिलो भएर दुखेको जीउ बोकेर आइया समेत भन्न पाएका थिएनन् त्यहाँका महिलाहरूले।

बच्चाको भोक मेटाउन थोरै कोदोको पिठोमा आँगनको डिलको सिस्नोसँग पकाएको खोले बच्चालाई ख्वाएर बाँकी रह्यो भने आफूले पनि भोक मेटाउने आसले छिटो-छिटो पकाउँदै गर्दा एक हुल पुलिस आएर लात्ती हानेर घोप्टाइ दिन्थे। ए... तेरा पोइ कम्युनिष्टेलाई घिचाउन, यत्रो ठूलो भाडोमा ढिडो पकाएको भन्दै आमालाई कपालमा समातेर घिसार्दै बाहिर निकाल्थे। छोराछोरी रुदै आमाको पछि लाग्दा, फत्किदै गरेको कोदोको खोलेको भाडो तीन कान्ला मुनि फ्याँक्दा पनि उनीहरूसँग रुनलाई आँसु र कराउन स्वर थिएन।

थलामा बाँधेका गाई, भैँसी दाम्लो खोलेर खेदाइ दिए। खोरका सुंगुर मारेर रक्सीसँगै खाए। गाउँका एउटै कुखुरा रहेनन्। वनमा चरिरहेका रांगा, पाडाको जिउँदै फिला छिलेर मासु खाए। स्वर्ग जस्तो प्यारो चित्रे गाउँलाई नर्क बनाइदिए। यति धेरै अन्यायमा परेको यो ठाउँ कमरेड रत्नकुमार बान्तवा र अगम बान्तवाको गाउँ थियो। इमाङमा रत्नको हत्यापछि उहाँहरूका परिवारलाई अमानवीय यातना दिए। सिङ्गो

गाउँ नै दमनको चपेटामा पऱ्यो । क. रत्न, क. बम, क. अगमका बाबुहरू र क. बमकी बहिनी देउकला राईलाई चरम यातना दिदै २८ महिना इलामको जेलमा थुनेका थिए । सारमा भन्दा छ महिनामा यो गाउँ उजाडियो ।

पञ्चायतको दबदबा र अत्याचारको अन्त्य गर्न र कम्युनिष्ट पार्टीलाई बलियो बनाउन गाउँका सोझा सिधा जनताले ज्यानको बाजी थापेर पार्टी बचाए । दुःख पर्दा आज पनि म झलझली चित्रे गाउँ र त्यहाँका बहादुर क्रान्तिकारीहरूलाई सम्झिएर आफ्नो पीडा भुल्छु । म इलामको यही चित्रे गाउँमा पुग्दा जयमिलाका छोराहरू आमाको पीडा बुझेकाले केही गुनासो गर्दैन थिए । तर सानी छोरी सकुन भने झगडा गर्दै भन्थिन् म कालो कोक खान्न । पहिले सुन्दा म छक्क परेँ यी नानीले कहाँबाट कोक नखाने कुरा सोचिन् ? पछि थापा पाएँ, बान्तवा भाषामा कोक भनेको भात रहेछ र कालो कोक भनेको कोदोको ढिडो वा खोले भनेको रहेछ । मलाई सकुनको कुराले साह्रै नमिठो लाग्यो । धेरै चोटिको जयमिलाको सेल्टरको बसाइले सकुन मेरो प्यारो मिल्ने सानो साथी भइसकेकी थिइन् । उनको त्यो मागले मलाई पनि पिरोल्न थालेको थियो । उनको माग गलत थिएन । तर घरमा चामल थिएन ।

तराईमा जन्मे हुर्केकी मैले चामलको भात बाहेक अरु खाएकै थिइन । तर पहाड गएपछि मेरो क्रान्तिकारी भावना र क्रान्तिको हुटहुटीले सबै खानेकुरा खान सक्ने बनाएको थियो र मिठो लाग्न थालेको थियो । तर यो सानी बच्ची, यिनलाई कसरी सम्झाउँ हामीसँग चामल छैन भनेर । म सोच्थेँ कहिले सबै बाबा आमाले आफ्ना सन्तानलाई अघाउन्जेल भात खान दिनसक्ने दिन आउनेछ ? सकुन जस्ता धेरै नानी बाबुहरूले इच्छाएको खानेकुरा खान पाउलान् ? तर कमरेड जयमीला ढुक्क हुनुहुन्थ्यो । हाम्रो देशमा क्रान्ति सफल भएपछि कम्युष्टिहरूले शासन चलाउन पाउँछन् । धनी गरिब बीचको खाडल पुरिदै जान्छ र यस्तो अभाव र अत्याचारको अन्त्य हुनेछ, उहाँको विश्वास थियो ।

## पहाड मेरो लागि नयाँ अनुभव

झापामा काम गर्न मलाई सहज थियो । समतल भूमि तराइमा हिड्न पनि सजिलो थियो । सबै गाउँ-ठाउँ आफूले बुझेको, जुनसुकै ठाउँमा सजिलै पुग्थेँ । तर झापामा प्रतिक्रियावादीहरूको दमन बढ्यो । २०४५ सालमा धरमपुरमा कमरेड देवी रेग्मीको घरमा बैठक बसिरहेको अवस्थामा कमरेडहरू विश्व बराल, होम गौतम, होम दंगाल,

देवी रेग्मी, रामकुमार रेग्मी सबै गिरफ्तारीमा पर्नुभयो । क. देवी रेग्मीले मेरी छोरी हो भनेपछि म चाहिँ जोगिएँ । मेरो एउटा झोला चाहिँ प्रहरीले लग्यो । झोलाभित्र मेरा लगाउने कपडा र परियच पत्र थियो । त्यसैले झापामा बसेर काम गर्न असहज हुने भएपछि पार्टीले मलाई इलाम, विष्णु खड्का (विनिता) लाई ताप्लेजुङ पठायो । क. मेनुका काफ्ले (संगीता), क. धर्मकला चुडाल (प्रतिमा) र क. यमुना खरेल (सरिता) लाई झापामा पूर्णकालीन रूपमा काम गराउने निर्णय गर्‍यो । पार्टीले हामीलाई हौसला दिन नयाँ ठाउँमा गएर कसरी काम गर्ने ? त्यहाँका जनतासँग कसरी भिज्ने ? समस्या आउँदा कसरी समाधान गर्ने भनेर प्रशिक्षित गरेर बिदाइ गरेको थियो । हरेक बिदाइमा हामी क्रान्तिकारी गीत गाउँथ्यौँ । त्यस दिनको बिदाइमा गाउँको गीत यो थियो ।

*बिदाइमा लाल सलाम छ, कमरेडहरूलाई*
*मुस्कुराउँदै भेट हौँला शत्रुहरू मास्दै*
*क्रान्तिकारी डाँडा काँडा, लेक बेसी कति रुझ्दै भिज्दै*
*न्यानो माया दिलाउँदै संघर्षमा जुट्दै ।*
*क्रान्तिकारी हामी कहिल्यै भुल्ने छैनौँ*
*बिदाइको बेला संघर्षमा जुट्दै खट्दै फेरि भेट होला ।*
*क्रान्तिकारी माया ...............*

हामी ठूलो हौसला र उत्साहका साथ आ-आफ्नो कार्यक्षेत्रतिर लाग्यौँ । भूमिगत जाने बेलामा मैले आमालाई सम्झाउँदै एउटा गीत लेखेको थिएँ । भूमिगत जानुभन्दा दुई चार दिन अगाडि आमाले धेरै मनका व्यथा पोख्नुभएको थियो । म अर्धभूमिगत भएर काम गरिरहँदा आमाले म काठमाडौँ पढ्न गएकी छे भनेर गाउँघरमा भन्नुभएको रहेछ । एक दिन मलाई हाम्रो गाउँले खनाल थरका मान्छेले काकडभिट्टामा देखेछन् र आमालाई आएर सोधेछन् ठूली छोरी कहाँ छे भाउजू ? आमाले काठमाडौँमा छे भन्नु भएछ । आमालाई नराम्ररी व्यंग्यात्मक ढंगले ‘ए काठमाडौँ त पूर्वीतिर पो पर्दो रहेछ भनेछन् ।’ आमाले सहज ढंगले कुनै कामले काकडभिट्टा आई होला नि बाबु भन्नुभएछ । आमाले मलाई नानी शत्रुका अगाडि ध्यान दिएर हिड्नु । शत्रुले नराम्रो भन्ने मौका नपाउन् । आमाले भेटमा धेरै दुःख पोख्नुहुन्थ्यो । त्यही दुःखलाई सँगालेर एउटा गीतको रचना गरेँ र त्यसलाई पूर्ण बनाउन कमरेड मेनुका र कमरेड विष्णुको सहयोग लिएँ । गीत यस प्रकार थियो ।

*नरुनु आमा घर छाडि हिड्ने छोरीलाई सम्भेर*
*आसगरी बस्नुहोस् कुनै दिन छोरी फर्किन्छे भनेर*
*रहरले होइन करले होइन घर छोडी हिडेको*
*जनताकै हितमा जीवन मैले सुम्पिइ दिएको*
*कतिले भन्लान् त्यो तिम्रो छोरी छातीको सुल हो*
*कतिले भन्लान् जनताको माभ्क फक्रने फूल हो*
*जान सक्छन् चाड र पर्व दशैं र तिहार*
*बर्षौंसम्म कामको दौरान भेट काहाँ हुन्छ र*
*कहिले पुग्छौं पहाड र मैदान कहिले पाखामा*
*जनताकै हितमा काम गर्दै जान्छौं जनताकै माभ्कमा*
*म त्यस्ती होइन निस्ठुरी छोरी आमा नै बिर्सने*
*शत्रुको छाती टेकेर आमा कुनै दिन फर्कने*
*पूर्वको लाली क्षितिजसँग फर्केर आउँला*
*दुःखका दिन पन्छाई आमा जीतमा भेट हौंला ।*

हरेक रात हाम्रो छलफल र योजना बैठक हुन्थे । गाउँमा कार्यकर्ताहरू अन्यन्तै उत्साहित थिए । सेल्टरदाता बा आमाहरू जिम्मेवार अभिभावक हुनुहुन्थ्यो । उहाँहरूको साथ र सहयोग पाउँदा हामीलाई दुःख पीडाको कुनै परवाह हुँदैन थियो । आफ्नो व्यक्तिगत दुःख सुखको वास्तै थिएन । हाम्रो आगमनमा सेल्टरदाताहरू खुशी हुन्थे । हामी पनि पार्टी निर्देशन, ‘जनताको सेवा गर, जनताबाट सित्तैमा सियो र धागो पनि नलेउ’ भन्ने कुरालाई शिरोधार्य गर्दै जनताका हितका खातिर मरिमेटेर लाग्दथ्यौं ।

काम गर्दा कमी कम्जोरी भयो भने पवित्र भावनासाथ आलोचना आत्मालोचनाबाट सच्चिने र सच्याउने काम गर्दथ्यौं । इलाममा भूमिगत काम गर्ने क्रममा धेरै सहयोगी कमरेडहरूको साथ र सहयोग मैले पाएँ । पश्चिमी भेगमा क. राम राना, क. मणि सुब्बा, क. वीरेन्द्र पराजुली, क. उपेन्द्र पराजुली, क. कुलप्रसाद पराजुली, क. रानी राई, क. मन्जु खतिवडा, क. जैमिला राई, क. भिमु राई, क. पदम राई, शान्ती डाँडाका होम खतिवडा, राम खतिवडा, जीतपुरतिरका कमरेडहरू हरि खनाल, हेमकला कँडेल, एकदेव खनाल, इन्द्र नारायण कट्टेल, कमल कट्टेल, लुम्दे तीरका साथीहरू बुद्धि घिमिरे, हरि घिमिरे, धनप्रसाद फ्याक, अतिमाया चौहान,

कलिमाया चौहान, फयतप्पा तिरका साथीहरूमा सीताराम रेग्मी, भनिमाया मगर, सूर्य सापकोटा, देवेन्द्र रेग्मी आदि हुनुहुन्थ्यो । अरु पनि त्यसबेलाका पार्टीका कार्यकर्तालाई सहयोग गर्ने सयौँ साथीहरू हुनुहुन्थ्यो । उहाँहरू सबैको नाम सम्झन सकिन । तर उहाँ साथीहरूकै साथ र सहयोगले पार्टीलाई स्थापित गर्ने र प्रहरी प्रशासनको निगरानीबाट भूमिगत कार्यकर्तालाई सुरक्षित गर्ने, आफू भोकै बसेर पनि नेता र कार्यकर्तालाई बचाउने, जोगाउने काम गर्नुभयो । उहाँहरूको लगनशीलता उहाँहरूको पार्टी प्रतिको बफदारिता नभएको भए आज पार्टी यो अवस्थामा पुग्ने थिएन । त्यसैले, पार्टीले आज ती कार्यकर्ताहरूको, ती साहसी जनताहरूको खोजी गर्नु पर्दछ । उहाँहरूको योगदानको उचित मूल्याङ्कन गर्नु पर्दछ । कार्यकर्ता भनेका पार्टीका जग हुन्, आज जगको आवस्था कस्तो छ ? पार्टीले चासो राखेर पार्टी अघि बढ्नु आजको आवश्यकता हो ।

## ७४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

७३ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, पुलिस दमनका कारण सफल हुन सकेन । २०४० सालमा ७४ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस झापा जिल्लाका विभिन्न स्थानमा गोप्य रूपमा मनाउने निर्णय अनुसार दमकमा दुई स्थानमा मनाउने निर्णय भएको थियो । दमकको उत्तरी भेगमा ढुकुरे भन्ने डाँडामा खेतको बीचमा मनाउने गोप्यरूपमा प्रचार-प्रसार गरिएको थियो ।

निर्धारित समय अनुसार दिनको ठिक एक बजे महिलाहरूको उपस्थिति भइसकेको थियो । पार्टीको काम बाक्लो भएका कारण कुनै पनि कार्यक्रममा जनताको उपस्थिति राम्रो हुन्थ्यो । क. भक्ता देवी दाहालको अध्यक्षतामा कार्यक्रम शुरु भयो । कार्यक्रमको उद्देश्यका बारेमा बोली सकेर मैले माइक छोड्ने बित्तिक्कै प्रहरी कार्यक्रममा घेरा हाल्न आइपुगे । माइकको तार चुडाइ दिए । कार्यक्रममा सहभागी हुनुभएका पुरुषहरूसँग प्रहरीले निउ खोज्न थाले, पुरुष साथीहरूलाई गिरफ्तार गर्न थाले । योगेन्द्र बराल र ज्योती तामाङलाई प्रहरीले गिरफ्तार गऱ्यो । हामी महिला अगुवाले प्रहरीसँग प्रतिवाद गर्न थाल्यौँ- ‘हामी महिलाहरूको कार्यक्रम हो, हामीले आयोजना गरेको हो, आज संसारभरिकै श्रमजीवी महिलाहरूले मनाउने दिवस हो, महिला दिवस मनाउछौँ । हेर्न आउने पुरुषहरूलाई किन गिरफ्तार गर्छौ ? के कसुर छ उहाँहरूको ? उहाँहरूलाई छोडी देउ । महिला साथीहरू रत्तिभर नडराई

प्रहरीसँग महिला दिवस मनाउन अपराध ठहरिन्छ भने हामी सजायको भागीदर हुन तयार छौं। तिमीहरूले जहाँ लान्छौ, हामी त्यहीं गएर आफ्ना कुरा राख्न चाहन्छौं। दोषी कानूनले ठहऱ्याउँछ भने हामी कठघरामा उभिन तयार छौं !' हामीहरू एक झुण्डमा प्रतिवाद गरिरहेका थियौं।

हामी सबै अगुवा महिलाहरू चर्को विवाद गरिरहेका थियौं, त्यही बेला एक्कासी सीता उप्रेतीमाथि लाठिचार्ज गऱ्यो। सीता दिदीको लामो बाक्लो कपाल चारैतिरबाट राक्षसहरूले तान्दा उहाँको मुख छोपिएको थियो। उहाँलाई भुइँमा पछारेर चार जना राक्षसहरूले हात खुट्टा बटार्न र कुल्चन थाले। उहाँका तिघ्रामा बुट मर्काउँदा उहाँ चिच्याई चिच्याई रुन थाल्नुभयो। उहाँको दर्दनाक आवाज सहन सकेनौं र हामी नारा लगाउँदै सीता दिदीलाई प्रहरीबाट खोस्न बढ्यौं, प्रहरी 'अत्याचार मुर्दावाद ! प्रहरी दमन बन्द गर ! ज्यान मर्ला होसियार!' भन्दै जोसमा होस गुमाएर हामी अघि बढ्दै थियौं। एक्कासी चट्याङ परेजस्तो के भयो। साथीहरूले मेरो हात समातेर पछि तान्दै मेरो कम्मरमा समातेर भुइँमा थर्चानु भयो। आमाहरू आत्तिदै लौननी धेरै रगत बग्यो के ले रोक्ने ? भन्दै आफ्नै सुति साडी र पछ्यौरा च्यात्न थाल्नुभयो। मलाई अलि अलि रिङटा लागे जस्तो भयो। हातले टाउको छाम्दा रगतै भएको रहेछ।

प्रहरीले काँचो बाँस मेरो टाउकोमा बजार्दा मेरो टाउको फुटेछ, मलाई साथीहरूले, आमाहरूले बचाउनु भयो, प्रहरीको फन्दामा पर्न दिनु भएन। तर सीता दिदीलाई घिसार्दै गाडीमा हालेर प्रहरी थानामा लग्यो। मेरो टाउकाको रगत थामिएन। त्यसपछि हरि अधिकारी सर र इन्द्र बुढाथोकी दाइले साइकलमा बसाएर क्लिनिकमा लौजानुभयो। डाक्टरले रगत सफा गरेर घाउ वरिपरिको कपाल काटि दियो र पाँच टाँका सिलाई गरेर औषधि दियो। त्यस दिन सीता दिदीलाई प्रहरीले गरेको ज्यादती संझदा आङ जिरिङ्ग हुन्छ। मुटु पोल्छ। म आफ्नो पीडाले भन्दा पनि सीता दिदीको पीडाले बढी प्रताडित भएँ। मैले साथीहरूलाई भने सीता दिदीको परिवारलाई खबर गरेर तुरुन्तै थानामा भेट्न पठाऔं। कपडा, खानाको व्यवस्था गरौं भने। इन्द्र बुढाथोकी दाइले भन्नु भयो, 'तपाई चुप लागेर आराम गर्नुहोस्। यी सबै व्यवस्था हामी मिलाउछौं। कसलाई कहाँ पठाउने के गर्ने हो हामी गर्छौं।' जिम्मेवार अभिभावकको शैलीमा इन्द्र दाइले भन्नुभयो।

## आश्रयदाता कमरेडहरूलाई सलाम

कति सेल्टरदाताहरू आज यो धर्तीमा हुनुहुन्न । तर उहाँहरूको योगदानको सम्झना ताजै छ । दमकमा हाम्रा धेरै सेल्टर थिए । जसमध्ये हामी धेरै बस्ने सेल्टरका आमाहरूलाई दिदीहरूलाई सम्झन्छु । आमाहरू नरमाया भट्टराई, दुम्से, हरिमाया बराल, ढुकुरपानी, खडगमाया निरौला, बाघखोर, अम्बिका गौतम, ढुकुरपानी, कमला निरौला, गोलाटार, डम्मर कुमारी घिमिरे, गोलाटार, पदममाया बुढाथोकी, चिया दोकान, योगेन्द्र बराल दाइको आमा दुम्से, सेल्टरदाता दिदीहरू सावित्रा श्रेष्ठ, घुमाउने घर ढुकुरपानी, भक्ता दहाल, भावखुडी, हिमा पोखरेल, खरखरे, उमा भट्टराई, दुम्से, कमल दहाल सरको श्रीमती, इन्दिरा पोखरेल र उहाँको आमा, विमला दहालको आमा काकी, चिया दोकान, विमला दहालको आमा गंगा देवी दहाल, ढुकुरे, भूमिका घोर्साई, देवी माया लुइटेल ढुकुरे आदि सेल्टरदाता आमा, दिदीहरूले पार्टी जोगाउन र पार्टीका भूमिगत कार्यकर्तालाई सहयोग गरेर महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । सेल्टरदाताको योगदानकै कारणले पार्टी बिस्तार र जनताको माझ मार्क्सवादी विचार फैलाउन अनवरत खट्नुहुने आमा, बा, दिदीहरूलाई सलाम गर्न चाहन्छु । उच्च सम्मान गर्न चाहन्छु ।

२०४० फाल्गुण २६ गते बिहानै म ब्युझिएँ । दिदी लिला कट्टेल र म सँगै सुतेका थियौँ । उहाँलाई पनि ब्युझाएँ र भने 'दिदी मेरो टाउको अलि भारी भएको छ । रिङ्गटा पनि लाग्दै छ ।' उहाँले भन्नु भयो, 'तपाईको टाउकोमा ठूलो चोट लाग्यो र रगत पनि धेरै बग्यो । त्यसैले रिङ्गटा लागेको हो । बिस्तारै बिसेक हुन्छ' मलाई ढाड्स दिदै भन्नुभयो ।

हाम्रो कोठाको ढोकामा ढक ढक आवाज आयो । लिला दिदी उठेर ढोका खोल्नुभयो । ढोकाबाट इन्द्र दाई, दिपक दाइ र पदम दाइ भित्र पस्नुभयो । इन्द्र दाइले सोध्नु भयो, 'पवित्रा बहिनी कस्तो छ ? तपाईलाई टाउको दुःखेको छ कि छैन ? मैले भने दाइ नाराम्रोसँग मेरो टाउको देखेको छ, रिङ्गटा पनि लाग्दैछ ।' दाइले भन्नुभयो टाउकोको घाउ हो, एक दुई दिन दुख्छ, कमजोरी महसुस हुन्छ, नआत्तिनुस् निको हुन्छ । त्यत्तिकैमा दिपक दाइले तपाई अब, एक दुई दिन घरमा गएर आराम गर्नुहोस् भन्नुभयो । कलेज पनि छुट्टि छ । बरु लिलाजीले उहाँलाई घर पुऱ्याउन सहयोग गर्नुहोस् भन्नुभयो । सबै दाइहरूको सल्लाह अनुसार लिला दिदी र म घर जाने

तयारीमा लागियौँ । लिला दिदी र म चिया दोकानबाट खरखरे हुँदै ढुकुरपानीको बाटोबाट बाघखोरतर्फ लाग्यौँ । बाटोमा भेटघाट हुने आमा, दिदी र साथीहरूले ८ मार्चमा भएको प्रहरीको ज्यादतीको निन्दा गर्नुभयो । मेरो टाउकोमा चोट लागेको र सीता दिदीलाई दिएको यातनाका सवालमा धेरै चिन्ता व्यक्त गर्नुभयो । बाटोभरि अघिल्लो दिनको प्रहरी दमनको सन्दर्भमा आगो ओकल्ने आक्रोशपूर्ण स्वरहरू सुन्दै सुन्दै हामी अघि बढ्यौँ । हामीप्रति आमा, दिदी र साथीहरूले देखाउनु भएको साहानुभूति र सम्मान ग्रहण गर्दै गर्दै घर पुगियौँ । घर पुग्ने बित्तिक्कै आमाले मेरो टाउको सुम्सुम्याउँदै भन्नुभयो । तँलाई कुनै दिन कुटेरै मार्छन् होला पुलिसले । मायालु स्वारमा पीडा प्रकट गर्नुभयो ।

आमाका पीडालाई हल्का बनाउन लिला दिदीले भन्नुभयो, आमा हामीलाई त्यति सजिलै मार्न सक्दैन । लाखौँ लाख जनताको माया ममतामा बाँचेका छौँ हामी । यदि मर्नै परे पनि हामी मर्न तयार छौँ आमा ! हामीले नराम्रो काम गरेका छैनौँ । हामी मर्दा त जनताको शीर उठाएर मर्छौं आमा !' भन्दै लीला दिदीले सुरिलो स्वरमा गीत गाउँन थाल्नुभयो । 'मर्नै पर्छ एक दिन सबैले, हामी पनि मर्छौं, हामी मर्दा जनताको शीर उठाई मर्छौं...' आमाले हाँस्दै भन्नुभयो, 'तिमीहरू जनताको शीर उठाउछौ, पुलिसले तिमीहरूको ढाँड भाच्छ के गर्नु ?' आमाले हतास स्वरमा भन्नुभयो ।

लिला दिदी आमाकै छेउमा बसेर आमालाई सम्झाउन थाल्नुभयो । आमा 'हामी हाम्रो देशमा रहेका ९५ प्रतिशत गरिब, शोषित, पीडित जनताको हितका निम्ति काम गर्छौं । अन्यायमा परेका जनतालाई न्याय दिलाउने काम गर्छौं । धनी र गरिब बीचको विभेदको अन्त्य गर्न काम गर्छौं । अन्यायको विरोध गर्छौं, न्यायप्रेमी जनताको हितका खातिर काम गर्छौं । हामी न्याय र सत्यको लागि लड्छौं । आमा सत्यको अवश्य विजय हुन्छ । दुई चार जना मानिसलाई मारेर दुई चार जना मानिसको ढाड भाँचेर संघर्ष रोकिदैन, क्रान्ति रोकिदैन । त्यसैले हामी जस्ता लाखौँ लाख जनताहरू यो दुष्ट व्यवस्थाको अन्त्य गर्न लागेका छौँ । यो प्रतिक्रियावादी सरकार अन्त्यमा जनताको अगाडि झुक्नै पर्छ र सत्यको विजय अवश्य हुन्छ । आमा चिन्ता नलिनु हामी तपाईका छोरीहरू गलत बाटोमा लागेका छैनौँ । हामीलाई विश्वास गर्नुहोस् आमा, हामी तपाईलाई कहिल्यै रुवाउँदैनौँ ।' लिला दिदी यति कुरा आमालाई राखेर कोठामा लुगा फेर्न जानुभयो । म पनि लिला दिदीसँगै भित्र पसेँ ।

## गिरफ्तारीको त्यो रात

२०४० फागुन २९ गते लीला दिदी र म साँझ पख घरबाट डेरा आइपुगेका थियौँ। डेरा आई पुग्ने बित्तिक्कै इन्द्र दाइ साइकल चढेर हाम्रो अगाडि आएर भन्नुभयो। आज ८ मार्चको कार्यक्रमको समीक्षा बैठक राखेको छ, तपाईहरू चाँडै खाना खाएर उपस्थित हुनुहोला। विष्णुजी पनि साँझतिर आउनुहुन्छ भनेर हामीलाई सूचना दिनुभयो।

डेरामा हरि सर, दिपक दाइ, लिला दिदी र म चारजना थियौँ। साँझको खाना नखाई हरि अधिकारी सर बगान टोलमा बैठक छ भनेर जानुभयो। हामी तीन जनाले खाना खाई सक्ने बित्तिक्कै विष्णु खड्का पनि कोठामा पस्नुभयो। एकै छिनमा इन्द्र बुढाथोकी र पदम बुढाथोकी आइपुग्नु भयो। हामी समीक्षा बैठकका लागि दिपक दाइको कोठामा जम्मा भयौँ। बैठकमा सबै कमरेडहरूले आ-आफ्नो विचार राख्नुभयो। कार्यक्रममा महिला सहभागिता उत्साहजनक रहेको, प्रहरी ज्यादतीको विरुद्धमा धेरै सहभागी महिलाहरूले तर्कसंगत ढंगले प्रतिवाद गर्दा प्रहरी ज्यादती र लाठी चार्जका बाबजुद पनि महिलाहरू तितर बितर नहुनु भएको आदि। समग्रमा भन्दा दुश्मनका अगाडि महिलाहरूले आफ्नो अजय शक्ति प्रर्दशन गर्नुभयो। यो नै कार्यक्रमको सकारात्मक पक्ष हो भन्ने बैठकको निष्कर्ष थियो।

नेतृत्व गर्नेमा विद्यार्थी भएकोले पवित्रा निरौला, लिला कट्टेलहरूलाई ठिकै भयो। तर विष्णु खड्का क्याम्पसको कर्मचारी भएकोले अप्ठेरो पर्न सक्छ भन्ने लगायत कुरा गर्दै बैठक सक्दा साढे बाह्र बजिसकेको रहेछ। बैठक अन्त्य गरेर इन्द्र बुढाथोकीले घुरुक्क ढोका खोल्दा बाहिर चारैतर्फ प्रहरीले घेरेको रहेछ। पदम बुढाथोकी घरको सिढी चढ्दै गर्दा तल झारेर प्रहरीले आँगनमा ल्यायो। इन्द्र, दिपक र पदम दाइलाई पाता फर्काएर हात पछाडि लगेर डोरीले बाँध्यो। कोठा खानतलासी गऱ्यो। हामी पहिलो पटक प्रतिक्रियावादीका फन्दामा परेका थियौँ। त्यसैले धेरै डराएका थियौँ। मुटुको धड्कन छिटो छिटो चल्दै थियो। त्यत्तिकैमा एउटा प्रहरीले मलाई देखाउँदै ठूलै अपराधीलाई पक्रन सफल भए जस्तो गरे। डिएसपीलाई खुट्टा बजारेर स्यालुट गर्दै 'यही हो साब, अस्ति उफ्री उफ्री कराउने, राजा विरोधी नारा लगाउने नेता हो' भनेर मेरो परिचय दियो। डिएसपिले नाम सोध्यो ? मैले 'कमला' भने। यी सबलाई बाहिर निकाल र कोठा खानतलासी गर भनेर आदेश दियो। हरि सरका साना साना

तीनवटा टिनका बाकस थिए । बाकस हामी तीनजनालाई टाउकोमा बोकायो । दाइहरूलाई बाँधेर अघिअघि हिडायो । हामी टाउकोमा बाकस बोकेका पछिपछि थियौँ । रातको साढे एक बजे, सुनसान रातमा जत्ति यातना दिए पनि पार्टी, संगठन र नेताको बारेमा केही नखोल्ने प्रतिज्ञा गर्दै दमक थाना पुग्यौँ ।

हिरासतभित्र प्रहरीले हामीलाई जुत्ता राख्ने कार्टुनमा भात दियो, त्यो पनि खाइयो । इन्द्र दाइ र दिपक दाइले त खानै सक्नु भएन । तनाब र जिम्मेवारीले किचेर होला उहाँहरू धेरै चिन्तित हुनुहुन्थ्यो । दाजु, दिदी हुनुहुन्छ भनेर म भने ढुक्क थिएँ । फाल्गुण ३० गते बेलुकी ५ वजे हामीलाई जिल्ला प्रहरी कार्यालय चन्द्रगढी लैजाने तयारी गऱ्यो । हामीलाई साथीहरूले सामान्य ओढ्ने, ओछ्याउने र लगाउने लुगा ल्याइदिनु भएको थियो । त्यही च्यापेर हामी पुलिस भ्यानमा चढेर चन्द्रगढीतर्फ लाग्यौँ । त्यो कहाली लाग्दो रात सम्झदा आज पनि मन भारी हुन्छ । त्यो रात मेरो जीवनको अविस्मरणीय दुःखद रात बन्यो ।

कष्टडीमा २६ दिन बिताउँदा हामीले नुहाउन पाएनौँ । तीन जना महिला पालै पालो महिनावारी हुँदा, फेर्ने कपडा नहुनु र धुन नपानुले रगतका टाटाका कपडा लगायौँ । एकातर्फ रगतको दुर्गन्ध, अर्कातर्फ जिउ चिलाउने, सकसकाउने र एलर्जी भएर आफ्नो शरीर आफैलाई गनाएर हैरान । हामीले धेरै पटक प्रहरीलाई अनुरोध गऱ्यौँ । सुनुवाइ भएन । लगातार दश दिन डिएसपी कार्यालय र अर्को दश दिन अञ्चलाधीश कार्यालयमा बयान लियो । लुङ्गी लगाएर बयान दिन जाँदा बाटामा महिलाहरूले हामीलाई देखाउँदै 'चोर्नीहरू रहेछन्, पुलिसले लादैछ' भन्दै हाँसे । मैले मनमनै भने, 'हामी तिमी जस्तै महिलाको हक अधिकार स्थापित गर्न, देश र व्यवस्था परिवर्तन गर्न हिडेका । हाम्रो मर्म के थाहा तिमीहरूलाई ?' गिरफ्तारीको २५औँ दिनमा सरजमिन गर्न गिरफ्तार गरेको स्थान दमक लगियो । साथीहरू हातमिलाउन चाहनुहुन्थ्यो । आमाहरू अंकमाल गर्न चाहनुहुन्थ्यो । तर प्रहरीले हाम्रो नजिक कसैलाई पर्न दिएन । तीन घण्टा लामो सर्जमिन र मुचुल्का तयार गर्न समय लाग्यो । प्रहरीले मुचुल्का तयार गरिरहेको समयमा हामीले साथीहरूसँ थोरै कुरा गऱ्यौँ । त्यसपछि हामीलाई बिर्तामोड फर्कायो । हामीलाई जनताले गरेको माया ममता सम्मान र सत्कार देखेर प्रहरी पनि छक्क परे । भोलिपल्टदेखि प्रहरीले हामीलाई राम्रो व्यवहार गर्न थाल्यो, बोल्दा इज्जतपूर्वक बोल्न थाले । सर्जमिनको भोलि

पल्ट २६औँ दिनमा हामी जेल चलान भयौँ। विष्णु खड्का र पदम बुढाथोकी छुट्ने खबर हामीले पायौँ।

### झापा जेलमा दुई वर्ष

२०४० चैत्र २४ गतेबाट इन्द्र बुढाथोकी, दिपक कार्की, लिला कट्टेल र म चारजना राजकाज मुद्दामा झापा जेल चन्द्रगढीमा बन्दी भयौँ। जेलको भद्रगोल स्थितिका कारण हामीले निकै लामो समयसम्म त्यो कष्ट व्यहोर्नु पर्‍यो। म जेलमा सबैकी सानी बहिनी भनेर चिनिन्थे। लिला दिदी आठ महिना पछाडि तारिकमा छुट्नुभयो। म भने कडा स्वभावको भएका कारण बयानमा घुमाएर उत्तर दिन चाहिन। त्यसैले मेरो जेल सजाय दुई वर्ष नै तोकियो। जेलमा पढे लेखेका कैदीहरू कम थिए। त्यसैले धेरै जनाको घरमा चिठ्ठी लेखिदिनु र घरबाट आएको चिठ्ठी पढेर सुनाइदिनु मेरो दैनिकी बन्यो। तीजमा नेपाली काँग्रेसका नेता भरतबाबु प्रसाईले हामीहरूलाई चेली मानेर दर ख्वाउनुभयो। हामी सबै राजबन्दीहरूको एउटै मेस (भान्सा) थियो, हामीहरू चाडपर्व रमाइलोसँग मनाउँथ्यौँ। भरतबाबु प्रसाईले हामी राजबन्दीहरूलाई इज्जत र सम्मान गर्नुहुन्थ्यो। उहाँको उमेर क्षमता, दक्षता भन्दा हामी धेरै साना थियौँ, तर हामीलाई तपाई हजुर भनेरै बोलाउनु हुन्थ्यो।

जेलभित्र हामीलाई दिएको ७०० ग्राम चामल र दुई रुपैयाबाट बचाएर पार्टीलाई आर्थिक सहयोग पठाउँथ्यौँ। २०४१/०४२ सालको दशैं, तिहार जेलमा मनायौँ। दशैंको टिका जेलमा धेरै बुबा, आमाको हातबाट लगायौँ। तिहारमा भाइ टिका पनि जेलभित्रका माइती र जेल बाहिरका पनि धेरै माइतीहरूलाई भाइटिका लगाइदियौँ। टिका लगाएर दिएको दक्षिणा पनि हामीले पार्टीलाई सहयोग पठाउँथ्यौँ।

### राजबन्दीहरूलाई जनताको माया

त्यसबेला संगठन र संगठक, पार्टीको नीति-कार्यक्रम, मार्क्सवादी कार्यशैली र पद्धति अनुसार चल्दथ्यो। विश्वासिलो र निस्वार्थी भावना अनुरुप काम हुन्थ्यो। त्यही जनताको निश्चल र निस्वार्थी माया पाएर नै दुई वर्ष शत्रुका घेरामा पनि जनतालाई विश्वासघात नगरी, शत्रुले दिएका यातना, उनले देखाएका लोभ, लालच र धम्कीसँग रत्तिभर नझुकी न्यायका निम्ति शीर ठाडो बनाएर हिड्ने गरेका थियौँ। जेलका कष्टपूर्ण दिनहरू भोलिको उज्यालो भविष्य सोचेर बित्यो। जनताको आशा

भरोसा र विश्वास सधै कायम राख्न आफ्ना कमी-कम्जोरीहरू प्रति समीक्षा गर्दै आत्मआलोचित हुँदै निरन्तर काममा जुटिरहने कुरा नै भूमिगत जीवनबाट मैले प्राप्त गरेको शिक्षा हो ।

भूमिगत जीवनमा भोगेका समस्याहरू महिला भएका कारण राजनीतिक काममा हिड्ने क्रममा धेरै खाले समस्याहरू भोग्नुपर्‍यो, गाउँ घरमा छोरी मान्छे, घरबाट बाहिर निस्कदा इज्जत जाने, छाडा आइमाईका रूपमा गनिने । पुरुषहरू मात्र राजनीतिक सुझबुझ राख्ने महिलालाई राजनीतिक चेतनाको सुझबुझ नगराउने कारणले भूमिगत रूपमा काम गर्दा श्रीमानले कान्छी ल्यायो कि ? भनेर शङ्काको दृष्टिले हेर्ने । जवान महिला राजनीतिमा लागेर भूमिगत रूपमा बस्न सेल्टरमा जाँदा सेल्टरमा बास नदिने, छोरा, छोरी वा श्रीमान बिग्रन्छन् भनेर महिलालाई गलत व्यवहार गर्ने जस्ता अनेकौं समस्या भोग्नुपर्‍यो । त्यस्ता शङ्का गर्ने महिला साथीहरूलाई निरन्तरको भेटघाट, सम्पर्क र व्यवहारबाट नै प्रष्ट पार्ने र सहयोगी बनाउने काम गरियो, आइपरेका समस्यालाई समाधान गर्न जनता कै साथ र सहयोग लिएर समाधान गरियो ।

**परिवारिक व्यवस्थापन**

म घरकी जेठी छोरी घरमा आमालाई सहयोग गर्ने घरको सम्पूर्ण पारिवारिक व्यवस्थापन मिलाउने काम म आफै गर्थे । म राजनीतिमा लागेपछि, बहिनीहरू दुई जनाले आमालाई सहयोग गरे । मैले घर छोडेर हिडेपछि आमालाई पारिवारिक व्यवस्थापन मिलाउन निक्कै कठिन भयो । आमा समाजमा स्थापित र पारिवारिक रूपमा पनि नेतृत्व गर्ने आँटिलो, साहसिलो महिला हुनुहुन्थ्यो । त्यसैले बहिनीहरूको सहयोग लिएर पारिवारिक व्यवस्थापन मिलाउनु हुन्थ्यो । मलाई सधै राजनीतिमा लाग्ने प्रेरणा दिइरहनु हुन्थ्यो, समाजमा छोरा सरह काम गरेर देखाउन आँट र हिम्मत दिनुहुन्थ्यो । बारम्बार मलाई छोराले जस्तै काम गरेर समाजलाई देखाउन, उदाहरण बनेर देखाउन मलाई उत्साह र सल्लाह दिने गर्नुहुन्थ्यो । आमाले सबै अप्ठ्याराहरू झेलेर परिस्थतिको सामना गर्दै घर धान्नु भएको थियो ।

**बहुदल आएपछिको अवस्था**

२०४६ सालको जनआन्दोलन पछि खुल्ला राजनीतिमा आएपछि शुरुमा केही असहजता भयो । किनकि हामीले त्यति चाँडै व्यवस्था परिवर्तन गर्न सकिन्छ भन्ने

सोचेका थिएनौँ । भूमिगत रूपमा जनताको सहयोग, समर्थन र अगाढ माया र सुरक्षा पाएर हामी बाहिर शत्रुको निगरानी र असहज वातावरण भए पनि भित्र जनताको काखमा सहज ढंगले बाँचेका थियौँ । त्यसैगरी पार्टीको कठोर अनुशासन पालन गरेर पार्टीको निगरानी र सही मूल्याङ्कनमा सबल भएर काम गरेका थियौँ । सित्तैमा जनताको सियो र धागो समेत नलिने पार्टीको नीति अनुरुपको संस्कारमा हामी हुर्केका थियौँ । तर खुल्ला परिवेशमा आएपछि राजनीतिक प्रतिस्पर्धा सँगै आर्थिक प्रतिस्पर्धी गर्नुपर्ने परिस्थिति उत्पन्न भयो । जसले गर्दा राजनीतिमा निरन्तर रूपमा क्रियाशील हुन राजनीतिक जीवनमा निरन्तरता दिन धेरै चुनौतीहरू ब्यहोर्नुपऱ्यो ।

आर्थिक समस्याका कारण जिल्ला पार्टीको कार्यालय सहयोगीको रूपमा काम गर्न बाध्य भएँ । भूमिगत कालमा स्वार्थ, लोभ, लालचबाट पार्टीका नेता र कार्यकर्ताहरू मुक्त थिए । सबै कामहरू शोषित पीडित जनताको हितलाई केन्द्रमा राखेर गरिन्थ्यो । यस्तो निस्वार्थ भावले गरिएको कार्यले जनताको विश्वास जित्न सकिन्थ्यो । तर जब निरङ्कुश पञ्चायती व्यवस्था समाप्त पारेर बहुदलीय राजनीतिक परिपाटी शुरु भयो, त्यसपछि व्यक्तिगत स्वार्थ झाङ्गिन थाल्यो । जसरी पनि पद, पैसा, प्रतिष्ठा प्राप्त गर्न, नेता खुशी पार्न चाकडी र चाप्लुसी नगर्ने इमान्दार कार्यकर्ताहरू क्रमशः पछाडि पर्दै गए । आर्थिक अवस्था कमजोर भएका इमान्दार र निष्ठावान कार्यकर्ताहरू राजनीतिक जीवनबाट विस्थापित हुँदै गए । राजनीतिक पार्टीहरूमा क्रमशः आर्थिक रूपमा सम्पन्न व्यक्तिहरूको प्रवेश हुन थाल्यो । तब पार्टीमा ठूलो संख्यामा नयाँ पार्टी सदस्यहरूको प्रवेश भयो । पार्टीको विचार, नीति र सिद्धान्तलाई सतही रूपमा मात्र बुझेका थिए या बुझेकै थिएनन् । नीति, नियम र अनुशासन पालना गर्ने भन्दा पनि कुनै नेतृत्वदायी शक्तिमा भएको नेतालाई नजिक बनाउने, खुशी पार्ने र आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्नेतर्फ पार्टीका कार्यकर्ता लाग्न थाले ।

हिजो पार्टीमा काम गरेका, दुःख पाएका अनुभवी पार्टीलाई आफ्नो जीवन दिन तयार भएको, ठूलो योगदान गरेका विश्वासिला, लगनशील र इमान्दार कार्यकर्ता पछाडि पर्न थाले । यसरी क्रमशः बहुदल आएपछिको पार्टीको राजनीतिक अवस्था कमजोर बन्दै गयो ।

हामी श्रीमान-श्रीमती नै भूमिगत भएर आएका थियौँ । पार्टीका नेतालाई किन पैतृक सम्पत्ति चहियो र ? भन्ने सम्मका व्यक्त-अव्यक्त भनाइहरूको सामना गर्नुपऱ्यो ।

भूमिगत राजनीतिबाट आएका कार्यकर्ताको समस्यालाई परिवारले पनि आर्थिक लाभहानीको हिसाबले हेऱ्यो । सजिलै स्वीकार गर्न सकेन । जसको कारणले गर्दा घर छोडेर डेरा बस्न बाध्य भैयो । भाडा तिर्न समस्या थियो । माइती घरबाट केही भरथेग भयो । माइतीमा पनि मैले कहिल्यै दुःख भएको बताएको थिइन । कुनै बेला साथीहरूले पठाइदिनु भएको एक बोरा चामल र आलुको मूल्य मलाई मात्र थाहा छ जस्तो लाग्छ ।

हामी दुबै जना राजनीति गर्ने, आम्दानीको कुनै बाटो थिएन । जीवन धान्नका लागि र राजनीतिक निरन्तरताका लागि कुनै न कुनै आयआर्जन गर्ने काम गर्नुपर्ने थियो । त्यसबेला हामीलाई गुण लगाउनेहरूलाई आभार छ अहिले पनि ।

मेरो श्रीमान नरेश खरेल १७ वर्ष पञ्चायती निरङ्कुश शासकको कठोर जेल जीवन भोगेर खुल्ला परिवेशमा आउनुभएको र म भूमिगत जीवनबाट बाहिर आएको हाम्रो जीवन सरल थियो । तर सहज थिएन । हामीले धेरै अप्ठ्यारा दिनहरू गुजारेका छौँ । तर पनि हामी दुःखी थिएनौँ र छैनौँ । किनकि हामीले संघर्ष स्वीकारेका थियौँ । हामीलाई परिवर्तन प्यारो थियो ।

***

# जुत्ता बेचेर पार्टीलाई पैसा बुझाएँ : प्रभा कोइराला*



परिवार राजनीतिक थियो । घरमा वामपन्थी माहोल थियो । २०३५/३६ सालको विद्यार्थी आन्दोलनलाई नजिकबाट नियालेकी थिएँ । २०३७ साल फागुनमा अखिल नेपाल महिला संघ (अनेमसंघ) पुनर्गठन भएको थियो । पोखरा नगरस्तरमा सकुन्तला सुवेदी, बनिता कतिला, शान्ती सुवेदी र तारा नेपालीसहित रहेको पाँच सदस्यीय कमिटी गठन गरियो । म त्यस कमिटीको सचिव थिएँ । उक्त कमिटी बनेको केही समयपछि चैत्रको अन्तिमतिरबाट म छ महिने परीक्षणकालसहित भूमिगत कामको लागि निस्कैं । भूमिगत जाँदा १८ वर्षको थिएँ । मेरो पार्टी नाम उषा थियो । भूमिगत जाने निर्णय कास्की बगरस्थित गोपाल श्रेष्ठ (काले गोपाल भनेर चिनिन्थ्यो) को घरमा बसेको जिल्ला कमिटी कास्कीको बैठकबाट भएको थियो । त्यहींबाट झोला बोकेर हिड्दै गर्दा उहाँले जनताको घरमा काम गर्न गाह्रो हुन्छ भनेर सम्झाउनु भएको थियो । भूमिगत गएपछि जनताको घरमा जे काम पर्छ, त्यही गर्नुपर्छ भनिएको थियो । जे पाइन्छ, त्यही खानुपर्छ । जहाँ आवश्यक हुन्छ, त्यहींको काममा जानुपर्छ । जनताले जस्तो भाषा र पहिरन प्रयोग गर्दछन्, त्यस्तै बोल्न र लगाउन सक्नुपर्छ भनेर प्रशिक्षण गरिएको थियो ।

## छ महिनाको परीक्षणकाल

उक्त निर्णय कार्यान्वयन गर्दै भूमिगत कामको शुरुवात कास्की पोखरा क्षेत्र नम्वर ३ को भुर्जुङखोलाबाट गरैं । पहिलो दिन हर्कबहादुर घर्तीको घरमा गएर बसैं । उनीहरूले पहिलो पटक महिला भूमिगत कार्यकर्ता देखेका रहेछन् । त्यसो हुँदा शुरुमा अचम्मित भए झैं गरे । त्यहाँ तीन दिन बसैं । तीन दिनमा त्यहाँ सबै कुरा बुझाउन थालेपछि व्यवहारमा अत्यन्त सकारात्मक परिवर्तन भयो । पहिला त्यस परिवारमा अनिल कमरेड (शिवजी कोइराला) बस्नु हुँदो रहेछ । उहाँले ढिकी जाँतो गर्ने, खाना बनाउने लगायतको काम गर्नुहुँदो रहेछ । मैले पनि भूमिगत यात्राको

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो ।*

शुरुवाती आश्रय परिवारमा सघाउन सक्ने केही काम भए दिनोस् भनेको थिएँ । उहाँहरूले कोदो पिन्न दिनुभयो । त्यो मैले देखेको, तर कहिल्यै नगरेको काम थियो । तर पनि केही कोदो पिने ।

तीन दिन त्यहाँ बसेपछि अलि माथि रहेको विश्वकर्मा गाउँमा जानका लागि हिडैं । उकालो चढ्दै गर्दा गाउँ जाने सिढीभरि आउँ परेको दिसाले बाटो असाध्यै फोहर रहेको देखैं । साँझ तोकिएको घरमा आश्रय लिन पुगैं । आमाको व्यवहार एकदम हार्दिक थियो । भित्र लगेर बसाउनु भयो । खाना पाकेपछि खाना खान भान्सामा बोलाउनु भयो । अगेनामाथि आलो मासु झण्ड्याइएको थियो । रगत तपतप झर्दै थियो । मलाई त्यो अवस्था देख्दा नै दिगमिग लागेर गाह्रो भइसकेको थियो । तर, जस्तो ठाउँमा गइन्छ, त्यस्तै भएर बस्नुपर्ने, जनताको घरमा जे पाइन्छ वा दिइन्छ त्यही खानुपर्ने नियम थियो । तर, त्यो अवस्था देख्दा एकदम गाह्रो भयो । त्यसैले मलाई सन्चो छैन । एकदम कम खाना दिनोस् भनेर मागैं । खाना फाल्न नपाइने अर्को नियम थियो । थोरै लिएको खानाबाट दुई/तीन गास मात्र के खाएको थिएँ, वान्ता हुन थाल्यो । रोक्नै सकिन । खानाको थाल बोकेर बाहिर निस्कैं । हातमुख सफा गरैं । खाना फालेकोमा माफ मागेर माथिल्लो तलामा सुत्न गएँ ।

ओहो ओछ्यानभरि उपियाँ र सिरकभरि सेतो पखेटा उम्रेका जुम्रा रहेछन् । सुत्न सकिएन । साथमा एउटा पछ्यौरा थियो । ओछ्यान छाडेर माटाको भुइँमा त्यही पछ्यौरा ओछ्याएर रात काटैं । यो अवस्थामा मलाई लाग्यो जनताको यो स्थितिमा कसरी सुधार गर्ने होला र सिंगो देशको हालत सुधार गर्न जनवादी क्रान्तिको सम्पन्नतामा पार्टीलाई कसरी बलशाली बनाउने होला ? जन जनमा गाढा भएर रहेको पितृसत्तात्मक सोचलाई कसरी परास्त गर्ने होला ? यस्तै यस्तै सोचले निदाउँदै अर्को दिनभर पनि त्यहीँ रहैं ।

राति बास बस्न घाचोकको रवि पोखरेलको घरमा गएँ । उहाँको बहिनी धना पोखरेल हुनुहुन्थ्यो । त्यहाँ कुराकानी गरिसकेपछि धनाजीलाई अनेमसंघको सदस्य बनाइयो । यसरी काम गर्दै जाँदा बानी पनि पर्दै गयो । काम पनि सिकिदै गइयो । कामको सिलसिलामा एक दिन सुर्खेतको बाबुराम पोखरेलको घरमा आश्रय लिन पुगियो । तर, उहाँको श्रीमतीले सौता पस्न गए झैं व्यवहार गर्नुभयो । त्यो चेतनाको कुरा पनि थियो । पुरुष नेताहरूले परिवारका महिलालाई राजनीति नबुझाउनुको असर

थियो । उहाँसँग लामै कुराकानी भयो । हामी केको लागि यसरी लागेका हौँ भन्ने कुरा बुझाउने प्रयत्न गरेँ । अन्तिममा आफूले गलत सोचेको भनेर उहाँले अनुभूत गर्नुभयो र माफी पनि माग्नुभयो । तर पनि व्यवहारमा केही फरकपन भने लामै समय रह्यो । खाना खान लाग्दा आमाले छोरालाई दुध दिनुभयो । मलाई कस्तो खान मन लागेको थियो । माग्न मिल्दैन थियो । त्यसलाई मैले वास्ता गरिन ।

त्यसपछि गोपाल गिरीको घर गएँ । त्यो अर्को सुरक्षित आश्रयस्थल थियो । त्यो परिवार राजनीतिक रूपमा सचेत भएकोले सहज थियो । सीता गिरी सानै हुनुहुन्थ्यो । उहाँलाई पढाइलेखाइमा पनि सहयोग गरिन्थ्यो । आमाले राम्रो व्यवहार गर्नुहुन्थ्यो । यसरी काम गर्दै जाँदा छ महिनाको परीक्षण काल सकियो । म पूर्ण सदस्य भएँ । त्यो असाध्यै खुशीको क्षण थियो । परीक्षामा उत्तीर्ण भएँ भन्ने अनुभूति थियो । त्यतिखेर भूमिगत कार्यकर्ताको लागि क्षेत्र विभाजन गरिएको थियो ।

**आश्रयस्थल बिस्तार भयो**

त्यसपछि मेरो कार्यथलोका रूपमा भुर्जुङखोला, घाचोक, लाचोक, रिवान लगायतका क्षेत्र रह्यो । पछि केही समय कास्कीकोट, ढिकुर पोखररुंगी, सल्यान, नाउडाँडा, घान्द्रुक, लुम्ले, लान्द्रुक क्षेत्रमा काम गर्न जान पर्‍यो । यी सबै ठाउँमा काम गर्दा महिला, किसान, बुद्धिजीवी, सुरक्षा दल लगायत सबैको बैठक बसाउन पर्थ्यो । यही क्रममा राम्रो र सुरक्षित सेल्टरका रूपमा भीम सुवेदी, मित्र कुमारी गुरुङको घरलाई सेल्टरका रूपमा अधिक उपयोग गरी पार्टी कामको परिचालन गरिएको थियो । यही क्रममा मित्रकुमारी गुरुङसँग बढी भेट हुन्थ्यो । त्यतिखेर जिल्लाको मुख्य कार्यालय रानीपौवामा थियो । हरेक महिना त्यहाँ गएर कामको प्रतिवेदन पेस गर्ने र त्यसको आधारमा अर्को महिनाको योजना बनाएर गाउँ गइन्थ्यो । काम गर्ने यस्तै सिलसिलामा २०३९ सालमा बेगनासमा अनेरास्ववियुको जिल्ला सम्मेलन भयो । त्यहाँ प्रहरीले आक्रमण गर्‍यो । म पनि गिरफ्तार भएँ । कष्टडीमा लगेर केरकार गर्‍यो । तर, सबै कुरा नखुलेको र सम्मेलनमा सहभागी हुन मात्र गएको भन्ने ठानेर जेल नलगी केही दिनपछि रिहा गरियो । रिहा भएपछि पुनः भूमिगत काममा जोडिन पुगेँ । यही क्रममा मेरो नेतृत्वमा अनेमसंघ इलाका कमिटी गठन गरी महिला मुक्तिका खातीर स्वप्रयास मुख्य आधार रहेको बुझाउन अभियान नै चलाइयो ।

कास्कीकोटको खेमराज सुवेदी र हरिमाया सुवेदीको घर हाम्रो आश्रयस्थल मात्र

थिएन । त्यहाँ बसेर गोमा देवकोटाको सानो छोरा पढ्दै थिए । सानो बाबुको पनि माया लाग्थ्यो । नारायणी सुवेदी, गीता सुवेदीहरूको घर पनि हाम्रो आश्रयस्थल थियो । मेघराज सुवेदीको घरमा पनि आश्रयस्थल थियो । लाल कमरेड (मिनराज पौडेल) ले त्यो क्षेत्रमा काम गर्नुभयो । पछि शारदा सुवेदी भूमिगत भई जिल्ला सदस्यका रूपमा जिम्मेवार भई आउनुभयो । खाना कम खाने भएकोले आमाले विशेष माया गर्नुहुन्थ्यो । सोमनाथ प्यासी विद्यार्थी नेता भएकोले धेरै मानिसले चिन्दथे । मलाई भेटेपछि अनुहार र बोल्ने शैली मिल्छ भन्दै उनैको बहिनी हो कि भनेर खोजतलासी थाले । मैले प्यासीलाई चिन्दिन भनेर ढाँट्ने प्रयत्न गरेँ । तर उहाँहरूले पूरै विश्वास गरेँ भैँ लागेन । तर पनि सोधखोज चाहिँ बन्द भयो ।

ढिकुर पोखरीमा पुण्य पौडेलको घर पनि आश्रयस्थल थियो । उहाँको बुबा प्रधानपञ्च भएकोले त्यहाँ भने हामी धेरै बस्दैन थियौँ । कहिलेकाहीँ त्यतै कार्यक्रम पर्दा जाने र एक दुई रात बसेर हिडिहाल्ने गरिन्थ्यो । सल्यानमा जाँदा शिव पौडेलको घर भरपर्दो आश्रयस्थल थियो । उहाँ आफै पनि भूमिगत कार्यकर्ता भएकोले हामी जाँदा आमाले आफ्नै सन्तान जस्तो ठान्नुहुन्थ्यो । चाडपर्व परेको समयमा अझ विशेष माया पाइन्थ्यो । जया गाउँमा अलि बढी बसेँ । झोवाङमा पनि काम गर्न गएँ । त्यहाँ जाँदासम्म मेरो विवाह भइसकेको थियो ।

**परिवारिक जीवनमा प्रवेश**

पार्टीको कार्यकर्ता भई भूमिगत काम गर्ने सिलसिलामा एकै क्षेत्र भएकोले शिवजी कोइराला (अनिल कमरेड) सँग पटक पटक भेट भएको थियो । तर, कमरेडली कुरा भन्दा अरु भएको थिएन । पछि पार्टी नेताहरूले हाम्रो विवाह गरिदिने सोच बनाएछन् । नेताहरूले उषा र अनिलको जोडा मिल्छ भनेर फुरुक्क बनाउनु हुन्थ्यो । यसमा धर्मदत्त पोखरेलहरूको बढी भूमिका थियो । त्यसैले पनि होला अलि निकट रहेर काम गर्न सक्ने वातावरण बनाइ दिनुहुन्थ्यो । काम गर्दैगर्दा एकदिन हामी दुईको विवाह गर्ने प्रस्ताव नेतृत्वबाट आयो । हामीले जिल्ला नेतृत्वमै रामचन्द्र दाजु हुनुभएकोले यस बारेमा आपसमा कुराकानी गर्ने समय माग गऱ्यौँ । अन्तिममा पार्टीको प्रस्ताव स्वीकार गऱ्यौँ । त्यसपछि पार्टीकै योजनामा विवाह गर्ने निर्णय भयो । वामदेव गौतम, त्रिलोचन ढकाल, केशवलाल श्रेष्ठ, जीवराज आश्रीत, गोमा देवकोटा लगायतका भूमिगत नेताहरूको उपस्थितिमा २०४२ वैशाख २६

गते भूमिगत अवस्थामा नै विवाह भयो । परिवारका सदस्यहरूको उपस्थिति बिना भएको विवाहमा पुरुषलाई त खासै फरक पर्दैन होला । तर महिलालाई अर्काको घरमा लुरुलुरु श्रीमती भएर भित्रन जाने कुरा मलाई सहज र स्वीकार्य थिएन । पोइल गइछे भन्छन् । जुन मलाई मन पर्दैन थियो । त्यसैले परिवारका केही सदस्यको उपस्थितिमा विवाह गरेर दुबै परिवारलाई जानकारी दिएपछि मात्र म शीवजीको घर जान सक्छु भन्ने प्रस्ताव अनिल कमरेडसँग भयो । पार्टीमा कुरा राखियो । त्यस कुरामा पार्टीको नेताहरूको सहमति भयो । त्यसपछि दुबै परिवारका केही सदस्य, केही विद्यार्थी र महिला साथीहरूसमेतको उपस्थितिमा प्रगतिशील विवाह भयो । विवाहमा पण्डितको काम गणेश तिमल्सिनाले गर्नुभयो । त्यसपछि मात्र शिवजीको घरमा गयौँ । विवाह गरेर गएपछि कसैको पनि खुट्टा ढोग्ने कुरा मेरा लागि दासता स्वीकार गरे झैँ लाग्थ्यो । मैले शीवजीको आमालाई हात दिनोस् भनेर हातमा ढोगी दिएँ । यसरी बुहारीले खुट्टा नढोग्ने कुरा आमालाई सहज थियो । तर, अरु आफन्ती आमाहरूलाई सहज स्वीकार्य थिएन । छिमेकका आमाहरूबाट यस सम्बन्धमा कुरा काट्ने काम पनि भयो । आफ्नो सासुलाई समस्या नभएपछि अरुको वास्ता गरिएन ।

घर बसेको तीनदिन मात्र भएको थियो । यो गाउँमा प्रगतिशील विवाह गरेर आएको जोडी छ रे । उनीहरूको घर कुन हो ? भन्दै प्रहरी गाउँमा आएर सोधखोज गर्न थालेछ । संयोग नै भन्नुपर्छ, प्रहरीहरू घरबाट अलि पर चौतारामा बसिरहनु भएका शीवजीको बुबालाई नै सोध्न पुगेछन् । उहाँले, ए त्यो जोडी त यता होइन । उता फिर्केतिर भन्ने सुनेको थिएँ भनेर पारि गाउँ देखाइ दिनु भएछ । प्रहरी त्यहाँबाट हिडेपछि घर आएर ल तिमीहरू घर नबस । अहिले नै हिडिहाल भन्नुभयो । हामी फेरि भूमिगत काममा हिड्यौँ । पहिला जहाँ, जे र जुन क्षेत्रमा काम गर्दै थियौँ, त्यही काम र क्षेत्रमा फर्कियौँ ।

मलाई महिनावारी हुँदा असाध्यै ढाड दुख्ने, पेट दुख्ने भएर गाह्रो हुन्थ्यो । डाक्टर भोला रिजाललाई देखाउँदा बच्चा जन्मिएपछि ठिक हुन्छ भनेका थिए । तर, विवाह गर्दा नै तीन वर्षपछि मात्र बच्चा जन्माउनु पर्ने पार्टीका नेताहरूको शर्त थियो । हामी भूमिगत रूपमा काममा लागि नै रह्यौँ । २०४३ सालको राष्ट्रिय पञ्चायतको निर्वाचनलाई उपयोग गर्ने निर्णय भयो । मेरो जिम्मा सल्यान, जयगाउँ, जोभान लगायत ठाउँमा थियो । निर्वाचनको सम्पूर्ण तयारीमा भूमिगत रूपमा नै क्रियाशील भइयो । निर्वाचनको दिन म बसेको नजिकैको मतदान केन्द्रमा भिडन्त भयो ।

सुरक्षाका लागि आश्रय लिएर बसेको घरबाट भाग्नुपर्ने भयो । के गर्ने भन्दै गर्दा घरको आमाले पुराना धोती दिनुभयो । बूढी आमाले लगाउने जसरी धोती लगाएँ । टाउकोमा पुरानो कपडाको फेटा बाँधेँ र पानी लिन जाने जसरी एउटा गाग्रो बोकेर निस्किएँ । पँधेराको नजिकै घारीमा गाग्रो छाडेर म जयागाउँतिर लागेँ । सुरक्षित रूपमा अर्को आश्रयस्थल इमान कमरेडको घरमा पुगेँ । निर्वाचनको परिणाम राम्रै भयो ।

**जनपक्षीय उम्मेदवार**

यसरी काम गर्दै जाँदा पाँच वर्ष बितेछ । सात महिनाको गर्भवती थिएँ । पार्टीले स्थानीय निर्वाचनलाई पनि उपयोग गर्ने नीति लियो । पोखरा नगर पञ्चायतमा काजीमान गुरुङ प्रधानपञ्च र मलाई उपप्रधानपञ्चको उम्मेदवार बनाउने निर्णय भएछ । तर, जन्मस्थानको मतदाता सूचीमा परिवारले नाम दर्ता नै गराइ दिएको रहेनछ । उता शिवजीको गाउँबाट भने ससुरा बाले प्रभा कोइराला भनेर नाम दर्ता गराइ दिनुभएको रहेछ र मात्र निर्वाचनमा उम्मेदवार हुन पाइयो । हवाइजहाज चिन्हमा निर्वाचन लडेँ । तर, आफ्नो नाम प्रभा अधिकारी, पाँच वर्षदेखि उषा लगायतको नामबाट बोलाइने गरेको एक्कासी प्रभा कोइराला भनेर बोलाउँदा निर्वाचनभरि पनि उम्मेदवार मै हुँ कि हैन ? जस्तो लागिरहन्थ्यो ।

पेटमा सात महिनाको गर्भ बोकेर निर्वाचनको प्रचार प्रसारमा लागियो । मुख्य सहयोगीको रूपमा पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत अखिलको केन्द्रीय नेता लक्ष्मी कार्की हुनुहुन्थ्यो । हरेक दिन ५/६ वटा कार्यक्रममा बोल्नु पर्थ्यो । पार्टीले बोल्ने विषयको सूची दिन्थ्यो । दैनिक साँझमा कार्यक्रमको समीक्षा हुन्थ्यो । भन्न छुटेको विषय छ भने अर्को दिन बोल्न पर्दथ्यो । जनताले मन नपराएका विषय छन् भने त्यसलाई हटाइन्थ्यो । म पोखरामा निर्वाचनमा प्रतिस्पर्धा गर्दै थिएँ । शिवजी भने भूमिगत रूपमा स्याङ्जाको निर्वाचनको कमाण्ड गर्दै हुनुहुन्थ्यो । पछि हवाइजहाज चिन्हसहित मेरो फोटो भएको पोष्टर देखेर मात्र म उम्मेदवार भएको थाहा पाउनु भएछ । निर्वाचन ४६५ मतले हारियो ।

निर्वाचनमा खुल्ला भएपछि म घरै बसेँ । पार्टीको सम्पर्क कम हुँदै गयो । सुत्केरी हुने दिन नजिक आउँदै थियो । अस्पतालमा बिल कुमारी कुमाल भन्ने सहयोगी साथी हुनुहुन्थ्यो । अस्पताल जाँदा जहिले पनि उहाँले नै सहयोग गर्नुहुन्थ्यो । डाक्टरले

दिएको समय भएपछि बच्चा जन्माउन अस्पताल जाँदा अपरेसन गर्नुपर्छ भन्ने कुरा भयो । त्यही राति मात्र शिवजी आइपुग्नुभएको थियो । हामी दुबैसँग पैसा थिएन । भूमिगत हुँदा मासिक खर्च भनेर पार्टीले १५ रुपैयाँ दिन्थ्यो । पैसा हुने कुरै भएन । अपरेसनको लागि पैसा डिपोजिट राख्नुपर्ने रहेछ । आत्तिदै शिवजी बाहिर निस्कनु भयो । संयोगले विद्यालय पढ्दै गरेका साथी भेट भएछ । तिमीसँग कति पैसा छ ल्याउ त भन्दा उहाँले आफूसँग भएको हजार रुपैयाँ दिनुभएछ । त्यही पैसा लगेर डिपोजिट गरेर शिवजी थप व्यवस्था गर्न निस्कनुभयो । अस्पतालको नर्सिङ डयुटीमा डिक्कीजी हुनुहुँदो रहेछ । उहाँ पार्टीकै समर्थक भएकोले नजिकै आएर नआत्तिनुस् । केही परे हामी यहीँ छौँ । मिलाउँला भनेपछि अलि ढुक्क भयो । तर अपरेसन रुमबाट बाहिर आएपछि एकदम रुन मन लाग्यो । श्रीमान र आमाबालाई बाहिर देखेपछि म बेस्सरी रोएँ ।

**बोतल जत्रो बच्चा**

सुत्केरी भएको ६ दिन भएको थियो । एकजना विद्यार्थी नेता भेट्न आउनुभयो । बच्चा सानो देखेर होला 'यो त बियरको बोतलभन्दा अग्लो हुँदैन' भनेपछि झनै पीर पर्‍यो । बच्चा बढ्दैन कि क्या हो भनेर पछिसम्म पनि कताकता चिन्ता लागि रहन्थ्यो ।

त्यतिबेला घरमा अलि दुःखै थियो । आमा भेट्न आउँदा न्वारन हुने बित्तिकै लिन आउनु है भनेँ । त्यसैले बाटुले चौर आमा घर गएर झण्डै तीन महिना उतै बसेँ । बच्चा जन्मिएपछि ३/४ महिनासम्म घरै बसेँ । अनिलजी भूमिगत नै हुनुहुन्थ्यो । बच्चा सानै भएकोले दुबैजनाले भूमिगत राजनीति गर्ने वा नगर्ने बारेमा छलफल हुँदै थियो । त्यही बीचमा भुर्जुङखोला वलत्कार काण्ड विरुद्धको आन्दोलनमा संलग्न हुँदै अगुवाई नै गरेको थिएँ । केही समयपछि नानी गर्भमा आइन् । एउटा बच्चा बाहिर एउटा बच्चा गर्भमा भएको अवस्थामा भूमिगत जाने कुरा भएन । बच्चा जन्मिएपछि सोचौँला भन्दै गर्दा नानी जन्मिएको केही समयपछि बहुदल आयो । त्यसपछि राजनीतिले नयाँ मोड लियो । म पोखरा नागरपालिकाको वडा नम्वर ४ को सचिव भएर खुल्ला राजनीतिमा संलग्न भएँ । दुबै बच्चाहरू अलि ठूला भएपछि क्षेत्रिय कमिटी, नगर कमिटी हुँदै जिल्ला कमिटीको सदस्यका रूपमा काम गर्न थालेँ ।

## भूमिगत कामका केही प्रशंग

हाम्रो प्रगतिशील विवाह कार्यमा भाइ सुवास र दाजुहरू बलराम अधिकारी, कृष्ण अधिकारी र रामचन्द्र अधिकारी मुख्य सहयोगी र उत्प्रेरक बन्नुभएको थियो। सोमनाथ प्यासी दाजु जिल्ला बाहिर हुनुहुन्थ्यो । विवाहको भोलिपल्ट भएको प्रगतिशील खुल्ला विवाहमा रामचन्द्र दाइले अलिकति उत्प्रेरणात्मक मन्तव्य दिनुभएको थियो । परिवारले बेहुला बेहुलीलाई एक/एकजोर कपडा र जुत्ता दिनुभएको थियो। आफन्तले टिका लगाएर दिएको दक्षिणा सात सय भएछ। केही साथीहरूले पुस्तक उपहार दिनु भयो। त्यतिखेरको नियम अनुसार व्यक्तिगत रूपमा प्राप्त गरेको प्रत्येक कुरा पार्टीलाई जानकारी दिनुपर्दथ्यो । सोही अनुसार विवाहको अर्को दिन पैसासहित ती सबै सामान पार्टीमा बुझाइयो । त्यतिखेर पार्टीलाई बुझाएको कुनै कुरा र चिजबिज फिर्ता नदिएमा मागेर लिने कुरा अनुशासन बाहिरको हुन्थ्यो । त्यसको बारेमा सोधखोज नै गरिएन।

## छालाको जुत्ता

अर्को एउटा प्रशंग छ छालाको जुत्ताको। पोखराको बगर नजिक सार्की दाइको एउटा पसल थियो । उहाँले अर्डर अनुसारको जुत्ता बनाउनु हुन्थ्यो । घर गएको बेलामा आमाले दिनुभएको एक सय रुपैयाँ थियो। त्यही पैसाको जुत्ता बनाउन लगाएँ। ८० रुपैयाँमा जुत्ता बन्यो । त्यो जुत्ता लगाएर कार्य क्षेत्र पुगेको मात्र थिएँ । ‘छालाको जुत्ता पड्काउँदै भूमिगत काम गर्ने ?’ भनेर पार्टीका साथीहरूबाट भयङ्कर आलोचना भयो। त्यसपछि त्यो जुत्ता कहिल्यै लगाइन। उक्त कुरा जिल्ला पार्टी हेडक्वाटरमा जानकारी पुगेछ। पछि जिल्ला आउँदा आपत्ति जनाउनु भयो। त्यसपछि त्यो नलगाई राखेको जुत्ता सार्की दाइको पसलमा नै फिर्ता गर्दै ‘एक दिन मात्र लगाएकी हुँ। दाइ दश रुपैया घटाएर सत्तरी रुपैयाँ फिर्ता दिनोस्’ भनेँ। मान्नुभएन। अन्तिममा पचास रुपैयाँ फिर्ता गरे । पार्टी जिल्ला हेडक्वाटरमा गएर जुत्ता फिर्ता गरेको जानकारी गराएँ। पार्टी निर्णय/आचरण विपरीत छालाको जुत्ता किनेर लगाए बापत पहिला बचेको बीस रुपैयाँ र जुत्ता फिर्ता गर्दाको पचास रुपैयाँसहित सत्तरी रुपैयाँ पार्टीलाई बुझाइदिएँ। त्यसपछि जुत्ता काण्ड समाप्त भयो।

## लाली काण्ड

त्यस्तै अर्को लाली काण्ड भयो। मेरो गाला पहिलादेखि नै रातो थियो। झन् युवा

अवस्थामा घाममा हिड्दा झनै रातो हुने नै भयो । एक दिन बगरको बाटो हिड्दै गर्दा विद्यार्थी नेताले मेरा राता गाला देखेछन् । अनि पार्टीमा उषा त लाली पाउडर लगाएर गाला पनि राता राता बनाएर हिड्दी रहिछन् भनेर कुरा लगाएछन् । पार्टी कार्यालय जाँदा कमरेडहरूले कडा आलोचना गर्नुभयो । मैले हैन भनेर प्रतिवाद गरेँ । तर पनि पत्याएनन् । त्यसपछि मैले उहाँहरूकै अगाडि तीन पटकसम्म मुख धुँदै रुमालले पुछ्दै गरेर देखाएँ । तर पनि गाला त रातै थियो । त्यसपछि मात्र श्रृंगारपटार गरेको होइन रहेछ । प्राकृतिक रूपमा नै गाला राता रहेछन् भनेर पत्याए । त्यतिखेरका अनुशासन यस्तो थियो ।

भूमिगत काम गर्दा कुरै नबुझ्ने नेताले गर्ने यस्ता किसिमको आलोचना र अनावश्यक आदेश प्रायः सबैले नै खेप्नु पर्दथ्यो । तर, आज तिनै नेताका जीवनशैली र उनका परिवारको अवस्था हेर्दा लाग्छ, त्यो यथार्थ नभएर देखावटी आदर्श मात्र रहेछ । जसले ती कुराहरूलाई आदर्श र जीवनशैलीका रूपमा अपनाए, उनीहरूको जीवनमा आज पनि खासै भड्काउ देखिदैन । तर, जो जबरजस्ती पार्टी अनुशासन बनाएर लागु गर्थे आज उनैको भड्किलो जीवनशैली देख्दा खास गरी हिजोका आश्रयदाता, सहयोगी परिवार र तिनका बारेमा नजिकबाट जान्ने/चिन्ने मानिसहरू अचम्मित हुने गरेको पाइन्छ । यो उदेक लाग्दो व्यवहार त हो नै ।

**सशक्तीकरणका लागि सहकारी अभियान**

भूमिगत हुँदाखेरी देखि नै महिलालाई सदस्य बनाउन र टिकाउन आइपर्ने एउटा साझा समस्या भनेको आर्थिक पक्ष थियो । सदस्यता शुल्क र लेबी तिर्ने समस्या हुन्थ्यो । त्यतिखेर महिला सदस्यले एकदुई वटा कुखुरा पार्टीका नाममा पाल्ने, एकदुई बोट खुर्सानी पार्टीका नाममा रोप्ने गरेर पनि पार्टीलाई सहयोग गर्ने र सदस्यता शुल्क तिर्ने गर्नुहुन्थ्यो । त्यसैले बहुदल आएपछि घरमा परिवारसँगै बस्न थालेपछि पनि महिलाहरूको समूह बनाएर मासिक रूपमा थोरैथोरै पैसा सङ्कलन गर्न थालियो । गाउँमा पाँचवटा यस्ता समूह बनाइसकेपछि आफै अध्यक्ष रहेको सिर्जनशील महिला समूहको नाममा सहकारी दर्ता गर्‍यौँ । अन्य सहकारीसँग समन्वय र सहकार्य गर्दै जाँदा सहकारीको जिल्ला अध्यक्ष हुँदै केन्द्रीय सहकारी संघको सञ्चालक सदस्य भएँ । केन्द्रमा रहेर काम गर्ने सन्दर्भमा केन्द्रीय महिला समितिको प्रमुख भएर काम गरेँ । सहकारी आन्दोलनमार्फत् महिलालाई राजनीतिक

र आर्थिक रूपमा सशक्तीकरण गर्ने काममा अलि बढी नै संलग्न भइयो । यो अभियानले महिलाहरूलाई आर्थिक मात्र होइन, राजनीतिक रूपमा पनि सचेत पार्ने काममा सहयोग पुग्यो ।

सहकारीको साथै राजनीतिक अभियानमा पनि निरन्तर सहभागी हुँदै थिएँ । मुलुक संघियतामा गएपछि २०७४ को निर्वाचनमा प्रदेश सभाको उम्मेदवार हुने क्रममा पनि प्रत्यक्ष निर्वाचनको टिकट पाउँ भनेको थिएँ । पार्टीले समिकरणका नाममा फेरि पनि टिकट पुरुषलाई नै दिएर समानुपातिकमा मेरो नाम समावेश गऱ्यो । त्यतिबेला राज्य संयन्त्रमा गण्डकी प्रदेशसभा सदस्य र पार्टी कमिटीमा पनि गण्डकी प्रदेशको सदस्य हुँदै हाल पार्टीको केन्द्रीय सदस्यका रूपमा क्रियाशील रहेको छु ।

**नयाँ पुस्तालाई सन्देश**

समय बदलिएको छ । समाज बदलिएको छ । तर, वर्तमानमा असल काम गर्न र भविष्य उज्ज्वल बनाउन इतिहासको संरक्षण गर्ने र सिक्ने कुरालाई महत्त्वकासाथ लिन सक्नुपर्दछ । हिजो क्रान्तिका नाममा सबै कुरा त्यागेर जुन आदर्श, मूल्य मान्यता र सपनाकासाथ सयौँ हजारौँ कार्यकर्ता जीवनलाई हत्केलामा राखेर जनता जगाउन हिडेका थिए । त्यो इतिहासको जगमा आजको उपलब्धि अडेको छ । अहिलेको पुस्ताले जे प्राप्त गरेका छन्, त्यसको पछाडि हिजोका पिढीका धेरै युवाहरूले व्यक्तिगत भविष्य त्यागेका छन् । धेरै बालबालिकाको बालापन खोसिएको छ । त्यो समर्पण र त्यागलाई भावि पुस्ताले जान्न पाउनुपर्छ । निस्वार्थ इतिहासको त्यो पाटोको संरक्षण हुनुपर्छ ।

हिजो हामीलाई महिलामुक्तिका लागि भनेर हिडाइयो, हिडियो । हाम्रो लडाइ हिजो पनि पुरुष विरुद्ध थिएन । आज पनि होइन । पितृसत्तात्मक प्रवृत्तिको अन्त्य अझै भएको छैन । त्यो प्रवृत्तिको अन्त्य आवश्यक छ । आजका दिनमा नागरिक बोलीमा हैन, व्यवहारमा विश्वास गर्दछन् । त्यसैले, अबको दिनमा पार्टीको जे आदर्श हो, त्यो व्यवहारमा प्रतिविम्वित हुन जरुरी छ । महिलाको कुरा गर्दा आजका महिलाहरू राजनीतिक, बौद्धिक, आर्थिक कुनै आधारमा कमजोर छैनन् । पार्टी र समाजको लैंगिक दृष्टिकोण र व्यवहार बदल्ने हो भने समाजलाई छिटो समृद्धिको बाटोमा अगाडि बढाउन सकिन्छ । पार्टी संरचना र राज्य संरचना खास गरी निर्वाचनमा

अगाडि बढाउने कुरामा योगदान, दिगोपन र राजनीतिक रूपमा गुणात्मक पक्षमा ध्यान दिन आवश्यक छ। अब कुरा सुनेर भन्दा काम हेरेर मात्र जनताले विश्वास गर्न थालेका छन्। त्यसैले चाकडी र चाप्लुसीको आधारमा पद र प्रतिष्ठा, शक्ति र सत्ता प्राप्त गर्ने गलत प्रवृत्तिलाई पार्टीले समयमा नै सुधार गर्नु जरुरी छ। निर्वाचनमा पनि तलदेखि माथिसम्म नै महिलाहरूको उम्मेदवारी संविधान सम्मत रूपमा प्रमुख पदमा गराउने कुरा नीति र व्यवहार दुबैमा गरिनुपर्दछ। समाजले अब गफ र भाषण भन्दा धेरै काम र व्यवहार हेर्न थालेका छन्। यस कुरामा व्यक्ति र पार्टी दुबैले ध्यान दिनुपर्दछ।

***



# संघर्षले ब्युँझाएको जीवन : मीरा थामी*

त्रिपुरा सुन्दरी गाउँपालिकामा अवस्थित पिस्कर गाउँको थामी बस्तीको एक घरमा दुई दिनदेखि एक १४-१५ वर्षकी किशोरी मसली थामी पेट फुल्ने व्यथाले छटपटाइरहेकी थिइन् । पेट फुलेको दुखाइले छटपटाइ मात्र मात्र थियो । उनको यो अवस्थाले परिवार चिन्तामा थियो । यस्तै बिरामीले केही दिन पहिले गाउँमा एकजनाको मृत्यु समेत भएको थियो । गाउँमा त्यसबेला कोही पनि बिमार भएमा उपचारको लागि धामी झाँक्रीकै भर थियो ।

मसलीको घरमा केही दिनदेखि एकजना पाहुना पुगेका थिए । ती पाहुनासँग आमाले छोरीको समस्या बताउनु भयो । उहाँसँग पनि तत्काल गर्न सक्ने केही थिएन । उनी साँझ घर फर्कँदा औषधि बोकेर फर्के । खाना दिनु भनेर बिरामीको आमालाई भने । तर खुवाउनु भनेर दिएको औषधि भोलिपल्ट घर पछाडिको खुर्सानीको झ्याङमा भेटियो । त्यसपछि पाहुनाले आदेशात्मक स्वरमा भने औषधि नखुवाउने हो भने यिनी मर्छिन् । त्यसपछि औषधि खुवाइयो । घरमा सुत्ने ठाउँ नभएकोले ति पाहुनाका लागि राति सुत्न अलि माथि ओडारमा व्यवस्था गरिएको थियो । भोलिपल्ट त्यही ओडारमा आएर के के औषधि खुवाएर मेरी छोरीलाई झनै गाह्रो भयो । मेरी छोरीलाई मार्ने औषधि दियौ भनेर आमा कराउन थाल्नुभयो । निकै डरका साथ बिरामी छटपटाइरहेकी थिइन् । बिरामीको अवस्था देखेर पाहुना पनि डराए । अब यो गाउँमा बस्न नदिने भए भन्ने भयो । परिवार पनि निकै आत्तिएको अवस्था थियो । छटपटाउँदै गरेकी मसलीले एकछिनमा रगतै दिसा गरिन् । त्यसपछि आफूलाई सहज भएको बताइन् । बल्ल पाहुनाले पनि सन्तोषको सास फेरे । परिवारको अनुहारमा पनि खुसी देखियो । यस घटनापछि पाहुनाको कुरोमा गाउँभरि नै विश्वास बढ्यो । ती पाहुना थिए माधव पौडेल । जो किसानको बीचमा पार्टी काम गर्न सिन्धुपाल्चोकको जिम्मा लिएर त्यहाँ पुगेका थिए ।

---

*यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो ।*

तिनै मसली कालान्तरमा मीरा थामिका रूपमा यस समुदायको अगुवा र नेकपा (माले)का नेता बन्नुभयो ।

आमा चिनीमाया र बुबा धनबहादुर थामीको छोरी मीराको २०२० चैत्र २२ गते जन्म भयो । उहाँको घरमा आफ्नो बारीको उब्जनीले मुस्किलले छ महिना खान पुग्थ्यो । गाउँमा खेती किसानीमा बुबाआमालाई सघाउँदै र दुःखसँग हातेमालो गर्दै उहाँको बाल्यकाल बित्यो । जब बिरामीपछिको नयाँ जीवन पाउनुभयो । त्यसपछि दुःखको कारण यही सामन्तवादी शोषण हो भन्ने लाग्यो र निरंकुश पञ्चायती व्यवस्थाका विरुद्ध भइरहेको आन्दोलनमा आफूलाई दह्रोसँग उभ्याउनु भयो । आफूहरू माथि भएको शोषण उत्पीडन विरुद्ध लड्ने कम्युनिस्ट पार्टीका समर्थकहरूको व्यवहारबाट प्रभावित भएर उहाँ कम्युनिस्ट पार्टीमा नै संलग्न हुनुभयो ।

२०३४ पुसमा उहाँ तत्कालीन अखिल नेपाल क्रान्तिकारी कोर्डिनेसन केन्द्रको सम्पर्कमा आउनु भएको थियो । २०३५ वैशाखबाट पूर्णकालीन कार्यकर्ता हुनुभयो । मसली थामीको नामबाट वारेण्ट जारी भएपछि उहाँको नाम मिरा राखियो । त्यस यता मिरा थामी भनेर चिनिनुभयो । पछि उहाँको नागरिकता पनि मिरा थामीकै नामबाट बन्यो । यसअघि पनि उहाँको घर परिवारमा राजनैतिक गफ हुन्थ्यो । उहाँका दाजु जगतबहादुर पार्टीमा सामेल भइसक्नुभएको थियो । जगतबहादुरको पार्टी सम्पर्क व्यक्ति पनि माधव पौडेल नै हुनुहुन्थ्यो । सिन्धुपाल्चोकलाई आफ्नो कार्यथलो बनाएर जनतालाई सचेत पार्दै पार्टी संगठन बिस्तार गर्ने जिम्मेवारी माधव पौडेलको थियो । मिराको घर उहाँको भरपर्दो आश्रय स्थल थियो । घरमा राजनीतिक कुराकानी हुँदा मिरा पनि सुनेर बस्नुहुन्थ्यो । शोषक सामन्तका कारण गाउँका सिधा सोझा मानिस गरिब भएको, सामन्तको लुटेर खाने काम बन्द गर्नुपर्ने जस्ता कुरा हुँदा उहाँलाई यस्तो पनि हुन्छ र भन्ने लाग्थ्यो । उहाँलाई त्यस कुरामा विश्वास थिएन । तर पछि उहाँ आफै जनतालाई सचेत र संगठित गर्ने कामको नेतृत्व गर्न थाल्नुभयो ।

**'बत्याहा प्रथा' विरुद्ध आन्दोलन**

गाउँमा बत्याहा प्रथाको कारण गरिब किसानहरू त्यसको मारमा परेका थिए । जोसँग प्रशस्त जग्गा जमिन र गाईवस्तु थियो, उनीहरूले अन्न कोदो ब्याज लगाउने गर्थे । चैत वैशाख महिनामा गरिब किसानको घरमा खानेकुरा सकिन्थ्यो । त्यतिबेला

किसानहरू साहुसँग चारपाथी कोदो लियो भने अन्न फलेपछि मङ्सिर पुसतिर साहुलाई पाँचपाथी बुझाउनु पर्दथ्यो । यस बाहेक कोसेली भनेर थुन्छे डोको जस्ता स्थानीय तहमा उत्पादन गरिएका सामानहरू पनि बुझाउनु पर्दथ्यो । कुनै समय खडेरी परेर वा रोग लागेर अन्न खेती बिग्रियो भने अर्को साल व्याजसहित थप बुझाउनु पर्दथ्यो । यसरी वर्षहरू बढ्दै जाँदा किसानहरू ब्याजको भारले थिचिदै जान्थे । भएको थोरै जमिन पनि साहुकोमा बन्दकी राख्दै अन्तत उनीहरूको नाममा नै नामसारी गरिदिन बाध्य हुन्थे । यसरी धेरै किसानहरूको बारी साउको कब्जामा गइसकेको थियो ।

२०३५ वैशाखमा तत्कालीन नेकपा (माले) पार्टीले यस्तो किसानमारा 'बत्याहा प्रथा'को विरोधमा भकारी फोर अभियान चलायो । पार्टीको निर्देशनमा किसान गाउँलेहरूसहितको सहभागितामा तत्कालीन सामन्त देवीजंग पाण्डेको भकारी कब्जा गरेर र भकारीमा भएमा भएको अन्न किसानलाई वाडिदिए । किसमानसँग साहुले गरेको मतसुकका कागजपत्र कब्जा गरेर जलाइ दिए । यसबाट गाउँलेहरू निकै उत्साहित भए । यसको नेतृत्व माधव पौडेलले गर्नुभएको थियो भने मिरा थामी पनि यसमा सहभागी हुनुहुन्थ्यो ।

यही साल मंसिरमा पार्टीको निर्देशनमा तत्कालीन सामन्त देवीजंग पाण्डेको कुन्यूबाट धान कब्जा गररेर ओडारमा लुकाइएको थियो । उक्त कुरा सामान्तहरूले थाहा पाए । धान फिर्ता गर्न समूह बनाएर गए । यसरी गाउँलेहरूले रुखमा वाध्ने, हप्काउने र तर्साउने गरेर पठाए । यसरी गाउँलेहरूले गाउँको सत्ता आफ्नो हातमा लिए । तर त्यसको केही दिनपछि उनीहरू चालिस जनाजति हतियारधारी प्रहरी लिएर गाउँमा आए । प्रहरीले अगुवा किसानलाई पक्रन खोजपछि करिव तीन सय जना किसानहरू सबैले आफूहरू नेता भएको भन्दै सामूहिक गिरफ्तारी दिए । त्यतिबेला मोटर बाटो थिएन । गाउँलेहरूलाई हिँडाएरै धुस्कुनसम्म लग्यो । तीमध्ये छानेर छजनालाई जेल हालियो । जसमा मिराका बुबा धनबहादुर र भाइ जगतबहादुर पनि पर्नुभयो । प्रहरी प्रशासनले उहाँको बुबालाई पार्टीको गोप्य कुरा खोल्न धेरै दुःख र यातना दियो । तर धनबहादुरले कुनै पनि कुरा खोल्नु भएन । यस घटनाले मीरालाई अझै विद्रोही बनायो । यसपछि मीरा धुस्कुन, फापरचौर, तौथली, टेकनपुर, चौकटी लगायतका गाउँमा संगठन विस्तारमा थप सक्रिय हुन थाल्नुभयो । तत्कालीन प्रशासनले यस घटनामा माधव र मीरासहित ७० जनालाई वारेन्ट जारी गर्‍यो ।

यही घटनापछि मीरा भूमिगत हुनुभयो। वारेन्ट जारी गरिएकाहरूलाई खोज्न गाउँमा प्रहरीको टोली आयो। वारेन्ट जारी भएका गाउँका सबै किसानहरू एक महिनासम्म जंगल लुक्नुभयो। सबैजनाले एक एक मुठा परालका भरमा रात बिताउनु भयो। माधव र मीराको पनि यही अवस्था थियो। गाउँमा ठूलो दमन भयो। जनताहरू सबै आतंकित भए, डराए। यसपछि गाउँका मानिसहरू पार्टी संगठनमा लाग्न र राजनीतिक कुरा सुन्न तयार भएनन्।

गाउँका मानिसले राजनीतिक कुरा सुन्न नचाहेपछि माधव र मीराले तरिका बदले। अब दुःखले भरिएका जनवादी गीत संगीतको सहारा लिन थालियो। जनवादी गीत संगीतले राजनीति र संगठनको काममा उत्साह थपियो। पिस्कर, धुस्कुन, सुनकोशी, चौथली, टेकनपुर, लामो साँघु, मेलम्ची आदि गाउँमा सांस्कृतिक कार्यक्रमहरूमार्फत जनतालाई गोलबन्द गर्न थालियो। जसमा जनवादी गीत संगीतहरू बजाइन्थ्यो, गाइन्थ्यो। "गाई त बाँध्यो ढुंग्रोमा मोही छैन, नउठी भएन नेपालका दिदी र बहिनी हो, गाउँ गाउँबाट उठ, बसाई हिँडूनेको तातीले जस्ता गीतहरू गाउँन थालियो। गाउँका किसानलाई पनि गाउँन सिकाइयो। यस्ता कार्यक्रमहरू जनताले मन पराउन थाले। क्रमशः जनताहरू फेरि संगठित हुने भए।

पार्टीको तर्फबाट नेता माधव पौडेल नै हुनुहुन्थ्यो। मीरा पार्टीको इलाका कमिटीको सचिव हुनुहुन्थ्यो। सिंगो सिन्धुपाल्चोक जिल्लालाई २४ वटा क्षेत्रमा विभाजन गरेर पार्टी कमिटीहरू गठन गरियो। गाउँका सामन्त र राज्यपक्षसँग जुभ्नका र जनताको सुरक्षाका लागि लालसेना समेत बनाइएको थियो। पार्टीको तर्फबाट अब गाउँमा जाँड, रक्सी र सुर्ती विरुद्ध अभियान चलाइयो। गाउँमा पढेलेखेका व्यक्ति निकै कम थिए। किसानहरूको बीचमा प्रौढ कक्षा सञ्चालन गरियो। कहिल्यै औपचारिक शिक्षा लिन नपाएकी मीरा आफै पनि प्रौढ कक्षामा सहभागी हुनुभयो र आफ्नो नाम लेख्न सक्ने हुनुभयो। महिलाहरूलाई कपडा बुन्ने घरेलु तालिम पनि दिइयो।

पहिला पुरुषहरू कामबाट फर्किँदा घरमा श्रीमतीका लागि सुर्ती ल्याइदिने चलन थियो। मीराहरूले यो प्रचलनलाई बदले। अब सुर्ती किन्ने पैसाले उनीहरूले मट्टीतेल लगायत परिवारको आवशयक सामान ल्याउन थाले। यस किसिमको समाज सुधारको काममा मीराको विशेष रुचि थियो।

२०३६ सालमा बाह्रबिसेको सुनकोशीमा मीराकै अग्रसरतामा तीजको अवसर पारेर

एउटा सांगीतिक कार्यक्रम गरिएको थियो । तत्कालीन पञ्चायत पक्षदर ललित भण्डारीले उक्त कार्यक्रम भाङ्न खोजेपछि मीरा लगायतका महिलाहरूको समूहले निजलाई थाममा बाँधेर छाडिदिएका थिए। त्यही वर्ष माघमा अमृत बोहरा (श्याम) र माधव पौडेल (प्रभात)ले अष्टलक्ष्मी शाक्य ज्योतिलाई पिस्कर ल्याउनुभयो । अष्टलक्ष्मी पार्टीको पूर्णकालीन भएपछि पिस्कर उहाँले नै जिम्मा लिनुभयो। उहाकै नेतृत्वमा मीराले काम गर्न थाल्नुभयो । गाउँगाउमा संगठन निर्माण गर्न माधवले धेरै सहयोग गर्नुभयो। करिब एक वर्षमा पिस्कर, टेकनपुर, टौथली, चोकटी, राम्चे लगायत गाउँहरूको इयटा क्षेत्र बन्यो । गाउँगाउमा सांस्कृतिक टोलीहरू गठन गरियो।

टौथली र पिस्कर गाउँ बीचको भीरमा भीरमौरीको मह हुन्थ्यो। त्यो मह काढ्न गाउँका थामी किसानलाई लगाइन्थ्यो । तर, खान भने उनीहरूले पाउँदैनथे। यस कामबाट किसानहरू खुसी थिएनन्। एकपटक पार्टीको निर्देशनमा मीरा थामीसहित सहभागी भएर गाउँका किसानले मह काडे र त्यो गाउँको जमिन्दारको घरमा नलगी राति नै लामुसाँघु हुँदै काठमाडौँ पठाए। काठमाडौँमा विष्णु चित्रकारले उक्त मह बेचेको पैसाले गाउँमा क्यासेट प्लेयर किनेर पठाइदिनु भयो। क्यासेट प्लेयर गाउँमा निकै काम लाग्यो। कसैको घरमा रेडियोसम्म नभएको गाउँमा माधव र मीराले सोही क्यासेट प्लेयरबाट तत्कालीन संसदको भाषण र जनवादी गीतहरू किसानलाई सुनाउन थाल्नुभयो । मह बेचेर किनेको क्यासेटबाट उहाँहरूले जनता जागृत गर्ने काम गर्नुभयो।

२०३७ सालमा बाह्रबिसेबाट पार्टीलाई एउटा निवेदन आयो। त्यस क्षेत्रमा दुईजना पुरुषले महिलामाथि अभद्र व्यवहार गर्ने र जनतालाई दुःख दिने गरेको रहेछ। त्यस उपर कारबाही गर्न मीराको नेतृत्वमा एउटा स्क्वाड गठन गरियो। त्यस स्क्वाडको नेतृत्वमा सुनकोशीको स्कूल नजिक ती दुईजनालाई फेला पारेर कारबाही सुरु गरे। त्यस क्रममा एकजना फुत्केर भागे। अर्कामाथि महिलाहरूको कारबाहीको क्रममा खुट्टा भाँच्चिसकेको थियो । आइन्दा यस्तो क्रियाकलाप नगर्ने कुरा स्वीकार गर्दै माफी मागेपछि त्यही शर्तनामसहित उसलाई त्यही अवस्थामा छोडिएको थियो।

२०४० साल वैशाखमा सिन्धुपाल्चोकमा अनेरास्ववियूको जिल्ला सम्मेलनका लागि केन्द्रबाट अध्यक्ष टंक कार्की र केन्द्रीय सदस्य गौरी प्रधानसहितको टोली

आउँदै थियो । यस सम्मेलनको सुरक्षा र व्यवस्थापनको जिम्मा जिल्ला पार्टी कमिटीले लिएको थियो । सम्मेलन तयारी क्रममा प्रहरीले निगरानी गरिरहेको थाहा भयो । पार्टीले सकेजति किसानहरूलाई भेला पाऱ्यो । प्रहरीले कार्यक्रम बिथोल्न खोजेपछि किसानहरूले कडा प्रतिवाद गरे । प्रहरीले गोली चलायो । यस क्रममा लालबहादुर थामी र भुँडे साइला थामी गोलीको छर्रा लागेर घाइते भए । भोला बोहरा, सावित्री बोहरा लगायतका विद्यार्थी नेताहरूलाई वारेन्ट जारी भयो । विद्यार्थी सम्मेलन सफल बनाउन मीराको सक्रिय भूमिका रहेको थियो ।

## चर्चित पिष्कर गोली काण्ड

जनता जगाउने औजारको रूपमा जतातत्तै सांस्कृतिक कार्यक्रमको चर्चा भइरहेको थियो । यसै क्रममा २०४० सालको माघे संक्रान्तिको अवसरमा पिष्करको महादेवस्थानमा लाग्ने मेलाको दिन साङ्गीतिक कार्यक्रमको आयोजना गरिएको थियो । मीराहरू आफै पनि कार्यक्रमको टोलीकासाथ सहभागी हुनुहुन्थ्यो । पिस्करका किसानले पनि कार्यक्रम ल्याउने भए । वरपरका गाउँबाट पनि सांस्कृतिक कार्यक्रमसहित आउने भए । माघे संक्रान्तिको अघिल्लो रात साँझ ८ बजेदेखि रातिको २ बजेसम्म सांस्कृतिक कार्यक्रम चलिरह्यो । त्यस इलाका पार्टीमा लालबहादुर थामी, मेघनाथ पौडेल, पूर्ण थामी, पूर्णमाया थामी, राम कार्की र जगतबहादुर बोहरासहितको सात जनाको कमिटीको इन्चार्ज मीरा हुनुहुन्थ्यो । रातको करिब २ बजे औपचारिक सांस्कृतिक कार्यक्रम सकिए पनि धित नमरेकाहरू नचगान गरिरहेकै थिए ।

पेट्रोलम्याक्स बलेर डाडा उज्यालो भएको थियो । घर फर्कनेहरू फर्कंदै थिए । त्यही समयमा दुई सयजतिको प्रहरी टोली हतियारसहित कार्यक्रमस्थल पुग्यो । गाउँ फर्कने क्रममा माधव पौडेलसहित केही नेताहरू समातिए । बाटो देखाउँदै जाने क्रममा पौडेल प्रहरीको कब्जाबाट फुत्किए । कार्यक्रमस्थलमा सहभागीहरूलाई लक्षित गरेर प्रहरीले गोली चलायो । त्यसको प्रतिवादमा सहभागी किसानहरूले ढुंगा लाठी, भालाले आक्रमण गरे । करिब आधा घण्टासम्म दोहोरो भिडन्त भयो । त्यसक्रममा गोली लागेर वीरबहादुर थामीको घटनास्थलमा मृत्यु भयो । इले थामी गम्भिर घाइते भएका थिए । तर, उनीहरूले इले मरे भनेर स्यालाले छोपेर छोडेर गएका थिए । उहाँको पछि निधन भयो । यस घटनामा करिब एक दर्जन किसान घाइते भए ।

यस घटनापछि करिब ६ महिनासम्म तत्कालीन मंगलादेवी प्राथमिक विद्यालयमा पठन पाठन बन्द भयो । प्रहरीहरू त्यही विद्यालयमा बसी गाउँ गाउँमा ठूलो आतंक सिर्जना भयो । नेताहरू पनि सबै तितरबितर भए । केही पक्राउ परे । यो चरम दमनका बावजुद मीरा गाउँ नछोडी पार्टी कमिटीलाई चलायमान बनाउने काममा लागिरहनु भयो । परिवारमा भाइ र बुबा गिरफ्तार भए । मीराको बास जंगलमा हुन्थ्यो । गाउँका धेरै साथीहरू जेल परेकाले परिवारमा रुवाबासी थियो । पुलिस र दलालहरू आएर घरमा आमालाई हप्कीदप्की गर्थे । भाँडाकुँडा फालिदिन्थे । छोरी कहा पठाइस भनेर केरकार गरिरहन्थे । तर, आमाले दृड मानसिकताका साथ यो सब व्यहोरेर परिवारलाई निरन्तरता दिनुभयो । यी तमाम दमनका बावजुद मीरामा कहिल्यै विचलन आएन । उहाँ पार्टी काममा अविचलित रूपमा लागिरहनु भयो ।

यस घटनाको विरोधमा पार्टीले देशव्यापी आन्दोलनको घोषणा गऱ्यो । यसबारे अन्तर्राष्ट्रिय जगतलाई जानकारी गराउने वारेमा पार्टी केन्द्रले निर्णय गऱ्यो । यसका लागि अनेरास्ववियूको अन्तर्राष्ट्रिय नेटवर्क एसियाली स्टुडेन्ट एसोसिएसनमार्फत गौरी प्रधानले ठूलो भूमिका खेल्नु भयो । सिङ्गापुर, हङकङ, भारत, फिलिपिन्स, बर्मा, लाओसबाट प्रतिनिधिहरू ल्याएर पिस्करको वास्तविकताबारे त्यहीकै किसानको मुखबाट सुनाउने काम भयो । विदेशी पाहुनाहरूलाई राति राति प्रशासनको आँखा छलेर गाउँमा ल्याइन्थ्यो र उज्यालो नहुदै पठाइन्थ्यो । यसक्रममा विदेशी पाहुनाहरूले पिस्करका किसानहरूको दैनिकी अध्ययन गरे । पिस्करको पक्षमा विदेशबाट समर्थन आएपछि पञ्चायती शासकहरूलाई थप दबाब बढ्यो ।

**पञ्चलाई कारबाहीको नेतृत्व**

यसको केही समयपछि पार्टीका नेताहरू राम कार्की र पूर्ण थामीलाई देवीजंग पाण्डेका मान्छेले आक्रमण गरेर घाइते बनाए । यसको विरोधमा पार्टीले देवीजंगलाई पनि सोही प्रकृतिको कारबाही गर्ने योजना बनायो । यसका लागि मीराको नेतृत्वमा सातजनाको टोली बन्यो । उहाहरूको टोली सुनसान बाटोमा देवीजंगलाई कुरेर बस्यो । जब देवीजंग आइपुगे, अनि ढुंगा, लठ्ठी लिएर बसेका कारवाहीं टोलीले हमला गरे । देवीजंग घाइते भएपछि मीराको टोली बाटो लाग्यो । तयसपछि एक वर्षसम्म देवीजंग गाउँमा देखा परेनन् । तर, गाउँमा मीरा लगायतका टोलीलाई खोज्न देवीजंगका मान्छेहरू आएर गाउँलेलाई तर्साउन छाडेनन् ।

दशैँको टिकाको दिन टौथली जात्रामा आएका बेला मीरा लगायतलाई आक्रमण गर्ने देवीजंगका मानिसले योजना बनाएको जानकारी भएपछि मीराकै नेतृत्वमा तीन/चार सय किसानले उनीहरूलाई नै घेरा हाले। अकस्मात् आएको हुल देखेपछि ज्यान जोगाउन उनीहरूमध्ये कोही कुखुराको खोरमा लुके। कोही शौचालय लुके। मीराहरूको उद्देश्य तर्साउनु मात्र थियो। त्यसैले उनीहरू भागेपछि पार्टीको पक्षमा नारा लगाउँदै किसानहरू फर्किए।

एकपटक भूमिगत अवस्थामै सिन्धुपाल्चोकको लाटु भन्ने गाउँमा बसेका बेला राति धेरै जाडो भएपछि अगेनोको छेउमा ठूलो मुढा बालेर गुन्द्री ओडेर सुतेका थिए। त्यहीबेला ओडेको लुगा आगोमा सल्किएछ। तर दुर्घटना हुनु पहिला नै थाहा पाएकोले बच्न सकेको कुरा मीरा बताउनुहुन्छ।

## विवाह र पारिवारिक जिम्मेवारी

सँगसँगै पार्टी काम गर्ने क्रममा मिराले आफूलाई मृत्युको मुखबाट बचाउने माधव पौडेललाई भित्रभित्रै मन पराउन थाल्नुभएको थियो। तर प्रेमका रूपमा प्रस्ताव गर्न सक्नुभएको थिएन। किनकि व्यक्तिगत जीवनभन्दा पार्टी काम नै त्यतिबेला प्रमुख थियो। उता माधव पौडेलले पनि आफू सामान्य किसान परिवारकै केटीसँग विवाह गर्ने मनस्थिति बनाउनुभएको थियो। तर मिरा नै भावी जीवनसाथी हुन सक्ने बारेमा भने सोच बनाउनु भएको थिएन। दुवैको मनस्थिति बुझेर अष्टलक्ष्मी शाक्यले दुवैजना बीच विवाहको प्रस्ताव राख्नुभयो। प्रस्तावमा दुवैजना सहमत हुनुभयो। २०४१ पुष २० गते पार्टीका त्यस क्षेत्रका इन्चार्ज ईश्वर पोखरेल, अमृत कुमार बोहरा, अष्टलक्ष्मी शाक्य, केशव बडाल, युवराज कार्की, सुरेश कार्की, तारा पन्त, रिता श्रेष्ठ, पूर्ण थामी लगायतको उपस्थितिमा माधव पौडेल र मीरा थामीको विवाह सम्पन्न भयो। विवाह खर्च १४५ रुपैयाँ भएको कुरा ईश्वर पोखरेलले पार्टी बैठकमा पेश गर्नुभएको थियो। विवाहपछि मात्र उहाँहरूले आफ्नो घरपरिवारलाई जानकारी गराउनु भयो। उहाँहरूको एक छोरा र एक छोरी हुनुहुन्छ।

## दोलखामा जिम्मेवारी

मीरा सिन्धुपाल्चोकको सामन्तदेखि प्रहरी प्रशासनको टाउको दुखाईको विषय बन्नुभएको थियो। उहाँलाई पक्रन प्रशासन र सामन्तहरू व्यापक खोजीमा लागेपछि उहाँको सुरक्षा चुनौतीकै कारण उहाँलाई दोलखा सरुवा गरियो। कहिले

सिन्धुपाल्चोक बाहिर नगएकी मीराका लागि यो अर्को चुनौती थियो । पार्टीकै नेता जितविर लामाले मीरालाई २०४१ कार्तिकमा दोलखाको कालिञ्चोक गाउँको थामी बस्तीस्थित एक घरमा मितिनी छोरीको साइनो लगाएर बस्ने व्यवस्था मिलाइ दिनुभयो । प्रशासनले चाल नपाओस् भनेर उहाँ घरमा घाँस काट्नेदेखि दाउरा संकलन गर्ने, खेतबारीमा काम गर्ने जस्ता सबै काम गर्नुहुन्थ्यो । राति राति भने संगठन विस्तारको काममा लाग्नुहुन्थ्यो । धेरै जनालाई त उहाँले मेलापात गर्दागर्दै गोलबन्द गर्नुभयो । ती दिनहरू मीराका लागि निकै कठिन थिए । नयाँ ठाउँ, नयाँ परिवेश, नयाँ भूगोल । तर जुनसुकै परिस्थितिमा पनि नआत्तिने र जिम्मेवारीलाई इमानदारीपूर्वक निर्वाह गर्ने स्वभावको कारण मीराले त्यो समयलाई पार्टीको महत्त्वपूर्ण जिम्मेवारीको रूपमा लिनुभयो । खोपाचागु, बाबरे, लालीपाङ, सुनखानी, चरिकोट लगायतका क्षेत्रमा संगठन बनाउनु भयो । दोलखामा उहाँ २०४१ देखि २०४५ सालसम्म अनेमसंघको जिल्ला अध्यक्षको रूपमा पनि काम गर्नुभयो । त्यतिबेला उहाँले संगठन गर्नुभएका साथीहरू पछि माओवादी पार्टीको नेतृत्वमा समेत पुगेका थिए ।

## थामी समुदायलाई संगठित

थामी समुदाय बीच संगठन विस्तारमा मीरा थामीको ठूलो योगदान छ । दोलखा र सिन्धुपाल्चोकका थामी समुदायलाई संगठित गरी "निको थामी सेवा समिति" नामक राष्ट्रिय सङ्घ बनाउन उहाँले भूमिका खेल्नुभयो । संघको संस्थापक अध्यक्ष मीरा आफै बन्नुभयो । २०४२ सालमा स्थापना भएको राष्ट्रिय आदिवासी जनजाति महासंघमा थामी जातिको तर्फबाट संस्थापक सदस्य बन्नुभयो ।

## प्राथमिकतामा परिवार

२०४५ सालमा छोरा जन्मियो । घरमा बिरामी सासुससुराको स्याहारसुसार गर्ने कोही भएन । त्यसपछि भने उहाँको सक्रियता राजनीतिमा भन्दा पारिवारिक जिम्मेदारीतर्फ ढल्कियो । अन्तरजातीय विवाह गर्नुभएकी मीराका ससुरा ठाँटी ब्राह्मण हुनुहुन्थ्यो । त्यही भएर धेरै वर्षसम्म मीराले पकाएको ससुराले खानु भएन । तर जीवनको उत्तरार्धमा भने मीरा नै प्यारी बुहारी बन्नुभयो । अशक्त अवस्थामा ससुराको हेरचाह गर्ने काम मीराले नै गर्नुभयो ।

यसरी मीराले जहाँ जिम्मेवारी लिनुभयो, आफ्नो इमान्दारिता र निस्वार्थ भावनाले सबैको मन जितेर काम गर्नुभयो । बच्चा हुर्काउँदै गर्दा र घरव्यवहारले थिचिँदा पनि उहाँले कम्युनिष्ट पार्टीसँगको सम्बन्ध कायमै राख्नुभयो । २०५० सालदेखि मीरा ललितपुर जिल्ला पार्टी कमिटी र अखिल नेपाल महिला संघको जिल्ला कमिटी सदस्य हुनुभयो। २०५१ सालदेखि २०५४ सालसम्म उहाँ अखिल नेपाल किसान सङ्घको खाद्यबाली समितिको केन्द्रीय सदस्य हुनुभयो। २०७४ सालमा भएको स्थानीय निर्वाचनमा उहाँ महालक्ष्मी नगरपालिका वडा नम्वर ९ को तर्फबाट कार्यपालिका सदस्य हुनुभयो। २०७२ सालमा नेपाल कम्युनिस्ट पार्टीको प्रदेश सल्लाहकार हुनुभएको मीरा २०७६ सालमा अखिल नेपाल महिला सङ्घको केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो। यसरी उहाँले आफ्नो परिस्थितिले अनुमति दिएसम्म नेपाली कम्युनिस्ट आन्दोलनमा निरन्तर क्रियाशील जीवन बिताउँदै आउनुभएको छ।

***



# भूमिगत जीवनको अनुभव : मेनका काफ्ले*

ताप्लेजुङ जिल्ला तत्कालीन पाकुम्बा गाउँ पञ्चायतमा २०२१ असोज १२ गते आमा-बुबा खेमकुमारी काफ्ले र नरपति काफ्लेको ६ सन्तानमध्ये एक मात्र छोरी कान्छो सन्तानका रूपमा जन्म भएकोले घरमा सबैको प्यारी थिएँ। मध्यम वर्गीय परिवार भएकोले आर्थिक अवस्था ठिकै थियो। खान लाउन समस्या थिएन। परिवार राजनीतिक रूपमा सचेत भएकोले हाम्रो परिवार नेकपा मालेका भूमिगत नेताहरूको लागि भरपर्दो आश्रयस्थल थियो। त्यही क्रममा मेरो पहिलो राजनीतिक सर्म्पक व्यक्ति डिल्ली काफ्ले हुनुहुन्थ्यो।

खास गरेर २०३५/३६ सालको विद्यार्थी आन्दोलनसँगै गाउँघरमा हुने जनताका गीत र नाटकसहितका सांस्कृतिक कार्यकमबाट प्रभावित भएर कलिलो दिमागमा राजनीतिको बीजारोपण भएको थियो। त्यो बेलादेखि नै राजनीतिमा चासो बढेको थियो। २०३७ भाद्रमा गौरादह बजारमा किसानले उत्पादन गरेको पाटाको उचित मूल्य नपाएपछि पाटामा आगो लगाएर भएको पाटा संघर्षमा अखिल पक्षका विद्यार्थीले साथ दिदै जुलुस निकालेको थियो। हामी त्यसमा सहभागी भएका थियौँ। पुलिस प्रशासनले उक्त आन्दोलनलाई दमन गर्न अश्रुग्यास हान्ने, लाठीचार्ज गर्ने, विद्यार्थीलाई लखेट्ने जस्ता काम गरेको थियो। हामी त्यो दिन विद्यालयको कम्पाउण्ड घेरेका अग्ला अग्ला काँढेतार नाघेर दुई कि.मी. जति दौडिएर भागेका थियौँ। त्यसै गरी विभिन्न कार्यक्रममा सहभागी हुने क्रममा २०३७ पौष ११ गते माओ त्सेतुङको जन्मजयन्तीको अवसरमा बसेको भेलाले पाँच जना महिलाहरूको बीचमा डिल्ली काफ्ले कमरेडले मार्क्सवादी अध्ययन दल गठन गरी त्यसको प्रमुखको जिम्मेवारी मलाई नै दिइएको थियो।

### भूमिगत महिलासंगको भेट

२०३८ सालमा पहिलो पटक डिल्ली काफ्ले दाइले एउटा सानो चिठी दिदै भन्नुभयो,

---

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो।*

क. मणिचन्द्र कार्कीको घरमा जानु, त्यहाँ नेता कमरेड हुनुहुन्छ। सावधानीसाथ साँझ घरमा लिएर आउनु। साँझ परेपछि म आमालाई भनेर मणिचन्द्र कार्कीको घरतिर लागेँ। चिठीमा के लेखिएको थियो भन्ने थाहा हुने कुरा भएन। त्यो अनुशासन र गोपनीयताको कुरा थियो। मैले मणिचन्द्रको घरमा पुगेर चिठी दिएँ। त्यसपछि मलाई माथि कोठामा लानुभयो। त्यहाँ एकजना २०/२२ वर्षको महिला कमरेड हुनुहुन्थ्यो। हात मिलाएर अभिवादन गरी परिचय गर्‍यौँ। उहाँले सरिता भन्नुभयो। त्यो बेला मैले भर्खरै मात्र ल्यू हूलानको चित्र कथा पढेकी थिएँ। पहिलो पटक महिला भूमिगत देख्दा नेपालकै ल्यू हूलान जस्तो लाग्यो। उहाँ शोभा कुँवर हुनुहुँदो रहेछ। अँध्यारो भएपछि उहाँलाई लिएर म आफ्नो घरतिर आएँ। उहाँ दुई/चार दिन हाम्रो घरमा नै बस्नुभयो। त्यसबेला मैले उहाँबाट धेरै कुरा सिक्ने मौका पाएँ।

त्यस वर्षको ८ मार्च (७२ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस) मनाउन दमकको हिमाली विद्यालयमा सहभागी हुने निर्णय अनुसार कक्षा ८ मा अध्ययन गर्ने छात्राहरू आमाको साडी बोकेर रतुवाको पुलमुनि साडी फेरेर आफूलाई ठूलो देखाउने प्रयत्नसहित कार्यक्रम गरेका थियौँ। त्यो कार्यक्रममा दशौँ हजार महिलाको उपस्थिति थियो। त्यही साल म अनेमसंघ महारानीझोडा गाउँ कमिटीको अध्यक्ष बनेको थिएँ। २०३९ सालमा म अनेमसंघको पश्चिम दक्षिण इलाका कमिटीको सचिव भएँ।

### विद्यार्थी राजनीतिमा अदालत धाउँदा

२०३९ सालमा म विद्यालय स्ववियूको निर्वाचित कोषाध्यक्ष भएँ। ती दिनहरूमा विद्यालयमा अखिल र मण्डले बीचमा साना साना कुरामा पनि विवाद हुने गर्थ्यो। त्यसैले अखिल पक्षका विद्यार्थीहरू सामूहिक रूपमा हिड्ने गर्थ्यौं। २०३९ सालमा एक दिन विद्यालयबाट घर फर्कने क्रममा मण्डलेहरू हामीलाई कुट्न बाटो ढुकेर बसेका रहेछन्। लाठी, भाला, खुकुरी बोकेर हामीसँग भिड्न आए। हाम्रो शक्ति ठूलो थियो। दोहोरो भिडन्त भयो। उनीहरू भागेपछि अखिल पक्षका विद्यार्थीलाई उल्टै ज्यान मार्ने उद्योगमा जिल्ला अदालतमा मुद्दा दर्ता गराए। जसमा शिवमाया तुम्बाहाम्फे, मेनुका काफ्ले, केशव बस्नेत, नारायण भट्टराई, पदम पौडेल, प्रेम लावती, माला भट्टराई रेणुका पौडेल आदि थियौँ। त्यसपछि हामी भूमिगत भएर

बस्यौँ। शिवमाया तुम्बाहाम्फेलाई गिरफ्तार गऱ्यो र केही समयपछि छोडिदियो। ३५ दिनपछि मलाई लिएर प्रधानपञ्च दाइ देवी काफ्ले चन्द्रगढी जानुभयो। अधिवक्ता लिला उदासीको ल फर्ममा पुगेर मेरो बयान सबै तयार गर्नुभयो। तर, अन्तिममा आज हाजिर हुन नजानोस्। तपाईलाई बयान सकिएन भनेर कस्टडीमा राख्न सक्छ। सबै समूहले एकै चोटी बयान दिनु राम्रो हुन्छ भनि फर्काउनु भयो। दोस्रो पटक देवी काफ्लेको नेतृत्वमा हामी सबै विद्यार्थी एकै चोटि बयान दिन गयौँ र तारिख लिएर घर फर्क्यौं। एक वर्षसम्म मुद्दा धाउन अदालत जान्थ्यौँ। अदालतका कर्मचारीले हामीसँग चिया खान भनेर घुस माग्थे। मुद्दा छिटै फैसला गर्न सहयोग गर्छौं भन्थे। अनि शिवमाया र मैले २१ रुपैया दियौँ। झण्डै डेढ वर्षपछि मुद्दा हाम्रो पक्षमा फैसला भयो।

२०४० सालको ८ मार्च मनाउन झापा जिल्लाका विभिन्न क्षेत्रमा स्थान तोकिएको थियो। सोही अनुसार दक्षिण पश्चिम इलाका गौरादहको मजुवा स्कूलमा लगभग ३०० महिलाहरूको उपस्थितिमा ८ मार्च कार्यक्रम सम्पन्न भयो। त्यो कार्यकमका वक्ताहरू मेनुका काफ्ले, यशोदा अधिकारी, दिपा अधिकारी, हरिमाया मैनाली लगायत थियौँ। कार्यक्रम सकेर घर फर्कदा प्रहरी पनि आइपुगे। बाटोको छेउमा घरभएको कारण मलाई गिरफ्तार गर्न प्रहरी घरमा आउँदैछन् भन्ने सूचना पाएपछि म बाहिर निस्किसकेकी थिएँ। मलाई नभेटेपछि बुबालाई भोलि गौरादह थानामा छोरीलाई हाजिर गराउनु भनेर हिडेछन्। भोलिपल्ट बुबा र केही आफन्त र म देवी दाइको साथमा थाना गयौँ। दिनभर मलाई थानामा राखेर मानसिक याताना दिए र साँझ प्रधानपञ्च देवी दाइको रोहवरमा छाडिदिए।

२०४० सालबाट नेकपा माले सक्रिय दलको पनि सदस्य भएर काम गर्न थालेँ भने २०४१ सालमा अनेमसंघ क्षेत्रीय कमिटीको सचिव भएँ। यो बेलासम्म आइपुग्दा पार्टीको अर्ध पेशेवर जस्तो भएर काम गर्न थालिसकेकी थिएँ। २००/३०० जनाको वनभोज लाने, त्यहाँ राजनीति सिकाउने गर्दथ्यौँ। बेलाबेला श्रमदान गर्न, धान रोप्न, पाटा काट्न, धान काट्न, समूहमा जाने र त्यहाँबाट पाएको पैसालाई संगठनमा बुझाउने गरिन्थ्यो। देउसी भैली खेलेर जनवादी गीतमार्फत् चेतना पनि जगाउने र उठेको रकम माथिल्लो कमिटीलाई बुझाउने गरिन्थ्यो। संगठनले बाख्रा, कुखुरा किनेर जनताका घरमा पाल्न दिने र बिक्री गरेर पैसा संगठनलाई

बुझाउँथ्यो । हाम्रो सेल्टरहरूमा चुलाको छेउमा माटाको घैंटो राख्न लगाउँथ्यौं । खाना पकाउन निकालेको चामलमध्ये एक मुठी पार्टीका नाममा छुट्याउन र गाग्रो भरिएपछि पार्टीलाई बुझाउन लगाउँथ्यौं । अलि गरिब किसानको घरमा हुने हाम्रा भेला बैठकमा त्यही चामल प्रयोग गर्थ्यौं । महिलाहरूका तीज, ऋषि पञ्चमी जस्ता पर्वमा पनि राजनीतिक कुरा सिकाउँथ्यौं । सामूहिक रूपमा पूजा लगाउँदा आएको दान दक्षिण पुरोहितलाई भनेर संगठनमा बुझाउँथ्यौं । यसरी पार्टी र संगठनको लागि सहयोग सङ्कलन गर्ने र खर्च गर्दा मितव्ययिता अपनाइन्थ्यो ।

विद्यार्थी भएर काम गर्दा परिवारको पूरै सहयोग थियो । घर पार्टीको राम्रो आश्रयस्थल भएकोले केन्द्रीय स्तरका नेताहरू - प्रदिप नेपाल, मदन भण्डारी, चित्र निरौला अमृत बोहरा, अष्टलक्ष्मी शाक्य, सुशीला श्रेष्ठ लगायत जिल्लाका थुप्रै नेता कार्यकर्ताहरू आउने र बस्ने गर्नुहुन्थ्यो । मेरा आफन्तहरूले मेरो बारेमा नानाथारी कुरा काट्न थालेका थिए । साँढे, गोरु जस्तै छाडा भई । अब कोसँग पोइल जान्छे । हाम्रो नाक फाल्ने भई लगायतका कुरा लेखेर एकाबिहानै घर अगाडि पिपलको बोटमा पर्चा बनाएर टाँसिदिएका थिए । परिवारले त्यसको बारेमा प्रतिकार गर्न सकेन । बरु अब यसको समाधान विवाह हो भनी सोच्न थाल्यो र पार्टीका नेताहरूलाई भनेर विवाह गरिदिन माग गर्न थाल्नुभयो ।

यसैक्रममा २०४१ सालमा मेची अञ्चललाई आफ्नो कार्यक्षेत्र बनाएर क. अष्टलक्ष्मी शाक्य (टिका) अमृत बोहरा (अमरसिंह) झापा आउनुभयो । टिका जनताको घरमा आफ्नो १८ महिनाको छोरा (विश्वास) लाई छाडेर पार्टी काम गर्न भनेर पश्चिम दक्षिण इलाकामा क. छवि श्रेष्ठ (छाँया) को घरमा बच्चा छोड्न आउनुभएको रहेछ । छवि श्रेष्ठको घरमा जानुअघि दुई दिन हाम्रो घरमा बस्नुभयो । हाम्रो घरदेखि २० मिनेट पूर्व छविको घर थियो । बच्चा जनताको घरमा छोडेर पार्टीको काम गर्छु । बच्चा हेरेर गृहस्थी जीवन बिताउने होइन । क्रान्तिका लागि घरपरिवार र व्यक्तिगत स्वार्थ छोडेर देश र जनताका निम्ति काम गर्ने कुरा सुनाउनुभयो । उहाँको त्यो आँट र हिम्मत देखेर मलाई आफूले केही गर्न नसकेको महसुस भयो । टिकाले आफ्नो घर परिवार र पढाइ छोडेरे कसरी हिडे भन्ने थोरै कुरा सुनाउनुभयो । अब तपाईले यी सबै कुरा छोड्नुपर्छ । पढाइ घरपरिवार छोडेर देश र जनताको निम्ति क्रान्तिको काममा लाग्न भूमिगत हुनुपर्छ । तपाई जस्ता इमान्दार

कार्यकर्ताको खाँचो छ। अब झापाको पार्टी काम उठाउन महिलाहरू भूमिगत भएर हिड्नुपर्छ। यी सबै कुराले मैले घर छोडेर हिड्ने निर्णय गरेँ। त्यसपछि म उहाँसँगसँगै हिड्न थालेँ।

**भूमिगत जीवनमा प्रवेश**

एसएलसीसम्मका पढाइ सकिएको थियो। २१ वर्षको उमेरमा २०४२ सालमा भूमिगत जाने निर्णय भयो। २०४२ मंसिरमा घर छोडेर हिड्ने दिन बुबाले मेरो लुगाको झोला धानको ढुकुटीमा लुकाई दिनुभएको रहेछ। काठको ठूलो घर थियो। धेरैबेरसम्म सबै कोठामा, सिलिङमा खोजेँ। बुबा स्कूलचौनको बजार पनि नगई तल भान्सा घरमा बस्नुभएको थियो। म माथि प्वालबाट कतिबेला बुबा बजार जानुहुन्छ र झोला खोज्ने भनी छटपटाइरहेको थिएँ। दुई बजेतिर बुबा बजार जानुभयो। म तल झरेर झोला खोज्न ढुकुटीमा पसेँ। धानभित्र लुकाएको अवस्थामा भेटेँ र बाहिर निकालेर पुछेँ। अनि झोला बोकेर घरबाट निस्केँ। आमा बारीमा साग रोप्दै हुनुहुन्थ्यो। मैले आमालाई क. टिकाले बोलाउनुभएको छ। बैठक छ अरे। दुई दिनपछि आउँछु भने। घरबाट उत्तर बाटो हिडेँ। खेतको सिरान सिमाना आइपुगेपछि घरलाई फर्केर हेरेँ। बुबा, आमा, दाजु, भाइ सबैलाई सम्झेँ। अब म यो घरमा फर्केर आउँछु कि आउँदिन ? म क्रान्तिका निम्ति घर छोड्दैछु भनी एकछिन उभिएँ। त्यसपछि म सरासर पाडाजुगी रतुवा खोलाको पूर्वी मुखमा आएर धाइजन जानलाई गाडी चढेँ। साँझको पाँच बजेको थियो। धाइजन पौडेलको घरमा मलाई पर्खिएर बसेका क. पवित्रा निरौला (मधु) र विष्णु खड्का (विनिता) सँग भेट भयो।

भूमिगत भएर जाँदा पाएको कार्यक्षेत्र जिल्लाको पूर्व उत्तर क्षेत्र थियो, काकडभिट्टा, धुलावारी, बाहुनडाँगी, शान्तिनगर, धाइजन, शनिश्चरे, चन्द्रगढी, भद्रपुर र बिर्तामोड। यी गाउँ पञ्चायतभित्र मुख्य काम गर्नु थियो। सेल्टरहरू त्यति धेरै थिएनन्। सबै सेल्टरमा महिला कार्यकर्तालाई बस्न सजिलो हुँदैन थियो। महिलालाई हेर्ने दृस्टिकोण सबै ठाउँमा राम्रो हुँदैन थियो। एउटा सेल्टरबाट अर्को सेल्टरमा राति मात्र हिड्नु पर्थ्यो। जंगल, खोला र बगरको बाटो प्रायः जसो एक्लै हिड्नु पर्थ्यो।

भाद्र महिनामा बाहुनडांगीबाट धुलावारी आउने काममा इन्द्र बुढाथोकी (प्रकाश) र म थियौँ। निन्दा खोलाले मलाई अलिकति बगायो। मेरा सबै कपडा भिजेका थिए। इट्टाभट्टा स्कूलमा आएर कपडा फेर्न म पसेँ। प्रकाश बहिर पर्खेर बस्नुभयो।

पारिवारका महिलाहरू केटाकेटी भागेर आएका छन् । केटी बेहुली हुन साडी लाउँदैछ भनेर हेर्न आए । प्रकाशले मेरी भान्जीको खोलामा लुगा भिज्यो । धरान जान लागेको भन्नुभयो ।

बाहुनडाँगीमा नेत्र कुमारी पौडेलको भतिजी (छोरी) लाई कार्यकर्ता बनाउन बिहानै गयौँ । त्यहाँ इलामबाट पार्टी छोडेर आएका कमरेड रहेछन् । तिनले हामीलाई गाली गरे । बासी भात खान नपाएर हिडेको भनेर तथानाम गाली गरे । एक बजेसम्म हामीलाई पानी पनि दिएनन् । हामी फर्केर आएर खाना पकाएर खायौँ । त्यस दिन मलाई अब म घर फर्कुं जस्तो लाग्यो । तर त्यो साँझ कर्ण मगरको घरमा आएपछि दिउँसोको कुरा सबै बिर्सें । बाहुनडाँगीमा नेत्र कुमारीको घरबाट यमनाथ दाहालको घरमा आउने क्रममा अँध्यारोमा जंगली हात्तीसँग जम्काभेट भयो । त्यो दिन सम्झदा अहिले पनि आङ सिरिंग हुन्छ । २०४५ सालको भूकम्प जाँदा धुलावारी विष्णु बजराको घरमा सुतेको थिएँ । म सुतेको माथि काठको तासी राखेको रहेछ । त्यहाँ गिलास भाडाकुडा राखेको रहेछ । घर हल्लाएपछि त्यो सामान झरेर मेरो टाउकामा बजारियो । सिरकले मुख छोपेर सुतिरहेँ । वरपरका छरछिमेकी रेडियो सुन्न थाले । धरानका धेरै घर भत्किए । मान्छे मरेको खबर भन्न थाले । त्यसबेला मलाई केही चिन्ता थिएन । कसरी सुरक्षित हुने भन्ने मात्र थियो ।

२०४५ सालमा धाइजनको जंगलमा गोकुल जयन्ती मनाउने क्रममा जेबी टुहुरेको उपस्थिति थियो । खाना खुवाउने जिम्मा विष्णु प्रसाईले लिनुभएको र मेरो त्यही क्षेत्रमा काम भएका कारण इन्द्र बुढाथोकीले मलाई र केशव बस्नेतलाई खाना खान बोलाउनु भएको थियो । साँझको गस्ती गर्दै दमकको हवल्दार चन्द्रबहादुर त्यहाँ आएको थाहा पाएर हामी जंगल छेउको सेल्टरमा सानो भाइ दिनेशलाई लिएर गयौँ । सेल्टरमा हमीलाई ढोका खोली दिनु भएन । हामी धानबारीमा एक बजेसम्म उभिरह्यौँ । पछि हामीलाई पहिलाकै ठाउँबाट लिन पठाउनुभयो । खाना खाएर अर्को सेल्टरमा गयौँ ।

**आश्रयदाताको आत्मिय सहयोग**

भूमिगत कार्यकर्ताको छोराछोरी राखेको छवि श्रेष्ठ र लता प्रसाईको घर थियो । त्यस्तै अनेमसंघ प्रथम झापा जिल्ला सम्मेलन छवि श्रेष्ठको घर र दोस्रो सम्मेलन भएको होमनाथ भण्डारीको घर थियो । भेला बैठक गर्ने र भूमिगत कार्यकर्ता दुई

जनाभन्दा माथि बस्ने सेल्टर र एकजना मात्र बस्ने सेल्टरको प्रकृति फरक हुन्थ्यो ।

त्यस्ता सेल्टरहरू रामचन्द्र उप्रेती, सावित्रा खड्का, कल्पना शिटौला, अम्बिका शिटौला, अम्बिका खवास, कर्णबहादुर मगर, लता प्रसाई, काशिनाथ पौडेल, गोपाल पन्त, मनमाया प्रसाई, तिला निरौला, यमनाथ बराल, उर्मिला पौडेल, माधव घिमिरे, रमेश भट्टराई, शोभा खवास, भिम खवास, देविमाया खबास, तुलसा बानिया, सुशीला खरेल, मोहन दाहाल, हेमन्त भट्टराई, विष्णु बन्जारा, तुलसा धिताल, चिन्तन पाठक, खडानन्द वाग्ले, राजेन्द्र ओली, हरि राना, वृख प्रधान, डम्बर बस्नेत, नरमाया कार्की, बहला खनाल, मेनुका गौतम, कमला बजगाई, जानुका सिटौला, चानाफौदार ताजपुरिया, कमल लामिछाने, खगेन्द्र आर्चाय, पदम कार्की, समध्वज कार्की, दिनानाथ गौतम, कमला ढुंगाना, रुद्र खड्का, राधाकृष्ण खनाल, देवी रेग्मी, वलजीव राई आदि थिए ।

कमल गाउँ पञ्चायतमा रुद्र चापागाई, शान्ता मुखिया, गणेश श्रेष्ठ, अर्जुन राई, कृष्ण राई, लिला दहाल, खगेन्द्र भट्टराई, कमला घिमिरे, उर्मिला भण्डारी, युवराज खड्का, तारा काफ्ले, कल्याण केसी, चन्द्रमाया पोखरेल, कृष्ण खड्का, प्रेम कुमार राई, इन्द्र कुमारी गुरुङ, जीवलता गौतम, कृष्ण कुमारी गौतम, पवित्रा पाठक, खगमाया निरौला, इन्द्र बुढाथोकी, श्री लामिछाने, भक्त दहाल, नगेन्द्र घिमिरे, लोकबहादुर धिमाल, कृष्ण धिमाल, गजेन्द्र श्रेष्ठ, इन्दिरा चापागाई, अम्बिका खनालका घर थिए ।

गौरादह नगर पञ्चायतमा छवि श्रेष्ठ, कालिदास श्रेष्ठ, मणिचन्द्र कार्की, चिन्तामणि भट्टराई, नारायण भट्टराई, प्रेम लावती, कमल खरेल, छविलाल भण्डारी, नगेन्द्र पोखरेल, लोमनाथ बास्कोटा, छवि भट्टराईहरूको घर हाम्रो आश्रयस्थल थिए ।

३९ वर्षपछि यो स्मरण लेखिरहदा धेरै सेल्टर दाताहरूको नाम छुटेको छ। सबैको नाम सम्झन नसकेकोमा म क्षमा चाहान्छु । हिजो हामीलाई लुकाएर राख्ने, सेल्टरदाता कतिको भौतिक शरीर छैन । उहाँहरूप्रति श्रद्धासुमन अर्पण गर्दछु। अन्य कमरेडहरू एमालेमा नै आस्था राखेर बस्नुभएको छ । खास खास समयमा भेला हुने गर्छ । बिरामी परेको थाहा पाउँदा परिवारमा दुःख परेको समयमा भेट्न जान्छु। भेट हुँदा हामीले बिर्सिएको कुरा सम्झाउनु हुन्छ। त्यो बेलाको हाम्रो उमेर र आँटको खुलेर प्रशंसा गर्नुहुन्छ। केही चिन्ताका कुरा पनि गर्नुहुन्छ। हामीले सोचे जस्तो पार्टीको कार्यकर्ताहरू हुनुभएन भने यसले पार्टीमा समस्या आउँदैन भनी सोध्नुहुन्छ। भूमिगत

कामको दौरानमा सेल्टरमा पुग्दा सेल्टर सुरक्षित छ कि छैन बाहिरबाट आए/गएको देखिन्छ/देखिदैन ? त्यसको व्यवस्थापनमा घरपरिवार वरिपरि केरा रोप्ने र रुख, बिरुवा लगाउन सिकाउँथ्यौँ । सेल्टरका बच्चालाई माया दिन्थ्यौँ । सानीमा वा फुपू भनेर विश्वास दिलाउथ्यौँ । वृद्ध आमाबालाई उहाँहरूको माइती मावलीको मिल्दो जुल्दो थर भन्थ्यौँ र विश्वास जित्थ्यौँ । महिला साथीलाई राजनीति कुरा सिकाउँथ्यौँ । घरमा बस्दा भित्रको काम सघाउँथ्यौँ । बच्चा हेरिदिने, तरकारी काटी दिने, घर बडारी दिने, मकै छोडाइ दिने र बाहिर निस्कन मिल्ने ठाउँमा दिदी बहिनी बनेर बारीको काम (मकै गोड्ने, धान रोप्ने, घाँस काट्ने) गरेर परिवारको सदस्य जस्तै बनेका थियौँ । यसरी विश्वास जितेका हुन्थ्यौँ । हामी आउने भनेको समयमा पुगेनौँ भने हाम्रो खोजी गर्नुहुन्थ्यो । बिरामी भए कि, शत्रुका हातमा परे कि भनेर चिन्ता गर्नुहुन्थ्यो । चाड बाडमा हामीलाई मिठो मसिनो बनाएर भाग छुट्याएर राखिदिनु हुन्थ्यो ।

लुगा कपडा फाट्यो भने किनिदिने गर्नुहुन्थ्यो । बिरामी पर्दा स्याहार गर्नुहुन्थ्यो । आफू नराम्रो पातलो कपडामा सुतेर हामीलाई ख्याल गर्नुहुन्थ्यो । आधारभूत वर्गका जनताले धेरै माया र विश्वास गर्नुहुन्थ्यो । आफू साहु महाजनको काम गरेर ल्याएको पारिश्रमिक नेकपा (माले)को नाममा छुट्रायाउने गुर्नुहुन्थ्यो । आफ्नो गास काटेर घैंटोमा एक मुठी चामल बिहान बेलुकै राख्नुहुन्थ्यो । पार्टीका नाममा श्रमदान गर्ने, बाख्रा, कुखुरा पाल्ने, एक ठाउँमा भएको चिज अर्को ठाउँमा पठाउने, पार्टी भनेको घर हो । कार्यकर्ता परिवारका सदस्य हुन् भन्ने विश्वास थियो ।

## पार्टीको अनुमतिमा विवाह

पार्टीको अनुमति बेगर केही काम हुँदैन थियो । निजी जीवन हुँदैन थियो । विवाह गर्दा पनि पार्टीको सल्लाह हुन्थ्यो । २०४५ साल माघ १६ गते पूर्णकालीन कार्यकर्ता चन्द्रकुमार पोखरेलसँग अमृत बोहराको प्रमुख आतिथ्यतामा अष्टलक्ष्मी शाक्य, देवराज घिमिरे लगायत २५ जनाको उपस्थितिमा प्रेमकुमार राईको घरमा हाम्रो विवाह भएको थियो । परिवारको अनुरोधमा माघ २१ गते फेरि दमक कृष्णमन्दिरमा दुई घण्टामा विवाह सम्पन्न भयो । खुल्ला विवाह सकेर उर्लावारी पुगेर सिन्दूर पोते खोलेर चिया पसलमा कमला घिमिरे र कृष्ण खडकाको साथमा बस्यौँ । साँझ परेपछि लखनपुरमा तारा काफ्लेको घरमा हामीलाई पुऱ्याएर कृष्ण खड्का

फर्कनुभयो । खुल्ला विवाहमा दिएको मायाको चिनो उपहार पार्टीलाई बुझ्आयौं । विवाहको दुई दिनपछि आ-आफ्नो कार्य क्षेत्रमा काममा फर्कियौं । त्यसबेला हरेक बैठकमा आलोचना आत्मालोचनाको एजेन्डा हुन्थ्यो । बैठकको एजेन्डामा कति वटा सेल्टर बढे ? व्यक्ति सर्म्पक कति जनासँग भयो ? कुन पुस्तक पढियो ? पढेर के बुझियो ? कुन स्तरका कमिटी बने ? भेला प्रशिक्षण के के भयो ? खर्च कति भयो ? त्यसमा यातायात, सियो धागो, टर्चका ब्याट्री, रेडियोको ब्याट्री यी सबै खर्चको अनुमोदन हुन्थ्यो । महिनामा २०० भन्दा माथि खर्च हुँदा हामी डराउँथ्यौं । अनुमोदन हुँदैन कि भनेर खर्च जुटाउन अगुवा सेल्टरदाता कमरेडहरूसँग लिन्थ्यौं र त्यसको पारदर्शी रूपमा रेकर्ड राख्थ्यौं ।

## निरन्तर पार्टी काममा

भूमितग बसेको पाँच वर्षमा २०४६ चैत्रमा बहुदल घोषणा भएपछि मात्र खुल्ला भइयो । बहुदल आएपछि पनि शुरुमा दुई वर्ष अनेमसंघ मेची अञ्चलको कामको व्यवस्थापन गर्न भनेर बिर्तामोड पार्टी कार्यालयमा नै बसेर काम गरेँ । २०४९ सालमा बच्चा जन्मने भएपछि घर फर्किएँ । घरै बसेर संगठनको र पार्टीको काम गर्दै आएँ । त्यसपछि बच्चा बोकेर काम गरेँ । २०४८ सालमा अनेमसंघ केन्द्रीय कमिटी सदस्य निर्वाचित भएदेखि निरन्तर काम गर्ने क्रममा सचिव हुँदै अहिले उपाध्यक्ष भएकी छु । पार्टीको जिल्ला कमिटी सदस्य, उपसचिव, अञ्चल कमिटी सदस्य, राष्ट्रिय परिषद सदस्य, प्रदेश कमिटी सदस्य हुँदै अहिले केन्द्रिय सदस्य बनेकी छु ।

हाम्रा दुईजना छोराहरू छन् । हालको बसोबास झापा जिल्ला कमल गाविस वार्ड नं. ३ मा पर्दछ । सांगठानिक जीवनको शुरुवात अध्ययन दलबाट भएको थियो । संसदीय फाँट २०५४ साल स्थानीय निकायको निर्वाचनमा जिल्ला विकास समितिको परिषद सदस्य भएँ । २०६४ मा झापा क्षेत्र नं. २ बाट संविधान सभाको उम्मेदार भएको थिएँ । तर, सफलता मिलेन । २०७४ मा कमल गाउँपालिकाको निर्वाचित अध्यक्ष भएर पाँच वर्षे कार्यकाल पूरा गरेँ ।

म जुन दिनदेखि संगठनमा संगठित भएर काम गर्न थालेँ, त्यसयता अहिलेसम्म संगठनविहीन हुन परेको छैन । आफ्नो पारिवारिक बाल-बच्चा रोगी-बिरामी हुँदा, अभाव हुँदा पनि कहिल्यै पछि हटिन । मेरो पार्टी छ, मेरो निम्ति होइन देश र जनाताको निम्ति मैले कसम खाएकी छु भन्दै सबै कुराको बेवास्ता गरेर हिड्दै

आएको छु। बच्चा बिरामी हुँदा उपचार गर्ने पैसा नहुँदा आफ्नो गहना बेचेर, घरमा दाल, सब्जी किन्ने पैसा नहुँदा तिहुन र भात खाएँ, तर पार्टी संगठनको काम हामी श्रीमान/श्रीमतीले एक/एक वटा बच्चा च्यापेर हिँडिरह्यौं । क. विद्या भण्डारी हाम्रो घरमा आउँदा समस्या देखेपछि एकजनाले मात्र राजनीति गर्नु र एकजनाले घर सम्हाल्नु भन्नुभयो । हामीले सल्लाह गऱ्यौं । मैले निरन्तर काम गरिरहें । चन्द्र कमरेडले बच्चा र घर हेर्नुभयो । श्रीमानले राजनीतिमा सहयोग नगरेको भए आज म यहाँसम्म आइपुग्ने थिइन ।

२०४६ सालको आन्दोलन हुँदै २०६२/६३ को आन्दोलनमा पुग्दा पार्टीमा धेरै नेता कार्यकर्ता भएका छन् । २०४६ सालपछिका कार्यकर्ताहरूले पुराना पुस्ताले गरेको दुःख कष्ट बुझ्न जरुरी छ । पुराना कुरोले प्रेरणा दिन्छ । तर जन्मदै गणतन्त्र देख्ने राजनीतिक दल र नेताहरूले शासनसत्ता सञ्चालन गरेको देख्नेले अब हिजोका कुरा खोजी गर्ने, रोजगारी र जीवनसँग जोडिएको प्रगति र विकसित मुलुकसँग तुलना गर्न अब नयाँ कुरा दिनुपर्छ । हाम्रा कुरा श्रवणयोग्य लाग्दैनन् ।

हिजो हामी १४/१५ को वर्ष उमेरमा चिनियाँ चित्रकथा पढ्थ्यौं, जनवादी गीत, गीति नाटकबाट प्रभावित हुन्थ्यौं । पोखरामा वलत्कार हुँदा सिङ्गो देशमा आन्दोलन गर्थ्यौं । मेरो देशका शोषित, पीडित जनता मेरा भगवान हुन् भन्थ्यौं । म भोकै बस्छु, मेरो साथीले खान पाओस् । म नमिठो खान्छु, साथीलाई मिठो दिन्छु भन्ने कमरेडी भावना थियो । आज परिवेस फरक छ । अब सबैले वर्तमान अनुसार नै चल्न सक्नुपर्दो रहेछ ।

***



# ओहो जिन्दगीः मेनका पोखरेल*

कहिले कहाली लाग्दो, कहिले त्यही रमाइलो आफैँ आफैँसँग, संघर्ष जिन्दगीको पर्याय हो, कहिले आफैँ बाँच्नका लागि, कहिले बाँचेर केही गर्नका लागि।

म जन्मदा हाम्रो बालविधवा हजुरआमा, आमा र मृत्यु शैयामा छटपटाइरहेका बाबु अनि तीन दिदी र तीन दाजु भएको परिवार थियो। म जन्मेको केही दिनमै बाबुको निधन भयो। मलाई स्याहार गर्ने सुढेनी (थारु जातिकी वृद्ध महिला) उनैले मलाई जीवन दिइन्। आमालाई सुत्केरीमै क्रिया बस्नुपर्दाको असह्य पीडा अझ भनौँ ३३ वर्षमै लोग्ने गुमाउनुको पीडा सहनु परेको थियो। आमाको दुध मेरा लागि धेरै टाढाको कुरा भयो।

जन्मेको केही दिनमै मलाई झन्डै निमोनियाले सिध्याएको थियो। गाड्नलाई खाल्डो समेत खनिसकेका थिए रे। गाड्न लैजादै गर्दा कसो-कसो म चलमलाए र अनि फर्काएर लिएर आएका रे। यो कुरा हजुरआमा, आमा र सुडेनीले मलाई बारम्बार भन्नुहुन्थ्यो। बाबु बित्दाको दिन आउने मलामीहरू, आमालाई नुहाउन लैजाने महिलाहरू, बाबु मर्नुको साटो बरु यो मरेको भए हुन्थ्यो भन्थे रे। तर पनि म बाँचे। यी श्रृंखलाबद्ध परिवर्तनको साक्षी हुनु रहेछ।

त्यसैले जन्मदै समाजको कुसंस्कार र कुरीतिको शिकार भएको मान्छे म। दाजुहरूसँगै हुर्कें। दाजुहरूले पढेको सुनेर पढ्न सिकेँ। लेखेको देखेर लेख्न सिकेँ। दाजुहरूसँगै विद्यालय जान थालेँ। त्यतिबेला अमरकोशका श्लोकहरू पढ्न दिइन्थ्यो। म सबैभन्दा छिटो कण्ठ गरेर पाठ बुझाउँथेँ। त्यसैले हामीलाई पढाउने गुरुहरूको प्रिय विद्यार्थी बने।

### अनेरास्ववियुमा संगठित भएँ

२०२८ सालमा नयाँ शिक्षा लागू भएपछि हाम्रो पढाइ पनि रुपान्तरण भयो। मेरो

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो।*

बोलीमा प्रष्टता थिएन । अहिले पनि 'र' र 'ल' को उच्चारण बुझिने हुँदैन । साह्रै दुब्लो-पातलो भएकाले मलाई छिमेकी, आफन्त, दिदीहरू, दाजुहरू, भतिजा-भतिजीहरूले लुतरी भन्थे । काउ (कालु), सिउ (शिवु) भन्दै जिस्क्याउने गर्थे । म कहिल्यै प्रतिवाद गर्दिनथें । किनकि मेरा आमा र हजुरआमाले सहनशील बन्ने पाठ सिकाउनु भएको थियो । तर म मनमनै भन्थें, 'ईख नभएको मान्छे र विष नभएको सर्प काम लाग्दैन ।' त्यसैले मनमा ईख लिएर आफूले मेहनत गर्नुपर्छ र समाजमा स्थापित हुनुपर्छ भन्ने सोच बनाउँथें । आमा र हजुरआमालाई समाजले गरेको विभेद र असामान्य व्यवहार साथै हामीहरूलाई गर्ने व्यवहारले मलाई भित्रैदेखि विद्रोही बनाइरहेको थियो । त्यसैले २०३५/३६ सालको विद्यार्थी र किसान आन्दोलनले मलाई आकर्षित गऱ्यो । मेरो ठूलो दाजु देवीप्रसाद पोखरेल कम्युनिस्ट पार्टीको कार्यकर्ता भएकाले दाजुले ल्याएका पुस्तकहरू जस्तै 'वर्ग संघर्ष', 'मुक्ति मोर्चा', 'सन्देश' जस्ता पत्रिकाहरू लुकीलुकी पढ्न थालें र अनेरास्ववियुमा संगठित भएँ । विद्यार्थी आन्दोलनमा सरिक भएँ ।

## छात्रवृत्तिमा अवरोध

मैले त्यतिबेला मासिक ६० रुपैयाँ छात्रवृत्ति पाउँथे । आन्दोलनमा लागेको कारण स्पष्टीकरण सोधियो र केही समय छात्रवृत्ति रोकियो पनि । तर विद्यार्थी आन्दोलनसँगै पञ्चायत व्यवस्था विरुद्धको आन्दोलनको दबाबमा जनमत संग्रह गर्नुपर्ने परिस्थिति निर्माण हुन पुग्यो । मेरो पढाइ पनि कक्षामा उत्कृष्ट मात्र नभएर विद्यालयकै सर्वोत्कृष्ट हुने तहसम्म पुग्यो । छात्रवृत्ति फेरी निरन्तर भयो । जेहनदार विद्यार्थी भएकाले तत्कालीन प्रतिबन्धित पार्टीको रोजाइमा म पर्न गएँ र सांगठनिक काममा सक्रिय बन्दै गएँ । २०३८ मा अखिल नेपाल महिला संघमा पनि संगठित भएर विद्यार्थी र महिला दुबै संगठनको बिस्तारमा सक्रिय भएँ । २०४२ सालमा लक्ष्मी ज्ञवाली संगठन बिस्तार गर्ने उद्देश्य सहित गुल्मीबाट दाङ पढ्न आउनुभयो । त्यसपछि उहाँ र म दुबै जना भएर दाङ जिल्लाका सबै माध्यमिक विद्यालय, क्याम्पस र निम्न माध्यमिक विद्यालयसम्ममा संगठन निर्माण गऱ्यौं ।

## तीज मनाउँदा गिरफ्तार

हामी पञ्चायती निरङ्कुशताका विरुद्ध बेलझुण्डीको चौरमा जहाँ अहिले विश्वविद्यालयको भवन छ, त्यहाँ 'तीज गीती कार्यक्रम' गर्थ्यौं । त्यहाँ पानी

पनि नपिएर (निराहार) व्रत बसेका दिदीबहिनीहरूलाई पालैपालो ल्याएर सर्वत खान दिन्थ्यौँ र निरङ्कुशता विरुद्ध समाज रूपान्तरणका गीतहरू घन्काउँथ्यौँ ।हाम्रो सक्रियताका कारण २०४४ सालको तीजमा हामीलाई वारेन्ट जारी गरियो र दुबैजना गिरफ्तारीमा पर्‍यौँ । हामीलाई हाम्रा आफन्तहरूसँग समेत भेट गर्न दिइएन । पत्रपत्रिका, पुस्तक केही दिइएन । छ महिनापछि मात्र हामीलाई रिहा गरियो । लक्ष्मी ज्ञवाली आमाबुबालाई भेट्न गुल्मी जानुभयो । म अनेरास्ववियुको राष्ट्रिय सम्मेलन नजिकिएकाले त्यसको तयारीमा लागेँ । २५ दिनको बीचमा करिब ५० वटा विद्यार्थी भेला र तीन वटा महिला भेला सम्पन्न भए । विद्यार्थी भेलाका आयोजक सदस्य रत्न महर्जनलाई घरमा छोडेर पार्टीको सूचना पुर्‍याउन म तुल्सीपुर गएँ । जासुसहरू मेरो पिछा लागिरहेको थाहा भएपछि मुस्किलले छक्याएँ र पार्टीको पत्र सम्बन्धित सेल्टरमा पुर्‍याएर फर्किएँ । बसपार्क आउँदा सिभिल प्रहरीहरूको घेराबन्दीमा परेँ । अञ्चलाधीशले बोलाउनुभएको छ भनेपछि मैले पक्राउ पुर्जी मागेँ । उनीहरूसँग थिएन । म हिँड्दै थिएँ, यस्तैमा अनेरास्ववियुको कार्यकर्ता इन्दिरा पोखरेल आएपछि मैले आफूसँग भएको छलफल पत्रिका उनलाई जिम्मा लगाएँ । उनलाई समेत गिरफ्तार गर्ने परिस्थिति निर्माण भएपछि उनलाई जोगाउनकै लागि म उनीहरूसँग जान बाध्य भएँ ।

मलाई अञ्चलाधीश कार्यालय पुर्‍याइयो । तर अञ्चलाधीश आउँदै आएनन् । रात परेपछि मलाई घोराही कारागार चलान गरियो र पुनः शान्ति सुरक्षा खलल पुर्‍याएको भनी पुर्जी थमाइयो । पुनः उस्तै भेटघाट, पत्रपत्रिका सबै बन्दको स्थितिमा राखियो । म पक्राउ परेको तीन दिनपछि मसँगै एक दिन साथै हिँडेका कारण दिवाकर भण्डारीलाई पनि गिरफ्तार गरी घोराहीमै लगियो । त्यसैगरी टिकाराम खड्कालाई पनि गिरफ्तार गरी दुबै जनालाई नजरबन्द गरियो । उहाँहरू तीन महिनामा हिरासत मुक्त हुनुभयो । म भने पुनः छ महिनापछि मात्र रिहा भएँ ।

## वारेण्टपछि भूमिगत भएँ

२०४५ सालमा पूर्वाञ्चलमा गएको भुइँचालोमा परी पिण्डेश्वर क्याम्पसका विद्यार्थी घाइते भएका थिए । घाइते विद्यार्थीहरूको पुनः परीक्षाको व्यवस्था दाङमा गरिएकाले उहाँहरू परीक्षा दिन आउनुभएको थियो । मेरै सम्पर्कमा आएको र मसँग बोलेकै भरमा उहाँहरूलाई गिरफ्तार गरी दाङ जिल्ला कटाएर छोडियो । त्यसपछि मलाई

पुनः वारेन्ट जारी गरियो । खुला भएर अध्ययन र राजनीतिलाई अगाडि बढाउने परिस्थिति रहेन । मैले के गर्ने? भनेर पार्टीमा कुरा राखेपछि पार्टीको चौथो राष्ट्रिय महाधिवेशनको दस्तावेज अध्ययन सकिएपछि काठमाडौँ अध्ययन गर्न जाने र उतै राजनीतिमा संलग्न हुने कुरा भयो । त्यसैले छलफलपछि घरमा आएर काठमाडौँ स्नातकोत्तर अध्ययन गर्न जाने भनेर दस्तावेज अध्ययनका लागि सम्बन्धित सेल्टर घोराही उपमहानगरपालिका-७ बेसाही गएँ । त्यहाँ पार्टीका केन्द्रबाट वामदेव गौतम आउनुभएको थियो । उहाँले काठमाडौँ जाने अनुमति कसले दियो भनेर मलाई हप्काउनुभयो । मैले पार्टीमा कुरा राखेको त्यही भन्नुभयो र मैले तदनुरुप तयारी गरेको भनेपछि तुरुन्तै पार्टी जिल्ला कमिटीको बैठक बसेर मलाई दाङमै पूर्णकालीन भएर काम गर्ने निर्णय गरियो र दाङ जिल्ला कमिटीमा संगठित गरियो । त्यही दिनदेखि नै मेरो पूर्णकालीन भूमिगत यात्रा सुरु भयो र त्यसपछि २०४६ को जनआन्दोलन सफल नहुँदासम्म दाङ जिल्लामै भूमिगत रहेर समाज रूपान्तरण र प्रजातन्त्र प्राप्तिको आन्दोलनमा लागिरहेँ ।

पूर्णकालीन बनाउने निर्णय गर्दा जाँच दिन भने जान पाउनुपर्छ भन्ने मैले माग राखेकाले दुई दिनअघि परीक्षा दिन जान दिने निर्णय भयो । यसरी मेरो भूमिगत यात्रा सुरु भयो कमरेड वामदेव गौतमको रोहबरमा ।

**भूमिगत यात्राका केही यादगारहरू**

म दाङमै जन्मेको, दाङमै हुर्केको, दाङमै पढेको र दाङमै विद्यार्थी र महिला आन्दोलनमा सँगसँगै क्रियाशील भएको कारण पलपलमा जोखिम थियो । संघसंस्था, राजकाज लगायतका पक्राउ पुर्जी घरमा टाँसिएको थियो । त्यसैले मेरो सांगठनिक यात्रा रातभर क्रियाशील हुन्थ्यो र दिनभर सुरक्षित रहेर आधारभूत किसान, मूलतः थारु किसानको घरमा बस्ने गर्थें । भूमिगत जीवनमा मैले भोगेका कठिनाइ र अनुभूति एउटै लेखमा समेट्न सम्भव छैन । तर केही घटनाक्रमहरू अविस्मरणीय रहे । जसलाई यहाँ संक्षेपमा उल्लेख गरेको छु ।

**म त चुरेनी भएँ** : भूमिगतकालमा हामी प्रायः रात छिपिएपछि अर्थात् अब त मानिसहरू आ-आफ्नो घरभित्र पसे भन्ने भएपछि मात्र बसेको ठाउँबाट अर्को ठाउँमा जाने गर्थ्यौं । एक दिन कर्मटियाबाट मछाही आउँदै थिएँ । करिब रातको नौ बजे खेतको आलीबाट हिँड्दै गाउँको बाटो भेटेकी मात्र थिएँ, एउटा सानो बाबु

मलाई देखेर गुहार! गुहार! भन्दै चिच्याउन थाल्यो । मैले उसलाई चिनें र उसलाई चिनाउन नजिक हुन खोजें । ऊ झन् झन् चिच्याउन थाल्यो । त्यसपछि म अर्कैतिर मोडिएँ र उसको काकाको घरमा गएर सम्झाउन भनें । उसले त मलाई चुरेनी भन्ने ठानेर चिच्याएको रहेछ ।

**बोक्सी बनेको घटना?** : भूमिगतकालमा दिउँसो नुहाउने सम्भावना नै थिएन । नुहाउने, कपडा धुने काम रातमा मात्र गर्नु पर्थ्यो । म लहलौरा बस्दा गाउँको पानी पिउने र नुहाउने मूल भएको ठाउँ जसलाई जरुवा भनिन्छ, सबै गाउँले सुतिसकेपछि नुहाउन त्यहीँ जान्थेँ । नुहाउँदा पानीको छप्ल्याङ छुप्लुङ आवाज आउनु स्वाभाविक थियो । मधुरो बत्ती देखेर गाउँलेहरू राति बोक्सी आउँछे, बत्ती बाल्छे, नाच्छे भनेर गाउँभरि अफवाह फैलिएको थियो । तर रातको समय त्यही भएर पनि स्थानीयहरू त्यो ठाउँ जान हिम्मत गर्दैनथे । त्यही कारण मलाई भने सहज हुन्थ्यो ।

**पार्टीको गोपनियता जोगाउन** : प्रतिबन्धित पार्टी नेकपा (माले) को जिल्ला कमिटी बैठक हालको घोराही उपमहानगरपालिका वार्ड नं १७ पचुर्खा माझी मलाल चौधरीको घरमा बसिरहेका थियौँ । हामी बसेको ठाउँमा अप्रत्यासित रूपमा एकजना शङ्कास्पद मान्छेको प्रवेश भयो । अब के गर्ने भन्ने भयो । सेल्टरदाताको पनि सुरक्षा गर्नुपर्ने र पार्टीलाई ठूलो क्षतिबाट जोगाउनु पर्ने परिस्थितिमा एकजना कमरेड र म बिहा गरेर केटा र केटी भागेर आएको नाटक गर्दै पार्टीको सामान बोकेर दिउँसै त्यो ठाउँबाट हिड्यौँ र पार्टीलाई सङ्कटबाट जोगायौँ । यस्तै घटना जमेरा र बेसाहीमा पनि भएको थियो ।

**बच्चाहरूलाई तरबार देखाउनु पर्दा** : २०४५ सालको नाकाबन्दीको समय थियो । गाउँमा प्रहरीहरू ओहोरदोहोर गरिरहन्थे । म प्रायः थारु, दलित र भूमिहीन किसानहरूको घरमा बस्थेँ । उनीहरूको परिवारमा पेटभरि खाने अन्न हुँदैनथ्यो । ओड्ने ओछ्याउने कपडा त धेरै टाढाको कुरा, एउटै गुन्द्री अथवा टाँटमा परिवारसँगै सुत्थेँ । तर आत्मीयता बिर्सनै नसकिने हुन्थ्यो । रातभरि मुख्य सडकमा पर्चा छोड्न हिड्थ्यौँ । मैले एकनासका जितपुर गाउँका विद्यार्थीहरूलाई समेटेकी थिएँ । उनीहरूले दालचामल उठाएर बस्ने घरमा पुर्‍याउँथे । एकदिन त्यही गाउँको दुजराम सार्कीको घरको माथिल्लो तलामा बसेकी थिएँ । परिवारका सदस्यहरू तलै बस्नुहुन्थ्यो । दिउँसो परिवारका सदस्यहरू सबै काममा गएपछि घरमा म मात्र

एक्लै थिएँ। करिब चार वर्ष जतिको बच्चा केही खोज्न माथि उक्लियो। म खाना खाइरहेकी थिएँ। मलाई देखेर फरक्क फर्कियो र उसले आफू जस्तै गाउँभरिका बच्चा जम्मा गरेर बाहिर झ्यालबाट देखाउन थाल्यो। अब के गर्ने? म समस्यामा परेँ। कता कताबाट दुजरामले देख्नुभएछ र आएर तरबार देखाएर कसैलाई भन्यो भने यसैले काट्छु। कसैले नभन है भनेर भन्नुभयो र मलाई सुरक्षित स्थानमा लिएर जानुभयो। यो घटनाबाट बाल मानसिकता मैले राम्रोसँग बुझ्ने मौका पाएँ।

**गैजा गैजा कालापार गैजा** : आफू बस्ने सेल्टर विद्यार्थीहरूमार्फत म आफै बनाउँथेँ। यसै क्रममा एक दिन भागवत कालाथोकीको घरमा आश्रय लिन गएँ। पञ्चायती निरङ्कुशता धरपकड चलिरहेको समयमा आफ्नो छोराले माथि लुकेर बस्ने मान्छे घरमा ल्याउँदा राजनीति नबुझेको परिवारमा आक्रोश हुनु स्वाभाविक थियो। तर आमाले मलाई माया नै गर्नुभयो। खाना पनि मिठै खुवाउनुभयो। तर छोरासँग भने 'एक मेसै गैजा गैजा कालापार गैजा', त यहाँ बस्न पर्दैन भनेर रिसाउनु भयो। पछि कुरा बुझाएपछि छोराको साथी हो भनेर बिस्तारै सहयोग गर्नुभयो।

**आफ्नै आफन्तमा दुर्व्यवहार** : म प्रायः आफन्तकोमा सेल्टर लिदैनथेँ। तर एकपटक पार्टीका अधिकांश नेता कार्यकर्ताले विश्वास गरेको आफन्तको घरमा रातको समय नुहाई धुवाई गरेर जाँदा बाह्र बजेको थियो। महिला बिरामी पर्नु भएको रहेछ। पुरुषले ढोका खोल्नुभयो। एउटा सानो कोठा थियो। मसँग अर्को पुरुष कमरेड पनि साथै हुनुहुन्थ्यो। तर बिछ्याउन एउटा मात्र थियो। मलाई अर्को कोठा बोलाउनु हुन्छ कि भनेर आधा घण्टा जति पर्खें। तर पनि नआएपछि पुरुष साथीलाई त्यहीँ बस्न छाडेर म एक्लै खर्कटीको बाटो अर्को सेल्टर पुगेँ। शेषमणि पुनको घर जसको घर जति राति गए पनि म आफै ढोका खोल्थेँ र सहजै आश्रय पाउँथेँ। रातको दुई बजे त्यहीँ गएँ। दिनभरि मजदुरी गर्ने परिवार भएकाले राति मस्त निद्रामा भएकोले उहाँहरूले थाहा पाउनु भएन। म तलै बसिरहेँ। बिहान चार बजे लक्ष्मी पुनः बहिनी उठ्नुभयो र साह्रै दुःख मान्नुभयो। यसरी आफन्तमा अपमान र गरिबीमा सम्मान कहिल्यै नबिर्सने घटना बन्यो।

**बाघ अगाडि देखिएपछि** : बेलझुण्डीबाट केशर नेपालीसँगै नयाँ बस्ती हुँदै जितपुर जाँदै थिएँ। नयाँ बस्ती माथिको जंगलमा बाघ अगाडि देखियो। हामी अत्तालियौँ। तर तुरुन्तै सम्हालिएर मैले टर्चलाइट निकालेर सिधा हुनेगरी बालेँ। बाघ बाटो छाडेर

दौडियो। हामी अत्यन्त सतर्कता साथ सेल्टर पुग्न सक्यौँ। सायद होस गुमाएको भए, हाम्रो त्यहीँ अन्त्य हुन्थ्यो होला।

**भैलीलाई ढाँटेर भागेँ** : म राति एक्लै हिँडिरहेकी थिएँ। भैलो खेल्नेहरूले मलाई भेटेर केरकार गर्न थाले। मैले म जाने घरको छिमेकी मेरो मामाघर भएको बताएर आउँदा आउँदै रात पर्यो भनेर उम्कन खोजेँ। उनीहरू त त्यस घरका मानिसलाई बोलाउन थाले। त्यसपछि म उनीहरूलाई छक्काएर भागेँ। गाउँभरि हल्लाखल्ला भयो। तर म सचेतनापूर्वक अर्को गाउँको सेल्टर पुग्न सकेँ र गिरफ्तारीबाट बचेँ।

**अनेमसंघको प्रथम राष्ट्रिय सम्मेलन** : म काठमाडौँ जान दाङबाट बस चढ्ने स्थिति थिएन। त्यसैले मलाई कसैले नचिनुन् भनेर कि देउखुरी, कि नेपालगञ्ज गएर पश्चिमको बस चढ्थेँ। नेपालगञ्ज जानका लागि जङ्गलको बाटो पैदल हिँडेर गएकी थिएँ। त्यहीँ जासुस भेटिए। उनीहरू मेरो पिछा गर्न थाले। मैले निकै मेहनतका साथ छक्काएर करिब ६ किलोमिटर बाटो जङ्गल हिँडेपछि एउटा ट्रक भेटेँ र चढेँ। तर त्यो ट्रक बैरियामै रोकियो। जुन ट्रक ड्राइभरहरू बास बस्ने ठाउँ रहेछ। कसरी सुरक्षित हुने भनेर चिन्ता बढ्यो। एकजना सँगै पढेको साथीलाई सम्झिएँ। संयोग म बसेको होटलमै साथी खाना खाँदा रहेछन्। उनको सहयोगले त्यहाँ रहन सहज भयो। पछि एउटा बस नेपालगञ्जको लागि आयो र म त्यसैमा गएर रातको ११ बजे कोहलपुर ओर्लिएँ। वामदेव कमरेड त्यहीँ हुनुहुँदो रहेछ। मैले सबै घटना बताएपछि स्याबासी दिनुभयो र अर्को दिन नेपालगञ्ज गएर लक्ष्मी ज्ञवाली चढेकै बसबाट काठमाडौँ जानु भन्नुभयो। सिट थिएन। म क्याबिनमा बसेँ र बाटोमा कहीँ नओर्लिइकन काठमाडौँ आएँ। लक्ष्मीजी समेत काठमाडौँ आएपछि मात्र मसँग बोल्नुभयो। सम्मेलनमा सहभागी भयौँ। दुबैजना केन्द्रीय सदस्य निर्वाचित भएर फर्कियौँ।

## २०४६ को आन्दोलन : काठमाडौँमा गिरफ्तारी, दाङमा खुल्ला सम्बोधन

म स्नातकोत्तरको परीक्षा दिन काठमाडौँ गएकी थिएँ। त्यही समयमा आन्दोलन शुरु भयो। सबै आन्दोलनमा म सक्रिय सहभागी भएँ। झण्डा टाँस्ने, पुतला जलाउने, थाल ठटाउने, कालोपट्टी बाँध्ने जस्ता आन्दोलनहरूमा सरिक भएँ। अनि केन्द्रीय बैठक हेटौडामा हुने खबर भएकाले हेटौडा गएँ। तर बैठक स्थगित भएको रहेछ। फागुन ७ को आन्दोलनमा हेटौडामै रहेँ। फागुन २१ मा काठमाडौँ आएर पुनः

आन्दोलनमा सहभागी भएँ । चैत्र ३ गते त्रिचन्द्र क्याम्पसमा मुखमा कालोपट्टी बाँध्ने आन्दोलनमा सरिक हुँदा गिरफ्तारीमा परेँ । नाम ठेगाना सबै फरक बताएर जोगिएँ । चैत्र ७ गते नेपालगञ्ज हुँदै रातभर जङ्गलको बाटो हिँडेर दाङ आएर दाङमा आन्दोलनको तयारीमा लागेँ ।

यस्तैमा एक दिन रामपुर डिल्लीडाँगीको घरबाट पचुर्खा जगुलाल चौधरीको घर आउँदा कमरेड विजय (गोपाल शाक्य) को पत्र रहेछ । पत्रमा लेखिएको थियो '२५ गते संयुक्त सभा राखिएको छ । त्यसमा पार्टीको तर्फबाट तपाईले सम्बोधन गर्नुपर्नेछ । त्यसै अनुसार तयारी गर्नुहोला ।' म राति नै बेसही गएँ । बेसहीबाट अमराइ अनि शहीपुर हुँदै २४ गते राति जितपुर शेषमणि पुनको घर पुगेर बसेँ । फागुन २५ गते दिउँसो यज्ञराज बास्तोला मलाई लिन आउनुभयो । म बसेको ठाउँ टाँट मात्र थियो । देखेर छक्क पर्नुभयो । उहाँसँगै पेरनी गएर 'आन्दोलन अगाडि बढिरहेको छ, प्रजातन्त्रको यो आन्दोलन सफल हुन्छ, निरङ्कुश व्यवस्था घुँडा टेकेको हामी छिट्टै सुन्न पाउनेछौँ' भनेर पार्टीको तर्फबाट विचार राखेँ । तीन तीनवटा वारेन्ट जारी भएको र मेरा तर्फबाट माइला दाजु जनार्दन पोखरेललाई हप्तैपिच्छे तारेख धान्नु पर्ने परिवेशमा खुल्ला नामबाट सम्बोधन गर्नुले मेरो यात्रा अरु कष्टकर बन्न पुग्यो । तर संयोग चैत्र २६ गते राति प्रजातन्त्रको घोषणा भयो र पार्टीहरूमाथिको प्रतिबन्ध हट्यो । २७ गते विशाल जनसभा सम्पन्न भयो । तर भूमिगत भएकाले मैले गाउँबाट सयौँ सहभागीहरू घोराही पठाएँ । म भने २०४६ साल चैत्र ३१ गते मात्र पार्टीले खुल्ला हुने निर्णय गरेपछि राजबन्दीहरूलाई स्वागत गर्दै बालमितेरी माविमा भएको आमसभालाई सम्बोधन गरेर खुला राजनीतिमा प्रवेश गरेँ । कार्यक्रम सकेर पहिलो पटक आमा र हजुरआमालाई भेट्न घर आएँ । यसरी मेरो भूमिगत राजनीतिको यात्राबाट खुला र सहज यात्रा आरम्भ भयो ।

***



# धन र मन नै पार्टीमा समर्पितः राधा तिमल्सिना*

मेरो जन्म २०१६ भदौ २१ गते उदयपुरको कट्टर ब्राह्मण परिवारमा भएको थियो। त्यतिखेरको सामाजिक रुढिवादमा विश्वास गर्ने समाजमा पण्डितको काम गर्ने परिवार भएकोले छोरीको विवाह महिनावारी नहुँदै गर्दा धर्म प्राप्त हुन्छ भन्ने अन्ध विश्वासबाट ग्रस्त थियो। त्यसको परिणाम कक्षा सातमा अध्ययन गर्दै गर्दा परिवारले विवाह गर्ने तयारी गर्न थाल्यो। म त्यसमा सहमत थिइन। आफूले सकेजति र बुझे जति त्यसको विरोध गरेँ। तर परिवारले कसैलाई वचन दिइ सकेको र त्यो कुरा फेर्दा परिवारको इज्जतमाथि नै धक्का लाग्ने भन्दै विवाहको निर्णय परिवर्तन गर्न बुबा तयार हुनु भएन। मेरो विरोधले विवाह रोक्न सम्भव भएन। जति विरोध गरे पनि अन्ततः बिहे भयो। तर विवाह पछि पनि श्रीमानको घर जान नपर्ने, बरु जन्म घरमा नै अंश दिएर राख्ने र विद्यालय जान पनि नरोकिने कुरा गरेपछि म सहमत भएँ। २०३० सालमा विवाह भयो। विवाहमा घर्तिनीलाई दुलहीसँगै दुलाहाको घर पठाउने र भोलिपल्ट सँगै माइती आउने चलन अनुसार म पनि घर्तिनी दिदीसँगै फर्किएँ। त्यसपछि दुई वर्षसम्म घर जाने कुरा भएन।

मेरो विवाह हुनु अगाडि नै दाजु ऋषिराम तिमल्सेना वामपन्थी राजनीतिबाट प्रभावित भएर पार्टी सम्पर्कमा पुगि सक्नुभएको रहेछ। दाइमार्फत् बिस्तारै वामपन्थी राजनीति बुझ्ने र पार्टी सम्पर्कमा रहन थालेकी थिएँ। त्यतिबेला विजया घिमिरे मेरो घरमा भूमिगत बस्न आउनु हुन्थ्यो। यसले गर्दा पनि मलाई पार्टीको कुरा बुझ्न निकै सजिलो भएको थियो। विजया पार्टीको काममा भूमिगत भएर हिडेको देखेपछि मलाई पनि महिलाले पनि घर बाहिर बसेर काम गर्न सकिने रहेछ, पाइने रहेछ भन्ने लाग्यो र अलि आँट पनि बढ्दै गएको थियो। त्यतिखेर रौतहटमा तुल्सीलाल अमात्यको नेतृत्वमा किसान विद्रोह चलिरहेको थियो। मेरो पनि त्यहाँ जाने तयारी चल्दै थियो। बुबाले यो कुरा थाहा पाउनु भएछ।

---

** यो आलेखको संयोजन सम्झना पौडेलले गर्नुभएको हो।*

## आफू भूमिगत भए, गहना पार्टीमा बुझाएँ

विवाह गरेको दुई वर्षपछि सोलीमा कोसेली अनि डोलीमा मलाई राखेर दुलाहाको घर फर्काउने तयारी हुँदै गरेको मैले देखेँ। मलाई घरमा दाजु र आमाको भने पार्टीको काम गर्न सहयोग नै थियो। तर बुबा भने पण्डित भएकोले इज्जतको डरले बिहे भएकी छोरी घर फर्कन पर्छ भन्नेमा अडिग हुनुहुन्थ्यो। पहिले दाजु र आमाले बिहे गरेर एकपटक घर जा, सधैंभरि बस्नु पर्दैन। पढ्न राजनीति गर्न पाइन्छ भनेर फकाउनु भएको थियो। अनि सबै कुरा मानेकी थिएँ। तर कुरा त्यस्तो होइन रहेछ। बिहे भएपछि उतै भुल्छे भन्ने रहेछ। जसै मलाई घर पठाइने भयो। तर, म मानिन। डोलीमा राखेर बोकाएर मलाई पठाइयो। म बाटैबाट भाग्न खोजेको थिएँ, तर डोली बोक्ने र सँगै गएका बलिया मान्छेले समाएकाले म भाग्न सकिन। त्यसैले मध्यरातमा ज्यानको बाजी मारेर भागेँ।

रातिको १२ बजे घरका सबैजना सुतेका थिए, त्यही मौका पारेर म घरबाट भागेँ। मसँग निकै सुन चाँदीका गर गहना थिए। बिहेमा श्रीमानको घरबाट दिएको गरगहना भने खै कसको सर्ट थियो, पुरानो त्यो सर्टमा सबै पोको पारेर त्यहीँ छोडिदिए। बुबा आमाको तर्फबाट दिइएको सुन चाँदी पैसालाई एउटा कपडामा पोको पारेँ र आफूसँगै लिएर निस्केँ। त्यो रातभर कोशीको किनार किनार हिडेर आफैले तयार पारेको सेल्टर बोगे सार्कीको घर पुगेँ।

म पुगेको उदयपुरको सेल्टरमा कमरेड वेदप्रसाद र विजय पनि हुनुहुन्थ्यो। त्यो दिन गाउँमा गोरु लडेर मरेको रहेछ। मरेको गोरुको मासु सिनो सबैले खाए। तर, म पहिलेदेखि नै शाकाहारी भएकोले खाइन। मैले घरबाट बिहेको बेलामा बुबा आमाले दिएको सुन चाँदीको गहना र पैसा पोको पारेर ल्याएकी थिएँ। त्यो पोको विजया र वेदप्रसादलाई दिएँ। त्यतिखेर त्यस क्षेत्रको पार्टी इन्चार्ज मणिलाल राई हुनुहुन्थ्यो। म घरबाट भागेर सेल्टर पुगेको अर्को दिन मणिलाल राई लिन आउनुभयो। मैले दिएको गहनाको पोको विजया र वेदप्रसादले मणिलाल राइमार्फत् पार्टीलाई जिम्मा लगाउनुभयो। मणिलाल राईसँगै नजिकैको अर्को सेल्टर गोरेबहादुरको घरमा गएँ। म त्यहीँ दुई तीन महिना बसेँ र पार्टीको कामबारे थप कुरा बुझेर काम गर्न शुरु गरेँ।

## पार्टी कामकै सिलसिलामा गिरफ्तारी

यस क्रममा पार्टीले कहिले कता, कहिले कता पार्टीको काम जिम्मेवारी दिन्थ्यो । पार्टीको निर्देशन अनुसार जता भन्यो, त्यतै जाने र त्यसैमा लागि परेर काम गर्थें । केही समयपछि मेरो कार्यक्षेत्र उदयपुरको नेपालटार तोकियो । २०३२ सालदेखि भूमिगत भएर आफ्नो क्षेत्रको जिम्मा लिएर काम गरिरहेको अवस्थामा २०३४ भदौमा म गिरफ्तार भएँ । त्यसपछि कटारी उदयपुरको कष्टडी हुँदै मलाई राजबिराज जेलमा पुऱ्याइयो । राजकाज मुद्दामा जेल राखिएकी म अर्को वर्ष २०३५ साउनमा तारिखमा छुटेँ । त्यतिबेला सँगै जेल परेका मणिलाल, जया घिमिरे, विजया घिमिरेलाई अन्तैको जेलमा साऱ्यो भने म र वेदप्रसाद पोखरेललाई तारिखमा छोड्यो ।

तारिखमा छुटेपछि बुबा आमा भएको घरमा गएँ । उहाँहरू त छोरी बिहेपछि घर छोडेर हिडी भन्ने लगायतका विभिन्न लान्छना लागेपछि बेइज्जत भयो भनेर रौतहट बसाइ सर्नुभएको रहेछ । म पनि उहाँहरूलाई खोज्दै रौतहट पुगेँ । अब भने ओभर ग्राउण्ड भएर नै पार्टीमा काम गर्छु भन्ने लाग्यो । बिहे गर्नु पहिला सात कक्षा पढेको मैले अब पुनः पढाइ शुरु गर्छु भनेर ८ कक्षामा भर्ना हुने तयारी गर्न लागेँ । जया र ईश्वरीले आइए पास गरेर भूमिगत भएकोले उहाँहरूले नै मलाई जेलभित्र पनि पढाउन थाल्नुभएको थियो । रौतहटमा मेरो के के नमिलेर परीक्षा दिन मिलेन । २०३६/३७ मा कलैया गएर ८ कक्षाको परीक्षा दिएँ । मेरो पढाइले एसएलसीसम्म त्यहीँ निरन्तरता पायो । त्यहीँ नै पार्टीको सम्पर्कमा वीरबहादुर लामा, मुकुन्द न्यौपाने लगायतसँग भेट भएपछि आन्दोलनमा सहभागी हुँदै थिएँ । पार्टीको काममा लागिरहदा प्रशासनको निगरानीको कारण फेरि भूमिगत जानुपर्ने भयो । तर मलाई भने विभिन्न कारणले अब भूमिगत जान्न, तर पार्टीको काम भने गरिरहन्छु भन्ने लाग्यो ।

## विद्यालयमा पढाउन थालेँ

त्यसपछि वीरबहादुर लामाको सहयोगमा उहाँकै गाउँ फाखेलको स्कूलमा गएर पढाउन थालेँ । २०३९ सालसम्म त्यहाँ पढाएर बसेँ । त्यति नै बेला सानु कान्छा लामा, त्यहाँका प्रधानपञ्चलाई वामपन्थीलाई सहयोग गरेको भनेर प्रशासनका

मान्छेले कालो मोसो दले । त्यसपछि मलाई त्यहाँ बस्न मन लागेन र काठमाडौँमा सानीआमाको घर थियो, त्यहीँ आएँ । काम केही भएन । गलैंचा कारखानामा काम गर्ने श्रमिक साथीहरूलाई संगठीत गर्दै म पनि गलैंचा कारखानामा नै काम गर्न थालेँ ।

त्यही बेला २०३९ सालमा पार्टीमा राजनीतिक स्वतन्त्रता कि पार्टी स्वतन्त्रता भन्ने दुई धार देखा पऱ्यो । यही सन्दर्भमा सी.पी. मैनाली कारबाहिमा पर्नुभयो । सी.पी.को टिमको मान्छे भनेर मलाई पनि पार्टीको सम्पर्कबाट छुटाइयो । त्यसपछि म फेरि पहिले पढाएको वीरबहादुरको गाउँ फाखेल गएँ । त्यहाँ पनि पार्टीले सम्पर्क नगर्नु भनेकोले कोही पनि सम्पर्कमा आउनुभएन । अलि असहज लाग्यो । हिडेर नै पुनः काठमाडौँ आएँ । घरपरिवार, गरगहना र जीवनको किशोर समयदेखि लगानी गरेको पार्टी सम्पर्क र साथी सबै टुट्यो भन्ने लाग्यो । फाखेलदेखि काठमाडौँ पुग्दासम्म मेरो आँसु रोकिएन ।

## गलैचाको मास्टरसँग विवाह

अब भने म एक्लो भएँ । म अलपत्र परेँ । पार्टीको काममा दिनरात नभन्ने म आज गलैंचा बुन्नेमा सीमित भएँ । मैले आफैलाई असुरक्षित महसुस गर्न थालेँ । त्यति बेला गलैंचा बुन्नेमा शेर्पा समुदायका धेरै हुन्थे । त्यसैले सबैले मलाई बाहुनी भएर किन गलैंचा बुन्न आएको पनि भन्न थाले ।

धेरै सोचेँ अब यसरी हुन्न बिहे गर्नुपर्छ भन्ने निचोडमा पुगेँ । बिहे गर्दा जातभन्दा पनि आफूसँग विचार मिल्ने मान्छे खोज्नुपर्छ भनेर सोच्न थालेँ । यसैबीचमा गलैंचा नाप्ने एकजना मास्टरसँग भेट भयो र अन्तमा उही मास्टर खसबहादुर छेन्ताङसँग २०४१ सालमा बिहे गरेँ । दुई छोरा भए । हामीसँगै काम गर्दै परिवार चलाउँदै थियौँ । आफूले सकेको राजनीतिक काम पनि गर्दै थिएँ ।

२०४६ सालको आन्दोलन शुरु भयो । म पुनः दलहरूले गरेको आन्दोलनमा सहभागी भएँ । म सम्भावित गिरफ्तारीबाट छेलिदै निरन्तर आन्दोलनमा थिएँ । यतिबेलासम्म २०३९ सालमा छुटेको पार्टीसँग सम्पर्क भएको थिएन । पछि काम गर्दै जाँदा पार्टीले मलाई चिन्यो । जिम्मेबारी पनि दियो । निरन्तर पार्टी काममा लाग्दा मेरो घरमा झगडा पर्न थाल्यो । बच्चाहरू साना थिए । पार्टी भनेर हिड्दा भोलि केही भयो भने बच्चाको विजोग हुन्छ भन्ने थियो । आखिर २०४६ को आन्देलनको

सफलतासँगै काम गर्न सहज भयो । म पुनः ललितपुरमा महिला संगठनमा संगठीत भएर काम गर्न थालेँ ।

## पार्टी फेरेँ विचार कायम छ

२०५४ सालमा पार्टी विभाजन भयो । म फेरि नेकपा मालेतिर लागेँ । तर, चार वर्षपछि माले र एमाले बीच एकता भयो । सीपी मैनाली एकतामा गएनन् । म पनि सीपीसँगै रहेँ र सीपीको नेतृत्वमा बनेको नेकपा माले पार्टीको म केन्द्रीय सदस्य भएँ ।

२०६२।६३ को आन्दोलनको समयमा भने मेरो पनि सीपीसँग विमति रह्यो । हामी त्यतिबेला आन्दोलनमा थियौँ । आन्दोलनले उग्र रुप लिइरहेको थियो । त्यस्तो समयमा सीपीले राजतन्त्रको पक्षमा वकालत गर्नुभयो । हामीले राष्ट्रिय सम्मेलनको माग गर्‍यौँ । ऋषि कट्टेल लगाएत बहुमतले सीपीलाई कारबाही गर्ने तयारी भयो । तर त्यो बैठकमा सीपी आउनुभएन । तर पनि कारबाही भने भयो । ऋषि कट्टेल पार्टीको महासचिव हुनुभयो । तर, निर्वाचन आयोगले चिनिएको नेता भएकोले सीपीहरूलाई नै मान्यता दियो । त्यसपछि ऋषि कट्टेल नेतृत्वको हाम्रो पार्टी परी थापाहरूसँग एकता गरी नेकपा (एकीकृत) बन्यो । २०६४ को निर्वाचनमा भाग लियौँ । मतका आधामा दुईजना म र परी थापा संविधान सभामा प्रतिनिधित्व गर्ने भयौँ । त्यतिबेला म नेकपा (एकीकृत) को पोलिटब्यूरो सदस्य थिएँ ।

त्यही बीचमा अशोक राईले एमाले छोडेर अर्को संगठन बनाउनुभयो । अशोक राई मेरो मन पर्ने नेता । उहाँको सालिन स्वभावबाट म प्रभावित थिएँ । उहाँहरूले संघीय समाजवादी पार्टी बनाउनुभयो । म त्यसको उपमहासचिव भएर अशोक राईको पार्टीमा आएँ । दोस्रो संविधान सभामा अशोक राई लगाएत म पनि संविधान सभामा पुग्यौँ । पछि भने अशोक राइले जनअधिकार मधेशी फोरमसँग पार्टी एकता गर्नुभयो । पार्टीको नाम संघीय समाजवादी फोरम, नेपाल भयो । एकीकरण भएपछि नेताहरूको टोली ठूलो भयो । म आफै ब्याक भएर पोलिटब्यूरो सदस्य भएँ । समय क्रममा त्यो पार्टी पनि विभाजन भयो । अशोक राईको नेतृत्वमा संघीय समाजवादी फोरम बन्यो । अहिले पनि म अशोक राई कै पार्टीमा छु । हिजोका दिन सम्झन्छु । पार्टीमा आफूले दिएको समय र लगाएको श्रम सम्झेर अहिले पनि माया लाग्छ ।

हाल श्रीमान बितिसक्नु भयो। अहिले छोराहरू आफू गरिखाने भए। जेठो छोराको परिवार विदेश (लिस्वोन) मा छ। सानो छोरा सिन्धुलीमा नै सानो तिनो व्यवसाय गर्छ। आज भोलि म पनि कहिले सानो छोरासँगै सिन्धुलीतिरै बस्ने र त्यहीँबाट पार्टी काम गर्ने क्रममा समय बितिरहेको छ। राजनीति यस्तै रहेछ। नेताहरूको हानथाप र स्वार्थका कारण कार्यकर्ताहरू भकुण्डो जस्ता हुँदो रहेछन्, कहिले यता कहिले उता। तर पनि किशोर अवस्थामा बीजारोपण भएको विचार भने निरन्तर कायम छ। त्यही नै आफ्नो परिचय र पहिचान हो भन्ने लाग्ने गर्दछ।

***



# संघर्षशील जीवनका अनुभवहरू: लिला कट्टेल*

मेरो जन्म २०२१ साउन २० गते मेची अञ्चल इलाम जिल्लाको तत्कालीन जीतपुर गाउँ पञ्चायत वडा नं. ५ मा भएको थियो। आमा कौशिला कट्टेल र बुबा रामप्रसाद कट्टेलको सात सन्तानमध्ये कान्छी छोरीका रूपमा जन्मिएँ। जेठी दिदीको जन्मने बित्तिकै मृत्यु भएकोले हामी छ जना मात्र जीवित थियौँ। तीन दिदी, दुई दाजुको म बहिनी। सानोमा रोगी थिएँ। त्यतिखेर अस्पताल जाने ठाउँ नभएकोले आमाले धामी धमन्तरीलाई देखाउन डोकोमा बोकेर ५-६ घण्टाको बाटो दाजु र दिदीलाई साथी लिएर जानु हुन्थ्यो रे। बेला बेला थकाइ मार्न बसेको बेला म मरे कि जिउँदै छ भनेर मेरो छातीमा धागो राखेर हेर्दै धागो हल्लिएपछि जीउँदै छ भन्ने निक्यौंल गर्नु हुन्थ्यो रे। म यसरी संजोगले बाँचेकी मान्छे हुँ।

हजुरबुबा वैदार हुनु भएकोले सबैले वैदारको परिवार भन्थे। आर्थिक रूपमा हाम्रो परिवार खान लाउन पुग्ने मध्यम वर्गीय थियो। हामी २०२८ साल माघमा बसाइँ सरेर झापाको खुदुनाबारीमा बसोबास गर्न थाल्यौँ। अरु छोराछोरी पढाउन सकिएन यो कान्छी छोरीलाई चाहिँ धेरै पढाउनु पर्‍यो भनेर बुबाले पहाडमै हुँदा नेपाली र अंग्रेजीका सावा अक्षर गाउँमै गाउँलेहरू मिलेर एकजना शिक्षक राखेर सिक्ने वातावरण मिलाउनु भएको थियो। मधेश झरेपछि खुदुनाबारीको जनता निम्न माध्यामिक विद्यालयमा दुई कक्षामा भर्ना भई औपचारिक शिक्षा शुरु गरेँ। सानैदेखि लगनशील, मेहनती र अनुशासनमा ध्यान दिने साथै गीत कविता, नृत्य, खेलकूदमा रुचि भएकोले पढाइमा हरेक वर्ष कक्षा प्रथम र अतिरिक्त क्रियाकलापमा पुरस्कृत हुन्थेँ। त्यसले मलाई अझ हौसला मिल्थ्यो। २०३७ सालमा शनिश्चरे माध्यमिक विद्यालयबाट एसएलसी पास गरी झापाको दमक क्याम्पसमा अध्ययन शुरु गरेँ। म खासमा बैंकर हुन्छु भन्ने उद्देश्यले पढ्न आएकी थिएँ।

---

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो।*

## राजनीतिक यात्रा

२०३६ सालबाट शनिश्चरे माविमा स्ववियूको निर्वाचन भयो। त्यतिखेर नेविसंघले धम्कीको भरमा जबरजस्ती भोट खसाल्न लगाएपछि म विद्रोही भएँ र अनेर ास्ववियूलाई साथ र समर्थन गर्न थालेँ। सानै उमेरदेखि दुई वटा घटनाले कौतुहल जन्मिएको कारण राजनीतिमा चासो बढेको जस्तो लाग्छ। पहिलो, म आठ/नौ वर्षको उमेरको थिएँ। गाउँका एकजनाको सन्तान भएनन् भनेर ६० वर्षको बुढो मानिससँग सौता माथि ११ वर्षकी बालिकाको विवाह गराइदिए। ती बालिका दुःख सहन नसकेर भागेर माइती आउँदा आमालाई छोरी बिगारेको आरोप लगाएर बुबाले हल्लुड भिजाएर मरणासन्न हुने गरी कुटेर आफ्नो इज्जतको नाममा छोरीलाई त्यही बूढो मानिसकोमा पुऱ्याइ दिने गरेको पटक पटकको घटनाले मेरो कलिलो मस्तिष्कमा नराम्रो र नमेटिने छाप परेको थियो। जसको कारण समाजमा भएका कुसंस्कार, रुढीवादी चिन्तन, हिंसा कसरी अन्त्य हुन्छ होला ? यस्तो अन्याय कसरी हटाउने होला भन्ने लाग्थ्यो। दोस्रो, समाजमा धनी मानिसले गरिबलाई हेप्ने र काममा लगाएर पारिश्रमिक पनि नदिएर हप्काउँदै पठाउँथे। तर, गरिबका कतिपय छोरीचेलीलाई उनीहरूले जबरजस्ती गरेको सुन्दा मलाई एकदम मन दुख्थ्यो।

२०२९ सालको झापा विद्रोहमा गिरफ्तार परेका व्यक्तिहरूको सुखानीमा हत्या हुँदा म कक्षा तीनमा अध्ययन गर्थें। खुदुनाबारीको हाम्रो स्कूलकै छेउको बाटो हुँदै इलाम जाने आउने हुन्थ्यो। त्यसबेला बाटोमा सरकारी गाडी मात्र गुड्ने गर्थे। अन्य मानिसहरू हिडेरै आउजाउ गर्नुपर्थ्यो। त्यस दिन चार बजे छुट्टी भएपछि म र दुई जना साथी खड्किनी आमैको पसलमा रातो मिठाई किनेर खाने र घर जाने भनेर जाँदै गर्दा एउटा जीप आयो र खड्किनी आमैको दोकानमा टक्क रोकियो। हामी डरले पर गएर लुकेर हेऱ्यौं। गाडीबाट मानिसहरू र पुलिस पनि ओर्लेर केही समयमा इलामतर्फ लागे। हातमा चाँदीका जस्ता साङ्लोले बाँधेको देखेकोले अचम्म हुँदै घर गयौं। राति बुबा आमालाई उक्त घटना सुनाएँ। बुबाले चुप लाग। कसैलाई भन्नु हुँदैन। हामी सबैलाई पक्रिएर लान्छन् भन्नुभयो। अर्को दिन सुखानीमा टाउको कटुवालाई गोली हानेर मारेको रहेछ भन्नुभयो। म चुप लागैं। तर मनमा डर लागिरहेको थियो। हाम्रो घरबाट सुखानी नजिकै पर्छ। गाउँका छिमेकमा र हाम्रो घरमा पनि घाँस दाउरा र जंगलमा फलेका केरा, बाँस गोरु गाडामा हालेर ल्याउने

गरिन्थ्यो । शनिबार छुट्टिको दिन म पनि सँगै जाँन्थैं । त्यो घटनापछि त्यो ठाउँमा पुगेपछि ठूला मान्छेहरू टक्क अडिएर बिचरा तिनीहरूका श्रीमती विधुवा भइन् । छोराछोरी टुहुरा भए भनेर कुरा गरेको सुन्थैं । त्यस ठाउँमा पाँच जनाको गोली ठोकेर मारेको ठाउँको पाँच वटा रुखका बिरुवा देखाउँदै तिनै पाँच जना होलान् भन्दै नमिठो दुःख व्यक्त गर्नु हुन्थ्यो । पछि मात्र थाहा पाएँ ती पाँच जना मानिस झापा विद्रोहका योद्धाहरू रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, विरेन राजवंशी र नारायण श्रेष्ठ रहेछन् । उनीहरूलाई चन्द्रगढी कारागारबाट इलाम जेल सरुवा गर्ने बहानामा हत्या गरेको रहेछ ।

२०३६ सालमा शनिश्चरेको हाई स्कूलमा दश कक्षामा पढ्दै गर्दा साथीहरूले विर्तामोडमा बीपी कोइराला आउने अरे हेर्न जाऔँ भनी सल्लाह गरैं । सीके प्रसाईको घर नजिक बारीमा पाल टाँगेर कार्यक्रम स्थल बनाएको रहेछ । जनमत संग्रह हुन लागेकोले बहुदलको पक्षमा प्रचार गर्न आएका रहेछन् । बुबाले भेट गराउनु भयो । घाँटीको क्यान्सर भएको रहेछ । बिस्तारै आउने आवाजले भाषण गरे । अन्त्यमा हामीले बीपीसँग फोटो पनि खिच्यौँ । नेपालमा पत्रपत्रिका निकाल्न बन्देज भएकोले भारतबाट निस्किने दिनमान पत्रिकामा समाचार लेख्दा हाम्रो फोटो पनि आएको रहेछ । पहिलो पटक त्यस्तो ठूलो नेता भेटेको र पत्रिकामा फोटो पनि आएको देखेर म धेरै खुशी भएकी थिएँ ।

## प्रहरी दमन, वारेण्ट र बढ्दो सक्रियता

यी माथि उल्लेख गरिएका कुराहरूबाट मलाई राजनीति गर्नुपर्ने रहेछ भन्ने विचारको विकास हुँदै थियो । २०३७ सालमा कमर्स विषय पढाउने क्याम्पस दमकमा खुल्यो । त्यसै क्याम्पसको प्रथम ब्याजमा अध्ययन शुरु गरेको थिएँ । दमकमा तीन खाले विद्यार्थी संगठन सक्रिय थिए । अनेरास्ववियू, नेविसंघ र विद्यार्थी मण्डल । अनेरास्ववियूसँग विशेषतः विद्यार्थी मण्डलले झगडा गर्न आउँथे । त्यसैले हामीलाई दमन गर्न निरङ्कुश पञ्चायती व्यवस्थाका मतियारहरूले पुलिस प्रयोग गर्थे । हामी जति दमन हुन्छ त्यति संगठित र आन्दोलित हुन्थ्यौँ । पञ्चायत क्रूर व्यवस्थाका भरौटेहरूले हामी माथि (अनेरास्ववियू) दमन गर्न आउँथे । हामीसँगै अध्ययन गर्ने साथी शिव नेपाल लडाकु थिए । प्रहरीले उहाँमाथि आक्रमण गऱ्यो । त्यही समयमा प्रहरीलाई इटा टिपेर ड्याङ्की ड्याङ् हिर्कायौँ । खोर्सानीको धुलो पिसेर गोजीमा राखेको थिएँ । झिक्न

पाइएन । मलाई छुरी हानेको अभियोगमा वारेन्ट जारी गऱ्यो । यता क्याम्पसले पनि चार महिना शिव र मलाई रेष्टिकेट गऱ्यो । अब पार्टीले मलाई सुरक्षा गर्न जनताको बीचमा पठायो । चार महिनाको अवधिमा मैले जनताको बीचमा धेरै अनुभव बटुलेँ । मैले पनि जानेका कुरा सिकाएँ । म अलिक लडाकु स्वभावकी भएको र संगीतमा पनि रुचि राख्ने भएकोले जनताका माझमा प्रतिक्रियावादीसँग लडभिड गर्ने कुरा र जनवादी गीत सुनाएर संगठित हुन प्रेरित गर्थें । त्यसैले होला मलाई ज्यादै माया गरेर प्रहरीबाट जोगाएर राख्नुभयो । वारेन्ट फुकुवा भएपछि क्याम्पस जान थालेँ । यो मेरो भूमिगत जीवनको पहिलो र प्रेरणादायी अनुभव हो ।

अनेरास्ववियूको प्रारम्भिक कमिटीमा संगठित भएर काम गर्ने सन्दर्भमा साँस्कृतिक कार्यक्रमको आयोजना भइरहन्थ्यो । त्यो बेला पार्टी भूमिगत भएको कारण जनवर्गीय संगठनहरूले नै प्रतिक्रियावादीलाई झुक्याएर विभिन्न कार्यक्रम गर्नुपर्थ्यो, जस्तै वनभोज लगेर जनवादी गीत सुनाउने, भाषण गरेर संगठनको कुरा बुझाउने र आफ्नो अधिकार प्राप्त गर्न प्रेरित गर्ने गरिन्थ्यो । सबै आ-आफ्नो झण्डामुनि गोलबन्द भएर पञ्चायती व्यवस्थाको अन्त्य गर्न र सर्वहारा वर्गको नेतृत्व स्थापित गर्न प्रेरित गरिन्थ्यो । यस क्रममा धेरै पटक प्रहरीको लाठी खाएर घाइते भएको घटनाहरू छन् । एक दिन साँझ साँस्कृतिक कार्यक्रम गर्ने दौरानमा प्रहरी दमनमा भाग्दा तारमा अल्झिएर टाउको र हातमा चोट, शरीरभरि काँडाले घोचेर घाउ लाग्नुको साथै लुगा च्यातिँदा पनि भागेर प्रहरीबाट बाचेको घटना सदा याद हुन्छ । तर जति दमन हुन्छ त्यति जोस, आँट, हिम्मत भने जागेर आउँथ्यो । मर्न डर लाग्दैनथ्यो । अन्यायको विरुद्धमा जनतालाई न्याय दिन डटेर काम गर्ने ऊर्जा मिल्थ्यो । म धेरैजसो 'छाती छेड्ने गोलीले लक्ष्य मार्न सक्दैन, रंगिएको रगतले कृति मेट्न सक्दैन' भन्ने गीत गाउँन मन पराउँथे । यो गीत गाउँदा मेरो शरीरमा रगत उम्लेको अनुभूति हुन्थ्यो ।

२०४० साल तिर दमकस्थित इन्द्र बुढाथोकी दाइको घरमा कमरेड संजय थापा (प्रदिप नेपाल) लाई पहिलो पटक भेटेकी थिएँ । उहाँले गितार बजाएर गीत गाउँन सिकाउनु भएको थियो । कमरेड शोभा कुँवर, अष्टलक्ष्मी शाक्य, अमृत बोहोराहरूसँग भूमिगत अवस्थामा भेट भयो । त्यसपछिदेखि भूमिगत जीवनको बारेमा अझ बुझ्ने अवसर मिल्यो । कमरेड सविन (हरी कट्टेल) त आफ्नै दाइ भएको कारणले उहाँको भूमिगत जीवनबाट प्रभाव पर्ने नै भयो । २०४० माघ २६ गते अनेरास्ववियूको पाँचौँ झापा जिल्ला सम्मेलनबाट इन्द्र बुढाथोकी अध्यक्ष,

कृष्ण आचार्य उपाध्यक्ष, जीवन घिमिरे सचिव र म कोषाध्यक्षमा चयन भयौँ । त्यसपछि अझ कामलाई मजबुत पार्ने योजना अनुरुप अगाडि बढ्यौँ । त्यो बेला बुर्जुवा शिक्षाको काम छैन । अब जन विश्वविद्यालय जानुपर्छ भन्ने सोचको कारण खासै क्याम्पसको पढाइलाई ध्यान दिन छाडि सकेकी थिएँ ।

चिनियाँ चित्रकथाहरू अध्ययन गरिन्थ्यो । अन्तर्राष्ट्रिय जगतमा भएका वामपन्थी आन्दोलनका बारेमा लेखेका पुस्तकहरू, घटनाहरू अध्ययन गर्न थालियो । पार्टी भूमिगत भएको कारणले पर्चा, पम्प्लेटहरू, गोप्य रूपमा भारतमा छपाएर ल्याउनु पर्थ्यो । देशमा भएका घटना परिघटना भित्रभित्र सबै जनता समक्ष पुऱ्याउने गरिन्थ्यो । संगठनमा रहेर अपनाउनु पर्ने नियम, अनुशासन, गोपनीयता, आलोचना, आत्मालोचना प्रत्येक मिटिङका विषयवस्तु हुन्थे । कठोर स्कूलिङ्ग भएकाले अन्य संगठनका साथीहरू तपाईहरूको संगठनमा आउन त मन लाग्छ तर अनुशासन पालना गर्न सकिदैन भन्थे । शिक्षक आन्दोलनले पनि मलाई थप प्रभाव पारेको थियो । सुखानी हत्या काण्ड, इलाममा कमरेड रत्नकुमार बान्तवाको हत्या, धनकुटाको छिन्ताङ काण्ड आदि हाम्रा प्रेरणाका स्रोत बनेका थिए । आफू पढ्यो र जनतालाई पनि सुनाउने गरिन्थ्यो । २०३७ फागुन १७ गते अनेमसंघ पुनर्गठन भए पश्चात् शोभा कुँवर झापा जिल्लामा संगठकको रूपमा आउनुभयो । त्यसैबेलादेखि अनेमसंघमा आबद्ध भएर धेरै महिलाहरूलाई विभिन्न माध्यमद्वारा संगठीत गर्न प्रेरित गरियो । त्यसबेला कार्यकर्ता कम भएको कारणले झापा जिल्लामा एउटै व्यक्तिले ठूलो भूगोलको काम जिम्मा लिनु पर्थ्यो । त्यो बेलाका सहकर्मी साथीहरू पवित्रा निरौला, विष्णु खड्का, सीता सिलवाल, द्रौपदा दाहाल, सुमित्रा कडेरीया, धर्मकला पौडेलहरूलाई सम्झन्छु ।

## मार्च ८ को कार्यक्रमपछि गिरफ्तारी

२०४० फागुन २४ (८ मार्च) मा झापाको निश्चित ठाउँहरूमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको कार्यक्रम आयोजना गरिएको थियो । मेरो जिम्मा दमकको बाह्रघरे सिंहदेवी स्कूलमा थियो । सोही बमोजिम कार्यक्रम गर्दै गरेको बेला प्रहरी आक्रमण भयो । कुटपिट, धरपकड, लछारपछार पारी मरणासन्न हुने गरी कुटेर घाइते बनाउँदा पनि उम्किन सफल भइयो । दमकको ढुकुरपानीमा पनि त्यसरी आक्रमण गरेर साथीहरूलाई मरणासन्न अवस्था पारेछ । साँझ हाम्रो डेरा इन्द्र बुढाथोकीको घरमा विष्णु खड्का, इन्द्र बुढाथोकी, दिपक कार्की, पवित्रा निरौला, पदम बुढाथोकी र

मसहित ६ जना कार्यक्रमको समिक्षा गर्दै थियौँ । राति १० बजेतिर डिएसपीसहित प्रहरीको ठूलो जत्थाले घर घेरी सकेकोले हामी गिरफ्तार हुँदैछौँ भन्ने थाहा भयो । हतार हतार बैठकका निर्णय र चिठीपत्र च्यातेर चपायौँ । केही पानी जाने प्वाल भित्र छिरायौँ । जसले अन्य साथीहरूलाई बचाउन सकियो । हामी गिरफ्तार भयौँ । १८ दिन चन्द्रगढी हिरासतमा राखेपछि विष्णु खड्का र पदम बुढाथोकी दुई जना छुट्नुभयो । बाँकी चार जनालाई राजकाज मुद्दामा जेल चलान गरियो । जेल जीवनको मेरो पहिलो अनुभव थियो । भित्र त एउटा सानो संसारै रहेछ । तान बुन्ने, चिया दोकान गर्ने, मुढा बुन्ने आदि पेशा गरेर बन्दीहरूले केही पैसा कमाएर बाहिर परिवारमा पठाउँदा रहेछन् । वरिपरि ठूला ठूला पर्खाल । चारैतिर प्रहरीहरू सेन्ट्री बसेका । भित्र गोदाम जस्तो ढोका मात्र भएको सानो कोठा । पवित्राजी र म त्यसैभित्र पस्यौँ । त्यहाँ कोही चोरीमा र कोही जिउ मास्ने बेच्ने अभियोगमा परेका तीन जना महिला रहेछन् । कोठा सानो, मच्छर लाग्ने, फोहोर दुर्गन्धित कोठा थियो । भुइँमा लाइन लागेर उनीहरूसँगै खुट्टा जोडेर सुत्नुपर्ने । बेलुका ७ बजे ढोका बन्द गरेपछि बिहान ७ बजेमात्र ताला खोलिन्थ्यो । यस्तो कठिनाई जति धेरै पऱ्यो, झन् हिम्मत आउँदो रहेछ । भित्र शौचालय नभएको कारणले राति दिसा पिसाब गर्न अति कठिनाई खेप्नु पर्थ्यो । एक दिन हाम्रो साथीहरूले सरसफाई, खाद्यान्न लगायत अन्य व्यवस्थापनको लागि राजबन्दीलाई गर्ने व्यवहार सम्मानीत र सभ्य हुनुपर्छ भनेर जेलरसँग कुरा गर्दा काठको चिरपटले सुतेकै ठाउँमा पिट्न थाले । हामी अर्कै ठाउँमा भएकोले र ताला लगाइएकोले भिड्न जान सकेनौँ ।

बाहिर के के हुँदैछ भन्ने खबर दिन आमाहरूले अनेक तरिका अपनाउनु हुन्थ्यो । ठूलो हड्डी बेस्सरी पकाएर भित्रको मासी निस्केको ठाउँमा प्लास्टिकले बाँधेको पत्र भित्र छिराएर थाहा नपाउने गरी ल्याइदिनु भएका घटना पनि धेरै छन् । म आमा बुबाकी धेरै माया पाएकी र पढाएर बैंकर बनाउने इच्छा राखेकी छोरी जेलमा यातनापूर्ण जीवन बिताएको थाहा पाएपछि आमा बुबा विछिप्त हुनुभयो । एकदिन भेट्न आउँदा बुबा धेरै रुनु भयो । मैले 'हामीले देश र जनताको हितको खातिर आवाज उठाउँदा फासिष्ट सरकारले गिरफ्तार गरेको हो । वीर छोराछोरी देशैभरि जन्मिदैछन् । साहस बोकेर घर फर्किन हामीलाई हिम्मत दिनोस् । घरमा आमा र सबैलाई पनि सम्झाउनु होला । फासिष्ट सरकारको अन्त्य गर्न जुटेका मात्र रहेछन् भनेर सन्देश लिएर जानु होला' भनेर सम्झाएपछि बुबा फर्किनुभयो । मैले यसरी

सम्झाएको सुनेर जेलर पनि डराएको थियो भनेर पछि जेलमा चामल बाँड्ने वैदार बा (रेग्मी) ले सुनाउनु हुन्थ्यो ।

**रिहाइपछि भूमिगत**

नौ महिनाको जेल जीवनपछि २०४१ मंसिरमा रिहा भएँ । त्यतिखेरसम्म मैले मेरो जीवन पार्टी काममा नै लगाउने अठोट गरेकी थिएँ । बाहिर आएपछि पार्टीले मलाई भूमिगत पठाउने निर्णय गऱ्यो । त्यसपछि एक रात आठ बजेतिर घरमा बिदा माग्न म एक्लै जाँदै गर्दा विरीङ खोला पारिपट्टि जंगलमा मानिस बोलेको आवाज सुनियो । बाटो ढुकेर कुनै फटाहा बसेको हुनसक्ने शङ्कामा एक घण्टासम्म लुकेर बस्दा पनि ती मानिसहरू त्यहीँ थिए । त्यसपछि बिस्तारै झाडीको बाटो हुँदै राति १० बजे घर पुगेँ र आमासँग बाटोमा भएको घटना सुनाउँदा त्यो त हुचिल कराएको रहेछ । अब भूमिगत भएर पार्टीको काम गर्छु भनेर कुरा गर्दा आमा र दिदी धेरै रुनु भयो । उहाँहरूलाई सम्झाएँ । बुबा पनि सँगै बसेर सुन्नुभयो । भूमिगत जाँदा जनताको छोरी भएर जान लागेको न्यायको पक्षमा बोल्दा, काम गर्दा भोलि जे पनि हुन सक्छ तर हिम्मतका साथ बस्नु होला भन्दै यो गीत गाउँर सुनाएँ ।

*नरोउ है आमा यो छोरी ढल्दा मृत्युलाई अँगाली*
*हाँस है आमा अरु वीर छोरीहरूलाई सँगाली*
*मर्नु र बाँच्नु जीवनको क्रम सधै नै चल्दछ,*
*वीरको मृत्यु र सामान्य मृत्युमा फरक पर्दछ ।*

आमा रोइरहनु भएको थियो । भोलिपल्ट बिहान उज्यालो नहुँदै प्यारी आमाको माया मुटुभरि सँगालेर म घरबाट हिडेँ । परसम्म हेर्दै हुनुहुन्थ्यो । अहिले मेरी प्यारी आमा र प्यारो बुबा दुबैजना यो धर्तीमा हुनुहुन्न ।

त्यसबेला व्यक्तिको सुरक्षा, अवस्था र पार्टीको आवश्यकताका आधारमा पार्टीले भूमिगत र अर्धभूमिगत कामको जिम्मा दिने गर्दथ्यो,। म सुरक्षा र आवश्यकता दुबै हिसाबले भूमिगत भएकी थिएँ । भूमिगत जीवनको शुरुवातीमा झापा जिल्लाको ५ नं. इलाका संगठक क. सविन (हरि कट्टेल) को मातहतमा मलाई दुधे गाउँ पञ्चायतको बैंकडाँडाको पश्चिम नहरचोकमा दधि खनालकोमा बसेर काम गर्ने जिम्मा दिइयो । म भरखरै विद्यार्थी राजनीतिबाट आएकोले अलि असहज हुन्छ कि

भनेर दधि सरको फुपूकी छोरी आसामबाट आएकी भनेर सविता (भूमिगत नाम) भनेर परिचित गराइयो। दधि सरको घरको परिवारको सदस्य भएर बस्न थालेपछि दिनभरि उहाँहरूसँगै धान काट्ने, पाटा काट्ने, धान रोप्ने, अथवा घरमा आइपरेका सबै काममा सरिक हुन्थेँ। पार्टीको स्कूलिङ नै त्यही थियो। दधि सर पार्टीको एक कर्मठ, बफादार, इमान्दार कार्यकर्ता र कुशल सेल्टरदाता पनि भएकोले मलाई पनि यसरी परिवारको सदस्य जसरी काम गर्न पाउँदा खुशी लागेको थियो। शिक्षण पेशामा रहनु भएका दधि सरको भूमिगत नाम सन्देश थियो। हामीले राति राति मात्र संगठन गर्ने बैठक बस्न भेला गर्नुपर्ने भएकोले राति पार्टीको काममा व्यस्त हुन्थ्यौं। एक सेल्टरबाट अर्को सेल्टरमा जाँदा प्रतिक्रियावादीहरू र पार्टी बाहिरका मानिसले शङ्का नगरुन् भनेर धेरै सतर्कता अपनाउनु पर्‍थ्यो।

बैठक बसेको बेला कोही अपरिचित व्यक्ति आउलान् वा छरछिमेकले आउजाउ गर्लान् भनेर चियो गर्न साङ्केतिक भाषा प्रयोग गरिन्थ्यो। यस कार्यमा बैठक घरको बुबा आमा र साना नानीहरूको महत्त्वपूर्ण भूमिका हुन्थ्यो। बास बस्ने सेल्टर थोरै हुने भएकोले टाढा-टाढा गएर बैठक सकेर पनि राति नै फर्किनु पर्ने हुँदा बाटोमा अपरिचित व्यक्ति, गुण्डा, फटाहा, प्रहरीकासाथै जनावरहरू, कुकुर, सर्पसँग पनि जोगिएर हिँड्नु पर्थ्यो। विष्णुमाया खनाल दिदीले जस्तोसुकै परिस्थितिमा पनि नेता कार्यकर्तालाई लुकाएर राख्ने, मिठो मिठो पकाएर खुवाउने, सुरक्षित साथ आवश्यक सामग्री जुटाइ दिने गर्नु हुन्थ्यो। धेरै माया गर्ने हुँदा धेरै पटक उहाँको साडी पनि लगाई दिएकी छु। अहिले पनि कहिलेकाहीँ भेट्न जाँदा रमाइलो हुन्छ। साना भाइ बहिनीहरूले मलाई सिस्टर भन्ने गर्नुहुन्थ्यो। अहिले पनि त्यही नै भन्नुहुन्छ।

दधि सर र विष्णु माया दिदीजस्तै शेखर चापागाई र भाउजू (नाम?), पदम कार्की र माइजु (नाम?), विष्णु घिमिरे, सीता नेपाल, देवी ओझा, ऋतुवर्ण कार्की र भाउजू (नाम?), खोद चापागाई, विष्णु गुरुआमा, घिमिरे ठूल्दाइ, माल्दाइ (नाम?), देवी रेग्मी, पोखराज (पुरा नाम), सुमित्रा (थर), कमल कार्की लगायत अरु धेरै सेल्टरदाता तथा कार्यकर्ता कमरेडलाई सम्मान गर्न चाहन्छु। सबै कमरेडको नाम उल्लेख गर्न नसकेकोमा क्षमा चाहन्छु। साथै दिवंगत हुनु भएका कमरेडहरू प्रति श्रद्धासुमन व्यक्त गर्दै अगाडि बढ्दैछु। इलाका नं. ५ मा रहदा धेरै वटा सेल्टर निर्माण गरियो। महिला दिदी बहिनीहरूलाई अनेमसंघमा गोलबद्ध गर्ने, संगठीत गर्ने साथै धेरैजसो जनवादी

गीत गाउँर आकर्षण गर्ने गरियो । त्यही इलाकाको सेल्टरमा बसेर प्रदिप नेपाल (संजय थापा) ले लेख्नु भएको 'सामन्ती दलाल पञ्चायती मार' भनेर चिनिएका खुइते कडरीया र लुते चापागाईको नामबाट लेखिएको लेख अध्ययन गराइन्थ्यो । सामन्ती, लुटाहा फटाहाको विरुद्धमा तिनीहरूको ज्यादती नैतिक चरित्रको विरोध गर्न आन्दोलित गर्ने र संगठित गर्ने गरिन्थ्यो । हाम्रो पार्टी सर्वहारा श्रमजीवी वर्गको नेतृत्व स्थापित गर्ने उद्देश्यका साथ हिडेकाले सर्वहारा वर्गका घरमा सेल्टर बनाउन सजिलो थियो । तर बस्न चाहिँ अप्ठ्यारो हुन्थ्यो । उहाँहरूको घरमा कोठा नहुने, सिरक डसना कम हुने भएकोले परिवारका सदस्य र भूमिगत बैठकमा भेला भएका सबै जना भुइँमा सुत्नु पर्थ्यो । तर, सबैमा अनुशासन र इमान्दारिता भएको कारण अप्ठेरो हुँदैन थियो । सौहार्दपूर्ण रूपमा दाजुभाइ दिदीबहीनी जस्तो व्यवहार हुन्थ्यो । अहिले त्यस्तो व्यवहारको खडेरी महसुस हुन्छ ।

पार्टीलाई लेबी जम्मा गर्ने तरिका विविध थिए । आ-आफ्नो घरमा कुखुरा पालेर, बाख्रा पालेर, मुठी चामल जम्मा पारेर भूमेपाथी दिएको धान बेचेर, धान सिला खोजेर, देउसी खेलेर, दशैंमा टीका लगाएको पैसा जम्मा गरेर पार्टी संगठनको कोषमा जम्मा गरिन्थ्यो । कार्यक्रम गर्दा सबैले घरबाट नून, तेल, चामल, तरकारी, मसला, थाल, बटुका जम्मा पारेर जनताका घरभित्र आश्रय स्थलमा जम्मा भई ठूला ठूला भेला प्रशिक्षण सम्मेलन, अधिवेशन सम्पन्न गरिन्थ्यो । विशेषतः माइधारदेखि अलिक तल नहरको छेउको साथी ढुंगेलको घरमा ठूला ठूला भेला सम्पन्न हुन्थे ।

२०४२ सालमा विराटनगरमा वम पड्किएको कारण मूलबाटोहरूमा प्रहरीले खानतलासी गर्दै थिए । म पूर्व चारआली शेखर घिमिरेकोबाट पार्टीका सामग्री झोलामा बोकेर र हातमा मेरो आमाले पार्टीको लागि भनेर दिनु भएको कुखुराको चल्ला बोकेर माइको पुल मुनिबाट अगाडि बढेँ । माइको पुलमा पुलिस बसेका रहेछन् । म पुलमुनिबाट खोला तरेर पारी आँपटारी ऋतुवर्ण कार्कीको घर (सेल्टर) मा जान भनेर खोला तर्ने जमर्को गर्दै थिएँ । त्यो दिन असार ८ गते थियो । वर्षायाम भएकोले बाढी आएको रहेछ, तर्न पसेको मलाई खोलाले बगायो । धन्न धन्न कसो गरी छेउतिर पुगियो र बाँचे । हिजो आज संझिदा पनि सिरिंग हुन्छ त्यो घटना । आश्रयस्थल पुगेर कपडा फेरेँ । भाउजूले कपडा धोइदिनुभयो । त्यो पार्टीको चल्लो पनि त्यहीँ पाल्न दिएँ । सेल्टरदाता महिला कमरेडहरूले भूमिगत कमरेड पुरुष हुन् या महिला, सबैको लुगा धोइदिनु हुन्थ्यो । लुकेर बस्दा कोपरामा गरेको दिशा पिसाब समेत बाहिर लगेर

फाल्नुहुन्थ्यो। सेल्टरदाताहरूको पार्टीप्रतिको यस्तो सहयोग, समन्वय र योगदानको कारण पार्टी जोगिदै बिस्तार र विकास हुन सक्यो। त्यसैको परिणाम, आज नेकपा (एमाले) नेपालकै ठूलो दल बन्न सकेको छ। म उहाँहरू प्रति सदा आभारी छु र पार्टीले पनि उहाँहरूको त्यो योगदानको उच्च मूल्याङ्कन गर्न सक्नुपर्दछ। इलाका नं. ५ मा डेढ वर्षको कामको दौरानमा सेल्टर संख्या, संगठन संख्या वृद्धि हुनुको साथै कार्यक्षमता र वैचारिक स्पष्टताका क्षेत्रमा धेरै प्रगति भएको थियो।

डेढ वर्षपछि मेरो दोस्रो कार्यक्षेत्र माइ पारी इलाका नं. २ मा सरुवा भएको कुरा मेरो संगठक कमरेड सविनले जानकारी गराउनु भयो। त्यस कार्यक्षेत्रमा कमरेड हरि हुनुहुँदो रहेछ। अब मेरो कार्यशैली बदलियो। दिनभरि घरभित्र बस्ने र राति राति संगठनको काम गर्ने। यो कार्यक्षेत्र मेरा लागि कष्टकर थियो। धेरै जोगिनु पर्ने। आखिर संरक्षण त जहाँ पनि एउटै थियो। तर दिउँसोभरि कोठामा बस्ने भित्रै खाने भित्रै चुठ्ने, कोपरामा दिसा पिसाब गर्ने गर्दा कहिलेकाहीँ दिक्क पनि लाग्थ्यो। तर कमरेडली माया, सुरक्षा र सहयोग पाउँदा भने ऊर्जा मिल्थ्यो। साहस बढ्थ्यो। पहिलो कार्यक्षेत्रमा त्यसरी कडा नभएको हुँदा मलाई यहाँ बानी पार्न समय लागेको थियो।

## आश्रयदाताको माया र कमरेड्ली भावना

यस कार्यक्षेत्रका सेल्टरदाताहरू मित्र बस्नेत, इन्दिरा शिवाकोटी, कपिल चापागाई, पृथ्वी मैनाली, शोभा मैनाली, टीका घिमिरे, हरिचरण शिवाकोटी, भेषराज रेग्मी, वेदराज रेग्मी, सुब्बा कमरेड, कोषराज पौडेल, प्रजापती सापकोटा आदि हुनुहुन्थ्यो। मलाई पार्टीले जनताका बीचमा जाँदा गरिने व्यवहारको बारेमा प्रशिक्षण दिएको थियो। सोही बमोजिम अगाडि बढेँ। कम्युनिष्ट आचरण, गोपनीयता, आत्मीयता, सहयोग, धैर्यतालाई साथमा राखेर काममा लाग्ने अठोट गरेँ। जनताको बीचमा जाँदा उहाँहरूले जस्तो खानुहुन्छ, त्यस्तै खानुपर्ने, जस्तो ठाउँ उपलब्ध छ, त्यस्तै ठाउँमा सुत्नुपर्ने, काममा सरसहयोग गर्नुपर्ने, स्कुलिङबाट असल भूमिगत कमरेड भनी पहिचान बनाउने निर्देशन साथसाथै संगठन बनाउने प्रशिक्षण गर्ने, सम्झाउने बुझाउने योजना बनाई काम गर्ने, सेल्टर वृद्धि गर्ने र प्रतिक्रियावादीलाई परास्त गर्न जनतालाई गोलबद्ध गर्ने, जनचेतना फैलाउने मार्क्सवादी लेनिनवादी विचारको अध्ययन गराउने, देश विदेशका घटनाहरूको समाचार संप्रेषण गर्ने, जनवादी गीतबाट जनतालाई प्रभावित पार्ने काम गर्नु पर्थ्यो। हाम्रो त्यो बेलाको लक्ष्य प्राप्त गर्नु भनेको पञ्चायती व्यवस्थाको अन्त्य

गर्नु थियो । जनतालाई आन्दोलित बनाउनु थियो । यीनै कार्यक्रम साथ जनता सामु प्रस्तुत भइयो । सामन्तीले दुःख दिएका उदाहरण दिदै सर्वहारा वर्गको नेतृत्व गर्ने सुन्दर कल्पना गराइन्थ्यो ।

कुनै सेल्टरमा सुत्ने कपडा र कोठा पनि हुँदैन थियो । त्यस्तो ठाउँमा सबै एकै ठाउँ सुत्नुपर्ने हुन्थ्यो । प्रायःजसो केटाकेटी भएको ठाउँमा उनीहरूसँग सुत्न मनपराउँथैं । सबैले फुपू भन्ने गर्थे । पृथ्वीशोभा मैनाली कमरेडको कान्छा छोरा सुशील त सधै मसँग मात्र सुत्थ्यो । एउटा सेल्टर थियो, खाने कुरा पनि केही थिएन । ओढ्ने ओछ्याउने थाग्ना तुनेर बनाएका पातला थिए । गर्मीमा त ठिकै हो । जाडोमा दाउरा बालेर आगोको तातोमा रात कटाइन्थ्यो । बालबच्चा पनि धेरै भएकोले खाने पनि निक्कै समस्या थियो । एक दिन सेल्टरदाता कोही थिएनन् । हरि कमरेड (युक्त भेट्वाल) र म मात्र थियौं । अति भोक लाग्यो । खाने कुराको एउटा डल्लो प्याज र अलिकति नून भेटियो । काटेको प्याज र नून पानीमा उमाल्यौं र एक एक बटुको खाएर हिंड्यौं । सुरक्षाको कारण दिनमा काम सघाउन नसक्ने भएपछि राति राति धान काट्ने, बिटा बोक्ने, धान झार्ने काममा सघाउँथ्यो र काम सकेर भेला गरी पार्टीको कुरा गरेर बिदा हुन्थ्यौं । माले कालमा यसरी बनाएको पार्टीको बलियो जगका कारण नै आज नेकपा (एमाले) बलियोसँग अडिन सकेको छ ।

एक दिन सुब्बा कमरेडको घरमा खाना खानु भन्दा अगाडि जाँड दिनुभयो । जनताले दिएको नखाँदा उनीहरूको मन दुख्छ भनिएको थियो । खाना खानु भन्दा अगाडि खाएको जाँडले खाना पचाउँछ भन्नुभयो । जाँड खाएँ । वाक वाक आउला जस्तो भयो । तर, भन्न हुँदैन भनेर भनिन्थ्यो । जसोतसो रोकैं ।

जलथलको एउटा किसान साथीको झिँग्राको बेरा लगाएको घरमा बास बसेको बेला रातभरि पानी परेकोले बिहानी पख बार लडेछ । बारको छेउमा सुतेकी म लडेर खेतमा पुगेछु । पानीमा डुबेर आपत परेको थियो । अर्को एक दिन त्यही गाउँमा राति हिंड्दा पानीले भरिएको बाटोको खाल्टोमा परेर झण्डै ज्यान गएको थियो । बल्लतल्ल अतालिदै निस्किन सफल भएको थिएँ । अर्को दिन जलथलबाट चारकोसे झाडी पारी बनियानीमा बैठक थियो । विवेक कमरेड लिन आउनु भएकोले सँगै गयौं । मूलबाटोबाट असुरक्षित हुन्छ भनेर गल्ली गारेटोबाट गयौं । भोलिपल्ट फर्किदा केशव बस्नेत र म दुईजना थियौं । दुबैले जंगलको गोरेटो पत्ता लगाउन नसकेर जंगल घुम्दा

घुम्दै झण्डै हात्तीसँग जम्काभेट भएको थियो । अलिकतिको दुरीमा देखेपछि दौडेर भाग्न सफल भयौँ । बेलुका घाम अस्ताउने बेलामा बल्ल जलथल निस्किन सक्यौँ । त्यस दिन हात्तीसँग जम्काभेट भएको भए जिन्दगी त्यहीँ सकिने थियो । अहिले सम्झदा आङ सिरिङ्ग हुन्छ ।

कोषराज पौडेलको छोरीको विवाह थियो । रातिको विवाह हुने हुँदा कसैले याद गर्दैनन्, आउनोस् न भनेर बोलाउनु भयो । कमरेड हरि र म गयौँ । कहाँबाट मण्डलेहरूले थाहा पाएछन् । लाठी मुङ्ग्रीसहित आक्रमण गर्न थाले । अँधेरी रात भएको कारणले कसो कसो गरेर हामी भाग्यौँ । झटारोले खुट्टामा लागेर म पैनी मुनि खसेँ । झ्यासझुस भएकोले त्यहीँ लुकेँ । हामीलाई नदेखेर गुण्डाहरू दौडिदै गए । केही समयमा सुनसान भएपछि म निस्केँ र सङ्केत गरेँ । हरि कमरेड पनि अलिक परतिर लुक्नु भएको रहेछ । निस्कनु भयो । अँधेरी रातमा अलिक माथि सेल्टरमा पुगेर बस्यौँ । यस्ता घटनाले डर, त्रास भन्दा पनि आँट, हिम्मत बढाउन मद्दत मिल्दथ्यो हामीलाई ।

**पारिवारिक व्यवस्थापन**

२०४४ सालमा संयोजक पवित्रा निरौला र म सचिव रहेको पाँच सदस्यीय अखिल नेपाल महिला संघको जिल्ला सम्मेलन तयारी समिति गठन भयो । साढे दुई वर्षभन्दा बढीको भूमिगत कर्मको अन्त्य गर्दै २०४४ असारमा म खुल्ला भएँ । त्यसबेला क. दिपक कार्की दुई वर्ष जेलजीवन बिताएर घर फर्किनु भएको थियो । पार्टीले पञ्चायतको उपयोगको नीति बमोजिम दिपक कार्की गौरादह गाउँ पञ्चायतको उपप्रधानपञ्च हुनुभएको थियो । त्यही असारमा नै कमरेड दिपक कार्की र मेरो विवाह भयो । हाम्रो विवाह पश्चात् दिपक कार्की संसदीय मोर्चामा र म अर्धभूमिगत रूपमा अनेमसंघको झापा जिल्ला र पार्टीको इलाका नं. १६ मा रहेर काममा लागिरहेँ । २०४४ मंसीर २७ गते मेघालयबाट नेपालीलाई अन्यायपूर्वक लखेटिएकोले उनीहरूको गासबासको व्यवस्था राज्यले गर्नुपर्छ भनेर सुरुङ्गामा आमसभाको आयोजना गरिएको थियो । चारैतिरबाट प्रहरीले घेरी फाइरिङ गर्दा विद्यार्थी भाइ लक्ष्मी पाण्डेको हत्या भयो । त्यो अत्यन्त दुःखद घटना थियो ।

२०४६ फागुन ७ गते बिर्तामोडको हाल मुक्ति चोकमा पार्टीको झण्डा गाड्न भेला हुँदा प्रहरीको दमनबाट भाग्दा गर्भको बच्चा खेर जान्छ भन्ने डर लागेको थियो । तर केही भएन । हाम्रा अहिले तीन वटा छोरीहरू दीपिका, दिव्या र दीक्षा आ-आफ्नो पेशामा

गरिखान सक्ने भएका छन् । २०४६ सालमा बहुदल आएपछि घर परिवार सम्हाल्दै छोरीहरू हुर्काउने, पढाउने जिम्मेवारी आइपरे पनि पार्टीको सकेको कामको जिम्मेवारी लिएर निरन्तर नै लागियो । समय बित्दै जाँदा हामी दुबै जनाले कामको धेरै जिम्मा लिन नसक्ने अवस्था बन्दै गयो । दिपकजीले मूल रूपमा पार्टीमा समय दिने र म परिवार व्यवस्थापनका साथै स्थानीय रूपमा क्रियाशील रहने सल्लाह अनुसार झापाको इलाका नं. १६ को काममा संलग्न हुँदै आएँ । लोकतान्त्रिक गणतन्त्रको लागि भएको २०६२/६३ को आन्दोलनमा त्यही क्षेत्रबाट टाउकोमा कालो फेटा बाँधेर मैदानमा उत्रेका उल्लेख्य महिलाहरूको नेतृत्व गर्दै आन्दोलनमा महिला सहभागिता सशक्त ढंगबाट सरीक भएर सहयोग पुऱ्याएको इतिहास सम्झिन चाहन्छु ।

दिपक कमरेड २०४९ र २०५४ दुई कार्यकाल गाविस अध्यक्ष र २०६४ मा संविधान सभा सदस्य हुनुभयो । पार्टीमा जिल्ला, प्रदेश हुँदै हाल केन्द्रीय कमिटी सदस्य हुनुहुन्छ । पारिवारिक जिम्मेवारीका कारण मेरो राजनीतिक यात्राले धेरै सिढी चढ्न पाएन । नानीहरू हुर्किँदै गएपछि भने पार्टी जिल्ला र प्रदेश सदस्य हुँदै हाल अनेमसंघ केन्द्रीय सदस्य र पार्टीको केन्द्रीय अनुशासन आयोग सदस्य रहेको छु ।

हरेक व्यक्तिको आफ्नो स्वतन्त्रता हुन्छ र स्वाभिमान हुन्छ । त्यसैले राजनीतिक सामाजिक जीवनमा सकेसम्म जिम्मेवारी लिएर कुशलतापूर्वक बहन गर्नुपर्छ भन्दै शरीरले साथ दिउन्जेल पार्टीको काममा लागिरहने प्रतिबद्धतासहित पार्टीको एक कर्मठ र सहनशील भएर सकेको काम गरिरहेकी छु । छोरीलाई पढाएर बैंकर बनाउने सपना देख्ने मेरी आमाको २०५८ जेठमा र बुबाको २०६० सालमा देहावसान भयो । आमा, बुबा नभए पनि उहाँहरूलाई सम्झिँदा बेला बेला भावुक हुइँदो रहेछ । आज विगतको कुरा स्मरण गर्दैगर्दा, वर्तमानमा नेकपा (एमाले) को जग बसाउन भूमिगत कालका ती महान सेल्टरदाता, कार्यकर्ता, समर्थन गर्ने जनताको उच्च मूल्याङ्कन र सम्मान गर्दै पार्टीको इतिहासको पानामा अंकित हुनु पर्दछ । र, नयाँ पुस्ताका नेता कार्यकर्तालाई इतिहासको रूपमा अध्ययन गराउनुपर्दछ । त्यसो हुन सके मात्र पार्टीलाई अनुशासित, आचरणयुक्त र जनमैत्री बनाउन सकिन्छ । राजनीतिक काम र आर्थिक उपार्जनको लागि पेशा व्यवसायलाई एक अर्काका पुरकका रूपमा सन्तुलन कायम गर्दै हरेक नेता, कार्यकर्ता र नागरिक आत्मनिर्भरताको बाटोमा लाग्न सक्नुपर्दछ । त्यसले मात्र नागरिक स्वतन्त्रता, स्वाभिमान र आत्मसम्मान सहितको समाज निर्माण गर्न सकिन्छ ।

***

# स्विटर बुन्ने दिदीको संगतमा भूमिगत : लोचना अधिकारी*



बेगनास नगरपालिकामा आमा यशोदा अधिकारी र बुबा तोयानाथ अधिकारीको जेठो सन्तानको रूपमा २०२३ सालमा मेरो जन्म भएको हो। बुबा शिक्षक भएकोले विद्यालय जाने अवसर पनि सहजै मिल्यो। तर गाउँको विद्यालयमा सात कक्षासम्म मात्र पढाइ हुने भएकोले त्यसभन्दा माथिको पढाइका लागि बाहिर जानु पर्दथ्यो। त्यसका लागि पोखरा जाने भन्दै योजना बनाउँदै गर्दा त्यो वर्ष सम्भव भएन। एक वर्षको पढाइ त्यसै खेर गयो। त्यही बीचमा बुबाले 'नारी बन्धन र मुक्ति' नामको पुस्तक ल्याएर मलाई पढ्न दिनुभयो। आफ्नो परिवारको आर्थिक अवस्था राम्रै र लालनपालन ठिकै थियो। तर गाउँमा मेलापात जाँदा देखेको विभेदपूर्ण व्यवहारलाई नजिकबाट देखेकी थिएँ। उक्त पुस्तक पढ्दै जाँदा आफ्नै गाउँका तिनै महिलाहरूको जीवनकथा जस्तो लाग्दै गयो। उक्त पुस्तकबाट म एकदम प्रभावित हुँदै गएँ। समाज परिवर्तनको लागि राजनीतिक गतिविधिमा लाग्नु पर्दछ भन्ने सोच बनाउनका लागि यो पुस्तकको महत्त्वपूर्ण योगदान रह्यो।

## स्ववियुबाट शुरु भयो राजनीति

२०३७ सालमा पोखरा आएर आनन्दज्योति माध्यामिक विद्यालयमा भर्ना भएँ। त्यस समय विद्यालयमा पनि स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) गठन गर्न पाइने व्यवस्था थियो। त्यसै अनुसार विद्यालयमा स्ववियुको निर्वाचन भयो। म सचिव पदमा निर्वाचित भएँ। त्यही वर्ष २०३७ फागुन १७ गते भरतपोखरीमा गोविन्द पौडेलको घरमा शान्ता मानवीको संयोजकत्वमा अखिल नेपाल महिला संघ (अनेमसंघ) को पुनर्गठन भएको रहेछ। म अनेमसंघको बेगनास गाउँस्तरीय समितिको सदस्य भएँ। काम गर्दै जाँदा २०३९ साल पौषमा हाम्रै गाउँमा नेपाल राष्ट्रिय शिक्षक संगठन (नेराशिसंघ) को राष्ट्रिय भेला आयोजना गरियो। उक्त बैठकमा पूर्णशोभा चित्रकार एकजना मात्र महिला सहभागी हुनुहुन्थ्यो। व्यवस्थापन कार्यमा म पनि खटिएकी

---

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो।*

थिएँ । कार्यक्रमपछि उक्त भेलामा आएका बद्रिप्रसाद खतिवडा लगायत ६ जना सहभागीलाई आश्रयस्थलका लागि पोखरा लैजाने जिम्मेवारी मेरो थियो । राति पोखरा जाँदै गर्दा बाटोमा बत्ती बलेको देखियो । त्यसपछि आश्रयस्थल खुल्योकि के हो ? भन्ने लाग्यो । बद्रि सरले ठट्टा गर्दै 'जनताको मुक्तिका लागि भनेर लागेको आफै मुक्त होइन्छ कि के हो' भन्नुभयो । हामी सतर्क भयौँ । हिड्दै गर्दा बद्रि खतिवडा लडेर उहाँको खुट्टामा चोट लाग्यो । खुट्टा मऱ्याक मुरुक गरेर ठिक पार्दै उहाँ लगायत सबैलाई नडराइकन झाडीमा छेलिएर बस्न लगाएँ र म हेरेर आउँछु भनेर अगाडि बढेँ । एकजना सहभागी भीम सुवेदीले तपाई महिला मान्छे नजानोस् भन्नुभयो । महिला भएर के भयो ? तपाईहरू मेरो जिम्मामा हुनुहुन्छ भनेर म अगाडि बढेँ ।

## स्विटेर बुन्ने दिदीसँगै

त्यहाँ विरोधी नभएर राति मृग र बन कुखुराको शिकार गर्न आएका गाउँका मानिस रहेछन् । हामी झण्डै एक घण्टा झाडी मै बस्यौँ । उनीहरू काम सकेर आफ्नो बाटो लागे । त्यसपछि हामी पनि आफ्नो बाटो लाग्यौँ । र, उज्यालो हुनु पहिला नै आफ्नो गन्तव्य आश्रयस्थलमा पुग्यौँ । योजना अनुसार नै उहाँहरूलाई सुरक्षित राख्दै गन्तव्यतर्फ पठाएका थियौँ ।

२०३९ सालमा पार्टीको केन्द्रीय कमिटीको बैठक पनि हाम्रै गाउँ बेगनासमा आयोजना गरियो । उक्त बैठकको व्यवस्थापनको काममा पनि म संलग्न भएँ । त्यसको केही समयपछि अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (अखिल) को जिल्ला सम्मेलन त्यहीँ भयो । उक्त कार्यक्रममा सहभागी हुन गौरी प्रधान लगायत आउनुभएको थियो । कार्यक्रम स्थलमा प्रहरी हस्तक्षेप भयो । प्रमुख अतिथि प्रधानलाई लिएर म त्यहाँबाट सुरक्षित ठाउँतर्फ भागेँ । त्यसपछि मेरो नाममा वारेण्ट जारी भयो । म लुकेर बस्न थालेँ । त्यतिखेर भूमिगत रूपमा कसरी काम गर्ने ? जनताको बीचमा कसरी जाने ? जस्ता विषयमा वामदेव गौतम (हरिस), मिनराज पौडेल (लाल), गोमा देवकोटाहरूले हामीलाई प्रशिक्षण दिनुहुन्थ्यो । सिन्धुलीमा ऋषि देवकोटा आजादको हत्यापछि गोमा देवकोटा दुई जना साना नानीहरूसहित पोखरामा हुनुहुन्थ्यो । सानी छोरीलाई बेगनासस्थित सूर्य अधिकारीको घरमा राखेर आफू पार्टीको काम गर्दै हुनुहुन्थ्यो । हामी गोमा देवकोटालाई स्विटर

बुन्ने दिदी भन्ने गर्थ्यौं । उहाँलाई लिएर विभिन्न ठाउँमा सम्पर्क बिस्तार र संगठन निर्माणको लागि सँगसँगै हिड्न थालेका थियौँ । काम गर्न अप्ठेरो हुँदै गएपछि पार्टीको सल्लाहमा २०३९ पौषबाट म पनि भूमिगत भएँ ।

**चुनौतीपूर्ण भूमिगत जीवन**

भूमिगत हिड्ने निधो भएपछि कमरेड जीवराज आश्रित, बामदेव गौतम, त्रिलोचन ढकाल, शारदा सुवेदी (विनय) लगायतले जनताको बीचमा जाँदा गरिनुपर्ने व्यवहार र अपनाउनुपर्ने अनुशासनको बारेमा तीन दिनसम्म प्रशिक्षण दिनुभयो । त्यसपछि मेरा दिनहरू आफ्नो परिवारसँग नभएर आश्रयदाताको परिवारमा बित्न थाल्यो ।

भूमिगत काम गर्ने क्रममा कतिपय ठाउँमा फट्याइ गर्नेहरूसँग लाप्पा पनि खेल्नुपर्‍यो । एकपटक फुम्ने खोला गाउँमा किसानको बारीको केराउ चोरी भएछ । भोलिपल्ट लिलाधर पौडेलको घरबाट निस्केर रातिको समयमा अर्को गाउँ जान निस्केर हिड्दै गर्दा यीनीहरू नै हुन् केराउ चोर्ने भनेर हामीमाथि आरोप लगाइयो । हामीले होइन भन्दै म त अर्को गाउँ जान हिडेको मानिस भनेर झोलामा भएको पोको खोलेर त्यहाँ भएका सबै सामानहरू देखाएँ । स्टीच, सियो, धागो, प्राथमिक उपचारको सामान, किताब, खुकुरी सबै देखाउँदा पनि छाडेनन् । उल्टै आक्रमण गर्न खोजेपछि म पनि ढुंगा उचालेर ल आइज भनेर तयार भएँ । त्यसपछि उनीहरूले मलाई बाटो छाडिदिए । म आफ्नो गन्तव्यतर्फ अगाडि बढेँ ।

यसरी २०३९ देखि २०४४ सम्म काम गर्ने क्रममा सयौँ जनताको घरमा आश्रय लिइयो । त्यसमध्ये धेरै बस्ने गरेको अर्थात् दिगो रूपमा प्रयोग भएका आश्रयस्थलमा भरत पहारी, ईश्वर आचार्य, चूडामणि जंगली, खेमराज सुवेदी, भिम सुवेदी, इन्द्र सुवेदी, सीता गिरी लगायतका थिए । त्यतिखेर सीता सानी भरखर विद्यालय जाँदै हुनुहुन्थ्यो । उहाँको घरमा आश्रय लिदा उहाँलाई गृहकार्य गर्न पनि सघाउँथेँ । पछि २०४४ सालबाट उहाँ आफै पनि भूमिगत हुनुभयो । भरतपोखरीको यज्ञप्रसाद अधिकार, गणेश भण्डारी र गुरुप्रसाद आचार्य, लाचोकको माया गुरुङ, घुम्दीको लिलाधर आचार्य, केशव आचार्य, भुर्जुङखोलामा दुर्गा आचार्य, चुडा आचार्य र केही विश्वकर्माको परिवार नियमित आश्रयस्थल थियो । फेदीपाटनमा युवराज पौडेल, मनमोहन अधिकारी लगायतको परिवार सुरक्षित आश्रय थियो । मनमोहन अधिकारीको घरमा बस्दा एक दिन राति चोर आएर ढोका फुटायो । घरमा घरबेटी

महिला र साना नानीहरू मात्र थिए। त्यसैले म आफै घरमा भएको खुर्पा हातमा लिएर तँलाई यहीँ टुक्र्याइ दिउँ कि भाग्छस् भनेर निस्किएपछि चोर भागेको थियो।

**कामले दिएको परिणाम**

पार्टीले २०४३ सालमा भएको राष्ट्रिय पञ्चायत सदस्य (रापस) र २०४४ सालको स्थानीय निर्वाचनलाई उपयोग गर्ने नीति लिएको थियो। त्यसै अनुसार २०४३ सालको रापसमा देशभर खडा गरिएका जनपक्षीय उम्मेदवारमध्ये विजयी पाँच जनामा कास्कीबाट सोमनाथ प्यासी पनि हुनुभयो। अर्को साल भएको स्थानीय निर्वाचनमा देशभरिबाट जनपक्षीय उम्मेदवारका रूपमा दर्जनौ प्रधानपञ्च र उपप्रधानपञ्चहरू निर्वाचित भएका थिए। त्यसमध्ये कास्की जिल्लामा सात जना प्रधानपञ्च र तीन जना उपप्रधान पञ्च गरी दश जना विजयी भए। त्यसमध्ये पनि तीन वटा गाउँ पञ्चायतका प्रधानपञ्च र उपप्रधान पञ्च दुबै क्रमशः धिताल गाउँ पञ्चायतमा लालबहादुर पौडेल र प्रेमप्रसाद दवाडी, हेम्जामा जयप्रकाश बास्तोला र मोहनबहादुर कार्की र पुरनचौरमा तिलक बास्तोला र नीलकण्ठ बास्तोला निर्वाचित हुनुभएको थियो। प्रधानपञ्च मात्रै विजयी हुनेमा ल्यांगका राजेन्द्र गुरुङ, रिवानका लालबहादुर गुरुङसहित आठ जना मेरै कार्यक्षेत्रको हुनुहुन्थ्यो। त्यसबाहेक घाचोकमा आशबहादुर गुरुङ र लामाचौर गाउँ पञ्चायतमा नरेन्द्रबहादुर थापा पनि प्रधानपञ्चमा निर्वाचित हुनुभयो। यी सबै निर्वाचित प्रतिनिधिको परिवार हाम्रा भरपर्दा आश्रयदाता थिए। यी मध्ये पनि धिताल गाउँ पञ्चायतमा ४७ जना जनप्रतिनिधिमध्ये ४५ जना जनपक्षीय थिए। अर्थात यो सिंगो गाउँ नै वामपन्थीमय भएको थियो। गाउँ नै आश्रयस्थल थियो। त्यसैले यो ठाउँमा पार्टीको काम अन्यत्रभन्दा सुरक्षित रूपमा गर्न सकिन्थ्यो। त्यतिखेर भूमिगत अवस्थामा काम गर्न आधारभूत जनताको बीचमा बसिन्थ्यो। मासिक रूपमा पार्टी जिल्लाको मुख्यालयमा आएर कामको बारेमा जानकारी गराउने र योजना बनाएर कार्यक्षेत्र फर्कने हुँदा एक दिनको समय पनि खेर जाँदैन थियो।

पार्टी कामको नतिजा स्वरुप स्थानीय निर्वाचनमा जनपक्षीय उम्मेदवारले सफलता प्राप्त गरेपछि पञ्चायतका मानिस बेखुस हुनु र बदलाको भावना राख्नु स्वाभाविकै थियो। पुरुषप्रधान समाजमा कसैसँग कुनै कुराको पनि बदला लिने लक्षीत समुदाय महिलाको चरित्रमाथि आक्रमण गर्ने चलन अहिले त कायम छ। त्यतिखेर नहुने कुरै

भएन । पञ्चायतका गुण्डाहरूले त्यसै गरे । जवरजस्ती करणी जघन्य अपराध हुन गयो । २०४५ सालमा भुर्जुङखोलास्थित एकजना आश्रयदाता परिवारको छोरीमाथि सामूहिक वलत्कारको घटना भयो । त्यस समयमा म पनि त्यही क्षेत्रमा कार्यरत थिएँ । यो घटना सिंगो पार्टी पंक्तिकै लागि असाध्यै पीडादायी थियो । उक्त घटनाको विरुद्ध पार्टीले देशव्यापी रूपमा विरोध गऱ्यो । अपराधिमाथि कडा सजायको कानून बनाउन र पीडित पक्षलाई न्याय दिन राष्ट्रिय पञ्चायतमा जनपक्षीय सदस्य सोमनाथ प्यासी लगायतले न्यायको पक्षमा बुलन्द रूपमा आवाज उठाए ।

निर्वाचनमा मेरो कार्यक्षेत्रमा सबैभन्दा राम्रो नतिजा आउनु सुखद कुरा थियो । तर, आफ्नै आश्रयदाता परिवारको छोरीमाथि जवरजस्ती करणी जस्तो आपराधिक घटना हुन पुग्यो, यो असाध्यै पीडाको विषय बन्यो । त्यो घटना सम्झदा अहिले पनि दुःख लाग्छ ।

**पार्टी र नेतालाई माया गर्ने आश्रयदाता**

नेकपा (एमाले)लाई आजको अवस्थामा ल्याउन आश्रयदाताहरूको योगदान अतुलनीय थियो । आज आएर सोच्दा पनि लाग्छ, त्यतिखेर आश्रयदाताले पार्टी निर्माणमा लाग्ने भूमिगत कार्यकर्तालाई आफूले दुःख र चुनौती झेलेर सहयोग नगरेका भए पार्टी बनाउन सकिदैन थियो । त्यसैले नेपालको वाम आन्दोलनका लागि यदि कोही भगवान् छन् भनेर मान्ने हो भने तिनै आश्रयदाताहरू हुन् । जसको योगदानले पार्टी निर्माणको प्रक्रियामा जग बसाल्न सबैभन्दा बढी योगदान र भूमिका निर्वाह गऱ्यो । आफूले नखाएर पनि हामीलाई खुवाए । जोखिम मोलेर आवास दिए । सुरक्षा दिए । र, दुष्मनबाट जोगाए । ती दिनहरूमा बुइगलमा बैठक बसिरहदा तलबाट पहरा दिने र कोही आएमा जानकारी दिने तीन किसिमका घण्टीको व्यवस्था गरिन्थ्यो । एकपटक घण्टी बजे सानो स्वारमा कुरा गर्ने, दुई पटक घण्टी बजे साउती मात्र गर्ने र तीन घण्टी लागे कुरा रोकेर सतर्कता पूर्वक बस्ने । यस किसिमको भूमिकामा तिनै परिवारका सदस्य हुन्थे । साना नानीहरू समेत सुरक्षा कार्यमा सहभागी हुन्थे । बाहिरको सूचना ल्याउँथे । तर, भित्रको गोपनीयता कहिल्यै खोल्दैन थिए । उनीहरू त्यस रूपमा तालिम प्राप्त थिए ।

अनि आजको अवस्थामा पार्टीलाई पुऱ्याउने वा निर्माण गर्ने दरिला खम्बाहरू भनेका तिनै भूमिगत कार्यकर्ताहरू हुन्, जो बिना व्यक्तिगत स्वार्थ परिवार, पढाइ,

पेशा, अन्य अवसर सबै कुरा छाडेर क्रान्तिको सपना बोकेर भूमिगत भए । बिना प्रश्न परिवर्तनको लागि पार्टीले दिएको योजना अनुसार खुरुखुरु काममा लागे । तर, दुःखको कुरा आज शक्ति र सत्तामा पुगेपछि तिनै नेताहरूले हिजोको जग बिर्सन थाले । हिजोका पार्टी निर्माणका ती खम्बाहरू विस्मृतिमा गए । उनीहरूको अभिलेखसम्म उपलब्ध नहुनु चाहिँ साँच्चै दुःखको कुरा हो । कम्तीमा त्यो इतिहासलाई मात्र पनि सुरक्षित गरिदिन सकेको भए नयाँ पुस्ताले प्राप्त गरेको विरासतको निर्माणमा विगतको पुस्ताले लगानी गरेको श्रम र पसिनाको सुगन्ध अनुभूत त गर्न सक्थे । उनीहरूले जान्ने चाहना राख्दा इतिहासको बारेमा अनविज्ञ हुन पर्दैन थियो । चाहने हो भने समय अझै घर्की सकेको भने छैन ।

**केही रोचक र दुःखद घटना**

पुरुषप्रधान समाजमा महिला भएकै कारण व्यक्तिगत र पारिवारिक रूपमा थप समस्या व्यहोर्नु आम विषय नै हो । यस्ता कुरा भूमिगतकालमा पनि हुने नै भयो । म आफूले पनि भूमिगत काम गर्ने क्रममा त्यस्ता केही घटनाहरू व्यहोरेको थिएँ । एकपटक एउटा आश्रयस्थलको बुइगलमा म सुतेको मात्रै थिएँ । त्यस घरका पुरुष सदस्य भऱ्याङ चढेर माथि आउँदै गरेको देखेँ । त्यो देखेपछि तपाई किन आएको यहाँ ? भनेर म कराएँ । कराएपछि उनको श्रीमतीले पनि थाहा पाउनुभयो । उहाँ श्रीमानको पूरै विरुद्धमा जानसक्नु हुन्नथ्यो । त्यसैले माथि म भएकै ठाउँमा आएर परिस्थितिलाई सहज बनाउँदै भन्नुभयो, श्रीमानमा मानसिक समस्या छ । कहिलेकाहीँ यस्ता कुरा पत्तै पाउँदैनन् । त्यसैले तपाई अर्को घरमा गएर बस्दा नै सजिलो हुन्छ । त्यसपछि उहाँ आफैले मलाई राति नै अर्को आश्रयस्थलसम्म लगेर बस्ने व्यवस्था गरिदिनुभयो ।

भूमिगत कार्यकर्ताको रूपमा हामीले सबै संगठन र सबै जनसंगठनको काम गर्नुपर्दथ्यो । एकपटक शोभाकरजीको घरमा यस्तै भेला हुँदै थियो । केही पुरुष साथीहरूले त्यो महिलाको कार्यक्रममा के जानु भनेर आफू पनि आएनन् र अरुलाई पनि भड्काउने काम गरेछन् । मेरो भूमिगत नाम नमुना थियो । पछि केही मान्छेले मेरो कामको बारेमा प्रश्न गर्दै तीजमा आफ्नो रोस गीतबाट पोख्दै भनेछन् 'नमुना वस्छिन् कान्छाबाको आटीमा, हात मिलाउन आउँछन् केटा रातिरातिमा' भन्ने गीत बनाएर गाउँछन् । स्वाभाविकै रूपमा त्यो पार्टीको तर्फबाट आलोचनाको विषय

बन्यो नै । यस्ता केही घटना बाहेक पाँच वर्ष भूमिगत काम गर्दा कसैको नराम्रो नजर र व्यवहार भोग्नु परेन ।

२०४२ सालमा पार्टीको केन्द्रीय कमिटीको बैठकमा एउटा चर्चा भएको थियो । इमान विक्रम केसीको घरमा नौ दिनसम्म चलेको उक्त बैठकमा झलनाथ खनालको लवाइ खवाइ हेर्दा यस्तो मान्छे पनि कम्युनिष्ट पार्टीमा रहेछन् भनेर अचम्म लागेको थियो । माथि बैठक बसेको थियो । दिउँसो दिसापिसाब गर्न तल आउन नमिल्ने भएकोले माथिबाट पाइप राखेर घरपछाडि खाल्डोमा जम्मा हुने व्यवस्था गरिएको थियो । गाउँमा एउटा गुरुङ परिवारको खसी हराएछ । उनीहरू गाउँभरि खोज्दै त्यहीँ आइपुगेछन् । बैठक बसेको तल आइपुगेर त्यो खाल्डोमा जम्मा भएको फोहरलाई खसीको लादी भन्ठानेर कराउन थालेछन्, 'यी बाहुनहरूले खसी खाएर लादी यहाँ फालेछन्' भन्दै दिसापिसाबको खाल्डो परीक्षण गर्न थाले । माथि लुकेर कार्यक्रम गर्दै गरेका नेताहरू छन् । परिवारमा आपत पर्‍यो । बल्लतल्ल उनीहरूलाई सम्झाएर पठाएछन् । धेरै सोधीखोजी गरेको भए बरबादै हुने थियो । अहिले सम्झेर कुरा गर्दा रमाइला लाग्ने यस्ता घटना त्यतिखेर अब के हुन्छ भनेर समाधान नहुन्जेल थरथर हुने गरी डराउनु पर्ने अवस्था बन्थ्यो ।

## पारिवारिक जीवन

भूमिगत काम गर्दै जाने क्रममा मेरो विवाहको कुरा चल्न थाल्यो । पार्टीकै सुझाब र योजना अनुसार २०४५ भदौ १० गते धिताल गाउँको जनपक्षीय प्रधानपञ्च लालबहादुर पौडेलसँग अन्तर जातीय विवाह भयो । जहाँ कमरेडहरू जीवराज आश्रीत, त्रिलोचन ढकाल र मिनराज पौडेल लगायतको उपस्थिति थियो । विवाहको केही समयपछि भूमिगत अवस्थामा नै गर्भवती भएँ । भूमिगत जीवनमा दिनभरि घरभित्र बस्नुपर्ने र रातिको समयमा मात्र कार्यक्रम गर्ने र एक ठाउँबाट अर्को ठाउँ जानुपर्ने भएकोले घामसँग भेटघाट नै हुँदैन थियो । गर्भवती हुँदा इन्जेक्सन लगाउने अवस्था पनि थिएन । सामान्यतया हाम्रो आश्रयदाता श्रमजीवी वर्गको परिवार हुने हुँदा थप पौष्टिक आहारको व्यवस्था हुने कुरै भएन । पार्टीमा पनि गर्भवती भएको समयमा थप व्यवस्था गर्नुपर्छ भन्ने सोच थिएन । अलि गाह्रो हुन थालेपछि पार्टीमा मैले खुल्ला भएर काम गर्ने प्रस्ताव गरेँ । अनुमति दिनुको बदला पार्टीले आलोचना गर्‍यो । जनताकै घरमा बच्चा जन्माउनुपर्ने क्रान्तिकारी कुरा गर्दै त्यसको व्यवस्था

पार्टीले गर्छ भनियो । त्यतिखेर पार्टीबाट महिनाको खर्च बापत एक सय रुपैयाँ दिइन्थ्यो । त्यसको पनि एकएक हिसाब बुझाउनु पर्दथ्यो । एकपटक लेबी उठाएर पार्टीलाई बुझाउनु पर्ने पैसासहित १३९ रुपैयाँ खर्च भएछ । पछि आलोचना खानु परेको थियो ।

## घाम देख्न नपाउँदा बच्चामा असर

गर्भको बच्चा बढ्दै जाँदा गाह्रो हुँदै गयो । अन्ततः पार्टीको अनुमतिले २०४६ सालको शुरुमा खुल्ला भएर घरैमा गएर बस्न थालेँ । २०४६ जेठ २५ गते गण्डकी अस्पतालमा बच्चा जन्मियो । तर उसको व्यवहार सामान्य थिएन । समयसँगै ऊ सुस्त मनस्थितिको भएको थाहा भयो । उपचारको क्रममा विभिन्न डाक्टरलाई देखाउने क्रममा डाक्टर विश्वबन्धु शर्माकोमा पुगियो । उहाँले सोध्नुभयो, तपाई कहाँ बस्नुहुन्छ ? उहाँको प्रश्नले अचम्मीत बनायो । कुरा गर्दै जाँदा थाहा भयो, गर्भवती भएको अवस्थामा आमाले घाम देख्न नपाएको कारण त्यसको असर बच्चामा परेको रहेछ । गर्भवती आमाले घामबाट प्राप्त हुने तत्व नपाउँदा बच्चामा सुस्तमनस्थिति भएको रहेछ । जसको उपचार नहुने कुरा डाक्टरले बताएपछि दिक्क लाग्यो । जीवनमा सबैभन्दा बढी पीडा अनुभूति भयो । जेसुकै भए पनि सहनु र व्यहोर्नुको विकल्प थिएन । बच्चा छाडेर हिड्न सकिने कुरा भएन । त्यसपछि अब खुल्ला रूपमा नै सकेको काम गरेर परिवारमा नै बस्न थालियो । लालजी प्रधानपञ्चको रूपमा काम गर्दै हुनुहुन्थ्यो । २०४६ सालको आन्दोलनको तयारी हुँदै गर्दा पोखराको डेरा घेराउ भयो । माघ २० गते नै लालजी गिरफ्तार हुनुभयो । बच्चा बिरामी भएकोले प्रहरीले मलाई भने छाडेर गए । आज ३५ वर्षको जवान हुँदा पनि त्यो बाबुको हेरचाहमा आमा वा बाबुमध्ये एकजना सँगै रहनै पर्दछ । एक्लै छाड्न मिल्दैन ।

## पार्टी काम जनताप्रतिको उत्तादायित्व

पार्टीमा काम गर्दा योगदान गर्न भनेर लागेको हो । जे जस्तो भोगाइ भोगे पनि खासै गुनासो छैन । बहुदल आएपछि हाम्रो उपादेयता कम भएको छ । नयाँ नयाँ साथीहरू लागेका छन् । पार्टीले उचित ठानेर जे जिम्मा दिएको छ, त्यही ठिकै छ भनेर गरिदैछ । त्यसबाहेक जीवीकोपार्जनका लागि आफ्नो क्षमताले भ्याएको पेशा गरेर बसेकी छु । भूमिगत हुँदा मैले दिपा, विमला, रिता लगायत नामबाट काम गरेँ ।

अहिले पनि कतिपय साथीहरूले भूमिगत नामबाट नै बोलाउनु हुन्छ। चिन्नुहुन्छ। खुशी लाग्छ।

जेठो छोरा समिर अपांगतासहित जन्मिएपछि उसको हेरचाहमा नै समय र श्रम लगानी गर्दै परिवार पनि धान्न पर्दा शिक्षण पेशा थालेँ। पारिवारिक व्यवस्थापनमा गाह्रो भएकोले लालजी तीन वर्ष (२०४९ बाट २०५१ सम्म) जर्मनीमा वैदेशिक रोजगारका रूपमा काम गरेर फर्कनुभयो। त्यसपछि पोखरामा घडेरी किनेर घर बनाइयो। गाउँमा भएको भैँसी ल्याएर त्यही भैँसीको दुध बेचेर छोरी प्रतीक्षा र सुदीक्षा अनि छोरा सत्कारको शिक्षा दीक्षालाई अगाडि बढाउने काम भयो। भैँसी ल्याएपछि इन्धनको लागि गोबर ग्यासको व्यवस्था गरियो। त्यही गोबर ग्यासबाट निस्किएको मल हालेर आफ्नै करेसाबारीमा लगाएको तरकारीको उब्जनीले परिवारलाई भरथेग गरियो। २०५३ सालबाट सिविनले शुरु गरेको सडक बालबालिकालाई पढाउने सहारा आधारभूत विद्यालयमा प्रधानाध्यापकको रूपमा काम गर्न थालेँ। झण्डै २५० जनाजति विद्यार्थीसहित ८ कक्षासम्मको पढाइ हुन्छ। शिक्षण पेशामा लागेकोले पेशागत क्षेत्रको जिम्मेवारी बुद्धिजीवी परिषद, पेशागत महासंघ, नेराशिसंघ लगायतमा संगठित भएर काम गर्नै पर्‍यो। छोरा र घरको जम्मेवारी लालजीले बढी लिनुभएकोले बाहिरको जिम्मेवारी निर्वाह गर्न मलाई अलि सहज थियो। छोरा मानसिक अपांगता भएकोले अपांगता महासंघमा पनि संलग्न हुन थालेँ। यी सबै कारणले घरको सफाइ र करेसाबारीको काम समेत उज्यालोमा कमै गर्न पाइन्छ। कपडा धुने र नुहाइधुवाइ गर्ने मात्र होइन, कतिपय बेलामा सागपात रोप्ने काम समेत बत्ती बालेर राति गरिन्छ।

भूमिगत जीवनको अन्त्यसँगै शिक्षण पेशामा लाग्दै गर्दा आइएसम्मको पढाइ सकेको थिएँ। संगठनको काम गर्ने क्रममा २०६४ सालमा एक दिन बुद्धिजीवी परिषदका साथीहरूलाई जनताको बहुदलीय जनवाद (जबज) को बारेमा प्रशिक्षण दिएर मञ्चबाट झर्दै थिएँ। एकजनाले यी महिलाले कति पढेकी छिन् ? भनेको सुनेँ। त्यो टिप्पणी सुनेपछि खुल्ला परिवेशमा आएपछि बुर्जुवा प्रमाणपत्र पनि चाहिदो रहेछ भन्ने लाग्यो। भैँसी पाल्न लगाउने समय पढाइमा लगाउने विचार गरेर २०५३ देखि पाल्दै आएको भैँसी बेचिदिएँ र स्नातक तहमा भर्ना भएँ। त्यसपछि नेपाली विषयमा स्नातकोत्तर गरेँ। अहिले कानूनमा स्नातकको अन्तिम परीक्षा दिदैछु। छोराछोरी छात्रवृत्तिमा नाम निकालेर अध्ययनको लागि विदेश गए। अहिले उतै काम गर्दैछन्।

प्रतीक्षा डेनमार्कमा माइक्रो बायोलजी पढेर उतै काम गर्दैछिन् । सुदीक्षा र सत्कार अष्ट्रेलियामा छन् । हामीसँग डाक्टरको भनाइ अनुसार गर्भवती अवस्थामा घामको झुल्को देख्न नपाएको कारण अपांग भएको जेठो छोरा समिर छ ।

## अन्तरजातीय विवाह र परिवारसँगको सम्बन्ध

श्रीमान (लालजी)को परिवारसँगको सम्बन्ध राम्रै रहदै आयो । तर मेरो जन्म घर, जहाँ बुबाले 'नारी बन्धन र मुक्ति' पढ्न दिएको कारण प्रेरित भएर म आन्दोलनमा लागेँ, बाहुनको छोरीले क्षेत्रीसँग अन्तरजातीय विवाह गरेको भनेर १० वर्षसम्म परिवारले स्वीकार गरेन । दुःखका दिनमा संघर्ष गरियो । तर जब व्यवस्था अलि राम्रो हुँदै गयो । छोराछोरी राम्रै पढ्न थाले । म विद्यालयमा पढाउन थालेँ । लालजी विदेशबाट फर्किएपछि पोखरामा घर बन्यो । मुखभरि मिठो हुनेगरी पेटभरि खान अरुको आश गर्न नपर्ने भएपछि माइतीले पनि स्वीकार गरे । अहिले भने अरुलाई भन्दा बढी नै मलाई माया गरेझैँ लाग्छ । म ठट्टा गरेर भन्छु, 'पहिलाको क्षतिपूर्ति हो यो माया' भनेर । साँचो अर्थमा भन्नुपर्दा हाम्रो समाजमा परिवार जति नै सचेत भए पनि पुरुषप्रधान मानसिकता र व्यवहारका कारण दुःख पाउँदासम्म छोरीका लागि माइतीको ढोका सहज रूपमा खुल्दैन । आगनमा टेक्दा परिवारमा खुशी छाउँदैन । जुन कुरा मेरो जीवनको पनि भोगाइ बन्यो ।

अब भने संवैधानिक रूपमा नै पैत्रिक सम्पत्तिमा सबै सन्तानको समान हक स्थापित भएको छ । नयाँ पुस्ताका छोराछारीले कानूनको सहज पालना गर्न थाले भने त्यस्तो अवस्था भोग्नुपर्ने छैन । परिवारमा अरुको दयामा भर पर्नुपर्ने दिनको अन्त्य भएको छ । अधिकारको रूपमा जन्मघर मेरो पनि बराबरै हो भनेर छोरीहरूले भन्न पाउने भएका छन् । हिजोका दिनमा जे जति दुःख गरियो, आजको यो उपलब्धि त्यसैको प्रतिफल हो भन्ने अनुभूति गर्दा खुशी लाग्छ । पार्टीलाई आवश्यक पर्दा सकेको जिम्मा लिन र पूरा गर्न अझै सकिन्छ । आवश्यक नपर्दा आफ्नो जीवन आफै बाँचिएको छ । जीवनसँग कुनै गुनासो छैन । न त पार्टीसँग नै कुनै माग ।

***

# परिवारको माहोल राजनीतिक थियोः विजया घिमिरे*



मैले थाहा पाउँदा हाम्रो जन्मघर एउटा जमिन्दार परिवार थियो । तर हाम्रो घरमा जमिन्दारी चलन चाहिँ थिएन । अरुलाई हेप्ने, चेप्ने, दलित भनेर छुवाछुतको व्यवहार पनि थिएन । कारण हाम्रो बुबा पाण्डवराज घिमिरे एक राजनीतिक व्यक्ति हुनुहुन्थ्यो । अर्कोतिर हाम्रो आमा एक ठूलो जिम्दारको जेठी छोरी र हजुरबुबा पञ्चायतकालको प्रधानपञ्च भई रहने भएकोले मावलीमा चाहिँ अलि जमिन्दारी व्यवहार थियो । तर छोराछोरीलाई भने छुट्टै नै थियो । त्यसैले होला हजुरबुबा, ठूलो मामा चाहिँ नेपाली कांग्रेसको समर्थक हुनुहुन्थ्यो । तर, माइलो मामा र कान्छो मामा भने कम्युनिष्ट विचारको समर्थन गर्नुहुन्थ्यो । माइलो मामा त नेकपा मालेको कमिटी मै हुनुहुन्थ्यो । यस्तो परिवारमा जन्मेर हुर्केको छोरी हाम्री आमाले भने बुबाको राजनीतिमा साथ र सहयोग दिनुभयो । छोराछोरीलाई पार्टी काममा लाग्नु हुँदैन भन्ने कुरा कहिल्यै गर्नुभएन । हाम्रो आमा बाका तीन छोरा र चार छोरीमध्ये म मेरो जन्म २०१६ माघ २ ९ गते माइली छोरीका रूपमा भएको थियो । म अलिअलि कुरा बुझ्ने हुँदादेखि नै हाम्रो घरको राजनीतिक वातावारणले होला, व्यवहार र बोलीचालीमा हामी सचेत थियौं । माइलो दाइ विनोद घिमिरे घर बाहिरको काममा अलि धेरै सक्रिय हुनुहुन्थ्यो । सायद त्यतिखेर उहाँ अनेरास्ववियुमा हुँदो रहेछ । मैले अलि त्यस्ता कुरा थाहा पाउने अवस्था थिएन । घर परिवारमा कुनै विषयमा छलफल गर्नुपर्ने हुँदा होस् वा कुनै समस्या पर्दा, दाजु विनोद घिमिरेले नै सबैलाई सम्झाउने, फकाउने र राजनीतिका कुराहरू बुझाएर मिलाउने गर्नुहुन्थ्यो । हामीलाई बुबापछिको दोस्रो अभिभावक दाजु हो जस्तो लाग्थ्यो । त्यसपछिका अभिभावक अरू दुई दाजु ठूलो कुलराज घिमिरे र सानो कुमार घिमिरे ।

### जुलुशमा महिला अगाडी

म अलि सानै थिएँ, देशभर नै आन्दोलन चलेको थियो । जनकपुरमा पनि ठूलो जुलुस निकाल्ने योजना भयो । दाजु, बुबा र बुबाको साथीहरूको हाम्रो जनकपुरको वुदमपुरी

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो ।*

घरमा दिनदिनै बैठक र छलफल हुन्थ्यो र माइलो दाइलाई यताउता चिठ्ठी पत्र पठाउने जिम्मा दिएको जस्तो लाग्यो । उहाँ पनि दिनभरि मात्र हैन, राति पनि धेरैबेरपछि घर आउनु हुन्थ्यो । दाजुले पनि हाम्रो काठको घरको भित्ताभरि कोटेसन लेख्नु हुन्थ्यो । र, हामीलाई भन्नुहुन्थ्यो, यो चकले लेखेको नमेटाउ है । तर पछि बल्ल मैले कोटेसन लेखेको रहेछ, नाराहरू लेखेको रहेछ भनेर बुझेँ । जुलुसको दिन आयो । बिहानै हाम्रो घरमा बुबाको ५/७ जना साथीहरूसँग कुरा गरेको मैले सुनेँ । आजको जुलुसमा महिलालाई अगाडिको पंक्तिमा राख्नु पर्छ । किनकि अघिल्लो जुलुसमा पुरुषहरू रहे भने शुरु मै गिरफ्तार गर्न सक्छन् । त्यसो भयो भने जुलुस नै बिथोलिन्छ । त्यसैले हामीले महिलाहरूलाई अगाडि राख्नुपर्छ । दिउँसो १२ बजेतिर जुलुस निस्क्यो । हामी घरको बार्दलीबाट हेर्दै थियौँ । नारा लगाउँदै रेलवे लाइनको बाटो हुँदै जुलुस अगाडि बढ्यो । अगाडि महिलाहरू नै हुनुहुन्थ्यो । एकैछिनपछि त प्रहरी आएर छिन्नभिन्न पारेर बुबा लगायत धेरै जनालाई पक्राउ गरे ।

यस्ता धेरै जुलुस, मिटिङ दिनदिनै धेरै मानिसहरू आउने जाने क्रम भइरहने र घरमा तीन लेख, रेडबुक जस्ता पुस्तक यत्रतत्र नै हुन्थ्यो त्यो पनि पढिन्थ्यो । यस्तै वातावरणले गर्दा जनताको शासन ल्याउने काममा लाग्नुपर्छ भन्ने सोचाइ आउन थाल्यो । भूमिगतको बारेमा खासै कुरा हुँदैनथ्यो । बुबाको साथीहरू शैलेन्द्र उपाध्याय, यादव, दामोदर शमशेर लगायत हुनुहुन्थ्यो । अहिले धेरैजनाको नाम याद भएन । पारिवारिक आर्थिक अवस्था राम्रो थियो । तर, बुबाले गाउँघरका जनतालाई आवश्यक कुरा दिएर पठाउनु हुन्थ्यो । गरिब परिवारलाई आवश्यक पर्दा कतिपयलाई अन्नहरू पठाई दिनुहुन्थ्यो । हाम्रो परिवारमा कोही जागिरे हुनुहुन्नथ्यो । बुबा पूर्णरूपमा धनुषाको किसान आन्दोलनको अगुवा नै हुनुहुन्थ्यो ।

## रेडगार्ड दलको सदस्य

बुबाले छोरी र छोराहरूलाई धेरै पढाउने, डाक्टर, इन्जिनियर बनाउने विचार राख्नुहुन्थ्यो । तर, दिदी जया घिमिरे र दाजु विनोद घिमिरे भने बुर्जुवा शिक्षा पढ्न हुँदैन भन्ने थियो । हाम्रो जमिन्दारको परिवार हो, तर व्यवहार चाहिँ फरक थियो । भेदभाव नगर्न गरिबलाई माया गर्ने, जातीय छुवाछुत मान्ने चलन थिएन । दाजुले साना ठूला सबैलाई तपाई भन्नुपर्छ भनेर सिकाउनु हुन्थ्यो । मलाई घरको सल्लाह अनुसार सिराहा जिल्लामा पठाउने भन्ने भयो । मेरो मामाघर सिराहाको विष्णुपुर कट्टीमा थियो । मलाई मामाघर जान एकदम इच्छा हुन्थ्यो । त्यतिखेर म एघार वर्षको

थिएँ र पाँच कक्षामा पढ्थें । मामाघर बसेर पढ्न थालेपछि त्यहाँ त झन् राजनीति सिक्ने अवसर धेरै मिल्यो । २०२८ सालमा गाउँमा रेडगार्ड दल गठन गर्दा म राम्रो राजनीतिक माहोल भएको परिवारको सदस्य भएकोले होला, मलाई पनि त्यस दलमा राखियो । त्यतिखेर, जनताको सेवा गर्नु राम्रो कुरा हो भन्ने सोचभन्दा अरु कुरा खासै थाहा थिएन । म दिनमा साथीहरू जम्मा गरेर आफूले जानेको कुराहरू सिकाउने गर्थें । जब कि त्यहाँ मणिलाल राईको घरमा सेल्टर थियो । धेरै जसो हामी त्यहीँ नै जम्मा भएर कुराहरू सिक्थ्यौं । म हिसाब सिक्ने बहानामा सानीमा ईश्वरी आर्चायको घरमा जान्थें । उहाँले मलाई तीन लेख र रेडबुक पढाउनु हुन्थ्यो ।

**प्रेरणाका फरक स्रोतहरू**

मेरो फुपूको घर पनि त्यहाँ थियो । तर, उहाँहरू नेपाली कांग्रेस समर्थक र जमिन्दार पनि भएकोले हाम्रो विरोधी विचारको हुनुहुन्थ्यो । मामाघरमा पनि हजुरबुबा प्रधानपञ्च । तर, माइलो मामा किशोर आचार्य भने राम्रो सहयोगी हुनुहुन्थ्यो । कसैबाट प्रेरणा कसैबाट अवरोध रहदै गर्दा विद्यार्थी आन्दोलनको पक्षमा हामी कक्षाबाटै समर्थन गर्थ्यौं । सिराहाको पढाइको क्रममा हामी यस्ता भयौं कि रेडगार्ड भएर डिउटी गर्ने मात्रै होइन, रातो कलम, रातै फ्रक, रातै रिवन लगाउनु पर्छ भनेर रातो नै लगाउँथ्यौं । त्यो बेलामा फोटोसहितका चाइनिज पत्रिकामा ऋण असुल गर्ने कर्मचारी भनेर आउँथ्यो । त्यस्ता किताबहरू पढ्ने, पढाउने काम गरिन्थ्यो र त्यस पुस्तकमा चीनमा भएका अत्याचारहरू कस्तो थियो, कसरी जनताहरू संगठीत भएर आन्दोलन गरे र चीनमा जनवाद स्थापना गरे भन्ने बारेमा लेखिएको हुन्थ्यो । चीनमा पार्टी सदस्यता प्राप्त गर्न त्यहाँका जनताले कसरी सेनालाई सहयोग गर्थे ? जब चीन मुक्त गर्न हिडेका लम्बे अभियानका सेनालाई पानी, खाना हरेक कुराका समस्या हुँदा त्यहाँका महिलाहरूले रेड गार्डहरूले कसरी सहयोग गरे भन्ने कुराहरूले धेरै प्रभावित हुन्थें । त्यसपछि कम्बोडिया, भियतनाममा पनि जनवादी क्रान्ति सफल भएको कथा पढिन्थ्यो । त्यसो हुँदा हाम्रो देशमा पनि क्रान्ति गर्नुपर्छ र जनताको सुखको लागि समाजवाद हुँदै साम्यवाद ल्याउनु पर्छ भन्ने कल्पना गर्दै अब पढ्ने कुराको विरोध गर्न थालियो अर्थात् बुर्जुवा शिक्षा बहिष्कार गर्ने कुरा हुन थाल्यो । यता चारूमजम्दारको नक्सलवादी आन्दोलनले स्कूल, कलेज छोड्दै क्रान्तिको लागि तयार होऔं भन्ने नारालाई आत्मसात गर्दै अब गोप्य रुपले भूमिगत कामको तयारी तिर लागियो । चीनका किताबहरू ली हू लानको जीवनी, तीन लेख, रेडबुक लगायतका पुस्तकहरू पनि

अध्ययन गर्ने र नेपालको झापा आन्दोलन बारे सुनेका कुराहरू र बुर्जुवा शिक्षाको विरोधमा सीता खड्का र गौरा प्रसाईहरूका साहसका कुराहरूले हामीलाई भूमिगत भएर जनताको सेवा गर्दै देशमुक्त बनाउनु पर्छ भन्ने सोचलाई सहयोग पुग्थ्यो।

**भूमिगत जीवनको शुरुवात**

त्यही परिवेशमा २०३२ पुष १३ गते दिउँसो सिरहास्थित मामाघरबाट जनकपुर जाने भनेर निस्किएँ। तर, यो मेरो भूमिगत यात्राको शुरुवात थियो। साँझ परेपछि सिराहाको विष्णुपुर कट्टीभन्दा पल्लो गाउँ मगरटोलमा बसेर काम शुरु गरियो। छ महिना जति यता उताको सेल्टरमा बसेँ। खासै कमिटीगत जिम्मेवारी थिएन। जब मलाई पार्टीले उदयपुर जिल्लाको जिम्मा दिएर उदयपुरको रुपाटार पठायो, त्यसपछि मलाई उदयपुर, सिरहा र सप्तरीको संयुक्त जिल्ला कमिटीमा सदस्य बनाइयो। त्यस जिल्लामा काम गर्ने क्रममा राममणि पोखरेल, वेदप्रसाद पोखरेल पहिले नै भूमिगत हुनुहुन्थ्यो। काम गर्ने क्रममा पछि राधा तिम्सेनालाई पनि भूमिगत लाने काम भयो। पार्टी कामकै सिलसिलामा उदयपुर र सिरहा आउने जाने काम भइ नै रहन्थ्यो। त्यसै क्रममा एक दिन म सिराहाको डावरको एउटा सेल्टरमा थिएँ। त्यस घरका महिलालाई गोपनीयता राख्ने बारेमा खासै थाहा रहेनछ। उहाँले गाउँघरका अरु महिलालाई हाम्रो घरमा त कमलेट (कमरेड भन्न नजानेर कमलेट भन्नु भाको) बस्नुहुन्छ भेट्न जानु भन्नुहुँदो रहेछ। त्यसैले त्यहाँ धेरै हल्ला भएछ। चौथो महाधिवेशनका मानिसहरूले कुन सेल्टर भनेर खोज्न थालेछन्। त्यसै क्रममा पल्लो गाउँको एकजना कमरेड आएर राति नै मलाई अर्को गाउँमा लैजानु भयो।

राति १५/२० जनाको संख्या मानिसहरू लठ्ठी भाला लिएर सेल्टर घेर्न आए। जसले भेट्छ, उसलाई भकारीमा लुकेको भेटियो भने दश हजार, कोठामा भेटियो भने पाँच हजार इनाम दिने भनेर तोकिएको रहेछ। तर, यी मालेलाई सखाप पार्नुपर्छ भनेर भकारी हेर्ने, माटोको कोठा फुटाउने जस्ता गतिविधि गरे। तर नभेटेपछि फर्केर गए। त्यस अवस्थामा पञ्चायती सरकार भन्दा पनि चौमका व्यक्तिहरूबाट खतरा महसुस गरिन्थ्यो। सिराहाका सेल्टरहरूमा जया घिमिरे, ईश्वरी आचार्य, मणिलाल राई, विनोद घिमिरे, हरि पोखरेल, जानकी पोखरेल लगायत कमरेडहरू भूमिगत थिए। उदयपुरमा राममणि पोखरेल, वेदप्रसाद पोखरेल, राधा तिम्सेना र म रुपाटार, गहते, ओरकले लगायतका सेल्टरहरूमा हुन्थ्यौँ। सिराहामा प्रायः सेल्टर भूमिहीन किसानकै घरमा हुन्थ्यो। मुसहर र चमार बस्तीमा खानेकुराको धेरै समस्या हुन्थ्यो। कहिलेकाहीँ

तीन-चारवटा सखरखण्डा उसिनेर सबैजनाले बाँडेर खाएर बस्नु पर्थ्यो । कुनै ठाउँमा हली भाग ल्याएर बाँडेर खानुपर्थ्यो । भूमिहीन किसानको घरमा खान मात्रै होइन, सुत्न, बस्न पनि ठाउँ हुन्थेन । घरका मान्छे बाहिर सुतेर, हामीलाई भित्र सुताउँथे । आ-आफनो क्षेत्रमा काम गर्ने क्रममा संयुक्त कमिटीको बैठक सिरहाको अम्बासमा हुने भयो । म उदयपुरबाट सिरहा पुगेँ । सबै कमरेडहरू आउने तयारीमा हुनुहुन्थ्यो । म अम्बासमा हिराबहादुर सुनुवारको घरमा पुगेँ । बैठक चाहिँ छमानसिं कमरेडको घरमा राखिएको थियो ।

## बैठकबाटै गिरफ्तार

२०३४ सालमा एक साँझ सबै जम्मा हुने क्रममा हिराबहादुर कमरेडसँगै छमानसिं कमरेडको घरमा गयौँ । एकछिनपछि जया घिमिरे, हरि पोखरेल, मणिलाल राईहरू पनि आइपुग्नुभयो । अरु बाँकी कमरेडहरू आउने क्रमनै थियो । जब सुराकीले मणिलाल राई अम्बास पसेको छ भन्ने थाहा पायो, पछ्याउँदै पत्ता लगाएर त्यहीँ आइपुगेछ । राति सुत्ने समय हुन लागेको थियो, पुलिसहरूले छमानसिंको घर छोडिसकेको रहेछ । तल हिराबहादुरको घरमा छ भन्ने पत्ता लगाएर मणिलाल कमरेडलाई समातेपछि हल्ला भयो । प्रहरीहरू एक्कासी माथि चढेर सबैलाई तल झारे । मकैको थुप्रोमा किताबहरू लुकाइएको थियो । सबै खोलेर निकाले । सबै जनालाई समातेर चारजना पुरुषलाई डोरीले बाँधे र हामी तीनजना महिलालाई नबाँधिकन घेरा हालेर लगे । सर्रे खोलाको माथि जरुवा भन्ने ठाउँमा अलि घुमाउरो थियो । अलिअलि पानी परेको थियो । त्यसैबेला पुरुष साथीहरू डोरी चुँडाएर भाग्न सफल भए । हामी तीनजना महिला जया घिमिरे, ईश्वरी आचार्य र मलाई जथाभावी गाली गर्दै बौलाएको बाघझैँ गर्जदै साइडमा राखेर गोली हान्न तयार भयो । पुलिसहरूको के विचार भयो, जथाभावी बोल्दै फेरि हामीलाई सिरहाको खोरीया भन्ने गाउँको एउटा घरमा लग्यो । जुन घरका एक व्यक्ति एक एक्सनमा परेका थिए । त्यसपछि हामीलाई लाहान चौकीमा लगेर यातनाकासाथ अलग अलग कोठामा राखे । एक हप्तापछि सिरहाको कस्टडीमा लगियो । त्यहाँ पनि जया घिमिरे र ईश्वरी आचार्यलाई धेरै नै यातना दियो । मेरो हकमा उमेर सानो भएकोले अलि कम यातना दिन्थ्यो । राति शौचालय जान पनि दिदैन थिए । एक महिनाको कस्टडीको बसाइको बीचमा क. मणिलाल राई र नरेन्द्र पोखरेललाई पनि ल्यायो । उदयपुरबाट राधा तिम्सेना र वेदप्रसाद पोखरेललाई पनि ल्यायो । पछि हामी सबैलाई राजविराज जेल लगेर राख्यो ।

## परिवार र राजनीति सँगैसँगै

जेलभित्र पनि पुरुष कमरेडहरूले अंग्रेजी पत्रिका नेपालीमा उल्था गरेर बिहानै हामीलाई राखेतिर फाल्नु हुन्थ्यो । त्यसैको अध्ययन गरिन्थ्यो । पछि जेलमा पनि त्यो पढेको लेखेको थाहा पाएर भित्रै आएर छापा मारे । पत्रिका भेटेपछि जया घिमिरे र ईश्वरी आचार्यलाई हत्कडी लगाइयो । जब जेलबाट सबै भन्दा पहिले म छुटेँ । पाँच महिनापछि जया र ईश्वरी पनि छुट्नुभयो । पुरुषहरूलाई वीरगञ्ज जेल चलान गर्यो । विद्यार्थी आन्दोलनको सफलतासँगै जब जनमत संग्रहको घोषणा भयो, बहुदल पक्षीयको चहल पहल सुनिन थालियो । बहुदल आएपछि धेरै खुशी रहन पाइन्छ भन्ने लागेको थियो । सामाजिक र राजनीतिक अवस्थामा केही सहज भएको थियो । पारिवारिक अवस्था त सधै सहजै थियो । रिहा भएपछि विवाह गरेर म हेटौडा गएँ । श्रीमानजी विद्यालयमा पढाउनु हुन्थ्यो । मैले त्यहीँ खुल्ला रूपमा अनेमसंघमा संगठित भएर पार्टी सम्पर्कमा रहेर काममा निरन्तरता दिएँ । २०४२ सालको शिक्षक आन्दोलनले श्रीमानको जागिरमा समस्या आयो । त्यसपछि पार्टीले नै बारा जिल्लामा पठायो । त्यहाँ अनेमसंघको बारा जिल्ला समिति गठन गरेर संयोजक भएर धेरै वर्ष अध्यक्ष भएर काम गरेँ । पछिल्लो चरणमा अनेमसंघ केन्द्रीय सदस्य पनि भएँ । तर विगत केही वर्षदेखि पार्टीको जिम्मेवारीबाट पनि अलग रहेर विशुद्ध पारिवारिक जिन्दगी बिताएर बसेकी छु ।

***

# निस्वार्थ राजनीति : विष्णु खड्का*



नेपालको राजनीतिमा २०४६ साल अघि नेपाल कम्युनिष्ट पार्टी, मालेमा संगठित भएर धेरै महिलाहरूले भूमिगत रूपमा काम गरे। पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय व्यवस्था स्थापनाको लागि धेरै महिलाहरूले योगदान दिए। तीनै योगदान दिनेमध्येकी एक हुनुहुन्छ झापाको विष्णु खड्का। आमा देउमाया र बुबा बुधबहादुर खड्काको माइली छोरी विष्णु खड्काको जन्म २०१९ भाद्र १९ गते पाँचथर फिदिम भाग्यपोखरीमा भएको थियो। उहाँको जन्मपछि बुबाआमा बसाइँसराइ गरी झापा धरमपुरमा पुग्नुभएको थियो। विष्णुको पढाइ झापामै शुरु भयो। उहाँले स्थानीय महेन्द्ररत्न माध्यमिक विद्यालयबाट २०३६ सालमा एसएलसी पास गर्नुभयो। २०३५/०३६ सालको विद्यार्थी आन्दोलन उहाँको कान्छो दाजु अनेरास्ववियुको कार्यकर्ता हुनुहुन्थ्यो। त्यसले पनि उहाँ राजनीतिक गतिविधिमा लाग्न प्रभावित हुनुभयो।

एसएलसी पास गरेपछि २०३८ सालमा दमक क्याम्पसमा उहाँले खरिदारको जागिर पाउनुभयो। जागिर पश्चात् आन्दोलन र आन्दोलनकारीहरूको क्याम्पसको गतिविधिहरूले उहाँलाई प्रभावित बनायो। त्यही क्रममा उहाँ विभिन्न साथीहरूसँग सम्पर्कमा रहनुभयो। उहाँ भन्नुहुन्छ, ‘पवित्रा खरेल, लिला कट्टेलहरू विद्यार्थी हुनुहुन्थ्यो। म कर्मचारी। संगठनप्रतिको लगाव हुनुपर्ने महसुस गरेर त्यहीँ संगठित भएँ। प्रारम्भिक कमिटीमा मलाई संगठित गर्नुभयो। बबिता कमरेड पनि हुनुहुन्थ्यो। दमकमा डेरा गरेर बस्ने ठाउँ सिता पाठकको कार्यक्षेत्र रहेछ। उहाँसँग म सम्पर्कमा रहेँ। उहाँले धेरै सल्लाह सुझाव दिनुभयो।’

महिलाहरूले जागिर गरेपनि राजनीतिमा समय दिनुपर्छ भन्ने पाठकको सल्लाहबाट आफू प्रभावित भएको खड्का बताउनुहुन्छ। २०३८ सालमा उहाँ संगठित हुनुभयो। २०४० सालमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने क्रममा दुई क्षेत्र विभाजित

** यो आलेखको संयोजन सम्झना पौडेलले गर्नुभएको हो।*

भएको थियो । उत्तर क्षेत्र मूलपानी स्कूलदेखि डाँडागाउँ भन्ने ठाउँमा कार्यक्रमको आयोजना गरिएको थियो । प्रहरीको जगजग, दमन, निरङ्कुशता बढिरहेको बेला त्यहाँ कार्यक्रम गर्दा प्रहरीको आक्रमण भएको खड्का स्मरण गर्नुहुन्छ ।

उहाँ भन्नुहुन्छ, 'सिता पाठक पनि हामीसँगै हुनुहुन्थ्यो । प्रहरीसँग तर्क/वितर्क गरिरहेका थियौँ । यो कार्यक्रम हाम्रो हो, अन्तर्राष्ट्रिय रूपमा मनाइन्छ । यो कुनै तपाईंहरूको राजा विरोधी कार्यक्रम होइन । महिलाहरूको हक अधिकारको लागि गरिने शोषण दमन विरुद्धको कार्यक्रम हो । तपाईंहरूले हामीलाई दमन गर्न पाउनु हुँदैन भन्ने क्रममा पछाडिबाट सिता कमरेडले प्रहरीको लट्ठी तान्नुभएछ । लट्ठी तानेपछि उनीहरू आक्रोशित भए । हामीलाई लाठी चार्ज गरेर तितर-वितर पारे । सीता कमरेडलाई कपालको चुल्ठोमा समाउँदै लाठीले कुट्दै गाडीमा हुल्यो । योगेन्द्र बराल र एकजना भाइलाई पनि पक्रियो ।'

**थम्याइयो अवकाश पत्र**

विष्णु त्यहाँबाट एउटा सेल्टरमा आएर बस्नुभयो । त्यहाँ तपाईलाई अप्ठ्यारो हुन सक्छ । सुरक्षित हुनुपर्छ भनेका थिए । भोलिपल्ट उहाँ क्याम्पस जानुभयो । अफिस जाँदा प्रहरीका सीआइडी, सिभिल प्रहरी पनि त्यहीँ थिए । उहाँले थप्नुभयो, 'म अफिस गएँ । काम गरेँ । त्यो भन्दा अगाडि कार्यक्रममा सहभागी भएको थाहा पाइसकेपछि राति नै सञ्चालक समितिको बैठक बसेर राजाविरोधी भई भनेर जागिरबाट बर्खास्त गरिसकेका रहेछन् ।' क्याम्पस प्रमुखले आफूलाई हिजो कहाँ गएको थियो भन्दै स्पष्टीकरण सोधिएको बताउनुहुन्छ । उहाँ थप्नुहुन्छ, 'स्पष्टीकरणमा मैले सिधै भने 'महिला दिवस मनाउन गएको थिएँ । राष्ट्रभरि नै कार्यक्रम भएको छ ।' तपाईंले नचाहिने गर्नुभयो भनेपछि म धेरै बोलिन । यसैमा मलाई अवकाश पत्र थम्याइयो ।' त्यसपछि विष्णुको जागिरे जीवन सकियो । जागिर सकिए पनि निराशा नभई उहाँ तिनीहरूको दमन र उत्पीडनको कारण अझै दर्विलो हुँदै घर जानुभयो ।

**जेल पर्दाको मानसिक यातना**

डेरीबजार भन्ने घरमा कोठा थियो । त्यहाँको एउटा दिदीले बस्नु न भन्नुभयो । शिक्षक संगठनको आन्दोलन भइरहेको थियो । शिक्षकहरूलाई प्रहरीले पक्राउ गरिसकेको थियो । त्यो दिदीले तपाईलाई पनि पक्राउ गर्न सक्छ । जता जाँदा ठिक हुन्छ त्यतै जानुस् भन्नुभयो । बेलुकाको समय थियो । खड्का इन्द्र बुढाखु भन्नेको घरमा

जानुभयो । कहाँ जान्छे भनेर चियो चर्चो थियो । बेलुका त्यहीँ बस्नुभयो । दिउँसो कार्यक्रम गरिएको थियो । ब्यानर, पोस्टर पनि त्यहीँ थियो । खड्का भन्नुहन्छ, 'एकछिन गीत पनि गायौँ । ११ बजेतिर साथीहले सुतौँ भने । बाहिर पिसाब फेर्न निस्कँदा आकाशमा जुन लागेको थियो । प्रहरीले घेरेर बसेका रहेछन् । एउटालाई मैले चिनिहालेँ । फुत्तभित्र पसेँ । सबै लक गरेँ । साथीहरूलाई भने 'लहै साथीहरू पुलिसले घर घेरिसकेको छ । के-के गर्ने हो ?' पवित्रा, लिला र म थियौँ । के गर्ने कालो झण्डा, ब्यानर सबै त्यहीँ छ । हामीले ढाटेनौँ सबै बतायौँ । घरको दाजुलाई पक्रियो । हामीलाई पनि पक्राउ गरी १२ बजे ठानामा पुऱ्यायो र पिट्यो । 'जतिसुकै यातना दियोस् पार्टीको कुरा खोल्नु हुँदैन भनेर लिलाले भन्नुभएको थियो ।'

उहाँहरूलाई थानामा पुऱ्याइयो । उहाँ थप्नुहुन्छ, 'अपशब्द प्रयोग गर्न थाले । ओल्लो कोठामा सबै चिनेकै शिक्षकहरू हुनुहुन्थ्यो । एउटा कोठामा मगज बिग्रिएको 'बौलाही' दिदी । त्यहीँ ट्वाइलेट गरिएको फोहोर कोठैभरि । हामीलाई त्यहाँ राखियो । तर हामी यस्तोमा बस्दैनौँ भन्यौँ । हामी बसेनौँ । एउटा कोठा सफा गर्न लगायो र हामीलाई राख्यो । बेलुका एकजना साथीलाई तिर्खा लाग्यो । तर असइले पानी दिएनन् । उल्टो पिसाव फेरेर दियो । हामीले भो पानी नखाउँ भन्यौँ । तीन बजेतिर चन्द्रगढीको डिएसपी कार्यालय लगियो । हामी कतिखेर कुटिन्छ भन्ने कुराइमा थियौँ । तर हामीलाई कुटेन । तर मानसिक टर्चर दियो । कलिला केटी देखेर फकाउन खोज्यो । चटपट ल्याइदिन्छु भन्ने, कहिले के ल्याइदिन्छु भन्ने गर्थ्यो । दिने भए हाम्रो दाइहरूलाई देउ भन्थ्यौँ । दुई दिन जति राम्रै खाना दियो । तीन दिनदेखि हामीलाई खाना दिन छोड्यो ।'

त्यसपछि विष्णुहरूलाई बयान पनि गराइयो । विष्णुसहित पदम बुढाथोकीलाई १८ दिनपछि छोड्यो । पवित्रा निरौला, लिला कट्टेल, इन्द्रबहादुर बुढाथोकी र दिपक कार्कीलाई जेल चलान गऱ्यो । विष्णु डर भन्दा पनि तिनीहरूको व्यवहार देखेर झन् आक्रोशित हुनुभएको थियो । छदाखाँदाको जागिर खाने छोरी जागिर छोडेर पार्टी संगठनमा लागी र यो बिग्रिएर घरतिर आई भनेर परिवारले कराउने, गाली गर्ने र विवाह गरिदिने भनेर तयारी गर्न थाले । विष्णु भन्नुहुन्छ, 'जागिर छोडे पनि राजनीति गर्ने भनेर म लागेको थिएँ । राजनीति नै सबैभन्दा ठूला हो । म तपाईहरूले जति भने पनि टेर्दिन र राम्रो कामको लागि हिँडिरहेको छु भने ।'

हरि कट्टेल, प्रदिप नेपाल, स्थानीय दाइहरू हुनुहुन्थ्यो । उहाँ भन्नुहुन्छ, "त्यसपछि राजनीतिक कामको जिम्मा लिएर आएँ । घरै बसेर पार्टीको काम गर्न थालेँ । यो पञ्चायत व्यवस्था निरङ्कुश छ । जनतालाई जगाउनुपर्छ भनेर लागेँ । 'त्यसपछि विष्णुले ढुक्कसँग पार्टीको काम गर्नुभयो । बुबा आमा दुबैले गाली गर्नुभयो । २०४० सालमा बुबा बित्नुभयो । उहाँ थप्नुहुन्छ, 'पुलिसले कुट्छ, मार्छ भनेर मेरो आमा रुनु हुन्थ्यो । मलाई तेरो छोरी बिग्री, विवाह गर्ने बेलामा लखर-लखर हिँड्छे, केटासँग हिँड्छे । कति छाडा छोडेको भन्छन् गाउँलेले भन्दै आमा रुनु हुन्थ्यो । म सम्झाउँथे । आमा म केही होइन । म बिग्रन्न, छाडा हुन्न । पार्टीमा यस्तो अनुशासन छ । मैले नचाहिँदो गरेँ भने पार्टीले कारबाही गर्छ । तपाईले चिन्ता नलिनुस् ।'

## पार्टी सदस्यता

त्यति हुँदा पनि परिवारको सबै कुरा चिर्दै, सम्झाउँदै, स्थानीय रूपमा महिलाहरूको बीचमा संगठित भएर लागेको खड्का बताउनुहुन्छ । उहाँ थप्नुहुन्छ, 'पार्टीले पनि हामीलाई संगठित गर्न थाल्यो । राजनीतिक चेतना दिन थाल्यो । पत्रपत्रिका, किताबहरू दिन थाल्नुभयो । हामी अध्ययन गर्दै गयौँ । संगठित हुँदै गयौँ ।' त्यतिबेला खड्कालाई पार्टी सदस्यता लिन साह्रै गाह्रो भएको थियो । २०४१ सालमा पार्टी सदस्य पाउनुभयो । एउटा कोठामा राखेर उहाँहरूलाई सपथ ग्रहण गराइएको थियो । त्यसले उहाँलाई अझै थप ऊर्जा थप्यो । यो निरङ्कुश तानाशाही जर्जरता र महिलाहरूप्रतिको उत्पीडन, दासतालाई अन्त्य गर्न अझै लाग्नुपर्छ भनेर २०४१/०४२ सालमा उहाँ धरमपुरमै बसेर काम गर्न थाल्नुभयो ।

## छोटकरी विवाह

२०४३ सालमा काम गर्ने क्रममा उहाँलाई विवाहका लागि परिवारबाट झन् दबाब आयो । खड्का भन्नुहुन्छ, 'मैले घर परिवारबाट विवाहका लागि भएको दबाबको विषयमा पार्टीमा कुरा राखेँ । त्यतिबेला कुन कार्यकर्तासँग कसको विवाह गर्ने भन्ने पार्टी नेताहरूसँग छलफल हुन्थ्यो । मैले समस्या राखेपछि कमरेडहरूले छलफल गर्नुभयो ।' विष्णु आफ्नो जीवनको लागि भन्दा राजनीतिक पार्टीको स्वार्थका लागि विवाह गर्ने सोंचमा हुनुहुन्थ्यो ।

उहाँले पार्टीभित्रकै विश्व बराल र उहाँको परिवारलाई राम्रोसँग बुझ्नुभएको थियो । उहाँसँग विवाह गर्दा राजनीति गर्न स्वतन्त्र ढंगले पाइएला भन्ने हिसाबले प्रस्ताव

राख्नुभयो । २०४३ साल असारमा विवाह भयो । जात मिलेको थिएन । श्रीमान विश्व बराललाई पनि वारेन्ट थियो । टाउकाको मूल्य तोकेको थियो । उहाँ भूमिगत भइसक्नुभएको थियो । आमाले मान्नुभएको थिएन । तर पनि सिँदूर पोते गरेर छोटो विवाह गर्‍यौँ ।'

**फरक कार्यक्षेत्र**

विवाहपछि पार्टीले विष्णुलाई अर्कै क्षेत्रमा पठाइदियो । उहाँलाई ताप्लेजुङको चक्चल्ली, गोलधार, जलथल, घैलाबुभा लगायतका क्षेत्रमा जिम्मा दिइएको थियो । २०४४ भरि त्यहीँ बसेर उहाँले काम गर्नुभयो । २०४४ को अन्त्यतिर उहाँको श्रीमानलाई धरमपुरको सेल्टरबाट प्रहरीले गिरफ्तार गर्‍यो । त्यहाँ पवित्रा पनि हुनुहुन्थ्यो । पवित्रा त्यहीँको सेन्टरदाता आमासँग सुत्नुभएको रहेछ । मेरो छोरी हो भनेपछि बच्नुभएछ । होम गौतम, विश्व बराल, होम दंगाल, राजकुमार त्यहीँको एकजना भाइलाई गिरफ्तार गरेर लगेछन् ।' त्यसबेला राजनीति गर्दा बस्न निम्न वर्ग, सर्वहारा वर्गको घरमा सजिलो हुन्थ्यो । विष्णुलाई पनि जनताको घरमा बस्न मन लाग्थ्यो । उहाँ भन्नुहुन्छ, 'बाटोमै हिँड्दा पनि पानी खाने निहुँले भए पनि उहाँहरूको स्थितिको बारेमा बुझ्ने, उहाँहरूलाई संगठित गर्न सजिलो हुन्छ भन्ने दिमागमा राखेर हिड्थ्यौँ ।'

**अष्टलक्ष्मीको चिट्ठी**

विष्णुलाई सेवा मैनाली र टिकाको घरमा बस्न सजिलो हुन्थ्यो । उहाँ त्यहाँ धेरै बस्नुहुन्थ्यो । एक दिन खड्का, आचार्य बुबाआमाको घरमा साँझपख बस्न जानुभएको थियो । भोलिपल्ट कार्यक्रममा बोल्नुपर्ने भएकाले अध्ययन गर्नु थियो । त्यहाँ एकजनाले चिट्ठी ल्याएर दिनुभयो । 'चिट्ठी अष्टलक्ष्मी शाक्यले लेख्नुभएको रहेछ । हामी कम्युनिष्टहरू आत्तिनु हुँदैन । हतासिनु हुँदैन । निडर हुनुपर्छ । विरोध (विश्वजीको नाम विरोध थियो) लगायतका साथीहरूलाई गिराफ्तार गर्‍यो । उहाँहरूलाई कष्टडीमा राखेको छ । तपाईंले कतिपय कुराहरू सुरक्षित राख्नुस् । तपाईंलाई पक्राउ गर्न सक्छन् । निगरानी गरेका हुन सक्छन् । सुरक्षित भएर हिँड्नु होला यस्तै यस्तै कुरा लेखिएका थिए । त्यो पढेर केही पीर त पर्‍यो ।' क्रान्तिकारी भएको हैसियतले त्यो पीरलाई उहाँले ठूलो मान्नु भएन । 'हामीले लागेको बाटै यस्तै छ । कुनै बेला मर्नै पर्छ । नेपाली क्रान्तिको लागि, समाज परिवर्तनको लागि

हामी दृढ भएर लागेका छौँ। काम गर्दागर्दै पक्रउ गरेको छ। मार्‍यो भने पनि सामान्य कुरा हो।'

त्यो भन्दा अगाडि उहाँले चिनियाँ कथा पढेको स्मरण गर्नुभएको थियो। त्यो कथामा महिला कमरेड काम गर्दै जाँदा श्रीमान झुन्ड्याइ राखेको ठाउँमा पुग्नुहुन्छ। के भयो भनेर दोहोर्‍याएर हेर्नुभयो। पार्टी, जनता र देशको लागि काम गर्ने क्रममा यी घटना हुन्। मैले पचाउनुपर्छ भनेर बाटो लागेको हो। मैले चिट्ठी पढ्दा त्यो कुरा सम्झिएँ। क्रान्तिको काम गर्दा अप्ठ्यारा आउँछन्। खाना पाइँदैन। भनेको बेलामा सुत्न पाइँदैन। त्यो खालको परिवेश हिजो थियो। त्यो सबै कुराले विष्णुलाई अझै प्रेरणा थप्यो।

उहाँ अझै लाग्नुपर्छ भनेर दह्रो भएर लाग्नुभयो। त्यो बीचमा समस्या, अप्ठ्याराहरू त आउँथे। राति-राति मिटिङमा हिँड्नुपर्ने, नचिनेको ठाउँमा बस्नुपर्ने हुन्थ्यो। निन्द्रा लाग्दैनथ्यो। उहाँ भन्नुहुन्छ, 'हामी सधै कोल्टे परेर सुत्थ्यौँ। तराईमै काम गर्दा पनि धेरै अप्ठ्यारा थिए। खाने, बस्ने, महिलालाई हेर्ने दृष्टिकोण फरक थियो। महिलालाई काम गर्न सहज थिएन।

**भूमिगत हुँदाको अनुभूति**

विश्व बराल गिरफ्तार भएपछि विष्णु पनि भूमिगत हुनुभयो। त्यसपछि सुरक्षाको हिसाब र कामको आवश्यकताले अर्को जिल्ला जानुपर्ने भयो। उहाँ भन्नुहुन्छ, 'त्यो बीचमा टिका कमरेड झापामा आउनुभएको थियो। तीन जनालाई जिल्ला सरुवा गरियो। मेनुका झापा बस्नुभयो। पवित्रा इलाम र विष्णु ताप्लेजुङमा परेँ। उहाँ भन्नुहुन्छ, "ताप्लेजुङ जाने क्रममा अर्जुन कमरेडको घरबाट बिदाई गरियो। त्योबेला छुट्दा धेरै गाह्रो लाग्यो। तर पनि छुट्टियौँ। क्रान्तिको काममा आफ्नो क्षेत्रमा जुट्यौँ।' पुण्य खरेलले झापाबाट पाँचथर हुँदै ताप्लेजुङ पुर्‍याउनुभयो। पाँचथरमा गाडी नजाने ठाउँबाट हिँड्नुपर्ने थियो। त्यतिबेलासम्म विष्णुले पहाड टेक्नुभएको थिएन। उहाँ भन्नुहुन्छ, 'जुत्ता मोजा लगाइयो। त्यहाँबाट हिडियो। उकालो हिड्नुपर्ने। दुई तीन घण्टामै मेरो खुट्टामा ठेला उठे। हिड्न गाह्रो भयो। बिस्तारै-बिस्तारै एउटा सेल्टरमा हामी पुग्यौँ। सिनामको सेन्टरमा पुगेपछि बस्न पाइन्छ होला भन्ने थियो। बस्न पाइएन। अनेमसंघ जिल्ला कमिटीको मिटिङमा पुग्नैपर्छ भनेर पुण्य कमरेडले भन्नुभयो' गलेको थिएँ, थाकेको थिएँ। तर पनि क्रान्तिको काम

गर्नुपर्छ भनेर हिडैं । फुङलिङ पुग्नुपर्ने, बीचमा लेकको बाटोमा पुगेपछि हिँड्न पटक्कै सकिन । खुट्टै चल्दैन । अनि मैले कमरेड माथि जंगल छ म त्यहीँ बस्छु भने । तपाई त्यहाँ जानुस् र कोही साथीलाई पठाइदिनुस् भने । हुँदैन कमरेड, तपाईंलाई बाघले खान्छ । बिस्तारै जानुपर्छ भन्नुभयो । उज्यालो भइ सकेपछि सेल्टरमा पुगियो । पानी खुवाउनुभयो । मिटिङ गरियो । उज्यालो हुनु पहिला नै अर्को सेल्टरतर्फ लागियो ।'

## जनताको माया र पार्टी प्रतिको भरोसा

२०४५/०४६ को आन्दोलनमा विष्णु त्यहीँ कार्य क्षेत्रमा हुनुहुन्थ्यो । विभिन्न सेल्टरमा रहेर पार्टीको काम गर्दा धेरै अप्ठ्याराहरू भएका थिए । हिँड्न डुल्नको अप्ठ्यारा, समयमा खान नपाइने । तर जनताको माया र पार्टीप्रतिको भरोसा थियो । उहाँ सम्झनुहुन्छ, 'हामीलाई धेरै माया गर्नुहुन्थ्यो । उहाँहरू आफू नखाएर पनि हामीलाई खुवाउनुहुन्थ्यो । उहाँहरूको मायाले गर्दा १८, २० वर्षका अल्लारे केटाकेटी राजनीतिमा हुम्मिएर परिस्थितिलाई जनताको मुक्तिको लागि भनेर लागेका थियौं । हामीले हिँडेको बाटो स्पष्ट र कार्यदिशा राम्रो भएको कारण पार्टी यो बेलासम्म आएको छ । काम गर्ने क्रममा समस्या धेरै आए, तर पनि मनस्थिति दह्रो भइसकेपछि चिर्नुपर्छ भन्ने भावनाका साथ लागेका थियौं । त्यो बेला कति दह्रो अनुशासन थियो । आलोचना र आत्मालोचना हुन्थ्यो । त्यो भएर पनि आफूहरू सुरक्षित र पार्टी फराकिलो भएर गएको थियो ।'

उहाँ भन्नुहुन्छ, 'हिजो हामीसँग केही पनि स्वार्थ थिएन । घरपरिवार, श्रीमान केहीको पनि महत्त्व हुँदैनथ्यो । त्यो खालको योगदान गरेर हामी यो बेलासम्म आयौं । पार्टीलाई हामी सबै मिलेर यहाँसम्म ल्याइयो । अझै पनि पार्टी कमिटी सञ्चालन व्यवस्थित हुनुपर्छ । अनुशासित हुनुपर्छ भन्ने मलाई लाग्छ ।'

## अनुशासन भएन भने संगठन टिक्न सक्दैन

अनुशासन भएन भने संगठन टिक्न सक्दैन । जनतालाई पनि त्यो खालको शिक्षा दिनुपर्छ । हिजो वलिदानको राजनीति थियो । अहिले खुल्ला छ । तर पनि अनुशासन भन्ने कुरा जुन बेला पनि हुनुपर्छ । अनुशासन बिना केही पनि चल्न सक्दैन ।

उहाँ भन्नुहुन्छ, 'पार्टी संगठनप्रति यति धेरै माया लाग्छ, बिग्रिएको भत्किएको देख्दा हिजो हामीले गरेको योगदान, त्याग, वलिदान, सबै कुराको माया लागेर आउँछ ।

मेरो श्रीमानलाई ८४ दिन कुटेर पनि उहाँ विचलित हुनु भएन। पार्टीको राजनीतिले हामीलाई दरिलो बनाएको थियो। कहिल्यै निराश र विचलित भएनौँ। क्रान्तिको काममा हामीले योगदान गर्नुपर्छ भनेर ऊर्जा मात्र थपियो। त्यो बेलाको राजनीति निस्वार्थ थियो। अहिले कताबाट पाउँ र खाउँ भन्ने मात्र छ। पार्टीलाई बचाउने हो, बलियो बनाउने हो भने त्यसका लागि कार्यकर्ता बलियो हुनुपर्छ। संगठन अनुशासित हुनुपर्छ।' उहाँ गाउँ, वडा, टोल, इलाका, क्षेत्र, जिल्ला हुदै अहिले विष्णु नेकपा एमालेको केन्द्रीय कमिटीमा हुनुहुन्छ।

***

# हाम्रो योगदान खेर नजाओस् : सावित्री बस्नेत*



भोजपुरको कुलुङ्ग काम्लेटारमा आमा लिलामाया बस्नेत र बाबु मान बहादुर बस्नेतको नवौ सन्तानको रूपमा २०१६ चैत्र २३ गते जन्मनु भएको सावित्री बस्नेतका चार दिदी बहिनी र पाच दाजुभाई थिए। त्यसमध्ये दुई दिदि र एक जना दाई वितिसक्नुभयो। हाल उहाँ अजुर्नधारा नगरपालिका-२, खुदुनावारीमा वस्नुहुन्छ।

उहाको परिवार राजनीतिक थियो। दाइ भिम बस्नेत र काकाको छोरा घनेन्द्र बस्नेत विरगंजमा पढ्दादेखि नै राजनीतिक गतिविधिमा लागेको कारण घरमा राजनीतिक कुरा हुने गर्दथ्यो । घरायसी वातावरणककै कारण उहामा सामान्य राजनीतिक विचारको सुझवुझ थियो । राजनीतिमा लाग्नका लागि दाजुहरूबाट प्रेरणा पनि पाउनु भएको थियो । तर, दाइ घनेन्द्र बस्नेत २०२८ सालको झापा काण्डमा गिरफ्तार हुनुभएको थियो। त्यसैले राजनीतिमा लागियो भने सबैलाई लगेर थुन्छ होला भनेर डरका कारण आफै चाही राजनीतिमा सक्रिय हुने चाहना थिएन।

**पढाइको लागि संघर्ष**

२०३४ सालमा एसएलसी पास भएपछि कलेज पढ्न जाने अवस्था भएन। एक वर्ष घरैमा वित्यो । त्यही विचमा गाउँमा पुस्तकालय खुलेको थियो । त्यहा किम इल सुड., मार्क्स, लेनिन, माओत्से तुंगहरूको जीवनी लगायत क्रान्तिकारी पुस्तकहरू पढ्न पाइन्थ्यो। म एसएससी दिएर घर वसिरहेको समय मासिक १० रुपैया दिने गरी पुस्तकालयमा काम गर्न भन्नुभयो। पढ्न पनि पाइने पैसा पनि पाइने भएपछि काम गर्न थाले। केही समयपछि २० रुपैया बनाइ दिनुभयो। तर एकदिन मलाई यसरी समय बिताउन हुदैन। पढ्न जानुपर्छ भन्ने लाग्यो। घर गएर पढ्ने कुरा गरे। तर, पठाउने चालचुल देखिन। त्यसपछि म आमा बुबालाई घुर्की लगाएर दवाव दिनकै लागि म हराइदिए। गाउँ पुरै बस्नेत पविारको थियो। जस्को घरमा लुके पनि थाहा

---

** आलेखको संयोजन विन्दा पाण्डेले तयार गर्नुभएको हो।*

भइहाल्थ्यो। त्यसैले म आफ्नै घरको वुइगलको कुनामा गएर गुन्द्रीमुनी दुईदिनसम्म लुकिदिए। गाउँभरी खोज्ने काम भयो। तर म भेटिइन।

मरीकी क्या हो भन्दै घरमा कुरा गर्न थाले। अनि दिदि सकुन्तलाले भेटियो भने वरु म जागिर गरेर पनि पढाउथे नी। कहा गइ होला भन्दै घरको कुना कुना खोज्न आउदा मलाई गुन्द्रीभित्र देख्नुभयो। अनि नानी यहा रहिछ भनेर कराउनु भयो। किन भनिस भनेर मैले दिदिलाई एक चड्कन पनि लगाए। यो घटनापछि बल्ल पढ्न पठाउने भए। क्याम्पस भर्नाको समय सकिन लागेको थियो। तुम्लिंटारबाट प्लेनमा जानको लागि फोटोसहितको परिचय पत्रमा चाहिन्थ्यो। मेरो फोटो थिएन। त्यसपछि जुक्ती निकालियो। दिदिको छोरी र मेरो अनुहार उस्तै भएकोले उसैको फोटो टासेको परिचयपत्रले प्लेन चढेर विराटनग गयौ। त्यतिखेर प्लेन भाडा ७५ रुपैया थियो। इलमा क्याम्पसमा भर्ना भएर पढ्न थाले। इलामको डाडामा लाग्ने हुस्सु, अनि घरको न्याम्रो। दुई/तीन महिना साह्रै गाहो भयो। त्यसपछि बिस्तारै वानी पर्न थाल्यो। पढाई चल्दै थियो।

## राजनीतिमा होमिन पुगे

एकदिन इलाम वजारमा विपि कोइरोलाको पुत्ला जलाउने कार्यक्रम छ। हामी सबै जानुपर्छ भनेर क्याम्पसका विद्यार्थी अगुवाहरू मुरारी प्रसाद खतिवडा, देवेन्द्र कटुवालहरूले संगै लिएर गए। मैले सामान्य कुरा वुझे पनि राजनीतिमा उफ्रिपाफ्री नै गरेर हिड्न भने थालेकी थिइन। तर, त्यो कार्यक्रमबाट फर्किएपछि मलाई अनेरास्वयियूको प्रारम्भिक कमिटीको कोषाध्यक्ष बनाए। त्यसपछि विद्यार्थी राजनीतिमा अलि समय दिएर काम गर्न थालियो। २०३८ मंसिरमा विराटनगरमा विजय कुमार गच्छेदारले हानेको गोली लागेर फणिन्द्र तिमल्सिनाको हत्या भयो भन्ने खवर आयो। त्यसको विरोधमा आन्दोलन भयो। इलाम वजारमा भेला भएर सभा गरियो। त्यसपछि म लगायत केही साथिहरूलाई वारेण्ट काटियो।

विरोध कार्यक्रमहरू चर्कदै थिए। अव विद्यार्थीकासाथमा मजदुर, किसान, महिला लगायत सबै तह र तप्काको सहभागिता हुन थालेको थियो। यसै क्रममा एकदिन जुलुश जादै गर्दा वैंक चोक अगाडि प्रहरीसंग झडप भयो। अगाडि विद्यालयका विद्यार्थीहरू थिए। उनीहरूलाई जोगाउन भनेर तोया नेपाल र म व्यानर वोकेर

अगाडि गयौ । तर, प्रहरीको लाठी चार्ज रोक्न सकिएन । त्यसपछि हामीले त्यही व्यानर वोकेको लाठीले प्रहरीमाथि प्रहार गऱ्यौ । झडपमा हामी माथिल्लो चउर र प्रहरी तल बाटोमा थिए । हामीले ढुंगा टिपेर प्रहार गर्न लागेका थियौ । साथिहरूले रोक्नुभयो । अन्तत हामी टुडिखेलमा प्रहरीको फन्दामा पऱ्यौ । साथिहरूले हामीलाई भाग्न सघाउनु भयो । मेरो शारीरिक बनोट सानो भएकोले पनि भाग्न सहज भयो ।

त्यहाबाट फुत्किएपछि म आफ्नो कोठामा जाने अवस्था रहेन । तोया नेपालको डेरामा गएर नौ दिन वसे । त्यसपछि अव जनताको विचमा जानुपर्छ भनेर संगठनको सल्लाहमा हामी वारेन्ट भएका १०/११ जना साथिहरू तराइ झऱ्यौ । रातभरी हिड्दा पनि गाउँ भेटिएन । सुखानीमा हामीले बाटो विराएछौ । विहान खुकुरा वासेको आवाज आयो । तयही आवज आएकोतिर लाग्दा मात्र एउटा गाउँको घरमा पुगियो । केहीछिन आगो ताप्यौ । त्यसपछि हामी आ-आफ्नो बाटो लाग्यौ । म खयरवारीस्थित काकाको छोराको घरमा गएर वसे । केही दिन गौरादहका भोजराज दाहालको घरमा पनि वसै । ३५ दिनको वारेण्ड कटाइयो ।

**विद्यार्थी सम्मेलनमा काठमाडौँ**

त्यतिखेर मेरो आइएडको टिचिंग प्राक्टिसमा जानुपर्ने थियो । इलाम क्याम्पसको प्रमुख राजेन्द्र सुवेदी हुनुहुन्थ्यो । उहाँले कलेज आउन खवर पठाउनु भयो । सतर्कतापुर्वक गएर उक्त टिचिंग प्राक्टिस जसोतसो सके । त्यसपछि पनि खुला रूपमा काम गर्ने सहज अवस्था बनेन । प्रशासनसंग जोगिएर काम गर्ने निर्णय अनुसार मलाई इलाम सिरिसेतिर पठाइयो । अव पढाई रोकियो । कुदाइ बढ्यो । केही समयपछि चिया बगानमा काम पनि गर्ने र संगठन पनि बनाउने कुरा भयो । त्यही विचमा २०३८ सालमा अनेरास्ववियूको छैटौ राष्ट्रिय सम्मेलनमा प्रतिनिधिको रूपमा काठमाडौँ जाने भइयो । साथमा एकजना मजदुर फाटको आमा पनि हुनुहुन्थ्यो । झापा पुग्दा हामी सिआइडीको निगरानीमा परेको शंका लाग्यो । चिया पसलमा छिरेर लुक्यौ । साझ काठमाडौँ जाने वस चढ्दा हामी तोकिएको भन्दा फरक गाडिमा परेछौ । काठमाडौँ पुग्यौ । तर कसलाई सम्पर्क गर्ने पत्तो भएन । सम्पर्क टुट्यो ।

शहरभरी विद्यार्थी सम्मेलनस्थलमा प्रहरी हस्तक्षेप भएको हल्ला सुनियो । हामी एउटा वस चढेर इन्जिनियरिंग कलेजतिर गयौ । जहा सम्मेलन हुने कुरा थियो ।

त्यहा पुग्दा प्रहरी दमनका कारण अवस्था लथालिंग रहेछ । भाग्ने क्रममा आमा र म पनि छुट्टीयौ । शहरमा मानिस गाउँका जस्ता सहयोगी र दयालु हुदा रहेनछन । कसैले सहयोग गरेनन । अलपत्र अवस्था थियो । अव के गर्ने अन्यौलता भयो । त्यही विचमा एउटा ट्याक्सी महिला छात्रावास भन्दै आयो । त्यसैमा चढेर कीर्तिपुर छात्रावास पुगेपछि सुरक्षित महसुस भयो । दुई/तीन दिनसम्म यता र उता कुदाकुद गरियो । सम्मेलन सकिएको जानकारी भयो । हामी इलाम फर्कियौ ।

**भूमिगत कामको थालनी**

फर्किएपछि पनि भूमिगत रूपमा नै काम गर्न थालियो । केही समयपछि ठिंगेपुरमा शिक्षण पनि गर्ने र संगठनको काम पनि गर्ने सल्लाह अनुसार पढाउन थाले । तर, ११ महिना पढाएपछि त्यहाबाट पनि अवकास दिइयो । चेतनाथ सापकोटा पाचथरमा भूमिगत रूपमा पार्टी काम गर्नुहुन्थ्यो । अव साथिहरूले उहासंग विवाह गर्नका लागि प्रस्ताव ल्याउनु भयो । मैले परिवारको सहमती विना गर्दिन भने । दाजुसंग कुरा भयो । तिमिलाई मन परेको छ भने गर्दा हुन्छ भन्नु भयो । तर मलाई आमा बुबा भेट्नु थियो । भोजपुर गए । इलाम फर्कन मन थिएन । संखुवासभामा पढाउन थाले । पार्टीले विवाह टुंगो गरेर गएको कारण धोका दिन हुदैन । तुरुन्त इलाम फर्कनोस भनेर वोलाएपछि म इलाम आए । त्यसपछि २०४० असार २४ गते हाम्रो विवाह भयो । विवाहको योजनाकार र सहभागी चित्र निरौला, अगम बान्तवा, प्रदिप नेपालहरू हुनुहुन्थ्यो । त्यतिखेर मेरो पार्टी नाम माला थियो । भिम दाई र सकुन्तला दिदिलाई थाहा थियो । तर पनि उहाहरू पनि वोलाइन ।

भूमिगत नेतासंग विवाह गरिएकोले परिवारको कसैलाई खवर गरिएन । छ महिनापछि अवव परिवारलाई जानकारी दिनुपर्छ भनेर मंसिर ७ गते विवाह छ आउनोस भनेर इलाममा पढाउदै गरेको प्राध्यापक मामा भत्तल वहादुर विष्टलाई खवर गरे । दिदि भिनाजुलाई खवर नगरेको विवाहमा आउदिन भन्नुभयो । त्यो खवर परिवारलाई जानकारी गराउनका लागि मात्र थियो । त्यसपछि सिएन कमरेड पार्टी कामको लागि ताप्लेजुङ जानुभयो ।

म पनि अव भूमिगत भएर नै काम गर्न थाले । इलामको पुर्वी क्षेत्र सिरिसे, माइपोखरी, मावु, जमुना, प्यांग लगायत क्षेत्रमा जनतालाई संगठित गर्ने काममा लागे । तयस

समयमा संगै काम गर्ने कमरेडहरू अगम बान्तवा, चित्र निरौला, देउकला, रामकुमारी राईहरू हुनुहुन्थ्यो । मेरो धैरै जसो आश्रय लिने परिवार टेक वहादुर राई, प्रेम आचार्य, उमेश मुखिया, वर्तमान गुरुंग लगायतको थियो । घरको आमाहरूले धैरै सहयोग र माया गर्नुहुन्थ्यो । तर, अहिले उहाहरूको नाम भुले ।

विवाहपछि हामी गोप्य रूपमा भ्फापा घर गएका थियौ । घरमा एकजना जितपुर काण्डका आरोपी सिएन कमरेडको घरमा नचिनिने गरी बसेका रहेछन । उनलाई खोज्न आउने प्रहरीले घर घेरेको रहेछ । त्यसदिन हामी पनि घरैमा थियौ । त्यसपछि जेठानी दिदिले उनीहरूलाई वाहिर अलमल्याउनु भयो । हामीले पुस्तक र अन्य दस्तावेज पोको पारेर पछाडी भ्र्यालबाट मकै वारीमा हामफालेर भाग्यौ । कुहिरो लागेको समय थियो । हामी अलैचीवारी हुदै त्यहाबाट फुत्कियौ । तयसपछि फेरी दुई/अढाई वर्ष भूमिगत भएर काम गरियो ।

## अर्धभूमिगत हुँदै खुला भए

२०४२ सालमा हाम्रो जेठो छोरा जन्मियो । त्यसपछि अर्धभूमिगत भएर काम गर्द थिए । फेरी गर्भवती भए । २०४३ मा छोरी जन्मिइन । परिवार सहयोगी भएकोले पार्टीको काम पनि गर्ने र बच्चा पनि हुर्काउने काम गर्दै थिए । २)४४ मा कान्छो छोरा जन्मियो । अव तीनवटा बच्चासहित काम गर्न गाह्रो भयो । म भूमिगत जीवन त्योगरे सला भए । खुला रहेर जे जति काम गर्न सकिन्छ, त्यही गर्न थाले । २०४६ सालमा वहुदलीय व्यवस्था आयो । अव काम गर्न सहज वातावरण बन्यो । सिएन कमरेड पार्टीको काममा नै हुनुहुन्थ्यो । म परिवारमा अलि व्यस्त भए । तर पनि पार्टी काम छाडेकी थिइन । म दुई कार्यकाल पार्टी जिल्ला कमिटीको सदस्य भए । पछि काम गर्ने इच्छा हुदाहुदै पार्टीबाट वाहिरिन पऱ्यो ।

## परिवारिक वज्रपात

यही विचमा परिवारिक घटनाले विक्षिप्त बनायो । २०६० सालमा जेठो छोराको १८ वर्षको उमेरमा मिर्गौला फेल भएको पत्ता लाग्यो । उपचारको व्यवस्था मिलाउदै गर्दा तीनै दिनपछि नै उस्को मृत्यु भयो । परिस्थितिलाई सहन गर्दै थियौ । कान्छो छोरा काठमाडौमा पढ्दै थियो । अमेरिका जाने भिषा लागेछ । त्यसैबेला संविधान साको निर्वाचन पनि थियो । निर्वाचनमा मत पनि राख्ने र परिवारसंग पनि भेटघाट

गर्ने भनेर झापा आएका थिए । निर्वाचन सहिएपछि काठमाडौँ जाने क्रममा गाडीको सीट भरी भएकोले आफ्नो सीट अर्को यात्रुलाई छाडेर छतमा वसेर यात्रा गर्ने क्रममा विर्तामोड अदुवा खोला नजिक छतबाट खसेर टाउकोमा गम्भिर चोट लाग्यो । उपचारको लागि सिलिगुडी लगियो । तर बचाउन सकिएन । २० वर्षको उमेरमा कान्छो छोरा पनि विते । चार वर्षको विचमा दुईजना लक्का जवान छोराहरू गुमाउनु पर्दाको पिडा सैह्य थिएन । तर, वामपन्थी आन्दोलनमा लागेर भौतिक संसारको वारेमा कुरा वुझेको कारण त्यो दुवै घटनालाई सहन मद्दत मिल्यो । छोरी विवाह गरेर आफ्नो परिवारसहित हल्दीस्वारीमा वस्छिन । परिवारमा अहिले हामी श्रीमान/श्रीमती मात्र छौ ।

## योगदान खेर नजाओस

पार्टीमा अहिले साधारण सदस्य मात्र भएर वसेको छु । पार्टीमा नया सदस्यहरू धेरै आएका छन । संसदीय फाटमा पनि धेरै साथिहरू पुगेका छन । तर, हिजो ज्यान जोखिममा लिएर काम गर्ने हामी जस्ता मान्छे किनारा लागेर वसेका छौ । आवश्यक भएमा र जिम्मेवारी पाएमा अझै पनि काम गर्ने जागर, साहस र इच्छा छ । हाम्रो एउटै चाहना छ, हामी जस्ता सैयौ/हजारौ मानिसको दुखले बनेको पार्टी नविग्रोस । हाम्रो योगदान खेर नजाओस । हिजो देखिएको र देखाइएको श्रमजीवी जनताको पक्षपोषण, समानता। समृद्धी र सामाजिक न्यायको पक्षमा पार्टी निरन्तर लाग्न सकोस ।

***

# अधिकार प्राप्तिका लागि होमिएको जीवन : सीता गिरी*



आमा गौरी गिरी र बुबा हरिलाल गिरीको कोखबाट मेरो जन्म २०२४ साउन २ गते भएको थियो। विद्यालयमा अध्ययन गर्दै गरेको अवस्थामा जनताको अधिकार प्राप्ति र समाज रूपान्तरणको नाममा परिवार छाडेर हिड्दा मेरो उमेर १९ वर्षको थियो। कास्कीको तत्कालीन रिभान गाउँ पञ्चायतको हुम्दीमा जन्मिएर विद्यालयमा अध्ययन गर्दैगर्दा पढाइ र परिवार दुबै छाडेर हिडेको थिएँ। घरका जेठा दाजु गोपाल गिरी वामपन्थी विचारधाराको समर्थक हुनुहुन्थ्यो। त्यही क्रममा उहाँ तत्कालीन नेकपा (माले)को कार्यकर्ता हुनुभयो। हाम्रो घर नेकपा (माले)को भूमिगत नेता कार्यकर्ताहरू बस्ने सेल्टर बन्न थाल्यो। कहिलेकाहीँ घरमा बैठक भेलाहरू पनि सञ्चालन हुन्थ्यो। दाजुमार्फत् मेरो पनि अन्य कार्यकर्ता कमरेडहरूसँग सम्पर्क हुन थाल्यो। घरमा पार्टीका कमरेडहरू वामदेव गौतम, किरण गुरुङ, त्रिलोचन ढकाल, जीवराज आश्रित, गोमा देवकोटा, लोचना अधिकारी, प्रभा कोइराला, भक्तबहादुर थापा, शिवजी कोइराला, हेमन्त, लगायत आउने बस्ने आश्रयस्थल पनि भएको हुनाले उहाँहरूसँग भेटघाट र कुराकानी हुने गर्दथ्यो।

**विद्यालयमा राजनीतिक प्रभाव**

त्यही क्रममा २०३५/०३६ सालको विद्यार्थी आन्दोलन भयो। विद्यालयहरूमा समेत राजनीति पुग्यो। विद्यालय पढ्दै गर्दा म पनि संगठित हुन पुगेँ। त्यतिखेर तत्कालीन अवस्थामा पञ्चायती व्यवस्था र निरङ्कुश राजतन्त्रको एकलौटी शासन भएकोले जनताका हक अधिकारका बारेमा खुल्ला रूपमा केही बोल्न पाइदैन थियो। यस्तो अवस्थामा ‘समाजमा कोही बेस्सरी धनी र कोही एकदम गरिब थिए। पढ्ने, लेख्ने अवसर सबैका लागि थिएनन्। आर्थिक उपार्जनको बाटो थिएन। स्वास्थ्य उपचार नपाएर मानिसहरू अकालमै मर्नु पर्दथ्यो। यो अवस्थाको मूल कारण पञ्चायती व्यवस्था हो र हामी सबै मिलेर यस्तो व्यवस्थाको अन्त्य गरेर प्रजातन्त्र ल्याउन आन्दोलनमा लाग्नुपर्दछ भनेर घरमा आउने सबै नेता कार्यकर्ताहरूले सुनाउनु हुन्थ्यो। यस्तो विषयहरू म सानै उमेरमा भए पनि चाख दिएर सुन्ने गर्दथेँ। ‘हाम्रो देशमा धनी गरिब सबै जना बराबरी भएको

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो।*

व्यवस्था ल्याउने हो । अहिलेको अवस्था भनेको असमान छ, धनी गरिब, महिला र पुरुष बीचमा असमानता छ । महिलाहरूलाई त झन् यो व्यवस्थाले नागरिक सरह पनि व्यवहार गर्दैन । त्यसैले यस्तो व्यवस्थाको अन्त्य गर्न हामी सबै संगठित रूपमा लाग्नु पर्दछ र अरुलाई पनि संगठित गर्नु पर्दछ भनेर सम्झाउनु हुन्थ्यो । यस्तो कुराहरू सुनेपछि हामीहरू व्यवस्थाको अन्त्यको निम्ति उत्साहपूर्वक लाग्न थाल्यौँ । कहिलेकाहीँ घरमा आउनु भएका नेता कमरेडहरूले सञ्चालन गर्नुभएका बैठक भेलाहरूमा उपस्थित हुने गरियो । दाजुले पनि घरमा बसेको बेला पञ्चायती व्यवस्था विरोधी कुराहरू सुन्नुपर्छ भन्नु हुन्थ्यो र आफूले पनि सुनाउनु हुन्थ्यो ।

यही पृष्ठभूमिका कारण २०३६/०३७ सालको विद्यार्थी आन्दोलनमा सहभागी हुन थालेको थिएँ । उक्त आन्दोलनको दबाबले बहुदलीय व्यवस्था वा सुधारिएको पञ्चायत भन्ने विषयमा जनमत संग्रहको घोषणा भयो । त्यतिबेला जनमत संग्रह धाँधली हो । जनतालाई झुक्याउन यस्तो चालबाजी रचिएको हो भन्दै पार्टीले बहिष्कार गर्ने नीति लिएको थियो । उक्त नीतिलाई जनता बीचमा प्रचार गर्न र जनतालाई जनमत संग्रहमा भाग लिन हुँदैन भनेर सम्झाउनको लागि तत्कालीन ल्वांघलेल गाबिसको खोराको मुख भन्ने ठाउँमा सभाको आयोजना भएको थियो । उक्त सभामा दाजुले लेखिदिएको भाषण बेञ्चमाथि चढेर पढेर सुनाउँदा तेह्र वर्षको थिएँ । त्यही बेलादेखि मेरो सक्रिय राजनीतिक यात्रा शुरु भयो ।

२०३७ भाद्रमा अनेरास्ववियुको कास्की जिल्लाको प्रथम जिल्ला सम्मेलन पोखराको बाटुलेचौर बिन्ध्यबासिनी माध्यामिक विद्यालयमा आयोजना भएको थियो । त्यतिबेला म बराह माध्यमिक विद्यालय भेडाबारीबाट प्रतिनिधिको रूपमा उपस्थित भएकी थिएँ । धेरै मान्छेहरू जमघट भएको देखेको यो नै पहिलो कार्यक्रम थियो । विद्यार्थी नेता टंक कार्की र राधा गिरीले मन्चबाट भाषण गर्नुभएको थियो । उहाँहरूले समाजमा महिलाहरूमाथि भएको विभेदका बारेमा बोल्नुभएको कुराले धेरै प्रभावित गऱ्यो । राजनीतिमा लाग्दा पहिलो पटक धेरै साथीहरूसँग भेटघाट भएर पञ्चायत विरोधी कुराहरू सुनेको यो पहिलो कार्यक्रम थियो । त्यही दिनदेखि हाम्रो गाउँमा रातिराति आउने ५/७ जना कमरेडहरू मात्र होइन, ठूलो संख्यामा मानिसहरू पञ्चायती व्यवस्थाको विरोधमा लागेका रहेछन् भन्ने महसुस भयो र त्यसै सम्मेलनबाट पञ्चायतको विरुद्धमा लाग्नुपर्छ भन्ने अठोट गरेर फर्किएको थिएँ । यसरी शुरुवात भएको राजनीतिक यात्रा विभिन्न आरोह अवरोहहरू पार गर्दै निरन्तर जारी छ । यो बीचमा भएका सुख-दुःखका अनुभवहरू सम्झेसम्म लेख्ने कोसिस गरेको छु ।

## आन्दोलनमा सहभागिता

जनमत संग्रहको चुनाब बहिस्कार सम्बन्धी सभाहरूमा सहभागी हुने र जनतालाई पनि सहभागी गराउने कार्यबाट शुरु भएको यात्रा अगाडि बढ्ने क्रममा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (मार्च ८) मा विद्यालयमा र सार्वजनिक स्थलहरूमा पनि महिलाहरूलाई जम्मा गरेर यसको महत्त्वको बारेमा बताइन्थ्यो। महिला र पुरुष बीचमा भएको विभेद हटाउन पञ्चायत विरुद्धमा संगठित भएर लाग्नुपर्ने विषयमा बोलिन्थ्यो। यस्तै गरी मजदुर दिवस र अन्य जनसरोकारका विषयहरूमा हुने आन्दोलनहरूमा सहभागी भई जनतालाई पञ्चायत र निरङ्कुश राजतन्त्रको विरुद्धमा जनमत निर्माण गर्ने कार्यमा सक्रियता बढ्न थाल्यो।

२०३८ सालमा काठमाडौँबाट घुम्न आएका नमिता र सुनिताको वलत्कारपछि हत्या गरेर फ्याँकेको शव पोखराको फुलबारी स्थित सैनिक ब्यारेक नजिकै सेती नदीको किनारमा भेटिएको घटना विरुद्ध पोखरामा महिलाहरूको सहभागितामा व्यापक आन्दोलन भएको थियो। उक्त हत्याकाण्डमा संलग्न भएका व्यक्तिहरूलाई कारवाही गर्नुपर्छ भन्दै भएको जुलुसमा सहभागी भइयो। यस घटनाले राजतन्त्रको विरुद्धमा जनमत निर्माण गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। यो आन्दोलनमा धेरै भन्दा धेरै महिलाहरूलाई सहभागी गराउने काममा सक्रिय भइयो ।

२०४० माघे सक्रान्तिमा सिन्धुपाल्चोक जिल्लाको पिस्कर भन्ने ठाउँमा भएको प्रहरी दमन र हत्याकाण्डको विरोधमा देशव्यापी आन्दोलन भएको थियो। त्यस क्रममा विद्यार्थी कार्यकर्ताको हैसियतले विभिन्न विद्यालयमा जाने र पञ्चायतले शोषित पीडित जनताहरू विरुद्ध बिना कारण गरिएको दमन र हत्याको विरुद्ध आवाज उठाउनु पर्छ भनेर विभिन्न ठाउँमा पर्चा बाँड्ने, पोष्टर टाँस्ने, विभिन्न विद्यालयमा गएर पञ्चायतको विरुद्धमा भाषण गर्ने, कालो झण्डा गाड्ने आदि क्रम जारी थियो। यही क्रममा कास्कीको लाहाचोक गाविसको महेन्द्र माविका प्रधानाध्यापक श्रीराम मिश्रले कालो झण्डा गाड्न दिनु भएन। त्यति बेलाका मण्डले गुण्डा लगाएर हामीमाथि भौतिक आक्रमण गर्न लगाउनु भयो। तर त्यही क्षेत्रका हाम्रा समर्थकहरूले जनताको घरमा लुकाएर हामीलाई जोगाउनु भयो र ठूलो दुर्घटना हुनबाट बचियो।

आन्दोलनको क्रममा बढ्दै गएको सहभागिताको क्रममा २०४३ सालमा भएको राष्ट्रिय पञ्चायत र स्थानीय पञ्चायतको निर्वाचनमा जनपक्षीय उम्मेदवारको पक्षमा प्रचार कार्यमा सक्रियतापूर्वक लागियो। राष्ट्रिय पञ्चायतका साथै कास्कीको धेरै पञ्चायतस्तरको

निर्वाचनमा सफलता पनि मिल्यो । यसपछि नेकपा (माले) को प्रभाव देशव्यापी रूपमा फैलिनुकासाथै लोकप्रियता पनि बढ्दै गएको थियो । पञ्चायती शासकहरू पनि आतङ्कित बन्दै थिए । परिणाम स्वरुप उनीहरूले दमनका विविध हत्कण्डाहरू प्रयोग गर्न थाले । कम्युनिष्ट कार्यकर्ताहरूलाई ठाउँ ठाउँमा कुट्ने, हत्या गर्ने, गिरफ्तार गरी जेल हाल्ने आदि गर्न थालेका थिए । महिलाहरूलाई धम्क्याउने, चरित्र हत्या गर्ने जस्ता कार्य बढ्न थालेको थियो । यसैक्रममा सार्दीखोलाको भुर्जुङ खोलामा महिला कार्यकर्ताहरूले पञ्चायतको विरुद्धमा पोष्टर टाँस्दै गरेको बेलामा प्रशासनद्वारा खटाइएका चारजना स्थानीय मण्डले गुण्डाहरूले एकजना महिला कार्यकर्ता माथि सामूहिक वलत्कार गरी भागे । यस वलत्कार काण्डको विरुद्धमा व्यापक आन्दोलन भयो । यो आन्दोलन पोखराको सडकमा मात्र सीमित रहेन । राष्ट्रिय पञ्चायतको सदनसम्म आवाज उठ्यो र वलत्कारी गुण्डाहरूलाई गिरफ्तार गरी कारवाही हुनुपर्छ भन्ने आवाज देशव्यापी रूपमा फैलियो । आन्दोलनको दबाबका कारण वलत्कारी चारैजना गुण्डाहरूलाई गिरफ्तार गर्न प्रशासन बाध्य भयो । गिरफ्तारीपछि उनीहरू जेल चलान भए र पाँच वर्षको जेल सजाय भए । यसरी महिला र सम्पूर्ण जनसमुदायलाई सचेत गराई आपराधिक कार्य गर्ने गुण्डाहरूलाई आन्दोलनको बलले कारवाही गराउनेसम्मको आन्दोलनको नेतृत्व भूमिगत अवस्था मै गरियो ।

**जनसंगठन हुँदै भूमिगत राजनीतिसम्म**

२०३८ सालमा विद्यार्थीको इलाका कमिटी सदस्यको जिम्मेवारी लिंदै काम शुरु भएको सांगठनिक जीवन त्यसपछि अनेरास्ववियूको जिल्ला कमिटी सदस्य हुँदै अखिल नेपाल महिला संघको काम पनि साथसाथमा अगाडि बढाइयो । जनतालाई सचेत र संगठित गर्ने काम गरियो । यसै क्रममा सांस्कृतिक कार्यक्रमका माध्यमबाट कास्कीका जनतालाई सचेत गराउने उद्देश्य राखी ‘सेतीको सुसेली सांस्कृतिक परिवार’ निर्माण गरियो । यस संस्थाले विभिन्न जनवादी गीतहरू तयार गरी जनचेतनामूलक गीत र नाटकका माध्यमबाट कास्कीका हजारौं जनतालाई जागृत गराउने काम भयो । सेतीको सुसेली सांस्कृतिक परिवारमा कृष्ण थापा, भुवन सुवेदी, काले गोपाल श्रेष्ठ, रामचन्द्र थापा, दुर्गा आचार्य, मैना आचार्य, नरेन्द्र थापा, भक्तबहादुर थापा, हर्क गायक, रमेश श्रेष्ठ सहित म आफू पनि संलग्न थिएँ ।

२०४२ भदौ महिनामा भूमिगत काम गर्न जाने भनेर एकजना महिला साथी विमला घरमा लिन आउनुभयो र आमा बुबालाई सम्झाई बुझाई मलाई लिएर हिड्नुभयो । ठूलो दाजु गोपालले मलाई बिदाइ गर्दै भन्नुभएको थियो ‘जनताको पक्षमा काम गर्न हिडेकी

छ्यौ। होसियारी पूर्वक काम गर्नु। आफ्नो स्वास्थ्यको ख्याल राख्नु। बेला बेलामा मौका मिलाएर घरमा भेटघाट गर्न आउनु।' तर आमाले भने नजाउ भनिरहनु भएको थियो। हाम्रो घर भूमिगत कार्यकर्ता बस्ने सेल्टर भएको हुँदा उहाँहरूले आमालाई बेला बेला सम्झाउने गर्नुहुन्थ्यो। मैले आमालाई दुई महिनापछि आउँछु भनेर हिडेकी थिएँ। घरबाट हिडेपछि म पहिला पोखराको कर्मचारी साथीको डेरामा गएँ। त्यहाँ पार्टीका भूमिगत नेता अगम (त्रिलोचन ढकाल) र विनय (शारदा सुवेदी)सँग भेट भयो। उहाँहरूले जनतासँग सरल जीवनशैली अपनाउने, आफ्नो सबै काम आफैं गर्ने, सेल्टर लिएर बस्दा जनताको काममा सहयोग गर्ने, जनताबाट लिएको सानो भन्दा सानो वस्तुहरू पनि फिर्ता गर्ने, जनतालाई दुःख, कष्ट परेको बेलामा जनताको पक्षमा आवाज उठाउने, साँचो बोल्ने, सधै नैतिक आचरणयुक्त जीवन बिताउने लगायत जनताको घरमा सेल्टर लिएर बस्दा ख्याल गर्नुपर्ने धेरै विषयहरूका बारेमा सचेत गराउँदै मेरो कार्यक्षेत्र र कामको बारेमा जानकारी गराउनुभयो।

मेरो भूमिगत काम गर्ने क्षेत्र कास्की जिल्लाको पूर्वी भेगमा पर्ने तत्कालीन गाउँ पञ्चायतहरू अर्मला, भलाम, पुरन्चौर, लामाचौर, बाटुलेचौर आदि मेरा जिम्मामा थिए। भूमिगत ठाउँमा परिचित हुनका लागि मेरो नाम वर्षा राखिएको थियो। भूमिगत काम गर्दा एउटा गाउँ पञ्चायतका विभिन्न ठाउँमा गरी तीन/चारवटा सेल्टर हुन्थे। सेल्टरका वरिपरिका जनताहरू जम्मा पार्ने र पञ्चायतका विरुद्ध संगठित र प्रशिक्षित गराउने काम गरिन्थ्यो। एउटा गाउँमा जाँदा त्यस गाउँका सबैभन्दा राम्रा आचरण युक्त व्यक्ति छनौट गर्ने र उनलाई पञ्चायत विरुद्धका कुराहरू सुनाउने र संगठित गर्ने काम गरिन्थ्यो। उनीहरूमार्फत् जनतामा जनचेतना फैलाउन र विश्वासिलो वातावरण बनाउन सजिलो हुन्थ्यो। यसरी काम गर्दा गाउँमा रहेका असल र सचेत शिक्षकलाई संगठीत गरी परिचालन गर्ने काम प्राथमिकतामा पर्दथ्यो। यस्तै काम गर्ने क्रममा करिब चार वर्षको भूमिगत जीवन कास्की जिल्लाको त्यही पूर्वी भेगमा बिताइयो। २०४६ सालको आन्दोलनबाट पञ्चायतको अन्त्यसँगै खुल्ला राजनीतिमा आइयो।

**स्मरणमा आश्रयदाता**

अहिले सम्झदा ३८/३९ वर्ष पुरानो कुरा हो, लामो समय भएकोले मलाई सेल्टर दिएर सुरक्षित राख्ने, खाना पकाएर खुवाउने कतिपय आमा बुबाहरूको मृत्यु समेत भइसकेको छ। मृत्यु हुने सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। सम्झेसम्मका आदरणीय सेल्टरदाताहरूमा पुरन्चौरका निलकण्ठ बास्तोला, इन्द्र कुमारी र टंक नाथ पौडेल,

नारायण रेग्मी, नन्दलाल गौतम, त्रिलोचन बास्तोला, बलराम बास्तोला, तेज बहादुर अधिकारी, डिल्लीराम पौडेल, तिलक बास्तोला लगायत हुनुहुन्थ्यो । लामाचौरका गोबिन्द गौतम, तुलसी गौतम, टुकलाल सुनार, लिप्त कुमारी गौतम, मिठु गौतम, प्रेम पौडेल, हुतराज पौडेल, नित्यानन्दन पौडेल, भूपति आचार्य, होमनाथ गौतम, गोविन्द पौडेल र बाटुलेचौरका कृष्ण प्रसाद अधिकारी, सोमनाथ प्यासी, चोमनाथ अधिकारी आदि हुनुहुन्थ्यो । अर्मलाका लिलाधर आचार्य, कुलप्रसाद भट्टराई, चूडामणि आचार्य, विष्णु गुरुङ, मैना गुरुङ, राधा भट्टराई लगायत हुनुहुन्थ्यो भने आर्वाका इमनाथ बराल, गोमादेवी बराल, लिलाधर बराल, श्रीनाथ बरालको परिवारमा धेरै बसेको थिएँ । कालिका क्षेत्रको मानबहादुर जिसी, देवीप्रसाद कुइकेल, मधुमाया सापकोटा, ठाकुर पौडेल, नारायण पौडेल र राखीको वामदेव ढुंगाना, श्रीभद्र बराल, सूर्य भण्डारी, विष्णुहरि ढुंगाना, नवराज ढुंगानाहरूको घर मेरो सेल्टर थियो । बेगनासस्थित खगराज अधिकारी, भोजराज अधिकारी, ऋषिमाया अधिकारी, सूर्य अधिकारी, गोकर्ण तिवारीका घर मेरो आवस क्षेत्र थियो भने सिसुवामा लेखनाथ घिमिरे, उत्तम सापकोटा, कृष्ण प्रसाद सापकोटा, टिकाराम पगेनी, कृष्णकला वाग्ले, विनय वाग्लेका घर मेरो नियमित जाने ठाउँ थिए । रुपाकोटका राधाकृष्ण लामिछाने, थुम्कीको मधुमाया सुवेदी, सोमबहादुर सुनारी, लेखनाथ कोइराला, हंसपुरका राजेन्द्र नेउपाने, लोकप्रिय नेउपाने, चन्द्र गिरी, राजेन्द्र नेउपाने, दिवाकर सुवेदी आदि थिए । तारकांगका लक्ष्मी सापकोटा, बृहस्पति सापकोटा, यामनाथ सापकोटाको परिवार मेरो आफन्त जस्ता थिए । पार्टी कामको विकास र प्रभाव बिस्तार गर्ने क्रममा उहाँहरू सबैको महत्त्वपूर्ण भूमिका रहेको थियो । पार्टीहरू प्रतिबन्धित भएको बेलामा हामीलाई सेल्टर दिएर जोगाएर राख्ने कुरा निकै जोखिमपूर्ण र अप्ठ्यारो थियो । यस्तो बेलामा पनि सेल्टर दिएका साथीहरूले उच्च मनोबलका साथ भूमिगत नेता/कार्यकर्तालाई सहयोग गर्नुभएको थियो ।

ती दिनहरूमा पार्टीभित्र वर्गीय मित्रता, त्याग, वलिदानी भावना, निष्ठा र उच्च नैतिक मूल्य-मान्यतालाई उच्च स्थानमा राखिन्थ्यो । इमान्दारिता, अनुशासन र गोपनीयताको विषय असाध्यै महत्त्वका साथ लिइन्थ्यो । समयलाई असाध्यै ध्यान दिइन्थ्यो । गाउँका सेल्टरहरूमा सामान्यतया एक जना मात्र बस्न मिल्ने हुन्थ्यो । केही सेल्टर अलि ठूला भेला बैठकहरू गर्न मिल्ने खालका थिए । शहर बजारमा कर्मचारी, शिक्षक, मजदुर र विद्यार्थीहरूको डेरा हाम्रा सेल्टर हुन्थे । यस्ता सेल्टरहरूमा पोखरामा माया केसी, सूर्य मोहन सुवेदी, सुशिला/ईश्वर आचार्य, कमला/सिताराम गुरुङ, माया/चुडामणि जंगली,

सम्झना/रविलाल अधिकारी, हरी त्रिपाठी, नन्दकली चापागाईं आदिको डेरा थिए। अन्य क्षेत्रमा काम गरेर पोखरा आउँदा नुवाइ धुवाइको काम गरिन्थ्यो। शहरमा भन्दा गाउँमा सतर्कता अपनाउनु पर्दथ्यो। जनताले दिएको आँटो, रोटी, मकै, खोले, फाँडो मिठो मानेर खाइन्थ्यो। एउटा सेल्टरबाट अर्कोमा जान रातिको समय प्रयोग गर्नुपर्थ्यो। यस क्रममा कैयौँ रात खाना नखाएर नै बिताउनु पर्दथ्यो। गाउँमा खाना खाने होटेल पसलहरू पनि थिएनन् र भए पनि सुरक्षाको कारण जान मिल्दैन थियो। यसरी जनतालाई राजनीतिक रूपमा सचेत र संगठित गराउन आफ्नो घर परिवार, रोजीरोटी, शिक्षा, व्यवसाय सबै त्यागेर प्रतिक्रियावादीहरूबाट लुकिछिपी परिवर्तनका नाममा सबै कुरा अर्पण गरी कास्की जिल्लामा भित्रभित्रै जनतालाई सचेत र संगठित बनाउन भूमिगत हुने महिला र पुरुष साथीहरूको संख्या उल्लेख्य थियो। यसैगरी खुल्ला रहेर पार्टीका लागि पूर्णकालीन रूपमा काम गर्ने कमरेडहरूको संख्यामा पनि राम्रै थियो।

**भूमिगत काम गर्ने क्रममा घटेका अविस्मरणीय घटनाहरू**

२०४४ साल भाद्र महिनाको कुरा हो, एकरात धिताल गाउँमा किसानहरूको भेला सञ्चालन गर्न जानुपर्ने थियो। वर्षाको कारणले खोलामा बाढी आउने समय थियो। धेरै आउजाउको बाटो भन्दा मानिसहरू कम हिड्ने बाटो भएर जानुपर्ने थियो। रातिको समयमा बाटोमा पर्ने मर्दी खोला कहाँ कति गहिरो छ थाहा भएन। सँगै रहनुभएको एकजना पुरुष साथी र म सँगै खोला तर्न लाग्दा दुबै जनालाई खोलाले बगायो। ५० मिटर जति पर पुगेपछि म एउटा ढुंगाको छेउमा आड लागेर बच्न सफल भएँ। पुरुष कमरेड पनि कसोकसो जोगिनु भएछ। केही समयपछि मलाई बोलाउँदै र खोज्दै आएपछि भेट भयो। कपडा सहित साथमा भएका सबै कागजपत्रहरू भिजे पनि हामी बल्लतल्ल बाँच्यौं।

२०४३ चैत्रमा भएको तत्कालीन स्थानीय पञ्चायतको उपयोगको निर्वाचनमा मेरो कार्यक्षेत्र पर्ने पुरन्चौर, लामाचौर र अर्मलामा जनपक्षीय उम्मेदवारहरूले चुनाव जितेका थिए। २०४५ सालको शुरुदेखि नै पञ्चायती व्यवस्थाको अन्त्यको आन्दोलन तीव्र गतिमा अगाडि बढाइएकोले स्थानीय प्रशासन व्यापक दमनमा उत्रिएको थियो। यस क्रममा २०४५ भदौमा जनप्रतिनिधिहरू तिलक बास्तोला, नरेन्द्र थापा, तेजप्रसाद काफ्ले, रुद्र आचार्य, इन्द्र गौतम लगायत गिरफ्तार भएका थिए। दमनको विरोध र बन्दी रिहाइको मागका लागि जनप्रतिनिधिहरूको वक्तव्य सङ्कलन गर्न जाने क्रममा गिरफ्तारीमा परेका पुरन्चौरका अभिभावकहरूले हाम्रा छोरा छोरीहरूलाई गिरफ्तारी गराउने यिनै हुन् भनी लोचना अधिकारी र मलाई घरको धुरी खाँबोमा बाँधेर प्रहरीलाई जिम्मा लगाउनुपर्छ

भनी हल्ला खल्ला गर्न थाले। त्यही बेला नजिकै रहनुभएको दिपक पौडेल खुकुरी सहित आई 'उहाँहरू मलाई भेट्न आउनुभएको हो, छाडिदेउ। नत्र यही खुकुरीले छप्काइ दिन्छु' भनेपछि हामीलाई छोडियो। त्यसपछि राति नै हामी दुबै पोखरा फर्किएर पार्टी नेता कमरेड विनयलाई जानकारी गराएका थियौँ।

जनताको घरमा सेल्टर लिएर बस्दा उहाँहरूले सधै न्यानो माया दिनुहुन्थ्यो। दशैं, तिहार, तीज जस्ता चाड पर्वमा कर्मचारी साथीहरू मिलेर हामीलाई नयाँ कपडाहरू किनिदिनु हुन्थ्यो। यसरी पार्टीको काम गर्दा कहिले अलि सजिलो र जनताको न्यानो माया पाइन्थ्यो भने कहिले जीवनमा नसोचेका घटनाहरू पनि घटे। जसबाट शिक्षा लिंदै पार्टीको निर्देशन अनुसार आफ्नो कामलाई निरन्तरता दिदै जनतालाई संगठित र आन्दोलित गर्ने कामको नेतृत्व गरिएको फलस्वरूप २०४६ साल चैत्र २६ गते पञ्चायतको अन्त्य र राजा सहितको बहुदलको घोषणा भयो।

**नयाँ राजनीतिक परिवेश र नयाँ कार्यपद्धतिको शुरुवात**

बहुदलीय व्यवस्था आएपछि हामी भूमिगत काम गर्ने कार्यकर्ताहरूलाई पनि खुल्ला संसार प्राप्त भयो। अब पार्टीको नीति कार्यक्रमहरू खुल्ला रूपमा ठूल्ठूला सभामार्फत् जनताको बीचमा प्रस्तुत गर्ने अवसर मिल्यो। यसै क्रममा २०४७ साल जेठ १ गते विद्यार्थी दिवसको अवसरमा पोखराको चिप्लेढुंगाबाट बाजागाजा सहित निस्केको विजय जुलुस अमरसिंह चौरमा पुगेर भव्य सभामा परिणत भयो। क. मोहनचन्द्र अधिकारी प्रमुख अतिथि भएको उक्त सभामा पहिलो पटक मैले पनि भाषण गर्ने अवसर पाएँ। जीवनमा पहिलो पटक यसरी ठूलो जनसभामा भाषण गरेर जनताको समर्थन लिन पाउँदा आफूलाई गौरव बोध भएको थियो। २०४७ असोजमा पार्टी कास्की जिल्ला कमिटीको निर्माण भयो। जसमा ११ जना साथीहरूमध्ये म मात्र महिला थिएँ। २०५७ सालसम्म एक दशक पार्टी जिल्ला कमिटीमा विभिन्न जिम्मेवारी पूरा गरियो। २०५४ सालमा गण्डकी अञ्चल समन्वय कमिटीको सदस्यको जिम्मेवारी प्राप्त गर्दै २०६७ बाट राष्ट्रिय परिषद्को सदस्य भएँ। २०७२ सालमा सम्पन्न पार्टीको नवौं राष्ट्रिय महाधिवेसनबाट केन्द्रीय सदस्य र दशौंपछि पोलिटब्युरो सदस्यका रूपमा जिम्मेवारीमा रहेको छु।

त्यही बीचमा २०४५ सालबाट अनेमसंघ कास्की जिल्ला कमिटीको अध्यक्ष, २०५३ बाट गण्डकीको अध्यक्षको जिम्मेवारी निर्वाह गर्दै चौथो राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यका रूपमा गण्डकी अञ्चलको इन्चार्ज हुँदै पाँचौं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय

सचिवमा निर्वाचित भई जिम्मेवारी बहन गरेँ । राज्यसत्तामा सहभागी हुने क्रम २०५७ मा कास्की जिल्ला विकास समितिको मनोनित सदस्यका रूपमा शुरुवात गरेँ । २०५८ फागुनबाट दुई वर्षको लागि राष्ट्रिय महिला आयोगको सदस्य भएर काम गर्ने अवसर प्राप्त भयो । २०६० देखि २०६३ को बीचमा पटक पटक गिरफ्तार भएर प्रहरी हिरासत पुग्ने सिलसिलामा दोस्रो जनआन्दोलनको क्रममा १९ दिन जेलजीवनको अनुभव पनि भयो ।

आन्दोलनको सफलतापछि २०६४ सालमा कास्की निर्वाचन क्षेत्र नम्बर ४ बाट संविधान सभा सदस्यमा निर्वाचनमा पराजित भए पनि २०७० सालको दोस्रो संविधान सभाको निर्वाचनमा उल्लेख्य मतान्तरले विजयी भएर संविधान निर्माण कार्यमा भूमिका निर्वाह गर्न पाइयो ।

**पारिवारिक जीवन**

मुलुकमा बहुदल आएर खुल्ला काम गर्न थालेको झण्डै दुई वर्षपछि २०४८ माघ १७ गते कास्की जिल्ला कमिटीको आयोजनामा तत्कालीन विद्यार्थी नेता कृष्णप्रसाद ओलीसँग पोलिटब्युरो सदस्य क. बलराम उपाध्यायको प्रमुख आतिथ्य तथा अन्य नेता/कार्यकर्ताहरूको उपस्थितिमा जनवादी विवाह सम्पन्न भयो । वनविज्ञान क्याम्पसमा अध्ययन गर्नु भएका कृष्ण कमरेडसँग विवाह हुनुपूर्व नै उहाँ पेशामा संलग्न रहेर घरपरिवारको जिम्मेवारी सम्हाल्ने र मैले पार्टी कामलाई निरन्तरता दिने समझदारी भएको थियो । यही अनुरुप मेरो राजनीतिक जीवन अविच्छिन्न रूपमा निरन्तर रह्यो । साथै सँगै रहनुभएको सासु आमा र जन्म घरतिरको पारिवारिक सहयोगले बच्चा-बच्ची हुर्काउन सहज भयो । पारिवारिक सहयोगले गर्दा नै पार्टी काममा निरन्तरताको अलावा दुई पटकसम्म संसदीय निर्वाचनमा सहभागी हुँदा खर्च बन्दोबस्त गर्न समेत सहयोग मिल्यो ।

**उपसंहार**

२०३७/०३८ सालको कलिलो उमेरमा राजनीतिका सबै पाटा र पक्षहरू बुझेर भन्दा पनि भावनात्मक रूपमा समाजमा रहेको सबै खाले विभेदको अन्त्य हुन्छ, समानतामूलक समाजको निर्माण हुन्छ भनेर राजनीतिमा लागियो । २०३८ देखि ०४२ सम्म खुल्ला र त्यसपछि २०४६ सालसम्म कष्टपूर्ण भूमिगत जीवन बिताइयो । जनताहरूलाई संगठित गर्दै आन्दोलनमा लाग्न प्रेरित गरियो । जसले गर्दा निरङ्कुश राजतन्त्र र पञ्चायती व्यवस्थाको अन्त्यसँगै फेरि ०६२/०६३ को आन्दोलनले स्थापना गरेको गणतान्त्रिक

व्यवस्था स्थापना भएपछि संविधान सभासम्म प्रतिनिधित्व गरी योगदान पु¥याउन सकेको छु। तथापि, जनताले अपेक्षा गरेका कुराहरू पूरा हुन अझै नसकेको कुरा पुराना सेल्टर दाताहरूसँग भेट हुँदा गुनासो सुन्नुपर्ने स्थिति विद्यमान छ, जुन कुराको अन्त्य हुनु आवश्यक छ।

अन्त्यमा, हाम्रो जस्तो पुरुषप्रधान समाजमा महिला कार्यकर्ताको रूपमा उमेरका विभिन्न खण्डमा आइपर्ने पारिवारिक जिम्मेवारी पूरा गर्दै राजनीतिक रूपमा निरन्तर अगाडि बढ्ने कुरा ज्यादै कठिन विषय रहेछ। बाल्यकालदेखि यहाँसम्म आउनका लागि नेतृत्व प्रदान गर्ने अगुवा नेताहरू, भूमिगत कालका सेल्टरदाताहरू, समकक्षी साथीहरू र परिवारका सबै सदस्यहरूको महत्त्वपूर्ण योगदान रहेको छ। उहाँहरू सबैप्रति जीवनभर आभारी हुनेछु।

***

# परिवर्तनका लागि भूमिगत भएँ: सीता बस्नेत*



मेरो जन्म तेह्रथुम आठराई युवा गाउँ पञ्चायत वार्ड नम्बर ८ मा २०१९ चैत ११ गते भएको थियो । बुबा कृष्णप्रसाद सिल्वाल र आमा कौशिला सिल्वालको कोखबाट काँइली छोरीका रूपमा मेरो जन्म भयो । मेरा चारजना दाजुहरू र पाँचजना दिदीबहिनी पनि गरी हाम्रा बुबाआमाका नौजना सन्तान थिए । हामी २०३४ सालमा मधेस झर्‍यौँ । हामी विद्यालय जीवनमा नै जनवादी गीत सुन्न र सांस्कृतिक कार्यक्रम हेर्न जान्थ्यौँ । हाम्रा दाजु र गाउँका दाजुभाइहरू मिलेर गाउँघरमा पनि सांस्कृतिक कार्यक्रम र भेला बैठक हुन्थे । भेला बैठकमा गाउँका दाजुभाइहरूले अब हामी नेकपा माले पार्टीमा लाग्नुपर्छ, सङ्गठित हुनुपर्छ, अन्यायको विरोध गर्नुपर्छ भन्नुहुन्थ्यो । त्यस कुराले हामीलाई पनि प्रेरणा दिन्थ्यो ।

भूमिगत जानुपूर्व संरचना शिक्षा दीक्षाको अवस्था राम्रै थियो । दाइ विद्यालयमा पढाउने हुँदा उहाँ शिक्षक सङ्गठनको सदस्य हुनुहुन्थ्यो । मध्यम वर्गीय किसान परिवार भएकोले आर्थिक अवस्था ठिकै थियो । खाना लाउन धेरै समस्या थिएन । सिंगो परिवार राजनीतिक रूपमा नेकपा (माले) को समर्थक थियो । पहाडबाट बसाइ सरी २०३४ सालमा झापाको पथरियामा आइयो । एकजना दाजुले बीए र दुई जना दाजु र बहिनी हरिकलाले आइए पास गरेका छन् । छोरी पढाउने चलन थिएन । तर, आमाको जोडले घरमै अक्षर चिनेर पछि विद्यालयमा तीन कक्षामा भर्ना भएको, म प्रथम भएँ । पाँच कक्षा पास गरेपछि तराई झरेपछि पढाइ छुट्यो । विद्यालय जान पहल गरेको थिएँ, तर मिलेन ।

## परिवर्तनको लागि म भूमिगत भएँ

दमकमा बस्ने कृष्ण गौतमले सम्पर्क गरेर चिनियाँ चित्रकथा, माओका पुस्तक, याङ काई हुइका जीवनी लगायत पढ्न दिन थाल्नुभयो । त्यसले हाम्रो चेतना जगायो । जनमत संग्रहमा आमाको साडी लगाएर बहुदलमा मत दिएको याद छ । गौरा प्रसाईका परिवार नजिकै थियो । उहाँको भाइहरू द्रोणाचार्य क्षेत्रीको सम्पर्क थियो । कालिदास, चिन्तन,

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो ।*

कैलाश नामका कमरेडहरू आउनु हुन्थ्यो । कुराकानी हुन थाल्यो । उहाँहरूको संगतबाट परिवर्तनको लागि काम गर्नुपर्छ भन्ने लाग्यो । सुमित्रा कडेरियाले २०३८ मा अनेमसंघको सदस्यता दिएर महिला संघको अध्यक्ष बनाइ दिनुभयो । विद्यालय जाने कुरा बन्द भइसकेको थियो । त्यसैले परिवर्तनको लागि म भूमिगत हिडेँ । २०३९ सालमा तीन दिने कार्यक्रम भएको थियो । त्यसको सुरक्षा गर्न पहिलो पाँच राउण्डमा सुरक्षा व्यवस्था गरेर कार्यक्रम भएको थियो । पूरै गाउँ तत्कालीन नेकपा (माले) को प्रभावमा थियो ।

नारायण सिंह राजबंसी र जयन्तले २०४३ मा ढुकुरपानी क्षेत्रमा अनेमसंघको पाँच जनाको महिला कमिटी बनाएर जिम्मा दिइयो । नेतृत्वमा पवित्रा निरौला आउनु भएको थियो । त्यसपछि पाँचवटा गाउँ पञ्चायत ओगट्ने गरी दुइवटा इलाकाको जिम्मा दिइयो । पार्टीको सक्रिय दलमा पनि जिम्मेवारी थियो । एकातिर समाजमा पञ्चायती शासकहरूको शोषण र दमन थियो । अर्कातर्फ पार्टीका पूर्णकालीन कार्यकर्ता घरमा आउनेजाने क्रमसँगै हाम्रो घर पनि भूमिगत कार्यकर्ताको सेल्टर बनेको थियो । त्यही क्रममा सुनेका कुरा, गाइने जनवादी गीत र गाउँमा आयोजना हुने सांस्कृतिक कार्यक्रमबाट भूमिगत जाने प्रेरणा मिल्यो । २०४३ सालबाट पञ्चायती व्यवस्थाको विरोधमा लाग्ने र सर्वहारावर्गको मुक्तिको लागि लाग्नुपर्छ भन्ने कुराले उत्साहित गऱ्यो । आफूले यी कुरा बुझिसकेपछि अरु जनतालाई पनि बुझाउँदै सङ्गठित गर्नुपर्छ भन्ने प्रेरणा अगुवाहरूबाट पाएपछि पूर्णकालीन भएर भूमिगत काममा लागियो ।

उत्प्रेरक व्यक्तिहरू कृष्णा गौतम, कालिदास श्रेष्ठ, प्रदिप नेपाल, गाउँका शिक्षक, नारायण सिंह राजवंशी, गौरा प्रसाई, सुमित्रा कडेरीया, द्रौपती दाहाल, पदम प्रसाईं लगायत कमरेडहरू मेरा प्रेरणाका स्रोत थिए । क्रान्तिप्रतिको विश्वास र सर्वहारावर्गको मुक्तिको लागि लड्नुपर्छ भन्ने भावना र प्रतिबद्धता थियो । म भूमिगत जानुपूर्व अखिल नेपाल महिला संघ, इलाका कमिटीको अध्यक्ष र झापा जिल्ला कमिटीको तयारी समीतिमा संगठित थिएँ ।

भूमिगत जानुको मुख्य कारण जनता र देशको मुक्तिको लागि उनीहरूलाई संगठित गर्दै सँगै व्यवस्था परिवर्तनमा लगाउनु थियो । २०४३ माघ १ गते त्यसबेला धरपकड र अन्याय अत्यचारले सीमा नाघी सकेको थियो पार्टीलाई कार्यकर्ताको खाँचो र मलाई पनि पार्टीमा काम गर्ने हिम्मत आयो । त्यही क्रममा २०४४ वैशाखबाट घोषित रूपमा भूमिगत भएँ । त्यसबेला अनेमसंघको जिल्ला सदस्य थिएँ । त्यतिखेर पार्टी र संगठनको लागि

भनेर मुठ्ठीदान गर्ने, सामूहिक श्रम गर्ने, पिकनिक जाने लगायत गतिविधिबाट आर्थिक सङ्कलन पनि गर्ने र राजनीतिक चेतना पनि दिने काम गरिन्थ्यो । काम गर्दै जाँदा २०४५ चैत्र २७ गते अनेमसंघ झापा जिल्ला कमिटीको अध्यक्ष भएँ । त्यसपछि पवित्रा, टिका लगायत साथीहरूलाई अन्य जिल्लामा पार्टी काम गर्न पठाइयो । म अध्यक्ष भएकै दिन अनेमसंघ इलामको जिल्ला सम्मेलनमा जानका लागि अष्टलक्ष्मी शाक्य र म बसपार्क गयौँ । रविन कोइरालाले चारआलीमा भेटेर हामीलाई लैजानुपर्ने थियो । तर भेट भएन । बुधबारे पुग्दा कसैले पछ्याए झैँ लाग्यो । तर, अष्टले शङ्का नगर्न भन्नुभयो । त्यसपछि इलामको विप्ल्याटेमा सम्पर्क गर्न कोही आउनुहुन्छ भन्ने भएपछि हामी गयौँ । त्यहाँ पुगेर एउटा चिया पसलमा बस्यौँ । राति लिन आउने साथीसँगै गएर कार्यक्रम सकियो । भोलिपल्ट साथीहरूले माइपोखरी हेरेर जान भन्नुभयो ।

**इमालको भेलाबाट फर्कदा पक्राउ**

चैत्र ३१ गते झापा आउने टिकट थियो । बिहान खाली पेटमा गाडी चढ्दा गाह्रो हुन्छ भनेर रोटी खाएर जाउँ भनेर खान थालेका थियौँ । प्रहरी निगरानी भएको थाहा भयो । हामी बस चढ्यौँ । तर, प्रहरीले घेरा हाल्यो र ओर्लन भन्यो । हामीले झोला छाडेर निस्कने सल्लाह गर्‍यौँ । हामीलाई पक्रियो । अर्को दिनबाट काँचो बाँसको भाटा, सिस्नुपानी, डोरी, लात्ती, झापड आदिले हामीलाई १७ दिनसम्म निरन्तर यातना दिइयो । ३५ दिन हिरासतमा राख्यो । चन्द्रकला दाहाल पनि सँगै हुनुहुन्थ्यो ।

हिरासतमा यति ठूलठूला जुम्रा थियो । एलर्जी हुने गरी टोक्थ्यो । राजकाज मुद्दा थियो । अदालतले हामीलाई १५/१५ सय र चन्द्रकलालाई तीन हजार धरौटी तोक्यो । पुरुष जेलबाट पैसा जम्मा गरेर राति नै तीन हजार पठाइदिनु भयो र हामी छुटेर लता प्रसाईको घरमा गयौँ । त्यहाँ अमृत बोहरासँग भेट भयो । औषधि किन्न अमृतले एक सय दिनुभयो । ६० रुपैयाँको दुईवटा औषधि किने र लगाएँ । त्यस बाहेक मैले पार्टीको पैसा प्रयोग गरिन । मलाई मेरो आमाले बेलाबेला खर्च दिनुहुन्थ्यो । त्यसैबाट काम चलाउँथे । कपडा पनि आमाकै लैजान्थेँ ।

**आश्रयदाता कमरेडहरूलाई सम्झदा**

भूमिगत भएर गएका गाउँ ठाउँहरू झापा बजारदेखि सुरुङ्गा हुँदै खुदुनाबारी, महेसपुर, पृथ्वीनगर, बनियानी, पाठामारी केचना, घेराबारी आदि थिए । तर, अनेमसंघको

जिम्मेवारीको हिसाबले जिल्लाभरि पनि जानु पर्थ्यो । मुख्य सेल्टर दाताहरू र गएको ठाउँमा धेरैजसो माया र सहयोग नै पाइन्थ्यो । तर पनि त्यतिखेर पार्टी भूमिगत र अर्ध भूमिगत ठाउँहरू बन्दै गइरहेका थिए। केही थाहा भएका नामहरू राख्न चाहेँ । रंगलाल दाहाल, परशुराम कोइराला, लक्ष्मी उप्रेती कासीनाथ बिमली, योगराज मैनाली, माधव मैनाली, विष्णुमाया पाठक, हेमबहादुर कार्की, पदम राई लक्ष्मी गुरुङ, केशव प्रसाई, जनार्दन उप्रेती, विनोद दाहाल उहाँका दाजु मिनुका मैनाली, हरि पौड्याल, उपेन्द्र पराजुली, टंक पराजुली, लेखनाथ पौड्याल, हरि अधिकारी, बेदनी भट्टराई, किरण पौडेल, निर्मला पाण्डे, तिलबहादुर राई, विजय मुखिया, बिरेन दाहाल, इन्दिरा मैनाली, भवानी मैनाली यसरी माया गर्ने र सेल्टर दिने शुभचिन्तक धेरै हुनुहुन्छ। परिस्थितिलाई सम्झदा त्यो-बेलामा भूमिगत कमरेडहरू जोगाएर राख्ने सेल्टरदाताहरूलाई मूल्याङ्कन गरेर राख्नु पर्दछ।

पार्टी खुल्ला भएपछि आ-आफ्नो गाउँमा पार्टीको काम गर्न धेरै असजिलो थियो। हामी पूर्णकालीन कार्यकर्ताहरूको लागि पार्टी भूमिगत अवस्थामा पार्टी र कार्यकर्ताको खाने र बस्ने आश्रय हुन्थ्यो । राज्य पक्षबाट केही होला भन्ने कुराबाट सतर्क भएर कार्यकर्ता र समर्थकले सुरक्षा दिन्थे । कसको शिक्षा कति छ ? योग्यता र क्षमता के छ ? भन्ने कुराको मतलब हुँदैन थियो। पार्टीको काम कति गम्भिरता पूर्वक गर्दछन् ? कति मानिस बीच संगठन पुऱ्याउन, कुरा बुझाउन र संगठित रूपमा परिचालन गर्न सक्दछन् भन्ने कुरा मुख्य हुन्थ्यो। भूमिगत नेता/कार्यकर्ता, सम्पर्क व्यक्ति र सेल्टरदाता बीच जुन आत्मिय सम्बन्ध थियो, ती सब पातलियो। तर, खुल्ला अवस्थामा पार्टी संगठन फैलाउन र आम जनताको बीचमा राजनीतिको प्रचार प्रसार गर्न भने सजिलो भयो।

## पारिवारिक जीवनमा प्रवेस

मेरो २६ वर्षमा पार्टी निर्णय अनुसार नै केशव बस्नेतसँग विवाह भयो । दुई छोराछोरी छन् । उनीहरू आफ्नो गरि खाएका छन् । जेलबाट फर्किएर आएपछि पार्टीले सम्पर्क गरेन । गिरफ्तारीपछि के कस्तो यातना दियो भन्ने कुरा समेत सोधनी भएन । त्यो अप्ठेरो अवस्थामा म अनेमसंघको जिल्ला अध्यक्ष थिएँ। त्यो इतिहासको समेत गणना नगरिएकोमा भने दुःख लागेको छ। मेरो अरु खासै गुनासो छैन।

पेशा नगरिकन समाजमा बाँच्न कठिन हुने भएको कारण केही पेशामा अल्झिन-बाध्य हुनपर्ने अवस्था रह्यो । तर पनि पार्टी र जनसंगठनमा आबद्ध रहेर कार्य गरिनै रहियो । हाल पार्टीको जिल्ला कमिटीमा रहेर जिम्मेवारी लिएको अखिल नेपाल महिला संघको

केन्द्रीय कमिटी सदस्य भएर काम गरिरहेको छु। अहिलेका नयाँ पुस्ताले पुरानो इतिहासका बारेमा जान्न, सिक्न नखोज्ने र फेसबुक अनलाइनका गलत प्रचारको पछि लाग्ने कुराबाट सचेत गराउन आवश्यक छ। देशभित्रै बसेर देशको र जनताको पक्षमा काम गर्ने बानी वा जिम्मेवारी लिने आदत कमजोर भएको देखिन्छ। यस पक्षमा पार्टीले अभियानहरूमा ध्यान दिनुपर्ने देखिन्छ।

***



# नेत्रलालको प्रभावमा कम्युनिष्ट भएँः सुशिला अधिकारी*

मेरो जन्म दाङको तुल्सीपुर उप-महानगर, १२, टरिगाउँको हरिपौरीमा २०१९ कार्तिक ६ गते भएको हो। आमा विष्णुकुमारी आचार्य र बुबा घनश्याम आचार्यका दुई सन्तान मध्येकी म कान्छी छोरी हुँ। मेरो नाम मालता आचार्य थियो। मेरो बुबा पचास वर्ष हुँदा १३ वर्ष उमेरकी आमासँग विवाह भएकोले बुबा म सानै हुँदा बित्नुभयो। आमा २८ वर्षको उमेरमै विधवा हुनुभयो। त्यसपछि दाजु र आमाको रेखदेखमा हुर्केकी म सानैदेखि खरो स्वभावकी थिएँ। कसैको दबाब नसहने। अन्यायको विरुद्ध बोल्ने। बरु मर्न तयार हुने, तर झुक्न नचाहने मेरो स्वभाव थियो।

गाउँमा छोरी पढाउने चलन नभएको कारण समयमा विद्यालय जान पाइन। एघार वर्ष भएपछि बल्ल एक कक्षामा भर्ना भएँ। स्कूल जान थालेपछि अभिरुचिकासाथ पढ्दै गएकी थिएँ। तर, ठूली हुँदै जाँदा छोरीलाई घरबाट निस्कन दिने कुरामा समाज पनि सकारात्मक थिएन। तर, पढाइमा म राम्रो भएकोले विद्यालयले त्यतिखेर तिर्नुपर्ने एक रुपैयाँ शुल्क पनि मिनाहा गरिदिएर निःशुल्क पढ्ने व्यवस्था मिलाइ दिएको थियो। जसका कारण मेरो पढाइ कक्षा सातसम्म निरन्तर थियो।

### मेरो गुरु नेत्रलाल

दाङमा त्यतिखेर नेत्रलाल 'अभागी' असाध्यै राम्रो नेता हुनुहुन्थ्यो। नातेदार पनि पर्ने र मेरो दाइ पनि प्रगतिशील विचार बोक्ने कम्युनिष्ट समर्थक भएकोले उहाँ हाम्रो घरमा सेल्टर लिन आउनुहुन्थ्यो। असाध्यै सरल र सहज स्वभाव थियो। सजिलो भाषामा आफ्ना कुरा बुझाउनु हुन्थ्यो। उहाँको कुराकानी, व्यवहार र अन्यायका विरुद्धमा जुझ्नुपर्ने कुराले म अलि भावुक रूपमा प्रभावित हुँदै गएँ। केही गर्नुपर्छ भन्ने भावनाको विकास हुन थाल्यो। परिवारमा हुने राजनीतिक कुराकानीले

---

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो।*

चेतनाका साथै आँट र साहस पनि बढ्दै थियो । म राजनीतिक रूपमा सबै कुरा बुझेर राजनीतिमा लागेको थिइन । मूलतः नेत्रलाल 'अभागी'को सरल जीवन र व्यवहारबाट प्रभावित भएर कम्युनिष्ट विचारप्रति आकर्षित भएकी थिएँ । उहाँको व्यवहार र कुराबाट कम्युनिष्टहरू चरित्रवान हुन्छन् । अन्याय सहदैनन् । गरिबको हितमा काम गर्छन् । महिला मुक्तिको लागि काम गर्दछन् लगायतको कुराबाट जोसिदै थिएँ । जमिन्दारहरूले थारु समुदायमाथि गरेको अत्याचारलाई नजिकबाट देखेको र महिलामाथि समाजले गर्दै आएको विभेद देख्दै र भोग्दै आएकोले उहाँको कुराबाट प्रभावित भएर म न्याय र समानताको लागि काम गर्नुपर्छ भन्ने पवित्र सोचकासाथ राजनीतिप्रति आकर्षित हुन थालेँ । जमिन्दारको परिवारमा गरिब चौधरीलाई बारीको एउटा पाटामा घर बनाएर बसे बापत जिन्दगीभर कमैया बस्नुपर्ने कुरा मैले आफ्नै वरिपरि देखेकी थिएँ । म आफ्नै गाउँमा हुने अन्याय र शोषणको विरुद्धमा बोल्न थालेकी थिएँ । त्यो सबै राजनीतिकरूपमा सचेत भएर गरेकी थिइन ।

म राजनीतिक रूपमा क्रियाशील हुन थालेपछि अनेक बहानामा आमालाई टर्चर दिने काम भयो । 'तिम्रो छोरी फलानासँग पोइल गई । ढिस्कानासँग पोइल गई । छाडा भएर हिडी' लगायतका कुराले धेरै मानसिक पीडा दिने काम हुन थाल्यो । अनि 'छोरीलाई मनाए, अञ्चलाधीशको छोरासँग विवाह गराइ दिने' भनेर अनेक मानिसहरूले आमालाई फकाउन थाले । यही क्रममा एक दिन खुमबहादुर खड्कासँग भेट भयो । उहाँले त पैसाको बिटो नै देखाउँदै नेत्रलाल भएको ठाउँ बताइ दिए, उक्त पैसा पनि दिने र अञ्चलाधीशको छोरासँग विवाह पनि गराइ दिने भन्दै आमालाई सँगै राखेर फकाउन पो थाले । म त्यो परिवेसबाट फुत्कनु थियो । पिसाब फेर्ने नाममा घर पछाडि हुँदै भागेर फर्सराम देवकोटाको घरमा सेल्टर लिन पुगेँ र त्यो अवस्थाबाट उम्किएकी थिएँ ।

### भूमिगत जीवन र आश्रयदाता

म २०३५ सालदेखि कमरेड नेत्रलाल 'अभागी'कै प्रभावले राजनीतिक गतिविधिमा संलग्न हुन थालेँ । त्यतिखेर दाङमा जमिन्दारहरूले थारुहरूलाई कमैया, कमलरी राख्ने चलन आम रूपमा थियो । उनीहरूमाथिको शोषण र अत्याचार देखेर त्यसको

विरुद्ध थारुहरूलाई आन्दोलित गर्ने र जमिन्दारमाथि एक्सन लिने लहर चलेको थियो । २०३६ सालमा म कक्षा सातमा अध्ययन गर्दै थिएँ । मैले पनि मेरो गाउँमा कमैयाहरूलाई संगठित गरेर जमिनदारमाथि आक्रमण गर्ने कामको नेतृत्व गरैँ । त्यो एक्सनपछि म र माया चौधरीसहित तीनजनालाई प्रशासनले वारेण्ट जारी गऱ्यो । अरु दुई जनाले आत्मसमर्पण गरे । म झुक्न भन्दा मर्न तयार हुने स्वभावको मान्छे भएकाले आत्मसमर्पणको कल्पना पनि हुन सक्दैनथ्यो । त्यसैले पढाइ र परिवार दुबै छाडेर पूर्णकालीन राजनीतिक कार्यकर्ताको रूपमा भूमिगत भएँ । मेरो नाम अब मालताबाट सरिता हुन पुग्यो ।

हरिपौरी गाउँका सबै चौधरीहरू प्रगतिशील विचारबाट प्रभावित भएकाले म त्यही क्षेत्रमा भूमिगत भएर चौधरीहरूको बीचमा आफूले जानेको बुझेको कुराहरू बुझाउने र संगठित गर्ने काम गर्न थालेँ । त्यतिबेला विशेष गरी फर्साराम देवकोटा, केदार चौधरी, शुकैया चौधरी, औंशिया चौधरी, पहिलपार चौधरी, गोल्टागुरे चौधरी, भोजराज पौडेल, मेघराज सुवेदी, दुर्गा सुवेदी, माधव सुवेदी, शशी सुवेदी, वामदेव सुवेदी, दामोदर अधिकारी, दामोदर रेग्मी, भक्तिराम ज्ञवाली, छविलाल ओली, देवीप्रसाद पोख्रेल, वासु आचार्य, राते दमाईं र टिकाराम रेग्मीका घरहरू भूमिगत सेल्टरका रूपमा प्रयोग भएका थिए । त्यतिबेला मलाई विशेष रूपमा गौरी आचार्य, कृष्णा सुवेदी र उजेली चौधरीले सहयोग गर्नुभएको थियो ।

२०३७ देखि २०३८ सालसम्म म पार्टीको इलाकास्तरीय सक्रिय दलमा रहेर काम गरैँ । भूमिगत भएको झण्डै दुई वर्ष पछि मात्र नेकपा (माले)को सदस्यता नेत्रलालबाट २०३८ साउन ४ गते प्राप्त गरैँ । त्यस समयमा म अखिल नेपाल महिला संघ दाङको जिल्ला कमिटी सदस्य थिएँ । मेरो बुबा गाउँमा अलि चिनिएको मान्छे हुनुहुन्थ्यो । अनि मेरो अनुहारमा चिनिने किसिमको मासुको डल्लो थियो । जसका कारण घनश्याम आचार्यको छोरी भनेपछि धेरैले चिन्ने भएकोले पनि लामो समय दाङमा भूमिगत भएर काम गर्न सहज भएन । प्रशासनबाट गिरफ्तार हुने सम्भावना बढ्न थालेपछि पार्टीले मलाई २०३८ सालमा चितवनमा पार्टी काम गर्ने गरी सरुवा गऱ्यो ।

**चितवनमा सरुवा**

चितवन पुगेपछि मेरो पहिलो सेल्टर मंगलपुरका कमरेड विष्णु घिमिरेको घर बन्यो। त्यतिखेर केदार न्यौपाने जिल्लाको पार्टी सचिव र नन्दकली चापागाई अनेमसंघको अध्यक्ष हुनुहुन्थ्यो। उहाँहरूको निर्देशनमा काम गर्न थालेँ। चितवन पुगेपछि मेरो पार्टी नाम पनि बदलिएर लता भयो। सुरुमा भरतपुर, त्यसपछि पूर्वी चितवन मेरो इलाका थियो। भूमिगत रूपमा पार्टीको काम गर्दै अनेमसंघको जिल्ला कमिटीमा रहेर काम गर्न थालेँ। यही काम गर्ने सिलसिलामा कमरेड काशीनाथ अधिकारीसँग भेट भयो। २०३९ सालमा म २० वर्षकी थिएँ। भेट भएको केही समयपछि उहाँसँग विवाहको प्रस्ताव आयो। उहाँ पढेलेखेको व्यक्ति, म सात कक्षा पढ्दा-पढ्दै छाडेर भूमिगत हिडेकी। भोलि कुनै असमझदारी हुनसक्छ। धेरै पढेको व्यक्तिसँग भन्दा आफैं जस्तो कम पढेको व्यक्तिसँग विवाह गर्दा राम्रो होला कि भने। भेटेर कुरा गर्दा उहाँले त्यस्तो हुँदैन भन्नुभयो। मेरो जीवनको सरलता, काममा परिपक्वता र अप्ठेरोसँग जुझेर काम गर्ने दृढता र आँटबाट प्रभावित भएको भन्दै क्रान्तिको काममा बुर्जुवा शैक्षिक डिग्रीको धेरै महत्त्व नहुने र भोलि त्यस्तो अप्ठेरो नहुने कुरा गरेपछि झण्डै ६ महिनापछि मात्र मैले निर्णय दिएँ। त्यसपछि अनुमतिको लागि हामीले पार्टीमा निवेदन दियौँ। चितवन जिल्ला पार्टी कमिटीको आयोजना र व्यवस्थापनमा २०४० मंसिर २८ गते राति हाम्रो विवाह विष्णु घिमिरेको घर मंगलपुरमा अत्यन्त संक्षिप्त कार्यक्रमकासाथ सम्पन्न भयो। विवाहमा जिल्ला संगठन कमिटीका तत्कालीन सचिव क. केदार न्यौपाने मुख्य अतिथि हुनुहुन्थ्यो भने विष्णु घिमिरे, देवी ज्ञवाली, हरि सापकोटा, नन्दकली चापागाई, शान्ता चापागाई, रामप्रसाद ढकाल, रणध्वज कन्दर्वा, लक्ष्मी तिवारी लगायतका दश जना कमरेडहरूको सहभागिता रहेको थियो। विवाहमा हामी सधै लगाउँदै आएका कपडामै सहभागी भएका थियौँ।

चितवनमा पार्टी काम गर्दा प्रारम्भमा भरतपुरको मंगलपुर क्षेत्र र पछि क्रमशः पूर्वी चितवनको चैनपुर र पश्चिम चितवनको शुक्रनगर इलाका मेरो कार्यक्षेत्र तोकिएको थियो। अनेमसंघको जिल्ला कमिटीमा मसँगै शान्ता चापागाई, सीता पुन, लक्ष्मी तिवारी र अयोध्या पाठक हुनुहुन्थ्यो। उहाँहरू अर्ध-भूमिगत र म पूर्ण भूमिगत रूपमा

काम गर्थ्यौं । पछि नन्दकली चापागाई पनि पूर्णकालीन भूमिगत कार्यकर्ता भएर काम गर्नुभयो। भूमिगत अवस्थामा पूर्वी चितवनमा सीता पौडेल, गोपाल थपलिया, जगन्नाथ थपलिया, अर्जुन लामिछाने, आनन्द दराई, सुरेन्द्र दराई, सुकमाया दराई, सिद्धिपुरका चिनबहादुर लामाको घर मेरो मुख्य सेल्टर थियो । त्यसैगरी भरतपुर क्षेत्रमा विष्णु घिमिरे, कृष्ण तिवारी, गणेश कुमारी श्रेष्ठ, ओमबहादुर केसी, शोभाकर चापागाई, देवी ज्ञवाली, दीर्घ पराजुली, सुशील न्यौपाने, बुद्धि दराईका घरहरू सेल्टरका रूपमा बढी प्रयोग गरेकी थिएँ। पश्चिम चितवनमा भने भूमिगत बस्ने सेल्टर मुख्य रूपमा थमबहादुर पुन, हरि कोइराला र आनन्द भट्टराईका घरहरू थिए।

यसरी २०३६ असोजबाट शुरु भएको मेरो पूर्णकालीन भूमिगत राजनीतिक जीवन २०४१ वैशाखसम्म कायम रह्यो।

**तनहुँमा सरुवा**

विवाह पश्चात् म पहाड गएँ। घरको जेठो छोरा काशीजी नारायणी अञ्चलमा भूमिगत। घरमा वृद्ध आमाबुबा। परिवारलाई सहयोग गर्नुपर्ने अवस्था आएपछि मेरो कार्यक्षेत्र तनहुँको उत्तरी भेग रुपाकोट हुनपुग्यो । त्यहाँ मेरो माइती नेपालगञ्जको घरबारी टोल भनेर ढाँटेर घरमा बस्ने, बुबा आमाको हेरचाह गर्ने र अर्धभूमिगत रूपमा पार्टीको काम गर्ने व्यवस्था मिलाइयो। नागरिकता समेत नाम बदलेर सुशीला अधिकारीको नाममा लिइयो। तनहुँमा रहँदा २०४१ देखि २०४७ सालसम्म नेकपा (माले)को इलाका कमिटीमा रहेर काम गरेँ । त्यहाँ रहँदा तत्कालीन भूमिगत कार्यकर्ता केशवलाल श्रेष्ठ, टिका बस्नेत, एकबहादुर राना, टुका हमाल, चन्द्रकान्ता बराल, महेन्द्रलाल श्रेष्ठ, डी.बी. कार्कीहरूसँगको सल्लाहमा काम गरियो। २०४७ सालमा पार्टी एकता भएपछि पनि नेकपा (एमाले)को इलाका तहको कमिटीमा रहेर २०५४ सालसम्म तनहुँमा नै काम गरेँ। पारिवारिक परिस्थितिको कारण २०५५ सालमा चितवन बसाइ सरियो । पार्टीको काम पनि चितवनमा नै स्थानान्तरण गरियो।

**पुनः चितवनमा सरुवा**

२०५६ देखि २०६१ सम्म नेकपा (एमाले) रत्ननगर नगर कमिटीको सदस्य र २०६१

देखि २०६५ सालसम्म क्षेत्र नं. २ को सल्लाहकारको रूपमा काम गरेँ । २०६५ पछि अनेमसंघको जिल्ला सदस्य रहेर काम गरेँ । २०६९ देखि २०७३ सालसम्म पार्टी जिल्ला कमिटी चितवनको सल्लाहकार रहेँ । हाल भने पार्टी सदस्यको रूपमा मात्र रहेकी छु । पार्टीले गर्ने खुल्ला कार्यक्रमहरूमा जानकारी भएसम्म र समयले साथ दिएसम्म सहभागी हुने गरेकी छु । स्थानीय सामाजिक काममा पनि सहभागी हुने गर्छु । अधिकांश समय घरपरिवार र नातिनातिनासँग बित्ने गरेको छ । पार्टीलाई आवश्यकता पर्‍यो भने अझै पनि जिम्मेवारी लिएर काम गर्ने इच्छा छ । आँट र उत्साह घटेको छैन ।

**विगतलाई फर्केर हेर्दा**

विगतलाई फर्किएर हेर्दा पढाइलाई निरन्तरता दिन नपाएकोमा मलाई दुःख लाग्छ । तर, निरन्तरता दिने अवस्था थिएन । त्यो त्यतिबेलाको बाध्यता थियो । आजको दिनसम्म पनि आफ्नो पढाइको कुरा खड्किरहन्छ । त्यसको क्षतिपूर्तिकै रूपमा भने पनि हुन्छ, छोराछोरीको पढाइमा ध्यान दिइयो । आज उनीहरू सबै राजनीतिक रूपमा सचेत र शैक्षिक रूपमा पनि आफ्नो खुट्टामा उभिन सक्नेगरी सक्षम भएका छन् । यसैमा म खुशी हुन सिकेकी छु ।

राजनीतिक रूपमा हेर्दा विगतमा जे गरियो, त्यसमा गर्व छ । देशमा ठूलो राजनीतिक परिवर्तन भएको छ । सायद हामी जस्ता युवाहरूले त्यतिखेर आफ्नो पढाइ, व्यक्तिगत र पारिवारिक सुख सुविधा र अवसरलाई त्यागेर राजनीतिक गतिविधिमा नलागेको भए अहिले नै यो अवस्था आउँदैनथ्यो होला । निरङ्कुशताको अन्त्य र लोकतान्त्रिक गणतन्त्र ल्याउन हाम्रो जीवनको सुनौला दिनहरूको लगानी भएको अनुभूत गर्दा गर्व लाग्नु स्वाभाविक हो । तर, अहिलेका पिढीले विगतमा जीवन, जवानी लगानी गर्नेहरूको योगदानलाई स्मरणसम्म पनि नगर्दा भने दुःख लाग्छ । विगतमा काम गर्नेको चर्चा गर्‍यो भने अहिलेकाले पाउने अवसर गुम्छ कि भने झैँ गरी गरिने व्यवहार निको लाग्दैन । हिजो जसरी लागियो व्यक्तिगत रूपमा केही पाउँला भनेर भन्दा पनि क्रान्ति, देश र जनताको नाममा गरिएको योगदान थियो । त्यसैले इतिहासको सम्मान र सम्झना चाहिँ नभुलिदिए हुन्थ्यो भन्ने लाग्छ । हिजो जुन आदर्श, विश्वास, उद्देश्य र सुन्दर समाजको सपना देखिएको थियो, आज स्वार्थ र

अवसरवाद ज्यादा देखिन्छ। यस पक्षमा भने पार्टी संगठन र नेतृत्व यदा कदा चुकेको देख्दा नराम्रो लाग्छ। कहिलेकाहीँ सोच्दछु - हामी जस्ता जनताको सुखदुःखमा गाँसिएर सोझो रूपमा पार्टीमा लागिरहने कार्यकर्ताको अब काम छैन कि ? नेता र नेतृत्वको नजिक रहेर अवसर हत्याउने अहिलेको राजनीतिमा आवश्यकता रहेन कि भन्ने लाग्छ। तर पनि कम्युनिष्ट पार्टीको भविष्यप्रति भने म एकदमै आशावादी रहेकी छु।

***



# सम्पर्क टुट्दा प्रहरीसँगै विवाहः सुशिला पौडेल*

हाम्रो पुर्ख्यौली घर ताप्लेजुङ हो । त्यहाँबाट बाबु कृष्णलाल खरेल र आमा राधिका खरेल सिक्किम बसाइ सर्नु भएछ । त्यसपछि म २०१५ सालमा उतै जन्मिएँ । मेरो घरको नाम देवकुमारी खरेल थियो । अहिले सुशिला पौडेल भनेर पार्टीमा सबैले चिन्दछन् । हामी सानै छँदा बुबा बित्नुभयो । त्यसपछि आमासँग हामी मामाघर चन्द्रगढी आएर बस्न थाल्यौं । त्यहीं बढ्दै पढ्दै थियौं । ६/७ कक्षामा अध्ययन गर्दैगर्दा २०२८ सालको झापा विद्रोह शुरु भयो । यसको छाप मेरो मन र मस्तिष्कमा पनि पर्न थालिसकेको थियो । त्यही क्रममा शोभा कुँवरसँग मेरो भेट भयो । उहाँको कुराबाट प्रभावित भएर क्रमशः आन्दोलनको समर्थनमा लाग्न थालें । यस क्रममा अलि अलि प्रहरीको नजरमा पर्न थालिसकेको थिएँ । त्यही बीचमा परिवारबाट विवाहको कुरा आउन थाल्यो । मैले विवाह गर्दिन भने । परिवारबाट दबाबै आउन थालेपछि २०३१ सालमा म घर छाडेर हिड्ने निर्णयमा पुगें । १५ वर्षको उमेरमा एक साँझ दिसा बस्न जान्छु भनेर घरबाट निस्किएँ । त्यहींबाट परिवार र पढाइ दुबै छाडेर पार्टी काम गर्छु भनेर भूमिगत भएँ ।

## सिराहाको चमार बस्तीमा काम थालें

घर छाडेको दिन सिद्धि कमरेडसँग ज्यामिरगढीस्थित वीरेन्द्र राजबंशीको गाउँमा गएर बसें । साथीहरूको सहयोगमा केही महिना झापाकै विभिन्न ठाउँमा साथीहरूसँगै गएर काम सिक्दै थिएँ । भूमिगत रूपमा क-कसको घरमा बसियो ? म कसैलाई चिन्दिन थिएँ । केही महिनापछि ठूलीआमाको छोरा दाइ तारापति भुर्तेल (श्याम) ले पश्चिमतिर काम गर्न जाउँ भनेर सिराहाको गोलबजारमा लगेर मणिलाल राईको जिम्मामा छाडि दिनुभयो । त्यहाँ आइसकेपछि मणिलाल राईले चमार बस्तीमा बस्ने र काम गर्ने व्यवस्था गरिदिनु भयो । म चमार बस्तीमा उनीहरूकै बीच सचेतनाको काम गर्दै थिएँ । बस्तीमा गरिबी चरम थियो । चेतनास्तर कम थियो । तर, पार्टीको काम र परिवर्तनको पक्षमा उनीहरूको आत्मबल र प्रतिबद्धता उच्च थियो ।

---

** यो आलेखको संयोजन विन्दा पाण्डेले गर्नुभएको हो ।*

चमार बस्तीमा केही समय काम गरी सकेपछि उनीहरूले घरमा बाहिरै बस्दा पनि केही हुँदैन । पहाडबाट आएको हाम्रो मित छोरी हो भन्छौं भने । त्यसपछि म अलि खुकुलोसँग बस्न थालेको थिएँ । तर, केही समयपछि गाउँमा सुराकी आउन थाले भन्ने खबर आयो । एक दिन मलाई दिनभर जंगलमा लगेर राखे । राति उनीहरू लिन आएपछि फर्किएँ र चमारको घरमा लुकेर बस्न थालेको थिएँ । एक दिन म सेल्टर घरमा एक तलामाथि बसिरहेको थिएँ । चमार परिवारका सदस्यहरू काम गर्न गएका थिए । एउटा सानी छोरी मात्र घरमा मसँगै थिइन् । सुराकीले खबर गरेछ । प्रहरीहरू आए । घरको एक तलामाथि आउन लागेका थिए । मलाई हात नलगा । तिमीहरू तल झर । म आफै आउँछु भनें । उनीहरू झरे । म पनि तल आएँ । माथि पार्टी कामसँग सम्बन्धित पुस्तकहरू थिए । उनीहरू गएर फेरि खानतलासी गर्दा पुस्तकहरू भेटे । कसले दियो यो पुस्तक भनेर सोधखोज गर्न थाले । मैले विराटनगरमा जत्ति पाइन्छ । आफैले किनेको हो भनें । बढी सोधखोज गर्न थालेपछि चाहिन्छ भने हिड, म पसल देखाइ दिन्छु भनेपछि चुप लागे । नेताको नाम केरकार गरे । मेरो घर कहाँ हो ? कसले त्यहाँ ल्याइदियो ? को कोसँग भेट हुन्छ ? जस्ता प्रश्न सोधि नै रहे । कुटपिट पनि गरे । कहिले फकाउन खोज्थे । तर, जति नै गरे पनि कसैको नाम खुलाइन । यसरी नै एक महिना सिराहाको कष्टडीमा नै बित्यो । मबाट कुनै सूचना नपाएपछि मलाई राजविराज जेल लगियो । गिरफ्तारीमा परेपछि मैले आफ्नो नाम सुशिला थापा बताएँ । मेरो भूमिगत नाम मिना थियो । अब मेरो परिचय न देवकी खरेल न त मिना, सुशिला थापा हुन गयो ।

## साथीहरू पनि गिरफ्तार भए

केही समयपछि २०३२ सालमा ईश्वरी आचार्य, जया घिमिरे, विजया घिमिरे लगायतलाई पनि सिराहाबाट गिरफ्तार गरेर त्यहीँ ल्याइयो । त्यसको केही समयपछि राधा तिमल्सिनालाई पनि ल्याए । राजविराज जेलमा हामी पाँच जना युवा महिलाहरू राजबन्दीका रूपमा भयौं । जेलभित्र नै भए पनि साथीहरूसहित हुँदा राम्रै र रमाइलो नै मानेर बस्दै थियौं । केही समयपछि तोकिएको जेल सजाय पुरा गरेर जया, विजया, ईश्वरी र राधा चारैजना जमानतमा रिहा हुनुभयो । म त परिवारबाट पूरै सम्पर्क विहीन थिएँ । जेल सजाय पनि मेरो लागि बढी नै थियो । जेलमा रहदा पार्टीको तर्फबाट पनि सम्पर्क गर्न कोही आएनन् । झण्डै तीन वर्ष जेल बसेर २०३४

साल अन्तिममा रिहा भएँ। साथीहरूबाट समेत बेवास्ता हुँदा म अलि निराश पनि भएँ। जाने र सम्पर्क गर्ने ठाउँ कहीँ र कोही थिएन।

**जेलका सहयोगी प्रहरीसँग विवाह**

जेलमा रहदा मलाई चाहिने सरसामान ल्याइदिने र सहसहयोग गर्ने नारायण पौडेल नाम गरेका एकजना प्रहरी थिए। उनको पनि घरमा आमा बाबु, दाजुभाइ कोही रहेनछन्। उनको सहयोगी भावना र मेरो एक्लोपनका कारण हामीले एकअर्कालाई मन पराउन थालेका थियौँ। अन्तत तीन वर्षको जेल जीवनपछि २०३५ सालमा रिहा हुनुभन्दा केही समय अगाडि आमापट्टिको हजुरबुबा लक्ष्मण नेपाल र सानी आमाको छोरा भाइ दुर्गा दाहाल भेट्न आइपुग्नु भयो। कुराकानी गर्दा गाउँ जान सहज छैन। यतिका वर्ष कहाँ गएर आइन् ? के के गरिन् जस्ता प्रश्नले गाउँमा धेरै कुरा काट्छन्। त्यसैले यतै व्यवस्था गरेर बस्दा राम्रो हुन्छ भन्ने सल्लाह दिएर जानुभयो। त्यसपछि रिहा भएपछि उनै प्रहरी नारायण पौडेलसँग मेरो विवाह भयो। अब म सुशिला थापाबाट सुशिला पौडेल भएँ। पटक पटकको नाम परिवर्तनले गर्दा पुराना मान्छेले नामबाट चिन्ने कुरा पनि रहेन। केही समय त्यही राजविराजतिरै बस्यौँ। पार्टीले सम्पर्क गरिदिएको भए म प्रहरीसँग विवाह गर्ने थिइन। पार्टी कामबाट नै अगाडि बढ्ने थिएँ। तर, त्यस्तो भएन। जसको कारण, सरकार र प्रहरीको विरोध गर्ने मान्छेको प्रहरीसँग नै विवाह हुन पुग्यो।

**झापामै बसाई सर्यौं**

झापामा सानीआमा, ठूलीआमा लगायत सबै इष्टमित्र हुनुहुन्थ्यो। उहाँहरूले यतै आउँदा हुन्छ भनेर सल्लाह दिनुभयो। त्यसपछि २०४३ सालमा हामी झापा आयौँ। आफन्तको सहयोगमा चन्द्रगढीमा नै केही जग्गा किनेर बस्न शुरु गरियो। बच्चाबच्ची बढ्दै पढ्दै थिए। झापा आएपछि भिम कुँवर दाइसँग भेट भयो। सामान्य कुराकानी हुँदै जाँदा पुनः पार्टी सम्पर्क भयो। हिरा पोखरेल लगायतसँग भेट भयो। पञ्चायतको उपयोग गर्ने निर्वाचनमा सहयोग गरैं। क्रमशः पार्टीको काममा लाग्न थालैं। २०४३ सालमा जनपक्षीय उम्मेदवार द्रोणप्रसाद आचार्यको पक्षमा सक्रियतापूर्वक लागैं। अर्को साल स्थानीय निकायको निर्वाचनमा पनि सक्रिय भएँ। २०४७ सालमा पार्टी खुल्ला भएपछि विभिन्न निकायमा रहेर काम गर्ने सिलसिलामा म नेकपा एमालेको निर्वाचन क्षेत्रिय समन्वय कमिटीको सदस्यसम्म

रहेर काम गरेँ । त्यसभन्दा माथिको कमिटीमा जान पनि साथीहरूले भन्नुभएको थियो । तर आफ्नै कारण म जान मानिन ।

श्रीमानजी हवल्दार पदबाट २०५० सालमा निवृत्त हुनुभयो । त्यपछि सुखदुःख छोरीहरू पढ्दै गए । अहिले जेठी छोरीको परिवार नै अमेरिकामा छन् । सानी छोरी नजिकै आफ्नो परिवार चलाएर बसेकी छन् । छोरा हामीसँगै छ । अलि मानसिक समस्या भएकोले उपचारमा छौँ । बुहारी अर्को विवाह गरेर हिडेपछि नातिनी हामीसँगै छिन् । अहिले माध्यमिक तहमा अध्ययन गर्दैछिन् ।

आखिर जीवन यस्तै रहेछ । छोरी भएर पनि देश र जनताको पक्षमा काम गरेँ, त्यसमा मलाई गर्व छ । आजकल राजनीतिक स्थिति बदलिएको छ । काम गर्न पहिला भन्दा धेरै सजिलो छ । तर, मानिसहरूमा बढी स्वार्थ जन्मिन थालेकोले समस्या बढेको छ । पार्टी पनि पहिलाको जस्तो अनुशासनमा चलेको देखिदैन । त्यसमा भने पीर लाग्छ । पार्टी राम्रो भइदिए, जनतामा सुख र सन्तोष छाइदिए हामीलाई खुशी लाग्ने थियो ।

***